# धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी ऐन तथा नियम सङ्ग्रह
# २०८०


नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर

२०८०

# धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी ऐन तथा नियम सङ्ग्रह

# २०८०

**नेपाल धितोपत्र बोर्ड**

खुमलटार, ललितपुर

२०८०

# नेपाल धितोपत्र बोर्ड


| | | |
|---|---|---|
| प्रकाशक | : | नेपाल धितोपत्र बोर्ड ।<br>खुमलटार, ललितपुर । |
| प्रथम संस्करण | : | जेठ २०७५ |
| प्रकाशन प्रति | : | ५०० |
| दोसो संस्करण | : | श्रावण २०७५ । |
| प्रकाशन प्रति | : | १००० |
| तेस्रो संस्करण (संशोधन सहित) | : | २०७९ जेठ |
| प्रकाशन प्रति | : | ५०० |
| चौथो संस्करण (संशोधन सहित) | : | २०८० जेठ |
| प्रकाशन प्रति | : | ५०० |


| © प्रतिलिपी अधिकार | : | नेपाल धितोपत्र बोर्डमा सुरक्षित रहनेछ । |

नेपाल धितोपत्र बोर्ड
Securities Board of Nepal

अध्यक्षको कार्यालय
खुमलटार, ललितपुर, नेपाल
Chairman Office
Khumaltar, Lalitpur, Nepal

## प्राक्कथन

देशको आर्थिक विकासको लागि आवश्यक पूँजी परिचालन गर्न पूँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्नका निम्ति धितोपत्रको निष्काशन, खरिद, बिक्री तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्ने उदेश्य साथ वि.सं. २०५० जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना भएको थियो । यसैक्रममा वस्तु विनिमय बजार सम्बन्धि ऐन, २०७४ ले समेत वस्तु विनिमय बजारको विकास तथा सञ्चालन, लगानीकर्ताको संरक्षण, वस्तुको कारोबार, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्ने जिम्मेवारी बोर्डलाई प्रदान गरेको छ । बोर्डको कार्यक्षेत्र थप हुदै गइरहेको परिप्रेक्षमा धितोपत्र तथा वस्तु विनिमय सम्वन्धी ऐन तथा ऐन अर्न्तगत बनेका नियमावली, विनियमावली, निर्देशिका, निर्देशनहरु समावेश गर्दै धितोपत्र तथा वस्तु विनिमयसम्वन्धी विशेष कानून सङ्ग्रह बोर्डले प्रकाशन गर्दै आइरहेको छ ।

बोर्ड आफ्नो स्थापनाको तीस वर्ष पुरा गरी यहि २०८० साल जेष्ठ २५ गते ३१ औ वर्षमा प्रवेश गरिरहेको छ । यस उपलक्ष्यमा बोर्डले धितोपत्र तथा वस्तु विनिमयसम्वन्धी विशेष कानून सङ्ग्रहको चौथो संस्करण प्रकाशन गर्न लागेको छ । विगतका संस्करणहरुमा सम्पुर्ण ऐन, नियम, विनियम, निर्देशन एउटै सङ्ग्रहमा संलग्न गरी प्रकाशन गरिएकोमा यस संस्करण देखि ऐन र नियमावली संलग्न गरी एक सङ्ग्रह तथा विनियमावली, निर्देशिका तथा निर्देशनहरु संलग्न गरी अर्को सङ्ग्रह गरी फरक फरक संग्रह मार्फत व्यवस्थित गरिएको छ । यसै पृष्ठभूमिमा यस सङ्ग्रहमा धितोपत्र सम्वन्धी ऐन, २०६३, वस्तु विनिमय बजार सम्वन्धी ऐन, २०७४ का साथै उक्त ऐन बमोजिमका नियमावलीहरु समाविष्ट गरिएको छ ।

धितोपत्र तथा वस्तु विनिमय सम्वन्धमा सरोकार राख्ने लगानीकर्ता, संगठित संस्था, धितोपत्र व्यवसायी, वस्तु विनिमय बजार सम्वन्धी व्यवसायी, कानून व्यवसायी, विद्यार्थी सहित सम्बन्धित सबैलाई यो सङ्ग्रह उपयोगी हुने विश्वास बोर्डले लिएको छ । यस सङ्ग्रहमा समाविष्ट सामाग्रीहरुमा कुनै त्रुटि भेटिएमा आवश्यक सल्लाह सुझाव प्रदान गरी दिनुहुन अनुरोध गर्दछु । अन्तमा, यस सङ्ग्रह तयार गर्न योगदान दिनुहुने कानून महाशाखाका सहित बोर्डका सम्पुर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु ।

२०८०/०२/१०

मिति २०८०/०२/१०

(रमेश कुमार हमाल)
अध्यक्ष

Post Box No.: 9031, Phone: 01-5554981, 5541057, Fax No.: 01-5541058
Toll Free No.: 1660-01-44433, Email: chairman@sebon.gov.np, Website: www.sebon.gov.np

# विषय-सूची


| | | |
|---|---|---|
| क. | धितोपत्र सम्बन्धी ऐन, २०६३ | १-४० |
| ख. | वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ | ४१-५८ |
| ग. | नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ | ५९-७४ |
| घ. | धितोपत्र बजार संचालन नियमावली, २०६४ | ७५-९६ |
| ङ. | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ | ९७-१३६ |
| च. | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ | १३७-१५९ |
| छ. | सामूहिक लगानी कोष नियमावली, २०६७ | १६०-१९४ |
| ज. | धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ | १९५-२१९ |
| झ. | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ | २२०-२४२ |
| ञ. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ | २४३-३०४ |
| ट. | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ | ३०५-३३५ |
| ठ. | धितोपत्र सूचीकरण तथा कारोबार नियमावली,२०७५ | ३३६-३४७ |
| ड. | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ | ३४८-३६८ |

# धितोपत्र सम्बन्धी ऐन, २०६३

| | |
|---|---|
| संशोधन गर्ने ऐन | प्रमाणिकरण र प्रकाशन मिति : २०६३।९।३० |
| केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

## धितोपत्र सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको ऐन

**प्रस्तावनाः** देशको आर्थिक विकासको लागि आवश्यक पूँजी परिचालन गर्न पूँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्नका निम्ति धितोपत्रको निष्काशन, खरिद, बिक्री तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्न तत् सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गरी समयानुकुल बनाउन वाञ्छनीय भएकाले,

प्रतिनिधि सभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधि सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "धितोपत्र सम्बन्धी ऐन, २०६३" रहेको छ।

(२) यो ऐन २०६३ साल असोज ६ गते देखि प्रारम्भ भएको मानिनेछ।

२. **परिभाषा :** बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ७ बमोजिम नियुक्त बोर्डको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र" भन्नाले धितोपत्र बजार संचालन गर्न वा धितोपत्र व्यवसाय गर्न यस ऐन बमोजिम बोर्डले दिएको अनुमतिपत्र सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम संस्थापना भएको कम्पनी सम्झनु पर्छ।

(घ) "डिपोजिटरी" भन्नाले योजना व्यवस्थापकसँग सम्झौता गरी कुनै सामूहिक लगानी योजनाको सम्पत्ति सुरक्षापूर्वक राख्ने र संचालन गर्ने जस्ता सुरक्षक सेवा (कस्टोडियल सर्भिस) प्रदान गर्ने गरी जिम्मेवारी लिने बैंक वा वित्तीय संस्था सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ।

(छ) "धितोपत्र कारोबार" भन्नाले धितोपत्रको निष्काशन, खरिद, बिक्री वा विनिमय तथा तत् सम्बन्धी अन्य कार्य सम्झनु पर्छ ।

(ज) "धितोपत्रको दर्ता" भन्नाले संगठित संस्थाले दफा २७ बमोजिम बोर्ड समक्ष गरेको धितोपत्रको दर्ता सम्झनु पर्छ ।

(झ) "धितोपत्र बजार" भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ ।

(ञ) "धितोपत्र व्यवसाय" भन्नाले धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त कम्पनी वा संस्थाले यस ऐन बमोजिम गर्ने धितोपत्र कारोबार सम्झनु पर्छ ।

(ट) "धितोपत्र व्यवसायी" भन्नाले धितोपत्र व्यवसाय गर्न दफा ५८ बमोजिम अनुमतिपत्र प्राप्त कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ठ) "निष्काशन" भन्नाले संगठित संस्थाले आफ्नो पूँजी उठाउनको लागि धितोपत्र जारी गर्न राखेको प्रस्ताव तथा तत् सम्बन्धी कार्य सम्झनु पर्छ र सो शव्दले संस्थापकलाई धितोपत्र जारी गर्ने कार्य समेतलाई जनाउँछ ।

(ड) "परिपत्र विधि" भन्नाले बढीमा पचास जनासम्म लगानीकर्ताहरुलाई लक्षित गरी चिठ्ठी, पत्र वा  कुनै पनि विद्युतीय संचार माध्यमबाट धितोपत्र बिक्रीका लागि प्रस्ताव राख्ने कार्य सम्झनु पर्छ ।

(ढ) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ण) "विनिमय" भन्नाले यस ऐन बमोजिम निष्काशन भैसकेका धितोपत्रको खरिद, बिक्री वा हस्तान्तरण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(त) "विवरणपत्र" भन्नाले संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अघि दफा ३० बमोजिम प्रकाशन गर्नु पर्ने विवरणपत्र सम्झनु पर्छ ।

(थ) "योजना व्यवस्थापक" भन्नाले यस ऐन बमोजिम दक्ष लगानी सेवा प्रदान गर्ने उद्देश्य लिई सहभागीहरुको सामूहिक लगानी योजना व्यवस्थापन गर्ने संगठित संस्था सम्झनु पर्छ ।

(द) "लगानी कोष" भन्नाले योजना व्यवस्थापकले दक्ष लगानी सेवा प्रदान गर्ने उद्देश्यले करारको आधारमा सहभागीहरुबाट सामूहिक लगानी योजनामा जम्मा गरेको रकमबाट सृजना भई आफ्नो जिम्मामा लिएको कोष वा त्यस्तो कोषसँग सम्बन्धित सम्पत्ति सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम योजना व्यवस्थापकले आफ्नो जिम्मेवारीमा लिएको कोष वा सम्पत्तिको लगानी व्यवस्थापनबाट सृजित थप सम्पत्ति र प्रतिफल स्वरुप जम्मा भएको रकम समेतलाई जनाउँछ ।

(ध) "सहभागी" भन्नाले योजना व्यवस्थापकले यस ऐन बमोजिम संचालन गरेको सामूहिक लगानी योजनामा रकम लगानी गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(न) "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(प) "संगठित संस्था" भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।
तर सो शब्दले प्राइभेट लिमिटेड कम्पनी वा सहकारी संस्थालाई जनाउने छैन ।

(फ) "सार्वजनिक निष्काशन" भन्नाले संगठित संस्थाले आफ्नो धितोपत्र बिक्री गर्न सर्वसाधारण समक्ष विवरणपत्र प्रकाशन गरी राखेको प्रस्ताव सम्झनु पर्छ ।

(ब) "सामूहिक लगानी योजना" (कलेक्टिभ इन्भेष्टमेन्ट स्कीम) भन्नाले विभिन्न व्यक्ति वा संस्थाहरुको सहभागिता रहने गरी परिचालन गरिएको बचत लगानी रकमलाई आफ्नो जिम्मेवारीमा लिई सोको दक्ष लगानी सेवाद्धारा प्राप्त भएको प्रतिफल सम्बन्धित कार्यक्रमका सहभागीहरुलाई समानुपातिक रुपले वितरण गर्न यस ऐन बमोजिम योजना व्यवस्थापकले संचालन गरेको लगानी कोष, एकांक कोष वा समय समयमा बोर्डले तोकिदिएको त्यस्तै प्रकारका अन्य सहभागितामूलक कोष व्यवस्थापन कार्यक्रम सम्झनु पर्छ ।

(भ) "सूचीकरण" भन्नाले धितोपत्र बजार मार्फत धितोपत्रको खरिद, बिक्री वा विनिमय गर्ने प्रयोजनको लागि धितोपत्र बजारमा गरिने धितोपत्रको सूचीकरण सम्झनु पर्छ ।

(म) "हकप्रद निष्काशन" भन्नाले संगठित संस्थाले निष्काशन गरेको कुनै धितोपत्र साबिकका शेयरवाला वा निजले मनोनयन गरेको कुनै व्यक्तिले खरिद गर्न पाउने गरी राखिएको प्रस्ताव सम्झनु पर्छ ।

## परिच्छेद-२

## बोर्ड सम्बन्धी व्यवस्था

३. **बोर्डको स्थापना:** (१) पूँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि नेपाल धितोपत्र बोर्डको नामबाट एउटा बोर्डको स्थापना गरिएकोछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने बोर्डमा देहायका सदस्यहरु रहने छन् :-

(क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, नेपाल राष्ट्र बैंक - सदस्य

(ङ) प्रतिनिधि, नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था - सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(छ) अर्थशास्त्र, व्यवस्थापन, आर्थिक, वित्तीय, वाणिज्य वा कानुन विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार, व्यवस्थापन पूँजी बजार विकास, वित्तीय वा आर्थिक क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेका विज्ञहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना - सदस्य

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम सम्बन्धित संस्थाले प्रतिनिधि मनोनयन गर्दा कम्तीमा स्नातक उपाधि हासिल गरी लेखा, उद्योग, वाणिज्य, वित्तीय, बैंकिङ्ग, आर्थिक वा कानून विषयमा कम्तीमा सात वर्ष काम गरेको अनुभव भएको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ ।

(४) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्ष हुनेछ ।

(५) कुनै सदस्यको पद रिक्त रहेको कारणले मात्र बोर्डले गरेको काम कारबाहीमा कुनै असर पर्ने छैन ।

(६) बोर्डले तोकिदिएको बोर्डको कुनै अधिकृत कर्मचारीले बोर्डको सचिवको काम गर्नेछ ।

(७) बोर्डले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकारलाई बोर्डको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बोर्डले आवश्यकता अनुसार नेपाल राज्यभित्र वा बाहिर शाखा वा सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

४. **बोर्ड स्वशासित र संगठित संस्था हुने:** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) बोर्डको सबै काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, खरिद गर्न, बिक्री गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **बोर्डको काम, कर्तव्य र अधिकार:** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पूँजी बजारको विकाससँग सम्बन्धित विषयका सम्बन्धमा नेपाल सरकारलाई आवश्यकता अनुसार परामर्श दिने ।

(ख) धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।

(ग) दर्ता भएको धितोपत्रको निष्काशन, हस्तान्तरण, बिक्री र विनिमयलाई नियमित तथा व्यवस्थित गर्ने ।

(घ) धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमका अधीनमा रही धितोपत्र बजार संचालन गर्न अनुमति दिने ।

(ङ) धितोपत्र बजारको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने ।

(च) धितोपत्र बजारले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम तथा विनियम बमोजिम काम कारबाही गरे नगरेको हेर्ने र नगरेको पाइएमा धितोपत्र बजारको अनुमतिपत्र निलम्बन वा खारेज गर्ने ।

(छ) धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमका अधीनमा रही धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने ।

(ज) धितोपत्र व्यवसायीको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने ।

(झ) तोकिए बमोजिमको प्रक्रिया पूरा गरी धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण गर्ने र स्तर कायम गर्ने ।

(ञ) सामूहिक लगानी योजना तथा लगानी कोष कार्यक्रम संचालन गर्न स्वीकृति दिने तथा सोको नियमन र अनुगमन गर्ने ।

(ट) धितोपत्र बजार तथा धितोपत्र कारोबारमा संलग्न धितोपत्र व्यवसायसँग सम्बन्धित संस्थाहरुको विनियम स्वीकृत गर्ने र पूँजी बजारको विकास तथा धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न धितोपत्र बजार तथा धितोपत्र कारोबारमा संलग्न धितोपत्र व्यवसायसँग सम्बन्धित संस्थाहरुको विनियममा आवश्यकता अनुरुप संशोधन गर्न आदेश दिने ।

(ठ) धितोपत्र कारोबार सम्बन्धी हिसाब राफसाफ गर्ने कामलाई व्यवस्थित गर्ने ।

(ड) धितोपत्र व्यवसायीले धितोपत्र व्यवसाय गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, विनियम तथा निर्देशिकामा तोकिए बमोजिमको आचरण कायम राखेको छ, छैन हेर्ने र त्यस्तो आचरण कायम राखेको नपाइएमा धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र निलम्बन वा खारेज गर्ने ।

(ढ) धितोपत्र बजारको प्रवर्द्धन, सम्बर्द्धन र स्वच्छ संचालनका लागि धितोपत्रको परिमाण र कारोबारको तरिकालाई नियमित गर्न आवश्यक व्यवस्था गर्ने, गराउने ।

(ण) धितोपत्र लगानीकर्ताको हितको संरक्षण गर्नका लागि परिच्छेद-९ मा उल्लेख भए बमोजिमको धितोपत्रको भित्री कारोबार वा धितोपत्र कारोबार सम्बन्धी अन्य कसूर हुन नदिन आवश्यक व्यवस्था गर्ने ।

(त) धितोपत्र निष्काशन गर्ने संगठित संस्था तथा धितोपत्र व्यवसायीले पेश गरेको आर्थिक विवरण पुनरावलोकन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक देखेको निर्देशन सम्बन्धित संगठित संस्थालाई दिने ।

(थ) कम्पनीको व्यवस्थापनमा नियन्त्रण हुने गरी एकमुष्ट वा पटक पटक गरी शेयर खरिद गरी स्वामित्वमा लिने कार्यलाई व्यवस्थित र पारदर्शी गराउने ।

(द) धितोपत्र वा कम्पनी सम्बन्धी मामिलाका सम्बन्धमा सुपरीवेक्षण तथा नियमन गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरी सहयोग लिने दिने ।

(ध) धितोपत्र तथा पूँजी बजार विकासका सम्बन्धमा आवश्यक अन्य कामहरु गर्ने, गराउने ।

६. **बोर्डको बैठक र निर्णयः** (१) अध्यक्षले आवश्यकता अनुसार बोर्डको बैठक बोलाउनेछ । यस्तो बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बोर्डको बैठक बस्नेछ ।

(३) अध्यक्षले बोर्डको बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) कम्तीमा दुई जना सदस्यले बोर्डको बैठक बोलाउनको लागि लिखित रुपमा माग गरेमा त्यस्तो सूचना प्राप्त गरेको मितिले सात दिनभित्र अध्यक्षले बोर्डको बैठक बोलाउनु पर्नेछ ।

(५) बोर्डको सचिवले बोर्डको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बोर्डको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) बोर्डको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएका विषय तथा बैठकमा भएका निर्णयहरु एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको दस्तखत गराई राख्नु पर्नेछ ।

(९) बोर्डले गरेको निर्णय बोर्डको सचिवले प्रमाणित गरी सबै सदस्यलाई उपलब्ध गराउनेछ ।

(१०) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **अध्यक्षको नियुक्तिः** (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नको लागि नेपाल सरकारले उपदफा (२) का अधीनमा रही अध्यक्षको नियुक्ति गर्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम अध्यक्षको नियुक्ति गर्दा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार व्यवस्थापन, पूँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानून क्षेत्रमा कम्तीमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट उपयुक्त व्यक्तिलाई अध्यक्षको पदमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्नाका लागि राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव र धितोपत्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ रहेको एक समिति रहनेछ र सो समितिको सिफारिसमा यस दफा बमोजिम अध्यक्षको नियुक्ति हुनेछ ।

(४) उपदफा (३) बमोजिमको समितिले नाम सिफारिस गर्दा यस ऐन बमोजिम योग्यता पुगेका कम्तीमा तीनजना व्यक्तिको नाम सिफारिस गर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम समितिले अध्यक्षको नाम सिफारिस गर्दा आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(६) अध्यक्षको पदावधि चार वर्षको हुनेछ र निज पूनः बढीमा चार वर्षको लागि नियुक्त हुन सक्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षले बोर्डलाई हानि नोक्सानी पुऱ्याई बोर्डको हित वा पूँजी बजारको विकास विपरीत हुने गरी काम कारबाही गरेमा नेपाल सरकारले तोकिए बमोजिम जाँचबुझ समितिको गठन गरी सो समितिको सिफारिसमा निजलाई अध्यक्षको पदबाट हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनु अघि अध्यक्षलाई आफ्नो पक्षमा सफाई पेश गर्ने उचित अवसर प्रदान गर्नु पर्नेछ ।

८. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पूँजी बजारको विकास गर्न धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण गर्न आवश्यक कार्य गर्ने,

(ख) धितोपत्र कारोबारलाई सुदृढ, प्रभावकारी तथा विश्वसनीय बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुको कारोबारको नियमन तथा अनुगमन गर्ने, गराउने,

(ग) बोर्डको कार्यकारी प्रमुख भई काम गर्ने,

(घ) धितोपत्र बजार व्यवस्थापन तथा पूँजी बजार विकासको लागि बोर्डले अपनाउनु पर्ने दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने,

(ङ) बोर्डको बैठक बोलाउने वा बोलाउन लगाउने र त्यसको अध्यक्षता गर्ने,

(च) बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने,

(छ) बोर्डद्वारा भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ज) बोर्डको दैनिक कार्यको निरीक्षण तथा सुपरिवेक्षण गरी बोर्डको उद्देश्य अनुसार कार्य गर्ने,

(झ) बोर्डलाई आवश्यक सल्लाहकार तथा कर्मचारीहरु तोकिए बमोजिम नियुक्त गर्ने,

(ञ) बोर्डद्वारा सुम्पिएका अन्य कामहरु गर्ने गराउने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९. **अध्यक्ष तथा सदस्यको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधाः** अध्यक्ष तथा सदस्यले पाउने पारिश्रमिक, बैठक भत्ता तथा अन्य सुविधा र बोर्डको कामको सिलसिलामा नेपालराज्य भित्र वा बाहिर अध्यक्ष र सदस्यले भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता तोकिए बमोजिम हुनेछ ।

१०. **अध्यक्ष तथा सदस्यको योग्यता:** अध्यक्ष वा सदस्यमा नियुक्त हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्नेछ :-

(क) नेपालको नागरिक भएको,

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) धितोपत्र बजार व्यवस्थापन, पूँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानून क्षेत्रमा कम्तीमा सात वर्षको पेशागत अनुभव हासिल गरेको, र

(घ) दफा ११ बमोजिम अयोग्य नभएको ।

११. **अध्यक्ष तथा सदस्यको अयोग्यता:** देहायका कुनै पनि व्यक्ति अध्यक्ष वा सदस्यमा नियुक्त हुन योग्य हुने छैन :-

(क) राजनैतिक दलको पदाधिकारी,

(ख) धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरु,

(ग) ऋृण तिर्न नसकी साहूको दामासाहीमा परेको व्यक्ति,

(घ) बहुलाएको व्यक्ति,

(ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति ।

१२. **अध्यक्ष तथा सदस्य पदमुक्त हुने अवस्था:** (१) उपदफा (२) बमोजिम पदमुक्त हुने अवस्था भएमा अध्यक्ष तथा सदस्यलाई नेपाल सरकारले पदमुक्त गर्नेछ ।

तर यसरी पदमुक्त गर्नु भन्दा अघि नेपाल सरकारले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने उचित अवसरबाट वञ्चित गर्ने छैन ।

(२) देहायका कुनै अवस्थामा अध्यक्ष तथा सदस्य आफ्नो पदबाट मुक्त हुनेछ :-

(क) दफा ११ बमोजिम अध्यक्ष तथा सदस्य हुन अयोग्य भएमा,

(ख) धितोपत्र लगानीकर्ताको हित विपरित वा पूँजी बजारको विकासमा हानि नोक्सानी पुग्ने कार्य गरेमा,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम बोर्डको उद्देश्य हासिल गर्नको निमित्त बोर्डले गर्नु पर्ने कार्यहरु कार्यान्वयन गर्न, गराउन कार्य क्षमताको अभाव भएमा,

(घ) खराब आचरणको कारणबाट कुनै पेशा वा व्यवसाय गर्नबाट अयोग्य ठहऱ्याई प्रमाणपत्र खोसिएको वा व्यवसाय गर्न रोक लगाइएकोमा,

(ङ) बिना सूचना लगातार तीन पटक भन्दा बढी बोर्डको बैठकमा अनुपस्थित भएमा ।

१३. **अध्यक्ष तथा सदस्यको राजीनामा:** अध्यक्ष तथा सदस्यले नेपाल सरकार समक्ष लिखित राजिनामा दिई आफ्नो पदबाट हट्न सक्नेछ ।

१४. **रिक्त पदको पूर्ति:** कार्यकाल पूरा नहुँदै अध्यक्ष वा कुनै सदस्यको पद रिक्त हुन आएमा नेपाल सरकारले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी सो पदमा बाँकी अवधिको लागि कुनै व्यक्तिलाई नियुक्त गर्नेछ ।

१५. **काम कारबाही बदर नहुने:** अध्यक्ष वा सदस्यको नियुक्ति वा बोर्डको गठनमा कुनै रीत नपुगेको वा अध्यक्ष वा सदस्यको पद रिक्त रहेको कारणले मात्र बोर्डले गरेको कुनै काम कारबाही बदर हुने छैन ।

१६. **समिति वा उपसमिति गठन गर्न सक्ने:** (१) बोर्डले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यकता अनुसार समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ । बोर्डले तोकिदिएको सदस्य यसरी गठन भएको समिति वा उपसमितिको संयोजक हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र, बैठक भत्ता तथा कार्यावधि बोर्डले तोके बमोजिम हुनेछ ।

१७. **अधिकार प्रत्यायोजन:** (१) बोर्डले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, कुनै सदस्य वा दफा १६ बमोजिम गठन भएको समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार कुनै सदस्य, दफा १६ बमोजिम गठन भएको समिति वा उपसमिति वा बोर्डको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **निजी स्वार्थका सम्बन्धमा जानकारी दिनु पर्ने:** कुनै सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बोर्डको बैठकमा छलफल हुने रहेछ भने सो छलफल शुरु हुनु भन्दा अगावै निजले सो बारेमा बोर्डलाई जानकारी दिनु पर्नेछ । बोर्डले अनुमति दिएमा बाहेक त्यस्तो सदस्यले सो प्रस्ताव उपर हुने छलफल तथा निर्णयमा भाग लिन र आफ्नो मत प्रकट गर्न पाउने छैन ।

तर बैठकको गणपुरक संख्या पुऱ्याउनको लागि भने त्यस्तो सदस्यको उपस्थिति मान्य हुनेछ ।

१९. **लेखाविद्, सल्लाहकार तथा कर्मचारी सम्बन्धी व्यवस्था:** (१) बोर्डको काम प्रभावकारी रुपले संचालन गर्नको लागि बोर्डमा आवश्यक संख्यामा लेखाविद्, सल्लाहकार तथा कर्मचारीहरु रहनेछन् ।

(२) बोर्डमा रहने लेखाविद्, सल्लाहकार तथा कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२०. **शपथ लिनु पर्ने:** बोर्डमा पहिलो पटक नियुक्त भएका अध्यक्ष, सदस्य, बोर्डका सल्लाहकार तथा कर्मचारीले आफ्नो ओहदाको काम शुरु गर्नु भन्दा अगावै तोकिए बमोजिम गोपनीयता र इमान्दारीको शपथ ग्रहण गर्नु पर्नेछ ।

२१. **गोपनीयता:** (१) अध्यक्ष, सदस्य, बोर्डका सल्लाहकार, कर्मचारी, लेखापरीक्षक, एजेण्ट वा प्रतिनिधिले देहायका काम गर्न सक्ने छैन :-

(क) पदीय दायित्व निर्वाह गर्दा प्राप्त हुन आएको कुनै गोप्य जानकारी वा सूचना अरुलाई दिन वा सो को भेद खोल्न,

(ख) त्यस्तो जानकारी वा सूचना निजी लाभको लागि प्रयोग गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले तोकिदिएको प्रक्रिया अनुरुप आफूले थाहा पाएको गोप्य जानकारी वा सूचना देहायका अवस्थामा प्रकाशमा ल्याउन सकिनेछ :-

(क) सार्वजनिक रुपमा आफ्नो कर्तव्य पालन गर्दा, कानून कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्दा, अदालतको आदेश वा अधिकार प्राप्त अधिकारीले दिएको आदेशको कारणबाट त्यस्तो जानकारी वा सूचना प्रकाशमा ल्याएकोमा,

(ख) आफ्नो कर्तव्यको पालनको सिलसिलामा बोर्डको बाह्य लेखापरीक्षकलाई त्यस्तो जानकारी वा सूचना दिएकोमा,

(ग) कानूनी कारबाहीको सिलसिलामा बोर्डको हितको लागि त्यस्तो जानकारी वा सूचना प्रकाशमा ल्याएकोमा ।

२२. **बोर्डको कोष:** (१) बोर्डको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ख) स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ, संस्था वा निकायबाट प्राप्त अनुदान, सहयोग वा ऋण,

तर त्यस्तो अनुदान, सहयोग वा ऋण लिंदा नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(ग) अनुमतिपत्र दस्तुर बापत प्राप्त रकम,

(घ) धितोपत्र दर्ता दस्तुर बापत प्राप्त रकम,

(ङ) धितोपत्र कारोबार गरे गराए बापत प्राप्त दस्तुर, फी, शुल्क,

(च) बोर्डले जरिवाना गरे बापत प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिम बोर्डलाई प्राप्त हुने सम्पूर्ण रकम नेपाल राज्यस्थित कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिने छ ।

(५) उपदफा (४) बमोजिम खर्च गर्दा प्रत्येक आर्थिक वर्षको लागि गरिने आम्दानी र खर्चको निमित्त बोर्डबाट स्वीकृत भएको बजेटको आधारमा खर्च गरिनेछ ।

(६) बोर्डको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

२३. **अक्षय कोषको व्यवस्था:** (१) बोर्डले आफ्नो आयस्रोतको व्यवस्था गर्न एउटा अक्षय कोषको स्थापना गर्न सक्नेछ र सो कोषमा प्रत्येक वर्ष बोर्डले तोके बमोजिमको रकम जम्मा गरिनेछ ।

(२) अक्षय कोषमा रहेको रकम नेपाल सरकारले जारी गरेको धितोपत्रमा वा बोर्डले तोके बमोजिम आवधिक खाता खोली राख्न सकिनेछ ।

(३) सामान्यतः अक्षय कोषको रकमबाट आर्जित आय बाहेक सो कोषमा रहेको रकम खर्च गर्न पाइने छैन ।

(४) अक्षय कोष संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **बोर्डको लेखा:** (१) बोर्डले आफ्नो काम कारबाहीको अभिलेख अद्यावधिक बनाई राख्नु पर्नेछ ।

(२) बोर्डले आर्थिक वर्ष समाप्त भएको बढीमा ६ महीनाभित्र सो आर्थिक वर्षको आय व्ययको हिसाब, वासलात तथा लेखा सम्बन्धी विवरण अन्तर्राष्ट्रिय प्रचलन अनुरुपको लेखा प्रणाली अनुसार तयार गरी राख्नु पर्नेछ ।

२५. **लेखापरीक्षक र लेखापरीक्षण:** बोर्डको हिसाब किताब र श्रेस्ताको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको कुनै लेखा परीक्षकबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको लेखापरीक्षकले बोर्डको हिसाब किताब र श्रेस्ताको लेखापरीक्षण गर्दा आफ्नो लेखापरीक्षण प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका कुराहरु समेत उल्लेख गर्नु पर्नेछ :-

(क) आय व्यय विवरणमा बोर्डको सो आर्थिक वर्षको आय व्ययको सत्य तथ्य देखिन्छ वा देखिँदैन ।

(ख) सो आर्थिक वर्षको वासलातमा बोर्डको यथार्थ आर्थिक स्थिति स्पष्ट देखिन्छ वा देखिँदैन ।

२६. **वार्षिक प्रतिवेदन:** (१) अध्यक्षले बोर्डको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र बोर्ड समक्ष प्रस्तुत गर्नु पर्नेछ र यस्तो प्रतिवेदनको एक प्रति नेपाल सरकारलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(२) अध्यक्षले उपदफा (१) मा उल्लेख भए बमोजिमको बोर्डको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-३
## धितोपत्रको दर्ता तथा निष्काशन

२७. **धितोपत्रको दर्ता:** (१) संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनु पर्नेछ ।

(२) संगठित संस्थाले उपदफा (१) बमोजिम धितोपत्र दर्ता गराउनका लागि आफ्नो प्रबन्धपत्र तथा नियमावली र सो धितोपत्रसँग सम्बन्धित कागजात सहित तोकिए बमोजिमको दस्तुर संलग्न गरी तोकिएको ढाँचामा बोर्डमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा तोकिए बमोजिमको दर्ता किताबमा त्यस्तो धितोपत्र विवरण सहित दर्ता गरी तोकिएको ढाँचामा सम्बन्धित संगठित संस्थालाई धितोपत्रको दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु भन्दा अघि धितोपत्र निष्काशन गरिसकेका संगठित संस्थाले त्यस्तो धितोपत्र यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन बमोजिम बोर्डमा दर्ता गराउनु पर्नेछ ।

२८. **धितोपत्रको बिक्री तथा हस्तान्तरणः** (१) संगठित संस्थाले धितोपत्रको दर्ता भएपछि त्यस्तो धितोपत्रको बाँडफाँड वा बिक्री गरेमा त्यसरी बाँडफाँड वा बिक्री गरेको धितोपत्रको विवरण सहितको सूचना सात दिनभित्र बोर्डलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि लगानीकर्ता र संगठित संस्थाको हितको लागि त्यस्तो धितोपत्रको बाँडफाँड र बिक्री गर्ने कार्यलाई स्वच्छ र जानकारीमूलक बनाउनु पर्ने देखिएमा बोर्डले सम्बन्धित संगठित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संगठित संस्थाको कर्तव्य हुनेछ ।

२९. **धितोपत्रको सार्वजनिक निष्काशन गर्नु पर्नेः** (१) संगठित संस्थाले एक पटकमा पचासजना भन्दा बढी व्यक्तिहरुलाई धितोपत्र बिक्री वितरण गर्ने भएमा त्यस्तो धितोपत्र बिक्री वितरणको निमित्त सार्वजनिक निष्काशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि तोकिए बमोजिम हुनेछ ।

(३) सार्वजनिक निष्काशन हुने धितोपत्रको मूल्य तथा बाँडफाँड सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) एक पटक सार्वजनिक निष्काशन गरिसकेको धितोपत्र बिक्री नभई एक वर्षभित्र पूनः निष्काशन गर्नु परेमा त्यसरी धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले पहिले प्रकाशित विवरणपत्रमा उल्लेख भएका कुराभन्दा फरक भएका कुराहरु बोर्डको स्वीकृति लिई त्यस्तो फरक भएका कुरा र पहिले प्रकाशित भएको विवरणपत्र राखी धितोपत्र निष्काशन गर्न सक्नेछ ।

३०. **विवरणपत्र प्रकाशन गर्नु पर्नेः** (१) संगठित संस्थाले यो ऐन प्रारम्भ भएपछि यस ऐन बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्नका लागि विवरणपत्र बोर्डबाट स्वीकृत गराई सम्बन्धित सबैको जानकारीको लागि सो विवरणपत्र प्रकाशन गर्नु पर्नेछ । यसरी विवरणपत्र प्रकाशन गर्दा सर्वसाधारणले विवरणपत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ समेत विवरणपत्रमा खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका धितोपत्र निष्काशन गर्दा विवरणपत्र जारी गर्नु आवश्यक पर्ने छैन :-

(क) नेपाल राष्ट्र बैंकले जारी गरेको धितोपत्र,

(ख) नेपाल सरकारको पूर्ण जमानतमा जारी गरिएको धितोपत्र,

(ग) एक पटकमा बढीमा पचासजनासम्म व्यक्तिलाई बिक्री गर्ने गरी प्रस्ताव गरिएको धितोपत्र,

(घ) आफ्ना कामदार वा कर्मचारीहरुलाई जारी गरिएको धितोपत्र,

(ङ) बोर्डले विवरणपत्र जारी नगरी निष्काशन तथा बिक्री गर्न स्वीकृति दिएको धितोपत्र ।

३१. **विवरणपत्रको स्वीकृतिः** लगानीकर्ताहरुले निष्काशनकर्ताको सम्पत्ति तथा दायित्व, आर्थिक स्थिति, नाफा-नोक्सान, भविष्यमा अपेक्षित कुराहरु सम्बन्धमा मूल्याङ्कन गर्न पर्याप्त हुने जानकारीहरु समावेश भएको विवरणपत्र मात्र बोर्डले स्वीकृत गर्नेछ ।

३२. **विवरणपत्रमा उल्लेख हुनुपर्ने कुराहरुः** विवरणपत्रमा उल्लेख हुनुपर्ने सामान्य कुराहरु, निष्काशनकर्ताको पूँजी तथा अन्य जानकारी, निष्काशनकर्ताले गर्ने मुख्य कामहरु, कानूनी कारबाही सम्बन्धी जानकारी, निष्काशनकर्ताको आर्थिक स्थिति, सामान्य प्रशासन, व्यवस्थापन तथा विवरणपत्र र विवरणपत्रमा समावेश आर्थिक विवरण तयार गर्ने विशेषज्ञ सम्बन्धी जानकारी तथा अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

३३. **विवरणपत्रमा लेखिएको कुराको जवाफदेहीः** (१) बोर्डमा धितोपत्र दर्ता गराई निष्काशन अनुमति प्राप्त गर्ने प्रयोजनको लागि बोर्ड समक्ष पेश गरिएको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारी सम्बन्धी कागजातहरुको सत्यताप्रति सम्बन्धित संगठित संस्था र सो विवरणपत्रमा सहिछाप गर्ने संचालक तथा त्यस्तो विवरणपत्र तयार गर्ने विशेषज्ञले व्यक्तिगत वा सामूहिकरुपमा जवाफदेही वहन गर्नु पर्नेछ ।

(२) कुनै व्यक्तिले विवरणपत्रमा लेखिएका कुराहरुमा विश्वास गरी धितोपत्र खरिद गरिसकेपछि विवरणपत्रमा लेखिएका कुराहरु ब्दनियत साथ वा जानीजानी झुट्ठो वा गलत उल्लेख गरिएको कारणबाट लगानीकर्तालाई कुनै हानि नोक्सानी भएमा उपदफा (१) बमोजिमको संस्था, संचालक वा विवरणपत्र तयार गर्ने विशेषज्ञहरुले त्यस्तो हानि नोक्सानीको क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

तर विवरणपत्रमा लेखिएका कुरा बदनियत साथ वा जानीजानी निर्णय गर्नु भन्दा अगावै राजीनामा दिने वा विवरणपत्र झुट्ठो भएको कुरा थाहा थिएन भनी प्रमाणित गर्ने संचालकले त्यस्तो क्षतिपूर्ति व्यहोर्नु पर्ने छैन ।

(३) संगठित संस्थाले बोर्डमा पेश गरेको विवरणपत्र, सूचना, जानकारी वा विवरण झुट्ठा भएको कारण कुनै लगानीकर्तालाई हानि नोक्सानी परेमा क्षतिपूर्ति भराई माग्न लगानी गरेको एक वर्षभित्रमा आफूलाई थाहा भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा उजूर गर्न सक्नेछ ।

३४. **संगठित संस्थाले सूचना गर्नु पर्नेः** (१) धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले बोर्ड तथा शेयरवालाहरुलाई देहायका कुराहरुका सम्बन्धमा यथासम्भव छिटो जानकारी उपलब्ध गराउनु पर्नेछ :-

(क) आफ्नो आर्थिक स्थितिको मूल्याङ्कन गर्न आवश्यक र सहायक हुने कुरा,

(ख) धितोपत्र बजारको कारोबारलाई वा धितोपत्रको मूल्यलाई असर पार्ने जानकारी ।

(२) धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले उपदफा (१) मा लेखिएका कुराहरुका अतिरिक्त तोकिए बमोजिमको सूचना तथा जानकारी समेत बोर्ड तथा शेयरवालाहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

३५. **सूचीकरण रद्द भएमा त्यसको क्षतिपूर्ति:** कुनै धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले धितोपत्र बजारसँग सम्झौता गरी धितोपत्र सूचीकरण गराएकोमा त्यस्तो संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम पालना गर्नु पर्ने कुरा पालना नगरेको कारणबाट धितोपत्र बजारले त्यस्तो धितोपत्रको सूचीकरण रद्द गरेमा त्यसरी सूचीकरण रद्द भएको कारणले शेयरवालाले कुनै हानि नोक्सानी व्यहोर्नु परेमा सो संगठित संस्थाका सञ्चालकहरुले व्यक्तिगत वा सामूहिक रुपमा त्यस्तो शेयरवालालाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

## परिच्छेद-४
## धितोपत्र बजार सम्बन्धी व्यवस्था

३६. **धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र लिनु पर्ने :** (१) धितोपत्र बजार संचालन गर्न चाहनेले यस ऐन बमोजिम बोर्डबाट धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र लिनु पर्नेछ ।

(२) कसैले पनि यस ऐन बमोजिम बोर्डबाट अनुमतिपत्र प्राप्त नगरी धितोपत्र बजार संचालन गर्न वा धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न गराउन पाउने छैन र त्यस्तो अनुमतिपत्र प्राप्त नगरी कसैले धितोपत्र बजारको नाम प्रयोग गर्न समेत हुँदैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको नेपाल धितोपत्र विनिमय बजारले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन बमोजिम धितोपत्र विनिमय बजार संचालन गर्ने अनुमतिपत्र प्राप्त गर्नको लागि बोर्ड समक्ष निवेदन दिइसक्नु पर्नेछ । सो अवधिभित्र नेपाल धितोपत्र विनिमय बजारले यस ऐन बमोजिम धितोपत्र विनिमय बजार संचालन गर्न कुनै वाधा पुगेको मानिने छैन ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र नेपाल धितोपत्र विनिमय बजारले धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्रको लागि बोर्ड समक्ष निवेदन नदिएमा सो अवधि समाप्त भएपछि नेपाल धितोपत्र विनिमय बजारले धितोपत्र बजार संचालन गर्न पाउने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम सीमित दायित्वको कम्पनीको रुपमा कुनै धितोपत्र बजारको संस्थापना गर्दा कम्पनी रजिष्ट्रारको कार्यालयले बोर्डको सिफारिसमा मात्र गर्नेछ ।

३७. **धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने:** (१) संगठित संस्थाले मात्र धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्रको लागि बोर्डमा निवेदन दिन सक्नेछ ।

(२) संगठित संस्थाले उपदफा (१) बमोजिमको निवेदन तोकिएको ढाँचामा तोकिए बमोजिमका विवरण तथा कागजात र दस्तुर समेत संलग्न राखी बोर्ड समक्ष दिनु पर्नेछ ।

३८. **धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र दिने:** (१) दफा ३७ बमोजिम निवेदन प्राप्त भएमा बोर्डले आवश्यक जाँचबुझ गरी देहायका कुरामा बोर्ड सन्तुष्ट भएमा निवेदक संगठित संस्थालाई तोकिए बमोजिमको ढाँचामा धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र दिन सक्नेछ :-

(क) धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र दिंदा लगानीकर्ता र सर्वसाधारणको हित हुन्छ वा धितोपत्र बजारको उचित संचालनको लागि त्यस्तो अनुमतिपत्र दिन आवश्यक छ भन्ने लागेमा,

(ख) निवेदक संगठित संस्थाले उपदफा (२) मा उल्लिखित कुराहरु पूरा गरेको भएमा ।

(२) उपदफा (१) बमोजिम धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र लिनका लागि बोर्ड समक्ष निवेदन दिने संगठित संस्थाले देहायका कुराहरु निवेदनमा उल्लेख गर्नु पर्नेछ :-

(क) संगठित संस्था स्थापना गर्ने कानूनी व्यवस्था वा प्रबन्धपत्रमा सो संगठित संस्था धितोपत्र बजारको स्थापना र संचालन गर्ने उद्देश्य लिई स्थापना भएको,

(ख) संगठित संस्थाले धितोपत्र बजार संचालन गरुञ्जेल पाँच करोड रुपैयाँमा नघट्ने गरी बोर्डले तोकिदिए बमोजिमको चुक्ता पूँजी कायम राख्ने,

(ग) संगठित संस्थाले बोर्डलाई सन्तुष्ट हुने गरी धितोपत्र बजार संचालन गर्न आवश्यक व्यवस्था पूर्वाधार तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधारहरु रहेको,

(घ) आफू मार्फत कारोबार हुने धितोपत्रलाई मान्यता प्रदान गर्न सूचीकरण वा त्यस्तै अन्य व्यवस्था गर्ने सम्बन्धी कुरा,

(ङ) संगठित संस्थाले धितोपत्र बजार संचालन गर्नका लागि प्रस्ताव गरेको विनियम तथा कारोबार संचालन सम्बन्धी व्यवस्था तथा अबलम्वन गर्ने पद्धतिबाट धितोपत्र कारोबार नियमित रुपमा संचालन भई लगानीकर्ताको हित संरक्षण हुने कुरा,

(च) धितोपत्र बजारमा भएका कारोबारहरुको हिसाब राफसाफ गर्ने र त्यसको अभिलेख तथा कारोबारको विवरणहरु प्रकाशन गर्न उपयुक्त व्यवस्था गरेको,

(छ) आफ्नो सदस्यहरुले गरेको कारोबारका सम्बन्धमा परेका उजुरीहरुका सम्बन्धमा उचित तवरले छानबिन गर्न सक्ने कुरा,

(ज) आफ्नो सदस्यहरुले करार बमोजिम दायित्व पूरा नगरेमा तत्सम्बन्धमा विनियममा उल्लेख भए बमोजिम कारबाही गरिने कुरा ।

३९. **बोर्डले शर्तहरु तोक्न सक्ने:** (१) बोर्डले धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र प्रदान गर्दा पूँजी बजारको अवस्था, धितोपत्र बजारको स्वस्थ संचालन तथा लगानीकर्ताहरुको हितलाई ध्यानमा राखी आवश्यक शर्तहरु तोक्न सक्नेछ। यस्तो शर्तको पालना गर्ने कर्तव्य सम्बन्धित धितोपत्र बजारको हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शर्तमा बोर्डले आवश्यकता अनुसार पूँजी बजारको अवस्था, धितोपत्र बजारको स्वस्थ संचालन तथा लगानीकर्ताहरुको हितलाई ध्यानमा राखी थपघट तथा हेरफेर गर्न सक्नेछ ।

४०. **धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र दिन इन्कार गर्न सकिने:** (१) दफा ३८ मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले देहायका अवस्थामा संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछ :-

(क) उद्योग तथा व्यवसायको विकास र विद्यमान धितोपत्र कारोबारको सम्भाव्यताको आधारमा धितोपत्र बजारको संचालन गर्न आवश्यक नभएमा,

(ख) लगानीकर्ताको हितको संरक्षणको निमित्त धितोपत्र बजार संचालन गर्न दिनु उचित र उपयुक्त नदेखिएमा ।

(२) उपदफा (१) मा उल्लिखित अवस्थामा कुनै संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र नदिने भएमा बोर्डले सोको कारण खुलाई सम्बन्धित संगठित संस्थालाई सूचना गर्नु पर्नेछ ।

४१. **न्यूनतम पूँजी र आर्थिक स्रोत:** धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाको चुक्ता पूँजी पाँच करोड रुपैयाँमा नघट्ने गरी समय समयमा बोर्डले तोकिदिए बमोजिम हुनु पर्नेछ र सो संस्थाले आफूले संचालन गर्ने बजार व्यवस्थाको निमित्त पर्याप्त आर्थिक स्रोत राखेको हुनु पर्नेछ ।

४२. **धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्रको अवधि र नवीकरण:** (१) धितोपत्र बजार संचालन गर्न प्रदान गरिएको अनुमतिपत्र जुन आर्थिक वर्षमा जारी गरिएको हो सोही आर्थिक वर्षको अन्त्यसम्ममात्र कायम रहनेछ ।

(२) धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको वार्षिक शुल्क बोर्डमा बुझाई धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र वार्षिक शुल्क बुझाई त्यस्तो अनुमतिपत्र नवीकरण गर्न नसकेमा सो म्याद समाप्त भएको तीन महिनासम्म वार्षिक शुल्कको पच्चीस प्रतिशत जरिवाना तिरी सो अनुमतिपत्र नवीकरण गराउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि त्यस्तो अनुमतिपत्र नवीकरण नगराउने संगठित संस्थाले प्राप्त गरेको धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र खारेज हुनेछ ।

४३. **मान्यता प्रदान गरेको धितोपत्रको कारोबार गराउनु पर्नेः** (१) संगठित संस्थाले निष्काशन गरेका धितोपत्रहरु धितोपत्र बजारले आफ्नो विनियमावलीमा तोकिए बमोजिम सूचीकरण गरी वा त्यस्तै अन्य व्यवस्था गरी कारोबार गर्न मान्यता प्रदान गरेको धितोपत्रको लागि मात्र बजार व्यवस्थापन गर्नु पर्नेछ ।

(२) धितोपत्र बजारमा सूचीकरण नभएका धितोपत्र खरिद, बिक्री वा विनिमय सम्बन्धी काम कारबाही तोकिए बमोजिम हुनेछ ।

४४. **धितोपत्र बजारको व्यवस्थापकीय जिम्मेवारीः** धितोपत्र बजारले गरेको धितोपत्र कारोबारको व्यवस्थापनका सम्बन्धमा सो धितोपत्र बजारको संचालक समितिले जिम्मेवारी लिनेछ ।

४५. **धितोपत्र बजारको काम, कर्तव्य र अधिकारः** धितोपत्र बजारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू मार्फत हुने धितोपत्र कारोबारलाई स्वच्छ र नियमित रुपमा संचालन गर्ने गराउने,

(ख) धितोपत्र बजार संचालन गर्दा सर्वसाधारण लगानीकर्ताको हितलाई ध्यानमा राखी गर्ने गराउने,

(ग) आफ्नो सदस्यहरुलाई यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमहरुको पूर्ण रुपमा पालना गर्न लगाउने र यस सम्बन्धी कुराको अनुगमन र सुपरिवेक्षण गर्ने गराउने,

(घ) धितोपत्र कारोबार गर्न पर्याप्त र सुविधायुक्त कारोबार स्थलको व्यवस्था गर्ने,

(ङ) कारोबार संचालन गर्न सक्षम कर्मचारीहरुको व्यवस्था गर्ने,

(च) आकस्मिक तथा सुरक्षा व्यवस्थाका लागि पर्याप्त सुविधा र उचित पद्धतिको व्यवस्था गर्ने,

(छ) धितोपत्रको विनिमय वा खरिद बिक्रीको प्रबन्ध गर्नको लागि सूचीकरण गर्न गराउन र सदस्यता सम्बन्धी व्यवस्था गर्न बोर्डको स्वीकृति लिई विनियम बनाउने,

(ज) धितोपत्र बजार सञ्चालनको लागि अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

४६. **धितोपत्र बजारले जानकारी दिनु पर्नेः** धितोपत्र बजारले देहायका कुरा आफूले थाहा पाउना साथ सोको जानकारी बोर्डलाई दिनु पर्नेछः-

(क) आफ्नो कुनै सदस्यबाट कुनै आर्थिक अनियमितता भएको वा सो सदस्यले गरेको काम कारबाहीबाट त्यस्तो सदस्यको आर्थिक हैसियत शङ्कास्पद देखिएमा,

(ख) आफ्नो कुनै सदस्यले आफूले पालना गर्नु पर्ने दायित्व कानून बमोजिम पूरा नगरेमा वा पूरा गर्न असक्षम भएको भन्ने देखिएमा,

(ग) आफ्नो कुनै सदस्यले आर्थिक नियम तथा विनियमको पालना नगरेमा वा गर्न नसक्ने अवस्था देखिएमा,

(घ) तोकिए बमोजिमको अन्य जानकारीहरु ।

४७. **धितोपत्र बजारले प्रतिवेदन पेश गर्नु पर्नेः** धितोपत्र बजारले आर्थिक वर्ष समाप्त भएको तीन महीनाभित्र सो आर्थिक वर्षमा आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

४८. **धितोपत्र बजारले निर्देशन दिन सक्नेः** (१) धितोपत्र बजार मार्फत धितोपत्र कारोबार गराउने संगठित संस्थाले धितोपत्र बजारसँग गरेको सम्झौताको उल्लंघन गरेमा वा धितोपत्र कारोबारलाई स्वच्छ र नियमित बनाउन वा लगानीकर्ताको हितलाई ध्यानमा राखी त्यस्तो संगठित संस्थालाई निर्देशन दिन आवश्यक छ भन्ने लागेमा धितोपत्र बजारले त्यस्तो संगठित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्ने कर्तव्य सम्बन्धित संगठित संस्थाको हुनेछ ।

४९. **धितोपत्र कारोबारको सीमा निर्धारण गर्न सक्नेः** (१) बोर्डले एक पटकमा कारोबार गर्न सकिने धितोपत्रको सीमा वा कुनै एक व्यक्तिले एक पटकमा खरिद बिक्री गरी आफूले धारण गर्न सक्ने धितोपत्रको सीमा तोकिए बमोजिम निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले सीमा तोक्दा धितोपत्रको किसिम वा कारोबारको किसिमको आधारमा छुट्टाछुट्टै सीमा तोक्न सक्नेछ ।

(३) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी बोर्डले तोकिए बमोजिम एक समयमा कुनै किसिमको धितोपत्रमा एक व्यक्तिले आफ्नो स्वामित्वमा राख्न पाउने अधिकतम हद तोक्न वा निर्धारण गर्न सक्नेछ ।

५०. **धितोपत्र बजारले दस्तुर बुझाउनु पर्नेः** (१) धितोपत्र बजारमा हुने धितोपत्रको खरिद, बिक्री, विनिमय बापत तोकिए बमोजिम लाग्ने धितोपत्र कारोबार दस्तुर उठाई धितोपत्र बजारले बोर्डलाई बुझाउनु पर्नेछ ।

तर त्यस्तो दस्तुर कुल धितोपत्र कारोवार रकमको ०.०३ प्रतिशत भन्दा बढी हुने छैन ।

(२) धितोपत्र बजारले प्रत्येक महिनाको मसान्तभित्र अघिल्लो महिनामा प्राप्त भएको उपदफा (१) बमोजिम तोकिएको दस्तुर बापतको रकम बोर्डमा बुझाउनु पर्नेछ । यस दफाको पालना नगर्ने धितोपत्र बजारले यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(३) उपदफा (२) मा तोकिएको म्यादभित्र धितोपत्र कारोबार दस्तुर बोर्ड समक्ष दाखिल नगर्ने धितोपत्र बजारसँग बोर्डले सयकडा दश प्रतिशतका दरले हुन आउने ब्याज समेत जोडी धितोपत्र कारोबार दस्तुर बापत लिनु पर्ने रकम असुल उपर गर्नेछ ।

५१. **धितोपत्र बजारले बोर्डलाई सहयोग गर्नु पर्नेः** धितोपत्र बजारले बोर्डलाई यस ऐन बमोजिमको कार्य सम्पादन गर्नको निमित्त आवश्यक सहयोग गर्नु पर्नेछ । त्यसरी सहयोग गर्ने क्रममा धितोपत्र कारोबार सम्बन्धी वा अन्य कुनै खास विषयमा बोर्डले कुनै जानकारी वा परामर्श मागेमा सो समेत बोर्डलाई उपलब्ध गराउनु पर्नेछ ।

५२. **कारबाहीको जानकारी दिनु पर्नेः** धितोपत्र बजारले आफ्नो कुनै सदस्यलाई कुनै कारबाही गर्ने सम्बन्धमा स्पष्टीकरण माग गरेको वा त्यस्तो सदस्यको सदस्यता निलम्बन वा खारेज

गरेको वा त्यस्तो सदस्यलाई कुनै जरिवाना गरेको वा अन्य कुनै कारबाही गरेको भए त्यस्तो कारबाही गरेको सात दिनभित्र सम्बन्धित सदस्यको नाम र कारबाही सम्बन्धी विवरण तथा कारबाही गर्नु पर्ने कारण समेत खुलाई सो को जानकारी बोर्डलाई दिनु पर्नेछ ।

५३. **धितोपत्र बजारले क्षतिपूर्ति कोषको व्यवस्था गर्नु पर्नेः** (१) धितोपत्र बजारले लगानीकर्ताहरुलाई हुन सक्ने सम्भावित क्षतिबाट जोगाउन बोर्डले तोकिदिए बमोजिम एउटा क्षतिपूर्ति कोषको स्थापना र संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा रहेको रकम तोकिए बमोजिम क्षतिपूर्ति व्यहोर्न प्रयोग हुनेछ ।

५४. **क्षतिपूर्ति कोषको संचालन सम्बन्धी व्यवस्थाः** दफा ५३ वा ५५ बमोजिम स्थापना हुने क्षतिपूर्ति कोषको संचालनका सम्बन्धमा नियमावलीमा देहायका व्यवस्था गरिनेछ :-

(क) कोषमा रकम जम्मा गर्ने सम्बन्धी व्यवस्था,

(ख) कोषबाट क्षतिपूर्ति स्वरुप दिने अधिकतम रकम,

(ग) कोषको लेखा र लेखा परीक्षण सम्बन्धी व्यवस्था,

(घ) क्षतिपूर्ति कोषबाट रकम प्राप्त गर्न दावी गर्न पाउने अवस्था र दावी गर्ने कार्यविधि,

(ङ) क्षतिपूर्ति कोषमा दावी नलाग्ने अवस्थाहरु,

(च) क्षतिपूर्ति कोषबाट दावी बमोजिम रकम दिने सम्बन्धमा कारबाही तथा निर्णय गर्ने तरीका,

(छ) एक व्यक्तिलाई क्षतिपूर्ति स्वरुप दिन सकिने अधिकतम रकमको हद,

(ज) क्षतिपूर्ति दावीका सन्दर्भमा छानबिन गर्ने सम्बन्धमा आवश्यक अन्य कुराहरु,

(झ) धितोपत्र बजारको अनुमतिपत्र खारेज भएमा गरिने व्यवस्थाहरु,

(ञ) क्षतिपूर्तिका सम्बन्धमा आवश्यक अन्य व्यवस्थाहरु ।

५५. **बोर्डले क्षतिपूर्ति सम्बन्धी व्यवस्था गर्न सक्नेः** धितोपत्र बजारले लगानीकर्ताहरुलाई हुन सक्ने सम्भावित क्षतिबाट जोगाउन दफा ५३ बमोजिम क्षतिपूर्ति कोषको स्थापना र संचालन गर्न नसकेमा वा तोकिए बमोजिम दिनु पर्ने क्षतिपूर्तिको रकम नदिएमा वा दिन नसकेमा बोर्डले तोकिए बमोजिम क्षतिपूर्ति कोषको स्थापना र संचालन गर्न वा दिनु पर्ने क्षतिपूर्तिको रकम तोकिए बमोजिम दिलाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-५
## धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र सम्बन्धी व्यवस्था

५६. **धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र लिनु पर्नेः** (१) धितोपत्र व्यवसाय गर्न चाहने कम्पनी वा संस्थाले यस ऐन बमोजिम बोर्डबाट धितोपत्र व्यवसाय संचालन गर्ने अनुमतिपत्र लिनु पर्नेछ ।

(२) कसैले पनि यस ऐन बमोजिम बोर्डबाट धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र प्राप्त नगरी धितोपत्र व्यवसाय गर्न पाउने छैन ।

५७. **धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने:** (१) धितोपत्र व्यवसाय गर्न चाहने कम्पनी वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको विवरण, कागजात र दस्तुर संलग्न गरी धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्रको लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने निवेदनमा देहायका कुराहरु खुलाइएको हुनु पर्नेछ :-

(क) धितोपत्र व्यवसायको किसिम र प्रदान गर्ने सेवाका सम्बन्धमा,

(ख) धितोपत्र व्यवसाय गर्न प्रतिनिधि नियुक्त गर्ने र त्यस्तो व्यवसाय अरुसँग मिली गर्ने भए सो सम्बन्धी कुरा,

(ग) धितोपत्र बजारको सदस्यता लिएर मात्र व्यवसाय गर्न पाउने तोकिए बमोजिमका व्यवसायीका हकमा सम्बन्धित धितोपत्र बजारको सिफारिस पत्र,

(घ) प्रस्तावित धितोपत्र व्यवसाय गर्न सक्षम भएको कुरा प्रमाणित गर्ने आधारहरु र बोर्डले तोकिदिएको अन्य जानकारी ।

५८. **धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र दिने:** (१) दफा ५७ बमोजिम निवेदन प्राप्त भएमा बोर्डले आवश्यक जाँचबुझ गरी देहायका आधारमा निवेदकलाई तोकिए बमोजिमको ढाँचामा धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र दिन सक्नेछ :-

(क) उपदफा (२) मा उल्लिखित अवस्थाहरुको आधारमा निवेदकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमका अधीनमा रही धितोपत्र व्यवसाय गर्न सक्छ भन्ने लागेमा,

(ख) धितोपत्र व्यवसाय गर्न नियुक्त गरेको प्रतिनिधिले प्राप्त गरेको तालिम र शैक्षिक योग्यता ।

(२) धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्रको लागि निवेदन दिने कम्पनी वा संस्थामा कार्यरत कार्यकारी प्रमुख, सञ्चालक, सम्बन्धित अधिकृतहरु तथा प्रतिनिधिका सम्बन्धमा देहायका कुराहरुलाई समेत हेरिनेछ :-

(क) आर्थिक हैसियत,

(ख) शैक्षिक योग्यता, तालीम र सम्बन्धित काममा अनुभव,

(ग) धितोपत्र व्यवसाय गर्न चाहिने अनुभव,

(घ) सामाजिक हैसियत तथा चरित्र ।

(३) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र दलाली तथा लगानी परामर्श सेवा बाहेक अन्य धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र पब्लिक लिमिटेड कम्पनी वा प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्थालाई मात्र दिइनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले पूँजी बजार तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी कुनै धितोपत्र व्यवसायीलाई धितोपत्र व्यवसायको किसिममध्ये कुनै धितोपत्र व्यवसाय गर्न नपाउने गरी अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

५९. **बोर्डले शर्तहरु तोक्न सक्ने:** (१) बोर्डले धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र प्रदान गर्दा पूँजी बजारको अवस्था, धितोपत्र व्यवसायको स्वस्थ संचालन तथा लगानीकर्ताहरुको हितको संरक्षणलाई ध्यानमा राखी आवश्यक शर्तहरु तोक्न सक्नेछ।

(२) बोर्डले उपदफा (१) बमोजिम तोकिदिएका शर्तहरुको पालना गर्ने कर्तव्य धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त गरेका कम्पनी वा संस्थाको हुनेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको शर्तमा बोर्डले आवश्यकता अनुसार पूँजी बजारको अवस्था, धितोपत्र व्यवसायको स्वस्थ संचालन तथा लगानीकर्ताहरुको हितलाई ध्यानमा राखी थपघट तथा हेरफेर गर्न सक्नेछ।

६०. **धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र दिन इन्कार गर्न सक्ने:** बोर्डले देहायका अवस्थामा कुनै कम्पनी वा संस्थालाई धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछ :-

(क) साहूको ऋृण तिर्न नसकी दामासाहीमा परेको प्रमाणित भएमा,

(ख) त्यस्तो अनुमतिपत्रको लागि दिइने निवेदन साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम संलग्न गर्नु पर्ने कागजात तथा विवरण वा बोर्डले तोकिदिएको अन्य कुनै कुरा संलग्न नगरेमा,

(ग) दफा ५८ को उपदफा (२) मा उल्लिखित कुराहरुलाई हेर्दा धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र दिन उपयुक्त हुने नदेखिएमा।

६१. **धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्रको अवधि र नवीकरण:** (१) यस ऐन बमोजिम धितोपत्र व्यवसाय गर्न धितोपत्र व्यवसायीलाई दिइएको अनुमतिपत्र जुन आर्थिक वर्षमा जारी गरिएको हो सोही आर्थिक वर्षको अन्त्यसम्म मात्र कायम रहनेछ।

(२) धितोपत्र व्यवसायीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको वार्षिक शुल्क बोर्डलाई बुझाई त्यस्तो अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र वार्षिक शुल्क बुझाई नवीकरण गर्न नसकेमा सो म्याद समाप्त भएको तीन महीनासम्म वार्षिक शुल्कको पच्चीस प्रतिशत जरिवाना तिरी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन सकिनेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि त्यस्तो अनुमतिपत्र नवीकरण नगराउने धितोपत्र व्यवसायीको अनुमतिपत्र बोर्डले खारेज गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

६२. **सहायक कम्पनी मार्फत धितोपत्र व्यवसाय गर्न तोक्न सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रचलित कानून बमोजिम स्थापना भएका बैंक वा वित्तीय संस्थाले आफ्नो सहायक कम्पनी मार्फत मात्र धितोपत्र व्यवसाय गर्न पाउने गरी तोकिदिन सक्नेछ।

तर त्यस्तो सहायक कम्पनीले धितोपत्र व्यवसाय बाहेक अरु काम गर्न सक्ने छैन।

६३. **धितोपत्र व्यवसायको किसिमः** (१) यस ऐनको प्रयोजनको लागि धितोपत्र व्यवसायलाई देहाय बमोजिमको किसिममा विभाजन गरिनेछ :-

(क) धितोपत्र दलाली,

(ख) धितोपत्र व्यापार,

(ग) निष्काशन तथा बिक्री प्रबन्ध,

(घ) लगानी व्यवस्थापन,

(ङ) लगानी परामर्श सेवा,

(च) सामूहिक लगानी कोष व्यवस्थापन,

(छ) धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रीय निक्षेप सेवा वा डिपोजिटरी (कस्टोडियल) सेवा,

(ज) धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने सम्बन्धी सेवा,

(झ) बजार निर्माता,

(ञ) यस ऐन बमोजिम बोर्डले धितोपत्र व्यवसाय भनी तोकिदिएको अन्य कार्य ।

(२) उपदफा (१) मा उल्लिखित धितोपत्र व्यवसायको कार्यक्षेत्र तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६४. **प्रतिनिधि नतोकी धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र नदिइनेः** (१) धितोपत्र दलालको प्रतिनिधिको रुपमा काम गर्ने कम्तीमा एकजना व्यक्ति नतोकी कसैलाई पनि धितोपत्र दलालीको रुपमा धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र दिइने छैन ।

(२) धितोपत्र व्यापारीको प्रतिनिधिको रुपमा काम गर्ने कम्तीमा एकजना व्यक्ति नतोकी कसैलाई पनि धितोपत्र व्यापारीको रुपमा धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र दिइने छैन ।

(३) योजना व्यवस्थापकको प्रतिनिधिको रुपमा काम गर्ने कम्तीमा एकजना व्यक्ति नतोकी कसैलाई पनि सामूहिक लगानी योजना तथा लगानी कोष व्यवस्थापन सम्बन्धी धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र दिइने छैन ।

(४) धितोपत्र व्यवसायीले प्रतिनिधि तोक्दा पूरा गर्नु पर्ने कार्यविधि, योग्यता तथा व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

६५. **आधिकारिक प्रतिनिधिः** (१) कुनै पनि व्यक्ति धितोपत्र व्यवसायीको प्रतिनिधि नियुक्त भएको कुरा उपदफा (३) बमोजिम बोर्डमा दर्ता भएपछि मात्र त्यस्तो व्यक्ति सो धितोपत्र व्यवसायीको लागि आधिकारिक प्रतिनिधि मानिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधि नियुक्त भएको कुरा बोर्डमा दर्ता गर्दा धितोपत्र व्यवसायीले प्रतिनिधि नियुक्त गरेको कुरा र प्रतिनिधि नियुक्त हुने व्यक्तिले पनि आफू सो धितोपत्र व्यवसायीको प्रतिनिधि हुन मञ्जुर गरेको कुरा बोर्डलाई सूचना गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएको पन्ध्र दिनभित्र बोर्डले प्रतिनिधिको नाम, ठेगाना तथा अन्य आवश्यक विवरण खुलाई तोकिए बमोजिम दर्ता किताबमा दर्ता गरी त्यस्तो प्रतिनिधिलाई प्रतिनिधि दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) कुनै कारणले प्रतिनिधि र प्रतिनिधि नियुक्त गर्ने धितोपत्र व्यवसायी बीच प्रतिनिधि राख्ने सम्बन्धमा भएको सम्झौता रद्द भएमा सोको सूचना तुरुन्त बोर्डलाई दिनु पर्नेछ र प्रतिनिधिले पनि आफूले प्राप्त गरेको प्रमाणपत्र सात दिनभित्र बोर्डमा फिर्ता बुझाउनु पर्नेछ ।

(५) आधिकारिक प्रतिनिधिले गरेको सम्पूर्ण कामको जिम्मेवारी त्यसरी आधिकारिक प्रतिनिधि नियुक्त गर्ने धितोपत्र व्यवसायीको हुनेछ ।

६६. **धितोपत्र व्यवसायीको अधिकारः** (१) धितोपत्र व्यवसायीलाई सुनुवाईको उचित मौका नदिई निजले प्राप्त गरेको धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र निलम्बन वा खारेज गरिने छैन ।

(२) धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र निलम्बन वा खारेज गर्दा त्यसको लिखित सूचना सम्बन्धित धितोपत्र व्यवसायीलाई दिनु पर्नेछ र त्यस्तो सूचनामा त्यसरी निलम्बन वा खारेज गर्नु पर्ने कारण, निलम्बन वा खारेजी लागू हुने मिति र निलम्बन भएकोमा निलम्बनको अवधि उल्लेख गर्नु पर्नेछ ।

(३) धितोपत्र व्यवसायीको धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र निलम्बन वा खारेज गर्ने गरी गरेको निर्णयमा चित्त नबुझ्ने धितोपत्र व्यवसायीले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च[१] अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

६७. **धितोपत्र व्यवसायीको न्यूनतम पूँजी र आर्थिक स्रोतः** (१) धितोपत्र व्यवसायीले धितोपत्र व्यवसाय गर्दा तोकिए बमोजिम न्यूनतम पूँजी र आर्थिक स्रोत राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम धितोपत्र व्यवसायीले राख्नु पर्ने न्यूनतम पूँजी र आर्थिक स्रोत राख्न नसकेमा सो कुराको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी बोर्डले प्राप्त गरेमा त्यस्तो धितोपत्र व्यवसायीलाई तोकिए बमोजिमको न्यूनतम पूँजी र आर्थिक स्रोत राख्न तुरुन्त आदेश दिन वा तत्सम्बन्धमा आवश्यक अन्य निर्देशन दिन सक्नेछ ।

६८. **धितोपत्र व्यवसायीको अभिलेख राख्नु पर्नेः** (१) बोर्डले अनुमतिपत्र प्राप्त सबै धितोपत्र व्यवसायीको एउटा दर्ता किताब खडा गरी अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खडा गरिने दर्ता किताबमा देहायका कुराहरु समेत खुलाई धितोपत्र व्यवसायीको अद्यावधिक अभिलेख राख्नु पर्नेछ :-

(क) धितोपत्र व्यवसायीको नाम र ठेगाना,

(ख) धितोपत्र व्यवसायीलाई अनुमतिपत्र दिएको मिति,

(ग) धितोपत्र व्यवसायको किसिम,

---

१ न्याय प्रशासन ऐन, २०७३ द्धारा रुपान्तर गरिएको शब्द “पुनरावेदन अदालत” को सट्टा “उच्च अदालत”

(घ) अनुमतिपत्रमा उल्लिखित शर्तहरु,

(ङ) आधिकारिक प्रतिनिधिको नाम र ठेगाना,

(च) प्रबन्धक तथा अधिकृतहरुको नाम र ठेगाना,

(छ) धितोपत्र व्यवसाय सम्बन्धी कागज तथा अभिलेख रहने ठाउँ,

(ज) कम्पनी वा संस्थाको सञ्चालकको नाम, कम्पनी सचिवको नाम, प्रत्येक शेयरवालाको नाम र लिएको शेयर संख्या,

(झ) बोर्डले आवश्यक र उचित देखेका अन्य विवरणहरु ।

६९. **आधिकारिक प्रतिनिधिको अभिलेख:** (१) बोर्डले सबै आधिकारिक प्रतिनिधिको एउटा दर्ता किताब खडा गरी अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खडा गरिने दर्ता किताबमा देहायका कुराहरु समेत खुलाई आधिकारिक प्रतिनिधिको अद्यावधिक अभिलेख राखिनेछ :-

(क) आधिकारिक प्रतिनिधिको नाम र ठेगाना ।

(ख) आधिकारिक प्रतिनिधिको रुपमा दर्ता भएको मिति,

(ग) प्रतिनिधि नियुक्त गर्ने धितोपत्र व्यवसायीको नाम र ठेगाना,

(घ) बोर्डले उचित र आवश्यक देखेका अन्य आवश्यक विवरणहरु ।

७०. **जानकारी दिनु पर्ने:** धितोपत्र व्यवसायीले देहायका कुनै अवस्थामा सो भएको मितिले सात दिनभित्र बोर्डलाई सोको लिखित सूचना दिनु पर्नेछ:-

(क) अनुमतिपत्रमा उल्लेख भए बमोजिमको धितोपत्र व्यवसाय गर्न छोडेमा,

(ख) कुनै आधिकारिक प्रतिनिधिले प्रतिनिधिको रुपमा कार्य गर्न छोडेमा,

(ग) दफा ६८ बमोजिम खडा गरिएको दर्ता किताबमा उल्लिखित कुनै विवरणहरुमा हेरफेर भएमा ।

## परिच्छेद-६

## सामूहिक लगानी योजना

७१. **स्वीकृति नलिई सामूहिक लगानी योजनाको संचालन गर्न नहुने:** (१) कसैले पनि यस ऐन बमोजिम बोर्डबाट स्वीकृति नलिई सामूहिक लगानी योजना संचालन गर्न वा देहाय बमोजिमको कुनै काम गर्न गराउन हुँदैन :-

(क) सामूहिक लगानी योजनामा सहभागी हुन आमन्त्रित गरी कुनै विज्ञापन गर्न वा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले त्यस्तो योजनामा सहभागी हुनका लागि कुनै पनि किसिमको जानकारी समावेश गरी प्रस्ताव राख्न,

(ख) सामूहिक लगानी योजनामा सहभागी हुन कसैलाई राय, सल्लाह वा परामर्श दिन ।

(२) उपदफा (१) को उल्लंघन गर्नेले यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

७२. **बोर्डले सामूहिक लगानी योजना संचालन गर्न स्वीकृति दिने:** (१) योजना व्यवस्थापकले आफूले व्यवस्थापन र संचालन गर्ने सामूहिक लगानी योजना संचालन गर्नु अघि त्यस्तो योजना बोर्डमा दर्ता गराई संचालन गर्ने स्वीकृति लिन तोकिए बमोजिमको ढाँचामा तोकिएको विवरण र दस्तुर संलग्न राखी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा निवेदन प्राप्त गरेको मितिले नब्बे दिनभित्र सामूहिक लगानी योजना दर्ता गरी संचालन गर्ने स्वीकृति प्रदान  गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सामूहिक लगानी योजना दर्ता गरी संचालन गर्ने स्वीकृति प्रदान गर्ने सम्बन्धमा जाँचबुझ गर्दा कुनै सूचना, विवरण, जानकारी वा कागजात आवश्यक देखिएमा बोर्डले सम्बन्धित योजना व्यवस्थापकसँग त्यस्तो सूचना, विवरण, जानकारी वा कागजात माग गर्न सक्नेछ । यसरी मागिएको सूचना, विवरण, जानकारी वा कागजात प्राप्त नगरेसम्म बोर्डले सामूहिक लगानी योजना संचालन गर्ने स्वीकृति प्रदान गर्ने छैन ।

(४) उपदफा (२) बमोजिम सामूहिक लगानी योजना दर्ता गरी संचालन गर्ने स्वीकृति प्रदान गर्दा बोर्डले सहभागीहरुलाई सहभागिता सम्बन्धी प्रमाणपत्र वा सोको निस्सा दिने गरी स्वीकृति प्रदान गर्नेछ ।

(५) बोर्डले योजना व्यवस्थापकलाई सामूहिक लगानी योजना संचालन गर्न यस दफा बमोजिम स्वीकृति प्रदान गर्दा सामूहिक लगानी योजनाको संचालन र सहभागी प्रमाणपत्र जारी गर्ने सम्बन्धमा आवश्यक शर्तहरु समेत तोकिदिन सक्नेछ । यसरी तोकिदिएको शर्तहरुमा बोर्डले आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

७३. **सामूहिक लगानी योजनाको संचालन:** (१) योजना व्यवस्थापकले सामूहिक लगानी योजना संचालन गर्ने उद्देश्यले सहभागीहरुको आवश्यकता र हितलाई ध्यानमा राखी तोकिए बमोजिम एउटै वा छुट्टाछुट्टै किसिम र नामबाट सामूहिक लगानी योजना संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना व्यवस्थापकले कुनै योजना संचालन गर्नु अघि डिपोजिटरीसँग तोकिए बमोजिम सम्झौता गर्नु पर्नेछ ।

७४. **बोर्डले स्वीकृति रद्द गर्न सक्ने:** (१) बोर्डले देहायको अवस्थामा सामूहिक लगानी योजना संचालन गर्न दफा ७२ बमोजिम दिएको स्वीकृति रद्द गर्न सक्नेछ :-

(क) संचालनका आवश्यक शर्तहरु सन्तोषजनक ढंगबाट पूरा गर्न नसकेमा,

(ख) सहभागीहरुका हितलाई ध्यानमा राख्दा त्यस्तो योजनालाई निरन्तरता दिन उपयुक्त हुने नदेखिएमा,

(ग) योजना व्यवस्थापक र डिपोजिटरीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको उल्लंघन गरेमा वा योजनाका सम्बन्धमा बोर्डलाई कुनै झुट्टा विवरण उपलब्ध गराएमा ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम स्वीकृति रद्द गर्दा बोर्डले त्यस्तो योजनासँग सम्बन्धित व्यवस्थापक, डिपोजिटरी, संचालक वा सम्बन्धित कर्मचारीसँग आवश्यक सोधपुछ गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम योजना संचालन गर्न दिइएको स्वीकृती रद्द गर्दा बोर्डले लगानीकर्ताहरुको लगानी तथा प्रतिफललाई ध्यानमा राखी अन्य कुनै योजना व्यवस्थापकद्वारा सो योजना संचालन गर्न वा त्यस्तो योजनाको लगानीकर्ताहरुको लगानी तथा प्रतिफल समेत फिर्ता गरी हिसाब राफसाफ गर्न लगाउन सक्नेछ ।

(४) बोर्डको आदेश बमोजिम योजना संचालन बन्द गर्दा तथा हिसाब राफसाफ गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७५. **सामूहिक लगानी योजना संचालन सम्बन्धी अन्य व्यवस्था:** (१) योजना व्यवस्थापकले संचालन गर्ने सामूहिक लगानी योजनालाई सहभागीहरुको हित अनुकूल संचालन गराउनका लागि गर्नु पर्ने अन्य व्यवस्था र संचालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(२) सामूहिक लगानी योजनाको संचालन सम्बन्धमा नियमावलीमा देहायका व्यवस्थाहरु गरिनेछ :-

(क) सामूहिक लगानी योजनाको दर्ता तथा स्वीकृति सम्बन्धी प्रक्रिया तथा शर्तहरुका सम्बन्धमा,

(ख) सामूहिक लगानी योजनाको विधान, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम, कर्तव्य र सहभागीहरुको अधिकार तथा दायित्व सम्बन्धमा,

(ग) इकाईको प्रवर्द्धन, बजार व्यवस्थापन तथा वितरण सम्बन्धमा,

(घ) इकाईको निष्काशन तथा छुट सम्बन्धमा,

(ङ) डिपोजिटरी सेवा तथा योजना सम्बन्धी अन्य व्यवस्थाका सम्बन्धमा,

(च) सामूहिक लगानी योजनाको ॠण तथा सापटी सम्बन्धी व्यवस्थालाई नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा,

(छ) सामूहिक लगानी योजनासँग सम्बन्धित कारोबार तथा आर्थिक स्थिति स्पष्ट देखिने गरी अभिलेख राख्ने र त्यस्तो लेखा तथा अन्य आवश्यक लेखा र अभिलेखको निरीक्षण सम्बन्धी व्यवस्थाका सम्बन्धमा,

(ज) सामूहिक लगानी योजनासँग सम्बन्धित आवधिक प्रतिवेदन र त्यस्तो प्रतिवेदन योजनाका सहभागी तथा बोर्ड समक्ष पेश गर्ने सम्बन्धमा,

(झ) खण्ड (ङ) मा उल्लिखित सेवा प्रदान गरे बापत लिनु पर्ने फी, पारिश्रमिक, शुल्क सम्बन्धमा,

(ञ) सामूहिक लगानी योजनाको रकमको लगानी तथा सापटी व्यवस्थापन सम्बन्धमा,

(३) सामूहिक लगानी योजना संचालनका सम्बन्धमा उपदफा (१) मा उल्लिखित व्यवस्थाहरु समावेश गरी नियमावली बनाउँदा सो नियमावलीमा भिन्ना भिन्नै किसिमको सामूहिक लगानी योजनाका लागि भिन्ना भिन्नै व्यवस्थाहरु गर्न सकिनेछ ।

## परिच्छेद-७
## धितोपत्र व्यवसायको संचालन

७६. **व्यावसायिक स्तर:** धितोपत्र व्यवसायीले धितोपत्र व्यवसाय संचालन गर्दा देहाय बमोजिमको व्यावसायिक सिद्धान्तको पालना गर्नु पर्नेछ :-

(क) धितोपत्र व्यवसाय संचालनलाई स्वस्थ र उच्चस्तरीय राख्ने,

(ख) उचित सीप, होसियारी र मेहनतका साथ धितोपत्र व्यवसाय गर्ने,

(ग) धितोपत्र बजारको उच्च मर्यादा कायम राख्ने,

(घ) ग्राहकहरुबाट धितोपत्रमा लगानी गर्नाको उद्देश्यका सम्बन्धमा जानकारी लिई सो अनुसारको सेवा प्रदान गर्ने,

(ङ) ग्राहकलाई धितोपत्र लगानीका सम्बन्धमा निर्णय गर्न आवश्यक जानकारी र सल्लाह उपलब्ध गराउने,

(च) ग्राहकको स्वार्थसँग आफ्नो स्वार्थ बाझ्न नदिने र त्यस्तो अवस्था आइपरेमा ग्राहकलाई सो कुराको जानकारी दिई ग्राहकको हितलाई ध्यानमा राखी धितोपत्र व्यवसाय गर्ने,

(छ) धितोपत्र व्यवसायका सम्बन्धमा गरेका वचनवद्धता पूरा गर्नका लागि आवश्यक व्यवस्था गर्ने,

(ज) धितोपत्र व्यवसायसँग सम्बन्धित अभिलेखहरु राम्रोसँग राख्ने,

(झ) धितोपत्र व्यवसाय संचालन गर्ने सम्बन्धमा दक्ष जनशक्ति तयार गर्नको लागि कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गर्ने,

(ञ) धितोपत्र व्यवसाय संचालन गर्ने सम्बन्धमा तोकिए बमोजिमको अन्य सिद्धान्तको पालना गर्ने ।

७७. **लगानीकर्ताको पहिचान, खरिद बिक्री आदेश करार नोट तथा रकम लेनदेन सम्बन्धी व्यवस्था :** (१) धितोपत्र व्यवसायीले धितोपत्र कारोबार गर्नु अघि सम्बन्धित लगानीकर्ताको परिचय लिने, ग्राहक खाता खोल्ने, रकम लेनदेन गर्ने तथा कारोबार सम्बन्धी सम्झौता गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) कुनै पनि धितोपत्र व्यवसायीले धितोपत्र खरिद, बिक्री वा विनिमय सम्बन्धी करार गरेपछि अर्को दिनको बजार बन्द हुनु अगावै करार नोट बनाउनु पर्नेछ र त्यस्तो नोटमा सो धितोपत्र व्यवसायीले एजेण्टको रुपमा करार गरेको भए करार नोटको सक्कल प्रति सम्बन्धित ग्राहकलाई दिनु पर्नेछ र आफ्नै लागि करार गरेको भए करार नोटमा सो कुरा उल्लेख गरी आफूसँग राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको करार नोटमा देहायका कुराहरु समेत उल्लेख गर्नु पर्नेछ :-

(क) धितोपत्र व्यवसायको किसिम र त्यस्तो व्यवसाय संचालन गर्ने ठाउँ,

(ख) धितोपत्र व्यवसायीले आफै मुख्य भई काम गरेको भए सोको विवरण,

(ग) करार नोट दिनु पर्ने व्यक्तिको नाम र ठेगाना,

(घ) करार भएको मिति र करार नोट तयार गरेको मिति,

(ङ) धितोपत्रको विवरण र परिमाण,

(च) धितोपत्रको प्रति इकाई मूल्य,

(छ) करार अन्तर्गत तिर्नु पर्ने प्रतिफल सम्बन्धी विवरण,

(ज) करार अन्तर्गत तिर्नु पर्ने कमिशनको रकम वा दर,

(झ) कुनै दस्तुर लाग्ने भए त्यस्तो दस्तुरको दर तथा तत्सम्बन्धी विवरण,

(ञ) हिसाब राफसाफ हुने दिन,

(ट) तोकिए बमोजिमको अन्य कुराहरु ।

७८. **<u>धितोपत्र व्यवसायीले राख्नु पर्ने हिसाबः</u>** (१) धितोपत्र व्यवसायीले हिसाब तथा अभिलेख राख्दा आफूले गरेको धितोपत्र कारोबार सम्बन्धी पर्याप्त रुपमा पुष्टी हुने गरी आफूले गरेको कारोबारको आर्थिक स्थिति स्पष्ट देखिने गरी राख्नु पर्नेछ । वासलात तथा नाफा नोक्सान हिसाब तयार गर्दा यथार्थ देखिने गरी राख्नु पर्नेछ ।

(२) धितोपत्र व्यवसायीले उपदफा (१) बमोजिम राखेको हिसाब तथा अभिलेखबाट प्रष्ट रुपमा अलग देखिने गरी धितोपत्र खरिद गर्न चाहने आफ्नो ग्राहकले धितोपत्र खरिद बिक्री गर्नका लागि बुझाएको रकम तथा धितोपत्रको हिसाब र अभिलेख तोकिए बमोजिम बेग्लै राख्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम राखिएको हिसाब तथा अभिलेख र तत्सम्बन्धी आर्थिक विवरण तथा प्रतिवेदनहरु धितोपत्र व्यवसायीले तोकिए बमोजिम तयार गरी राख्नु पर्नेछ ।

(४) यस दफा बमोजिम राखिएका हिसाब तथा अभिलेखहरु बोर्ड वा बोर्डबाट नियुक्त भएको निरीक्षक वा लेखापरीक्षकले वा सम्बन्धित धितोपत्र बजारले निरीक्षण गर्न वा जाँच्न चाहेमा पछि सजिलैसँग जाँच्न वा निरीक्षण गर्न सकिने गरी धितोपत्र व्यवसायीले राख्नु पर्नेछ ।

७९. **<u>बीमा गर्नु पर्नेः</u>** प्रतिनिधि बाहेक धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त प्रत्येक धितोपत्र व्यवसायीले बोर्डले तोकिदिए बमोजिम आफूले गर्ने व्यवसायको बीमा गराउनु पर्नेछ ।

८०. **<u>लेखापरीक्षक नियुक्त गर्नु पर्ने :</u>** (१) धितोपत्र व्यवसायीले बोर्डले सूचीकृत गरेको लेखापरीक्षकहरु मध्येबाट लेखापरीक्षक नियुक्ति गर्नु पर्नेछ ।

(२) धितोपत्र व्यवसायी कम्पनी वा संस्थाको सञ्चालक, शेयरवाला, अधिकृत, कर्मचारी वा साझेदार रहेको व्यक्ति सो धितोपत्र व्यवसायी कम्पनी वा संस्थाको लेखापरीक्षकमा नियुक्त हुन अयोग्य मानिनेछ ।

(३) धितोपत्र व्यवसायीले लेखापरीक्षक नियुक्त गरेको मितिले सात दिनभित्र त्यस्तो लेखापरीक्षकको नाम, ठेगाना समेत बोर्डलाई सूचना गर्नु पर्नेछ ।

(४) धितोपत्र व्यवसायीले कुनै लेखापरीक्षकलाई पदबाट हटाएमा वा त्यस्तो लेखापरीक्षकले राजिनामा दिई हटेमा त्यसको सूचना सो भए गरेको मितिले सात दिनभित्र धितोपत्र व्यवसायीले बोर्डलाई दिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बोर्ड र धितोपत्र बजारका कर्मचारी कुनै पनि धितोपत्र व्यवसायी कम्पनी वा संस्थाको लेखापरिक्षकमा नियुक्त हुन सक्ने छैन ।

८१. **लेखापरीक्षकको सूची राख्ने:** (१) दफा ८० बमोजिम लेखापरीक्षक नियुक्त गर्ने प्रयोजनको लागि बोर्डले प्रचलित कानून बमोजिम दर्तावाला लेखापरीक्षकहरु मध्येबाट तोकिएको योग्यता भएका लेखापरीक्षकहरुको नामको सूची तयार गरी राख्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीमा नाम सूचीकृत गर्न चाहने लेखापरीक्षकले तोकिए बमोजिम बोर्ड समक्ष निवेदन दिनु पर्नेछ । यसरी सूचीकृत लेखापरीक्षकले बोर्डले तोकिदिएको जानकारी बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

८२. **हिसाब तथा विवरण पेश गर्नु पर्ने:** (१) धितोपत्र व्यवसायीले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अघिल्लो आर्थिक वर्षमा धितोपत्र व्यवसाय गरेको संचालन विवरण स्पष्ट देखिने गरी अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको नाफा नोक्सानको हिसाब, वासलात र नगद प्रवाह विवरण तथा अन्य आवश्यक आर्थिक विवरणहरु बोर्ड र सम्बन्धित धितोपत्र बजार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब तथा विवरण पेश गर्न नसकेमा सोको मनासिब माफिकको कारण खुलाई म्याद थपको लागि बोर्ड समक्ष धितोपत्र व्यवसायीले निवेदन दिएमा बोर्डले तीन महिनासम्म म्याद थप दिन सक्नेछ । यसरी म्याद थपिएको समयभित्र पनि त्यस्तो हिसाब तथा विवरण पेश नगरेमा बोर्डले त्यस्तो धितोपत्र व्यवसायीलाई पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र लेखापरीक्षण हुन नसकेको कारणबाट हिसाब तथा विवरण पेश गर्न नसक्ने धितोपत्र व्यवसायीले पछि लेखापरीक्षण भइसकेपछि वास्तविक हिसाब तथा विवरण बुझाउने गरी लेखापरीक्षण भइनसकेको हिसाब तथा विवरण बुझाउन सक्नेछ ।

८३. **सूचीकृत लेखापरीक्षकले बोर्डलाई प्रतिवेदन दिनु पर्ने :** सूचीकृत लेखापरीक्षकले धितोपत्र व्यवसायीको हिसाब किताबको लेखापरीक्षण गर्दा त्यस्तो धितोपत्र व्यवसायीले आर्थिक विनियमको उल्लंघन गरेको पाएमा सो कुराको छुट्टै प्रतिवेदन तयार गरी बोर्डलाई दिनु पर्नेछ ।

## परिच्छेद-८
## नियमन, अनुगमन, निरीक्षण तथा जाँचबुझ

८४. **नियमन तथा अनुगमन गर्नेः** (१) बोर्डलाई पूँजी बजारको विकास तथा लगानीकर्ताको हितका लागि धितोपत्र सम्बन्धी सम्पूर्ण काम कारबाहीको नियमन तथा अनुगमन गर्ने पूर्ण अधिकार हुनेछ ।

(२) बोर्ड आफैले वा अरु कसैलाई आफूलाई भएको अधिकार प्रत्यायोजन गरी धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि तथा धितोपत्र दर्ता गराएका संगठित संस्थाले गर्ने धितोपत्र सम्बन्धी काम कारबाहीको नियमन तथा अनुगमन गर्न गराउन सक्नेछ ।

८५. **निरीक्षण तथा जाँचबुझ गर्न सक्नेः** (१) दफा ८४ बमोजिम नियमन तथा अनुगमन गर्ने प्रयोजनको लागि धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि तथा धितोपत्र दर्ता गराएका संगठित संस्थाले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा निर्देशिका वा सो अन्तर्गत जारी भएका आदेश वा निर्देशनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार बोर्ड आफैले वा अरु कसैलाई आफूलाई भएको अधिकार प्रत्यायोजन गरी निरीक्षण तथा जाँचबुझ गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा बोर्ड वा अधिकार प्राप्त व्यक्तिले सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि तथा धितोपत्र दर्ता गराउने संगठित संस्थामा रहेको सूचना, तथ्याङ्क, कागजात, अभिलेख तथा विवरणको निरीक्षण तथा जाँचबुझ गर्न वा सम्बन्धित कुनै पनि व्यक्तिसँग सोधपुछ गर्न वा निजहरुको बयान लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा जाँचबुझ गरिसके पछि बोर्डले सोको प्रतिवेदन तयार गरी राख्नु पर्नेछ । बोर्डबाट अधिकार प्राप्त व्यक्तिले निरीक्षण तथा जाँचबुझ गरेको भए सो व्यक्तिले त्यस्तो निरीक्षण तथा जाँचबुझको प्रतिवेदन तयार गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा अपनाउने कार्यविधि र निरीक्षण तथा जाँचबुझ पछि पेश गर्नु पर्ने प्रतिवेदन तयार गर्दा अपनाउने विधि तोकिए बमोजिम हुनेछ ।

८६. **सूचना, तथ्याङ्क तथा विवरण माग गर्न सक्नेः** (१) दफा ८५ बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा बोर्ड वा निरीक्षण तथा जाँचबुझ गर्नका लागि अधिकार प्राप्त व्यक्तिले वा दफा १०३ बमोजिम तहकिकात गर्दा तहकिकात गर्ने अधिकारीले सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको प्रतिनिधि तथा धितोपत्र दर्ता गराएका संगठित संस्थासँग निरीक्षण तथा जाँचबुझका सिलसिलामा आवश्यक देखेका कुनै पनि सूचना, तथ्याङ्क तथा विवरण माग गर्न सक्नेछ ।

(२) बोर्डले धितोपत्र कारोबारलाई नियमित तथा व्यवस्थित गर्ने प्रयोजनका लागि धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि धितोपत्र दर्ता गराएका संगठित संस्था धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने संस्था तथा डिपोजिटरीसँग धितोपत्र वा धितोपत्र कारोबारसँग सम्बन्धित कुनै पनि सूचना, तथ्याङ्क तथा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मागिएको सूचना, तथ्याङ्क तथा विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि, धितोपत्र दर्ता गराउने संगठित संस्था, धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने संस्था तथा डिपोजिटरीको हुनेछ ।

(४) दफा ८५ बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा बोर्ड वा निरीक्षण तथा जाँचबुझ गर्नका लागि अधिकार प्राप्त व्यक्तिले वा दफा १०३ बमोजिम तहकिकात गर्दा तहकिकात गर्ने अधिकारीले आवश्यक देखेको कुनै पनि सूचना, तथ्याङ्क, कागजात अभिलेख, विवरण तथा कुनै पनि उपकरण आफ्नो कब्जामा लिन सक्नेछ ।

८७. **आदेश वा निर्देशन दिन सक्ने:** (१) बोर्डले नेपाल सरकारको नीति निर्देशन, पूँजी बजारको स्थिति तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि तथा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई धितोपत्र कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम गर्नु पर्ने कुनै काम गर्न वा नगर्नु पर्ने कुनै काम नगर्न आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ ।

(२) दफा ८५ बमोजिम पेश भएको निरीक्षण तथा जाँचबुझ प्रतिवेदनको आधारमा बोर्डले धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि, धितोपत्र दर्ता गराउने संगठित संस्था वा त्यस्तो संगठित संस्थाको संचालक वा कर्मचारीलाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम कुनै काम गर्न वा नगर्न निर्देशन दिन वा धितोपत्रको दर्ता खारेज गर्न वा यस ऐन बमोजिम बोर्डले दिएको अनुमतिपत्र निलम्वन वा खारेज गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम दिइएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

८८. **अनुमतिपत्र निलम्बन गर्न सक्ने:** (१) कुनै धितोपत्र बजार वा धितोपत्र व्यवसायीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरित काम गरेमा वा बोर्डले दिएको आदेश वा निर्देशन पालना नगरेमा वा लगानीकर्ताको हितलाई ध्यानमा राखी आफूले गर्नु पर्ने काम नगरेमा बोर्डले निश्चित अवधि तोकी त्यस्तो धितोपत्र बजार वा धितोपत्र व्यवसायीले यस ऐन बमोजिम धितोपत्र बजार वा धितोपत्र व्यवसाय संचालन गर्न प्राप्त गरेको अनुमतिपत्र निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र निलम्बन भएको कारणबाट त्यस्तो धितोपत्र बजार वा धितोपत्र व्यवसायीले अनुमतिपत्र निलम्बन हुनुभन्दा अघि गरेको काम कारबाहीबाट सृजित दायित्वमा कुनै असर पर्ने छैन ।

८९. **अनुमतिपत्र खारेज गर्न सक्ने:** (१) बोर्डले देहायका अवस्थामा कुनै धितोपत्र बजार वा धितोपत्र व्यवसायीले यस ऐन बमोजिम धितोपत्र बजार वा धितोपत्र व्यवसाय संचालन गर्न प्राप्त गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ :-

(क) धितोपत्र बजार वा धितोपत्र व्यवसाय संचालन गर्न बन्द गरेमा,

(ख) लगानीकर्ताको हित विपरित हुने गरी धितोपत्र बजार वा धितोपत्र व्यवसाय संचालन गरेमा,

(ग) अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लंघन गरेमा,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको उल्लंघन गरेमा,

(ङ) बोर्डले दिएको आदेश वा निर्देशन पालना नगरेमा,

(च) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(छ) धितोपत्र बजार वा धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र प्राप्त कम्पनी वा संस्था विघटन भएमा,

(ज) धितोपत्र बजार वा धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र प्राप्त गर्ने धितोपत्र बजार वा धितोपत्र व्यवसायीले अनुमतिपत्र खारेज गरी पाउँ भनी निवेदन दिएमा ।

(झ) धितोपत्र व्यवसायीले आफूले नियुक्त गरेको प्रतिनिधि हटाएकोमा सोको सट्टा अर्को प्रतिनिधि नियुक्त नगरेमा ।

(ञ) बोर्ड समक्ष पेश गर्नु पर्ने आर्थिक तथा कारोबार सम्बन्धी विवरण पेश नगरेमा ।

(ट) दफा ५० बमोजिम बुझाउनु पर्ने दस्तुर सो दफाले तोकेको म्यादभित्र बोर्डमा नबुझाएमा ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएको कारणबाट त्यस्तो धितोपत्र बजार वा धितोपत्र व्यवसायीले अनुमतिपत्र खारेज हुनुभन्दा अघि गरेको काम कारबाहीबाट सृजित दायित्वमा कुनै असर पर्ने  छैन ।

९०. **बोर्डको विशेष अधिकार:** (१) पूँजी बजारको विकास तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी धितोपत्र कारोबारलाई नियमित तथा व्यवस्थित गर्ने प्रयोजनका लागि बोर्डले देहायका विशेष अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) धितोपत्र सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले प्रचलित कानून बमोजिम बोलाउनु पर्ने साधारण सभा निर्धारित समयभित्र नबोलाएमा साधारण सभा बोलाउन त्यस्तो संगठित संस्थालाई आदेश दिने,

(ख) धितोपत्र सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले निर्धारित समयभित्र धितोपत्र बाँडफाँड नगरेमा त्यस्तो धितोपत्रको लागि जम्मा भएको रकम फिर्ता गर्न आदेश दिने,

(ग) कुनै धितोपत्र सूचीकरण गराउन वा कुनै धितोपत्रको कारोबार रोक्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिने,

(घ) धितोपत्र बजारसँग परामर्श गरी बढीमा पाँच दिनसम्मका लागि धितोपत्र बजार बन्द गर्न आदेश दिने,

(ङ) कुनै निश्चित समय तोकी सो समयभित्र धितोपत्र बजारको विनियममा संशोधन गर्नु पर्ने व्यहोरा समेत उल्लेख गरी विनियम संशोधन गर्न निर्देशन दिने वा आवश्यकता अनुसार नयाँ विनियम जारी गर्न आदेश दिने,

(च) धितोपत्र निस्काशन गर्ने संगठित संस्था तथा धितोपत्र व्यवसायीले पेश गरेको आर्थिक विवरण तथा वित्तीय प्रतिवेदन आवश्यकता अनुसार लेखा विशेषज्ञबाट पुनरावलोकन वा जाँचबुझ गराउने ।

(छ) धितोपत्र दर्ता गराएका संगठित संस्थालाई सो संस्थाको व्यवस्थापन, आर्थिक प्रबन्ध तथा अन्य सम्बन्धित व्यवस्थामा सुधार गर्न निर्देशन दिने,

(ज) धितोपत्र बजारको संचालक समिति पुनसंरचना गर्न सम्बन्धित धितोपत्र बजारलाई निर्देशन दिने,

(झ) धितोपत्र बजारले आफ्नो सदस्यलाई कुनै कारबाही गरेको जानकारी दफा ५२ बमोजिम प्राप्त गरेमा त्यस्तो सदस्यलाई उपयुक्त कारबाही गर्ने वा त्यस्तो सदस्यको अनुमतिपत्र खारेज गर्ने ।

(ञ) धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थाका कुनै संचालक वा कर्मचारीले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम र सो अन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लंघन गरेमा त्यस्ता संचालक वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई आदेश दिने,

(ट) धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराएका संगठित संस्थाले समय मै लेखापरीक्षण नगराएमा वा अन्य कुनै कारणले लेखापरीक्षक नियुक्त हुन नसकेमा त्यस्तो धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थाको हिसाब, किताब, नगदी, जिन्सी सम्पत्ति समेतको जाँचबुझ गर्नका लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने ।

(२) उपदफा (१) बमोजिमको विशेष अधिकार प्रयोग गरी बोर्डले दिएको आदेश वा निर्देशनको पालना गर्ने कर्तव्य सम्बन्धित सबैको हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ट) बमोजिम नियुक्त भएको लेखापरीक्षकको पारिश्रमिक सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(४) बोर्डले यस परिच्छेद बमोजिम सम्बन्धित संगठित संस्थाहरुको नियमन, अनुगमन, निरीक्षण तथा जाँचबुझका सम्बन्धमा गरेको काम कारबाहीको विवरण तथा सम्बन्धित संगठित संस्थाले बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा निर्देशिका बमोजिम दिएको आदेश वा निर्देशनको पालना गरे नगरेको सम्बन्धमा आवश्यक विवरण तोकिए बमोजिम सार्वजनिक गर्नेछ ।

# परिच्छेद-९

## धितोपत्रको भित्री कारोबार र धितोपत्र कारोबार सम्बन्धी कसूर तथा दण्ड सजाय

९१. **भित्री कारोबार:** (१) कुनै व्यक्तिले सार्वजनिक नभएका धितोपत्रको मूल्यमा असर पार्न सक्ने भित्री सूचना वा जानकारीहरुको आधारमा आफूले धितोपत्र कारोबार गरेमा वा अरुलाई धितोपत्र कारोबार गर्न लगाएमा वा आफूलाई थाहा भएको सूचना वा जानकारी आफ्नो कर्तव्य पालनाको सिलसिलामा बाहेक अरु कसैलाई दिएमा त्यस्तो व्यक्तिले धितोपत्रको भित्री कारोबार गरेको मानिनेछ ।

**स्पष्टीकरण:**यस उपदफाको प्रयोजनको लागि "भित्री सूचना वा जानकारी" भन्नाले कुनै धितोपत्र जारी गर्ने संगठित संस्थाबाट सार्वजनिक नभएको कुनै खास किसिमको सूचना वा जानकारी सार्वजनिक भएमा त्यस्तो धितोपत्रको मूल्यमा असर पर्न सक्ने किसिमका सूचना वा जानकारी सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भित्री कारोबार भएको भन्ने कारणले मात्र भइसकेको कारोबारमा कुनै असर परेको मानिने छैन ।

९२. **भित्री कारोबारमा संलग्न हुन सक्ने व्यक्ति:** यस ऐनको प्रयोजनको लागि देहायका व्यक्तिलाई कुनै संगठित संस्थाले सार्वजनिक नगरेका भित्री सूचना वा जानकारीमा पहुँच भएको व्यक्ति मानिनेछ :-

(क) सो संगठित संस्थाका सञ्चालक, कर्मचारी वा शेयरवालाको हैसियतले कुनै सूचना वा जानकारी प्राप्त गर्न सक्ने व्यक्ति,

(ख) सो संगठित संस्थालाई पेशागत सेवा प्रदान गर्ने नाताले कुनै सूचना वा जानकारी प्राप्त गर्न सक्ने व्यक्ति,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित व्यक्ति वा स्रोतमा प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क भई कुनै सूचना वा जानकारी प्राप्त गर्न सक्ने व्यक्ति ।

९३. **सूचना वा जानकारी सार्वजनिक गरेको मानिने:** देहायका अवस्थामा कुनै पनि सूचना वा जानकारी सार्वजनिक गरेको मानिनेछ :-

(क) धितोपत्र बजारको विनियम बमोजिम कुनै कुरा लगानीकर्ता र उनीहरुको व्यावसायिक सल्लाहकारलाई सूचीत गर्ने उद्देश्यले प्रकाशित गरेको भएमा,

(ख) कुनै अभिलेखमा भएका सूचना वा जानकारीहरु कानून बमोजिम सर्वसाधारणले हेर्न पाउने व्यवस्था भएको भएमा,

(ग) धितोपत्र कारोबार गर्न चाहने कुनै पनि व्यक्तिले थाहा पाउन सक्ने गरी धितोपत्र बजारको कारोबार कक्षमा पुर्‍याउने व्यवस्था भएको भएमा,

(घ) त्यस्तो सूचना वा जानकारी प्राप्त गर्न वा हेर्न, प्रतिलिपि प्राप्त गर्न चाहने व्यक्तिले प्राप्त गर्न, हेर्न सक्ने व्यवस्था भएको भएमा,

(ङ) सर्वसाधारणमध्ये कुनै खास वर्गलाई मात्र सूचीत गरिएको भएमा,

(च) दस्तुर तिरेर मात्र सूचनाको जानकारी प्राप्त गर्ने व्यवस्था भएमा वा नेपाल राज्यबाहिर त्यस्तो सूचना वा जानकारी प्रकाशित भएको भएमा ।

९४. **झुट्टो कारोबारः** यस ऐनको प्रयोजनको लागि देहाय बमोजिमको कुनै कारोबार गरिएमा त्यस्तो कारोबारलाई कृत्रिम वा झुट्टो कारोबार गरेको मानिनेछ :-

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धितोपत्र खरिद वा बिक्री भएको भए तापनि वास्तविक स्वामित्वमा फरक नपर्ने भएमा,

(ख) अर्कोले खरिद वा बिक्री गर्न प्रस्ताव गरेको मूल्य थाहा पाई सोहीसँग मिल्ने गरी खरिद वा बिक्री गर्ने प्रस्ताव गरेको भएमा ।

९५. **मूल्यमा उतार चढावः** कसैले हुँदै नभएको वा कृत्रिम वा झुट्ठो कारोबार गरी गराई धितोपत्रको मूल्य स्थिर गराएमा, बढाएमा, घटाएमा वा बराबर परिवर्तन गराएमा मूल्यको उतार चढाव गराएको मानिनेछ ।

९६. **धितोपत्र बजारलाई प्रभावित पारेमाः** कसैले धितोपत्र कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्न आफैले वा अरुसँग मिली देहायका कुनै काम गरेमा धितोपत्र बजारलाई प्रभावित गरेको मानिनेछः-

(क) कसैलाई धितोपत्र किन्न वा बेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्य बढाउने,

(ख) कसैलाई धितोपत्र किन्न वा बेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्य घटाउने,

(ग) कसैलाई धितोपत्र किन्न वा बेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्यलाई स्थिर बनाउने ।

९७. **झुक्याउने विवरणहरु दिने :** कसैले कसैलाई धितोपत्र खरिद बिक्री गर्न उक्साउने उद्देश्यले देहायका काम गरेमा झुक्याउने काम गरेको मानिनेछः-

(क) झुट्ठो, भ्रामक वा गलत हो भनी जानीजानी कुनै विवरण वा पूर्व अनुमान सम्बन्धी विवरण बनाउने वा प्रकाशित गर्ने,

(ख) बदनियत साथ कुनै तथ्य वा जानकारी लुकाउने,

(ग) वदनियत साथ झुट्ठा वा भ्रामक विवरण, प्रतिज्ञा वा पूर्व अनुमान बनाउने वा प्रकाशित गर्ने ।

९८. **जालसाजीयुक्त कारोबारः** कसैले कसैसँग धितोपत्र खरिद बिक्री वा विनिमय गर्ने उद्देश्य लिई देहायका कारोबार गरेमा जालसाजी गरेको मानिनेछ :-

(क) कसैलाई झुक्याउन कुनै प्रविधि, योजना वा काम गरेमा, वा

(ख) कसैलाई झुक्यानमा पारी कुनै काम गराएमा वा काममा लगाएमा ।

९९. **जालसाज गरी वा झुक्यानमा पारी धितोपत्र कारोबार गर्न नहुने :** कुनै विवरण झुट्ठो वा भ्रामक हो भन्ने थाहा हुँदाहुँदै वा विवरणमा कुनै कुरा छुटेको, लुकाइएको वा नपरेको कारणले त्यस्तो विवरण गलत वा भ्रामक भएको छ भन्ने जानीजानी त्यस्तो विवरणको आधारमा कसैलाई धितोपत्र खरिद वा बिक्री गर्न उत्साहित गरेमा वा धितोपत्रको मूल्य घटाउन, बढाउन वा स्थिर राख्न लगाएमा त्यस्तो काम कारबाही गर्ने गराउनेले जालसाजी गरी वा झुक्यानमा पारी धितोपत्र कारोबार गरेको मानिनेछ ।

१००. **लिखत, विवरण वा अभिलेख नष्ट गरेमा वा लुकाएमा:** कसैले दफा ८५ बमोजिम निरीक्षण तथा जाँचबुझको सिलसिलामा बोर्ड वा बोर्डद्वारा अधिकार प्राप्त अधिकारीले मागेको कुनै लिखत, विवरण वा अभिलेख वा दफा १०३ बमोजिम तहकिकात गर्न तोकिएको अधिकारीले तहकिकातको सिलसिलामा मागेको कुनै लिखत, विवरण वा अभिलेख वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम आफूले राख्नु पर्ने लिखत, विवरण वा अभिलेख नष्ट गर्न, झूट्ठो बनाउन, लुकाउन वा त्यस्तो कार्य गर्नमा मद्दत पुऱ्याउन हुँदैन ।

१०१. **दण्ड सजाय:** (१) दफा ९१ बमोजिम भित्री कारोबार गर्नेलाई भित्री कारोबार गरेको ठहरेमा विगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) दफा ९४, ९५ र ९६ बमोजिमको कुनै काम गर्नेलाई पचास हजार रुपैयाँ देखि एक लाख पचास हजार रुपैंयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र त्यस्तो काम कारबाहीबाट कसैलाई हानि नोक्सानी पर्न गएको रहेछ भने त्यस्तो हानि नोक्सानी समेत भराई दिनु पर्नेछ ।

(३) दफा ९७,९८,९९ र १०० बमोजिमको कुनै काम गर्नेलाई एक लाख रुपैंयाँ देखि तीन लाख रुपैंयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र त्यस्तो कारोबारबाट कसैलाई हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानि नोक्सानी समेत भराई दिनु पर्नेछ ।

(४) कसैले जानीजानी वा बदनियत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने हिसाब किताब, खाता, विवरण,प्रतिवेदन, सूचना, जानकारी वा यस्तै अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने समयमा पेश नगरेमा, नराखेमा वा नबनाएमा वा तयार नगरेमा वा झुट्ठा विवरण वा कागजात बनाएमा वा राखेमा, तयार गरेमा त्यस्तो गर्नेलाइ बोर्डले पचास हजार रुपैयाँ देखि दुईलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) कसैले जानी-जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम वा यस ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको बर्खिलाप काम गरी कुनै संगठित संस्था, धितोपत्र बजार, धितोपत्र व्यवसायी वा लगानीकर्तालाई हानि नोक्सानी गरे

गराएमा बोर्डले त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँ देखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो काम कारबाहीबाट कसैलाई कुनै हानि नोक्सानी पुग्न गएको भए सो बापत बोर्डले वास्तविक हानि नोक्सानको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

(६) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई धितोपत्र निष्काशन गरेमा, धितोपत्र बजार वा धितोपत्र व्यवसायीको हैसियतले धितोपत्र कारोबार संचालन गरे गराएमा त्यस्तो काम गर्ने गराउने व्यक्तिलाई बोर्डले पचास हजार रुपैयाँ देखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएका कुनै आदेश वा निर्देशन वा बोर्डले तोकिदिएका शर्तहरुको उल्लंघन गरेमा वा आफूले गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा त्यस्तो व्यक्तिलाई बोर्डले पच्चीस हजार रुपैयाँ देखि पचहत्तर हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१०२. **नेपाल सरकार वादी हुने:** दफा ९१,९४,९५,९६,९७,९८,९९ र १०० मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

१०३. **मुद्दाको तहकिकात र दायरी:** (१) दफा ९१,९४,९५,९६,९७, ९८,९९ र १०० मा उल्लिखित कसूर कसैले गरेको छ भनी कसैको उजूरी परेमा वा कुनै व्यहोराले त्यस्तो कसूर सम्बन्धी जानकारी बोर्डले प्राप्त गरेमा वा कसैले त्यस्तो कसूर गरेको कुरामा बोर्ड विश्वस्त भएमा त्यस्तो कसूर सम्बन्धी मुद्दाको तहकिकात गर्न बोर्डले कुनै अधिकृतलाई तहकिकात गर्ने अधिकारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको तहकिकात गर्ने अधिकारीले त्यस्ता कसूरका सम्बन्धमा तोकिए बमोजिम तहकिकात गरी तहकिकातको काम पूरा भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको तहकिकात गर्ने अधिकारीले तहकिकातको सिलसिलामा कसूरसँग सम्बन्धित व्यक्ति वा संस्थासित आवश्यक सोधपूछ गर्न, बयान लिन वा आवश्यक कागज, विवरण तथा अभिलेख माग गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम मुद्दाको तहकिकात र दायर गर्दा तोकिएको तहकिकात गर्ने अधिकारीले सरकारी वकीलको राय लिनु पर्नेछ ।

१०४. **थुना, घरौटी वा निलम्बनमा राखी मुद्दाको तहकिकात गर्न सकिने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएका भए तापनि यस ऐन बमोजिम कसूर ठहरिने मुद्दाको तहकिकात गर्दा यस ऐन बमोजिमको कसूरको आरोपमा कारबाही चलाइएको व्यक्ति फरार भई बेपत्ता हुन सक्छ भनी सम्झनु पर्ने कुनै मनासिब कारण भएमा वा बिगो हानि नोक्सानी भएको देखिएमा बोर्डले आवश्यक धरौटी वा जेथा जमानत माग्न र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ ।

(२) यस ऐन बमोजिमको कसूरको आरोपमा कारबाही चलाइएको व्यक्ति पदमा बहाल रहिरहँदा आफ्नो विरुद्धको प्रमाण लोप वा नाश गर्न सक्ने वा मुद्दाको तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिब कारण भएमा बोर्डले त्यस्तो व्यक्तिलाई निलम्बनमा राख्न सम्बन्धित संस्थामा लेखी पठाउन सक्नेछ ।

१०५. **क्षतिपूर्ति तिर्नुपर्नेः** यस परिच्छेद बमोजिम सजाय हुने कसूर गरेको कारणबाट कसैलाई धितोपत्र खरिद वा बिक्री गर्दा मूल्यमा असर परेको कारणले कुनै हानि नोक्सानी भएको भए सो हानि नोक्सानी समेत त्यस्तो कसुर गर्नेबाट भराई लिन सकिनेछ ।

१०६. **पुनरावेदनः** (१) दफा १०१ को उपदफा (४), (५), (६), र (७) बमोजिम बोर्डले गरेको सजाय उपर चित्त नबुझ्ने धितोपत्र बजार, धितोपत्र व्यवसायी, संगठित संस्था वा सम्बन्धित व्यक्तिले सजाय पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२) परिच्छेद-८ बमोजिम बोर्डले दिएको आदेश वा निर्देशनमा चित्त नबुझाउनेले त्यस्तो आदेश वा निर्देशनको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१०७. **अनुचित पूर्वाग्रह विरुद्ध उपचारः** कुनै सूचीकृत कम्पनीले आफ्नो सदस्यहरुको हित विपरित हुने गरी अनुचित पूर्वाग्रह राखी कुनै काम कारोबार गरेको सूचना, जानकारी तथा विवरण प्राप्त गरेमा बोर्डले त्यस्तो कम्पनीलाई देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :-

(क) त्यस्तो कारोबार नगर्न,

(ख) सदस्यहरुको हित विपरित नहुने किसिमले काम कारोबार गर्न कार्यविधि निर्धारण गर्न,

(ग) कम्पनीको तर्फबाट कम्पनीको सबै वा केही काम कारोबार गर्न काम कर्तव्य समेत तोकी प्रबन्धक वा ट्रष्टी नियुक्ति गर्न,

(घ) कम्पनीको काम कारोबारलाई नियमित तथा व्यवस्थित गर्न आवश्यक आदेश दिन ।

१०८. **संचालक वा महाप्रबन्धक हुन अयोग्यः** कुनै संचालक, महाप्रबन्धक वा सो सरहको पद धारण गरेको कुनै व्यक्तिले दफा १०१ बमोजिमको कुनै सजाय पाएमा त्यस्तो सजाय पाएको मितिले दश वर्षको अवधि पूरा नभएसम्म त्यस्तो व्यक्ति कुनै पनि पब्लिक लिमिटेड, कम्पनी वा संस्थाको संचालक, महाप्रबन्धक वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन ।

## परिच्छेद-१०
## विविध

१०९. **संगठित संस्था स्वामित्वमा लिने वा संगठित संस्था माथिको नियन्त्रण सम्बन्धी व्यवस्थाः** कुनै संगठित संस्थालाई पूर्णरुपमा स्वामित्वमा लिने वा सो संगठित संस्थाको व्यवस्थापनमा नियन्त्रण गर्ने प्रयोजनको निमित्त कुनै व्यक्ति वा व्यक्तिहरुको समूह वा संगठित संस्थाले एकमुष्ट वा पटक पटक गरी त्यस्तो संगठित संस्थाको शेयर खरिद गर्ने भएमा त्यस्तो शेयर खरिद बिक्री सम्बन्धी कारोबार पारदर्शी किसिमबाट गर्नु पर्नेछ ।

(२) कुनै व्यक्ति वा व्यक्तिहरुको समूह आपसमा मिली वा कुनै संगठित संस्थाले कुनै संगठित संस्थाको पचास प्रतिशत वा बोर्डले तोकिदिएको प्रतिशत भन्दा बढी शेयर खरिद गर्ने वा स्वामित्वमा लिने भएमा उपदफा (१) को प्रयोजनको निमित्त व्यवस्थापनमा नियन्त्रण गरेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिम संगठित संस्थाको पूर्ण स्वामित्व प्राप्त हुने गरी वा संगठित संस्थाको व्यवस्थापन माथि नियन्त्रण हुने गरी संगठित संस्थाको शेयर बिक्री सम्बन्धी प्रस्ताव राख्ने तरिका, शेयर खरिद बिक्री प्रक्रिया तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११०. **धितोपत्र बजारले हस्तान्तरण प्रमाणित गरेको शेयर संगठित संस्थाले दर्ता गर्नु पर्नेः** धितोपत्र बजारमा खरिद, बिक्री वा विनिमय भएका कुनै संगठित संस्थाको शेयर वा डिबेन्चरका सम्बन्धमा सो धितोपत्र बजारले हस्तान्तरण प्रमाणित गरिदिएको भएमा त्यस्ता शेयर वा डिबेन्चर हस्तान्तरण भएका व्यक्तिको नाममा संगठित संस्थाले आफ्नो सदस्यको दर्ता किताबमा त्यस्ता शेयर वा डिबेन्चर दर्ता गरिदिनु पर्नेछ ।

१११. **धितोपत्रको हस्तान्तरणः** कम्पनी सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत धितोपत्रको स्वामित्व तथा हस्तान्तरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११२. **नेपाल सरकारसँग सम्पर्कः** बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

११३. **नेपाल सरकारले निर्देशन दिन सक्नेः** पूँजी बजारको विकास र लगानीकर्ताहरुको हितलाई संरक्षण गर्ने जस्ता नीतिगत विषयमा नेपाल सरकारले समय समयमा बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

११४. **सहयोग गर्नु पर्नेः** पूँजी बजारको विकास तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी धितोपत्र कारोबारलाई नियमित तथा व्यवस्थित गर्न बोर्डले मागेको सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

११५. **असल नियतले गरेको काममा बचाउः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा बोर्ड वा बोर्डको कुनै कर्मचारी व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेही हुने छैन ।

११६. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले नेपाल सरकारको स्वीकृति लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी ती नियमहरुमा खास गरी देहायका विषयहरुको सम्बन्धमा व्यवस्था गर्न सकिनेछः-

(क) धितोपत्र दर्ता तथा निष्काशन अनुमति,
(ख) धितोपत्र बजारको अनुमतिपत्र दिने सम्बन्धमा,
(ग) धितोपत्र व्यवसायीको अनुमतिपत्र दिने सम्बन्धमा,
(घ) सामूहिक लगानी योजना संचालन सम्बन्धमा,
(ङ) बोर्डका कर्मचारीहरुको सेवा शर्त सम्बन्धमा,
(च) बोर्डको आर्थिक संचालन तथा हिसाब किताब राख्ने सम्बन्धमा,
(छ) क्षतिपूर्ति कोष संचालन सम्बन्धमा,
(ज) धितोपत्र व्यवसायीले धितोपत्र व्यवसाय संचालन गर्ने सम्बन्धमा राख्नु पर्ने आर्थिक स्रोत सम्बन्धमा,
(झ) ग्राहकले धितोपत्र खरिद गर्नका लागि बुझाएको रकमको हिसाब तथा अभिलेखका सम्बन्धमा,

(ञ) धितोपत्र सूचीकरण स्थगन, खारेजी (डिलिष्टिङ्ग) वा हस्तान्तरण सम्बन्धमा,

(ट) पूँजी बजारको विकास गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित र लगानीकर्ताको हक हितको सुरक्षा गर्न आवश्यक अन्य व्यवस्था गर्ने सम्बन्धमा ।

(ठ) कम्पनीको व्यवस्थापन नियन्त्रण गर्ने उद्देश्यले एकमुष्ट वा पटक पटक शेयर खरिद गरी स्वामित्वमा लिने सम्बन्धमा ।

११७. **विनियम बनाउन सक्ने:** यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको अधीनमा रही धितोपत्र बजारले बोर्डको स्वीकृति लिई देहायका विषयहरुका सम्बन्धमा आवश्यक विनियमहरु बनाउन सक्नेछ :-

(क) धितोपत्र सूचीकरण तथा सूचीकृत धितोपत्रको कारोबार सम्बन्धमा,

(ख) सदस्यता, सदस्यता शुल्क, सदस्यको व्यावसायिक मर्यादा सम्बन्धमा,

(ग) धितोपत्र बजार स्वच्छ र पारदर्शी ढङ्गबाट संचालन गर्न कर्मचारीहरुको सेवा र आचरण तथा बजार निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था गर्ने सम्बन्धमा ।

११८. **निर्देशिका बनाई लागू गर्ने:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको अधीनमा रही बोर्डले धितोपत्र कारोबारलाई व्यवस्थित गर्नका लागि देहायका विषयहरुका सम्बन्धमा निर्देशिका बनाई लागू गर्न सक्नेछ :-

(क) धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धमा,

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा,

(ग) धितोपत्र बाँडफाँड सम्बन्धमा,

(घ) व्यावसायिक मर्यादा सम्बन्धमा,

(ङ) धितोपत्र कारोबार नियमन सम्बन्धी अन्य विषयका सम्बन्धमा ।

(२) उपदफा (१) बमोजिम बोर्डले बनाएको निर्देशिकाको पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

११९. **धितोपत्र सम्बन्धी अध्यादेश, २०६२ निष्क्रिय भएपछि त्यसको परिणाम:** धितोपत्र सम्बन्धी अध्यादेश, २०६२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाका वखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालु भएको कुरा वा सो बमोजिम रीत पुर्‍याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथी लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरु गर्न, चालु राख्न वा लागू गर्न सकिनेछ ।

❖❖❖

प्रमाणिकरण मिति : २०७४।०५।११
लागू मिति : २०७४।०८।०८

# वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४

**प्रस्तावना :** वस्तु विनिमय बजारको विकास तथा सञ्चालन, लगानीकर्ताको संरक्षण, वस्तुको कारोबार, राफसाफ तथा फर्स्यौट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतको वाणिज्य इजलाश सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले दफा ५ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) "कारोबार" भन्नाले वस्तु विनिमय बजारमा हुने वस्तु करारको खरिद, बिक्री, राफसाफ तथा फर्स्यौट, हस्तान्तरण र तत्सम्बन्धी अन्य कार्य सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(छ) "राफसाफ तथा फर्स्यौट (क्लियरिङ्ग एण्ड सेटलमेन्ट) व्यवसाय" भन्नाले दफा २६ बमोजिम राफसाफ तथा फर्स्यौट सम्बन्धी कारोबार सम्झनु पर्छ ।

(ज) "राफसाफ तथा फर्स्यौट व्यवसायी (क्लियरिङ्ग हाउस)" भन्नाले राफसाफ तथा फर्स्यौट सम्बन्धी व्यवसाय गर्ने अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(झ) "लगानीकर्ता" भन्नाले वस्तु विनिमय बजारमा वस्तु करार मार्फत वस्तु खरिद गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले वस्तु बिक्री गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ञ) "वस्तु (कमोडिटिज)" भन्नाले वस्तु विनिमय बजारमा वस्तु करार मार्फत कारोबार हुन सक्ने तोकिए बमोजिमको वस्तु सम्झनु पर्छ ।

(ट) "वस्तु विनिमय बजार" भन्नाले दफा ५ बमोजिम अनुमतिपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।

(ठ) "वस्तु कारोबार व्यवसाय" भन्नाले दफा १९ को उपदफा (१) बमोजिमको वस्तु कारोबार सम्बन्धी व्यवसाय सम्झनु पर्छ ।

(ड) "वस्तु कारोबार व्यवसायी" भन्नाले वस्तु कारोबार व्यवसाय गर्न अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(ढ) "वस्तु करार (डेरिभेटिभ)" भन्नाले खरिदकर्ता तथा बिक्रेता बीच कम्तीमा तीस दिन पछि वस्तु खरिद वा बिक्री गर्ने गरी वस्तुको मूल्य, परिमाण, गुणस्तर तथा हस्तान्तरण मिति उल्लेख गरी भएको वस्तु करार सम्झनु पर्छ ।

(ण) "वेयर हाउस" भन्नाले वेयर हाउस सञ्चालन गर्न अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(त) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम संस्थापना भएको कम्पनी वा संगठित संस्था सम्झनु पर्छ ।

(थ) "संगठित संस्था" भन्नाले प्रचलित कम्पनी कानून बमोजिम संस्थापना भएको पब्लिक कम्पनी वा धितोपत्र बजार मार्फत धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

## परिच्छेद - २
## अनुमति सम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र प्राप्त नगरी कारोबार गर्न नहुने** : यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि देहायको व्यवसाय सञ्चालन गर्नु हुँदैन :–

(क) वस्तु विनिमय बजार,

(ख) वस्तु कारोबार व्यवसाय,

(ग) राफसाफ तथा फर्स्यौट व्यवसाय, वा

(घ) वेयर हाउस ।

४. **अनुमतिपत्र प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) वस्तु विनिमय बजार सञ्चालन गर्न चाहने संगठित संस्थाले वस्तु विनिमय बजार सञ्चालनको लागि अनुमतिपत्र प्राप्त गर्न तोकिए बमोजिमको विवरण, कागजात तथा निवेदन शुल्कसहित बोर्ड समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) वस्तु कारोबार, राफसाफ तथा फर्स्यौट व्यवसाय वा वेयर हाउस सञ्चालन गर्न चाहने संस्थाले वस्तु कारोबार, राफसाफ तथा फर्स्यौट व्यवसाय वा वेयर हाउस सञ्चालनको लागि अनुमतिपत्र प्राप्त गर्न तोकिए बमोजिमका विवरण, कागजात तथा निवेदन शुल्कसहित बोर्ड समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन दिने संगठित संस्था वा संस्थाको योग्यता तोकिए बमोजिम हुनेछ ।

५. **अनुमतिपत्र दिन सक्ने :** (१) दफा ४ बमोजिम प्राप्त निवेदन र कागजातको अध्ययन गर्दा लगानीकर्ता र सर्वसाधारणको हित हुने कुरामा बोर्ड सन्तुष्ट भएमा वस्तु विनिमय बजारको हकमा एकसय बीस दिनभित्र र वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय वा वेयर हाउस सञ्चालनको हकमा नब्बे दिनभित्र बोर्डले तोकिए बमोजिमको दस्तुर लिई निवेदकलाई तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन र कागजातको अध्ययन गर्दा निवेदकसँग थप विवरण वा कागजात माग गर्नुपर्ने वा पेश भएको विवरण वा कागजातका सम्बन्धमा थप स्पष्ट गर्नु पर्ने देखिएमा बोर्डले त्यस्तो विवरण वा कागजात माग गर्न वा पेश भएको विवरण वा कागजातका सम्बन्धमा थप स्पष्ट गर्न बढीमा तीस दिनको अवधि तोकी आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश भएमा सम्बन्धित निवेदकले त्यस्तो आदेश बमोजिम विवरण वा कागजात पेश गर्ने वा पेश भएको विवरण वा कागजातमा थप स्पष्ट गर्नु पर्नेछ ।

६. **अनुमतिपत्र दिन इन्कार गर्न सकिने :** दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले मुलुकको अर्थतन्त्र, औद्योगिक व्यवसायको विकास, वस्तु कारोबारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणको दृष्टिकोणले उपयुक्त नदेखिएमा अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछ र त्यसरी इन्कार गर्नाको आधार र कारण उल्लेख गरी यथाशीघ्र लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

७. **शर्तहरु तोक्न सक्ने :** अनुमतिपत्र प्रदान गर्दा बोर्डले आवश्यक शर्तहरु तोक्न सक्नेछ र त्यस्तो शर्तहरुको पालना गर्नु अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

८. **अनुमतिपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था :** (१) अनुमतिपत्रको अवधि तीन वर्ष बहाल रहनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा नब्बे दिन अगावै अनुमतिपत्र नवीकरणका लागि तोकिए बमोजिमको दस्तुर सहित बोर्ड समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा तीस दिन अगावै अनुमतिपत्र नवीकरणका लागि लाग्ने दस्तुरको दोब्बर दस्तुर सहित बोर्ड समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिन सकिनेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम नवीकरणका लागि निवेदन प्राप्त भएमा बोर्डले निवेदन प्राप्त भएको तीस दिनभित्र नवीकरण गरी त्यसको जानकारी अनुमतिपत्र प्राप्त संस्थालाई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम अनुमतिपत्र नवीकरण नभई अनुमतिपत्रको अवधि समाप्त भएमा त्यस्तो संस्थाको अनुमतिपत्र दफा ३५ को उपदफा (१) बमोजिम खारेज हुनेछ र त्यसको जानकारी सम्बन्धितलाई यथाशीघ्र दिनु पर्नेछ ।

९. **पूर्वाधार सम्बन्धी व्यवस्था** : (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्र प्राप्त गरेको मितिले एकसय असी दिनभित्र अनुमतिपत्र बमोजिमको व्यवसाय सञ्चालन गर्न तोकिए बमोजिमको पूर्वाधारको व्यवस्था गर्नु पर्नेछ ।

तर वेयर हाउस सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधार बोर्डले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र पूर्वाधारको व्यवस्था गर्न नसकी थप अवधि माग गरेमा बोर्डले बढीमा नब्बे दिनसम्म थप गरिदिन सक्नेछ ।

(३) यस दफा बमोजिम पूर्वाधार व्यवस्था नगरी अनुमति प्राप्त संस्थाले कारोबार सञ्चालन गर्न सक्ने छैन ।

(४) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि पूर्वाधार व्यवस्था नगरेमा त्यस्तो संस्थाको अनुमतिपत्र दफा ३५ को उपदफा (१) बमोजिम खारेज हुनेछ ।

१०. **न्यूनतम चुक्ता पूँजी र आर्थिक स्रोत कायम गरेको हुनु पर्ने** : (१) वस्तु विनिमय बजार सञ्चालन गर्ने संगठित संस्थाको न्यूनतम चुक्ता पूँजी पचास करोड रुपैयाँमा नघट्ने गरी बोर्डले समय समयमा तोकिदिए बमोजिम हुनु पर्नेछ ।

(२) वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय वा वेयर हाउस सञ्चालन गर्ने संस्थाको न्यूनतम चुक्ता पूँजी तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## वस्तु विनिमय बजार

११. **बोर्डको पूर्व स्वीकृति लिनु पर्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि वस्तु विनिमय बजार सञ्चालन गर्ने कम्पनी संस्थापना गर्नु अघि बोर्डको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **सञ्चालक सम्बन्धी व्यवस्था** : (१) वस्तु विनिमय बजारमा कम्तीमा दुई जना स्वतन्त्र सञ्चालक सहित बढीमा सात जना सञ्चालक रहनेछन् ।

(२) सञ्चालकको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(ख) पैंतीस वर्ष उमेर पूरा गरेको, र

(ग) तोकिए बमोजिमको अयोग्यता नरहेको ।

(३) सञ्चालकको नियुक्ति गर्दा सम्भव भएसम्म उपदफा (२) को खण्ड (क) मा उल्लिखित फरक फरक विधाको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(४) स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने प्रयोजनको लागि वस्तु विनिमय बजारले रिक्त स्वतन्त्र सञ्चालकको संख्याको तेब्बर संख्यामा सम्भाव्य उम्मेदवारको नामावली सिफारिश गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएका सम्भाव्य उम्मेदवारहरु मध्येबाट उपयुक्त उम्मेदवारलाई बोर्डले स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।

१३. **वस्तु विनिमय बजारको शेयर सम्बन्धी व्यवस्था** : (१) कसैले पनि वस्तु विनिमय बजार सञ्चालन गर्ने कम्पनीको चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी शेयर लिन सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी पूँजी, सीप तथा प्रविधिको प्रयोग गरी वस्तु विनिमय बजार सञ्चालन गर्ने प्रयोजनको लागि रणनीतिक साझेदारको रुपमा विदेशी लगानीकर्ताले त्यस्तो कम्पनीको चुक्ता पूँजीको बढीमा एकाउन्न प्रतिशतसम्म शेयर लिन सक्नेछ ।

(३) वस्तु विनिमय बजार सञ्चालन गर्ने कम्पनीको रणनीतिक साझेदार तथा शेयर खरिद सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **वस्तु विनिमय बजारको शेयर लिन नसक्ने अवस्था** : (१) देहायको व्यक्ति वा संस्थाले वस्तु विनिमय बजारको शेयर खरिद गर्न सक्ने छैन :-

(क) दामासाही सम्बन्धी कारबाहीमा परेको बाह्र वर्ष अवधि व्यतित नभएको,

(ख) अर्को वस्तु विनिमय बजारको शेयरधनी रहेको,

(ग) प्रचलित कानून बमोजिम करार गर्न अयोग्य रहेको,

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको वा त्यस्तो सूचीबाट हटेको तीन वर्षको अवधि पूरा नभएको,

(ङ) प्राकृतिक व्यक्तिको हकमा भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको,

(च) सरकारी रकम तिर्न बाँकी भएको,

(छ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको,

(ज) तोकिए बमोजिमको अन्य अवस्थामा रहेको ।

(२) उपदफा (१) बमोजिम शेयर खरिद गर्न नसक्ने व्यक्ति वा संस्थाले कुनै किसिमले शेयर प्राप्त गरेमा वा शेयर खरिद गरिसकेपछि उपदफा (१) बमोजिमको अवस्था उत्पन्न भएमा पैंतीस दिनभित्र त्यस्तो शेयर अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शेयर बिक्री वा हस्तान्तरण नगरेमा बोर्डले त्यस्तो शेयर जफत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम जफत गरेको शेयर बोर्डले तोकिए बमोजिम बिक्री गर्नेछ ।

१५. **वस्तु विनिमय बजारको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त वस्तु विनिमय बजारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लगानीकर्तालाई एकै ठाउँमा निरन्तर रुपमा वस्तु करार मार्फत वस्तुको खरिद, बिक्री वा विनिमय गर्ने बजार, स्थान वा सुविधा उपलब्ध गराउने,

(ख) वस्तु कारोबार व्यवसायीलाई सदस्यता प्रदान गर्ने,

(ग) वस्तु कारोबारको लागि वस्तुको सूचीकरण गर्ने वा गराउने,

(घ) वस्तु कारोबारलाई पारदर्शी, स्वच्छ र नियमित रुपमा सञ्चालन गर्ने वा गराउने,

(ङ) वस्तु कारोबार व्यवसायीको काम कारबाहीको अनुगमन र सुपरिवेक्षण गर्ने वा गराउने,

(च) वस्तु विनिमय बजारको कारोबार प्रणाली (ट्रेडिङ सिस्टम) लाई संरक्षण गर्न वा त्यसको संभावित जोखिम न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्ने,

(छ) बोर्डले दिएको निर्देशनको कार्यान्वयन गर्ने वा गराउने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

१६. **वस्तु वा कारोबारको सीमा निर्धारण गर्न सक्ने :** (१) एक पटकमा कारोबार गर्न सकिने वस्तुको सीमा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) वस्तुको सीमा निर्धारण गर्दा त्यस्तो वस्तु वा कारोबारको किसिमको आधारमा छुट्टाछुट्टै गर्न सकिनेछ ।

(३) प्राकृतिक व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा राख्न पाउने वस्तुको सीमा तोकिए बमोजिम हुनेछ ।

१७. **लगानीकर्ता संरक्षण कोषको व्यवस्था गर्नु पर्ने :** (१) वस्तु विनिमय बजारले लगानीकर्तालाई हुन सक्ने सम्भावित प्रणालीगत जोखिम (सिस्टमिक रिस्क) बाट सुरक्षित गर्न लगानीकर्ता संरक्षण कोषको स्थापना गर्नु पर्नेछ ।

(२) लगानीकर्ता संरक्षण कोषको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **वस्तु विनिमय बजारको प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था** : वस्तु विनिमय बजारको सञ्चालक समितिले प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न देहायको योग्यता पुगेको व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति गर्नेछ :-

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको कार्य अनुभव भएको,

(ख) तोकिए बमोजिमको अयोग्यता नरहेको ।

# परिच्छेद - ४

## वस्तु कारोबार व्यवसाय

१९. **वस्तु कारोबार व्यवसायीले सञ्चालन गर्न सक्ने व्यवसाय** : (१) वस्तु कारोबार व्यवसायीले देहायको व्यवसाय सञ्चालन गर्न सक्नेछ :-

(क) बजार निर्माण व्यवसाय,

(ख) लगानी व्यवस्थापन व्यवसाय,

(ग) लगानी परामर्शदाता व्यवसाय,

(घ) वस्तु संरक्षक (कस्टोडियन) सेवा व्यवसाय,

(ङ) वस्तु कारोबार दलाली व्यवसाय,

(च) वस्तु कारोबार व्यापार व्यवसाय,

(छ) तोकिए बमोजिमको अन्य वस्तु कारोबार व्यवसाय ।

(२) उपदफा (१) को प्रयोजनको लागि वस्तु कारोबार व्यवसायीलाई देहाय बमोजिम वर्गीकरण गर्न सकिनेछ :-

(क) बजार निर्माता,

(ख) लगानी व्यवस्थापक,

(ग) लगानी परामर्शदाता,

(घ) संरक्षक (कस्टोडियन),

(ङ) वस्तु कारोबार दलाल,

(च) वस्तु कारोबार व्यापारी,

(छ) तोकिए बमोजिमको अन्य वस्तु कारोबार व्यवसायी ।

(३) वस्तु कारोबार व्यवसाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **वस्तु कारोबार व्यवसायीले सदस्यता लिनु पर्ने** : (१) वस्तु कारोबार व्यवसाय सञ्चालन गर्न तोकिए बमोजिमको वस्तु कारोबार व्यवसायीले वस्तु विनिमय बजारको सदस्यता लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सदस्यता प्राप्त गर्ने कार्यविधि, सदस्यता तथा अन्य व्यवस्था सम्बन्धित वस्तु विनिमय बजारको विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

२१. **शेयरधनी तथा स्वामित्व सम्बन्धी व्यवस्था** : (१) कुनै एक वस्तु कारोबार व्यवसायीको शेयरधनी वा निजको एकासगोलको परिवारको सदस्यले अर्को वस्तु कारोबार व्यवसायीको शेयर लिन पाउने छैन ।

(२) वस्तु कारोबार व्यवसायीको शेयर वा त्यसको स्वामित्व, बिक्री वा हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **सम्झौता गर्नु पर्ने :** वस्तु कारोबार व्यवसायीले लगानीकर्तासँग कारोबार गर्नु अघि तोकिए बमोजिम सम्झौता गर्नु पर्नेछ ।

२३. **अभिलेख राख्नु पर्ने :** (१) वस्तु कारोबार व्यवसायीले कारोबार गर्नु अघि लगानीकर्ताको वास्तविक रुपमा परिचय खुल्ने कागजात वा विवरण लिनु पर्नेछ ।

(२) वस्तु कारोबार व्यवसायीले लगानीकर्ताको परिचय खुल्ने कागजात वा विवरण, कारोबारसँग सम्बन्धित रकम लेनदेन सम्बन्धी विवरण वा तोकिए बमोजिमका अन्य कार्यको अभिलेख राख्नु पर्नेछ ।

२४. **बीमा गराउनु पर्ने :** वस्तु कारोबार व्यवसायीले बोर्डले तोकेको वस्तु कारोबार व्यवसायको बीमा गराउनु पर्नेछ ।

## परिच्छेद-५
## राफसाफ तथा फर्स्यौट व्यवसाय

२५. **राफसाफ तथा फर्स्यौट व्यवसायी नियुक्त गर्नु पर्ने :** (१) वस्तु विनिमय बजारले राफसाफ तथा फर्स्यौट सम्बन्धी कार्यको लागि राफसाफ तथा फर्स्यौट व्यवसायी नियुक्त गर्नु पर्नेछ ।

(२) राफसाफ तथा फर्स्यौट व्यवसायी नियुक्त गर्दा वस्तु विनिमय बजारले राफसाफ तथा फर्स्यौट व्यवसायीसँग तोकिए बमोजिम सम्झौता गर्नु पर्नेछ र सम्झौताको एक प्रति वस्तु विनिमय बजारले त्यस्तो सम्झौता गरेको पन्ध्र दिनभित्र बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(३) राफसाफ तथा फर्स्यौट व्यवसायीको नियुक्ति तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **राफसाफ तथा फर्स्यौट व्यवसायीले गर्ने कारोबार** : (१) राफसाफ तथा फर्स्यौट व्यवसायीले वस्तु विनिमय बजारमा वस्तु करार बमोजिम खरिद वा बिक्री भएको कारोबारलाई राफसाफ तथा फर्स्यौट गर्नु पर्नेछ ।

(२) राफसाफ तथा फर्स्यौट व्यवसायीले गर्ने राफसाफ तथा फर्स्यौट सम्बन्धी अन्य कारोबार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६
## वेयर हाउस

२७. **वेयर हाउस तोक्न सक्ने :** (१) दफा २८ बमोजिमको कारोबार गर्ने प्रयोजनको लागि वस्तु विनिमय बजारले दफा ५ बमोजिम अनुमतिपत्र प्राप्त संस्थालाई वेयर हाउस तोक्न सक्नेछ ।

(२) वेयर हाउस तोक्दा वस्तु विनिमय बजारले वेयर हाउससँग तोकिए बमोजिम सम्झौता गर्नु पर्नेछ र सम्झौताको एक प्रति वस्तु विनिमय बजारले त्यस्तो सम्झौता गरेको पन्ध्र दिनभित्र बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(३) वस्तु विनिमय बजारले वेयर हाउस तोक्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **वेयर हाउसले गर्न सक्ने कारोबार** : (१) वेयर हाउसले देहायका कारोबार गर्न सक्नेछ :–

(क) वस्तु विनिमय बजारमा हुने कारोबारसँग सम्बन्धित वस्तुको भण्डारण गर्ने वा तत्सम्बन्धी निस्सा जारी गर्ने,

(ख) खण्ड (क) बमोजिम भण्डारण भएका वस्तुको संरक्षण तथा त्यस्तो वस्तुको कारोबार पश्चात हस्तान्तरण गर्ने ।

(२) वेयर हाउसको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७
## बोर्डको काम, कर्तव्य र अधिकार

२९. **बोर्डको काम, कर्तव्य र अधिकार :** प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने,

(ग) वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने,

(घ) वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने,

(ङ) अवधि तोकी वस्तु विनिमय बजार बन्द गर्न वा निश्चित अवधिका लागि अनुमतिपत्र प्राप्त संस्थाको कारोबार स्थगन गर्न आदेश दिने,

(च) कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने,

(छ) वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने,

(ज) बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने,

(झ) अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने,

(ञ) अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने,

(ट) लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने,

(ठ) वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमनकारी निकायसँग समन्वय गर्ने,

(ड) अनुमतिपत्र प्राप्त संस्थाको आर्थिक तथा व्यवस्थापकीय पक्षमा सुधार गर्न आवश्यक निर्देशन दिने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

३०. **बोर्डले आदेश वा निर्देशन दिन सक्ने :** (१) बोर्डले वस्तु विनिमय बजार र कारोबारको स्थिति तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी अनुमतिपत्र प्राप्त संस्था वा कारोबारसँग सम्बन्धित पक्षलाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम कुनै काम गर्न वा नगर्न आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाको कुनै सञ्चालक, पदाधिकारी वा कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लङ्घन गरेमा त्यस्तो सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछ ।

(३) दफा ३२ बमोजिम पेश भएको निरीक्षण वा सुपरीवेक्षण प्रतिवेदनको आधारमा बोर्डले अनुमतिपत्र प्राप्त संस्था वा कारोबारसँग सम्बन्धित पक्ष वा सम्बन्धित संस्थाको सञ्चालक वा कर्मचारीलाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम कुनै काम गर्न वा नगर्न निर्देशन दिन सक्नेछ ।

## परिच्छेद-८
## नियमन, निरीक्षण तथा सुपरिवेक्षण

३१. **नियमन गर्ने अधिकार :** (१) बोर्डलाई अनुमतिपत्र प्राप्त संस्था र वस्तु विनिमय बजार मार्फत हुने कारोबारसँग सम्बन्धित पक्षको नियमन गर्ने वा गराउने पूर्ण अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियमन गर्ने प्रयोजनको लागि बोर्डले आवश्यक देखेका विषयमा आदेश वा निर्देशन दिन वा सूचना वा परिपत्र जारी गर्न सक्नेछ ।

३२. **निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्ने :** (१) बोर्डले अनुमतिपत्र प्राप्त संस्थाले कारोबार गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा सो अन्तर्गत जारी भएका आदेश वा निर्देशनको पालना गरे नगरेको सम्बन्धमा जुनसुकै बखत निरीक्षण तथा सुपरीवेक्षण गर्न वा गराउन सक्नेछ ।

(२) बोर्डले आवश्यकता अनुसार विशेषज्ञ टोली वा बोर्डको अधिकृत कर्मचारीलाई खटाई अनुमतिपत्र प्राप्त संस्थाको स्थलगत (अनसाइट) वा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थामा रहेका सूचना, तथ्याङ्क, कागजात, अभिलेख तथा विवरणहरु आफू समक्ष झिकाई (अफसाइट) निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा सुपरीवेक्षण गर्ने प्रयोजनको लागि बोर्डले आवश्यकता अनुसार विशेषज्ञ टोलीको गठन गर्न सक्नेछ र विशेषज्ञ टोलीले पाउने सुविधा त्यस्तो टोली गठन हुँदाका बखत बोर्डले तोके बमोजिम हुनेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्दा उपदफा (२) बमोजिमको विशेषज्ञ टोली वा बोर्डका अधिकृत कर्मचारीले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कारोबारसँग सम्बन्धित सूचना, तथ्याङ्क, कागजात, अभिलेख तथा विवरणको निरीक्षण तथा सुपरीवेक्षण गर्न वा सम्बन्धित व्यक्तिसँग सोधपुछ गर्न सक्नेछ ।

(५) अनुमतिपत्र प्राप्त संस्थाको निरीक्षण तथा सुपरीवेक्षणको सिलसिलामा निरीक्षण तथा सुपरीवेक्षण गर्ने विशेषज्ञ टोली वा बोर्डको अधिकृत कर्मचारीले आवश्यक देखेमा अनुमतिपत्र प्राप्त संस्थाको कारोबारसँग सम्बन्धित सूचना, तथ्याङ्क, कागजात, अभिलेख तथा विवरणमा शिलबन्दी गरी त्यसको अभिलेख राखी आफैसँग राख्न वा अनुमतिपत्र प्राप्त संस्थाको जिम्मामा राख्न लगाउन सक्नेछ ।

(६) विशेषज्ञ टोली वा बोर्डको अधिकृत कर्मचारीले अनुमतिपत्र प्राप्त संस्थाको निरीक्षण वा सुपरीवेक्षणको कार्य सम्पन्न गरेको मितिले पन्ध्र दिनभित्र त्यसको प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(७) निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **सूचना, तथ्याङ्क तथा विवरण माग गर्न सक्ने :** (१) बोर्डले अनुमतिपत्र प्राप्त संस्था वा कारोबारसँग सम्बन्धित व्यक्तिसँग कारोबार सम्बन्धी कुनै पनि सूचना, तथ्याङ्क वा विवरण माग गर्न सक्नेछ ।

(२) दफा ३२ बमोजिम निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा आवश्यक देखेका कुनै पनि सूचना, तथ्याङ्क वा विवरण बोर्ड वा बोर्डबाट अधिकार प्राप्त व्यक्तिले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्था वा व्यक्तिसँग माग गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम मागिएको सूचना, तथ्याङ्क वा विवरण उपलब्ध गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्था वा व्यक्तिको कर्तव्य हुनेछ ।

३४. **अनुमतिपत्र निलम्बन गर्न सक्ने :** (१) कुनै अनुमतिपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम विपरीत काम गरेमा वा बोर्डले दिएको आदेश वा निर्देशन पालना नगरेमा वा लगानीकर्ताको हित विपरीत काम गरेमा वा बोर्ड समक्ष पेश गर्नुपर्ने आर्थिक तथा कारोबार सम्बन्धी विवरण पेश नगरेमा बोर्डले अवधि तोकी त्यस्तो संस्थाको अनुमतिपत्र निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निलम्बनमा रहेको अनुमतिपत्र प्राप्त संस्थाले निलम्बनको अवधिभर कारोबार गर्न सक्ने छैन ।

३५. **अनुमतिपत्र खारेजी सम्बन्धी व्यवस्था :** (१) बोर्डले देहायका अवस्थामा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्नेछ :-

(क) दफा ८ बमोजिम अनुमतिपत्र नवीकरण नभई अनुमतिपत्रको अवधि समाप्त भएमा,

(ख) दफा ९ बमोजिम पूर्वाधारको व्यवस्था नगरेमा,

(ग) वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय वा वेयर हाउस सञ्चालन गर्न बन्द गरेमा,

(घ) प्रचलित कानून बमोजिम दामासाहीमा परेमा वा अन्य कुनै किसिमले विघटन भएमा, वा

(ङ) अनुमतिपत्र खारेज गरी पाउँ भनी निवेदन दिएमा ।

(२) बोर्डले देहायका अवस्थामा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्न सक्नेछ :-

(क) अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको उल्लङ्घन गरेमा,

(ग) लगानीकर्ताको हित विपरित हुने गरी वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय वा वेयर हाउस सञ्चालन गरेमा,

(घ) बोर्डले दिएको आदेश वा निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) निलम्बन भएको अवधिभित्र बोर्डले माग गरेको आर्थिक तथा कारोबार सम्बन्धी विवरण नबुझाएमा, वा

(च) यस ऐन बमोजिम बुझाउनु पर्ने रकम नबुझाएमा ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्राप्त संस्थालाई सफाईको मौका दिनु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम अनुमतिपत्र खारेज भएको कारणबाट त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्र खारेज हुनुभन्दा अघि गरेको काम कारबाहीबाट सृजित दायित्वमा कुनै असर पर्ने छैन ।

३६. **बोर्डले कारबाही गर्न सक्ने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगर्ने अनुमतिपत्र प्राप्त संस्था, सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई बोर्डले देहाय बमोजिमको कुनै एक वा एकभन्दा बढी कारबाही गर्न सक्नेछ :-

(क) सचेत गराउने वा लिखित चेतावनी दिने,

(ख) सुधारात्मक कदम चाल्न निर्देशन दिने,

(ग) कारोबारमा आंशिक वा पूर्णरूपमा प्रतिबन्ध लगाउने,

(घ) बोर्डले उपलब्ध गराउने सेवा निलम्बन गर्ने वा रोक्का राख्ने,

(ङ) निलम्बनमा राख्न आदेश दिने,

(च) सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको सञ्चालक समितिलाई तलब, भत्ता लगायतका सुबिधाहरु उपलब्ध नगराउन आदेश दिने,

(छ) सञ्चालकलाई पदबाट हटाउन वा पदाधिकारी वा कर्मचारीलाई सेवाबाट अवकाश दिन सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको सञ्चालक समितिलाई आदेश दिने ।

३७. **जरिवाना गर्न सक्ने :** (१) दफा ५ बमोजिम अनुमतिपत्र प्राप्त नगरी देहायको कार्य गर्नेलाई बोर्डले देहाय बमोजिम जरिवाना गर्नेछ :–

(क) वस्तु विनिमय बजार सञ्चालन गरेमा वा वस्तु विनिमय बजारको नाम प्रयोग गरेमा दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म,

(ख) राफसाफ तथा फर्स्यौट व्यवसाय वा वेयर हाउस सञ्चालन गरेमा दुई लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म,

(ग) वस्तु कारोबार व्यवसाय गरेमा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले दफा ९ को उपदफा (३) विपरीत कारोबार सञ्चालन गरेमा बोर्डले त्यस्तो संस्थालाई पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(३) दफा ४८ वा ४९ बमोजिमको म्यादभित्र सूचना तथा विवरण नदिने वा प्रतिवेदन पेश नगर्ने अनुमतिपत्र प्राप्त संस्थालाई बोर्डले त्यस्तो सूचना तथा विवरण वा प्रतिवेदन पेश गर्ने म्याद समाप्त भएको दिनदेखि प्रतिदिन एक हजार रुपैयाँका दरले जरिवाना गर्नेछ ।

(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको आदेश वा निर्देशन वा तोकिएको शर्त पालना नगर्ने अनुमतिपत्र प्राप्त संस्थालाई बोर्डले एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) यस ऐन बमोजिम बोर्डले निरीक्षण तथा सुपरीवेक्षण वा जाँचबुझको सिलसिलामा माग गरेको सूचना, तथ्याङ्क, कागजात, अभिलेख तथा विवरण तोकिएको समयभित्र पेश नगर्ने अनुमतिपत्र प्राप्त संस्थाका सञ्चालक वा पदाधिकारी वा कर्मचारीलाई बोर्डले पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम राख्नु पर्ने वा तयार गर्नु पर्ने वा पेश गर्नुपर्ने हिसाब किताब, खाता, विवरण वा यस्तै अन्य कुनै कागजात नराख्ने वा तयार नगर्ने अनुमतिपत्र प्राप्त संस्थालाई बोर्डले दुई लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा बोर्डले दिएको आदेश वा निर्देशन विपरीत कार्य गरी लगानीकर्तालाई हानी नोक्सानी गरे वा गराएमा बोर्डले त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म जरिवाना गरी त्यस्तो हानी नोक्सानी भएको रकम समेत लगानीकर्तालाई भराई दिनु पर्नेछ ।

(८) दफा ६० बमोजिमको आचारसंहिता पालना नगर्ने अनुमतिपत्र प्राप्त संस्थालाई बोर्डले पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्नेछ ।

## परिच्छेद-९

## कसूर र सजाय

३८. **उजुरी दिने म्याद** : (१) यस ऐन बमोजिम सजाय हुने कसूरमा त्यस्तो कसूर हुन लागेको वा कसूर भएको कुरा थाहा पाएको मितिले एक वर्षभित्र उजुरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेको मितिले छ महिनाभित्र सम्बन्धित अदालत समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ ।

३९. **<u>कसूर गरेको मानिने</u>** : कसैले देहायको कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :–

(क) कृत्रिम वा झुटो कारोबार वा चक्रीय कारोबार (सर्कुलर ट्रेडिङ) गरी वा गराई वा कुनै वस्तु करारको मुल्यमा प्रभाव पार्ने उद्देश्यले त्यस्तो करार अरुले गर्न नसक्ने गरी अस्वाभाविक अवधिसम्म ठूलो परिमाणमा जम्माखोरी गरी वस्तुको मूल्य स्थिर गराएमा, बढाएमा, घटाएमा वा बारम्बार परिवर्तन गराई मुल्यमा उतार चढाव गराएमा,

(ख) कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्न वा वस्तु करारको खरिद वा बिक्री नहोस् भन्ने उद्देश्यले आफैले वा अरुसँग मिली वस्तु करारको बजार मुल्य बढाउने, घटाउने वा मूल्यस्थिर बनाई  वस्तु विनिमय बजारलाई प्रभावित पारेमा,

(ग) झुटो, भ्रामक वा गलत विवरण वा पूर्व अनुमान सम्बन्धी विवरण प्रकाशित गर्ने वा त्यस्तो विवरण दिई प्रतिज्ञा गर्ने वा वस्तु विनिमय बजारमा कुनै वस्तुको सक्रिय रुपमा कारोबार भइरहेको छ भन्ने देखाउनका लागि मात्र कारोबार गर्ने वा बदनियत साथ कुनै तथ्य वा जानकारी लुकाई झुक्याउने काम गरेमा,

(घ) कसैलाई हानी नोक्सानी पुऱ्याउने वा कसैबाट गलत फाइदा लिने बदनियतले झुक्याउने प्रविधि प्रयोग गरेमा वा त्यस्तो नियतले प्रविधिको दुरुपयोग गरेमा, योजना बनाएमा वा कुनै काम गरेमा वा कसैलाई झुक्यानमा पारी जालसाजीयुक्त कारोबार गरेमा,

(ङ) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम राखेको लिखत, विवरण वा अभिलेख नष्ट गरेमा, झुटो बनाएमा वा लुकाएमा,

(च) कसैलाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले अनुमतिपत्र प्राप्त संस्थाले दफा ४४ बमोजिम स्थापना गरेको विद्युतीय कारोबार प्रणालीमा क्षति पुऱ्याएमा वा त्यसको गलत प्रयोग गरेमा,

(छ) खण्ड (क) देखि (च) सम्मका कार्य गर्न कसैलाई मद्दत गरेमा वा दुरुत्साहन गरेमा ।

४०. **<u>सजाय</u> :** (१) देहायको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ :–

(क) दफा ३९ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिवाना र बिगो नखुलेकोमा पाँच लाख रुपैयाँसम्म जरिवाना र पाँच बर्षसम्म कैद ।

(ख) दफा ३९ को खण्ड (ख) बमोजिमको कसूर गर्ने व्यक्तिलाई  बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिवाना र बिगो नखुलेकोमा चार लाख रुपैयाँसम्म जरिवाना र चार वर्षसम्म कैद ।

(ग) दफा ३९ को खण्ड (ग), (घ) वा (ङ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिम जरिवाना र बिगो नखुलेकोमा तीन लाख रुपैंयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद ।

(घ) दफा ३९ को खण्ड (च) बमोजिमको कसूर गर्ने व्यक्तिलाई बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिवाना र बिगो नखुलेकोमा दश लाख रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद ।

(ङ) दफा ३९ को खण्ड (छ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।

(२) अनुमतिपत्र प्राप्त संस्थाको प्रयोग गरी कसैले दफा ३९ बमोजिमको कसूर गरेमा त्यस्तो कसूर गर्ने व्यक्ति, अनुमतिपत्र प्राप्त संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई उपदफा (१) बमोजिम सजाय हुनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीको पहिचान हुन नसकेमा त्यस्तो कसूर हुँदाको बखत अनुमतिपत्र प्राप्त संस्थाको प्रमुख भई कामकाज गर्ने सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई उपदफा (१) बमोजिम सजाय हुनेछ ।

## परिच्छेद-१०
## विविध

४१. **कोष सम्बन्धी व्यवस्था** : (१) बोर्डको कोषमा धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त हुने रकमका अतिरिक्त यस ऐन बमोजिम बोर्डलाई प्राप्त हुने देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) निवेदन शुल्क वापतको रकम,

(ख) अनुमतिपत्र दस्तुर वापतको रकम,

(ग) अनुमतिपत्र नवीकरण दस्तुर वापतको रकम,

(घ) जरिवाना वापतको रकम, र

(ङ) ऐन बमोजिम प्राप्त हुने अन्य कुनै रकम ।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त रकमको उपयोग, त्यसको लेखा तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था धितोपत्र सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४२. **लेखा परीक्षक नियुक्ति** : (१) अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको अवधिभित्र लेखापरीक्षण नगराएमा वा अन्य कुनै कारणले लेखापरीक्षक नियुक्त हुन नसकेमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाको हिसाब, किताब, नगदी, जिन्सी सम्पत्ति समेतको लेखापरीक्षण गर्नु पर्ने देखिएमा बोर्डले लेखा परीक्षकको नियुक्ति गरी लेखा परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको लेखापरीक्षकको पारिश्रमिक सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

४३. **सेवा शुल्क वा नियमन शुल्क सम्बन्धी व्यवस्था** : (१) अनुमतिपत्र प्राप्त संस्थाले सेवा प्रदान गरे वापत लिन सक्ने सेवा शुल्क तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले एक आर्थिक वर्षमा प्राप्त गरेको कुल सेवा शुल्कको तोकिए बमोजिमको रकम नियमन शुल्कको रुपमा बोर्डमा बुझाउनु पर्नेछ ।

४४. **विद्युतीय कारोबार प्रणाली स्थापना गर्नु पर्ने** : (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतीय रुपमा आफ्नो कारोबार गर्न सकिने गरी विद्युतीय कारोबार प्रणाली स्थापना गर्नु पर्नेछ ।

(२) विद्युतीय कारोबार प्रणाली सुरक्षित, उपयुक्त र भरपर्दो हुनु पर्नेछ ।

(३) विद्युतीय कारोबार प्रणालीलाई बोर्डले आवश्यकता अनुसार सम्परीक्षण (अडिट) गर्न वा गराउन सक्नेछ ।

(४) विद्युतीय कारोबार प्रणालीमा कुनै प्रकारको सुधार गर्नु पर्ने देखिएमा बोर्डले आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

४५. **वस्तु करार सम्बन्धी विशेष व्यवस्था** : (१) भविष्यमा वस्तु खरिद वा बिक्री गर्ने सम्बन्धमा अधिकार तथा दायित्वको विशेष व्यवस्था हुने गरी भएको वस्तु करारको कारोबार (ट्रेडिङ्ग अफ अप्सन) का सम्बन्धमा लागू हुने व्यवस्था, शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था, शर्त तथा मापदण्ड लागू नभएसम्म त्यस्तो वस्तु करारको कारोबार (ट्रेडिङ्ग अफ अप्सन) गर्न पाइने छैन ।

४६. **विदेशी वस्तु विनिमय बजारमा कारोबार गर्न सक्ने :** वस्तु विनिमय बजारमा बजार निर्माता, कारोबारको अर्को पक्ष (काउन्टर पार्टी) को कार्य गर्ने व्यवसायी वा त्यस्तो प्रकृतिको व्यवसाय गर्ने व्यवसायीले यस ऐन बमोजिम कारोबार गरी बहन गर्नुपर्ने जोखिमलाई व्यवस्थित गर्न विदेशी वस्तु विनिमय बजारमा तोकिए बमोजिम वस्तु करारको खरिद वा बिक्री गर्न सक्नेछ ।

४७. **विदेशी मुद्रामा कारोबार गर्न स्वीकृति लिनु पर्ने :** वस्तु कारोबार गर्दा विदेशी मुद्रामा कारोबार गर्नुपर्ने भएमा विदेशी विनिमय सम्बन्धी प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिएर मात्र कारोबार गर्नु पर्नेछ ।

४८. **सूचना तथा विवरण दिनु पर्ने** : अनुमतिपत्र प्राप्त संस्थाले कारोबार वा व्यवसाय सम्बन्धी तोकिए बमोजिमको सूचना तथा विवरण तोकिए बमोजिमको समयभित्र बोर्डलाई दिनु पर्नेछ ।

४९. **प्रतिवेदन पेश गर्नु पर्ने** : अनुमतिपत्र प्राप्त संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र उक्त आर्थिक वर्षमा आफूले गरेको काम कारबाही तथा वस्तु कारोबार सम्बन्धी विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

५०. **विवरण सार्वजनिक गर्नु पर्ने** : बोर्डले अनुमतिपत्र प्राप्त संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी काम कारबाहीको विवरण तथा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा निर्देशिका बमोजिम बोर्डले दिएको आदेश वा निर्देशनको अनुमतिपत्र प्राप्त संस्थाले पालना गरे नगरेको तथा दफा ४८ बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले बोर्डमा पेश गरेको सूचना तथा विवरण तोकिए बमोजिम सार्वजनिक गर्नेछ ।

५१. **आदेश वा निर्देशनको पालना गर्नु पर्ने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम बोर्डले दिएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

५२. **जरिवाना असुल गरिने** : (१) दफा ३७ बमोजिम भएको जरिवानाको रकम सम्बन्धित व्यक्तिले त्यस्तो जरिवानाको रकम तीस दिनभित्र बोर्डलाई बुझाउनु पर्नेछ ।

(२) जरिवानाको रकम तीस दिनभित्र नबुझाएमा बोर्डले त्यस्तो व्यक्तिको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरी लिन सक्नेछ ।

५३. **पुनरावेदन गर्न सकिने** : दफा ३५ को उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गरेको वा दफा ३६ बमोजिम कारबाही गरेको वा दफा ३७ बमोजिम जरिवाना गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले बोर्डको त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५४. **नेपाल सरकार वादी हुने :** (१) दफा ३९ बमोजिमको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई दायर हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कसूरको अनुसन्धान वा अभियोजन गर्दा सम्बन्धित अधिकारीलाई बोर्डले आवश्यक सहयोग गर्नु पर्नेछ ।

५५. **नेपाल सरकारले निर्देशन दिन सक्ने :** वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय, वेयर हाउस सञ्चालन, वस्तु विनियम बजारको विकास तथा लगानीकर्ताहरुको हित संरक्षण जस्ता नीतिगत विषयमा नेपाल सरकारले बोर्डलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

५६. **बोर्डलाई सहयोग गर्नु पर्ने :** वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय तथा वेयर हाउस सञ्चालन, वस्तु विनियम बजारको विकास तथा लगानीकर्ताको हितलाई संरक्षण गर्ने जस्ता विषयलाई नियमित तथा व्यवस्थित गर्ने कार्यमा बोर्डलाई सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५७. **अधिकार प्रत्यायोजन** : यस ऐन अन्तर्गत बोर्डलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार बोर्डका अध्यक्ष, सञ्चालक वा कर्मचारीले प्रयोग गर्न पाउने गरी बोर्डले अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

५८. **नेपाल सरकारसँग सम्पर्क :** बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

५९. **पदाधिकारीलाई कारबाही हुने :** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा जिम्मेवारी तोकिएको पदाधिकारीले आफूलाई तोकिएको काम कारबाही समयभित्रै सम्पन्न नगरेमा वा बदनियतपूर्वक काम कारबाही गरेमा निजलाई प्रचलित कानून अनुसार कारबाही हुनेछ ।

६०. **आचारसंहिता बनाई लागू गर्न सक्ने** : (१) बोर्डले अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लागू गरेको आचारसंहिता पालना गर्नु अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले आफ्ना सञ्चालक तथा कर्मचारीले पालन गर्नु पर्ने आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

६१. **नियम बनाउने अधिकार :** यस ऐनलाई कार्यान्वयन गर्न बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

६२. **विनियम बनाउन सक्ने :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय, वेयर हाउस सञ्चालन तथा कारोबारलाई नियमन तथा व्यवस्थित गर्न बोर्डले आवश्यक विनियमहरु बनाई लागू गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही अनुमतिपत्र प्राप्त संस्थाले बोर्डको स्वीकृति लिई देहायका विषयहरुमा आवश्यक विनियमहरु बनाउन सक्नेछ :-

(क) सूचीकरण, कारोबार सञ्चालन तथा कारोबार प्रणाली,

(ख) वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसायी, राफसाफ तथा फर्स्यौट व्यवसायी तथा वेयर हाउसको सदस्यता, सदस्यता शुल्क, सदस्यको व्यावसायिक मर्यादा तथा सदस्यता निलम्बन तथा खारेजी,

(ग) वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय तथा वेयर हाउसको सञ्चालन तथा लगानीकर्ताको हितका लागि अन्य आवश्यक व्यवस्था गर्ने,

(घ) वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसायी, राफसाफ तथा फर्स्यौट व्यवसायी तथा वेयर हाउसका कर्मचारीको सेवाका शर्त तथा सुविधा र आचरण ।

६३. **निर्देशिका बनाई लागू गर्न सक्ने :** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही बोर्डले वस्तु कारोबारलाई व्यवस्थित गर्नका लागि देहायका विषयमा निर्देशिका बनाई लागू गर्न सक्नेछ :-

(क) वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय तथा वेयर हाउस सञ्चालन,

(ख) वस्तु कारोबारको नियमन लगायत आवश्यक अन्य विषयहरु ।

६४. **यसै ऐन बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति विषयको हकमा यसै ऐन बमोजिम र अरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

❖❖❖

लागू मिति: २०६४।७।१९

# नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले नेपाल सरकारको स्वीकृति लिई देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली धितोपत्र बोर्डले तोकेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले बोर्डको कुनै पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(घ) "तहकिकात अधिकारी" भन्नाले नियम १७ बमोजिम नियुक्त अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ङ) "स्थलगत निरीक्षण" भन्नाले धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि वा धितोपत्र दर्ता गराएका संगठित संस्थाको कार्यालय वा सम्बन्धित स्थलमा गई गरिने निरीक्षण सम्झनु पर्छ ।

(च) "अन्य नियमावली" भन्नाले यो नियमावली बाहेक ऐन अन्तर्गत बनेको अन्य नियमावली सम्झनु पर्छ ।

## परिच्छेद–२
## काम, कर्तव्य तथा अधिकार

३. **बोर्डको काम, कर्तब्य र अधिकारः** ऐनको दफा ५ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) धितोपत्र र पूँजीबजार सम्बन्धी नेपाल सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने,

(ख) लगानीकर्ताहरुको हित र बजारको स्वस्थ्यता कायम राख्न धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुले पालना गर्नु पर्ने व्यावसायिक आचार संहिता बनाई लागू गर्ने,

(ग) संगठित क्षेत्रको सुशासनका लागि धितोपत्र दर्ता तथा सूचिकरण गर्ने संगठित संस्थाहरुले पालना गर्नु पर्ने सुशासन संहिता बनाई लागू गर्ने,

(घ) पूँजी बजार सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघसंस्था वा निकायको सदस्यता प्राप्त गरी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्बन्धहरु विकास गर्ने,

(ङ) बोर्डको लागि वार्षिक कार्यक्रम तथा बजेट र वार्षिक लेखा परीक्षणको हिसाव स्वीकृत गर्ने,

(च) बोर्डको काम कारवाही सम्बन्धी वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(छ) पूँजी बजारको नियमन तथा विकासका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने ।

४. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** (१) ऐनको दफा ७ बमोजिम नियुक्त अध्यक्ष पूरा समय काम गर्ने बोर्डको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(२) ऐनको दफा ८ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) ऐन, यो नियमावली, अन्य नियमावली, विनियमावली वा निर्देशिका तथा बोर्डले समय समयमा गरेको निर्णयहरुको अधीनमा रही बोर्डको सम्पूर्ण प्रशासनिक जिम्मेवारी लिई दैनिक कामकारवाही सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) धितोपत्र दर्ता गराएको संगठित संस्था, धितोपत्र बजार र धितोपत्र व्यवसायीको धितोपत्र सम्बन्धी काम कारवाहीको अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्ने गराउने,

(ग) बोर्डको तर्फबाट नेपाल सरकार, अदालत वा स्वदेशी वा विदेशी संघ, संस्था समक्ष प्रतिनिधित्व गर्ने गराउने,

(घ) बोर्डको तर्फबाट गर्नु पर्ने करारमा हस्ताक्षर गर्ने र सो को कार्यान्वयन गर्ने वा गराउने,

(ङ) बोर्डले प्रत्यायोजन गरे अनुसार अधिकार प्रयोग गरी अन्य कार्यहरु सम्पादन गर्ने ।

५. **<u>विशेष अधिकारको प्रयोग गरी आदेश वा निर्देशन जारी गर्नेः</u>** (१) बोर्डले ऐनको दफा ९० को उपदफा (१) बमोजिम बिशेष अधिकार प्रयोग गरी कुनै आदेश वा निर्देशन जारी गर्दा त्यस्तो आदेश वा निर्देशनमा सम्बन्धित संगठित संस्थाले गर्नु पर्ने कार्य, कार्य सम्पन्न गर्नु पर्ने समयावधि तथा कार्यविधि खुलाई त्यस्तो आदेश वा निर्देशन जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आदेश वा निर्देशन जारी गर्नुअघि सम्बन्धित संगठित संस्थासंग कुनै कुरा बुझ्न वा स्पष्ट गराउनुपर्ने देखिएमा बोर्डले तत् सम्बन्धमा सम्बन्धित संगठित संस्थासंग स्पष्टीकरण माग गरी स्पष्ट गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको स्पष्टीकरणमा सम्बन्धित संगठित संस्थाले पेश गरेको स्पष्टीकरण समेतको उचित मूल्याङ्कन गरी बोर्डले आवश्यक आदेश वा निर्देशन जारी गर्न वा अन्य उपयुक्त कारवाही गर्न सक्नेछ ।

६. **<u>शपथ लिनु पर्नेः</u>** अध्यक्ष र सदस्यले आफ्नो ओहोदाको काम शुरु गर्नु अगाडि अनुसूची–१ बमोजिमको ढाँचामा गोपनियता र ईमान्दारिताको शपथ ग्रहण गर्नु पर्नेछ ।

७. **<u>अध्यक्षको पारिश्रमिक तथा सेवा शर्तः</u>** अध्यक्षले पाउने मासिक पारिश्रमिक, भत्ता तथा अन्य सुविधा नेपाल सरकारको स्वीकृतिमा बोर्डले तोके बमोजिम हुनेछ ।

८ **सदस्यले पाउने पारिश्रमिक र सुविधा :** बोर्डको कुनै सदस्यले कुनै विशेष काम गर्न बोर्डमा पूरा समय काम गर्नु पर्ने भएमा निजले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा नेपाल सरकारको स्वीकृतिमा बोर्डले तोकिदिए बमोजिम हुनेछ ।

९. **अध्यक्ष तथा सदस्यको काज र दैनिक तथा भ्रमण भत्ताः** (१) बोर्डको कामको सिलसिलामा अध्यक्षलाई स्वदेशमा काजमा खटाउँदा सात दिनसम्मका लागि अध्यक्ष आफैले र सो भन्दा बढी अवधिकोलागि वा विदेश भ्रमणको लागि अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) बोर्डका सदस्यहरुलाई सात दिनसम्म स्वदेशमा काज खटाउँदा अध्यक्षले खटाउन सक्नेछ । सात दिन भन्दा बढी अवधिका लागि वा विदेशमा काज खटाउनु परेमा बोर्डले नेपाल सरकारको स्वीकृतिमा काज खटाउन सक्नेछ ।

(३) अध्यक्षले बोर्डको कामको सिलसिलामा भ्रमण गर्दा पाउने दैनिक भ्रमण, अन्य भत्ता तथा सुविधा बोर्डको आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार हुनेछ ।

(४) सदस्यले बोर्डको कामको सिलसिलामा भ्रमण गर्दा अध्यक्षले पाए सरह दैनिक, भ्रमण, अन्य भत्ता तथा सुविधा पाउने छन् ।

१०. **अध्यक्ष तथा सदस्यको बैठक भत्ताः** (१) बोर्डको बैठकमा भाग लिए वापत प्रत्येक सदस्यले एक हजार पाँच सय रुपैयाँ बैठक भत्ता पाउनेछ ।

(२) उपनियम (१) बमोजिम सदस्यले पाउने बैठक भत्ता नेपाल सरकारको पूर्व स्विकृति लिई बोर्डले समय समयमा हेरफेर गर्न सक्नेछ ।

११. **जाँचबुझ समिति गठन गर्नेः** (१) अध्यक्ष वा सदस्यलाई ऐनको दफा १२ को उपदफा (२) मा उल्लिखित कुनै कारणले पदमुक्त गर्नु पर्ने अवस्था परेमा तत् सम्बन्धमा आवश्यक जाँचबुझ गर्न ऐनको दफा ७ को उपदफा (७) बमोजिम नेपाल सरकारले निश्चित समयावधि तोकि जाँचबुझ समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने जाँचबुझ समितिमा देहाय बमोजिमका सदस्य रहने छन् :-

(क) कम्तीमा पुनरावेदन अदालतको न्यायाधीश भैरहेको वा भैसकेको व्यक्तिहरु मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) नेपाल सरकारको सेवामा बहाल रहेको नेपाल न्याय सेवाको कम्तीमा राजपत्राँकित प्रथम श्रेणीको अधिकृत एकजना-सदस्य

(ग) पूँजीबजार सम्बन्धी विशिष्ट ज्ञान भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले तोकेको एकजना विशेष-सदस्य

(३) उपनियम (१) बमोजिम गठित जाँचबुझ समितिका सदस्यले पाउने पारिश्रमिक, भत्ता र अन्य सुविधा नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिमको जाँचबुझ समितिले अध्यक्ष वा सम्बन्धित सदस्यसंग आवश्यक सोधपुछ गर्न, बयान लिन वा स्पष्टीकरण माग गर्न सक्ने छ ।

(५) जाँचबुझ गर्दा अवलम्बन गर्ने कार्यविधि जाँचबुझ समिति आफैले निर्धारण गर्नेछ ।

(६) जाँचबुझ समितिले पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई आवश्यक कारवाही गर्न वा पदमुक्त गर्न सक्नेछ ।

# परिच्छेद–३

## लेखापरीक्षकको सूची सम्बन्धी व्यवस्था

१२. **लेखापरीक्षकको सूचीः** (१) ऐनको दफा ८१ को उपदफा (१) बमोजिम बोर्डले राख्ने धितोपत्र व्यवसायीको लेखापरीक्षण गर्ने लेखापरीक्षकको सूचीमा सुचीकृत हुनका लागि चार्टर्ड एकाउन्टेन्ट वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त गरेको लेखापरीक्षक योग्य हुनेछ ।

(२) नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था वा सम्बन्धित लेखापरीक्षकबाट उपनियम (१) बमोजिम योग्य भएको जानकारी बोर्डमा प्राप्त भएपछि बोर्डको सूचीमा स्वतः सूचिकृत भएको मानिनेछ ।

१३. **लेखापरीक्षकको प्रतिवेदनमा खुलाउनुपर्ने विवरणः** (१) नियम १२ बमोजिम सूचिकृत लेखापरीक्षकले धितोपत्र व्यवसायीको हिसाव किताव र धितोपत्र कारोबारको लेखापरीक्षण गर्दा तयार गर्नु पर्ने प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने विवरणहरुको अतिरिक्त देहायका विवरणको जानकारी समेत प्रतिवेदनमा खुलाई एक प्रति बोर्डलाई दिनु पर्नेछ :–

(क) धितोपत्र सम्बन्धी कानून बमोजिम तोकिएको पूँजीकोष, खुद तरल सम्पत्ति तथा धरौटी जम्मा भए नभएको वा राखे नराखेको,

(ख) धितोपत्र व्यवसायी संस्था वा संस्थाको कुनै पनि पदाधिकारीले ऐन वा नियमावली, निर्देशिका, बोर्डले दिएको आदेश, निर्देशन वा अन्य प्रचलित कानून विपरीत कुनै कामकाज वा अनियमित कार्य गरेको बारे जानकारी प्राप्त भएमा तत्सम्बन्धी विवरण,

(ग) आवश्यक आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको,

(घ) धितोपत्र बजार र लगानीकर्ताहरुको हित प्रतिकूल कार्य गरेको देखिएमा तत्सम्बन्धी विवरण,

(ङ) आन्तरिक लेखापरीक्षण समिति भए वा नभएको र भए सोको प्रभावकारिता ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र व्यवसायीको लेखापरीक्षण गर्दा लेखापरीक्षकले आफ्नो लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु उल्लेख गरी बोर्डले विस्तृत लेखापरीक्षण विवरण (लंगफर्म अडिट रिपोर्ट) को ढाँचा तयार गरी लागू गर्न सक्नेछ र त्यस्तो ढाँचा लागू भएकोमा त्यस्तो संस्थाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदन तयार गर्दा त्यस्तो ढाँचामा उल्लेख भएका विवरण आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम लेखापरीक्षण नगर्ने तथा विवरण पेश नगर्ने लेखापरीक्षकलाई आवश्यक कारवाहीका लागि बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था समक्ष लेखी पठाउनेछ र उक्त संस्थाबाट कारवाहीको टुङ्गो नलागे सम्म सम्बन्धित लेखापरीक्षकले धितोपत्र व्यवसायीको लेखापरीक्षण गर्न पाउने छैन ।

## परिच्छेद ४

## मुद्दाको तहकिकात र दायरी सम्बन्धी कार्यविधि

१४. **निरीक्षण तथा जाँचबुझः** (१) बोर्डले ऐनको दफा ८५ बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा सम्बन्धित संस्थाको स्थलगत निरीक्षण वा जाँचबुझ गर्न वा सम्बन्धित संस्थाको विस्तृत विवरण तथा सूचनाहरु बोर्डमा नै झिकाई निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ।

(२) यस नियम बमोजिम बोर्डले निरीक्षण तथा जाँचबुझ गर्दा बोर्डको कुनै कर्मचारी, कुनै विशेषज्ञ वा बिशेषज्ञहरुको समूहलाई खटाउन र निरीक्षण तथा जाँचबुझ गर्ने संस्था, बिषय, निरीक्षण तथा जाँचबुझ सम्पन्न गरिसक्नुपर्ने अवधि, निरीक्षण गर्ने तरीका, प्रतिवेदनमा खुलाउनुपर्ने कुरा, निरीक्षणका लागि उपलब्ध गराइने आर्थिक तथा अन्य सुविधा सम्बन्धी कुराहरु समेत तोकी दिन सक्नेछ।

(३) यस नियम बमोजिम निरीक्षण तथा जाँचबुझको कार्य सम्पन्न गरिसकेपछि निरीक्षण वा जाँचबुझ गरेको संस्था, बिषय, प्राप्त जानकारी, देखिएका कैफियत तथा सुझाव सहितको प्रतिवेदन तयार गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम सम्बन्धित संस्थाको स्थलगत निरीक्षणका क्रममा सम्बन्धित अधिकृतले निरीक्षण गरिएको संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ। निरीक्षण गर्ने अधिकृतले यस नियम बमोजिम दिएको निर्देशनको जानकारी यथाशिघ्र बोर्डलाई दिनु पर्नेछ।

(५) बोर्डले अनुमतिपत्र प्रदान गरेको धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुको निरीक्षण तथा जाँचबुझ कार्यको लागि निरीक्षण कार्य निर्देशिका (म्यानुअल) बनाई लागू गर्न सक्नेछ।

१५. **उजुरी दिन सक्नेः** (१) ऐनको दफा १०१ बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाएमा सरोकारवाला व्यक्तिले सो सम्बन्धी उजुरी बोर्ड समक्ष दिन सक्नेछ र त्यसरी उजुरी दिंदा अनुसूची-२ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरवालाले अनुसूची-२ बमोजिमको ढाँचामा उजुर नदिई कुनै लिखित वा मौखिक उजुरी दिएकोमा वा उजुरवालाले आँफै उपस्थित भई प्रमाण सहित उजुरी दिएमा त्यस्तो प्रमाण सहित अनुसूची-३ बमोजिमको ढाँचामा उजुरी दर्ता गर्न लगाउने र निज उपस्थित नभएको भए बोर्डका कर्मचारीले सो अनुसूची बमोजिमको उजुरी तयार गरी दर्ता गरी सोही व्यहोरा उजुरीपत्रको शीरमा लेखी प्रमाणित गर्नु पर्नेछ।

(३) यस नियम बमोजिम बोर्डमा प्राप्त हुन आएका उजुरी अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता किताव खडा गरी दर्ता गर्नु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि ऐन बमोजिम सजाय हुने कसूर मानिने कार्य भएको वा भैरहेको कुरा कुनैपनि माध्यमबाट बोर्डमा जानकारी प्राप्त भएमा वा बोर्ड आँफैले थाहा पाएमा सो सम्बन्धमा अनुसन्धान गरी आवश्यक कारवाही चलाउन उजुरी नपरेको कारणले मात्र कुनै बाधा पर्ने छैन।

१६. **उजुरी तामेली वा मुल्तविमा राख्न सकिने:** (१) बोर्ड समक्ष प्राप्त हुन आएका देहाय बमोजिमका उजुरीलाई बोर्डले तामेलीमा राख्न सक्नेछ :-

(क) बोर्डको कार्य क्षेत्र र अधिकार क्षेत्रभित्र नपर्ने विषयको उजुरी,

(ख) प्रथम नजर (प्राइमा फ्यासी) मा नै तथ्ययुक्त नदेखिएको वा कसूरको सम्बन्धमा स्पष्ट रुपमा नलेखिएको उजुरी,

(ग) कसैलाई दुःख वा हैरानी दिने उद्देश्यले मात्र दिएको देखिएको उजुरी,

(घ) कारवाही गर्नु पर्ने व्यक्ति वा संस्था नै पहिचान गर्न सम्भब नभएको उजुरी,

(ङ) एकपटक निर्णय भई तामेलीमा राखिएको विषयको उजुरी सम्बन्धमा नयाँ प्रमाण पेश नगरी पुनः सोही विषयमा दिएको उजुरी ।

(२) बोर्डमा उजुरी परेको कुनै विषयका सम्बन्धमा अन्यत्र पनि मुद्दा परेको कारणले त्यस्तो उजुरीमा तत्काल कारवाही र निर्णय गर्न उचित नदेखिएमा सो विषयमा अन्यत्र परेको मुद्दा टुंगो लागेपछि मात्र निर्णय गर्ने गरी उजुरी मुल्तविमा राख्न सकिनेछ ।

१७. **तहकिकात अधिकारी तोक्ने:** (१) नियम १५ बमोजिम परेको उजुरी वा अन्य माध्यमबाट ऐनको दफा १०१ को उपदफा (१), (२) वा (३) बमोजिमको सजाय हुने कसूर भएको वा भईरहेको कुराको जानकारी प्राप्त भएमा बोर्डले सो सम्बन्धमा तहकिकात गर्न र मुद्दा दायर गर्नु पर्ने देखिएमा मुद्दा दायर गर्न समेत बोर्डको कम्तीमा अधिकृतस्तरको कुनै कर्मचारीलाई तहकिकात अधिकारी तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको तहकिकात अधिकारीलाई आवश्यक पर्ने सहयोगी लगायत आर्थिक तथा अन्य सुविधा बोर्डले तोके बमोजिम हुनेछ ।

१८. **तहकिकात तथा सिफारिस गर्ने:** (१) नियम १७ बमोजिम तोकिएको तहकिकात अधिकारीले बोर्डमा प्राप्त हुन आएका उजुरी वा अन्य माध्यमबाट प्राप्त जानकारी समेतका आधारमा आवश्यक छानवीन गर्ने, अभियुक्त वा कसूरसंग सम्बन्धित व्यक्तिसंग स्पष्टीकरण माग गर्ने वा बयान लिने र कसूर सम्बन्धी अन्य तहकिकात गर्नेछ ।

(२) तहकिकात अधिकारीले कसूरका सम्बन्धमा तहकिकातको सिलसिलामा माग गरेको स्पष्टीकरण दिनु, सोधिएको बिषयमा सत्य तथ्य जानकारी वा विवरण दिनु वा कागजात पेश गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) बमोजिम तहकिकात अधिकारीले छानबिन गर्दा प्रारम्भिक छानविनबाट तहकिकात गरी मुद्दा चलाउनुपर्ने अवस्था नदेखिएमा बोर्ड समक्ष सोही बमोजिमको सिफारिस गर्नेछ ।

(४) तहकिकात अधिकारीले तहकिकात गर्दै जाँदा अभियुक्तलाई ऐनको दफा १०१ को उपदफा (१), (२) वा (३) बमोजिम सजाय नहुने तर सोही दफाको उपदफा (४), (५), (६), (७) वा ऐनको अन्य दफा बमोजिम सजाय हुन सक्ने देखिएमा तहकिकात अधिकारीले सोही व्यहोरा खुलाई आफ्नो राय सहितको प्रतिवेदन बोर्ड समक्ष पेश गर्नेछ ।

१९. **तारेखमा राख्न सकिने:** (१) धितोपत्र सम्बन्धी कसूरको अभियोग लागेको व्यक्तिलाई तारेखमा राखी अनुसन्धान तथा तहकिकात गर्न उचित र आवश्यक देखिएमा तहकिकात अधिकारीले सामान्य तारेखमा राखी अनुसन्धान तथा तहकिकात गर्न सक्नेछ ।

(२) अनुसन्धानको सिलसिलामा अभियुक्तलाई तारेखमा राख्दा तारेखको अभिलेख राखी अनुसूची-४ बमोजिमको ढाँचामा तारेख पर्चा दिनु पर्नेछ ।

२०. **जेथा जमानत स्वीकृत गर्ने:** (१) ऐनको दफा १०४ बमोजिम अचल सम्पत्ति जेथा जमानत लिंदा त्यस्तो सम्पत्ति रोक्का रहेको कुरा सम्बन्धित कार्यालयबाट प्रमाणित भई आएपछिमात्र जेथा जमानत लिनु पर्नेछ ।

(२) तहकिकातको सिलसिलामा वा मुद्दाको कारवाही हुँदा बोर्ड वा अदालतको आदेश बमोजिम कुनै अभियुक्त वा निजको तर्फबाट जमानतको रुपमा अचल सम्पत्ति वा नगद धरौटी लिएकोमा सो को अभिलेख खडा गरी राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अभिलेखमा अभियुक्तको नाम, थर, वतन, अन्य व्यक्तिबाट जेथा जमानत दिएको भए निजको नाम, थर, वतन, जेथाको विवरण, अचल सम्पत्ति जेथा जमानत लिएको भए रोक्का राखी दिने कार्यालयको नाम, रोक्का राखिएको जानकारी प्राप्त मिति र अन्य आवश्यक कुरा खुलाई राख्नु पर्नेछ ।

२१. **पक्राउ गर्न सक्ने:** (१) तहकिकातको सिलसिलामा कुनै अभियुक्तलाई पक्राउ गर्नु पर्ने अवस्था परेमा तहकिकात अधिकारीले बोर्डको पूर्व स्विकृती लिई सम्बन्धित अभियुक्तलाई पक्राउ गर्न प्रचलित कानून बमोजिम पक्राउ पूर्जी जारी गरी उपस्थित गराई दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखिआएमा सम्बन्धित अभियुक्तलाई पक्राउ गरी बोर्डमा उपस्थित गराउनु सम्बन्धित प्रहरी कार्यालयको कर्तव्य हुनेछ ।

२२. **खानतलासी:** (१) धितोपत्र सम्बन्धी कसूर गरेको सम्बन्धमा छानविन, अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनै स्थानको खानतलासी लिनुपर्ने भएमा वा कुनै उपकरण वा कागजात बरामद गर्नु पर्ने भएमा तहकिकात अधिकारीले सम्बन्धित व्यक्ति वा संगठित संस्थालाई पूर्व सूचना दिई त्यस्तो स्थानमा प्रवेश गर्न र कसूरसंग सम्बन्धित उपकरण वा कागजात कब्जामा लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खानतलासी वा बरामद गर्दा तहकिकात अधिकारीले अनुसूची-५ बमोजिमको ढाँचामा वरामदी मुचुल्का तयार गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम गरेको खानतलासी तथा बरामदबाट प्राप्त सूचना, तथ्यांक, विवरण कागजात वा उपकरण वा अन्य कुनै मालवस्तु प्रमाणको लागि लैजानु पर्ने भएमा त्यस्तो मालबस्तु वा विवरण कागजात बुझेको भर्पाई तयार गरी विवरण वा मालबस्तुधनीलाई दिनु पर्नेछ र मालवस्तुधनी फेला नपरेमा वा फेला परेको भए तापनि भर्पाइ बुझ्न नमानेमा स्थानीय निकायको प्रतिनिधिलाई सो को भर्पाई दिई मालवस्तु लैजानु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम भर्पाई बुझिलिने कोही उपस्थित नभएमा बरामदी मुचुल्कामा सोही व्यहोरा जनाई स्थानीय निकायलाई जानकारी दिई प्रमाण कागज वा मालबस्तु तहकिकात अधिकारीले कब्जामा लिन सक्नेछ ।

२३. **रोक्का राख्न सक्ने:** (१) धितोपत्र सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा तहकिकात अधिकारीले कसूरसंग सम्बन्धित धितोपत्रको खरिद, विक्री वा विनिमय रोक्का गर्नु आवश्यक देखिएमा बोर्डको स्वीकृती लिई त्यस्तो धितोपत्रको खरिद, बिक्री वा विनिमय रोक्का गरी दिन सम्बन्धित संगठित संस्था र धितोपत्र बजारलाई लेखी पठाउन सक्नेछ र त्यसरी लेखिआएमा सो धितोपत्रको खरिद, बिक्री वा विनिमय हुन नदिई रोक्का राखी दिनु सम्बन्धित संगठित संस्था र धितोपत्र बजारको कर्तव्य हुनेछ ।

(२) मुद्दाको कारवाहीको सिलसिलामा अदालत वा बोर्डले कसूरसंग सम्बन्धित धितोपत्रको खरिद, बिक्री वा विनिमय रोक्का गर्न आवश्यक र उचित देखेमा जुनसुकै बखत सम्बन्धित संगठित संस्था र धितोपत्र बजारलाई त्यस्तो धितोपत्रको खरिद बिक्री वा विनिमय रोक्का राखी दिन आदेश दिन सक्नेछ ।

२४. **मुद्दा दायर गर्ने:** (१) तहकिकात समाप्त भएपछि अभियुक्तलाई ऐनको दफा १०१ को उपदफा (१), (२), (३) बमोजिम सजाय माग दावी लिनुपर्ने देखिएमा तहकिकात अधिकारीले अभियोगपत्र तयार गरी त्यस्तो अभियोगपत्र सहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मुद्दा दायर गर्न तयार गरिने अभियोगपत्रमा सम्भव भएसम्म देहायका कुरा खुलाउनु पर्नेछः-

(क) अभियुक्तको स्थायी र अस्थायी तथा अन्य सम्पर्क ठेगाना र सम्भव भएसम्म तीन पुस्ते विवरण,

(ख) कसूर गर्ने व्यक्तिको पेशागत विवरण,

(ग) अभियोग लगाएका बिषय वा तथ्यहरु,

(घ) हेलचक्र्याई, लापरवाही र वदनियतका कुनै कुरा भए सो सम्बन्धी विवरण,

(ङ) गैरकानूनी लाभ वा हानी पुऱ्याएको भएमा कसलाई कसरी लाभ वा हानी पुऱ्याएको हो सो को विवरण,

(च) हानी नोक्सानीको विगो देखिएकोमा के कति हानी नोक्सानी भएको वा हानि नोक्सानी गर्न प्रयत्न गरेको हो सो को विवरण,

(छ) कसूरको मात्रा निर्धारण गर्ने आधार,

(ज) सजायको माग दावी,

(झ) कसूरलाई पुष्टि वा प्रमाणित गर्ने सवूद प्रमाण,

(ञ) सम्बद्ध देखिने अन्य आवश्यक कुराहरु ।

(३) उपनियम (२) बमोजिम तयार गरेको अभियोगपत्र बमोजिम अभियुक्त बनाउनुपर्ने व्यक्ति छुट हुन गएको अवस्थामा सो को कारण खुलाई बोर्डले छुट हुन गएको व्यक्तिको विरुद्ध थप अभियोगपत्र पेश गर्न सक्नेछ ।

२५. **बोर्डले पुनरावेदन गर्न सक्ने:** (१) अदालतमा दायर भएको कुनै मुद्दामा अदालतबाट भएको फैसलामा चित्त नवुझेमा सो फैसला उपर बोर्डले पुनरावेदन गर्न सक्नेछ ।

(२) बोर्डले मुद्दाको तथ्य, सम्बद्ध कानून, अदालतको फैसला तथा सम्बन्धित अन्य पक्षहरु समेतको आधारमा पुनरावेदन गर्ने वा नगर्ने कुराको निर्णय गर्नेछ ।

२६. **सम्पत्ति फुकुवा गर्ने:** बोर्डले कुनै अभियुक्त वा निजको तर्फबाट धरौटी वा बैंक ग्यारेन्टी वा जेथाजमानी लिएकोमा मुद्दा अन्तिम किनारा लागेपछि त्यस्तो रोक्का भएको धरौटी वा बैंक ग्यारेन्टी वा जेथा फुकुवा गरिदिनु पर्नेछ ।

तर लागेको दण्ड जरीवाना वा विगो भराउनु पर्नेमा त्यस्तो विगोसमेत दाखिला भएपछि रोक्का राखिएको सम्पत्ति फुकुवा गरिदिनेछ ।

२७. **नक्कल सम्बन्धी व्यवस्था:** (१) यस नियमावली बमोजिम चलाईएको मुद्दासंग सम्बन्धित कुनै कागजको नक्कल लिन चाहने सरोकारवाला व्यक्तिले बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले प्रति पृष्ठ पाँच रुपैयाँका दरले नक्कल दस्तुर लिई नक्कल प्रमाणित गरी निवेदकलाई उपलब्ध गराउनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसन्धान तथा तहकिकातको अवस्थामा रहेको कुनै पनि बिषयसंग सम्बन्धित कागजात वा कागजातको प्रकृति अनुसार गोप्य राख्नु पर्ने कागजको नक्कल उपलब्ध गराइने छैन ।

## परिच्छेद ५
## सजाय सम्बन्धी कार्यविधि

२८. **ऐन, नियम उल्लघंन गरेमा हुने सजाय:** कसैले ऐन वा ऐन अर्न्तगतका नियम, विनियम, निर्देशिका वा बोर्डले जारी गरेको आदेश वा निर्देशनको उल्लंघन गरेमा बोर्डले देहाय बमोजिमको एक वा एक भन्दा बढी सजाय गर्न सक्नेछ :-

(क) सचेत गराउने वा लिखित चेतावनी दिने,

(ख) सुधारात्मक कदम चाल्नका लागि आदेश जारी गर्ने,

(ग) बोर्डले प्रदान गर्ने धितोपत्र बजार सम्बन्धी सेवा स्थगित वा अन्त गर्ने,

(घ) अनुमतिपत्र प्राप्त धितोपत्र बजार वा धितोपत्र व्यवसायीको कारोबारमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने,

(ङ) ऐन बमोजिम आर्थिक जरीवाना गर्ने,

(च) धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र निलम्बन वा खारेज गर्ने ।

२९. **आर्थिक जरिवानाको कार्यविधि:** (१) बोर्डले ऐन बमोजिम आर्थिक जरिवाना वा सजाय गर्दा देहायको कार्यविधि अवलम्बन गर्नु पर्नेछ :-

(क) प्रस्तावित सजायँ गर्नुअघि बोर्डले देहायका कुराहरु उल्लेख गरी आरोपित पक्षलाई प्रस्तावित जरिवाना वा सजायँको बारेमा आफ्नो सफाई पेश गर्न बढीमा पन्ध्र दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ :-

(१) कसूरको प्रकृति,

(२) कसूर सम्बन्धी संक्षिप्त व्यहोरा र

(३) कसूरको प्रकृति अनुरुप प्रस्तावित सजाँय ।

(ख) खण्ड (क) बमोजिम आरोपित पक्ष आरोपसंग सहमत वा असहमत भएको सम्बन्धमा बोर्डले तोकेको म्यादभित्र लिखित प्रतिकृया पठाउनु पर्नेछ ।

(ग) आरोपित पक्षले कसूर सम्बन्धमा असहमति व्यक्त गरेको व्यहोरा चित्तबुझ्दो भएमा बोर्डले त्यस्तो आरोपलाई संशोधन, सीमित वा खारेज गर्न सक्नेछ ।

(घ) आरोपित पक्षले कसूर उपर सहमति व्यक्त गरेमा वा कुनै प्रतिकृया नपठाएमा वा चित्तबुझ्दो प्रतिकृया दिन नसकेमा बोर्डले प्रस्तावित जरिवाना वा सजायँ गर्नेछ ।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम बोर्डलाई प्राप्त हुने नगद जरिवाना बोर्डको कोषमा जम्मा गरिनेछ ।

(३) कुनै संस्थाको संचालक, पदाधिकारी वा कर्मचारीबाट ऐन बमोजिमको कसूर भएको देखिएमा बोर्डले सम्बन्धित संचालक, पदाधिकारी वा कर्मचारीलाई जरिवाना गर्न सक्नेछ ।

३०. **अनुमतिपत्र निलम्बनः** (१) कुनै धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र निलम्बन गर्नु पर्ने अवस्था परेमा त्यसरी अनुमतिपत्र निलम्बन गर्नुअघि त्यसको कारण र आधार खुलाई बढीमा पन्ध्र दिनको समय दिई बोर्डले सम्बन्धित धितोपत्र बजार वा धितोपत्र व्यवसायीसंग स्पष्टीकरण माग गर्नु पर्नेछ ।

तर देहायका अवस्था विद्यमान भएको कुरामा बोर्ड सन्तुष्ट भएमा बोर्डले स्पष्टीकरण माग नगरी एक पटकमा बढीमा छ महिनासम्मको लागि अनुमतिपत्र निलम्बन गर्न सक्नेछ :-

(क) तत्काल निलम्बन नगरी काम गरिरहन दिंदा झुठ्ठा कारोबार हुन सक्ने, लगानीकर्ता विरुद्ध जालसाज हुन सक्ने वा पूँजी बजारमा गंभीर प्रतिकूल असर पर्न सक्ने संभावना देखिएमा,

(ख) तत्काल निलम्बन नगरी काम गरिरहन दिंदा लगानीकर्तालाई हानी नोक्सानी हुने संभावना देखिएमा ।

(२) उपनियम (१) बमोजिम स्पष्टीकरण माग गरेकोमा प्राप्त स्पष्टीकरण उपर जाँचबुझ गर्दा धितोपत्र बजार वा धितोपत्र व्यवसायीले ऐन वा ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएका कुनै आदेश वा निर्देशन वा बोर्डले तोकिदिएका शर्तहरु बमोजिम गर्नु पर्ने काम नगरेको वा गर्न नहुने कुनै काम गरेको देखिएमा बोर्डले त्यस्तो धितोपत्र बजार वा धितोपत्र व्यवसायीलाई एक पटकमा बढीमा एक बर्ष सम्मको लागी निलम्बन गर्न सक्नेछ ।

(३) बोर्डले उपनियम (२) बमोजिम अनुमतिपत्र निलम्बन गर्दा निलम्बन अवधिभित्र पूरा गर्नु पर्ने काम वा शर्तहरु समेत तोकिदिनेछ ।

(४) उपनियम (३) बमोजिम धितोपत्र बजार वा धितोपत्र व्यवसायीले पूरा गर्नु पर्ने काम वा शर्त तोकी निलम्बन गरिएकोमा सम्बन्धित धितोपत्र बजार वा धितोपत्र व्यवसायीले बोर्डले तोकिदिएको कार्य वा शर्तहरु पूरा गरेको जानकारी बोर्डलाई दिएमा बोर्डले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ ।

(५) उपनियम (५) बमोजिम जाँचबुझ गर्दा आवश्यक कार्य वा शर्तहरु पूरा गरेको व्यहोरा मनासिव देखिएमा बोर्डले जुनसुकै बखत त्यस्तो निलम्बन फुकुवा गर्न सक्नेछ ।

(६) निलम्बनमा रहेको अवधिभित्र बोर्डले तोकिदिएको काम वा शर्त पूरा गर्न नसकिने अवस्था परी सम्बन्धित धितोपत्र बजार वा धितोपत्र व्यवसायीले म्याद थप मागेमा र त्यस्तो माग मुनासिब लागेमा बोर्डले निलम्बनको अवधि बढीमा तीन महिनासम्म थप गरी दिन सक्नेछ ।

(७) बोर्डले यस नियम बमोजिम निलम्बन गरेको वा निलम्बन फुकुवा गरेको व्यहोराको जानकारी सम्बन्धित धितोपत्र बजार वा धितोपत्र व्यवसायीलाई तुरुन्त दिई त्यसको सूचना राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

३१. **अनुमतिपत्र खारेजः** (१) ऐनको दफा ८९ को उपदफा (१) मा उल्लिखित कुनै अवस्था परी धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज गर्नु पर्ने भएमा बोर्डले अनुमति पत्र खारेज गर्नु पर्नाको कारण र आधार खुलाई बढीमा पन्ध्र दिनको समयावधि तोकी स्पष्टीकरण माग गर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्पष्टीकरण मागिएकोमा निर्धारित समयावधिभित्र पेश गरेको स्पष्टीकरण मनासिव र सन्तोषजनक देखिएमा अनुमतिपत्र खारेज गरिने छैन ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि जुन कारणबाट अनुमति पत्र खारेज गर्नु परेको हो सो सम्बन्धमा सुधार गर्न सम्बन्धित धितोपत्र बजार वा धितोपत्र व्यवसायीले समय माग गरेमा र बोर्डले मुनासिब देखेमा निश्चित अवधि तोकी त्यस्तो सुधार गर्न समय दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम बोर्डले तोकिदिएको समयभित्र गर्नु पर्ने सुधार कार्य पूरा नगरेमा वा पूरा गर्न नसकेमा वा उपनियम (१) को समयावधिभित्र स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा बोर्डले अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमतिपत्र खारेज भएको कुरा बोर्डले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नेछ र त्यस्तो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नियम ३० बमोजिम धितोपत्र बजार वा धितोपत्र व्यवसायीले गर्नु पर्ने काम वा पूरा गर्नु पर्ने शर्त तोकी निलम्बन गरिएकोमा बोर्डले तोकिदिएको समयमा तोकिदिएको काम वा शर्त पूरा नगरेमा बोर्डले त्यस्तो धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज गर्न सक्नेछ र त्यसरी अनुमतिपत्र खारेज गर्दा यस नियम बमोजिमको कार्यविधि पूरा गर्न आवश्यक पर्ने छैन ।

(७) अनुमतिपत्र खारेज भएको धितोपत्र बजार वा धितोपत्र व्यवसायीले आफ्नो अनुमतिपत्र खारेज भएपछि धितोपत्र बजार वा धितोपत्र व्यवसाय सञ्चालन गर्न पाउने छैन र त्यसरी अनुमतिपत्र खारेज भएको एक महिनाभित्र धितोपत्र कारोबारबाट सृजित दायित्व पूरा गरी सक्नु पर्नेछ ।

## परिच्छेद ६
## विविध

३२. **विवरण तथा कागजात हेर्न वा प्रतिलिपि लिन सकिने:** बोर्डको सूचना प्रवाह सम्बन्धी नीति तथा व्यवस्थाको अधीनमा रही लगानीकर्ताले बोर्डमा रहेको गोप्य बाहेकका कागजात, तथ्यांक र विवरण हेर्न वा प्रतिलिपि लिन चाहेमा बोर्डद्वारा निर्धारित समयमा हेर्न वा प्रतिलिपि प्राप्त गर्न सक्नेछ ।

३३. **धितोपत्र व्यवसायीको बर्गीकरण गर्न सक्ने:** धितोपत्र व्यवसाय सञ्चालन गर्नको लागि परिचालित पूँजी कोष तथा सम्बन्धित संगठित संस्थाको पूँजी तथा पूर्वाधारहरु तथा त्यस्तो संस्थाले गर्ने कार्यहरु, संचालक, कार्यकारी प्रमुख र प्रतिनिधिहरुको धितोपत्र कारोबार सम्बन्धी पेशागत अनुभव, शैक्षिक योग्यता, बोर्डद्वारा समय समयमा तोकिएको तालिम र परीक्षा उतीर्ण भए वा नभएको हेरी बोर्डले धितोपत्र व्यवसायीको वर्गिकरण तथा स्तर निर्धारण गर्न सक्नेछ ।

३४. **कानून पालना सम्बन्धी विवरण सार्वजनिक गर्ने:** धितोपत्र बजार, धितोपत्र व्यवसायी र धितोपत्र दर्ता गराएका संगठित संस्थाले ऐन, यो नियमावली तथा अन्य नियमावली, विनियमावली वा निर्देशिका र बोर्डले जारी गरेको आदेश वा निर्देशन पालना गरे वा नगरेको सम्बन्धमा नियमन, अनुगमन र निरीक्षण गरेको, दण्ड जरीवाना वा अन्य कारवाही गरेको विवरण बोर्डले समय समयमा सार्वजनिक सूचना तथा बोर्डको विभिन्न प्रकाशनहरु मार्फत सार्वजनिक गर्नेछ ।

३५. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** बोर्डले आवश्यकता अनुसार यस नियमावलीको अनुसूचीहरुमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

३६. **खारेजी र बचाउ:** (१) धितोपत्र कारोवार नियमावली, २०५० को परिच्छेद २ र परिच्छेद ७ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज भएका नियम बमोजिम भएगरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची–१

(नियम ६ सँग सम्बन्धित)

### अध्यक्ष/सदस्यको शपथ ग्रहणको ढाँचा

म ……… ईश्वरको नाममा सत्य र निष्ठापूर्वक शपथ लिन्छु कि बोर्डको अध्यक्ष/सदस्यको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान र विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी बोर्ड प्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच र मोलाहिजा नगरी ईमानदारी साथ धितोपत्र सम्बन्धी कानून अनुसार काम गर्नेछु। बोर्डलाई कुनै हानी नोक्सानी र पूँजीबजारको विकास विपरित हुने गरी कुनै काम गर्ने छैन। पदीय दायित्व निर्वाह गर्दा मलाई ज्ञात हुन आएको कुनै गोप्य जानकारी वा सूचना अधिकार प्राप्त पदाधिकारी बाहेक अरु कसैलाई म सदस्य पदमा वहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने वा त्यस्तो सूचना निजी लाभको लागि प्रयोग गर्ने छैन।

| सपथ ग्रहण गर्नेको : | सपथ ग्रहण गरेको प्रमाणित गर्ने : |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | कार्यालयः |
| | मितिः |

## अनुसूची – २

(नियम १५ को उपनियम (१) संग सम्बन्धित)

### धितोपत्र सम्बन्धी कसुरको उजुरी दिने ढाँचा

श्री नेपाल धितोपत्र बोर्ड मिति :

काठमाण्डौ।

विषय : धितोपत्र सम्बन्धी कसूर गरेको उजुरी।

नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम १५बमोजिम देहायको विवरण खोली उजुरी निवेदन गर्न आएको छु।

१. धितोपत्र सम्बन्धी कसूर गर्ने व्यक्तिको नाम, थर, ठेगाना :
२. कसूर गर्ने व्यक्ति कुनै कम्पनी वा संगठित संस्थामा कार्यरत भएमा सो को विवरण :
३. कसूरको पूरा विवरण :
४. कसूर गरेको मिति :

५. उजुरवालाले थाहा पाएको मिति :
६. कसूरको व्यहोरालाई पुष्ट्याई गर्ने कुनै प्रमाण भए सोको विवरण :
७. कसूरबाट उजुरवालालाई कुनै हानी नोक्सानी वा क्षति पुगेको भए सो सम्बन्धी विवरण :
८. कसूरको विषयलाई लिएर अन्य कुनै निकायमा उजुरी गरेको भए सो निकायको नाम र निर्णय व्यहोरा :
९. आफ्नो नाम गोप्य राख्न चाहेमा त्यसको कारण र व्यहोरा :
१०. उजुरवाला स्वयं मर्कामा परेको हो वा मर्का पर्ने व्यक्तिका तर्फबाट उजुर गरेको हो सो कुरा :
११. धितोपत्र सम्बन्धी कसूरको कार्यबाट प्रतिकुल असर पर्ने व्यक्तिले उजुर गर्न नसकेको भए सो को कारण :

माथि लेखिएको व्यहोरा ठिक साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम सजाय सहुला बुझाउँला ।

उजुरवालाको दस्तखतः
नाम थरः
ठेगानाः
फोनः
फ्याक्सः
इमेलः

उजुरवाला कुनै संगठित संस्था वा कार्यालयमा कार्यरत भएमाः

कार्यालयको नामः
कार्यरत पदः
कार्यालयको ठेगानाः

द्रष्टव्यः

१. उपरोक्त ढाँचा सामान्य हो सकभर माथिका सवै कुरालाई स्पष्ट खुलाउनु पर्नेछ ।
२. आफूसंग रहेको प्रमाणको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने छ र अन्यत्र रहेको प्रमाणको सम्बन्धमा कहाँ र को संग रहेको छ सो व्यहोरा खुलाउनुपर्नेछ ।

## अनुसूची–३

(नियम १५ को उपनियम (३) सँग सम्बन्धित)

**उजुरी दर्ता किताव**

| क्र. सं. | उजुरवालाको नाम, ठेगाना | कसुरवालाको नाम, ठेगाना | दर्ता मिति | कसूरको किसिम | माग दाबी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची – ४

(नियम १९ को उपनियम (२) संग सम्बन्धित)

**तारेख पर्चाको ढाँचा**

नेपाल धितोपत्र बोर्डबाट जारी भएको ........................................बस्ने.........................

............को नामको

तारेख पर्चा

**मुद्दाः**

बोर्डमा देहायको मिति र समयमा उपस्थित हुन आउनु होला ।

मिति समय तारेख दिने कर्मचारीको दस्तखत र मिति

## अनुसूची – ५

(नियम २२ को उपनियम (२) संग सम्बन्धित)

## बरामदी मूचुल्का

लिखितम............जिल्ला............गा.वि.स. । न.पा. बस्ने को नाती ......को छोरा । छोरी वर्ष ........को (कम्पनी कार्यालय भए नाम, ठेगाना) .....घर स्थानमा कानूनको रीत पुऱ्याई प्रबेश गरेका हामी तपसीलका व्यक्तिहरुले ..............................मा खानतलासी गर्दा तपसीलका स्थानहरुमा तपसील बमोजिमका नगद।मालबस्तु। कागजरप्रमाण।उपकरणमा रहेका सूचना तथ्यांक फेला परेकोले सो नगद तथा समानहरु तहकिकातको सिलसिलामा बोर्डमा दाखिल गर्न लैजान परेकोले सो नगद तथा समानहरु तहकिकातको लागि लैजान खानतलासी तथा वरामदी मुचुल्का गरिदिनु होस भनी नेपाल धितोपत्र बोर्डबाट खटी आएको डोरले भन्दा हाम्रो चित्त बुझ्यो यसमा तपसिलमा लेखिएको व्यहोरा ठिक साँचो हो भनी लेखि लेखाई सोही डोर मार्फत बोर्डमा चढायौं ।

## तपसील

(१) खानतलासीमा फेला परेका नगद । जिन्सी । कागज । उपकरण । सूचना र तथ्यांकको विवरण

१.

२.

३.

(२) बरामद गरी लगेको नगद । जिन्सी कागज । उपकरण आदीको विवरण

१.

२.

३.

(४) खानतलासी बरामद गराई दिने व्यक्तिहरुः

(५) रोहवरः

(क) बरामद भए बाहेकका नगद/जिन्सी कागज प्रमाण र उपकरण जिम्मा लिने व्यक्तिको नाम थर र पद,

(ख) बरामद सामानको भपाई बुझ्नेको नाम थर ठेगाना र दस्तखत

(ग) स्थानिय निकायका प्रतिनिधी (भएसम्म)

(घ) आरोपित व्यक्ति (सम्भव भएसम्म)

बरामदी सामानको भपाई तपाईलाई बुझाई माथी उल्लेखित बरामदी सामान लिई गएका छौ ।

काम सम्पन्न गर्ने कर्मचारीहरुः

१.

२.

३.

ईति सम्बत् ............साल...................मंहिना..................गते ...............रोज शुभम् ।

❖❖❖

लागू मितिः २०६४।७।१९
पहिलो संशोधन लागू मितिः २०६६।३।१८
दोस्रो संशोधन लागू मिति : २०७९।५।२६
अनुसूचि संशोधन लागू मिति :२०७९।५।२६

# धितोपत्र बजार संचालन नियमावली, २०६४

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "धितोपत्र बजार संचालन नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ग) "धितोपत्र बजार" भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्र खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ ।

(घ) "अनुमतिपत्र" भन्नाले धितोपत्र बजार संचालन गर्न ऐन बमोजिम बोर्डबाट प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ङ) "संचालक" भन्नाले धितोपत्र बजारको संचालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले संचालक समितिको अध्यक्षलाई समेत जनाउनेछ ।

(च) "अध्यक्ष" भन्नाले धितोपत्र बजारको संचालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले धितोपत्र बजारको सदस्यता प्राप्त धितोपत्र दलाल वा धितोपत्र व्यापारी सम्झनु पर्छ ।

## परिच्छेद – २

## सिफारिस तथा अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **बोर्डको सिफारिस लिनुपर्ने :** (१) धितोपत्र बजार संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम सीमित दायित्वको संगठित संस्था संस्थापना गर्न चाहनेले त्यस्तो संस्था संस्थापना गर्नु अघि बोर्डबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस प्राप्त गर्न अनुसुची-१ बमोजिमको ढाँचामा

अनुसुची-२ बमोजिमको निवेदन दस्तुर र प्रस्तावित धितोपत्र बजारको देहायको विवरण तथा कागजात सम्लग्न गरी बोर्डसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रस्तावित प्रबन्धपत्र र नियमावली,

(ख) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) आगामी तीन आर्थिक वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक योजना,

(घ) संस्थापकहरु वीच धितोपत्र बजार संस्थापन गर्ने सम्बन्धमा कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

(ङ) संस्थापकले ग्रहण गर्ने स्वामित्व सम्बन्धी विवरण,

(च) धितोपत्र बजार संस्थापन गर्न चाहने संस्थापक कम्पनी वा संगठित संस्थाको अनुसूची–३ बमोजिमको विवरण तथा कागजात,

(छ) धितोपत्र बजारको प्रथम संचालकको सम्बन्धमा अनुसूची–४ बमोजिमको विवरण,

(ज) धितोपत्र सुचिकरण, सदस्यता प्रदान, धितोपत्र कारोवार संचालन तथा कारोवार राफसाफ सम्बन्धमा अवलम्बन गरिने व्यवस्थाको संक्षिप्त विवरण,

(झ) धितोपत्र बजार संचालनका लागि तयार गरिने पूर्वाधार सम्बन्धी देहायको विवरण:-

१. कार्यालय रहने स्थान तथा कार्यालयले ओगटने क्षेत्रफल सम्बन्धी विवरण,

२. संगठन संरचना तथा कार्य बिभाजन सम्बन्धमा गरिने व्यवस्था,

३. धितोपत्र कारोवार संचालनका लागि तयार गरिने कारोवार स्थल, स्वचालित कारोवार तथा राफसाफ प्रणाली, कार्यालय उपकरण तथा प्रविधि सम्बन्धी विवरण,

४. धितोपत्र कारोबारको सुरक्षाका लागि गरिने व्यवस्था सम्बन्धी विवरण,

५. धितोपत्र बजार तथा कारोवारको सूचना प्रणाली तथा संचार साधन सम्बन्धमा गरिने ब्यबस्था सम्बन्धी विवरण,

६. धितोपत्र कारोवारको अभिलेख राख्न तथा अभिलेखको सुरक्षा गर्न गरिने व्यवस्था ।

(ञ) धितोपत्र बजार संचालनका लागि तयार गरिने पूर्वाधार अनुसार धितोपत्र बजारले सदस्यता प्रदान गर्न सक्ने धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अधिकतम संख्या ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन वा आवश्यकता अनुसार निवेदकसंग अन्तवार्ता समेत लिन सक्नेछ ।

(४) बोर्डले सिफारिस प्रदान गर्नु अघि उपनियम (२) वा (३) बमोजिम पेश गरेको विवरणमा कुनै परिवर्तन आएमा निवेदकले बोर्डलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा ऐनले गरेको व्यवस्थाको आधारमा सिफारिसका लागि उपयुक्त देखेमा बोर्डले दर्ताका लागि सिफारिस प्रदान गर्नेछ ।

४. **अनुमतिपत्रका लागि निवेदन दिनु पर्नेः** (१) धितोपत्र बजार संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्थाले त्यसरी दर्ता भएको मितिले छ महिना भित्र अनुमतिपत्रका लागि अनुसुची-५ बमोजिमको ढाँचामा बोर्डसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिने निवेदनसाथ अनुसुची-२ बमोजिमको अनुमतिपत्र दस्तुर बुझाएको प्रमाण र देहायको विवरण तथा कागजात समेत सम्लग्न भएको हुनु पर्नेछः-

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,
(ग) चुक्ता पूँजी प्रमाणित गर्ने कागजात,
(घ) संगठित संस्था दर्ता भए देखिको अद्यावधिक बैंक स्टेटमेन्ट,
(ङ) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(च) आर्थिक वर्ष समाप्त भएको भए प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरिएको र लेखा परीक्षण भएको वित्तीय विवरण,
(छ) धितोपत्र सूचिकरण, धितोपत्र बजारको सदस्यता, धितोपत्र कारोवार संचालन तथा कारोवार राफसाफ सम्बन्धी बिनियमावलीको मस्यौदा,
(ज) संचालक तथा कर्मचारीले पालन गर्नु पर्ने आचार संहिताको मस्यौदा,
(झ) धितोपत्र बजार संचालनका लागि कुनै पूर्वाधार तयार गरिसकेको भए तत्सम्बन्धी विवरण,
(ञ) संस्थापकले ग्रहण गरेको स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण,
(ट) कार्यकारी प्रमुखको सम्बन्धमा अनुसूची-४ बमोजिमको विवरण,
(ठ) नियम ३ बमोजिम सिफारिसका लागि पेश गरेको कागजात तथा विवरणमा कुनै परिवर्तन आएको भए सो सम्बन्धी विवरण,
(ड) बोर्डले समय समयमा तोकेको अन्य विवरण तथा कागजात ।

५. **अनुमतिपत्र प्रदान गर्नेः** (१) नियम ४ बमोजिम प्राप्त निवेदन र सम्लग्न विवरण तथा कागजात जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकसंग कुनै थप विवरण वा कागजात माग गर्न, पेश गरेको विवरण वा कागजात स्पष्ट गराउन वा संशोधन गर्न लगाउन सक्नेछ ।

(२) बोर्डले अनुमति पत्र प्रदान गर्नु अघि नियम ३ वा नियम ४ बमोजिम पेश गरेको विवरणमा कुनै परिवर्तन आएमा निवेदकले बोर्डलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(३) निवेदकले निवेदनसाथ पेश गरेको विवरण तथा कागजातबाट धितोपत्र बजार संचालन गर्न ऐनको दफा ३८ तथा यस नियमावलीद्वारा निर्दिष्ट व्यवस्था पूरा गरेको देखिएमा अनुसूची-६ बमोजिमको ढाँचामा बोर्डले अनुमतिपत्र प्रदान गर्नेछ ।

६. **पूर्वाधार तयार गर्नु पर्ने:** (१) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त धितोपत्र बजारले अनुमतिपत्र प्राप्त गरेको छ महिनाभित्र धितोपत्र बजार संचालनका लागि आवश्यक पूर्वाधार तयार गर्नु पर्नेछ ।

(२) धितोपत्र बजारले उपनियम (१) बमोजिमको समयभित्र आवश्यक पूर्वाधार तयार गर्न नसकी थप समय माग गरेमा बोर्डले बढीमा छ महिनाको समयावधि थप गरिदिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम तोकिएको वा उपनियम (२) बमोजिम थप गरिएको समयभित्र धितोपत्र बजारले देहायका कुराहरु खुलाई बोर्डलाई जानकारी दिनु पर्नेछ :-

(क) नियम ३ को उपनियम (२) को खण्ड (झ) अनुसारका पूर्वाधार सम्बन्धमा धितोपत्र बजारले गरेको व्यवस्था सम्बन्धी विवरण,

(ख) अनुसूची–७ बमोजिमको ढाँचामा जनशक्ति व्यवस्था सम्बन्धी विवरण ।

(४) उपनियम (३) बमोजिम जानकारी प्राप्त भएको तीस दिन भित्र धितोपत्र बजारले तयार गरेको पूर्वाधार सम्बन्धमा बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्नेछ ।

(५) उपनियम (४) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा धितोपत्र बजारले तयार गरेको पूर्वाधार धितोपत्र बजार संचालनका लागि अपर्याप्त देखिएमा बोर्डले निश्चित समय तोकी धितोपत्र बजारलाई थप व्यवस्था गर्न लगाउन सक्नेछ ।

(६) धितोपत्र बजारले तयार गरेको पूर्वाधार सम्बन्धमा बोर्डले निरीक्षण तथा जाँचबुझ गरी सहमति प्रदान गरेपछि मात्र धितोपत्र बजारले बजार संचालन गर्न सक्नेछ ।

(७) धितोपत्र बजारले यस नियमावली बमोजिम अनुमति पत्र प्राप्त गरेको छ महिनाभित्र एक जना नियम पालना अधिकृत (कम्प्लायन्स अफिसर) तोकी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

७. **संचालनमा रहेको धितोपत्र बजारले अनुमतिपत्र लिनुपर्ने:** (१) ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको नेपाल धितोपत्र विनिमय बजारले अनुमति पत्र प्राप्त गर्नको लागि अनुसुची–५ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने धितोपत्र बजारले यो नियमावली लागू भएको छ महिनाभित्र अनुसुची–२ बमोजिमको अनुमतिपत्र दस्तुर बुझाएको प्रमाण र ऐन तथा यो नियमावली अनुकूल हुने गरी तयार गरिएको देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछ :-

(क) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ख) प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) धितोपत्र बजारको सदस्य सम्बन्धी प्रस्तावित विनियमावली,

(घ) धितोपत्र सूचिकरण सम्बन्धी प्रस्तावित विनियमावली,

(ङ) धितोपत्र कारोवार संचालन तथा कारोवार राफसाफ सम्बन्धी प्रस्तावित विनियमावली,

(च) संगठन ढाँचा तथा कार्य विभाजन सम्बन्धी अद्यावधिक विवरण,

(छ) धितोपत्र बजार संचालनका लागि उपलब्ध पूर्वाधारहरुका आधारमा धितोपत्र बजारले सदस्यता प्रदान गर्न सक्ने धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अधिकतम संख्या,

(ज) अनुसूची–७ बमोजिमको ढाँचामा नेपाल धितोपत्र विनिमय बजारको जनशक्ति सम्बन्धी अद्यावधिक विवरण,

(झ) संचालक तथा कर्मचारीको आचार संहिता ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल धितोपत्र विनिमय बजारले साविकमा बुझाएको धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र दस्तुर कट्टा गरी बाँकी दस्तुर मात्र बुझाउन सक्नेछ ।

(४) ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको नेपाल धितोपत्र विनिमय बजारले अनुमतिपत्र प्राप्त गरेको छ महिना भित्र एक जना नियम पालना अधिकृत (कम्प्लायन्स अफिसर) तोकी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

८. **अनुमतिपत्र नवीकरण:** धितोपत्र बजारले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अनुसुची-२ बमोजिमको बार्षिक शुल्क सहित अनुसूची–८ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिई अनुमति पत्र नवीकरण गराउनु पर्नेछ ।

९. **अनुमतिपत्र निलम्बन वा खारेजः** (१) धितोपत्र बजारको अनुमतिपत्र निलम्बन, खारेज वा अन्य कारवाही सम्बन्धी व्यवस्था नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली अनुसार हुनेछ ।

(२) बोर्डले धितोपत्र बजारको अनुमतिपत्र निलम्बन वा खारेज गर्दा राफसाफ हुन बाँकी धितोपत्र कारोबार तथा दायित्व लगायतका सम्बन्धमा आवश्यक व्यवस्था समेत तोकिदिन सक्नेछ ।

## परिच्छेद – ३
## धितोपत्र बजारको विनियमावली सम्बन्धी व्यवस्था

१०. **विनियमावलीमा समावेश हुनुपर्ने व्यवस्था:** (१) धितोपत्र बजारले विनियमावलीमा कम्तीमा देहायका व्यवस्थाहरु समावेश गरेको हुनुपर्नेछ :-

(क) धितोपत्र सूचिकरण सम्बन्धी बिनियमावलीमा,-

१. धितोपत्रको किसिम अनुसार सूचिकरणको स्तर, सुचिकरण प्रकृया, सूचिकरण स्थगन, सूचिकरण खारेजी तथा पुनः सूचिकरण सम्बन्धी व्यवस्था,

२. सुचिकृत संगठित संस्थाले पालना गर्नु पर्ने शर्त सम्बन्धी व्यवस्था,

३. सूचिकृत संगठित संस्थाको आवधिक बित्तिय विवरण तथा अन्य सूचना प्राप्त गर्ने तथा लगानीकर्ताको जानकारीको लागि त्यस्ता सूचना तथा विवरण प्रवाह गराउने व्यवस्था,

४. सूचिकृत संगठित संस्थाको वर्गीकरण गर्ने भएमा सो सम्बन्धी आधार,

५. धितोपत्रको सूचीकरण शुल्क सम्बन्धी व्यवस्था ।

६. सूचिकृत संगठित संस्थाको सुशासन सम्बन्धी व्यवस्था,

७. सूचीकृत संगठित संस्था तथा सूचिकृत धितोपत्र सम्बन्धी अभिलेख राख्ने व्यवस्था ।

(ख) धितोपत्र बजारको सदस्यता सम्बन्धी विनियमावलीमा,-

१. सदस्यता प्रदान तथा नवीकरण सम्बन्धी व्यवस्था,

२. सदस्यता शुल्क, सदस्यता नविकरण तथा सदस्यबाट प्राप्त गर्ने अन्य शुल्क सम्बन्धी व्यवस्था,

३. सदस्यको अनुगमन तथा निरीक्षणसम्बन्धी व्यवस्था,

४. कुनै अनियमित कार्य गरेमा वा ऐन र सो अन्तर्गतको नियम तथा विनियमले गरेको व्यवस्थाको पालना नगरेमा सदस्यलाई अनुशासित गराउने वा अन्य आवश्यक कारवाही सम्बन्धी प्रकृया र व्यवस्था,

५. सदस्यले ग्राहकको सम्बन्धमा राख्नुपर्ने विवरण सम्बन्धी व्यवस्था ।

(ग) धितोपत्र कारोबार संचालन तथा कारोवार राफसाफ सम्बन्धी बिनियमावलीमा,-

१. धितोपत्र कारोबार संचालन प्रकृया तथा कारोबार स्थल सम्बन्धी व्यवस्था,

२. धितोपत्र कारोवारको हिसाब फछ्र्यौट, राफसाफ तथा धितोपत्रको नामसारी सम्बन्धी व्यवस्था,

३. लगानीकर्ता तथा धितोपत्र कारोबार सम्बन्धी अभिलेख तथा कागजात व्यवस्थित तथा सुरक्षित राख्ने सम्बन्धी व्यवस्था,

४. ग्राहकको आदेश र कारोवारको करार नोट जारी सम्बन्धी व्यवस्था,

५. धितोपत्र कारोबारको अनुगमन सम्बन्धी व्यवस्था,

६. धितोपत्रको बजार मूल्य अस्वाभाविक रुपमा परिवर्तन भएको अवस्थामा कारोवार स्थगन गर्ने प्रकृया सम्बन्धी व्यवस्था,

७. धितोपत्र कारोबार सम्बन्धमा सदस्य वीचको आपसी विवाद तथा लगानीकर्ताको गुनासा व्यवस्थापन सम्बन्धी व्यवस्था,

८. लगानीकर्ताको जानकारीका लागि धितोपत्र कारोबार तथा बजार सम्बन्धी अन्य जानकारी प्रवाह गराउने व्यवस्था तथा प्रकृया,

९. धितोपत्र कारोबार गरी समयमै राफसाफ गर्न नसकेमा वा धितोपत्रको खराव हस्तान्तरण (ब्याड डेलिभरी) को अवस्था भएमा सम्बन्धित सदस्य उपर गरिने कारवाही र राफसाफका लागि अवलम्बन गरिने व्यवस्था,

१०. बिभिन्न किसिमका धितोपत्रको फरक फरक कारोवार गर्ने भए तत्सम्बन्धी व्यवस्था,

११. रकम तथा प्रमाणपत्र लेनदेन तथा कारोवार सम्बन्धमा सदस्यले ग्राहकलाई दिनु पर्ने निस्सा, सूचना तथा जानकारी सम्बन्धी व्यवस्था,

१२. सदस्यले धितोपत्र कारोबार गर्नु अघि राख्नुपर्ने धरौटी सम्बन्धी व्यवस्था ।

(२) धितोपत्र बजारले उपनियम (१) बमोजिम बनाएका बिनियमहरु बोर्डबाट स्वीकृती लिएर मात्र लागू गर्नु पर्नेछ ।

(३) बोर्डले निश्चित समय तोकी धितोपत्र बजारको बिनियमावलीमा संशोधन गर्नु पर्ने व्यहोरा समेत उल्लेख गरी विनियमावली संशोधन गर्न वा आवश्यकता अनुसार नयाँ बिनियमावली बनाउन आदेश दिएमा तोकिएको समयभित्र धितोपत्र बजारले संशोधित वा नयाँ बिनियमावलीको मस्यौदा तयार गरी स्वीकृतीको लागि वोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ४
## पूँजी तथा स्वामित्व सम्बन्धी व्यवस्था

११. **धितोपत्र बजारको पूँजी:** [१](१) धितोपत्र बजारको चुक्ता पूँजी कम्तीमा तीन अर्व रुपैयाँ हुनुपर्नेछ ।

[२](१क.) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र बजारलाई चुक्ता पूँजी तीन अर्व पुर्याउन अनिवार्य हुने छैन ।

(२) बोर्डले धितोपत्र कारोबारको स्थिति र धितोपत्र बजारको आर्थिक श्रोतको आवश्यकता हेरी उपनियम (१) बमोजिम तोकिएको पूँजी बृद्धि गर्नु पर्ने गरी तोकिदिन सक्नेछ ।

[३](३) धितोपत्र बजारले कारोबार संचालन गरेको दुई वर्षभित्र आफ्नो जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पर्नेछ ।

तर यो नियम प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र बजारलाई यो व्यवस्था लागु हुने छैन ।

१२. **धितोपत्र बजारको स्वामित्व:** [४](१) कानुन बमोजिम स्थापन भएको प्राईभेट कम्पनी वा संगठित संस्थाले मात्र धितोपत्र बजारको संस्थापक शेयर ग्रहण गर्न सक्नेछ ।

[५](२) कुनै एक कम्पनी वा संगठित संस्था वा त्यस्तो संस्थाको संचालक वा शेयरधनी र निजका नजिकको नातेदार रहेका कम्पनीले धितोपत्र बजारको कूल शेयर पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी अंश ग्रहण गर्न पाउने छैन ।

**स्पष्टीकरण :** नजिकको नातेदार" भन्नाले एकाघरको परिवार वा सासु, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजु, बुहारी, साला, साली, भिनाजु, काका, काकी, मामा, माइजु, नाति, नातिनी, नातिनी बुहारी, भान्जा, भान्जी, फुपु, फुपाजु, भतिजा, भतिजी, भदा, भदै तथा ति नाताहरुको श्रीमान, श्रीमती, छोरा बुहारी वा छोरी ज्वाईसमेतको नातेदार सम्झनु पर्छ ।

---

१ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

२ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

३ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

४ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

५ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

(३) उपनियम (१) तथा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको नेपाल धितोपत्र विनिमय बजारको हकमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा नेपाल औद्योगिक विकास निगमले अन्यथा व्यवस्था नगरेसम्म हालको स्वामित्व संरचना कायम राख्न बाधा पर्ने छैन ।

(४) उपनियम (२) बमोजिम तोकिएको अधिकतम स्वामित्वको सीमामा बोर्डले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले नेपाल सरकारको स्वीकृती लिई आवश्यक शर्त तथा प्रकृया तोकी उपनियम (१) मा उल्लिखित कम्पनी वा संगठित संस्था बाहेकका अन्य पक्षले समेत धितोपत्र बजारको शेयर ग्रहण गर्न सक्ने व्यवस्था गर्न सक्नेछ ।

[६](६) नेपाल बाहेक अन्य मुलुकमा धितोपत्र बजार संचालन गरिरहेको कम्पनी वा संगठित संस्थाले धितोपत्र बजारको स्वामित्व ग्रहण गर्ने भएमा सम्बन्धित मुलुकको नियमनकारी निकायबाट धितोपत्र बजार सञ्चालन गर्ने अनुमति प्राप्त गरी विगत दश वर्षदेखि धितोपत्र बजार सञ्चालन गरिरहेको तथा प्रचलित कानून बमोजिम नेपालमा लगानी वा व्यवसाय गर्न अनुमति प्राप्त गरेको वा नेपाल सरकारले स्वीकृती दिएको हुनु पर्नेछ ।

१३. **स्वामित्व ग्रहण गर्न नसक्ने अवस्थाः** देहायको अवस्था भएको कम्पनी वा संगठित संस्था धितोपत्र बजारको शेयर स्वामित्व ग्रहण गर्न योग्य हुने छैनः-

(क) साहूको ऋण तिर्न नसकी दामासाहीको कारवाहीमा परेको,

(ख) प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगरेको,

(ग) वित्तीय विवरण सार्वजनिक गर्नु पर्ने कम्पनी वा संगठित संस्थाको हकमा लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको बित्तीय विवरण सार्वजनिक नगरेको,

(घ) अर्को कुनै धितोपत्र बजारको शेयरधनी रहेको ।[६]

[७](ङ) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचिमा रहेको वा कालो सूचिबाट हटेको कम्तीमा ६ महिना पुरा नभएको,

[८](च) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनीले बोर्ड वा कुनै नियमनकारी निकायबाट कारवाहीमा परेको ६ महिना पुरा नभएको,

[९](छ) कम्पनी वा संगठित संस्थाको कुनै शेयरधनी बैंकिङ्ग कसुर, जालसाजी वा ठगी, भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण तथा नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कैद सजायँ पाई त्यस्तो कैद सजाँय भुक्तान भएको तीन वर्ष पुरा नभएको ।

[१०](ज) धितोपत्र व्यवसायी ।

---

६ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

७ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

८ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

९ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

१० धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

१४. **स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) धितोपत्र बजारको शेयरधनीले आफूले ग्रहण गरेको शेयर अनुमतिपत्र प्राप्त भएको मितिले तीन वर्ष पूरा नभए सम्म बिक्री गर्न सक्ने छैन ।

(२) उपनियम (१) बमोजिम तोकिएको समय समाप्त भई धितोपत्र बजारको कुनै शेयर बिक्री भएकोमा त्यस्तो शेयर बिक्री भएको मितिले एक वर्ष पुरा नभए सम्म पुनः बिक्री गर्न सकिने छैन ।

(३) धितोपत्र बजारको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री गर्न चाहेमा सम्बन्धित धितोपत्र बजार मार्फत सहमतीका लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिने निवेदनसाथ शेयर खरिद गर्न चाहने कम्पनी वा संगठित संस्थाको अनुसूची–३ बमोजिमको विवरण तथा कागजात समेत सम्लग्न गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिमको निवेदन र सम्लग्न विवरण तथा कागजात जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

(६) उपनियम (३) बमोजिम पेश भएको निवेदन तथा संलग्न विवरण तथा कागजातको जाँचबुझ गरी बोर्डले ऐन तथा यस नियमावलीको अधीनमा रही शेयर बिक्रीको लागि सहमती प्रदान गर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत नेपाल धितोपत्र विनिमय बजारको शेयरधनी रहेको नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा नेपाल औद्योगिक विकास निगमलाई शेयर बिक्री गर्ने सम्बन्धमा यस नियमको बन्देज रहने छैन ।

१५. **शेयर बिक्री गर्नु पर्ने :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र व्यवसायीको कार्य गर्न बोर्डबाट प्रदान गरिएको अनुमतिपत्र खारेज भएमा वा धितोपत्र सूचिकरण गराएका संगठित संस्थाको धितोपत्रको सूचिकरण खारेज भएमा सम्बन्धित कम्पनी वा संगठित संस्थाले आफूले ग्रहण गरेको धितोपत्र बजारको शेयर अनुमतिपत्र वा सूचिकरण खारेज भएको मितिले तीन महिनाभित्र बिक्री गरिसक्नु पर्नेछ ।

(२) यो नियमावली प्रारम्भ हुँदाका बखत धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भैसकेको कम्पनी वा संगठित संस्थाले यो नियमावली प्रारम्भ भएको छ महिनाभित्र आफूले ग्रहण गरेको धितोपत्र बजारको शेयर बिक्री गरिसक्नु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम शेयर बिक्री गर्न नसकेमा सम्बन्धित कम्पनी वा संगठित संस्थाले ग्रहण गरेको शेयर धितोपत्र बजारले लिई तीन महिना भित्र यस नियमावली बमोजिम योग्यता पूरा भएको कम्पनी वा संगठित संस्थालाई बोल कबोल प्रणालीबाट बिक्री गरिदिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम शेयर बिक्री हुन नसकेमा बोर्डलाई जानकारी दिई धितोपत्र बजारले अन्य वैकल्पिक व्यवस्था अवलम्बन गर्न सक्नेछ ।

(५) यस नियम बमोजिम धितोपत्र बजारको शेयर बिक्री गर्दा यस नियमावली बमोजिम योग्यता पूरा भएको कम्पनी वा संगठित संस्थालाई मात्र बिक्री गर्नु पर्नेछ र त्यसरी बिक्री गरेको एक महिनाभित्र शेयर खरिद गर्ने कम्पनी वा संगठित संस्थाको सम्बन्धमा अनुसूची–३ बमोजिमको विवरण र कागजात तथा बोल कबोल प्रणालीबाट शेयर बिक्री गरिएको भए सो सम्बन्धी सम्पूर्ण विवरण सहित धितोपत्र बजारले बोर्डलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद – ५

## संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

[११]१६. **संचालकको योग्यता:** धितोपत्र बजारको संचालकको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) धितोपत्र बजारको कम्तीमा दुई तिहाइ संचालक अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा वाणिज्य कानून बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा उद्योग वा बाणिज्य वा वित्त वा लेखा वा कानून वा व्यवस्थापनका सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभव हासिल गरेको,

(ख) नेपाल सरकारले स्वीकृती दिएकोमा बाहेक नेपाली नागरिक भएको ।

[१२]**.१६क. कार्यकारी प्रमुखको योग्यता :** धितोपत्र बजारको कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

(क) धितोपत्र बजारको कार्यकारी प्रमुख अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा वाणिज्य कानून बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा वित्तिय क्षेत्र वा व्यवस्थापन सम्बन्धित कार्यमा कम्तीमा सात वर्ष उच्च व्यवस्थापकीय तहमा काम गरेको अनुभव सहित कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको,

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि उच्च व्यवस्थापकीय तह भन्नाले नेपाल सरकारको अधिकृत स्तरको कम्तीमा प्रथम श्रेणी वा सो सरह वा कम्पनी वा संगठित संस्थाको हकमा कार्यकारी प्रमुख वा सोको दुई तह मातहतसम्मको व्यवस्थपकीय नेतृत्वमा रहेको व्यक्ति सम्झनु पर्दछ ।

(ख) नेपाल सरकारले स्वीकृती दिएकोमा बाहेक नेपाली नागरिक भएको ।

१७. **संचालक तथा कार्यकारी प्रमुखको अयोग्यता:** देहायको अयोग्यता भएको व्यक्ति धितोपत्र बजारको संचालक वा कार्यकारी प्रमुख हुन सक्ने छैन :-

(क) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरिएको भए सजाँय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(ग) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाँय पाएको भए सजाँय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(घ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

---

११ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

१२ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

(ङ) प्रचलित कानून बमोजिम कर दाखिला नगरेको वा प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने कम्पनी वा संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

[१३](च) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचिमा रहेको वा कालो सूचीबाट हटेको कम्तीमा ६ महिना पुरा नभएको,

(छ) लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको बित्तीय विवरण सार्वजनिक नगर्ने सार्वजनिक निष्काशन गरेका संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(ज) अर्को कुनै धितोपत्र बजारमा आधारभूत शेयरधनी रहेको वा कुनै लाभको पद ग्रहण गरेको ।

[१४](झ) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी बोर्ड वा अन्य कुनै नियमनकारी निकायबाट कारवाहीमा परेको छ महिना पुरा नभएको,

[१५](ञ) कुनै धितोपत्र व्यवसायी संस्थामा लाभको पदमा रहेको ।

१८. **योग्यता सम्बन्धी व्यवस्थाको निरन्तरता**: (१) धितोपत्र बजारले आफ्नो संचालक तथा कार्यकारी प्रमुखको योग्यता सम्बन्धी व्यवस्था अनुमति पत्रको अवधि भर निरन्तर रुपमा कायम राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यता सम्बन्धी व्यवस्था कायम नरहेमा त्यसरी कायम नभएको मितिबाट सम्बन्धित संचालक वा कार्यकारी प्रमुख स्वत: हटेको मानिनेछ ।

(३) उपनियम (२) बमोजिमको अवस्था परेमा धितोपत्र बजारले बोर्डलाई तुरुन्त जानकारी दिई त्यस्तो अवस्था भएको तीस दिनभित्र धितोपत्र बजारले ऐन तथा यस नियमावलीको व्यवस्था बमोजिम कार्यकारी प्रमुख वा संचालकको नियुक्ति गरी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

१९. **संचालक तथा कार्यकारी प्रमुखको नियुक्ति:** (१) धितोपत्र बजारका संचालकहरुले आफू मध्येबाट संचालक समितिको अध्यक्षको चयन गर्नेछन् ।

(२) धितोपत्र बजारको कार्यकारी प्रमुखको नियुक्ति संचालक समितिले गर्नेछ ।

(३) एकै कम्पनी वा संगठित संस्थाबाट एक जना भन्दा बढी धितोपत्र बजारको संचालक हुन सक्ने छैन ।

(४) धितोपत्र बजारले यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त गरेको तीन महिना भित्र आफ्नो संचालक समितिमा देहाय बमोजिम योग्यता पुगेका कम्तीमा दुई जना स्वतन्त्र संचालक नियुक्त गर्नु पर्नेछ :-

(क) नियम १६ मा तोकिए बमोजिम संचालक हुने योग्यता पुगेको तथा नियम १७ बमोजिमको अयोग्यता नरहेको,

(ख) धितोपत्र बजार वा धितोपत्र व्यवसायी वा उक्त संस्थाहरुको शेयर ग्रहण गर्ने कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै लाभको पदमा नरहेको,

(ग) सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी नभएको ।

---

१३ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

१४ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

१५ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

(५) उपनियम (४) बमोजिम स्वतन्त्र संचालक नियुक्ति गर्नु अघि त्यस्तो संचालकको योग्यता पूरा भएको व्यहोरा सहित धितोपत्र बजारले बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(६) धितोपत्र बजारमा नयाँ संचालक वा कार्यकारी प्रमुख नियुक्त भएमा त्यसरी नियुक्त भएको सातदिन भित्र बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(७) उपनियम (५) वा (६) बमोजिम जानकारी दिंदा संचालक वा कार्यकारी प्रमुखको अनुसूची-४ बमोजिमको विवरण समेत पेश गर्नु पर्नेछ ।

(८) ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको नेपाल धितोपत्र विनिमय बजारले यो नियमावली लागू भएको मितिले एक बर्ष भित्र बोर्डलाई जानकारी दिई उपनियम (४) बमोजिम योग्यता पुगेको स्वतन्त्र संचालक नियुक्त गर्नु पर्नेछ ।

२०. **संचालक समितिको बैठक:** (१) धितोपत्र बजारको संचालक समितिको बैठक बर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्नेछ ।

तर दुईवटा बैठकको बीचको फरक दुई महिना भन्दा बढी हुनु हुँदैन ।

(२) कम्तीमा एक तिहाई संचालकले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत संचालक समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) कुनै संचालकको निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बैठकमा छलफल हुने भएमा सो बैठकमा त्यस्तो संचालकले भाग लिन पाउने छैन ।

२१. **संचालनमा रहेको धितोपत्र बजारका लागि लागू नहुने:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा नेपाल औद्योगिक विकास निगमले ग्रहण गरेको नेपाल धितोपत्र विनिमय बजारको शेयर बिक्री नगरेसम्म संचालक तथा कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धमा यस नियमावलीको व्यवस्था लागू हुने छैन ।

## परिच्छेद –६
## धितोपत्र कारोबार सम्बन्धी व्यवस्था

२२. **दर्ता भएको धितोपत्र मात्र कारोवार गराउनुपर्ने:** (१) धितोपत्र बजारले ऐन अनुसार निष्काशन भएको धितोपत्रको कारोवार गराउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र बजारले नेपाल सरकारले जारी गरेको धितोपत्र र बोर्डले तोके बमोजिमका अन्य धितोपत्रको कारोवार गराउन वाधा पर्ने छैन ।

[१६]**२२क. धितोपत्र बजारमा सूचीकरण गर्नुपर्ने :** धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले धितोपत्र कारोबारका लागि यस नियमावली बमोजिम स्थापना भई संचालनमा रहेको धितोपत्र बजारमा धितोपत्रको सूचीकरण गराउनु पर्नेछ ।

[१७]**२२ख. कारोबार प्रणाली सम्बन्धमा :** धितोपत्र बजारले धितोपत्र कारोबारको लागि कारोबार प्रणालीर सोसंग सम्बन्धित अन्य प्रविधि खरिद वा जडान गर्दा त्यस्तो कारोबार प्रणाली तथा प्रविधि नेपाल वाहेक अन्य मुलुकमा न्यूनतम दश वर्षदेखि निरन्तर संचालनमा रहेको कम्तीमा तीन वटा धितोपत्र बजार सञ्चालनले प्रयोग गरेको प्रणाली वा प्रविधि हुनु पर्नेछ ।

---

१६ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

१७ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

तर यो नियम प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र बजारले बोर्डले तोके बमोजिमको समयावधीभित्र त्यस्तो कारोबार प्रणाली तथा प्रविधि लागु गर्नु पर्नेछ ।

[१८]**२२ग. कारोबार प्रणाली तथा प्रविधिका लागि सहकार्य गर्न सक्ने :** धितोपत्र बजारले धितोपत्र कारोबारको लागि आवश्यक कारोबार प्रणाली र सोसंग सम्बन्धित अन्य प्रविधिका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरको ख्यातिप्राप्त धितोपत्र बजारसंग कारोबार प्रणाली एवं सुचना प्रविधिका सम्बन्धमा आवश्यक सहकार्य गर्न एवं प्राविधिक सहयोग लिन सक्नेछ । तर यस्तो सहकार्य गर्दा वा सहयोग लिँदा नेपाल सरकारको सहमति बिना धितोपत्र बजारको कारोबार प्रणालीको सर्भर, डाटा होस्टिङ्ग विदेशमा राख्न पाईने छैन ।

२३. **सूचिकरण नभएको धितोपत्रको कारोबारः** (१) धितोपत्र बजारले सूचिकरण नभएको वा सूचिकरण खारेज भएको धितोपत्रको खरिद, बिक्री वा विनिमय सम्बन्धी कारोबार व्यवस्थाका लागि ओभर द काउन्टर बजार संचालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कारोबार व्यवस्था गर्ने भएमा कारोबारको प्रकृया र व्यवस्था सम्बन्धी विवरण संलग्न गरी स्वीकृतीका लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी उपयुक्त देखिएमा बोर्डले स्वीकृती प्रदान गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्वीकृती प्रदान गर्दा बोर्डले आवश्यकता अनुसार शर्त तोकिदिन सक्नेछ ।

[१९]२३क. **सोझै खरिद गर्न सक्नेः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले नेपाल सरकार र अन्तर्राष्ट्रिय वा बहुराष्ट्रिय संघ संस्था वीच भएको सम्झौता बमोजिम खरिद गर्ने धितोपत्र धितोपत्र बजार बाहिरबाट सोझै खरिद गर्न सक्नेछ ।

(२) नेपाल सरकारले उपनियम (१) बमोजिम गरेको कारोबारको अभिलेख धितोपत्र बजारमा राखि राफसाफ गर्नु पर्नेछ ।

२४. **धितोपत्र बजारले कारोबार दस्तुर उठाउनेः** (१) ऐनको दफा ५० बमोजिम धितोपत्र बजारले बोर्डमा कारोबार दस्तुर बुझाउने प्रयोजनका लागि धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माताले धितोपत्र बजारमा जम्मा गरेको कारोवार दस्तुर वापतको रकम धितोपत्र बजारले प्रत्येक महिनाको मसान्त भित्र अघिल्लो महिनामा जम्मा भएको रकम बोर्डलाई बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्याद भित्र रकम नबुझाउने धितोपत्र बजारले ऐनको दफा ५० को उपदफा (३) बमोजिमको व्याजसमेत जोडी हुन आउने एकमुष्ठ रकम त्यस्तो म्याद समाप्त भएको तीन महिना भित्र बुझाउनु पर्नेछ ।

---

१८ धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

१९ धितोपत्र बजार संचालन (पहिलो संशोधन) नियमावली, २०६७ द्वारा थप

## परिच्छेद – ७

## अभिलेख, जानकारी तथा विवरण प्रवाह सम्बन्धी व्यवस्था

२५. **अभिलेख तथा विवरण राख्नुपर्ने**: (१) धितोपत्र बजारले प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार लेखा राखी नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

(२) धितोपत्र बजारले प्रचलित कानून बमोजिम राख्नुपर्ने अभिलेख तथा विवरणका अतिरिक्त आफ्नो कार्यालयमा देहायबमोजिमको अभिलेख यथार्थ र दुरुस्त राख्नुपर्नेछः-

(क) साधारण सभा, संचालक समिति तथा विभिन्न स्थायी समितिको निर्णय पुस्तिका,

(ख) धितोपत्र बजारको सदस्य तथा प्रतिनिधि सम्बन्धी विवरण,

(ग) सूचीकृत संगठित संस्था तथा सूचिकृत धितोपत्र सम्बन्धी विवरण,

(घ) सूचिकृत कम्पनीबाट प्राप्त बित्तिय विवरण तथा मूल्य सम्वेदनशील सूचना, जानकारी तथा विवरण सम्बन्धी अभिलेख,

(ङ) धितोपत्र बजारमा कारोबार भएको संगठित संस्थाको नाम, प्रत्येक धितोपत्रको मूल्य र परिमाण, कारोबारमा संलग्न व्यवसायी, कारोबार क्रम संख्या लगायतका विवरण,

(च) बोर्डले समय समयमा तोकिदिएको अन्य विवरण ।

(३) उपनियम (२) बमोजिम राख्नुपर्ने अभिलेखको ढाँचा बोर्डले तोकिदिन सक्नेछ ।

२६. **विवरण तथा प्रतिवेदन पेश गर्नुपर्नेः** (१) धितोपत्र बजारले देहाय बमोजिमको जानकारी, विवरण तथा प्रतिवेदन देहाय अनुसारको समयभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरणका साथै उक्त आर्थिक वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन,

(ख) प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र त्रैमासिक प्रतिवेदन,

(ग) प्रत्येक दिन भएको कारोबारको विवरण सोही दिन वा भोलिपल्ट कारोबार शुरु हुनु अगावै,

(घ) साधारण सभा समाप्त भएको मितिले तीस दिनभित्र साधारण सभामा पेश गरिएको प्रस्ताव तथा भएका निर्णय सम्बन्धी विवरण,

(ङ) धितोपत्र बजारले सदस्यता निलम्बन गरेमा, निलम्बन फुकुवा वा सदस्यता खारेज गरेमा त्यसरी सदस्यता निलम्बन, निलम्बन फुकुवा वा खारेज गरेको सात दिनभित्र सम्बन्धित व्यवसायीको नाम, कारवाहीको विवरण तथा कारवाही गर्नुपरेको कारण सहितको विवरण,

(च) बोर्डबाट माग भए अनुसार संचालक समिति तथा धितोपत्र बजारले गठन गरेको धितोपत्र सूचिकरण, धितोपत्र बजारको सदस्यता, धितोपत्र कारोबार

सञ्चालन तथा कारोबार राफसाफ, सुपरिवेक्षण तथा अनुशासन लगायतका बिषयका समितिको निर्णय बोर्डले तोकेको समय भित्र,

(छ) धितोपत्र बजारले धितोपत्र दलाल वा धितोपत्र व्यापारीको निरीक्षण गरेको अवस्थामा निरीक्षण समाप्त भएको तीस दिनभित्र तत्सम्बन्धी प्रतिवेदन,

(ज) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना, जानकारी तथा विवरण ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि म्याद भित्र धितोपत्र बजारले लेखा परीक्षण भएको वित्तीय विवरण पेश गर्न नसक्ने भएमा त्यस्तो विवरण पछि पेश गर्ने गरी व्यवस्थापनद्वारा प्रमाणित वित्तीय विवरण बोर्ड समक्ष पेश गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम व्यवस्थापनद्वारा प्रमाणित वित्तीय विवरण पेश गरिएको अवस्थामा पछि लेखा परीक्षण भएको वित्तीय विवरण पेश गर्दा व्यवस्थापनद्वारा प्रमाणित वित्तीय विवरण भन्दा फरक हुन गएका कुराहरु समेत समावेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) को खण्ड (क), (ख) तथा (ग) बमोजिम धितोपत्र बजारले बोर्ड समक्ष पेश गर्नु पर्ने विवरण तथा प्रतिवेदनको ढाँचा र सो प्रतिवेदनमा उल्लेख हुनुपर्ने विवरण समेत बोर्डले तोकिदिन सक्नेछ ।

(५) ऐनको दफा ४६ मा तोकिएको जानकारीका अतिरिक्त धितोपत्र बजारले देहायका कुराको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछः-

(क) धितोपत्र बजारको सदस्यले ऐन र सो अन्तर्गतका नियम, बिनियम तथा निर्देशिकामा भएका व्यवस्थाको उल्लघंन गरेको थाहा हुन आएमा,

(ख) सूचिकृत धितोपत्रको कारोवार स्थगन, कारोबार स्थगन फुकुवा तथा सूचिकरण खारेज गरेमा,

(ग) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख प्रचलित कानून बमोजिम कुनै कारवाहीमा परेमा,

(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा,

(ङ) धितोपत्र बजारले धितोपत्र सूचिकरण, धितोपत्र बजारको सदस्यता, धितोपत्र कारोबार सम्बन्धमा कुनै समिति गठन गरेमा उक्त समितिको संरचना, काम कर्तव्य तथा अधिकार सम्बन्धी जानकारी,

(च) खण्ड (ङ) बमोजिम गठन गरिएको समितिको संरचना, काम कर्तव्य तथा अधिकार परिवर्तन गरेमा वा विघटन गरेमा,

(छ) धितोपत्र बजारको व्यवस्थापन वा संगठन ढाँचामा कुनै परिवर्तन भएमा ।

२७. **लगानीकर्तालाई जानकारी गराउनुपर्ने** : (१) धितोपत्र बजारले कुनै सूचिकृत धितोपत्रको कारोवार स्थगन वा कारोवार स्थगन फुकुवा गरेमा त्यस्तो कार्य गरेकै दिन वा भोलिपल्ट कारोबार शुरु हुनु अगावै सो सम्बन्धी जानकारी सार्वजनिक गर्नु पर्नेछ ।

(२) धितोपत्र बजारले कुनै धितोपत्र सूचिकरण वा सूचिकरण खारेज गरेमा त्यस्तो कार्य गरेकै दिन वा भोलिपल्ट कारोबार शुरु हुनु अगावै सो सम्बन्धी जानकारी सार्वजनिक गरी त्यस्तो कार्य गरेको सात दिनभित्र राष्ट्रियस्तरको पत्र पत्रिकामा प्रकाशन समेत गर्नु पर्नेछ ।

(३) धितोपत्र बजारले सदस्यता प्रदान वा सदस्यता निलम्बन वा निलम्बन फुकुवा वा सदस्यता खारेज गरेमा त्यस्तो कार्य गरेकै दिन वा भोलिपल्ट कारोबार शुरु हुनु अगावै सो सम्बन्धी जानकारी सार्वजनिक गरी सदस्यता प्रदान वा खारेजी गरेको अवस्थामा त्यस्तो कार्य गरेको सात दिनभित्र राष्ट्रियस्तरको पत्र पत्रिकामा प्रकाशन समेत गर्नु पर्नेछ ।

(४) धितोपत्र बजारले प्रत्येक दिन धितोपत्र बजारमा कारोबार भएको संगठित संस्थाको नाम, प्रत्येक धितोपत्रको मूल्य र परिमाण, कारोबारमा संलग्न व्यवसायी, कारोबार क्रम संख्या लगायतका विवरण खुलाई सोही दिन वा भोलिपल्ट कारोबार शुरु हुनु अगावै सार्वजनिक गर्नु पर्नेछ ।

(५) सूचिकृत कम्पनीबाट प्राप्त वित्तीय विवरणका साथै धितोपत्रको मूल्यमा असर पर्ने प्रकृतिका कुनै पनि सूचना, जानकारी तथा विवरण धितोपत्र बजारले तुरुन्त सार्वजनिक गर्नु पर्नेछ ।

(६) धितोपत्र बजारले सार्वजनिक गर्नु पर्ने अन्य सूचना, जानकारी तथा विवरण बोर्डले समय समयमा तोकिदिन सक्नेछ ।

(७) उपनियम (५) बमोजिमका सूचना, जानकारी तथा विवरण प्राप्त भएको समय र सार्वजनिक गरिएको समय उल्लेख गरी धितोपत्र बजारले सो को अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद – ८
## विविध

२८. **धितोपत्र बजारले शाखा कार्यालय खोल्न सक्ने:** धितोपत्र बजारले बोर्डको स्वीकृती लिई नेपालराज्यको बिभिन्न स्थानमा शाखा कार्यालय खोल्न सक्नेछ ।

२९. **धितोपत्र बजारले सदस्यता प्रदान गर्नु पर्ने:** धितोपत्र दलाल वा धितोपत्र व्यापारीको रुपमा कार्य गर्न अनुमति पत्र प्राप्त कम्पनी वा संगठित संस्थाले धितोपत्र कारोवार गर्न बोर्डबाट प्राप्त अनुमति पत्र सहित धितोपत्र बजारको सदस्यताका लागि आवेदन गरेमा धितोपत्र बजारले एक महिना भित्र सदस्यता प्रदान गर्नु पर्नेछ ।

[२०]**२९क. जनशक्ति व्यवस्थापन सम्बन्धमा :** (१) धितोपत्र बजारको लागि आवश्यक पर्ने कारोबार प्रणाली वा प्रविधि सम्बन्धी व्यवस्थाका लागि बजारले सूचना प्रविधि प्रमुख सहित आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

---

२० धितोपत्र बजार संचालन (दोस्रो संशोधन) नियमावली, २०७९ द्वारा थप

(२) यस नियमावली बमोजिम धितोपत्र संचालन गर्न चाहने कम्पनी वा संगठित संस्थाले आफ्नो उद्देश्य अनुरुपको कार्य संचालन गर्नुअघि मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य कानुन वा व्यवस्थापन विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण गरेको व्यक्तिलाई कम्पनी वा संगठित संस्थाको नियम पालना अधिकृतको रुपमा तोकी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम तोकिएको नियम पालना अधिकृतले धितोपत्र सम्बन्धी ऐन तथा ऐन अन्तर्गत बनेको नियम वा सम्पत्ती शुद्दिकरण सम्बन्धी प्रचलित कानुन पालनाको अनुगमन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अनुगमन गर्दा ऐन, नियम तथा शुद्धीकरण सम्बन्धी प्रचलित कानुनको पालना नभएको पाइएमा बोर्ड तथा आफ्नो कार्यकारी प्रमुख वा संचालक समितिलाई अविलम्ब जानकारी गराउनु पर्नेछ ।

३०. **प्रबन्धपत्र तथा नियमावलीको संशोधन** : (१) धितोपत्र बजारले आफ्नो प्रबन्धपत्र तथा नियमावली संशोधन गर्नु परेमा बोर्डको पूर्व सहमति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सहमतिका लागि प्रबन्धपत्र तथा नियमावलीमा गर्नु पर्ने संशोधनको व्यहोरा खुलाई बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा बोर्डले सो को आवश्यकता र औचित्य हेरी सहमति प्रदान गर्नेछ ।

३१. **कारवाहीमा परेको धितोपत्र बजार तथा सम्बद्ध व्यक्तिको अभिलेख राख्ने:** (१) धितोपत्र सम्बन्धी कानून तथा बोर्डद्वारा जारी गरिएको निर्देशन वा आदेशको पालना नगरेको कारण ऐनको व्यवस्था बमोजिम कारवाहीमा परेको धितोपत्र बजार तथा सम्बन्धित कार्यकारी प्रमुख तथा संचालकको बोर्डले अभिलेख राख्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा समावेश भएको संगठित संस्था तथा व्यक्ति वा सो व्यक्ति संलग्न कुनै पनि कम्पनी वा संगठित संस्थालाई धितोपत्र सम्बन्धी कानून बमोजिम उपलब्ध हुने सेवामा बोर्डले रोक लगाउन सक्नेछ ।

३२. **यसै नियमावली बमोजिम हुने:** यस नियमावलीमा लेखिएको जतिमा यसै नियमावली बमोजिम र अरुमा ऐन अन्तर्गतका अन्य नियमावली बमोजिम हुनेछ ।

३३. **खारेजी र बचाउ :** (१) धितोपत्र कारोबार नियमावली, २०५० मा धितोपत्र बजार सम्बन्धमा व्यवस्था भएका सबै नियम खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज भएका नियम बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची– १

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

**धितोपत्र बजार संचालन गर्ने संगठित संस्था दर्ता गर्न सिफारिसको लागि दिने निवेदनको ढाँचा**

मितिः.............................

श्री नेपाल धितोपत्र बोर्ड

............................. ।

बिषयः धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाको रुपमा दर्ता गर्न सिफारिस पाउँ ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेका नियम, विनियम तथा अन्य प्रचलित कानूनको अधीनमा रही धितोपत्र बजार संचालन गर्ने इच्छा भएकोले धितोपत्र बजार संचालन गर्ने संगठित संस्था दर्ता गर्न सम्बन्धीत कार्यालयमा सिफारिस गरिदिनका लागि तोकिएको निवेदन दस्तुर, विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौ ।

हामीले धितोपत्र बजार संचालन गर्न तोकिएको योग्यता तथा व्यवस्थाहरु पुरा गरेका छौं । यस निवेदनसाथ सम्लग्न विवरण तथा कागजात सत्य तथ्य छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

प्रस्तावित धितोपत्र बजारको प्रथम संचालकहरु

| नाम : | दस्तखतः |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

## [२१]अनुसूची– २

(नियम ३ को उपनियम (२), नियम ४ को उपनियम (२), नियम ७ को उपनियम (२) तथा नियम ८ संग सम्बन्धीत)

**निवेदन दस्तुर, अनुमतिपत्र दस्तुर तथा बार्षिक शुल्क**

| | |
|---|---|
| १. सिफारिसको लागि निवेदन दस्तुर | रु. एक लाख |
| २. अनुमति पत्र दस्तुर | रु. एक करोड पचास लाख |
| ३. वार्षिक शुल्क | रु. दश लाख |

२१ बोर्ड संचालक समितिको मिति २०७९।०५।२४ को निर्णय द्वारा संशोधित

## अनुसूची– ३

(नियम ३ को उपनियम (२) को खण्ड (च), नियम १४ को उपनियम (४) तथा नियम १५ को उपनियम (५) संग सम्बन्धीत)

**<u>धितोपत्र बजारको संस्थापन गर्न वा शेयर खरिद गर्न चाहने कम्पनी वा संगठित संस्था सम्बन्धी विवरण</u>**

१. दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२. प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि,

३. कुनै विशेष ऐनद्वारा संस्था संस्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

४. धितोपत्र बजारको शेयर ग्रहण गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

५. प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको विगत तीन आर्थिक वर्षको वित्तीय विवरण तथा प्रत्येक वर्षमा गरेको काम कारवाही समेत समावेश गरिएको बार्षिक प्रतिवेदन,

(संस्थापना भएको तीन वर्ष पुरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा उपलब्ध बर्षको वित्तीय विवरण तथा प्रतिवेदन पेश गर्न सकिनेछ ।)

६. चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरधनीको नाम, पूरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्व विवरण,

७. कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको उद्घोषण,

८. कम्पनी वा संगठित संस्था वा कम्पनी वा संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

९. कर दर्ता प्रमाण,

१०. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

११. नियम १३ बमोजिम धितोपत्र बजारको स्वामित्व ग्रहण गर्न अयोग्यता नरहेको उद्घोषण,

१२. संचालक तथा कार्यकारी प्रमुखसम्बन्धी देहायका विवरण तथा कागजात,

(अ) पूरा नाम र ठेगाना,

(आ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै सम्लग्नता रहेको भए तत्सम्बन्धी विवरण ।

## अनुसूची–४

(नियम ३ को उपनियम (२) को खण्ड (छ), नियम ४ को उपनियम (२) को खण्ड (ट) तथा नियम १९ को उपनियम (८) संग सम्बन्धीत)

## संचालक/कार्यकारी प्रमुख सम्बन्धी विवरण

१. नामः
२. स्थायी ठेगानाः ...............अंचल................जिल्ला .................... गा. वि.स./न.पा./म. न. पा. टोल................वडा नं.........ब्लक नं......... फोन नंः........... फ्याक्सः............ इमेल .............
३. हालको ठेगानाः ..................अंचल...............जिल्ला ...................... गा. वि.स./न.पा./म. न. पा. टोल................वडा नं.........ब्लक नं......... फोन नंः.......... फ्याक्सः............इमेल ..............
४. बाबुको नामः
५. बाजेको नामः
६. पति वा पत्निको नामः
७. शैक्षिक योग्यताः
८. व्यवसायिक अनुभवः
९. तालिमः
१०. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको भए तत्सम्बन्धी विवरणः
११. धितोपत्र बजारको अन्य संचालक वा कार्यकारी प्रमुखसंग नाता सम्बन्ध भए सो सम्बन्धी विवरण,
१२. धितोपत्र दलाल वा धितोपत्र व्यापारीको संचालक, कार्यकारी प्रमुख वा प्रतिनिधिसँग नाता सम्बन्ध भए सो सम्बन्धी विवरण,
१३. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धि कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः
१४. धितोपत्र बजारको संचालक/कार्यकारी प्रमुख हुन योग्यता पूरा भएको तथा अयोग्यता नरहेको उद्घोषणः

दस्तखतः ..............................

सम्लग्न गर्नु पर्ने कागजातः

१. अघिल्लो आर्थिक बर्ष सम्मको कर दाखिला गरेको प्रमाण ।
२. कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए त्यस्तो सूचीबाट हटेको प्रमाणित गर्ने कागजात ।
३. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो समेत प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।
४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसूची– ५

(नियम ४ को उपनियम (१) तथा नियम ७ को उपनियम (१) संग सम्बन्धित)

**अनुमतिपत्रका लागि दिने निवेदनको ढाँचा**

मितिः..................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

विषयः अनुमतिपत्र पाउँ ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेको नियम, विनियम, व्यवस्था तथा अन्य प्रचलित कानूनको अधीनमा रही धितोपत्र बजार संचालन गर्ने इच्छा भएकोले तोकिएको विवरण तथा कागजात संलग्न गरी अनुमतिपत्र पाउँन यो निवेदन पेश गरेका छौ ।

यस निवेदनसाथ सम्लग्न विवरण तथा कागजात सत्य तथ्य छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

कार्यकारी प्रमुख तथा संचालकहरुः

नाम : दस्तखतः

१.

२.

३.

४.

निवेदक संगठित संस्थाः

नाम : .........................

ठेगानाः ...................अंचल................... जिल्ला ......................... गा. वि.स./न.पा./ म. न. पा.

टोल.................. वडा नं. ........ ब्लक नं......... फोन नंः ................ फ्याक्सः ............ इमेल .................

संगठित संस्थाको छापः

## अनुसूची–६

(नियम ५ को उपनियम (३) संग सम्बन्धित)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

**धितोपत्र बजार संचालन अनुमतिपत्र**

............................मा मुख्य कार्यालय रहेको श्री...................................लाई धितोपत्र सम्बन्धी ऐन तथा सो अन्तर्गत बनेका नियम, बिनियम तथा अन्य प्रचलित कानूनको अधीनमा रही धितोपत्र बजार संचालन गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको बहाली ..................सम्म रहनेछ ।

आधिकारिक दस्तखत :

नामः

पदः

मितिः

## अनुसूची–७

(नियम ६ को उपनियम (३) को खण्ड (ख) तथा नियम ७ को उपनियम (२) को खण्ड (ज) संग सम्बन्धित)

**जनशक्ति सम्बन्धी बिबरण**

| क्र. सं. | पूरा नाम | ठेगाना | नियुक्ति मिति | पद | कार्य जिम्मेवारी | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| | | | | | | फोटो |

## अनुसूची–८

(नियम ८ संग सम्बन्धित)

**अनुमतिपत्र नवीकरणको लागि दिने निवेदनको ढाँचा**

मिति : ....................

श्री नेपाल धितोपत्र बोर्ड

............................. ।

बिषयः अनुमतिपत्र नवीकरण गरी पाउँ ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम धितोपत्र बजार संचालन गर्न तहाँबाट प्राप्त अनुमति पत्र मिति . . . . . . . . सम्म कायम रहेकोले नवीकरण गरी पाउनका लागि अनुमतिपत्र तथा तोकिएको बार्षिक शुल्क यसै साथ संलग्न गरी पेश गरेको छु ।

आधिकारिक दस्तखत :

नाम :

पद :

संगठित संस्थाको छापः

❖❖❖

लागू मिति: २०६४।७।१९
अनुसूची संशोधन मिति: २०७३।०४।०५
पहिलो संशोधन मिति : २०७४।०२।०३
दोस्रो संशोधन मिति : २०७४।११।२१
तेस्रो संशोधन मिति : २०७६।११।०१
चौथो संशोधन मिति : २०७९।०५।२६
पाँचौ संशोधन मिति : २०७९।०५।२९

# धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "[१]धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ग) "संचालक" भन्नाले धितोपत्र दलाल र धितोपत्र व्यापारीको संचालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले संचालक समितिको अध्यक्षलाई समेत जनाउनेछ ।

(घ) "अनुमतिपत्र" भन्नाले नियम ४ बमोजिम बोर्डबाट धितोपत्र व्यवसाय गर्न प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ङ) "धितोपत्र दलाल" भन्नाले नियम २७ को उपनियम (१) बमोजिमको कार्य गर्न धितोपत्र दलालको रुपमा अनुमतिपत्र प्राप्त संगठित संस्था वा कम्पनी सम्झनु पर्छ ।

[२](च) .....................

(छ) "धितोपत्र व्यापारी" भन्नाले नियम २७ को उपनियम (३) बमोजिमको कार्य गर्न धितोपत्र व्यापारीको रुपमा अनुमतिपत्र प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

---

१ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधित

२ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा यस नियमावलीको ठाँउ ठाँउमा भएको बजार निर्माता भन्ने शब्द हटाइएको

(ज) "आधिकारिक प्रतिनिधि" भन्नाले धितोपत्र दलाल वा धितोपत्र व्यापारीको तर्फबाट ग्राहकसँग सम्पर्क तथा सम्झौता गर्ने प्रयोजनका लागि धितोपत्र दलाल, धितोपत्र व्यापारीले नियुक्त गरेको तथा नियम २१ बमोजिम बोर्डमा दर्ता भएको व्यक्ति सम्झनुपर्छ तर यस शब्दले धितोपत्र बजारको कारोवार स्थलमा उपस्थित भई धितोपत्र दलाल वा धितोपत्र व्यापारीको तर्फबाट कारोवार गर्ने व्यक्तिलाई जनाउने छैन ।

(झ) "धितोपत्र व्यवसायी" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ट) मा परिभाषित भए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २
## अनुमतिपत्रसम्बन्धी व्यवस्था

[३]३. **अनुमतिपत्रका लागि निवेदन दिनु पर्ने**: (१) बोर्डले यो नियमावली प्रारम्भ भएपछि तीस दिनको समय दिई इच्छुक संगठित संस्था वा कम्पनीबाट धितोपत्र दलाल र धितोपत्र व्यापारीको लागि निवेदन माग गर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्डले निवेदन माग गरेपछि धितोपत्र दलाल र धितोपत्र व्यापारीको रुपमा धितोपत्र व्यवसाय गर्न चाहनेले अनुमतिपत्र प्राप्त गर्नको लागि अनुसुची- १ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको निवेदन दस्तुर सहित देहायका विवरण तथा कागजात संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा अनुसुची-३ बमोजिमको विवरण,

(ख) निवेदक कम्पनी वा संगठित संस्थाको सम्बन्धमा अनुसुची-४ बमोजिमको विवरण तथा कागजात,

(ग) कुनै कम्पनी वा संगठित संस्था धितोपत्र व्यापारीको संस्थापक भएमा उक्त कम्पनी वा संगठित संस्थाको अनुसुची-५ बमोजिमको विवरण तथा कागजात,

(घ) धितोपत्र दलाल कम्पनी वा संगठित संस्थामा स्वामित्व हुने व्यक्तिको लगानीको स्रोत सम्बन्धमा अनुसुची-१६ बमोजिमको विवरण तथा कागजात,

(३) बोर्डले उपनियम (२) बमोजिम निवेदन प्राप्त भएपछि रितपूर्वक निवेदन परे नपरेको, आवश्यक विवरण तथा कागजात संलग्न भए नभएको र ऐन तथा यस नियमावली बमोजिम पूरा गर्नुपर्ने शर्त पूरा भए नभएको जाँचवुझ गरी निवेदन दिने म्याद समाप्त भएको मितिले पैतिस दिनभित्र अनुमतिपत्र जारी हुन सक्ने वा नसक्ने सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अनुमतिपत्र जारी हुन सक्ने निर्णय भएकोमा सोको पन्ध्र दिनभित्र र अनुमतिपत्र जारी हुन नसक्ने निर्णय भएकोमा कारण खुलाई सात दिनभित्र सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

---

३ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

[४](५) यो नियमावली प्रारम्भ भएपछि पहिलो पटक धितोपत्र दलाल र धितोपत्र व्यापारीको अनुमतिपत्र जारी भएपछिको प्रत्येक तीन वर्षमा बोर्डले धितोपत्र बजारमा उपलब्ध भौतिक सुविधा, बजारको आवश्यकता, प्रतिस्पर्धाको अवस्थासमेतको अध्ययन गरी धितोपत्र दलाल र धितोपत्र व्यापारीको लागि नयाँ अनुमतिपत्रको लागि निवेदन भाग गर्नेछ ।

४. **अनुमतिपत्र प्रदान गर्ने:** [५](१) नियम ३ को उपनियम (३) बमोजिम अनुमतिपत्र जारी हुन सक्ने गरी उपनियम (४) बमोजिम जानकारी दिँदा नियम ५ बमोजिमको पूर्वाधार तयार गर्न समेत सूचित गर्नुपर्नेछ ।

(२) नियम ५ बमोजिम पूर्वाधार तयार गरेको जानकारी प्राप्त भएको तीस दिन भित्र धितोपत्र दलाल र धितोपत्र व्यापारीले तयार गरेको पूर्वाधार सम्बन्धमा बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्नेछ र पूर्वाधार सम्बन्धमा गरेको व्यवस्था पर्याप्त देखिएमा धितोपत्र व्यवसाय संचालन गर्न अनुसूची -२ बमोजिमको दस्तुर लिई अनुसूची - ६ बमोजिम अनुमतिपत्र प्रदान गर्नेछ ।

(३) उपनियम (२) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा धितोपत्र दलाल र धितोपत्र व्यापारीले तयार गरेको पूर्वाधार धितोपत्र व्यवसाय संचालनका लागि अपर्याप्त देखिएमा बोर्डले बढीमा तीन महिनाको समय तोकी धितोपत्र दलाल र धितोपत्र व्यापारीलाई थप व्यवस्था गर्न लगाउन सक्नेछ ।

[६](३क) उपनियम (३) बमोजिम तोकिएको समयभित्र अनुसुचि-७ बमोजिम तोकिएको न्यूनतम पूर्वाधार तयार नभएमा अनुमति प्राप्त गर्नको लागि दिएको निवेदन स्वत: निष्कृय हुनेछ र त्यस्तो निवेदनउपर पुन: कारवाही गरिने छैन ।

(४) यस नियमावली बमोजिम अनुमतिपत्र प्रदान नगरिने निवेदकलाई अनुमतिपत्र प्रदान नगर्ने निर्णय भएको सात दिन भित्र सोको जानकारी दिनु पर्नेछ ।

५. **पूर्वाधार तयार गर्नु पर्ने:** नियम ४ को उपनियम (१) बमोजिम बोर्डले सूचित गरेको छ महिना भित्र धितोपत्र दलाल र धितोपत्र व्यापारीले धितोपत्र व्यवसाय संचालनका लागि अनुसूची -७ बमोजिमको न्यूनतम पूर्वाधार तयार गरी सो को जानकारी बोर्डलाई दिनु पर्नेछ ।

६. **धितोपत्र व्यवसाय गरिरहेका धितोपत्र दलाल र धितोपत्र व्यापारीले अनुमतिपत्र लिनुपर्ने:** (१) ऐन प्रारम्भ हुँदाका बखत धितोपत्र व्यवसाय गरिरहेका धितोपत्र दलाल र धितोपत्र व्यापारीले अनुमतिपत्रका लागि यो नियमावली लागू भएको तीन महिनाभित्र अनुसूची -२ बमोजिमको निवेदन दस्तुर र देहायका विवरण तथा कागजात बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

---

४ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (पाँचौ संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

५ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

६ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

(क) अद्यावधिक प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपी,

(ख) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपी,

(ग) चुक्ता पूँजी प्रमाणित गर्ने निस्सा,

(घ) साविकको धितोपत्र दलाल र धितोपत्र व्यापारीको धितोपत्र व्यवसाय गर्ने सक्कल प्रमाणपत्र,

(ङ) संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी अनुसूची-३ बमोजिमको विवरण,

(२) यो नियमावली प्रारम्भ हुँदाका वखत कार्य गरी रहेका धितोपत्र व्यवसायीहरुले यो नियमावली प्रारम्भ भएको तीन महिना भित्र अनुसूची-७ बमोजिमको पूर्वाधार तैयार गरी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम निवेदन दस्तुर तथा तोकिएको विवरण र कागजात पेश गरेका धितोपत्र दलाल र धितोपत्र व्यापारीलाई बोर्डले आवश्यक जाँचबुझ गरी अनुसूची-६ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ ।

(४) उपनियम (१) बमोजिम निवेदन पेश भएको तीन महिना भित्र धितोपत्र दलाल र धितोपत्र व्यापारीको उपनियम (२) बमोजिमको पूर्वाधार सम्बन्धमा बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ र पूर्वाधार सम्बन्धमा गरेको व्यवस्था अपर्याप्त देखिएमा थप व्यवस्था गर्न आवश्यक निर्देशन दिन सक्नेछ ।

७. **सहायक कम्पनी मार्फत मात्र धितोपत्र व्यवसाय गर्न सक्ने:** [७](१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम स्थापना भएको क बर्गका बैंक वा विशेष ऐन द्वारा स्थापित वित्तीय संस्थाको कम्तिमा ५१ प्रतिशत स्वामित्व भएको सहायक कम्पनीले बोर्डबाट अनुमतिपत्र प्राप्त गरी धितोपत्र दलाल वा धितोपत्र व्यापारीको कार्य गर्न सक्नेछ ।

तर, त्यस्तो कम्पनीले आफ्नो मुख्य कम्पनी वा मुख्य कम्पनीका अन्य सहायक कम्पनीको धितोपत्र खरिद वा बिक्रि गर्न पाउने छैन ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलाली, धितोपत्र व्यापार तथा बजार निर्माण गर्ने सहायक कम्पनीको पूँजी संरचना, स्वामित्व तथा कारोबार लगायतका सम्बन्धमा समय समयमा बोर्डले तोके बमोजिम हुनेछ ।

[८](३) मुख्य कम्पनीको संस्थापक सेयरधनी, आधारभूत सेयरधनी, संचालक, कार्यकारी प्रमुख, कर्मचारी र निजका एकाघरपरिवारका सदस्यले सहायक कम्पनीको सेयर स्वामित्व ग्रहण गर्न पाउने छैन ।

[९]७क. **प्राप्ति गर्ने वा गाभ्ने/गाभिने सम्वन्धी व्यवस्था:** (१) धितोपत्र दलाल वा व्यापारीले बोर्डको स्वीकृति लिई अर्को धितोपत्र दलाल वा व्यापारीलाई प्राप्ति गर्न वा गाभ्न/गाभिन सक्नेछ ।

---

७ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधित

८ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

९ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

(२) उप नियम (१) बमोजिम प्राप्ति भएर वा गाभिएर बनेको संस्थामा साविक संस्थाहरुको सम्पत्ति तथा दायित्व स्वत हस्तान्तरण हुनेछ ।

(३) धितोपत्र दलाल वा व्यापारीले अर्को धितोपत्र दलाल वा व्यापारीलाई प्राप्ति गर्ने वा गाभ्ने/गाभिने सम्वन्धमा बोर्डले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(४) धितोपत्र दलाल वा व्यापारीका मुख्य कम्पनी एकआपसमा गाभिएमा त्यस्तो धितोपत्र दलाल वा व्यापारी समेत एक आपसमा गाभिनु पर्नेछ ।

८. **अनुमतिपत्र नवीकरणः** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले प्रत्येक आर्थिक वर्षको लागि अनुसुची-२ बमोजिमको बार्षिक शुल्क सहित अनुसूची-८ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(२) आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र नवीकरणका लागि निवेदन पेश नगर्ने धितोपत्र दलाल र धितोपत्र व्यापारीले उक्त म्याद समाप्त भएपछि अनुमतिपत्र नवीकरण नगरे सम्म धितोपत्र कारोबार गर्न पाउने छैन ।

(३) नियम ३५ बमोजिम बोर्डमा पेश गर्नु पर्ने प्रतिवेदन पेश नगर्ने धितोपत्र दलाल र धितोपत्र व्यापारीको अनुमतिपत्र नवीकरण कार्य बोर्डले रोक्का राख्न सक्नेछ ।

[१०]८क. **अनुमतिपत्रको प्रतिलिपीः** (१) अनुमतिपत्र प्राप्त धितोपत्र दलाल वा व्यापारीको अनुमतिपत्र झुत्रो भएमा, नासिएमा वा हराएमा त्यस्तो धितोपत्र दलाल वा व्यापारीले अनुमतिपत्रको प्रतिलिपिको लागि आवश्यक कागजात सहित बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातउपर जाँचबुझ गरी उपयुक्त देखिएमा बोर्डले अनुसूची-२ बमोजिमको शुल्क लिई अनुमतिपत्रको प्रतिलिपि प्रदान गर्नेछ ।

९. **अनुमतिपत्र निलम्बन वा खारेज**: ऐनको दफा ८८ तथा दफा ८९ बमोजिम अनुमतिपत्र निलम्बन तथा खारेजी सम्बन्धी कार्यविधि नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली अनुसार हुनेछ ।

## परिच्छेद ३
## पूँजी तथा स्वामित्व सम्बन्धी ब्यबस्था

१०. **न्यूनतम पूँजी तथा आर्थिक श्रोतः** [११](१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले अनुसूची-९ बमोजिमको न्यूनतम चुक्ता पूँजी राख्नुपर्नेछ ।

तर यो नियम प्रारम्भ हुँदाका वखत संचालनमा रहेका धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले सम्वत् २०८२ साल असार मसान्तभित्र अनुसूचि-९ बमोजिमको न्यूनतम चुक्ता पूँजी पुऱ्याउन बाधा पर्ने छैन ।

---

१० धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

११ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

[१२](१क) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम न्यूनतम पूँजी पुऱ्याउन सक्ने अवस्था नभएमा तोकिएको समय समाप्त हुनुभन्दा कम्तीमा छ महिना अगावै नियम ७क. बमोजिम प्राप्ति गर्ने वा गाभिने गरी बोर्ड समक्ष निवेदन दिन सक्नेछ ।

[१३](२).....

११. **स्वामित्व सम्बन्धी व्यवस्थाः** (१) धितोपत्र दलालको अनुमतिपत्र लिन चाहने कम्पनीमा कम्तीमा दुई जना शेयरधनी हुनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कम्पनीमा शेयरधनी प्राकृतिक व्यक्ति हुनुपर्नेछ ।

[१४]तर धितोपत्र व्यवसाय गर्न सहायक कम्पनी स्थापना गर्न चाहने क बर्गको बैंक वा विशेष ऐन द्वारा स्थापित वित्तीय संस्थाको हकमा यो नियमको व्यवस्था लागू हुने छैन ।

(३) कुनै व्यक्तिले एक भन्दा बढी धितोपत्र दलाल कम्पनीको शेयर ग्रहण गर्न सक्ने छैन ।

(४) धितोपत्र दलाल र धितोपत्र व्यापारीले एक अर्काको शेयर ग्रहण गर्न पाउने छैन ।

१२. **स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्थाः** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा नामसारी गर्ने भएमा यस नियमावली बमोजिम योग्यता पुरा भएको तथा अयोग्यता नरहेको व्यक्ति, कम्पनी वा संगठित संस्थालाई बिक्री वा नामसारी गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालको शेयरधनीले आफूले ग्रहण गरेको शेयर अनुमतिपत्र प्राप्त भएको वा शेयर आफ्नो नाममा कायम हुन आएको मितिले एक बर्ष पूरा नभएसम्म बिक्री वा नामसारी गर्न सक्ने छैन ।

(३) धितोपत्र दलालको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा हस्तान्तरण गर्ने भएमा बोर्डमा सो सम्बन्धी अभिलेख गराएर मात्र गर्न सक्नेछ ।

[१५](४) धितोपत्र व्यवसायीको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा हस्तान्तरण गर्ने भएमा शेयर खरीद गर्न वा हस्तान्तरण गरी लिन चाहने व्यक्तिको यस नियमावली बमोजिम योग्यता पुरा भएको तथा अयोग्यता नरहेको व्यहोरा सहित सम्बन्धित धितोपत्र व्यवसायी संस्थामार्फत बोर्डमा निवेदन दिनु पर्नेछ ।

[१६](४क) उपनियम (४) वमोजिमको निवेदनसाथ बिक्री वा हस्तान्तरण हुने शेयरको विक्री मूल्यको दस्तुर वापत शून्य दशमलब पच्चिस प्रतिशतका दरले हुने रकम संलग्न गर्नु पर्नेछ ।

तर, धितोपत्र व्यवसायीको सेयर बिक्री वा हस्तान्तरण गर्दा नेटवर्थ भन्दा कम मुल्य नहुने गरी बिक्री वा हस्तान्तरण गर्नु पर्नेछ ।

---

१२ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा थप

१३ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा झिकिएको

१४ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा प्रतिवन्धात्मक वाक्याशं थपिएको

१५ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधित

१६ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

[17](५) उपनियम (४) बमोजिम दिइने निवेदन साथ शेयर खरीद वा हस्तान्तरण गरी लिन चाहने व्यक्तिको अनुसूची-३ र अनुसूची-१६ बमोजिमको विवरण तथा कागजात पेश गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्राप्त निवेदन तथा संलग्न कागजातको जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

(७) उपनियम (४) बमोजिम पेश भएको निवेदन तथा संलग्न कागजातको जाँचबुझ गर्दा वा उपनियम (६) बमोजिम थप विवरण माग गरेकोमा त्यस्तो विवरण प्राप्त भएपछि बोर्डले अभिलेख गरी पन्ध्र दिन भित्र जानकारी प्रदान गर्नेछ र बोर्डले अभिलेख भएको जानकारी गराएको एक महिना भित्र त्यस्तो शेयर बिक्री वा हस्तान्तरण गरि सक्नु पर्नेछ ।

[18](७क) उपनियम (७) बमोजिम शेयर बिक्री वा हस्तान्तरण गर्दा बैकिङ्ग प्रणाली मार्फत हिसाव राफसाफ तथा फछ्र्यौट गर्नु पर्नेछ  र सो सम्बन्धी विवरण तथा कागजात उक्त कार्य सम्पन्न भएको सात कार्यदिन भित्र बोर्डमा पेश गर्नु पर्नेछ ।

(८) धितोपत्र व्यापारीको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा नामसारी गर्ने भएमा त्यसरी बिक्री वा नामसारी गर्नु भन्दा कम्तिमा पन्ध्र दिन अगाडी शेयर खरिद वा नामसारी गरी लिनेको यस नियमावली बमोजिम योग्यता पुरा भएको व्यहोरा सहित शेयर खरिद वा नामसारी गरी लिने व्यक्ति भएमा अनुसूची-३ तथा कम्पनी वा संगठित संस्था भएमा अनुसूची-५ बमोजिमको विवरण तथा अन्य कागजात बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(९) यस नियममा माथि जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निष्काशन भएको धितोपत्र भएमा स्वामित्व हस्तान्तरण सम्बन्धमा यो नियमको व्यवस्था लागू हुने छैन ।

१३. **स्वामित्व ग्रहण गर्न नसक्ने :** देहायको कुनै पनि ब्यक्ति धितोपत्र व्यापारीको संस्थापक हुन तथा धितोपत्र दलालको स्वामित्व ग्रहण गर्न योग्य हुने छैन :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरेको,

(ख) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाँय पाएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(घ) कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको अवधिभर,

(ङ) अन्य धितोपत्र दलाल र धितोपत्र व्यापारी कम्पनीमा कुनै लाभको पद ग्रहण गरेको,

---

१७ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधित

१८ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

(च) नियम १४ बमोजिम अयोग्यता रहेको कम्पनी वा संगठित संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख रहेको ।

१४. **धितोपत्र व्यापारी संस्थापक हुन नसक्ने** : देहायको कुनै पनि कम्पनी वा संगठित संस्था धितोपत्र व्यापारीको संस्थापक हुन योग्य हुने छैन :-

(क) साहूको ऋण तिर्न नसकी दामासाही सम्बन्धी कारवाहीमा परेको,

(ख) बित्तिय विवरण सार्वजनिक गर्नु पर्ने कम्पनी वा संगठित संस्थाको हकमा लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको बित्तीय विवरण सार्वजनिक नगरेको,

(ग) कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको,

(घ) नियम १३ बमोजिम अयोग्यता रहेको व्यक्ति संस्थापक, संचालक वा कार्यकारी प्रमुख रहेको ।

१५. **संचालनमा रहेको धितोपत्र दलाल र धितोपत्र व्यापारीले गर्नु पर्ने**: ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र दलाल र धितोपत्र व्यापारीले यो नियमावली प्रारम्भ भएको मितिले एक बर्षभित्र यस नियमावली बमोजिम हुने गरी पूँजी, स्वामित्व संरचना तथा शेयरधनी कायम गरी गराई बोर्डलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद ४
## संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

१६. **संचालक तथा कार्यकारी प्रमुखको नियुक्तिः** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले यस नियमावली बमोजिम योग्यता पूरा भएको तथा अयोग्यता नरहेको संचालक तथा कार्यकारी प्रमुख नियुक्त गर्नुपर्नेछ ।

(२) धितोपत्र दलाल र धितोपत्र व्यापारी नयाँ संचालक वा कार्यकारी प्रमुख नियुक्त भएमा नियुक्त भएको सात दिन भित्र यस नियमावली बमोजिम योग्यता पुगेको व्यहोरा सहित अनुसूची-३ बमोजिमको विवरण समेत संलग्न गरी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

१७. **संचालक तथा कार्यकारी प्रमुखको योग्यताः** धितोपत्र दलाल र धितोपत्र व्यापारीको संचालक तथा कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

[१९](क) संचालक समितिको अध्यक्ष र कार्यकारी प्रमुखको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, लेखा, व्यवस्थापन, कानून वा सूचना प्रविधि विषयमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधि हासिल गरी धितोपत्र बजार वा वित्तिय क्षेत्र वा वित्त व्यवस्थाप सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभव भएको तथा संचालकहरुको हकमा कम्तीमा स्नातक वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभव भएको ।

तर यो नियमावली प्रारम्भ हुँदाको वखत अनुमति प्राप्त गरी संचालनमा रहेका धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको सञ्चालक समितिको अध्यक्ष, कार्यकारी

---

१९ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

प्रमुख वा संचालकले हालको पदको पदावधि बाँकी भएसम्म यथावत कार्य गर्न बाधा पर्ने छैन । सो पदमा नयाँ नियुक्ति वा मनोनयन गर्दा यस खण्ड बमोजिमको योग्यता पुगेको व्यक्तिलाई मात्र नियुक्ति वा मनोनयन गर्नु पर्नेछ ।

(ख) नेपाली नागरिक भएको,

१८. **संचालक वा कार्यकारी प्रमुखको अयोग्यता:** धितोपत्र दलाल र धितोपत्र व्यापारीको संचालक वा कार्यकारी प्रमुखको देहाय बमोजिमको अयोग्यता रहेको हुनु हुँदैन :-

(क) बहुलाएको वा मगज बिग्रेको,

(ख) सूचिकृत संगठित संस्थामा संचालक, कर्मचारी वा लेखा परीक्षक रहेको,

(ग) अन्य धितोपत्र दलाल संस्थामा स्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको,

(घ) फौज्दारी अभियोगमा कसुरदार ठहरेको,

(ङ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(च) प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगरेको,

(छ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको अवधिभर,

(ज) बोर्ड, धितोपत्र बजार वा अन्य धितोपत्र व्यवसायीको बहालवाला पदाधिकारी वा कर्मचारी रहेको ।

१९. **योग्यता सम्बन्धी व्यवस्थाको निरन्तरता:** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले आफ्नो संचालक तथा कार्यकारी प्रमुखको योग्यता सम्बन्धी व्यवस्था अनुमतिपत्रको अवधिभर निरन्तर रुपमा कायम राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यता नरहेमा त्यसरी योग्यता नरहेको मितिबाट सम्बन्धित संचालक वा कार्यकारी प्रमुख स्वतः हटेको मानिनेछ र यसरी स्वतः हटेको जानकारी धितोपत्र दलाल र धितोपत्र व्यापारीले बोर्डलाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवस्था परेमा धितोपत्र दलाल र धितोपत्र व्यापारीले तीस दिनभित्र यस नियमावली बमोजिम कार्यकारी प्रमुख वा संचालकको नियुक्ती गरी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

२०. **संचालनमा रहेको धितोपत्र दलाल र धितोपत्र व्यापारीले गर्नु पर्ने:** ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र दलाल र धितोपत्र व्यापारीले यो नियमावली लागू भएको मितिले तीन वर्षभित्र यस नियमावलीमा तोकिएको योग्यता तथा व्यवस्था पूरा भएको संचालक तथा कार्यकारी प्रमुखको व्यवस्था गरी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद ५

## आधिकारिक प्रतिनिधि सम्बन्धी व्यवस्था

२१ **आधिकारिक प्रतिनिधिको नियुक्त तथा दर्ता:** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले यस नियमावली बमोजिम योग्यता पुगेको कम्तीमा एक जना व्यक्तिलाई आधिकारिक प्रतिनिधि नियुक्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त प्रतिनिधिले ऐनको दफा ६५ बमोजिम आधिकारिक प्रतिनिधिको रुपमा बोर्डमा दर्ता भए पछि मात्र धितोपत्र कारोबार गर्नु पर्नेछ र धितोपत्र दलाल र धितोपत्र व्यापारीको आधिकारिक प्रतिनिधि दर्ता नभई धितोपत्र कारोबार गर्न पाइने छैन ।

(३) उपनियम (१) बमोजिम नियुक्त प्रतिनिधिले आधिकारिक प्रतिनिधिको रुपमा बोर्डमा दर्ता हुनका लागि देहायका विवरण तथा कागजात संलग्न गरी अनुसूची-१० बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ :-

(क) अनुसूची-३ बमोजिमको ढाँचामा आधिकारिक प्रतिनिधि सम्बन्धी विवरण,

(ख) आधिकारिक प्रतिनिधि नियुक्ती सम्बन्धमा गरेको सम्झौताको प्रतिलिपि,

(ग) आधिकारिक प्रतिनिधिलाई तोकिएको कार्य जिम्मेवारी ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले आवश्यक देखेमा निवेदकसंग कुनै थप विवरण वा कागजात माग गर्न वा स्पष्ट गराउन सक्नेछ ।

(५) उपनियम (३) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा उपयुक्त देखेमा बोर्डले प्रतिनिधिको दर्ता कितावमा दर्ता गरी अनुसुची-११ बमोजिमको ढाँचामा निवेदकलाई आधिकारिक प्रतिनिधिको रुपमा दर्ता भएको प्रमाणपत्र प्रदान गर्नेछ ।

(६) ऐन लागू हुँदाका बखत कार्य गरिरहेको प्रतिनिधिले यो नियमावली लागू भएको तीन महिनाभित्र आधिकारिक प्रतिनिधिको रुपमा दर्ता हुन उपनियम (३) बमोजिम बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि धितोपत्र बजारको कारोवार स्थलमा उपस्थित भई धितोपत्र दलाल र धितोपत्र व्यापारीको तर्फबाट धितोपत्र कारोवार गर्ने व्यक्तिको नियुक्ति सम्बन्धमा धितोपत्र बजारको विनियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

२२. **आधिकारिक प्रतिनिधि नियुक्ति गर्ने कार्यविधि:** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले आधिकारिक प्रतिनिधि नियुक्ति गर्ने सम्बन्धमा प्रतिनिधि नियुक्त हुने व्यक्ति तथा कम्पनीको तर्फबाट सम्झौता गर्ने अधिकारी समेत खुलाई संचालक समितिबाट निर्णय गरेको हुनु पर्नेछ ।

(२) आधिकारिक प्रतिनिधि नियुक्त गर्दा निजले गर्ने कार्य, बहन गर्नु पर्ने दायित्व, बहाल रहने अवधि तथा अन्य आवश्यक कुरा खुलाई सम्झौता गर्नु पर्नेछ ।

(३) आधिकारिक प्रतिनिधिको नियुक्ति तथा कार्य सञ्चालन सम्बन्धमा बोर्डले आवश्यकतानुसार थप व्यवस्था तोक्न सक्नेछ ।

२३. **आधिकारिक प्रतिनिधिको योग्यता:** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीको आधिकारिक प्रतिनिधिको योग्यता अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको तथा उद्योग बाणिज्य वा धितोपत्र बजार वा बित्तीय क्षेत्रमा लेखा वा वित्त वा कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा दुई बर्ष कार्य गरेको अनुभव भएको हुनुपर्नेछ ।

(२) ऐन प्रारम्भ हुँदाका बखत धितोपत्र व्यवसाय गरिरहेको धितोपत्र दलाल र धितोपत्र व्यापारीको प्रतिनिधिको योग्यता उपनियम (१) बमोजिम नभएमा त्यस्तो धितोपत्र दलाल र धितोपत्र व्यापारीले यो नियमावली लागू भएको दुई बर्ष भित्र उपनियम (१) बमोजिम योग्यता पुरा भएको आधिकारिक प्रतिनिधि नियुक्त गर्नुपर्नेछ ।

२४. **आधिकारिक प्रतिनिधिको अयोग्यता:** (१) देहायको व्यक्ति धितोपत्र दलाल र धितोपत्र व्यापारीको आधिकारिक प्रतिनिधि हुन अयोग्य मानिनेछ :-

(क) बहुलाएको वा मगज बिग्रेको,

(ख) फौज्दारी अभियोगमा कसुरदार ठहरी सजाय पाएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(घ) प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर चुक्ता नगरेको,

(ङ) कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको अवधिभर,

(२) कुनै व्यक्ति एक भन्दा बढी धितोपत्र व्यवसायीको प्रतिनिधि नियुक्त हुन सक्ने छैन ।

२५. **योग्यता सम्बन्धी व्यवस्थाको निरन्तरता:** (१) आधिकारिक प्रतिनिधिले यस नियमावली बमोजिमको आवश्यक योग्यता निरन्तर रुपमा कायम राख्नु पर्नेछ ।

(२) यस नियमावली बमोजिमको योग्यता कायम नरहेमा वा अयोग्य भएमा त्यसरी अयोग्य भएको मितिबाट धितोपत्र दलाल र धितोपत्र व्यापारीले सम्बन्धित प्रतिनिधिलाई हटाई बोर्डलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद ६

## कारोबार सम्बन्धी व्यवस्था

२६. **दर्ता भएको धितोपत्र मात्र कारोवार गर्नु पर्ने:** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले बोर्डमा दर्ता भई सूचीकरण भएको धितोपत्रको मात्र कारोवार गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र दलाल र धितोपत्र व्यापारीले नेपाल सरकारले जारी गरेको धितोपत्र र बोर्डले तोके बमोजिमका अन्य धितोपत्रको कारोवार गर्न वाधा पर्ने छैन ।

(३) धितोपत्र दलाल र धितोपत्र व्यापारीले ऐन, ऐन अन्तर्गत बनेको नियम र जारी गरिएको निर्देशन तथा धितोपत्र बजारको बिनियममा व्यवस्था भए बमोजिम धितोपत्र कारोवार गर्नु पर्नेछ ।

[20]२७. **धितोपत्र दलाल र धितोपत्र व्यापारीले गर्न सक्ने काम:** [21](१) धितोपत्र दलालले बोर्डबाट अनुमति लिई देहाय बमोजिमको कार्य गर्न सक्नेछ ।

(क) सीमित कार्य गर्ने धितोपत्र दलाल सेवा,

(ख) पूर्ण कार्य गर्ने धितोपत्र दलाल सेवा,

(ग) खण्ड (क) बमोजिमको कार्य गर्ने धितोपत्र दलालले सम्बन्धित ग्राहकको नामबाट मात्र ग्राहकको आदेश अनुसार धितोपत्र खरिद वा विक्री गर्न र धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम १२ बमोजिम सदस्य सम्बन्धी कार्य गर्न,

(घ) खण्ड (ख) बमोजिमको कार्य गर्ने धितोपत्र दलाल व्यवसायीले खण्ड (ग) बमोजिमको कार्यका अतिरिक्त मार्जिन कारोबार सम्बन्धी कार्य गर्न ।

[22](२) उपनियम (१) को खण्ड (ख) बमोजिमको कार्य गर्ने धितोपत्र दलालले सो खण्ड बमोजिमको कार्यका अतिरिक्त धितोपत्र व्यासायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ५ बमोजिम अनुमति लिई लगानी परामर्श सेवा सम्बन्धी कार्य र लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्न सक्नेछ ।

(३) धितोपत्र व्यापारीले देहायको कार्य गर्न सक्नेछ :

(क) आफ्नो नाममा धितोपत्र खरिद वा बिक्री गर्ने,

(ख)[23] .......... धितोपत्र दलालको कार्य गर्ने,

(ग) बोर्डले तोके बमोजिम योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने,

(घ)[24] ........... धितोपत्र प्रत्याभूतिकर्ताको कार्य गर्ने,

(४) धितोपत्र दलालको समेत अनुमतिपत्र प्राप्त धितोपत्र व्यापारीले ग्राहकको आदेशलाई पहिलो प्राथमिकता दिई धितोपत्रको खरिद वा बिक्री गर्नुपर्नेछ । त्यस्तो व्यापारीले ग्राहकको आदेश भएसम्म आफ्नो नाममा त्यस्तो धितोपत्रको खरिद वा बिक्री गर्नु हुदैन ।

(५) धितोपत्र व्यापारीले आफ्नो नामबाट खरिद वा बिक्री गरेका धितोपत्रको विवरण प्रत्येक त्रैमासिक अवधि समाप्त भएको सात कार्य दिन भित्र बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलालले आफ्नो सेयरधनी, कार्यकारी प्रमुख, कर्मचारी र निजहरुको एकाघर परिवारको सदस्यका लागि धितोपत्रको दलाली सेवा उपलव्ध गराउन सक्ने छैन ।

[25]२८. ........................

२० धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधित

२१ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

२२ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

२३ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

२४ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

२५ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा हटाइएको

२९. **ग्राहकको अभिलेख राख्नुपर्ने:** (१) धितोपत्र दलालले ग्राहकको लागि कारोबार गर्नु अघि व्यक्ति वा संस्थागत ग्राहकको क्रमशः अनुसूची-१२ वा अनुसूची-१३ बमोजिमको ढाँचामा पूर्ण विवरण सहितको अभिलेख राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख राख्ने समयमा धितोपत्र दलालले धितोपत्रको मूल्यमा हुनसक्ने उतार चढाव तथा विभिन्न प्रकृतीका जोखिमहरुका सम्बन्धमा ग्राहकलाई जानकारी गराउनु पर्नेछ ।

३०. **बैंक मार्फत रकम लेनदेन गर्नु पर्ने:** धितोपत्र दलालले ग्राहकसंग धितोपत्र सम्बन्धी कारोबार गर्दा बैंक मार्फत मात्र रकम लेनदेन गर्नु पर्नेछ ।

३१. **ग्राहकको रकम तथा कागजातको प्रयोग:** (१) धितोपत्र दलालले कुनै ग्राहकको रकम, धितोपत्र तथा कागजात आफ्नो लागि वा अन्य ग्राहकको लागि प्रयोग गर्न पाउने छैन ।

(२) धितोपत्र दलालले धितोपत्र कारोबार गरेपछि प्राप्त गरेको रकम, धितोपत्र वा कागजात त्यसरी प्राप्त गरेकै दिन वा भोलिपल्टसम्म सम्बन्धित पक्षलाई बुझाउनु पर्नेछ ।

(३) धितोपत्र दलालले प्रत्येक ग्राहकको धितोपत्र कारोबार संग सम्बन्धित प्रमाणपत्र तथा रकमको हिसाब स्पष्ट देखिने गरी छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

३२. **सेवा शुल्क तथा कारोवार दस्तुर सम्बन्धी व्यवस्था:** (१) धितोपत्र दलालले धितोपत्र कारोबार सेवा उपलब्ध गराए वापत ग्राहकबाट अनुसूची- १४ बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

तर धितोपत्र बजारले आफ्नो विनियमावलीमा अनुसूची-१४ मा तोकिएको सीमा भित्र रही धितोपत्र दलालले ग्राहकसँग लिन सक्ने सेवा शुल्क तोकिएमा धितोपत्र दलालले सोही बमोजिम सेवा शुल्क लिनु पर्नेछ ।

[२६](१क). धितोपत्र व्यापारीले धितोपत्र कारोबार दस्तुर वापत अनुसूची - १४ वमोजिमको दस्तुर धितोपत्र बजारमा बुझाउनु पर्नेछ ।

(२) ऐनको दफा ५० बमोजिम धितोपत्र बजारले कारोबार दस्तुर उठाई बोर्डमा बुझाउने प्रयोजनका लागि धितोपत्र दलाल र धितोपत्र व्यापारीले धितोपत्र बजारमा अनुसूची-१५ बमोजिमको कारोवार दस्तुर जम्मा गर्नु पर्नेछ ।

३३. **कारोबार व्यवस्था तोकिदिन सक्ने:** (१) सरकारी ऋणपत्र तथा अन्य बिशेष किसिमका धितोपत्र कारोबार सम्बन्धमा आवश्यकता अनुसार बोर्डले समय समयमा थप व्यवस्थाहरु तोकिदिन सक्नेछ ।

(२) धितोपत्र दलालले ग्राहकबाट कारोबार आदेश प्राप्त गर्ने, ग्राहक खाता खोल्ने, मार्जिन कारोबार गर्ने लगायतका बिषयमा ग्राहकसंग गर्नुपर्ने सम्झौताका सम्बन्धमा समय समयमा बोर्डले आवश्यक व्यवस्था तोकिदिन सक्नेछ ।

---

२६ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

## परिच्छेद ७
## अभिलेख, जानकारी तथा विवरण प्रवाह सम्बन्धी व्यवस्था

३४. **हिसाव किताव र अभिलेख दुरुस्त राख्नुपर्नेः** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले आफूले गरेको धितोपत्र कारोबार, सोको हिसाबकिताब तथा ग्राहक सम्बन्धी अभिलेख स्पष्ट र यथार्थ रुपमा देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(२) धितोपत्र दलाल र धितोपत्र व्यापारीले प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार लेखा राखी नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम राख्नुपर्ने अभिलेख तथा विवरण अद्यावधिकरुपमा तयार गरी बोर्डले सो को निरीक्षण तथा जाँचबुझ गर्न चाहेको बखत उपलब्ध गराउनु सम्बन्धित धितोपत्र दलाल र धितोपत्र व्यापारीको कर्तव्य हुनेछ ।

[२७]३४क. **जगेडा कोष** : (१) धितोपत्र दलाल वा धितोपत्र व्यपारीले संस्थागत जोखिम व्यवस्थापन गर्न तथा संस्थाको वित्तीय सवलता कायम राख्न एक जगेडा कोष खडा गरी बार्षिक रुपमा संस्थाको मुनाफाबाट दश प्रतीशत रकम राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जगेडा कोषमा जम्मा भएको रकम नगद लाभांशको रुपमा बितरण गर्न पाईने छैन ।

३५. **प्रतिवेदन पेश गर्नु पर्नेः** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण तथा उक्त वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(२) धितोपत्र दलाल र धितोपत्र व्यापारीले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र समय समयमा बोर्डले तोकेको ढाँचामा बोर्डसमक्ष त्रैमासिक प्रतिवेदन पेश गर्नु पर्नेछ र अघिल्लो त्रैमासिक प्रतिवेदनमा उल्लेख भएको कुराहरुमा कुनै भिन्नता आएको भए सो सम्बन्धी जानकारी समेत उक्त प्रतिवेदन साथ पेश गर्नु पर्नेछ ।

३६. **सुचीकृत लेखापरीक्षकबाट लेखा परीक्षण गराउनुपर्नेः** धितोपत्र दलाल र धितोपत्र व्यापारीले बोर्डले सुचीकृत गरेको लेखापरीक्षकमध्येबाट आफ्नो हिसाव किताव तथा कारोबारको लेखापरीक्षण गराउनुपर्नेछ ।

३७. **जानकारी तथा विवरण पेश गर्नुपर्नेः** (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले देहाय अनुसारको समयभित्र देहायका जानकारी तथा विवरण बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) शाखा कार्यालय वा सम्पर्क कार्यालय बन्द गरेमा तीन दिन भित्र सो सम्बन्धी जानकारी,

(ख) आधिकारिक प्रतिनिधि स्वेच्छाले हटेमा वा निजलाई हटाइएमा सात दिन भित्र सो सम्बन्धी जानकारी,

(ग) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु परेमा त्यसरी संशोधन गर्नु अघि संशोधनको व्यहोरा सहितको जानकारी,

(घ) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना, जानकारी तथा विवरण ।

(२) धितोपत्र दलाल र धितोपत्र व्यापारीले देहायका कुराको सम्बन्धमा बोर्डलाई तुरुन्त जानकारी दिनु पर्नेछः-

(क) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन भएमा,

---

२७ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

(ख) धितोपत्र दलाल र धितोपत्र व्यापारीको संस्थापक, संचालक तथा कार्यकारी प्रमुख उपर प्रचलित कानून बमोजिम कुनै कारवाही भएमा वा कारवाही अगाडी बढाइएको भएमा,

(ग) संस्थापक वा संचालक वा कार्यकारी प्रमुख वा व्यवसायी संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचिकृत भएमा ।

(घ) धितोपत्र व्यवसाय छाड्ने निर्णय गरेमा ।

## परिच्छेद ८
## विविध

३८. **क्षतिपूर्ति कोषमा सहभागी हुनुपर्नेः** ऐन बमोजिम धितोपत्र लगानीकर्ताहरुको हितको लागि क्षतिपूर्ति कोष स्थापना भएमा सम्बन्धित नियमावलीमा व्यवस्था भए बमोजिम धितोपत्र व्यवसायीले त्यस्तो कोषमा सहभागी हुनुपर्नेछ ।

३९. **व्यावसायिक मर्यादा पालना गर्नु पर्नेः** धितोपत्र दलाल र धितोपत्र व्यापारीले बोर्डले जारी गरेको व्यावसायिक मर्यादा तथा आचार सहिंता सम्बन्धी निर्देशिकाको पालना गर्नु पर्नेछ ।

[२८]४०. **बोर्डको स्वीकृति लिई शाखा खोल्न सक्ने** : (१) धितोपत्र दलाल र धितोपत्र व्यापारीले बोर्डको स्वीकृति लिई शाखा कार्यालय खोल्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको शाखा कार्यालय खोल्न चाहने धितोपत्र दलाल र धितोपत्र व्यापारीको लागि आवश्यक पर्ने पूर्वाधार तथा अन्य शर्तहरु बोर्डले समय समयमा तोके बमोजिम हुनेछ ।

[२९](३) धितोपत्र दलालले शाखा कार्यालय स्थापना गर्नु अघि त्यस्तो कार्यालय संचालन र व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई बोर्डमा पेश गर्नुपर्नेछ ।

४१. **कारवाहीको अभिलेख राख्नेः** (१) कानून अनुसार बोर्डद्वारा जारी गरिएको आदेश वा निर्देशनको पालना नगरेको कारण ऐन बमोजिम कारवाहीमा परेको धितोपत्र दलाल र धितोपत्र व्यापारी तथा सम्बन्धित व्यक्तिको बोर्डले अभिलेख राख्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा समावेश भएको कम्पनी, संगठित संस्था, व्यक्ति वा सो व्यक्ति संलग्न कुनै पनि कम्पनी वा संगठित संस्थालाई धितोपत्र सम्बन्धी कानून बमोजिम उपलब्ध हुने सेवा प्राप्त गर्न बोर्डले रोक लगाउन सक्नेछ ।

४२. **यसै नियमावली बमोजिम हुनेः** यस नियमावलीमा लेखिएको कुरा जतिमा यसै नियमावली बमोजिम हुनेछ तथा अन्य कुराको हकमा ऐन अन्तर्गत बनेका प्रचलित नियमावली बमोजिम हुनेछ ।

[३०]**४३. अनुसूचीमा हेरफेर वा थपघट :** बोर्डले अर्थ मन्त्रालयको स्वीकृति लिई आवश्यकता अनुसार अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

४४. **खारेजी र बचाउः** (१) धितोपत्र कारोबार नियमावली, २०५० मा धितोपत्र दलाल र धितोपत्र व्यापारीको सम्बन्धमा भएका व्यवस्थाहरु खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

२८ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधित

२९ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

३० धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (पाँचौ संशोधन) नियमावली, २०७९ द्वारा थपिएको

## अनुसूची– १
(नियम ३ को उपनियम (१) संग सम्बन्धीत)

**अनुमतिपत्रका लागि दिने निवेदनको ढाँचा**

मितिः ............................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

बिषयः अनुमतिपत्र पाऊ ।

धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गत बनेको नियम, विनिमय, निर्देशिका तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही ..................................को रुपमा धितोपत्र व्यवसाय गर्ने इच्छा भएकोले तोकिएको दस्तुर तथा विवरण र कागजात सम्लग्न गरी यो निवेदन पेश गरेका छौ । हामीले धितोपत्र व्यवसाय गर्न तोकिएको योग्यता तथा व्यवस्थाहरु पुरा गरेका छौं । सम्लग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य र अनुमान औचित्यपूर्ण छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । कुनै विवरण लुकाएको वा गलत कागजात वा विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संचालक तथा कार्यकारी प्रमुखः

नाम :                                        दस्तखतः

निवेदक कम्पनी वा संगठित संस्थाः

नाम : .........................

ठेगानाः ..........................अंचल ............................... जिल्ला .............................

गा. वि.स./न.पा.

टोल.......................वडा नं.........ब्लक नं......... फोन नंः.................

फ्याक्सः.................इमेल ..................

कम्पनी वा संगठित संस्थाको छापः

## [३१]अनुसूची– २
(नियम ३ को उपनियम (१), नियम ४ को उपनियम (२), नियम ६ को उपनियम (१) तथा नियम ८ को उपनियम (१) तथा नियम ८क.को उपनियम (२) संग सम्बन्धीत)

**दस्तुर तथा शुल्क**

| | निवेदन दस्तुर | अनुमतिपत्र दस्तुर | वार्षिक शुल्क |
|---|---|---|---|
| १.**धितोपत्र दलाल** | | | |
| (क) सीमित कार्य गर्ने धितोपत्र दलाल सेवा | रु.५०,०००।- | रु.२५,००,०००।- | रु.१,५०,०००।- |
| (ख) पूर्ण कार्य गर्ने धितोपत्र दलाल सेवा | रु.१,००,०००। - | रु.५०,००,०००।- | रु.३,००,०००।- |
| २.**धितापत्र व्यापारी** | रु.२,००,०००। | रु.१,००,००,०००।- | रु.५,००,०००।- |
| ३.**प्रतिलिपि शुल्क** | रु. २५,०००।- | | |

३१ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

## अनुसूची– ३

(नियम ३ को उपनियम (३) को खण्ड (क), नियम ६ को उपनियम (१) को खण्ड (ङ), नियम १२ को उपनियम (५) र (८), नियम १६ को उपनियम (२) तथा नियम २१ को उपनियम (३) को खण्ड (क) संग सम्बन्धीत)

### <u>संस्थापक/संचालक/कार्यकारी प्रमुख/आधिकारिक प्रतिनिधिको विवरण</u>

१. नामः

२. स्थायी ठेगानाः ....................अंचल....................जिल्ला ......................... गा. वि.स./न.पा./म. न. पा. टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल .................

३. हालको ठेगानाः ...........................अंचल........................जिल्ला ............................. गा. वि.स./न.पा. टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल .................

४. बाबुको नामः

५. बाजेको नामः

६. पति वा पत्निको नामः

७. शैक्षिक योग्यताः

८. व्यवसायिक अनुभवः

९. तालिमः

१०. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको भए तत्सम्बन्धी विवरणः

११. सम्बन्धीत कम्पनी वा संगठित संस्थाको अन्य संस्थापक, संचालक, कार्यकारी प्रमुख वा प्रतिनिधिसंग नाता सम्बन्ध भए सो सम्बन्धी विवरण,

१२. धितोपत्र बजार वा अन्य धितोपत्र दलाल वा धितोपत्र व्यापारीको संचालक वा कार्यकारी प्रमुख वा प्रतिनिधिसँग नाता सम्बन्ध भए सो सम्बन्धी विवरण,

१३. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः

१४. धितोपत्र दलाल वा धितोपत्र व्यापारीको स्वामित्व ग्रहण गर्न/संचालक/कार्यकारी प्रमुख/प्रतिनिधि हुन योग्यता पूरा भएको तथा अयोग्यता नरहेको उद्घोषणः

<u>दस्तखत</u>ः ..........................

<u>संलग्न गर्नु पर्ने कागजातः</u>

१. अघिल्लो आर्थिक वर्षसम्मको कर दाखिला गरेको प्रमाण ।

२. कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको उद्घोषण ।

३. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो समेत प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

# अनुसूची– ४

(नियम ३ को उपनियम (३) को खण्ड (ख) संग सम्बन्धीत)

**निवेदक कम्पनी वा संगठित संस्था सम्बन्धी विवरण तथा कागजात**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै विशेष ऐनद्वारा स्थापना भएको संगठित संस्थाको हकमा सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(घ) निवेदकले गर्ने धितोपत्र व्यवसायको किसिम अनुसारको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ङ) आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक योजना,

(छ) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिको निर्णयको प्रतिलिपि,

(झ) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाम, पुरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(ञ) प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण,
(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ । )

(ठ) संस्थापकले ग्रहण गर्ने वा गरेको शेयर स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण,

(ड) धितोपत्र व्यवसाय संचालनका लागि तयार गरिने संगठन तथा कार्य प्रणाली सम्बन्धी विवरण,

(ढ) ऐनको दफा ६४ बमोजिम तोकिएको प्रतिनिधिको नाम, ठेगाना, योग्यता, अनुभव तथा प्रतिनिधिको रुपमा कार्य गर्न भएको सम्झौता सम्बन्धी विवरण,

(ण) धितोपत्र व्यवसाय संचालनका लागि व्यवस्था गरिने कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन, जनशक्ति, धितोपत्र कारोवारको अभिलेख तथा अभिलेखको सुरक्षा व्यवस्था सम्बन्धी विवरण,

(त) धितोपत्र व्यवसाय संचालनका लागि कुनै पूर्वाधार तयार गरिसकेको भए तत्सम्बन्धी विवरण,

(थ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(द) शेयरधनीहरु बीच कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

(ध) धितोपत्र बजारको सदस्यता हुन उपयुक्त भएको व्यहोरा सहितको धितोपत्र बजारको सिफारिश सम्बन्धी विवरण,

(न) प्रचलित कानून बमोजिम कर दर्ता भएको प्रमाण,

(प) चुक्ता पूँजी प्रमाणित गर्ने निस्सा ।

(फ) कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको उद्घोषण,

(ब) बोर्डले समय समयमा तोकेको अन्य विवरण तथा कागजात ।

## अनुसूची–५

(नियम ३ को उपनियम (३) खण्ड (ग) तथा नियम १२ को उपनियम (८) संग सम्बन्धीत)

### धितोपत्र व्यापारीको शेयर ग्रहण गर्न चाहने कम्पनी वा संगठित संस्थाको सम्बन्धमा पेश गर्नु पर्ने विवरण तथा कागजात

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै विशेष ऐनद्वारा संस्था स्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियम,

(घ) धितोपत्र व्यापारीको शेयर ग्रहण गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ङ) प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण गरिएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा उक्त आर्थिक बर्षमा गरेको काम कारवाही समावेश गरिएको बार्षिक प्रतिवेदन,

(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी विवरण पेश गर्न सकिनेछ।)

(च) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाम, पूरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(छ) कम्पनी वा संगठित संस्था यस नियमावली बमोजिम धितोपत्र व्यापारीको स्वामित्व ग्रहण गर्न अयोग्य नभएको उद्घोषण,

(ज) कम्पनी वा संगठित संस्था वा संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको भए सो सम्बन्धी विवरण,

(झ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(ञ) कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको उद्घोषण,

(ट) प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश गरेको प्रमाण,

(ठ) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा देहायको विवरण तथा कागजातः(

१. नाम तथा पूरा ठेगाना,

२. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै सम्लग्नता रहेको भए तत्सम्बन्धी विवरण।

## अनुसूची– ६

(नियम ४ को उपनियम (२) तथा नियम ६ को उपनियम (३) संग सम्बन्धीत)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

**<u>धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र</u>**

अनुमतिपत्र नं. …………

…………………………मा मुख्य कार्यालय रहेको श्री………………………………लाई धितोपत्र सम्बन्धी ऐन तथा यस अन्तर्गत बनेका नियम, बिनियम तथा अन्य प्रचलित कानूनको अधीनमा रही ………………….को रुपमा धितोपत्र व्यवसाय गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ । नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको वहाली………………सम्म हुनेछ ।

<u>अनुमतिपत्र दिने पदाधिकारीको</u>

नामः

पदः

दस्तखतः

मितिः

बोर्डको छापः

## [३२]अनुसूची–७

(नियम ४ को उपनियम (३क), नियम ५ र नियम ६ को उपनियम (२) संग सम्बन्धित)

**<u>धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी ) ले तयार गर्नु पर्ने न्यूनतम पूर्वाधारहरु</u>**

१. **धितोपत्र दलालले तयार गर्नु पर्ने न्यूनतम पूर्वाधारहरुः**

[३३](क) कार्यालयको क्षेत्रफल कम्तीमा एकहजार वर्गफिट हुनुपर्ने,

(ख) कम्तीमा ३ थान कम्प्यूटर, प्रिण्टर, फ्याक्स तथा टेलिफोन,

[३४](ग) मुख्य कार्यालयमा कम्तीमा वाणिज्यशास्त्र, अर्थशास्त्र, व्यवस्थापन, कानून विषयमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी गरेको व्यक्ति प्रमुख र परिपालन (कम्पाईन्स) अधिकृत तथा सूचना प्रविधि सहित कम्तीमा पाँच जना कर्मचारी र शाखा कार्यालयमा बोर्डले समय समयमा तोके बमोजिमका कर्मचारी हुनुपर्ने ।"

(घ) संगठन संरचना तथा कार्य विभाजन सम्बन्धी व्यवस्था,

(ङ) सर्वसाधारणको लागि सरल पहुँच हुने स्थानमा कार्यालय स्थापना गरेको हुनुपर्ने,

---

३२ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधित

३३ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधित

३४ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधित

२. **धितोपत्र व्यापारीले तयार गर्नु पर्ने न्यूनतम पूर्वाधार :**

(क) कार्यालयको क्षेत्रफल कम्तीमा ५०० वर्गफिट हुनुपर्ने,

(ख) कम्तीमा ५ थान कम्प्यूटर, प्रिण्टर, फ्याक्स तथा टेलिफोन,

(ग) कम्तीमा स्नातक तह उत्तिर्ण गरेको दुइजना सहित कम्तीमा सात जना कर्मचारी,

(घ) संगठन संरचना तथा कार्य विभाजन सम्बन्धी व्यवस्था

[३५]३. **धितोपत्र दलालको शाखा कार्यालयमा तयार गर्नुपर्ने न्यूनतम पूर्वाधार :**

(क) शाखा कार्यालयको क्षेत्रफल प्रत्येकमा कम्तिमा पाँच सय वर्गफिट हुनुपर्ने,

(ख) शाखा कार्यालयमा कम्तिमा वाणिज्यशास्त्र, अर्थशास्त्र, व्यवस्थापन, कानून विषयमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी गरेको व्यक्ति प्रमुख र परिपालन (कम्प्लाइन्स) अधिकृत तथा सूचना प्रविधि सहित कम्तीमा तीन जना कर्मचारी हुनुपर्ने,

(ग) शाखा कार्यालयबाट हुने कारोबार मुख्य कार्यालयमार्फत हुने व्यवस्था गर्नुपर्ने,

(घ) कम्तिमा दुई थान कम्प्युटर र त्यसका लागि उयधभच दबअपगउ भएको हुनुपर्ने,

(ङ) कारोबार कक्ष तथा डिस्प्ले कक्ष छुट्टाछुट्टै हुनुपर्ने,

(च) टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट था सिसीटिभि जस्ता पूर्वाधारहरुको व्यवस्था भएको हुनुपर्ने,

(छ) कार्यालयको लागि आवश्यक पर्ने फर्निचर, फिक्सचर्स तथा कार्यालय सामाग्रीहरुको यथोचित व्यवस्था भएको हुनुपर्ने,

## अनुसूची–८

(नियम ८ को उपनियम (१) संग सम्बन्धित)

**अनुमतिपत्रको नवीकरणको लागि दिने निवेदनको ढाँचा**

मितिः ..........................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

बिषयः अनुमतिपत्र नवीकरण गरी पाउँ ।

धितोपत्र सम्बन्धी ऐन बमोजिम . . . . को रुपमा कार्य गर्न तहाँबाट प्राप्त अनुमतिपत्र मिति . . . . . . . . सम्म कायम रहेकोले नवीकरण गरी पाउनका लागि अनुमतिपत्र तथा बार्षिक शुल्क यसै साथ संलग्न गरी पेश गरेको छु ।

आधिकारिक दस्तखत :

नाम :

पद :

कम्पनी वा संगठित संस्थाको छापः

---

३५ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थपिएको

## [36]अनुसूची–९

(नियम १० को उपनियम (१) संग सम्बन्धीत)

**न्यूनतम चुक्ता पूँजी**

| | |
|---|---|
| १. **धितोपत्र दलाल** | |
| (क) सिमिति कार्य गर्ने धितोपत्र दलाल सेवा | रु. २० करोड |
| (ख) पूर्व कार्य गर्ने धितोपत्र दलाल सेवा | रु. ६० करोड |
| २. **धितोपत्र व्यापारी** | रु. १५० करोड |

## अनुसूची– १०

(नियम २१ को उपनियम (३) संग सम्बन्धित)

**आधिकारिक प्रतिनिधि दर्ताका लागि दिने निवेदनको ढाँचा**

मितिः.........................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

**बिषयः आधिकारिक प्रतिनिधि दर्ता प्रमाणपत्र पाउँ ।**

धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गतको नियम, विनिमय तथा अन्य प्रचलित कानूनको अधीनमा रही ........................को आधिकारिक प्रतिनिधिको रुपमा कार्य गर्न मन्जुर गरी सम्झौता समेत भइसकेकोले तोकिएको कागजात र विवरण सम्लग्न गरी त्यस बोर्डमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

सम्लग्न बमोजिमका कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । गलत कागजात वा विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नाम :

दस्तखतः

३६ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधित

## अनुसूची–११

(नियम २१ को उपनियम (५) संग सम्बन्धीत)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

**आधिकारिक प्रतिनिधि दर्ता प्रमाणपत्र**

प्रतिनिधि दर्ता नंः ...............

..............................बस्ने, श्री....................................लाई धितोपत्र सम्बन्धी ऐन तथा यस अन्तर्गत बनेका नियम, बिनियम तथा अन्य प्रचलित कानूनको अधीनमा रही .......................को आधिकारिक प्रतिनिधिको रुपमा कार्य गर्न यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिने पदाधिकारीको

नामः

पदः

दस्तखतः

मितिः

बोर्डको छापः

## [३७]अनुसूची-१२

**(नियम २९ को उपनियम (१) संग सम्वन्धित**

**प्राकृतिक व्यक्तिको परिचय विवरण**

Details of Natural person

फोटो
(हालसालै
खिचेको)

| कार्यालय प्रयोजनका लागि मात्र<br>For Official Use Only | | |
|---|---|---|
| | ग्राहक नं :<br>Client's Account No: | मिति :<br>Date : |
| | संकेत नम्बर :<br>Reference No: | |

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसंग भर्नु पर्नेछ । आफूसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।

३७ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

Please complete all details and strike out the non-applicable fields/boxes.

........................ (धितोपत्र दलाल व्यवसायीको नाम/ Name of Stock Broker)

.......................... (शाखा/ Branch)

## <u>ग्राहकको विवरण (Details of Client)</u>

| | | |
|---|---|---|
| नाम | | |
| Name (In Block Letter) | | |
| जन्ममिति<br>Date of Birth | बि.सं. :<br>B.S. | ई. सं. :<br>A.D. |
| लिंङ्ग<br>Gender | पुरुष ☐ Male    महिला ☐ Female | अन्य ☐ Others ................. |
| राष्ट्रियता<br>Nationality | नेपाली ☐ Nepalese | अन्य (खुलाउने) ☐ Others (If any) ....................................... |
| नागरिकता नम्बर<br>Citizenship No: | जारी जिल्ला<br>Issue District | जारी मिति<br>Issue Date |
| हितग्राही खाता नं<br>Beneficiary ID No. | | |
| स्थायी लेखा नं<br>Permanent Account No. (PAN) | | |
| गैरआवासिय नेपालीको हकमा परिचयपत्र नं र ठेगाना<br>Identification No. and address (In case of NRN) | | |

## <u>हालको ठेगाना (Current Address)</u>

| | | | |
|---|---|---|---|
| देश<br>Country | | प्रदेश<br>Province : | |
| जिल्ला:<br>District : | | | |

| | | | |
|---|---|---|---|
| गा.पा / न.पा. / उ.म.न.पा / म.न.पा.:<br>Rural Municipality/ Municipality/ Sub Metropolitan city / Metropolitan city | | वडा नं.:<br>Ward No.: | |
| टोल:<br>Tole : | | टेलिफोन नं.:<br>Telephone No.: | |
| ईमेल:<br>E-mail ID : | | मोबाइल नं.:<br>Mobile No.: | |
| **स्थायी ठेगाना :**<br>Permanent Address : | | | |
| **प्रदेश**<br>Province : | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **टोल:**<br>Tole : | | **जिल्ला:**<br>District : | | **गा.पा/न.पा./उ.म.न.पा/ म.न.पा.:**<br>Rural Municipality/Municipality/Sub Metropolitan city /Metropolitan city | |
| **टेलिफोन नं.:**<br>Telephone No. : | | **वडा नं.:**<br>Ward No.: | | **ब्लक नं.:**<br>Block No. : | |

## **परिवारका सदस्यहरुको विवरण (ठाउँ नपुग भएमा थप गर्न सकिने)** (Details of Family Members)

| | |
|---|---|
| वाजेको नाम | |
| Grand Father's Name : (In Block letter) | |
| बुबाको नाम | |
| Father's Name (In Block Letter) | |
| आमाको नाम | |
| Mother's Name(In Block letter) | |
| पति / पत्नीको नाम | |

| | |
|---|---|
| Spouse's Name(In Block letter) | |
| छोराको नाम | |
| Son's Name(In Block letter) | |
| छोरीको नाम (अविवाहित) | |
| Daughter's Name(In Block letter) | |
| बुहारीको नाम | |
| Daughter in-Law's Name(In Block letter) | |
| ससुराको नाम (विवाहित महिलाको हकमा) | |
| Father in Law's Name (In Case of Married Women) | |
| सासुको नाम (विवाहित महिलाको हकमा) | |
| Mother in Law's Name (In Case of Married Women) | |

## **बैंक खाताको विवरण** (Bank Account Details)

| | |
|---|---|
| बैंक खाताको किसिम<br>Types of Bank Account | वचत खाता ☐ चल्ती खाता ☐<br>Saving Account Current Account |
| बैंक खाता नम्बर/Bank Account Number | |
| बैंक खाताभएको बैंकको नाम र ठेगाना<br>Name & Address of Bank | |

| |
|---|
| **पेशागत विवरण** (Details of Occupation) |

| | | | | |
|---|---|---|---|---|
| पेशा<br>Occupation | सेवा Service — सरकारी Govt. ☐ सार्वजनिक/निजी क्षेत्र Public/Private Sector ☐ एन.जी.ओ./आई.एन.जी.ओ. NGO/INGO ☐<br>विशेषज्ञ Expert ☐ व्यापारी Businessperson ☐ कृषि Agriculture ☐ सेवा निवृत Retired ☐ गृहिणी House Wife ☐ विद्यार्थी Student ☐ अन्य Others ☐ | | | |
| व्यापारको प्रकार<br>Types of Business | उत्पादन Manufacturing ☐ सेवामुखी Service Oriented ☐ अन्य Others ☐ | | | |
| संस्थाको नाम<br>Organization's Name | | ठेगाना<br>Address | | |
| पद<br>Designation | | कर्मचारीको हकमा कर्मचारी परिचयपत्र नं.<br>(ID No of Employee) | | |
| आर्थिक विवरण<br>Financial Details | आयको सीमा (वार्षिक विवरण)/ Income Limit (Annual Details)<br>रु. ५,००,००० सम्म ☐ Up to Rs. 5,00,000<br>रु. ५,००,००१ देखि रु. १०,००,००० सम्म ☐ From Rs. 5,00,001 to Rs. 10,00,000<br>रु. १०,००,००० भन्दा माथि ☐ Above Rs. 10,00,000 | | | |

धितोपत्र खरिद बिक्री गर्ने मुख्य उद्देश्यले स्थापित इन्भेष्टमेन्ट कम्पनीमा संग्लन छु छैन।
Involvement in Investment companies which were established for securities trading Yes ☐ No ☐
(भएमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्ने। (If yes mention below_

| | |
|---|---|
| कम्पनीको नाम :<br>Name of the Company | |
| पद:<br>Designation | सञ्चालक Director ☐ पदाधिकारी Executive ☐ शेयरधनी Shareholder ☐ कर्मचारी Employee ☐ अन्य Others ☐ |

## **संरक्षकको विवरण (नाबालकको हकमा मात्र)** Guardian's Details (In case of Minor only)

संरक्षकको फोटो (हालसालै खिचेको)

| | | | |
|---|---|---|---|
| नाम/थर :<br>Name/Surname: (In Block letter) | | | |
| निवेदकसँगको सम्बन्ध :<br>Relationship with applicant: | | | |
| पत्राचार ठेगाना :<br>Correspondence Address : | | | |
| देश :<br>Country : | | प्रदेश:<br>Province | |

| | | | |
|---|---|---|---|
| जिल्ला :<br>District : | | गा.पा./न.पा./उ.म.न.पा/म.न.पा.:<br>Rural Municipality/Municipality/Sub Metropolitan city /Metropolitan city | |
| वडा नं.:<br>Ward No.: | | टेलिफोन नं.:<br>Telephone No. : | |
| फ्याक्स नं. :<br>Fax No. : | | मोबाइल नं.:<br>Mobile No. : | |
| स्थायी लेखा नं. :<br>PAN No. : | | ईमेल :<br>E-mail ID : | |

...................

संरक्षकको हस्ताक्षर

Guardian's Signature

| | |
|---|---|
| हाल बसोबास रहेको स्थानको नक्शा<br>Location Map | ⇧ N<br><br>From main Road Street…………..the distance of the Residence is …..Meters (approximately). |

धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु ।

१. म/हामीले धितोपत्र खरिदकालागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।

२. धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छु ।

३. म/हामीले खरिद गरेका धितोपत्रहरु बापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छु ।

४. म/हामील धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरुको पालना गर्नेछु ।

५. म/हामी कर्जा सूचना केन्द्रको कालो सुचीमा रहेको छु /छैन ।

**संलग्न गर्नु पर्ने कागजात**

१. नेपाली नागरिकहरुको हकमा नागरिकताका प्रमाणपत्रको प्रतिलिपी ।

२. अन्य देशको नागरिकको हकमा पासपोर्टको प्रतिलिपी ।

३. नाबालकको हकमा संरक्षक तथा नाबालक दुवैको फोटो ।

४. कानूनी संरक्षक भए सो सम्बन्धी कागजात ।

५. आमा वा बाबु संरक्षक भएमा छोरा वा छोरीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप ।

७. कुनै सस्थाको कर्मचारी रहेको हकमा कर्मचारी परिचयपत्रको प्रतिलिपि ।

मथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला । I/We hereby acknowledge that the above disclosed details are true. I/We further hereby consent to bear any legal actions in case any false disclosure of information related to me/us .

| औंठा छाप | |
|---|---|
| दायाँ | बाँया |

........................

ग्राहकको हस्ताक्षर

Client's Signature

**कार्यालय प्रयोजनको लागि**

| | | |
|---|---|---|
| **रुजु गर्ने**<br>नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः | | **प्रमाणित गर्नेः**<br>रुजु गर्ने<br>नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः |
| | कार्यालयको नाम तथा छाप | |

## [३८]अनुसूची-१३
## (नियम २९ को उपनियम (१) संग सम्वन्धित)

## कम्पनी वा संगठित संस्थाको परिचय विवरण
## Details Of Company Or Institution

| कार्यालय प्रयोजनका लागि<br>For Official Use Only | |
|---|---|
| ग्राहक नम्बर :<br>Client’s Account No: | मिति :<br>Date : |
| संकेत नम्बर :<br>Reference No: | |

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसँग भर्नु पर्नेछ । आफूसंग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।

Please complete all details and strike out the non-applicable fields/boxes.

…………………… (धितोपत्र दलाल व्यवसायीको नाम (Name of stock Broker)

……………………… (शाखा/Branch)

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कम्पनीको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Name of Company | | | | | | | | | | | | | | | | | | | | |
| प्रमुख कार्यकारी अधिकृतको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Chief Executive Officer's Name | | | | | | | | | | | | | | | | | | | | |
| कम्पनी सचिवको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Company Secretary's Name | | | | | | | | | | | | | | | | | | | | |

३८ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

| | | |
|---|---|---|
| कम्पनी स्थापना मिति<br>Date of Incorporation | बि.सं. :<br>B.S. : | ई. सं. :<br>A.D. : |
| कम्पनीको किसिम<br>Types of Company | प्राइभेट लि. ☐ Pvt. Ltd.   पब्लिक लि. ☐ Public Ltd.   सरकारी स्वामित्व भएको ☐ Govt. Owned   अन्य ☐ Others | |
| कम्पनी दर्ता भएको देश<br>Country of Registration | नेपाल ☐ Nepal   अन्य ☐ (नेपाल बाहेक अन्य देश भएमा उल्लेख गर्ने):<br>Others (Please mention if other than Nepal) | |

## कम्पनीको थप विवरण

| | | | |
|---|---|---|---|
| दर्ता गर्ने कार्यालय<br>Registration Office | | | |
| दर्ता नं.:<br>Registration No.: | | दर्ता मितिः<br>Registration Date : | |
| मूल्य अभिवृद्धि कर नं /स्थायी लेखा नं.:<br>PAN No. /VAT Registration No. : | | दर्ता मिति.:<br>Registration Date. : | |
| सहायक कम्पनी भएमा मुख्य कम्पनीको नाम र ठेगाना<br>Name and Address of Main Company in case of Subsidiary Company | | | |
| कम्पनीको व्यवसायको किसिम<br>Types of business of the company | | कार्य क्षेत्र<br>Area of Work | |
| सूचिकरण भए नभएको<br>Listed ÷ Not | | सूचिकरण मितिः<br>Listing Date | |

## बैंक खाताको विवरण

| | |
|---|---|
| बैंक खाताको किसिम<br>Types of Bank Account | बचत खाता ☐ Saving Account   चल्ती खाता ☐ Current Account |
| बैंक खाता नम्बर/Bank Account Number | |
| बैंक खाता भएको बैंकको नाम र ठेगाना<br>Name and Address of Bank | |

## कम्पनीको हालको ठेगाना: (Current Address of Company)

| | | | | | |
|---|---|---|---|---|---|
| देश<br>Country | | | | प्रदेश<br>Province : | |
| जिल्ला:<br>District : | | | | | |
| गा.पा / न.पा. / उ.म.न.पा / म.न.पा.:<br>Rural Municipality /Municipality/Sub Metropolitan city /Metropolitan | | | | वडा नं.:<br>Ward No.: | |
| टोल:<br>Tole : | | | | टेलिफोन नं.:<br>Telephone No.: | |
| ईमेल:<br>E-mail ID : | | | | वेबसाईट:<br>Website: | |
| कम्पनी दर्ता हुँदाको ठेगाना :<br>Permanent Address of Company : | | | | देश<br>Country | |
| प्रदेश:<br>Province : | | | | जिल्ला:<br>District : | |
| गा.पा / न.पा. / उ.म.न.पा / म.न.पा.:<br>Village/ Municipality / Sub Metropolitan city / Metropolitan city | | | | टोल:<br>Tole : | |
| टेलिफोन नं.:<br>Telephone No. : | | वडा नं.:<br>Ward No.: | | ब्लक नं.:<br>Block No. : | |
| ईमेल:<br>E-mail ID : | | | वेबसाईट:<br>Website: | | |

## संचालक, कार्यकारी प्रमुखहरुको विवरण/Details of Directors, CEO

| क्र.सं. S.N. | नामथर Name/ Surname | पद Designation | पति/पत्नीको नाम Spouse's name | बाबुको नाम Father's Name | बाजेको नाम Grand Father's Name | स्थायी ठेगाना Permanent Address | हालको ठेगाना Current Address | टेलिफोन नं. Telephone No. | मोबाइल नं. Mobile No. | ईमेल ठेगाना E-mail ID | पान नं. PAN no. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

| | पहिलो सम्पर्क व्यक्ति<br>First Contact Person | दोस्रो सम्पर्क व्यक्ति<br>Second Contact Person |
|---|---|---|
| नाम/Name | | |
| वावुको नाम/ Father's Name | | |
| वाजेको नाम/ Grand Father's Name | | |
| पद /Designation | | |
| हस्ताक्षर /Signature | | |
| पासपोर्ट साइजको फोटो<br>Passport Size Photo | फोटो (हालसालै खिचेको)<br>Photo | फोटो (हालसालै खिचेको)<br>Photo |

| | |
|---|---|
| कार्यालय रहेको स्थानको नक्शा<br>Location Map | Site Map of the Company<br>⇧ N<br><br>(Fom main Road Street……………the distance of the Office is …..Meters (approximately). |

धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु ।

१. कम्पनी/संगठित संस्थाले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।

२. कम्पनी/संगठित संस्था धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकारी छ ।

३. कम्पनी/संगठित संस्थाले खरिद गरेका धितोपत्रहरु बापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छ ।

४. धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरुको पालना गरिने छ ।

५. कम्पनी/संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सुचीमा रहेको छैन ।

मथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला । I/We hereby acknowledge that the above disclosed details are true. I/We further hereby consent to bear any legal actions in case any false disclosure of information related to me/us.

**संलग्न गर्नु पर्ने कागजात**

१. कम्पनीवा संगठित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. संगठित संस्थाको स्थाई लेखा नं., प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपी ।
३. धितोपत्र कारोबार गर्न ग्राहक परिचय विवरण भर्ने सम्बन्धमा संचालक समितिको निणर्य ।
४. कुनै नियमनकारी निकायबाट अनुमतिपत्र प्राप्त गरेको भएमा सोको प्रतिलिपि ।
५. कर चुक्ता/दाखिला प्रमाणपत्र ।
६. अख्तियार प्राप्त व्यक्तिको फोटो तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

आधिकारीक व्यक्तिको नाम :
Name of Authorized Person:
पदः
(Designation)
हस्ताक्षर :
Signature:
कम्पनीको छाप :
Company's Stamp:

**कार्यालय प्रयोजनको लागी**

| **रुजु गर्ने** | **प्रमाणित गर्नेः** |
|---|---|
| नामः | रुजु गर्ने |
| पदः | नामः |
| हस्ताक्षरः | पदः |
| मितिः | हस्ताक्षरः |
| | मितिः |
| कार्यालयको नाम तथा छाप | |

## [३९]अनुसूची–१४

(नियम ३२ को उपनियम (१) संग सम्बन्धित)

**धितोपत्र दलाली वापत लिन सक्ने सेवा शुल्क**

१. संगठित संस्थाको शेयरको प्रत्येक खरिद तथा बिक्री कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :

(क) रु. ५०,०००।- सम्मको कारोवारमा - ०.४० प्रतिशत

(ख) रु. ५०,०००।- भन्दा माथि रु. ५,००,०००।- सम्मको कारोवारमा - ०.३७ प्रतिशत

(ग) रु. ५,००,०००।- भन्दा माथि रु. २०,००,०००।- सम्मको कारोवारमा - ०.३४ प्रतिशत

(घ) रु. २०,००,०००।- भन्दा माथि रु. १,००,००,०००।- सम्मको कारोवारमा - ०.३० प्रतिशत

(ङ) रु. १,००,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा - ०.२७ प्रतिशत

२. नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको खरिद बिक्री कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :

(क) रु. ५,००,०००।- सम्मको कारोवारमा - ०.१० प्रतिशत

(ख) रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको को कारोवारमा - ०.०५ प्रतिशत

(ग) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा- ०.०२ प्रतिशत

३. माथि क्र.स. १ र २ मा उल्लेखित धितोपत्र बाहेक अन्य धितोपत्रको हकमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :

(क) रु. ५,००,०००।- सम्मको कारोवारमा - ०.१५ प्रतिशत

(ख) रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको को कारोवारमा- ०.१२ प्रतिशत

(ग) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा- ०.१० प्रतिशत

४. माथि क्रम संख्या १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलालले ग्राहकबाट पाउने सेवा शुल्क रु. १०।- भन्दा घटी हुने छैन ।

५. प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र उक्त आर्थिक वर्षमा धितोपत्र दलालले क्रम संख्या १, २, ३ र ४ बमोजिम प्राप्त गरेको कूल सेवा शुल्कको ०.६ (शून्य दशमलव छ) प्रतिशत रकम नियमन शुल्कको रुपमा बोर्डलाई बुझाउनु पर्नेछ ।

६. धितोपत्र दलालले कारोबार सेवा प्रदान गरे वापत यस अनुसूचीमा उल्लेखित सेवा शुल्क बाहेक अतिरिक्त रकम ग्राहकबाट लिन सक्ने छैन ।

[४०]७. धितोपत्र व्यापारीले धितोपत्र कारोबार दस्तुर वापत कारोबार रकमको ०.०२ प्रतिशत रकम धितोपत्र बजारमा बुझाउनु पर्नेछ ।

---

३९ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

४० धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

## अनुसूची–१५

(नियम ३२ को उपनियम (२) संग सम्बन्धित)

**<u>धितोपत्र दलाल र धितोपत्र व्यापारीले जम्मा गर्नु पर्ने कारोवार दस्तुर</u>**

१. धितोपत्र दलालले धितोपत्र बजारमा जम्मा गर्नु पर्ने कारोवार दस्तुरः

(क) धितोपत्र शेयर भएमा प्रत्येक खरिद तथा बिक्री कारोबार रकमको ०.०१५ प्रतिशत,

(ख) धितोपत्र नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र भएमा प्रत्येक खरिद तथा बिक्री कारोबार रकमको ०.००५ प्रतिशत,

(ग) खण्ड (क) तथा (ख) मा उल्लेखित बाहेक अन्य धितोपत्र भएमा प्रत्येक खरिद तथा बिक्री कारोबार रकमको ०.०१० प्रतिशत ।

२. धितोपत्र व्यापारीले धितोपत्र बजारमा जम्मा गर्नु पर्ने कारोवार दस्तुरः

(क) धितोपत्र शेयर भएमा प्रत्येक खरिद तथा बिक्री कारोबार रकमको ०.००५ प्रतिशत,

(ख) धितोपत्र नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र भएमा प्रत्येक खरिद तथाबिक्री कारोबार रकमको ०.००१ प्रतिशत,

(ग) खण्ड (क) तथा (ख) मा उल्लेखित बाहेक अन्य धितोपत्र भएमा प्रत्येक खरिद तथा बिक्री कारोबार रकमको ०.००२ प्रतिशत ।

## [४१]अनुसूचि - १६

नियम ३ को उपनियम (३) खण्ड (घ), नियम १२ को उपनियम (५) र उपनियम (७क) संग सम्बन्धित

**लगानी रकमको स्रोत तथा योग्यताको सम्वन्धमा पेश गर्नु पर्ने विवरण तथा कागजात।**

मैले/हामीले ................. संस्थामा रकम रु.................(अक्षरेपी............................) लगानी गर्न लागेको छु/छौं। उक्त रकम संस्थाको कुल जारी पूँजीको प्रतिशत ............. हुन्छ।

मैले/हामीले कारोवार गर्ने कर कार्यालय ............................. हो। साथै, लगानी गर्न लागेको रकमको आय स्रोतको विवरण निम्नानुसार प्रस्तुत गरेको छु/छौं।

१. लगानी रकमको आय श्रोत विवरण

| क्रम संख्या | आय स्रोतको क्षेत्र | रकम | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| जम्मा | | | |

**संलग्नः**

माथि उल्लिखित विभिन्न स्रोतहरुबाट लगानी गर्न प्रस्ताव गरिएको रकमको लागि देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरेको छु/छौं

(क) उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन गरेको भए कुन कुन उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन भएको हो सोको विवरण स्पष्ट हुने कागजात र कर चुक्ता सम्वन्धी कागजात।

(ख) पैतृक वा पारिवारिक सम्पत्तिबाट शेयरमा लगानी गर्न प्रस्ताव गरिएको अवस्थामा सो सम्बन्धी अंशबण्डा लिखतको प्रतिलिपि वा अन्य कागजात। अंशवण्डा नभएको हकमा चल/ अचल संपति हस्तान्तरण भएको विवरण तथा कागजात।

(ग) घरजग्गा विक्रीबाट प्राप्त आयको हकमा रकम स्पष्ट हुने रजिष्ट्रेशन लिखतको छविचित्र, लाभांशको हकमा त्यस्तो लाभांश प्राप्त गरेको कम्पनी, वर्ष, रकम आदि विस्तृत विवरण।

(घ) घरबहाल आयको हकमा सो सम्बन्धी सम्झौताको प्रतिलिपि र कर चुक्ता गरेको कागजात सहितको आय विवरण, पारिश्रमिक आयको हकमा सम्बन्धित रोजगारदाताबाट प्रमाणित आयको विवरण।

(ङ) कृषि आयको हकमा कहाँ र कुन स्थानको कति जमीन, स्वामित्व प्राप्त भएको मिति तथा कृषियोग्य आयआर्जन हो सो विवरण तथा सो व्यहोरा खुल्ने कागजात र लालपूर्जाको प्रतिलिपि।

४१ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

(च) पेन्सन तथा अवकास रकमको हकमा सो वापत प्राप्त रकम प्रमाणित हुने पेन्सन पट्टा वा यस्तै अन्य आधिकारिक कागजात, रेमिटान्स बापत प्राप्त रकमको हकमा रेमिटान्स पठाउने र पाउने बीचको नाता, कहाँबाट कसरी यस्तो रेमिटान्स प्राप्त भएको हो सो खुल्ने कागजात ।

(छ) ऋणको हकमा व्यक्तिगत वा धितोपत्र व्यवसायीको स्वामित्व ग्रहण गर्ने (प्रयोजन खुल्ने) विवरण ।

(ज) सेयर विक्री मार्फत रकम प्राप्त गरेको भए सो सम्वन्धी विवरण तथा कागजात ।

(झ) माथि उल्लिखित श्रोत वाहेक अन्य श्रोतवाट लगानी गर्ने भएमा त्यस्तो श्रोत प्रमाणित हुने कागजात ।

नोटः व्यक्तिगत ऋण प्राप्त गरेको रकमबाट लगानी गरिएको भए त्यस्तो रकम प्रदान गर्ने व्यक्तिको माथी उल्लेखित विवरण पेश गर्नु पर्नेछ ।

२. आय स्रोत सम्वन्धी घोषणा

(क) मैले माथिको तालिकामा उल्लिखित विवरण बमोजिमको आम्दानी र सो आयमा प्रचलित कानून बमोजिम कुनै कर तिर्नु पर्ने अवस्थामा नेपाल सरकार तथा अन्य सम्बन्धित निकायलाई तिर्नु/बुझाउनु पर्ने कर/राजस्व रकम नियमानुसार चुक्ता गरेका छु ,

(ख) मैले सम्पति शुद्धिकरण गरी गराई सोबाट आर्जन गरेको रकमबाट प्रस्तावित संस्थामा लगानी गर्न लागेको हैन ।

(ग) मैले लगानी गर्न प्रस्ताव गरेको रकमको आयस्रोतको सम्बन्धमा कानून बमोजिम सम्बन्धित निकायबाट कुनै कानूनी कारवाही भएमा प्रचलित कानून बमोजिम सजायको भागिदार रहन मञ्जुर रहेको व्यहोरा समेत अवगत गराउँदछु ।

(घ) आयसंग सम्बन्धित सम्पूर्ण कागजातहरु पेश गरेको छु ।

(ङ) पेश गरिएका विवरणहरु आधिकारिक निकायले माग गरेमा उपलब्ध गराउन समेत मंजुरी छ । साथै, कुनै आधिकारिक निकायबाट आय विवरण सम्बन्धी थप कागजात माग भएमा सोको प्रमाणित कागजात समेत उपलब्ध गराउने छु ।

(च) यो ............................संस्थाको मैले यस ................ संस्थाको जारी पूँजीको ..... प्रतिशत शेयर लिन मञ्जुर गरेको छु ।

३. निम्न प्रश्नहरुको जवाफ छ/छैन मा दिनुहोसः

(क) तपाई कुनै फौज्दारी अभियोगमा पर्नु भएको छ/छैन ?

(ख) आयकर दर्ता/चुक्ता भएको/आर्थिक वर्ष ......... सम्मको प्रमाण संलग्न छ/छैन ?

(ग) तपाईंको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ/छैन ?

(घ) तपाईंले कानून उल्लंघन गरेको कारणबाट सजायँ पाउनु भएको छ/छैन ?

(ङ) तपाईं संलग्न भएको कुनै संस्था टाट पल्टेको छ/छैन ?

(च) तपाईंले काम गरेको वा संचालक भएको वा आधारभूत शेयरधनी रहेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ/छैन ?

(छ) तपाई धितोपत्र सम्वन्धी प्रचलित कानून वमोजिम कारवाहीमा पर्नु भएको छ/छैन ।

(ज) तपाईं संलग्न भएको संस्था कहिल्यै अपराधिक कृयाकलापमा संलग्न भएको छ/छैन ?

(झ) तपाईलाईं बैंक तथा वित्तीय संस्थाको कर्जा कारोवारमा दुरुपयोग गरेको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ/छैन ?

(ञ) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ/छैन ?
यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको छ/छैन ?

(ट) तपाईं धितोपत्र वजार वा अन्य धितोपत्र व्यवसायी संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानूनी वा अन्य सल्लाहकार हुनुहुन्छ ? छ/छैन

(ठ) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानून उल्लंघन गरेको वा प्रचलित कानून वमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ/छैन ?

(ड) तपाई प्रचलित कानून वमोजिम दामासाहिमा पर्नु भएको छ/छैन ?

(ढ) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ/छैन ?

(ण) तपाईलाई प्रचलित कानून वमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ/छैन ?

(त) तपांईले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल धितोपत्र वोर्डले निरीक्षण गर्न चाहेमा मन्जुर छ/छैन?

(थ) तपांईको नेपाल धितोपत्र वोर्डमा सञ्चालक समिति लगायत अन्य कर्मचारीहरु नजिकको नातेदार रहेको छ छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस)
यस प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले कंपनी ऐन २०६३ को दफा २ वमोजिम एकासगोलको अंशियार वा पति, पत्नी, बाबु, आमा, सासू, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजू, बुहारी, साला, साली, भिनाजू, काका, काकी, मामा, माइजू, छोरा, छोरी, छोराबुहारी, नाति, नातिनी, नातिनी बुहारी वा ज्वाँईं सम्झनु पर्छ ।

(द) तपाईले यस वाहेक वोर्डवाट अनुमतिपत्र प्राप्त अन्यसंस्थामा स्वामित्व ग्रहण/ लगानी गर्नुभएको छ/छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस)

४. माथि उल्लेख गरिएको विवरण तथा कागजात ठिक साँचो हुन् । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा ............... [४२]कानूनी कारवाही हुन मेरो मञ्जुरी छ ।

दस्तखत :
नाम :
मिति :
ठेगाना :

❖❖❖

---

४२ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ द्वारा संशोधन

लागू मितिः २०६४।११।३
पहिलो संशोधन लागू मिति २०७४।४।०३
दोस्रो संशोधन लागु मिति २०७६।११।०१

# धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न बोर्डबाट प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) "मर्चेन्ट बैंकर" भन्नाले नियम १६ मा तोकिए बमोजिम एक वा एक भन्दा बढी कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(ङ) "मर्चेन्ट बैंकिङ्ग व्यवसाय" भन्नाले नियम १६ मा उल्लेख भए बमोजिमको एक वा एक भन्दा बढी व्यवसाय सम्झनु पर्छ ।

(च) "निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(छ) "धितोपत्र प्रत्याभूतिकर्ता (अण्डरराईटर)" भन्नाले नियम १६ को खण्ड (ख) बमोजिमको कार्य गर्ने धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(ज) "शेयर रजिष्ट्रार" भन्नाले नियम १६ को खण्ड (ग) बमोजिमको कार्य गर्ने धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(झ) "लगानी व्यवस्थापक (पोर्टफोलियो म्यानेजर)" भन्नाले नियम १६ को खण्ड (घ) बमोजिमको कार्य गर्ने धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

[१](ञ) "संस्थागत परामर्श दाता " भन्नाले नियम १६ को खण्ड (ङ) बमोजिमको कार्य गर्ने धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

---

१ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

## परिच्छेद २
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **<u>अनुमतिपत्रका लागि निवेदन दिनु पर्ने</u>:** (१) यस नियमावली बमोजिम मर्चेन्ट बैंकरको रुपमा धितोपत्र व्यवसाय गर्न चाहने संगठित संस्थाले अनुमतिपत्र प्राप्त गर्नका लागि अनुसुची - १ बमोजिमको ढाँचामा अनुसूची- २ बमोजिमको निवेदन दस्तुर संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिने निवेदनसाथ निवेदक संगठित संस्थाको देहायको विवरण तथा कागजात संलग्न भएको हुनु पर्नेछ :-

(क) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा अनुसूची - ३ बमोजिमको विवरण,

(ख) निवेदक संगठित संस्थाको सम्बन्धमा अनुसूची - ४ बमोजिमको विवरण तथा कागजात,

(ग) कुनै कम्पनी वा संगठित संस्था निवेदक संगठित संस्थाको संस्थापक भएमा उक्त कम्पनी वा संगठित संस्थाको अनुसूची - ५ बमोजिमको विवरण तथा कागजात ।

(३) उपनियम (१) बमोजिमको निवेदन साथ प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्दा आवश्यक देखेमा बोर्डले निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा स्पष्ट गराउन सक्नेछ ।

(४) निवेदकबाट प्राप्त निवेदन र संलग्न विवरण तथा कागजात ऐन तथा नियमावलीले गरेको व्यवस्थाको आधारमा जाँचबुझ गर्दा यस नियमावली बमोजिमको प्रक्रिया पूरा नगरेको देखिएमा वा झुठा विवरण वा झुठा कागजात पेश गरेको देखिएमा बोर्डले उपनियम (१) बमोजिम पेश भएको निवेदन खारेज गर्न सक्नेछ ।

(५) यस नियमावली बमोजिम अनुमतिपत्र प्रदान गर्नु अघि उपनियम (१) बमोजिम निवेदन साथ पेश गरेको विवरणमा कुनै परिवर्तन आएमा निवेदकले सो को जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछ ।

४. **<u>अनुमतिपत्र प्रदान गर्ने</u>:** (१) नियम ३ बमोजिम प्राप्त निवेदन र संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा ऐन र यस नियमावलीले गरेको व्यवस्थाको आधारमा अनुमतिपत्र प्रदान गर्न उपयुक्त देखिएमा बोर्डले निवेदकलाई धितोपत्र व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तयार गर्न सूचित गर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्डले सूचित गरेको छ महिना भित्र निवेदकले धितोपत्र व्यवसाय संचालनका लागि आवश्यक पुर्वाधार तयार गरी सो सम्बन्धमा देहायका कुरा खुलाई बोर्डलाई जानकारी दिनु पर्नेछ,-

(क) कार्यालय रहेको स्थान तथा कार्यालयले ओगटेको क्षेत्रफल सम्बन्धी विवरण,

(ख) आफूले गर्ने व्यवसाय संचालनका लागि व्यवस्था गरिएको कार्यालय उपकरण तथा प्रविधि सम्बन्धी विवरण,

(ग) संगठन संरचना तथा कार्य बिभाजन सम्बन्धमा गरिएको व्यवस्था,

(घ) अनुसूची – ६ बमोजिमको ढाँचामा धितोपत्र व्यवसाय संचालनका लागि गरिएको जनशक्ति व्यवस्था ।

(३) उपनियम (२) बमोजिम पूर्वाधार तयार गरेको जानकारी प्राप्त भएको तीस दिन भित्र निवेदकले तयार गरेको पूर्वाधार सम्बन्धमा बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्नेछ र पूर्वाधार सम्बन्धमा गरेको व्यवस्था पर्याप्त देखिएमा धितोपत्र व्यवसाय संचालन गर्न अनुसूची -२ बमोजिमको अनुमतिपत्र दस्तुर लिई अनुसूची - ७ बमोजिम अनुमतिपत्र प्रदान गर्नेछ ।

(४) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (३) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा निवेदकले तयार गरेको पुर्वाधार धितोपत्र व्यवसाय संचालनका लागि अपर्याप्त देखिएमा बोर्डले बढीमा तीन महिनाको समय तोकी थप व्यवस्था गर्न लगाउन सक्नेछ ।

५. **धितोपत्र व्यवसाय गरिरहेकाले अनुमतिपत्र लिनुपर्नेः** (१) ऐन प्रारम्भ हुँदाका बखत यस नियमावली बमोजिमको कुनै मर्चेन्ट बैंकिङ्ग व्यवसाय गरिरहेका धितोपत्र व्यवसायीले यो नियमावली लागू भएको तीन महिनाभित्र अनुसूची - २ बमोजिमको निवेदन दस्तुर र देहायका विवरण तथा कागजात संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ :-

(क) अद्यावधिक प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ग) साविकमा प्राप्त गरेको धितोपत्र व्यवसायीको सक्कल प्रमाणपत्र,

(घ) मर्चेन्ट बैंकिङ्ग व्यवसाय संचालनका लागि व्यवस्था गरिएको कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र संगठन संरचना तथा कार्य बिभाजन सम्बन्धी अद्यावधिक विवरण,

(ङ) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा अनुसूची - ३ बमोजिमको विवरण,

(च) अनुसूची – ६ बमोजिमको ढाँचामा मर्चेन्ट बैंकिङ्ग व्यवसायका लागि व्यवस्था गरिएको जनशक्तिको अद्यावधिक विवरण ।

(२) उपनियम (१) बमोजिम निवेदन दस्तुर तथा तोकिएको विवरण र कागजात पेश गरेको मर्चेन्ट बैंकरलाई बोर्डले आवश्यक जाँचबुझ गरी अनुसूची - ७ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ ।

(३) उपनियम (१) बमोजिम निवेदन पेश भएको तीन महिना भित्र धितोपत्र व्यवसाय संचालनका लागि उपनियम (१) को खण्ड (घ) बमोजिमको पूर्वाधार सम्बन्धमा बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ र पूर्वाधार सम्बन्धमा गरेको व्यवस्था अपर्याप्त देखिएमा थप व्यवस्था गर्न आवश्यक निर्देशन दिन सक्नेछ ।

[२]६, **मर्चेण्ट बैंकर व्यवसायको कार्य थप सम्बन्धी व्यवस्थाः** (१) मर्चेन्ट बैंकरले यस नियमावली बमोजिम मर्चेण्ट बैंकिङ्ग व्यवसायको कार्य थप गर्न चाहेमा अनुसूची-२ बमोजिमको निवेदन दस्तुर तथा निवेदकले गर्न चाहेको धितोपत्र व्यवसाय सम्बन्धमा देहायका विवरण तथा कागजात संलग्नगरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ :

(क) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) आगामि तीन वर्षको व्यावसायिक योजना,

(ग) थप कार्य गर्न अनुमति प्राप्त गर्ने सम्बन्धमा संचालक समितिको निर्णयको प्रतिलिपि,

(घ) थप कार्यका लागि अनुसूची-९ बमोजिमको चुक्ता पूँजी पुगेको प्रमाणित गर्ने निस्सा,

(ङ) मर्चेन्ट बैंकरको साविकको सक्कल अनुमतिपत्र,

(च) थप कार्य संचालनका लागि व्यवस्था गरिने जनशक्ति तथा पूर्वाधार व्यवस्था ।

(२) उपनियम (१) बमोजिम पेश भएको निवेदनको जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदन अनुसार व्यवसायको थप कार्य गर्न स्वीकृति प्रदान गर्नु अघि मर्चेन्ट बैंकरले तयार गरेको पूर्वाधार सम्बन्धमा बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम जाँचबुझ तथा स्थलगत निरीक्षण गर्दा मर्चेन्ट बैंकरको कार्य थप गर्न उपयुक्त देखिएमा बोर्डले आवश्यक दस्तुर लिई थप व्यवसाय गर्न अनुमतिपत्र प्रदान गर्नेछ ।

[३]**६क, मर्चेन्ट बैंकिङ्ग व्यवसायको कार्य छाड्ने सम्बन्धी व्यवस्थाः**(१) मर्चेन्ट बैंकरले यस नियमावली बमोजिम मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न आफूले अनुमतिपत्र प्राप्त गरेको कुनै वा सबै कार्य छाडने निर्णय गरेमा त्यस्तो व्यवसायसंग कर लगाएतका सम्पूर्ण दायित्व फरफारक गरी सोको विवरण सहित मर्चेन्ट बैंकरको सक्कल अनुमतिपत्र संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) मर्चेन्ट बैंकरले उपनियम (१) बमोजिमको निर्णय गरेपछि सोसंग सम्बन्धित नयाँ कारोबार गर्न सक्ने छैन ।

(३) उपनियम (१) बमोजिम पेश भएको निवेदनको जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा दायित्व फरफारक सम्बन्धमा पुनः सार्वजनिक सूचना प्रकाशन गर्न गराउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमजाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले मर्चेन्ट बैंकिङ्ग व्यवसायको कुनै कार्य छाड्ने भएमा त्यस्तो कार्य छाड्नका लागि स्वीकृति दिनेछ वा सबै कार्य छाड्ने भएमा अनुमतिपत्र खारेज गरी सोको सूचना सार्वजनिक गर्नुपर्नेछ ।

---

२ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

३ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको

७. **अनुमतिपत्र नवीकरणः** (१) यस नियमावली बमोजिम अनुमति पत्र प्राप्त मर्चेन्ट बैंकरले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र अनुसुची-२ बमोजिमको बार्षिक शुल्क सहित अनुसूची – ८ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समयावधि भित्र नवीकरणका लागि निवेदन पेश नगर्ने मर्चेन्ट बैंकरले उक्त म्याद समाप्त भएपछि अनुमतिपत्र नवीकरण नगरे सम्म धितोपत्र व्यवसाय गर्न पाउने छैन ।

[४]७क. **अनुमतिपत्रको प्रतिलिपीः** (१) अनुमतिपत्र प्राप्त मर्चेन्ट बैङ्करको अनुमतिपत्र झुत्रो भएमा, नासिएमा वा हराएमा त्यस्तो मर्चेन्ट बैङ्करले अनुमतिपत्रको प्रतिलिपिको लागि अनुसूची-२ बमोजिमको दस्तुर संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले सम्बन्धित निवेदकलाई अनुमतिपत्रको प्रतिलिपि प्रदान गर्न सक्नेछ।"

८. **अनुमतिपत्र निलम्बन वा खारेजः** ऐनको दफा ८८ तथा ८९ बमोजिम अनुमतिपत्र निलम्बन वा खारेजी सम्बन्धी कार्यविधि नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ अनुसार हुनेछ ।

## परिच्छेद ३
## पूँजी तथा स्वामित्व सम्बन्धी व्यवस्था

९. **न्यूनतम पूँजी तथा आर्थिक श्रोतः** यस नियमावली बमोजिम मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न चाहने संगठित संस्थाको अनुसूची-९ मा तोकिए बमोजिम न्यूनतम चुक्ता पूँजी पुगेको हुनु पर्नेछ ।

[५]तर यो नियम प्रारम्भ हुँदाका बखत मर्चेन्ट बैंकिङ्गव्यवसाय गरिरहेका संगठित संस्थाले २०७५ साल असार मसान्तभित्र अनुसूची-९ बमोजिमको न्यूनतम चुक्ता पूँजी पुर्‍याई बोर्डलाई जानकारी दिनु पर्नेछ ।

१०. **स्वामित्व सम्बन्धी व्यवस्थाः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मर्चेन्ट बैंकिङ्ग व्यवसायको स्वच्छ संचालनका लागि बोर्डले अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरलाई आवश्यकता अनुसार धितोपत्रको सार्वजनिक निष्काशन गर्नु पर्ने प्रतिशत तथा सार्वजनिक निष्काशन गर्नु पर्ने समायावधि समेत तोकी सार्वजनिक निष्काशन गर्ने निर्देशन दिन सक्नेछ ।

(२) विदेशी व्यक्ति वा कम्पनी वा संगठित संस्थाले मर्चेन्ट बैंकरको स्वामित्व ग्रहण गर्ने भएमा प्रचलित कानून बमोजिम नेपालमा लगानी वा व्यवसाय गर्न अनुमति प्राप्त गरेको वा नेपाल सरकारको स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरको सार्वजनिक निष्काशन गरेको शेयर बाहेक अन्य शेयर ग्रहण गर्ने शेयरधनीले आफूले ग्रहण गरेको शेयर यस नियमावली बमोजिम संस्थापक शेयर ग्रहण गर्न योग्यता पुगेको तथा अयोग्यता नरहेको व्यक्ति वा कम्पनी वा संगठित संस्थालाई मात्र बिक्री गर्न सक्नेछ ।

---

४ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

५ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

(४) सार्वजनिक निष्काशन भएको धितोपत्र ग्रहण गर्ने शेयरधनी बाहेक मर्चेन्ट बैंकरको अन्य शेयरधनीले आफूले ग्रहण गरेको शेयर अनुमतिपत्र प्राप्त गरेको एक वर्षसम्म बिक्री गर्न सक्ने छैन ।

[६](५)[७]मर्चेन्ट बैङ्करको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा हस्तान्तरण वा मर्चेन्ट बैंकरलेअन्य कुनै प्रकारले नयाँसेयरधनी कायम गर्नु परेमा सोपूर्व बोर्डमा तत्सम्बन्धी अभिलेख गराउनु पर्नेछ ।

[८](६)[९] मर्चेन्ट बैङ्करले उपनियम (५) बमोजिम अभिलेख गराउँदा यस नियमावली बमोजिमको योग्यता पुरा गरेका नयाँ कायम हुन आउने शेयरधनीको अनुसूची-३ र अनुसूची - ११ बमोजिमको विवरण तथा कागजात सहित बोर्डमा निवेदन पेश गर्नु पर्नेछ ।

[१०](७)[११] उपनियम (६) बमोजिमको निवेदनसाथ बिक्री वा हस्तान्तरण हुने शेयरको विक्री मूल्यको दस्तुर वापत शून्य दशमलब तीन प्रतिशतका दरले हुने रकम संलग्न गर्नु पर्नेछ ।

तर, मर्चेन्ट बैंकरको शेयरधनीले शेयर बिक्री वा हस्तान्तरण गर्दा नेटवर्थ भन्दा कम मूल्यमा नहुने गरी विक्री वा हस्तान्तरण गर्नु पर्नेछ ।

[१२](८) उपनियम (६) बमोजिम प्राप्त निवेदन तथा संलग्न कागजातको जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ।

[१३](९) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निष्काशन भएको धितोपत्र वा सूचीकृत धितोपत्र वा सूचीकृत सङ्गठित संस्थाको स्वामित्वमा रहेको धितोपत्र भएमा स्वामित्व हस्तान्तरण सम्बन्धमा यो नियमको व्यवस्था लागू हुने छैन ।

११. **संस्थापक हुन नसक्ने**: (१) देहायको कुनै पनि व्यक्ति मर्चेन्ट बैंकरको संस्थापक शेयर ग्रहण गर्न योग्य हुने छैन :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरेको,

(ख) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाँय पाएको भए सजायँ भुक्तान भएको पाँच बर्ष पूरा नभएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पुरा नभएको,

(घ) कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको,

(ङ) धितोपत्र निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी धितोपत्र

६ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।
७ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।
८ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।
९ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।
१० धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।
११ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।
१२ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।
१३ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

कारोबारका लागि सूचीकरण नगराएको वा सूचीकरण खारेज भएको संगठित संस्थाको संचालक रहेको,

[१४](ङ१) अन्य धितोपत्र व्यवसायी संस्थामा स्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको ।

तर यो नियम प्रारम्भ हुँदाका बखत अन्य धितोपत्र व्यवसायी संस्थामा स्वामित्व रहेको भएमा यो नियम लागू भएको एक बर्षभित्र शेयर नरहने गरी स्वामित्व निसर्ग गरी वा कुनै लाभको पद ग्रहण गरेको भए यो नियम लागू भएको एक बर्षभित्र त्यस्तो पद छाडी त्यसको जानकारी बोर्डलाई दिनुपर्नेछ ।

(च) उपनियम (२) बमोजिम अयोग्यता रहेको कम्पनी वा संगठित संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख रहेको ।

(२) देहायको कम्पनी वा संगठित संस्था मर्चेन्ट बैंकरको संस्थापक शेयर ग्रहण गर्न योग्य हुने छैन :-

(क) साहूको ऋण तिर्न नसकी दामासाही सम्बन्धी कारबाहीमा परेको,

(ख) वित्तीय विवरण सार्वजनिक गर्नु पर्ने सार्वजनिक निष्काशन गरेका संगठित संस्थाको हकमा लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको वित्तीय विवरण सार्वजनिक नगरेको,

(ग) कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको,

(घ) उपनियम (१) बमोजिम अयोग्यता रहेको व्यक्ति संस्थापक, संचालक वा कार्यकारी प्रमुख रहेको ।

## परिच्छेद ४
## संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

१२. **संचालक तथा कार्यकारी प्रमुखको नियुक्तिः** (१) मर्चेन्ट बैंकरले यस नियमावली बमोजिम योग्यता पूरा भएको तथा अयोग्यता नरहेको संचालक तथा कार्यकारी प्रमुख नियुक्त गर्नु पर्नेछ ।

(२) मर्चेन्ट बैंकरको नयाँ संचालक वा कार्यकारी प्रमुख नियुक्त भएमा त्यसरी नियुक्त संचालक वा कार्यकारी प्रमुखको सम्बन्धमा नियुक्त भएको सात दिन भित्र अनुसूची-३ बमोजिमको विवरण समेत संलग्न गरी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

१३. **संचालक तथा कार्यकारी प्रमुखको योग्यताः** मर्चेन्ट बैंकरको संचालक तथा कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) संचालक समितिको अध्यक्ष सहित कम्तीमा दुई तिहाई संचालक र कार्यकारी प्रमुख अर्थशास्त्र वा  वाणिज्य वा वित्त वा लेखा वा व्यवस्थापन वा वाणिज्य कानून बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको तथा उद्योग, वाणिज्य वा धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा तीन बर्ष कार्य गरेको अनुभव भएको,

---

१४ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको

(ख) नेपाली नागरिक भएको,

तर नेपाल सरकारले स्वीकृति दिएको अवस्थामा विदेशी नागरिक समेत संचालक वा कार्यकारी प्रमुख हुन सक्नेछ ।

१४. **संचालक वा कार्यकारी प्रमुखको अयोग्यताः** मर्चेन्ट बैंकरको संचालक वा कार्यकारी प्रमुखको देहाय बमोजिमको अयोग्यता रहेको हुनु हुँदैन :-

(क) बहुलाएको वा मगज बिग्रेको,

[१५](ख) बोर्ड वा धितोपत्र बजार वा धितोपत्र दलाल वा धितोपत्र व्यापारी वा केन्द्रीय निक्षेप सेवा वा अन्य मर्चेन्ट बैंकर वा क्रेडिट रेटिङ्ग संस्थामा कुनै लाभको पदमा रहेको,

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरेको,

(घ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पुरा नभएको,

(ङ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको,

(च) धितोपत्र निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी धितोपत्र कारोबारका लागि सूचीकरण नगराएको वा सूचीकरण खारेज भएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(छ) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको ।

[१६](ज) अन्य धितोपत्र व्यवसायी संस्थामा स्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको । तर यो नियम प्रारम्भ हुँदाका बखत अन्य धितोपत्र व्यवसायी संस्थामा स्वामित्व रहेको भएमा यो नियम लागू भएको एक बर्षभित्र शेयर नरहने गरी स्वामित्व निसर्ग गरी वा कुनै लाभको पद ग्रहण गरेको भए यो नियम लागू भएको एक बर्षभित्र त्यस्तो पद छाडी त्यसको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

१५. **योग्यता सम्बन्धी व्यवस्थाको निरन्तरताः** (१) मर्चेन्ट बैंकरले आफ्नो संचालक तथा कार्यकारी प्रमुखको योग्यता सम्बन्धी व्यवस्था अनुमतिपत्रको अवधि भर निरन्तर रुपमा कायम राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यता नरहेमा त्यसरी योग्यता नरहेको मितिबाट सम्बन्धित संचालक वा कार्यकारी प्रमुख स्वतः हटेको मानिनेछ ।

(३) उपनियम (२) बमोजिमको अवस्था परेमा मर्चेन्ट बैंकरले बोर्डलाई तुरुन्त जानकारी दिई त्यस्तो अवस्था भएको तीस दिनभित्र यस नियमावली बमोजिम योग्यता पुरा भएको तथा अयोग्यता नरहेको कार्यकारी प्रमुख वा संचालकको नियुक्ती गरी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

---

१५ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

१६ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

## परिच्छेद ५
## कारोबार तथा शुल्क सम्बन्धी व्यवस्था

१६. **मर्चेन्ट बैंकरको कार्य**: (१) मर्चेन्ट बैंकरले अनुमतिपत्र प्राप्त गरी देहाय बमोजिमका कार्यहरु मध्ये एक वा एक भन्दा बढी कार्य गर्न सक्नेछ :

(क) धितोपत्र निष्काशनका लागि विवरण पत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण तयार गर्ने लगायत धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी आवश्यक सबै कार्यहरु गर्ने,

(ख) संगठित संस्थासंग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्रहरु बिक्री नभएको अवस्थामा आफूले खरिद गर्न प्रत्याभूति (अण्डरराइटिङ्ग) दिने कार्य गर्ने,

(ग) संगठित संस्थाको तर्फबाट धितोपत्रधनीहरुको अभिलेख राख्ने तथा धितोपत्रहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने ।

(घ) ग्राहक संग सम्झौता गरी ग्राहकका लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

[१७](ङ) संस्थागत परामर्श सेवा प्रदान गर्ने ।

(२) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरले मर्चेन्ट बैंकिङ्ग व्यवसाय बाहेक अन्य प्रकारको कुनै व्यवसाय गर्न सक्ने छैन,

तर बैंक तथा वित्तीय संस्थाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि मर्चेन्ट बैंकरले अनुमतिपत्र प्राप्त गरी ऐनको दफा ६३ बमोजिमको अन्य धितोपत्र व्यवसाय गर्न बाधा पर्ने छैन ।

१७. **सम्झौता गर्नु पर्नेः** (१) मर्चेन्ट बैंकरले कुनै पनि मर्चेन्ट बैंकिङ्ग सेवा प्रदान गर्नु अघि सम्बन्धित व्यक्ति वा संगठित संस्थासंग आफूले प्रदान गर्ने सेवा तथा सेवा लिने दिने दुवै पक्षको अधिकार तथा दायित्व खुलाई सम्झौता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्झौता गरेको पन्ध्र दिन भित्र त्यस्तो सम्झौता बोर्डको जानकारीका लागि पेश गर्नु पर्नेछ ।

(३) यस नियमावली बमोजिम मर्चेन्ट बैंकिङ्ग सेवा लिने दिने सम्बन्धमा गरिएको सम्झौताको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

(४) यस नियमावली बमोजिम गर्नु पर्ने सम्झौताको ढाँचा बोर्डले तोकिदिन सक्नेछ ।

१८. **संयुक्त रुपमा व्यवसाय गर्न सक्नेः** (१) कुनै एक मर्चेन्ट बैंकरले आफू मुख्य मर्चेन्ट बैंकर भई अन्य मर्चेन्ट बैंकरलाई सह-मर्चेन्ट बैंकरको रुपमा नियुक्त गरी सेवा प्रदान गर्न सक्नेछ ।

(२) मुख्य मर्चेन्ट बैंकरले उपनियम (१) बमोजिम नियुक्त सह-मर्चेन्ट बैंकरसंग मिली सेवा प्रदान गर्ने सम्बन्धमा सम्झौता गर्नु पर्नेछ र यस्तो सम्झौताको जानकारी बोर्डलाई समेत दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मुख्य मर्चेन्ट बैंकरले सह-मर्चेन्ट बैंकर नियुक्त गरी सेवा प्रदान गर्ने भएमा सेवा प्रदान गरिने सम्बन्धित पक्षको मञ्जुरी लिएको हुनुपर्नेछ ।

---

१७ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

१९. **निष्काशन तथा बिक्री प्रबन्धकको जिम्मेवारी:** निष्काशन गरिने धितोपत्रसंग सम्बन्धित सूचना तथा विवरण प्रवाह, निष्काशन खुला तथा रकम संकलन, धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी, प्रमाणपत्र वितरण तथा सूचीकरण लगायत निष्काशन सम्बन्धी सम्पूर्ण कार्य गर्ने जिम्मेवारी निष्काशन तथा बिक्री प्रबन्धकको हुनेछ ।

२०. **शेयर रजिष्ट्रारको जिम्मेवारी:** नामसारीका लागि प्रक्रिया पूरा गरी प्राप्त भएका धितोपत्रहरुको नामसारी गर्ने, धितोपत्रको स्वामित्व प्रमाणित गर्ने, धितोपत्रधनीहरुको अभिलेख राख्ने लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य कार्य गर्ने जिम्मेवारी शेयर रजिष्ट्रारको हुनेछ ।

२१. **धितोपत्र प्रत्याभूतिकर्ताको जिम्मेवारी:** आफूले प्रत्याभूति सेवा प्रदान गरेको धितोपत्रहरु बिक्री नभएको अवस्थामा त्यस्तो धितोपत्रहरु स्वीकार गरी धितोपत्रको मूल्य भुक्तानी गर्ने लगायत प्रत्याभूति सम्बन्धी अन्य कार्य गर्ने जिम्मेवारी धितोपत्र प्रत्याभूतिकर्ताको हुनेछ ।

२२. **लगानी व्यवस्थापकको जिम्मेवारी:** लगानी व्यवस्थापनका लागि ग्राहकसंग सम्झौता गर्ने, ग्राहक खाता खोल्ने, सम्झौता अनुसार ग्राहकका लागि धितोपत्र खरिद बिक्री गर्ने, भुक्तानी लिने दिने लगायत लगानी व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने जिम्मेवारी लगानी व्यवस्थापकको हुनेछ ।

[१८]२२क. **संस्थागत परामर्शदाताको जिम्मेवारी** : (१) सङ्गठित संस्थाको संरचना हेरफेर, मूल्याङ्कन, व्यवसायिक योजना, लोन सिण्डिकेशन, वर्किङ क्यापिटल फाइनान्सिङ, भेन्चर क्यापिटल, प्राईभेट इक्विटी, हेज फण्ड जस्ता कोष संचालन, सम्पत्ति व्यवस्थापन लगायतका बिषयमा परामर्श सेवा प्रदान गर्ने जिम्मेवारी संस्थागत परामर्शदाताको हुनेछ ।

(२) संस्थागत परामर्शदाताले उपनियम (१) बमोजिमका आफूले प्रदान गर्ने परामर्श सेवाको बिषय तथा प्रकृति खुलाई बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम उपनियम (१) को कार्य गर्न पाउने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त नगरी यस्तो सेवा प्रदान गर्न बाधा पुगेको मानिने छैन ।

२३. **कारोबार सीमा:** अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरले यस नियमावली बमोजिम गर्न सक्ने मर्चेन्ट बैंकिङ्ग सम्बन्धी व्यवसायको सीमा व्यवसायीको चुक्ता पूँजी वा खुद सम्पत्तिको आधारमा समय समयमा बोर्डले तोकिदिन सक्नेछ ।

२४. **सेवा शुल्क:** [१९](१) मर्चेन्ट बैंकरले मर्चेन्ट बैकिङ्ग सम्बन्धी सेवा प्रदान गरे वापत अनुसूची-१० बमोजिम सेवा शुल्क लिन सक्नेछ ।

[२०](२) मर्चेन्ट बैंकरले त्रैमासिक रुपमा उपनियम (१) बमोजिम आफूले प्राप्त गरेको सेवा शुल्कको तीन (३) प्रतिशतले हुने रकम उक्त त्रैमास समाप्त भएको तीस दिनभित्र बोर्डमा बुझाउनुपर्ने छ । उक्त अवधिमा बोर्डमा रकम नबुझाएमा वार्षिक दश प्रतिशतका दरले व्याजसमेत जोडी बोर्डमा बुझाउनुपर्ने छ ।

[२१](३) मर्चेन्ट बैंकरले उपनियम (२) बमोजिम बुझाउनुपर्ने शुल्क बुझाउँदा प्रत्येक आयशीर्षक खुलाई विवरण समेत पेश गर्नुपर्नेछ ।

---

१८ १२ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

१९ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

२० धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

२१ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

## परिच्छेद ६

## अभिलेख, जानकारी तथा विवरण प्रवाह सम्बन्धी व्यवस्था

२५. **हिसाव किताव र अभिलेख राख्नुपर्ने**: (१) मर्चेन्ट बैंकरले प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार लेखा राखी नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको हकमा उपनियम (१) बमोजिमको वित्तीय विवरणमा मर्चेन्ट बैकिङ्ग कारोबार सम्बन्धी आय व्ययको छुट्टै अनुसूची तयार गर्नु पर्नेछ ।

(३) मर्चेन्ट बैंकरले मर्चेन्ट बैकिङ्ग कारोबार सम्बन्धी राख्नुपर्ने अभिलेख र विवरणको ढाँचा बोर्डले समय समयमा तोकिदिन सक्नेछ ।

[२२]२५क. **जगेडा कोष :** (१) मर्चेण्ट बैंकरले संस्थागत जोखिम व्यवस्थापन गर्न तथा संस्थाको वित्तीय सवलताको लागि जगेडा कोष खडा गरी मुनाफाको दश प्रतिशत रकम राख्नु पर्नेछ । त्यसरी कायम गर्नु पर्ने जगेडा कोषको रकम वोर्डले समय समयमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

तर, योजना व्यवस्थापकको अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरले सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम जगेडा कोष कायम गरेको भएमा यस नियम बमोजिमको जगेडा कोष कायम गर्न अनिवार्य हुनेछैन ।

(२) उपनियम (१) बमोजिमको जगेडा कोषमा जम्मा भएको रकम नगद लाभांशको रुपमा बितरण गर्न पाईने छैन ।

२६. **प्रतिवेदन पेश गर्नु पर्ने**: (१) मर्चेन्ट बैंकरले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण तथा उक्त वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(२) मर्चेन्ट बैंकरले प्रत्येक अर्ध वार्षिक अवधि समाप्त भएको साठी दिनभित्र आफूले गरेको मर्चेन्ट बैकिङ्ग व्यवसायको अर्ध वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम तोकिएको समय भित्र वार्षिक प्रतिवेदन पेश गर्न नसकेमा सो को मनासिव माफिकको कारण खुलाई म्याद थपको लागि बोर्ड समक्ष मर्चेन्ट बैंकरले निवेदन दिएमा बोर्डले तीन महिनासम्म म्याद थप गरिदिन सक्नेछ । त्यसरी थपिएको म्याद भित्र पनि वार्षिक प्रतिवेदन पेश नगरेमा बोर्डले त्यस्तो मर्चेन्ट बैंकरलाई ऐनको व्यवस्था बमोजिम जरिवाना गर्न सक्नेछ ।

(४) बजार नियमनको आवश्यकता अनुसार उपनियम (१) तथा (२) बमोजिम पेश गर्नु पर्ने प्रतिवेदनको ढाँचा र सो प्रतिवेदनमा उल्लेख हुनुपर्ने थप विवरण समेत बोर्डले तोकिदिन सक्नेछ ।

---

२२ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

२७. **सुचीकृत लेखापरीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने**: मर्चेन्ट बैंकरले बोर्डले सूचीकृत गरेको लेखापरीक्षक मध्येबाट आफ्नो हिसाव किताव तथा कारोबारको लेखापरीक्षण गराउनु पर्नेछ ।

२८. **जानकारी तथा विवरण पेश गर्नुपर्ने** : (१) मर्चेन्ट बैंकरले देहाय अनुसारको समयभित्र देहायका जानकारी तथा विवरण बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) मर्चेन्ट बैंकरले मर्चेन्ट बैंकिङ्ग व्यवसायका लागि शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्ने भएमा त्यसरी खोल्नु भन्दा कम्तीमा सात दिन अगावै सो सम्बन्धी जानकारी,

(ख) मर्चेन्ट बैंकिङ्ग व्यवसायका लागि खोलिएको शाखा कार्यालय वा सम्पर्क कार्यालय बन्द गरेमा सात दिन भित्र सो सम्बन्धी जानकारी,

(ग) मर्चेन्ट बैंकिङ्ग व्यवसायमा प्रभाव पर्ने विषयमा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु परेमा त्यसरी संशोधन गर्नु अघि सो सम्बन्धी जानकारी ।

(२) मर्चेन्ट बैंकरले देहायका कुराको सम्बन्धमा बोर्डलाई तुरुन्त जानकारी दिनु पर्नेछ :-

(क) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन भएमा,

(ख) मर्चेन्ट बैंकर आफू तथा आफ्नो संस्थापक, संचालक तथा कार्यकारी प्रमुख उपर प्रचलित कानून बमोजिम कुनै कारबाही भएमा वा कारबाही अगाडी बढाइएको भएमा,

(ग) संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा सूचीकृत भएमा ।

## परिच्छेद ७

## विविध

२९. **व्यावसायिक मर्यादा पालना गर्नु पर्ने**: मर्चेन्ट बैंकरले बोर्डले जारी गरेको व्यावसायिक मर्यादाको पालना गर्नु पर्नेछ ।

[२३]२९क. **कम्पनी एक आपसमा गाभिन वा कुनै एकले प्राप्त गर्न सक्ने :** (१) सहायक कम्पनी स्थापना गरी मर्चेन्ट बैंकिङ्ग व्यवसाय सञ्चालन गरिरहेका बैंक वा वित्तीय संस्था एक आपसमा गाभिएमा वा कुनै एकले प्राप्त (मर्जर वा एक्विजिसन) गरेमा एक मात्र सहायक कम्पनी कायम गरी मर्चेन्ट बैंकिङ्ग व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गाभिने वा प्राप्त गर्ने कार्य सम्पन्न भएको छ महिनाभित्र मर्चेन्ट बैंकिङ्ग व्यवसायको लागि एक मात्र सहायक कम्पनी कायम गरी सक्नु पर्नेछ।

---

२३ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

[२४]३०. **खुद पूँजी तथा पूर्वाधार :**मर्चेन्ट बैंकरले कायम राख्नुपर्ने खुद पूँजी तथा तयार पार्नु पर्ने पूर्वाधार बोर्डले समय समयमा तोकी दिन सक्नेछ ।

[२५]३० (क). **संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धी व्यवस्थाः** (१) मर्चेन्ट वैंकरले संस्थागत सामाजिक उत्तरदायित्व कोष स्थापना गर्नु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको कोषमा मर्चेन्ट वैंकरले आफ्नो मुनाफाको कम्तिमा एक प्रतिशत रकम छुट्टयाई संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धी कार्यमा खर्च गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धी भएको कार्य सम्वन्धी जानकारी उक्त कार्य भएको सात दिन भित्र वोर्डमा दिनुपर्नेछ ।

३१. **कारबाहीको अभिलेख राख्नेः** (१) धितोपत्र सम्बन्धी कानून तथा बोर्डद्वारा जारी गरिएको आदेश वा निर्देशनको पालना नगरेको कारण ऐन बमोजिम कारबाहीमा परेको मर्चेन्ट बैंकर तथा सम्बन्धित व्यक्तिको बोर्डले अभिलेख राख्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा समावेश भएको कम्पनी, संगठित संस्था, व्यक्ति वा सो व्यक्ति संलग्न कुनै पनि कम्पनी वा संगठित संस्थालाई धितोपत्र सम्बन्धी कानून बमोजिम उपलब्ध हुने सेवामा बोर्डले रोक लगाउन सक्नेछ ।

३२. **निर्देशन वा निर्देशिकामा तोकिदिन सक्नेः** मर्चेन्ट बैंकिङ्ग व्यवसायका सम्बन्धमा यस नियमावलीमा भएका व्यवस्थाका अतिरिक्त अन्य व्यवस्थाहरु आवश्यकता अनुसार बोर्डले समय समयमा निर्देशन वा निर्देशिका जारी गरी तोकिदिन सक्नेछ ।

३३. **यसै नियमावली बमोजिम हुनेः** यस नियमावलीमा लेखिएको जतिमा यसै नियमावली बमोजिम र अरुमा ऐन अन्तर्गतका अन्य नियमावली बमोजिम हुनेछ ।

३४. **अनुसूचीमा हेरफेर वा थपघटः** यस नियमावलीको अनुसूचीमा बोर्डले आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

३५. **खारेजी र बचाउः** १) धितोपत्र कारोबार नियमावली, २०५० मा मर्चेन्ट बैंकिङ्ग व्यवसाय सम्बन्धमा भएका व्यवस्थाहरु खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज भएका नियम बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

२४ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

२५ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

# अनुसूची– १

(नियम ३ को उपनियम (१) संग सम्बन्धित)

## अनुमतिपत्रका लागि दिनु पर्ने निवेदनको ढाँचा

मितिः ..........................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

**बिषयः मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्ने अनुमतिपत्र पाऊँ ।**

धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गत बनेको नियम, विनिमय, निर्देशिका तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही देहाय बमोजिमको मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्ने इच्छा भएकोले तोकिएको दस्तुर, विवरण तथा कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौ ।

हामीले मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न तोकिएको योग्यता तथा व्यवस्थाहरु पुरा गरेका छौं । संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य र अनुमान औचित्यपूर्ण छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । कुनै विवरण लुकाएको वा गलत कागजात वा विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकले गर्न चाहेको मर्चेन्ट बैंकिङ्ग व्यवसायः

| | |
|---|---|
| १. निष्काशन तथा बिक्री प्रबन्ध | |
| २. धितोपत्र प्रत्याभूति | |
| ३. शेयर रजिष्ट्रेशन | |
| ४. लगानी व्यवस्थापन | |
| [२६]५. संस्थागत परामर्श सेवा | |

कार्यकारी प्रमुखको :

नाम : दस्तखतः

निवेदक संगठित संस्थाः

नाम : ..........................

ठेगानाः अंचल..........................जिल्ला ........................ गा. वि.स. ⁄ न.पा......................

टोल...................वडा नं.........ब्लक नं......... फोन नंः............... फ्याक्सः...........

इमेल ................

संगठित संस्थाको छापः

---

२६ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

## अनुसूची-२[२७]

(नियम ३ उपनियम (१), नियम ४ को उपनियम (३) र नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

निवेदन दस्तुर, अनुमतिपत्र दस्तुर, वार्षिक शुल्क र प्रतिलिपि शुल्क

| मर्चेन्ट बैंकिङ्ग व्यवसायको किसिम | निवेदन दस्तुर | अनुमतिपत्र दस्तुर | वार्षिक शुल्क |
|---|---|---|---|
| १.निष्काशन तथा बिक्री | २५,०००।- | ३,००,०००।- | १,५०,०००।- |
| २.शेयर रजिष्ट्रेशन | २५,०००।- | २,००,०००।- | १,००,०००।- |
| ३. धितोपत्र प्रत्याभूति | २५,०००।- | ३,००,०००।- | १,५०,०००।- |
| ४.लगानी व्यवस्थापन | २५,०००।- | २,००,०००।- | १,००,०००।- |
| ५. [२८]संस्थागत परामर्श | २५,०००।- | ३,००,०००।- | १,५०,०००।- |
| ६.प्रतिलिपि शुल्क | १०,०००।- | | |

## अनुसूची– ३

[२९](नियम ३ को उपनियम (२)को खण्ड (क), नियम ५को उपनियम (१)को खण्ड (ङ), नियम १० को उपनियम (६) तथा नियम १२ को उपनियम (२) संग सम्बन्धित)

**शेयरधनी/संचालक/कार्यकारी प्रमुख सम्बन्धी विवरण**

फोटो

१. नामः
२. स्थायी ठेगानाः अंचल......................जिल्ला ......................... गा. वि.स./न.पा. .. ........................... टोल....................वडा नं.........घर/ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल .................

३. हालको ठेगानाः अंचल.....................जिल्ला ......................... गा. वि.स./ न.पा................................ टोल....................वडा नं.........घर/ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल .................
४. बाबुको नामः
५. बाजेको नामः
६. पति वा पत्नीको नामः
७. शैक्षिक योग्यताः
८. व्यवसायिक अनुभवः
९. तालिमः
१०. अन्य कम्पनी वा संगठित संस्थामा संस्थामा १ प्रतिशत वा सो भन्दा बढी स्वामित्व वा कुनै लाभको पदमा रहेको भए तत्सम्बन्धी विवरणः
११. निवेदक कम्पनी वा संगठित संस्थाको अन्य संस्थापक, संचालक वा कार्यकारी प्रमुखसंग कुनै नाता सम्बन्ध भए सो सम्बन्धी विवरणः

---

२७ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधन गरिएको ।

२८ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

२९ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

१२. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारबाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण:

१३. मर्चेन्ट बैंकरको संचालक/कार्यकारी प्रमुख हुन तोकिएको योग्यता पूरा भएको तथा अयोग्यता नरहेको उद्घोषण:

दस्तखत: ..........................

संलग्न गर्नु पर्ने कागजात:

१. योग्यता, अनुभव र अन्य संस्थामा संलग्नता भए सो समेत प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

[३०]३. अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।

[३१]४. कर्जा सूचना केन्दको कालो सूचिमा नरहेको प्रमाण ।

## अनुसूची– ४

(नियम ३ को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धित)

**निवेदक संगठित संस्था सम्बन्धी विवरण तथा कागजात**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै विशेष ऐनद्वारा स्थापना भएको संगठित संस्थाको हकमा सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(घ) निवेदकले गर्ने मर्चेन्ट बैंकिङ्ग कार्यको किसिम अनुसारको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ङ) मर्चेन्ट बैंकिङ्ग व्यवसायको आगामी तीन वर्षको प्रक्षेपित आर्थिक विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक योजना,

(च) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिको निर्णयको प्रतिलिपि,

(छ) शेयरको चुक्ता रकम प्रमाणित गर्ने निस्सा,

(ज) संस्थापकले ग्रहण गरेको शेयर स्वामित्व सम्बन्धी विवरण,

(झ) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाम, पुरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(ञ) प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण,
(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संगठित संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ । )

(ट) मर्चेन्ट बैंकिङ्ग व्यवसाय संचालनका लागि व्यवस्था गरिने कार्यालयको स्थान र क्षेत्रफल,

---

३० धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

३१ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,

(ठ) मर्चेन्ट बैंकिङ्ग व्यवसायका लागि तयार गरिने संगठन तथा कार्य विभाजन सम्बन्धी विवरण,

(ड) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण ।

## अनुसूची–५

(नियम ३ को उपनियम (२) को खण्ड (ग) संग सम्बन्धित)

**संस्थापक कम्पनी वा संगठित संस्थाको सम्बन्धमा पेश गर्नु पर्ने विवरण तथा कागजात**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै विशेष ऐनद्वारा संस्था स्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियम,

(घ) मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न चाहने संगठित संस्थाको शेयर ग्रहण गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ङ) प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण गरिएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा उक्त आर्थिक बर्षमा गरेको काम कारबाही समावेश गरिएको बार्षिक प्रतिवेदन,

(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा व्यवस्थापनद्धारा प्रमाणित आवधिक वित्तीय विवरण तथा काम कारबाही सम्बन्धी विवरण पेश गर्न सकिनेछ ।)

(च) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाम, पुरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(छ) कम्पनी वा संगठित संस्था यस नियमावली बमोजिम मर्चेन्ट बैंकरको स्वामित्व ग्रहण गर्न अयोग्य नभएको उद्घोषण,

(ज) कम्पनी वा संगठित संस्था वा संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारबाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(झ) कम्पनी वा संगठित संस्थाको अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(ञ) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा देहायको विवरण तथा कागजातः–

१. नाम तथा पुरा ठेगाना,

२. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको भए तत्सम्बन्धी विवरण ।

(नोटः कुनै विदेशी कम्पनी वा संगठित संस्था मर्चेन्ट बैंकरको संस्थापक भएमा लागू हुने हदसम्मको विवरण तथा कागजात पेश गर्न सकिनेछ)

## अनुसूची–६

(नियम ४ को उपनियम (२) को खण्ड (घ) संग सम्बन्धित)

**जनशक्ति सम्बन्धी विवरण**

| क.सं. | पुरा नाम | ठेगाना | पद | कार्य जिम्मेवारी | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची– ७

(नियम ४ को उपनियम (३) तथा नियम ५ को उपनियम (३) संग सम्बन्धित)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

**धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को अनुमतिपत्र**

अनुमतिपत्र नं. …………

…………………………मा मुख्य कार्यालय रहेको श्री………………………………लाई धितोपत्र सम्बन्धी ऐन तथा यस अन्तर्गत बनेका नियम, निर्देशिका तथा अन्य प्रचलित कानूनको अधीनमा रही धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रुपमा देहाय बमोजिमको कार्य गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

| | |
|---|---|
| १. निष्काशन तथा बिक्री प्रबन्ध | |
| २. धितोपत्र प्रत्याभूति | |
| ३. शेयर रजिष्ट्रेशन | |
| ४. लगानी व्यवस्थापन | |
| [३२]५. संस्थागत परामर्श सेवा | |

नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको वहाली………………सम्म हुनेछ ।

आधिकारिक दस्तखत:

नाम:

पद:

मिति:

बोर्डको छाप:

३२ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा थप गरिएको ।

## अनुसूची–८
(नियम ७ को उपनियम (१) संग सम्बन्धित)

**अनुमतिपत्रको नवीकरणको लागि दिने निवेदनको ढाँचा**

मितिः ...........................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

**बिषयः** अनुमतिपत्र नवीकरण गरी पाउँ ।

धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ बमोजिम मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न तहाँबाट प्राप्त अनुमतिपत्र मिति . . . . . . . . सम्म कायम रहेकोले नवीकरण गरी पाउनका लागि अनुमतिपत्र तथा बार्षिक शुल्क यसै साथ संलग्न गरी पेश गरेको छु ।

आधिकारिक दस्तखत :

नाम :

पद :

संगठित संस्थाको छापः

## अनुसूची-९[१७]
**(नियम ९ सँग सम्बन्धित)**

(क) न्यूनतम चुक्ता पूँजी

| | |
|---|---|
| १.निष्काशन तथा बिक्री प्रबन्धक | रु. ५,००,००,०००।– |
| २. धितोपत्र प्रत्याभूतिकर्ता (अण्डरराईटर) | रु. ७,००,००,०००।– |
| ३. शेयर रजिष्ट्रार | रु. ३,००,००,०००।– |
| ४. लगानी व्यवस्थापक | रु. ५,००,००,०००।– |
| ५.संस्थागत परामर्शदाता | रु. ३,००,००,०००।– |

(ख) खण्ड (क) को बुँदा १ देखि ५ सम्मका मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न निवेदन दिने निवेदकको न्यूनतम चुक्ता पूँजी बीस करोड रुपैयाँ हुनेछ।

[३४](ग) धितोपत्र प्रत्याभूतिकर्ता (अण्डरराईटर) ले अन्तिम लेखापरीक्षण भएको नेटवर्थको तीन गुणासम्म प्रत्याभूति (अण्डरराईटिङ्ग) गर्न सक्ने र लगानी व्यवस्थापकले अन्तिम लेखापरीक्षण भएको नेटवर्थको १५ गुणासम्म लगानी व्यवस्थापन गर्न सक्नेछ ।

---

३३ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधन गरिएको ।

३४ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

## अनुसूची–१०

(नियम २४ को उपनियम (१) संग सम्बन्धित)

**सेवा शुल्क**

मर्चेन्ट बैंकरले आफूले प्रदान गर्ने सेवा बापत देहाय अनुसार सेवा शुल्क लिन सक्नेछः

[३५]१. सार्वजनिक वा परिपत्र विधिद्वारा निष्काशन गरिने धितोपत्रका लागि निष्काशन तथा बिक्री प्रबन्ध सेवा उपलब्ध गराए वापत निष्काशन तथा बिक्री प्रबन्ध गरिएको रकमको बढीमा दुई प्रतिशतसम्म सेवा शुल्क लिन सक्नेछ।

तर उक्त सेवा शुल्क एक लाख रुपैयाँ भन्दा कम हुने छैन ।

२. सार्वजनिक वा परिपत्र विधिद्वारा निष्काशन गरिने धितोपत्रका लागि प्रत्याभूति सेवा उपलब्ध गराए वापत प्रत्याभूति गरेको रकमको बढीमा ४ प्रतिशतसम्म सेवा शुल्क लिन सकिनेछ ।

३. धितोपत्रको नामसारी गरिदिए वापत प्रत्येक नामसारीका लागि दश रुपैयाँका दरले सेवा शुल्क लिन सकिनेछ । साथै शेयर रजिष्ट्रारको कार्य गर्ने मर्चेन्ट बैंकरले सम्बन्धित संगठित संस्थाबाट प्राप्त गर्ने बार्षिक सेवा शुल्क मर्चेन्ट बैंकर तथा सम्बन्धित संगठित संस्था बीच भएको सम्झौता बमोजिम हुनेछ ।

[३६]४. लगानी व्यवस्थापन तथा संस्थागत परामर्श सेवा प्रदान गरे वापत ग्राहकबाट लिने सेवा शुल्क धितोपत्र व्यवसायी तथा सम्बन्धित ग्राहक बीच भएको सम्झौता बमोजिम हुनेछ ।

## [३७]अनुसूची -११

(नियम १० को उपनियम (६) संग सम्बन्धित)

वोर्डवाट अनुमतिपत्र प्राप्त गर्न/अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्व ग्रहण गर्न चाहने व्यक्तिले लगानी रकमको स्रोत तथा योग्यताको सम्वन्धमा पेश गर्नु पर्ने विवरण तथा कागजात ।

मैले/हामीले .................. संस्थामा रकम रु..................(अक्षरेपी...............................) लगानी गर्न लागेको छु/छौं । उक्त रकम संस्थाको कुल जारी पूँजीको प्रतिशत ............. हुन्छ । मैले/हामीले कारोवार गर्ने कर कार्यालय .............................. हो । साथै, लगानी गर्न लागेको रकमको आय स्रोतको विवरण निम्नानुसार प्रस्तुत गरेको छु/छौं ।

३५ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधन गरिएको ।

३६ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधन गरिएको ।

३७ धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

## १. लगानी रकमको आय श्रोत विवरण

| क्रम संख्या | आय स्रोतको क्षेत्र | रकम | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| | **जम्मा** | | |

**संलग्नः**

माथि उल्लेखित विभिन्न स्रोतहरुबाट लगानी गर्न प्रस्ताव गरिएको रकमको लागि देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरेको छु/छौं

(क) उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन गरेको भए कुन कुन उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन भएको हो सो को विवरण स्पष्ट हुने कागजात र कर चुक्ता सम्वन्धी कागजात ।

(ख) पैतृक वा पारिवारिक सम्पत्तिबाट शेयरमा लगानी गर्न प्रस्ताव गरिएको अवस्थामा सो सम्बन्धी अंशबण्डा लिखतको प्रतिलिपि वा अन्य कागजात । अंशवण्डा नभएको हकमा चल/ अचल संपति हस्तान्तरण भएको विवरण तथा कागजात ।

(ग) घरजग्गा विक्रीबाट प्राप्त आयको हकमा रकम स्पष्ट हुने रजिष्ट्रेशन लिखतको छविचित्र, लाभांशको हकमा त्यस्तो लाभांश प्राप्त गरेको कम्पनी, वर्ष, रकम आदि विस्तृत विवरण ।

(घ) घरबहाल आयको हकमा सो सम्बन्धी सम्झौताको प्रतिलिपि र कर चुक्ता गरेको कागजात सहितको आय विवरण, पारिश्रमिक आयको हकमा सम्बन्धित रोजगारदाताबाट प्रमाणित आयको विवरण ।

(ङ) कृषि आयको हकमा कहाँ र कुन स्थानको कति जमीन, स्वामित्व प्राप्त भएको मिति तथा कृषियोग्य आयआर्जन हो सो विवरण तथा सो व्यहोरा खुल्ने कागजात र लालपूर्जाको प्रतिलिपि ।

(च) पेन्सन तथा अवकास रकमको हकमा सो वापत प्राप्त रकम प्रमाणित हुने पेन्सन पट्टा वा यस्तै अन्य आधिकारिक कागजात, रेमिटान्स बापत प्राप्त रकमको हकमा रेमिटान्स पठाउने र पाउने बीचको नाता, कहाँबाट कसरी यस्तो रेमिटान्स प्राप्त भएको हो सो खुल्ने कागजात ।

(छ) ऋणको हकमा व्यक्तिगत वा धितोपत्र व्यवसायीको स्वामित्व ग्रहण गर्ने (प्रयोजन खुल्ने) विवरण ।

(ज) सेयर विक्री मार्फत रकम प्राप्त गरेको भए सो सम्वन्धी विवरण तथा कागजात ।

(झ) माथि उल्लिखित श्रोत वाहेक अन्य श्रोतवाट लगानी गर्ने भएमा त्यस्तो श्रोत प्रमाणित हुने कागजात ।

नोटः व्यक्तिगत ऋण प्राप्त गरेको रकमबाट लगानी गरिएको भए त्यस्तो रकम प्रदान गर्ने व्यक्तिको माथी उल्लेखित विवरण पेश गर्नु पर्नेछ ।

## २. आय स्रोत सम्वन्धी घोषणा

(क) मैले माथिको तालिकामा उल्लिखित विवरण बमोजिमको आम्दानी र सो आयमा प्रचलित कानून बमोजिम कुनै कर तिर्नु पर्ने अवस्थामा नेपाल सरकार तथा अन्य सम्बन्धित निकायलाई तिर्नु/बुझाउनु पर्ने कर/राजस्व रकम नियमानुसार चुक्ता गरेका छु ,

(ख) मैले सम्पति शुद्धिकरण गरी गराई सोबाट आर्जन गरेको रकमबाट प्रस्तावित संस्थामा लगानी गर्न लागेको हैन ।

(ग) मैले लगानी गर्न प्रस्ताव गरेको रकमको आयस्रोतको सम्बन्धमा कानून बमोजिम सम्बन्धित निकायबाट कुनै कानूनी कारवाही भएमा प्रचलित कानून बमोजिम सजायको भागीदार रहन मञ्जुर रहेको व्यहोरा समेत अवगत गराउँदछु ।

(घ) आयसंग सम्बन्धित सम्पूर्ण कागजातहरु पेश गरेको छु ।

(ङ) पेश गरिएका विवरणहरु आधिकारिक निकायले माग गरेमा उपलव्ध गराउन समेत मंजुरी छ । साथै, कुनै आधिकारिक निकायबाट आय विवरण सम्बन्धी थप कागजात माग भएमा सो को प्रमाणित कागजात समेत उपलब्ध गराउने छु ।

(च) यो .............................संस्थाको मैले यस ................ संस्थाको जारी पूँजीको ..... प्रतिशत शेयर लिन मञ्जुर गरेको छु ।

## ३. निम्न प्रश्नहरुको जवाफ छ/छैन मा दिनुहोसः

(क) तपाई कुनै फौज्दारी अभियोगमा पर्नु भएको छ/छैन ?

(ख) आयकर दर्ता/चुक्ता भएको/आर्थिक वर्ष ......... सम्मको प्रमाण संलग्न छ/छैन ?

(ग) तपाईंको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ/छैन ?

(घ) तपाईंले कानून उल्लंघन गरेको कारणबाट सजायँ पाउनु भएको छ/छैन ?

(ङ) तपाईं संलग्न भएको कुनै संस्था टाट पल्टेको छ/छैन ?

(च) तपाईंले काम गरेको वा संचालक भएको वा आधारभुत शेयरधनी रहेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ/छैन ?

(छ) तपाई धितोपत्र सम्वन्धी प्रचलित कानून वमोजिम कारवाहीमा पर्नु भएको छ/छैन ।

(ज) तपाईं संलग्न भएको संस्था कहिल्यै अपराधिक कृयाकलापमा संलग्न भएको छ/छैन ?

(झ) तपाईलाईं बैंक तथा वित्तीय संस्थाको कर्जा कारोवारमा दुरुपयोग गरेको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ/छैन ?

(ञ) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ/छैन ?

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा भएको छ/छैन ?

(ट) तपाईं धितोपत्र वजार वा अन्य धितोपत्र व्यवसायी संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानूनी वा अन्य सल्लाहकार हुनुहुन्छ ? छु/छैन

(ञ) तपाईं धितोपत्र दलाल वा बजार निर्माता रहनु भएको छ/छैन ?

(ठ) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानून उल्लंघन गरेको वा प्रचलित कानून वमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ/छैन ?

(ड) तपाई प्रचलित कानून वमोजिम दामासाहिमा पर्नु भएको छ/छैन ?

(ढ) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ/छैन ?

(ण) तपाईलाई प्रचलित कानून वमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ/छैन ?

(त) तपांईले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल धितोपत्र वोर्डले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छु/छैन ?

(थ) तपांईको नेपाल धितोपत्र वोर्डमा सञ्चालक समिति लगायत अन्य कर्मचारीहरु नजिकको नातेदार रहेको छ छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस) यस प्रयोजनको लागि नजिकको नातेदार भन्नाले कंपनी ऐन २०६३ को दफा २ वमोजिम एका सगोलको अंशियार वा पति, पत्नी, बाबु, आमा, सासू, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजू, बुहारी, साला, साली, भिनाजू, काका, काकी, मामा, माइजू, छोरा, छोरी, छोराबुहारी, नाति, नातिनी, नातिनी बुहारी वा ज्वाँईं सम्झनु पर्छ ।

(द) तपाईले यस वाहेक वोर्डवाट अनुमतिपत्र प्राप्त अन्य संस्थामा स्वामित्व ग्रहण/ लगानी गर्नुभएको छ/छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस)

४. माथि उल्लेख गरिएको विवरण तथा कागजात ठिक साँचो हुन् । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा ............... संस्थापना गर्ने अनुमति नदिएमा/कारवाही नदिएमा मेरो मञ्जुरी छ ।

दस्तखत :

नाम :

मिति :

ठेगाना :

❖❖❖

लागू मितिः २०६७।६।११
पहिलो संशोधन लागू मितिः २०६९।३।१२
दोस्रो संशोधन लागू मितिः २०७१।१२।११
तेस्रो संशोधन लागु मिति : २०७६।११।०१
चौथो संशोधन लागु मितिः २०७७।०५।२४

# सामूहिक लगानी कोष नियमावली, २०६७

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सामूहिक लगानी कोष नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुमतिपत्र" भन्नाले योजना व्यवस्थापक वा डिपोजिटरीको रुपमा कार्य गर्न यस नियमावली बमोजिम बोर्डबाट प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "इकाई" भन्नाले योजना अन्तर्गत निष्काशन गरीने धितोपत्रको इकाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(घ) "कर्जा सूचना केन्द्र" भन्नाले प्रचलित कानून बमोजिम स्थापित कर्जा सूचना केन्द्र सम्झनु पर्छ ।

(ङ) "कोष प्रवर्द्धक" भन्नाले सामूहिक लगानी कोष स्थापना गरी प्रर्वद्धन गर्ने संगठित संस्था सम्झनु पर्छ ।

(च) "कोष सुपरिवेक्षक" भन्नाले सामूहिक लगानी कोषको सुपरिवेक्षण गर्न नियम ६ बमोजिम नियुक्त व्यक्तिहरुको समूह सम्झनु पर्छ ।

(छ) "खुलामुखी योजना" भन्नाले समयावधि नतोकी संचालन गरीने योजना सम्झनु पर्छ ।

(ज) "बन्दमुखी योजना" भन्नाले समायवधि तोकी संचालन गरीने योजना सम्झनु पर्छ ।

(झ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ञ) "योजना" भन्नाले नियम २४ बमोजिम बोर्डबाट स्वीकृति प्राप्त योजना (स्कीम) सम्झनु पर्छ ।

(ट) "योजना व्यवस्थापक" भन्नाले सामूहिक लगानी कोषको रकम लगानी गर्ने

व्यवस्थापकको रुपमा कार्य गर्न नियम १६ बमोजिम अनुमतिपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।

(ठ) "सामूहिक लगानी कोष (म्युचुअल फण्ड)" भन्नाले ऐनको दफा २ को खण्ड (द) बमोजिमको कोष सम्झनु पर्छ ।

[१](ड) "योजनाको आकार" भन्नाले सार्वजनिक निष्काशन मार्फत योजनाको इकाई बिक्रीबाट प्राप्त भएको सम्पूर्ण रकमलाई सम्झनुपर्छ । साथै खुलामूखि योजनाले सार्वजनिक निष्काशन पश्चात इकाई खरिद वा बिक्री मार्फत संकलीत रकमको आकारलाई जनाउनेछ ।

[२](ढ) "खुद सम्पत्ती मूल्य" भन्नाले योजनाको मुल्याकंन गर्ने मितिमा कायम रहेको कुल सम्पत्ति र सोमा प्राप्त गर्नुपर्नेप्रतिफल तथा अन्य आय जोडी दायित्व तथा अपलेखन नगरिएका स्थगन तथा बिविध खर्च कट्टा गरि आउने कुल सम्पत्ति मुल्य (नेट एसेट्स भ्यालू) लाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## सामूहिक लगानी कोष दर्ता र संचालन सम्बन्धी व्यवस्था

**३. <u>सामूहिक लगानी कोष स्थापना गर्न सक्ने</u>:** (१) कुनै एक वा एक भन्दा बढी संगठित संस्थाले सामूहिक लगानी कोष स्थापना गर्न सक्नेछ ।

(२) सामूहिक लगानी कोष स्थापना गर्न चाहने संगठित संस्थाको योग्यता देहाय बमोजिम हुनेछ,-

[३](क) प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्ने संगठित संस्था वा बीमा कम्पनी वा विशेष ऐनद्वारा स्थापित गैर बैकिङ्ग वित्तीय संस्था,

[४](ख) कम्तीमा दुई अर्व रुपैयाँ बराबरको चुक्ता पूँजी भएको,

(ग) आफ्नो उद्देश्य अनुसारको व्यवसाय संचालन गरेको पाँच वर्ष पुरा भएको,

(घ) पछिल्लो तीन वर्ष देखि लगातार मुनाफामा रहेको,

(ङ) चुक्ता पूँजी भन्दा नेटवर्थ कम नभएको,

**<u>स्पष्टीकरण</u>:** यस खण्डको प्रयोजनको लागि "नेटवर्थ" भन्नाले सम्बन्धित संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तीको पुर्नमूल्याङ्कन बाट श्रृजित कोष वाहेक) जोडी सोमा सञ्चीत नोक्सानीको कुल रकम र अपलेखन नगरीएको स्थगन (डिफर्ड) तथा विविध खर्चहरु कटाउँदा बाँकी हुन आउने मूल्यलाई सम्झनु पर्छ ।

---

१ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप

२ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप

३ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधित

४ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधित

(च) संगठित संस्था, यसका संचालक वा कार्यकारी प्रमुखले कुनै प्रकारको ठगी, जालसाजी वा नैतिक पतन देखिने कुनै कसूरमा सजायँ नपाएको,

(छ) कर्जा सूचना केन्द्र वा कुनै नियमन निकायको कालो सूचिमा नरहेको,

(ज) बोर्डले समय समयमा तोकिदिए बमोजिमको अन्य योग्यता पूरा गरेको ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामूहिक लगानी कोष संचालन गर्ने उद्देश्यले कुनै ऐन बमोजिम स्थापित संगठित संस्थालाई उपनियम (२) मा उल्लेखित योग्यता सम्बन्धी व्यबस्था लागू हुने छैन् ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक भन्दा बढी संगठित संस्थाले संयुक्त रुपमा सामूहिक लगानी कोष स्थापना गर्दा बोर्डले आवश्यक अन्य योग्यताहरु तोक्न सक्नेछ ।

४. **सामूहिक लगानी कोष दर्ता गर्नु पर्नेः** (१) नियम ३ बमोजिम सामूहिक लगानी कोष स्थापना गर्न चाहने संगठित संस्थाले देहायको कागजात र विवरण संलग्न गरी अनुसुची-१ बमोजिमको ढाँचामा बोर्डसमक्ष सोका लागि निवेदन दिनु पर्नेछ,-

(क) संगठित संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

(ग) कुनै ऐनद्वारा स्थापना भएको संगठित संस्थाको हकमा सो ऐन र सो ऐन अर्न्तगत बनेको नियम तथा विनियमको प्रतिलिपि,

(घ) स्थापना गरिने सामूहिक लगानी कोषको नाम,

(ङ) सामूहिक लगानी कोष स्थापना गर्नका लागि सो संस्थाको संचालक समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपी,

(च) संस्थाको कार्यकारी प्रमुख तथा संचालक समितिका पदाधिकारीको अनुसुची-२ बमोजिमको विवरण,

[५](छ) संस्थाको वित्तीय तथा आर्थिक विवरणको प्रमाणित प्रतिलिपि,

(ज) सामूहिक लगानी कोष स्थापना तथा संचालन सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) संगठित संस्थाको पछिल्लो पाँच बर्षको लेखापरिक्षण तथा वित्तीय विवरणसहितको वार्षिक प्रतिवेदन,

(ञ) बोर्डले तोकिदिएका अन्य कुराहरु ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने निवेदकले अनुसूची-३ बमोजिमको निवेदन दस्तुर निवेदन साथ संलग्न गर्नुपर्नेछ ।

(३) बोर्डले आवश्यक देखेमा उपनियम (१) बमोजिम निवेदन दिने निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा निवेदकलाई कुनै कुरा स्पष्ट गर्न लगाउन सक्नेछ ।

---

५ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधित

(४) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकले सामूहिक लगानी कोष संचालन गर्न सक्ने देखिएमा बोर्डले सामूहिक लगानी कोष दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्रमाणपत्र दिनु अघि बोर्डले निवेदकबाट अनुसूची-३ बमोजिमको कोष दर्ता दस्तुर लिनु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्रमाणपत्र दिंदा बोर्डले सामूहिक लगानी कोष सञ्चालनका सम्बन्धमा निवेदकले पालना गर्नु पर्नेशर्त तोक्न सक्नेछ ।

**५.** **कोष दर्ता गर्न अस्वीकार गर्न सकिने:** (१) देहायको अवस्थामा बोर्डले सामूहिक लगानी कोष दर्ता गर्न अस्वीकार गर्न सक्नेछ :-

(क) नियम ३ बमोजिमको योग्यता पूरा नभएमा,

(ख) नियम ४ बमोजिमका कागजात र विवरण पूरा नभएमा, वा

(ग) धितोपत्र बजारको अवस्था, सम्भाव्यता र लगानीकर्ताको हित संरक्षणको दृष्टिकोणले सामूहिक लगानी कोष संचालन हुन सक्ने अवस्था नभएमा ।

(२) उपनियम (१) बमोजिम दर्ता अस्वीकार गर्दा सो को कारण र आधार स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

**६.** **कोष सुपरिवेक्षक नियुक्त गर्नु पर्ने:** (१) नियम ४ बमोजिम दर्ता भएको सामूहिक लगानी कोष संचालनमा ल्याउनु अघि कोष प्रबर्द्धकले कोषको सूपरिवेक्षण तथा सहभागीको हित संरक्षण गर्ने कार्यको लागि नियम ७ बमोजिमको योग्यता पुगेका फरक फरक क्षेत्रका कम्तीमा पाँचजना व्यक्तिहरुलाई कोष सुपरिवेक्षकको रुपमा नियुक्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोष सुपरिवेक्षक नियुक्त गर्नु अघि कोष प्रर्वद्धकले बोर्डको स्वीकृति लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको स्वीकृति प्राप्त गर्नको लागि कोष प्रर्वद्धकले अनुसुची-५ बमोजिमको ढाँचामा कोष सुपरिवेक्षकको विवरण तयार गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(४) कोष सुपरिवेक्षक हुने कम्तीमा दुई तिहाई व्यक्तिहरु कोष प्रवर्द्धक तथा योजना व्यवस्थापक सँग कुनै प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष वित्तीय वा अरु स्वार्थ नभएका स्वतन्त्र व्यक्तिहरु हुनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम निवेदन दिँदा कोष प्रबर्द्धकले कोष सुपरीवेक्षक हुने व्यक्ति संग कोष सुपरिवेक्षण सम्बन्धमा गरेको सम्झौता समेत पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको सम्झौतामा कोष प्रबर्द्धक तथा कोष सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार उल्लेख भएको हुनुपर्नेछ ।

(७) उपनियम (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यस्ता व्यक्तिहरु सुपरीवेक्षक हुन योग्य देखिएमा निजहरुलाई सुपरिवेक्षक नियुक्त गर्न बोर्डले कोष प्रबर्द्धकलाई स्वीकृति दिन सक्नेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बोर्डले कुनै संगठित संस्थालाई कोष सुपरिवेक्षकको रुपमा काम गर्ने गरी स्वीकृति दिन सक्नेछ ।

(९) यस नियम बमोजिम नियुक्त भएका सुपरिवेक्षकले सहभागिको हित संरक्षण गर्नको लागि स्वतन्त्र रुपमा काम गर्नु पर्नेछ ।

(१०) कुनै कोष सुपरिवेक्षकको काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो कोष सुपरिवेक्षक हटाई अर्को कोष सुपरिवेक्षक नियुक्त गर्न बोर्डले कोष प्रवर्द्धकलाई आदेश दिन सक्नेछ ।

[६](१०क) कोष प्रवर्द्धकले उपनियम (१०) बमोजिम अर्को कोष सुपरिवेक्षक नियुक्त गर्दा वा अन्य कुनै कारणबाट  कोष सुपरिवेक्षक परिवर्तन गर्नुपरेमा नियम ६(२) बमोजिम बोर्डको स्वीकृति लिनुपर्ने छ ।

(११) कोष सुपरिवेक्षकले गर्ने कामको कार्यविधि तथा कोष सुपरिवेक्षकको कार्य विभाजन कोष सुपरिवेक्षक आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

[७](१२) उपनियम (११) अनुरुप निर्धारण गरिएको कार्यविधि तथा कार्यबिभाजन पन्ध्र दिनभित्र बोर्डमा पेश गर्नुपर्ने छ ।

**७. कोष सुपरिवेक्षकको योग्यताः** कोष सुपरिवेक्षकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्व विद्यालयबाट अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून बिषयमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधिहासिल गरी अर्थ, उद्योग, वाणिज्य, लेखा, वित्त, कानून, व्यवस्थापन वा धितोपत्र बजार सम्बन्धी विषयमा कम्तीमा [८]दश बर्ष काम गरेको अनुभव भएको,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको,

(ग) धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिमको अभियोगमा कसुरदार नठहरीएको,

(घ) कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको,

(ङ) [९]बोर्ड, धितोपत्र बजार, धितोपत्र व्यवसायी, सूचिकृत संगठित संस्था, कोष सुपरीवेक्षक वा कोष व्यवस्थापक कम्पनीको कुनै पदबाट अवकाश पाएको एक वर्ष पुगेको,

[१०]तर कोष व्यवस्थापक संस्थाको वा कोष सुपरिवेक्षकको कुनै पदबाट अवकाश भएको एक वर्ष पूरा भएको हुनु पर्नेछ ।

(च) अन्य सामूहिक लगानी कोषमा कोष सुपरिवेक्षकको रुपमा बहाल नरहेको ।

---

६ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप

७ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप

८ सामूहिक लगानी कोष (दोस्रो संशोधन) नियमावली, २०७१ द्वारा संशोधित

९ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा संशोधित

१० सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा संशोधित

८. **योजना व्यवस्थापक नियुक्त गर्नु पर्ने**: [११](१) कोष प्रबर्द्धकले कोष सुपरिवेक्षकको सहमति लिई योजना व्यवस्थापक नियुक्त गर्नु पर्नेछ र सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम योजना व्यवस्थापक नियुक्त गर्दा सामूहिक लगानी कोषको व्यवस्थापन तथा लगानीको लागि बोर्डबाट योजना व्यवस्थापनको कार्य गर्न अनुमतिपत्र प्राप्त संगठित संस्थालाई नियुक्त गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम योजना व्यवस्थापक नियुक्त गर्दा कोष प्रर्वद्धक र योजना व्यवस्थापक वीच सम्झौता भएको हुनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको सम्झौताको एक प्रति त्यसरी सम्झौता भएको तीस दिन भित्र कोष प्रबर्द्धकले वोर्डमा पेश गर्नु पर्नेछ ।

(५) योजना व्यवस्थापकले कोष व्यवस्थापन बाहेक अन्य कुनै काम गर्न पाउने छैन ।

तर, वित्तीय स्वार्थ नबाझिने गरी अन्य प्रकारको धितोपत्र व्यवसाय गर्न दिन उपयुक्त देखिएमा बोर्डले आवश्यक शर्त तोकी अनुमति प्रदान गर्न सक्नेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सामूहिक लगानी कोषको प्रबर्द्धक भएको संगठित संस्थाले मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न सहायक कम्पनी खडा गरेको रहेछ र त्यस्तो कम्पनीलाई बोर्डको स्वीकृति लिई आफू प्रबर्द्धक भएको सामूहिक लगानी कोषको योजना व्यवस्थापकको रुपमा नियुक्त गर्न चाहेमा त्यस्तो कम्पनीलाई योजना व्यवस्थापक नियुक्त गर्न सक्नेछ ।

९. **डिपोजिटरी नियुक्त गर्नु पर्ने:** (१) योजना व्यवस्थापकले सामूहिक लगानी कोषको डिपोजिटरी कार्यको लागि कोष सुपरिवेक्षकको स्वीकृति लिई बोर्डबाट डिपोजिटरीको कार्य गर्न अनुमती पत्र प्राप्त संगठित संस्थालाई डिपोजिटरी नियुक्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम डिपोजिटरी नियुक्त गर्दा योजना व्यवस्थापक र डिपोजिटरी बीच सम्झौता हुनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सम्झौताको प्रति सम्झौता गरेको तीस दिन भित्र योजना व्यवस्थापकले बोर्डमा पेश गर्नु पर्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बोर्डको स्वीकृति लिई योजना व्यवस्थापक आफैले पनि डिपोजिटरीको कार्य गर्न सक्नेछ ।

१०. **स्वार्थ बाभन्न नहुने**: (१) कोष प्रर्बद्धक तथा डिपोजिटरी र योजना व्यवस्थापक र डिपोजिटरी बीच कुनै स्वार्थ बाझिएको हुनु हुदैन ।

तर, योजना व्यवस्थापक आफैले डिपोजिटरीको कार्य गर्ने भएमा यो व्यवस्था लागू हुने छैन ।

(२) उपनियम (१) बमोजिम स्वार्थ बाझिएको पाइएमा बोर्डले कोष प्रर्बद्धक, योजना व्यवस्थापक वा डिपोजिटरीलाई त्यस्तो हुन नदिने व्यवस्था गर्न आदेश दिन सक्नेछ ।

---

११ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा संशोधित

**११. <u>दर्ता रद्द गर्न सक्नेः</u>** देहायको अवस्थामा बोर्डले सामूहिक लगानी कोषको दर्ता रद्द गर्न सक्नेछः-

(क) सामूहिक लगानी कोषले त्यस्तो कोष दर्ता भएको मितिले एक वर्षसम्म कुनै पनि योजना संचालनमा नल्याएमा,

[१२](ख) कोष प्रवर्द्धकले कोष खारेज गर्न औचित्यसहित बोर्डमा निवेदन दिएमा,

(ग) कोष प्रर्वद्धक खारेज हुने भएमा ।

**१२. <u>संचालनमा रहेको कोष सम्बन्धी व्यवस्थाः</u>** यो नियमावली प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम अनुमती प्राप्त गरी संचालनमा रहेको सामूहिक लगानी कोष, त्यस्तो कोषको समयावधि समाप्त नभए सम्म संचालन गर्न सकिनेछ ।

तर त्यस्तो कोषसंग सम्बन्धीत पक्षहरुले नयाँ सामूहिक लगानी कोष संचालन गर्ने भएमा वा संचालन गरी रहेको सामूहिक लगानी कोष अन्तर्गत नयाँ योजना संचालन गर्ने भएमा यस नियमावलीको व्यवस्था बमोजिम कोष दर्ता गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## <u>अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

**१३. <u>अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेः</u>** (१) योजना व्यवस्थापक वा डिपोजिटरीको कार्य गर्न चाहने नियम १४ बमोजिम योग्यता पुगेका संगठित संस्थाले बोर्डबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र लिनको लागि देहायको विवरण तथा कागजात संलग्न गरी अनुसुची-६ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनुपर्नेछः-

(क) निवेदक संस्थाको सम्बन्धमा अनुसूची- ७ बमोजिमको विवरण तथा कागजात,

(ख) कोष प्रबर्द्धक बाहेक अन्य कुनै कम्पनी वा संगठित संस्था निवेदक संस्थाको संस्थापक भएमा त्यस्तो कम्पनी वा संगठित संस्थाको अनुसूची-८ बमोजिमको विवरण तथा कागजात,

(ग) संगठित संस्थाको संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा अनुसूची-२ बमोजिमको विवरण,

[१३](घ) ..........

**१४. <u>योजना व्यवस्थापकको योग्यताः</u>** (१) योजना व्यवस्थापकको कार्य गर्न चाहने संगठित संस्थाको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) योजना व्यवस्थापकको रुपमा काम गर्न सक्ने गरी प्रचलित कानून बमोजिम संस्थापना भएको,

---

१२ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधित

१३ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा हटाइएको

(ख) प्रबन्धपत्र तथा नियमावलीमा योजना व्यवस्थापकको कार्य गर्ने उद्देश्य रहेको,

[१४](ग) चुक्ता पूँजी कम्तीमा २० करोड रुपैयाँ भएको,

(घ) चुक्ता पूँजीको कम्तीमा पचहत्तर प्रतिशत नेटवर्थ भएको,

(ङ) सम्बन्धित कोष प्रवर्द्धकको कम्तीमा एकाउन्न प्रतिशत शेयर स्वामित्व रहेको,

(च) संगठित संस्था तथा सोका संचालक वा कार्यकारी प्रमुखले कुनै प्रकारको ठगी वा जालसाजी अपराधमा सजायँ नपाएको,

(छ) संगठित संस्थाका संचालक वा कार्यकारी प्रमुखले नैतिक पतन देखिने कुनै अपराधमा सजायँ नपाएको,

(ज) धितोपत्रको सार्वजनिक निष्काशन गरी सर्वसाधारणबाट पूँजी सङ्कलन गरेका संगठित संस्थाहरु मध्ये धितोपत्रको कारोवारका लागि आवश्यक व्यवस्था नगरेका, बोर्डको सम्पर्कमा नआएका (भ्यानिसिङ्ग कम्पनी), सूचिकरण खारेजीको कारवाहीमा परेका वा बोर्डलाई संगठित संस्थाको संचालन सम्बन्धमा प्रचलित कानून बमोजिम दिनुपर्ने सूचना, जानकारी वा विवरण नदिई बसेका भनी बोर्डले सूचिकृत गरेका संगठित संस्था वा त्यस्तो संगठित संस्थाको कार्यकारी प्रमुख वा संचालकको संलग्नता नरहेको,

(झ) संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्र वा कुनै नियामक निकायको कालो सूचीमा नरहेको ।

(२) योजना व्यवस्थापकको संचालक तथा कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

[१५](क) कार्यकारी प्रमूख तथा स्वतन्त्र संचालकको हकमा अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा सात वर्ष कार्य अनुभव भएको र अन्य संचालकको हकमा अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा सो सरहको उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तिमा सात वर्षको कार्य अनुभव भएको । तर चार्टर्ड एकाउन्टेन्सीको उपाधि हासील गरेको भएमा उद्योग वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तिमा तीन वर्षको कार्य अनुभव भएमा अन्य संचालकको लागि योग्यता पुरा भएको मानिनेछ ।

---

१४ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप

१५ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा संशोधित

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको,

(ग) आफू वा आफू संचालक रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा भइसकेको,

(घ) कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको,

(ङ) धितोपत्र निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी धितोपत्र कारोबारका लागि आवश्यक व्यवस्था नगरेका वा सूचिकरण खारेजीको कारवाहीमा परेका संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुखको रुपमा नरहेको,

(च) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको कम्पनी वा संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको भए त्यसरी खारेज भएको दश वर्ष पुरा भइसकेको,

(छ) बोर्ड, धितोपत्र बजार वा अन्य धितोपत्र व्यवसायी वा सूचिकृत संगठित संस्था को कुनै लाभको पदमा नरहेको,

[१६]तर कोष प्रवर्द्धक सूचीकृत संस्थाको हकमा उक्त व्यवस्था लागू हुने छैन ।

(३) योजना व्यवस्थापकको कम्तीमा एक तिहाई संचालक स्वतन्त्र संचालक भएको हुनु पर्नेछ ।

(४) उपनियम [१७](३) बमोजिमको स्वतन्त्र संचालकको योग्यता देहाय बमोजिमको हुनेछः-

(क) उपनियम [१८](२) बमोजिमको योग्यता पुरा भएको,

(ख) कोष प्रवर्द्धक तथा डिपोजिटरीमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता वा वित्तीय स्वार्थ नरहेको

[१९](५) गैर आवासीय नेपालीहरुको लगानी रहेको कुनै कम्पनीले योजना व्यवस्थापकको बढिमा ४९ प्रतिशत शेयर स्वामित्व ग्रहण गर्न सक्नेछ ।

**१५. <u>डिपोजिटरीको योग्यताः</u>** डिपोजिटरीको रुपमा कार्य गर्न चाहने संगठित संस्थाको योग्यता देहाय बमोजिम हुनेछः-

[२०](क) चुक्ता पूँजी कम्तीमा बीस करोड रुपैयाँ भएको,

(ख) प्रबन्धपत्र तथा नियमावलीमा डिपोजिटरीको कार्य गर्ने उद्देश्य भएको,

(ग) संगठित संस्था तथा सोका संचालक वा कार्यकारी प्रमुखले कुनै प्रकारको ठगी वा जालसाजी अपराधमा सजायँ नपाएको,

---

१६ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा थप

१७ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा संशोधित

१८ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा संशोधित

१९ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा संशोधित

२० सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन

(घ) संगठित संस्थाका संचालक वा कार्यकारी प्रमुखले नैतिक पतन देखिने कुनै अपराधमा सजायँ नपाएको,

(ङ) धितोपत्रको सार्वजनिक निष्काशन गरी सर्वसाधारणबाट पूँजी सङ्कलन गरेका संगठित संस्थाहरु मध्ये धितोपत्रको कारोबारका लागि आवश्यक व्यवस्था नगरेका, बोर्डको सम्पर्कमा नआएका (भ्यानिसिङ्ग),सूचिकरण खारेजीको कारवाहीमा परेका वा बोर्डलाई संगठित संस्थाको संचालन सम्बन्धमा प्रचलित कानून बमोजिम दिनु पर्ने सूचना, जानकारी वा विवरण नदिई बसेका भनी बोर्डले सूचिकृत गरेका संगठित संस्था वा त्यस्तो संगठित संस्थाको कार्यकारी प्रमुख वा संचालकको संलग्नता नरहेको,

(च) कर्जा सूचना केन्द्र वा कुनै नियमन निकायको कालो सूचिमा नरहेको ।

१६. **अनुमतिपत्र दिनेः** (१) नियम १३ को उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले त्यस्तो निवेदनका सम्बन्धमा जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनका सम्बन्धमा कुनै विवरण तथा कागजात माग गर्नु पर्ने देखिएमा बोर्डले निवेदकबाट थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा निवेदकलाई योजना व्यवस्थापक वा डिपोजिटरीको रुपमा काम गर्न योग्य नदेखिएमा वा निवेदकले झुठा विवरण वा कागजात पेश गरेको देखिएमा निवेदन माथि कुनै कारवाहि गरिने छैन ।

(४) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा निवेदक योजना व्यवस्थापक वा डिपोजिटरीको रुपमा काम गर्न योग्य देखिएमा बोर्डले निवेदकलाई अनुसूची-९ बमोजिमको ढाँचामा योजना व्यवस्थापक वा डिपोजिटरीको अनुमतिपत्र दिनेछ ।

(५) उपनियम (३) बमोजिम अनुमतिपत्र दिनु अघि बोर्डले निवेदकबाट अनुसूची-१० बमोजिम दस्तुर लिनु पर्नेछ ।

१७. **अनुमतिपत्रको नवीकरण सम्बन्धी व्यवस्थाः** (१) योजना व्यवस्थापक तथा डिपोजिटरीले अनुमतिपत्र नविकरण गराउनको लागि अनुसूची-११ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन अनुसार अनुमतिपत्र नविकरण गर्नु अघि बोर्डले निवेदकबाट अनुसूची-१२ बमोजिमको बार्षिक शुल्क लिनुपर्नेछ ।

१८. **अनुमतिपत्रको निलम्बन वा खारेजीः** (१) यस नियमावली बमोजिम प्रदान गरिएको अनुमतिपत्र निलम्बन वा खारेज गर्ने सम्बन्धी अन्य व्यवस्था नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ बमोजिम हुनेछ ।

(२) कुनै योजना व्यवस्थापकको अनुमतिपत्र ऐन र यस नियमावली बमोजिम निलम्बन वा खारेज भएमा बोर्डले सम्बन्धित कोष प्रवर्द्धकलाई त्यस्तो योजना व्यवस्थापकले संचालन गरेको योजना खारेज गरी योजनाको सम्पत्ति नगदमा परिणत गरी सहभागीहरुलाई रकम भुक्तानी गर्न लगाउन वा सो योजना अन्य योजना व्यवस्थापक मार्फत संचालन गराउन सक्नेछ ।

(३) डिपोजिटरीको अनुमतिपत्र ऐन र यस नियमावली बमोजिम निलम्बन वा खारेज भएमा योजना व्यवस्थापकले बोर्डको स्वीकृति लिई नयाँ डिपोजिटरी नियुक्त गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## कोष सुपरिवेक्षक, योजना व्यवस्थापक र डिपोजिटरीको काम, कर्तव्य तथा अधिकार

१९. **कोष सुपरिवेक्षकको काम, कर्तव्य तथा अधिकारः** (१)यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त कोष सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने,

(ख) सहभागीको हित संरक्षण गर्ने,

(ग) योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने,

(घ) योजनाको खुद सम्पत्त मूल्यको जाँच गर्ने,

(ङ) योजना अर्न्तगतको सम्पत्ती तथा कागजातहरु सुरक्षित साथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने,

(च) बोर्डबाट स्वीकृत योजना बमोजिम योजना संचालन भए नभएको सुपरिवेक्षण गर्ने,

(छ) योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,

(ज) योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने,

(झ) योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने,

(ञ) बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने ।

(२) कोष सुपरिवेक्षकले योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाही बारे कुनै विवरण वा जानकारी माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कोष सुपरिवेक्षकले माग गरेका विवरण वा जानकारी उपलव्ध गराउनु योजना व्यवस्थापकको कर्तव्य हुनेछ ।

(४) उपनियम (२) बमोजिमको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा कोष सुपरिवेक्षकले त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको निर्देशन पालना नगरेमा कोष सुपरिवेक्षकले सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको जानकारी प्राप्त भएपछि बोर्डले सो सम्बन्धमा जाँचबुझ गरी योजना व्यवस्थापकलाई आवश्यक निर्देशन दिनु पर्नेछ ।

[२१](७) उपनियम (४) वा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि योजना व्यवस्थापकले ऐन वा यस नियमावलीको उल्लघंन गरेमा वा कोष सुपरिवेक्षकको निर्देशन बारम्बार उल्लघंन गरेमा कोष सुपरिवेक्षकले सोको जानकारी बोर्डमा दिनुपर्ने छ ।

[२२](८) उपनियम (७) बमोजिम जानकारी प्राप्त भएमा बोर्डले जाँचबुझ गरी आवश्यक कारवाही अगाडि बढाउन सक्नेछ ।

**२०. योजना व्यवस्थापकको काम, कर्तव्य तथा अधिकारः** यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त योजना व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) योजना तयार गर्ने र कोष सुपरिवेक्षकको सहमती तथा बोर्डको स्वीकृति लिई योजना संचालन गर्ने,

(ख) सामूहिक लगानी कोषको सम्पत्ति दक्ष तथा विश्वसनिय रुपमा व्यवस्थापन तथा लगानी गर्ने,

(ग) योजना सम्बन्धी सूचना, जानकारी तथा विवरण आवधिक रुपमा कोष सुपरिवेक्षकलाई उपलब्ध गराउने,

(घ) सहभागीहरुको गुनासो समाधान गर्ने र कोष सुपरिवेक्षकलाई गुनासो सम्बन्धमा जानकारी गराउने,

(ङ) योजनाको धितोपत्र, रकम, व्याज, लाभांश वा आम्दानी प्राप्त गर्न वा सहभागीलाई वितरण गर्न डिपोजिटरीलाई निर्देशन दिने ।

[२३](ङ१) योजनाको खुद सम्पत्ति मूल्यको सीमाभित्र रही सामूहिक लगानी कोष निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डरराईट) गर्ने ।

(च) बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने ।

**२१. डिपोजिटरीको काम कर्तव्य तथा अधिकारः** यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त डिपोजिटरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) इकाईको अभिलेख तथा नामसारी सम्बन्धी कार्य गर्ने,

(ख) योजना अर्न्तगतको धितोपत्र सुरक्षा पूर्वक राख्ने,

---

२१ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

२२ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा थप

२३ सामूहिक लगानी कोष (पहिलो सशोधन) नियमावली, २०६९ द्वारा थप

(ग) कोष अर्न्तगतको धितोपत्र, रकम, ब्याज, लाभाँश वा अन्य आम्दानी प्राप्त गर्ने र सो को अभिलेख राख्ने,

(घ) योजना व्यवस्थापकको निर्देशन बमोजिम सहभागीहरुलाई धितोपत्र, रकम, लाभाँश वितरण गर्ने, र

(ङ) बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद - ५
## सम्झौता सम्बन्धी व्यवस्था

२२. **सम्झौतामा खुलाउनु पर्ने कुरा:** (१) कोष प्रबर्द्धक र कोष सुपरिवेक्षक बीच नियम ६ को उपनियम (६) बमोजिम हुने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) कोष सुपरिवेक्षकले सहभागीको हित संरक्षणको लागि कार्य गर्ने कुरा,

(ख) सहभागी तथा बोर्डलाई सूचना, जानकारी तथा विवरणहरु उपलव्ध गराउने कुरा,

(ग) सामूहिक लगानी कोषबाट कोष सुपरिवेक्षकले यस नियमावलीको अधिनमा रहि प्राप्त गर्ने शुल्क सम्बन्धी कुरा,

(घ) बोर्डको पूर्व स्वीकृति लिएर मात्र सम्झौतामा परिवर्तन गरिने कुरा,

(ङ) कुनै पक्षले सम्झौता पालना नगरेमा वा सम्झौता उल्लघंन गरेमा बोर्डले सम्झौता पालना गराउन सक्ने कुरा,

(च) सम्झौतामा खुलाउनु पर्ने भनी बोर्डले तोकिदिएका अन्य कुरा ।

(२) कोष प्रवर्द्धक र योजना व्यवस्थापक बीच हुने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाउनु पर्नेछ:-

(क) योजनाको सम्पूर्ण सम्पत्ति योजना व्यवस्थापकको जिम्मेवारीमा रहने कुरा,

(ख) योजना व्यवस्थापकले कोष सुपरिवेक्षक र बोर्डको स्वीकृति लिई योजना संचालन गर्ने कुरा,

(ग) बोर्डको पूर्व स्वीकृति नलिई सम्झौतामा परिवर्तन नगर्ने कुरा,

(घ) कुनै पक्षले सम्झौता पालना नगरेमा वा सम्झौता उल्लघंन गरेमा बोर्डले सम्झौता पालना गराउन सक्ने कुरा,

(ङ) योजना संग सम्बन्धीत महत्वपूर्ण सूचना तथा जानकारी, आवधिक विवरण तथा प्रतिवेदन कोष सुपरिवेक्षकलाई जानकारी गराएर मात्र योजना व्यवस्थापकले सार्वजनिक गर्नु पर्ने कुरा,

(च) योजना व्यवस्थापकले योजनाको खुद सम्पत्ति मूल्य र इकाईको पुनर्खरिद मूल्य तथा त्यस्तो मूल्य गणनाको आधार सहभागीलाई जानकारी गराउनुपर्ने कुरा,

(छ) योजना व्यवस्थापकले यस नियमावलीको अधिनमा रहि कोष बाट प्राप्त गर्ने व्यवस्थापन शुल्क सम्बन्धी कुरा,

(ज) योजना व्यवस्थापकले सहभागीहरुका गुनासा समाधान गरी कोष सुपरिवेक्षकलाई सो सम्बन्धी जानकारी दिने कुरा,

(झ) कोष प्रबर्द्धक र योजना व्यवस्थापक बीच हुने सम्झौतामा खुलाउनु पर्ने भनि बोर्डले तोकिदिएका अन्य कुरा ।

(३) योजना व्यवस्थापक र डिपोजिटरी बीच हुने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) डिपोजिटरीले सहभागीको गुनासा समाधान गर्ने र कोष सुपरिवेक्षकलाई गुनासा सम्बन्धमा जानकारी गराउने,

(ख) योजना व्यवस्थापकको निर्देशन अनुसार इकाईको बितरण तथा नामसारी सम्बन्धी कार्य गर्ने कुरा,

(ग) योजना व्यवस्थापकको निर्देशन अनुसार सामूहिक लगानी कोष अर्न्तगतको धितोपत्र, रकम, ब्याज, लाभाँश वा अन्य आम्दानी प्राप्त गर्ने वा रकम, व्याज, लाभांश आदि वितरण गर्ने कुरा,

(घ) योजना अर्न्तगतको धितोपत्र डिपोजिटरीले सुरक्षा पूर्वक राख्ने कुरा,

(ङ) योजना व्यवस्थापक र डिपोजिटरी बीच हुने सम्झौतामा खुलाउनु पर्ने भनी बोर्डले तोकिदिएका अन्य कुरा ।

२३. **सेवा शुल्क तथा दस्तुरः** [२४](१) यस नियम बमोजिम सेवा शुल्क लिँदा सामूहिक लगानी कोषको योजनाको प्रत्येक हप्ताको अन्त्यमा कायम भएको खुद सम्पत्ति मूल्य गणना गरी सोको त्रैमासिक औषत कायम गरी त्रैमासिक रुपमा लिन सक्नेछ । तर, खुलामूखि योजनाको हकमा दैनिक कायम भएको खुद सम्पत्ति मूल्यको त्रैमासिक औषत कायम गरी त्रैमासिक रुपमा लिन सक्नेछ ।

[२५](२) कोष सुपरिवेक्षकले उपनियम (१) बमोजिमको सेवा शुल्क लिंदा खुद सम्पत्ति मूल्यको बढीमा शुन्य दशमलव दुई प्रतिशत रकम बार्षिक सेवा शुल्क वापत लिन सक्नेछ ।

[२६](३) योजना व्यवस्थापकले उपनियम (१) बमोजिमको सेवा शुल्क लिंदा खुद सम्पत्ति मूल्यको बढीमा एक दशमलव पाँच प्रतिशत रकम वार्षिक व्यवस्थापन शुल्क वापत लिन सक्नेछ ।

[२७](४) डिपोजिटरीले उपनियम (१) बमोजिमको सेवा शुल्क लिंदा खुद सम्पत्ति मूल्यको बढीमा शुन्य दशमलव दुई प्रतिशत रकम वार्षिक सेवा शुल्क लिन सक्नेछ ।

(५) उपनियम (२), (३) तथा (४) बमोजिम शुल्क लिँदा आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र लिनु पर्नेछ ।

---

२४ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

२५ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

२६ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

२७ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

[28](६) कोष सुपरिवेक्षक, योजना व्यवस्थापक र डिपोजिटरीले प्रत्येक त्रैमासिक रुपमा आफूले प्राप्त गरेको सेवा शुल्कको तीन प्रतिशतले हुने रकम उक्त त्रैमास समाप्त भएको तीस दिनभित्र बोर्डमा बुझाउनु पर्नेछ । उक्त अवधिमा बोर्डमा रकम नबुझाएमा वार्षिक दश प्रतिशतका दरले व्याजसमेत जोडी यथाशिघ्र बोर्डमा बुझाउनु पर्नेछ ।

[29](७) उपनियम (६) बमोजिम बुझाउनुपर्ने शुल्क बुझाउँदा शिर्षक खुलाई विवरण समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ६

## योजना दर्ता तथा संचालन सम्बन्धी व्यवस्था

**२४. योजना दर्ता गर्नु पर्ने:** (१) योजना व्यवस्थापकले कोष अर्न्तगत एक वा एक भन्दा बढी योजना संचालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम योजना संचालन गर्नु अघि कोष सुपरिवेक्षकको सहमति लिई बोर्डमा दर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता गर्नका लागि देहायका विवरण तथा कागजात सहित अनुसूची- १३ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ :-

(क) योजनाको उद्देश्य,

(ख) योजनाको पूँजी र पूँजी संरचना,

(ग) योजनामा संलग्न हुन सक्ने सहभागी,

(घ) योजना संचालन गर्ने सम्बन्धी संचालक समितिको निर्णय,

(ङ) इकाईको सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको विवरणपत्र,

(च) योजना संचालनका शर्त तथा प्रकृया,

(छ) योजना संचालनका लागि कोष सुपरिवेक्षकबाट प्राप्त स्वीकृति,

(ज) बोर्डले निवेदनमा खुलाउनु पर्ने भनि तोकिदिएका अन्य कुरा ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा योजना संचालन गर्न उपयुक्त देखिएमा त्यस्तो योजना दर्ता गरी अनुसूची-१४ बमोजिमको ढाँचामा निवेदकलाई योजना संचालन गर्ने स्वीकृति प्रदान गर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृति दिनु अघि बोर्डले निवेदकबाट अनुसूची-१५ बमोजिमको दस्तुर लिनु पर्नेछ ।

**२५. योजना रद्द गर्न सक्ने:** (१) बोर्डले देहायको कुनै अवस्थामा योजना रद्द गर्न सक्नेछ :-

(क) योजना संचालन गर्न स्वीकृति प्राप्त गरेको तीन महिना भित्र योजना संचालन नभएमा,

---

२८ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

२९ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा थप

(ख) योजना संचालन सम्बन्धमा बोर्डले दिएको आदेश वा निर्देशन योजना व्यवस्थापकले बारम्बार उल्लंघन गरेमा,

(२) उपनियम (१) बमोजिम योजना रद्द भएमा बोर्डले तोकिदिए बमोजिम कोष प्रबर्द्धकले सहभागीहरुलाई रकम फिर्ता वा नयाँ योजना व्यवस्थापकलाई योजना हस्तान्तरण गर्नु पर्नेछ ।

**२६. इकाई सार्वजनिक रुपमा निष्काशन गर्नु पर्ने:** (१) यस नियमावली बमोजिम योजना संचालन गर्दा इकाई सार्वजनिक रुपमा निष्काशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम इकाई निष्काशन गर्दा देहाय बमोजिम हुने गरि गर्नु पर्नेछ :-

(क) त्यस्तो इकाई धितोपत्र बजारमा सूचिकरण गर्ने वा कारोवार हुने अन्य उपयुक्त व्यवस्था गरेर,

(ख) बोर्डबाट अनुमति प्राप्त विक्री केन्द्र वा धितोपत्र व्यवसायी मार्फत विक्री हुने व्यवस्था गरेर,

**२७. कारोवार सम्बन्धी व्यवस्था:** (१)इकाईको कारोवार गर्दा योजना व्यवस्थापकले त्यस्तो इकाई धितोपत्र बजारमा सूचीकरण गरी वा आफैले खरिद बिक्री गर्ने व्यवस्था गरी कारोबार गर्न सक्नेछ ।

(२) खुलामुखी योजनाको इकाई योजना व्यवस्थापक आफैले खरिद बिक्री गर्ने भएमा इकाई बिक्री तथा पुनर्खरिद मूल्य सार्वजनिक गर्नु पर्नेछ ।

[३०](३) उपनियम (२) बमोजिम इकाई बिक्री तथा पुनर्खरिद मूल्य निर्धारण गर्दा दैनिक खुद सम्पत्ति मूल्य गणना गरी सो मूल्यलाई इकाई बिक्री तथा पुनर्खरिद मूल्यको रुपमा लिनु पर्नेछ । योजना व्यवस्थापकले इकाई पुनर्खरिद गर्दा पुनर्खरिद मूल्यको बढीमा एक दशमलव पाँच प्रतिशत सम्म शुल्क (एक्जिट फि) लिन सक्नेछ र [३१]उक्त शुल्क योजनाको आयमा लेखांकन गर्नु पर्नेछ। तर, योजना व्यवस्थापकले इकाई विक्री गर्दा कुनै शुल्क लिन पाउने छैन ।

(४) योजना व्यवस्थापकले आफैले इकाई खरिद गर्दा पालना गर्नु पर्ने शर्त बोर्डले समय समयमा तोकिदिन सक्नेछ ।

(५) योजना व्यवस्थापकले इकाई बाँडफाँड भएको एक महिनाभित्र योजना अन्तर्गत संकलित रकमको व्यवस्थापन कार्य शुरु गरी सोको जानकारी कोष सुपरिवेक्षक तथा बोर्डलाई दिनु पर्नेछ ।

(६) खुलामुखी योजनाको इकाई खरिद विक्री गर्नको लागि योजना व्यवस्थापकले वितरक (एजेन्ट) को नियुक्ती गर्न सक्नेछ ।

---

३० सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

३१ सामूहिक लगानी कोष (चौथो सशोधन) नियमावली, २०७७ द्वारा थप गरिएको

[३२](७) ..........

(८) उपनियम (६) बमोजिमको वितरकको योग्यता र नियुक्ती प्रकृया सम्बन्धी व्यवस्था बोर्डले तोकिदिए बमोजिम हुनेछ ।

[३३](९) खुलामुखी योजना संचालनमा कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकले आफ्नो शाखा सञ्जाल वा बैंक तथा वित्तीय संस्था मार्फत खुलामुखी योजना बिक्री तथा पुनर्खरिदको प्रवन्ध मिलाउन सक्नेछ ।

**२८. विज्ञापन सम्बन्धी व्यवस्थाः** (१) इकाई खरिद बिक्रीका लागि विज्ञापन प्रकाशन गरीने भएमा त्यस्तो विज्ञापन प्रकाशन गर्नु अघि बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(२) इकाई खरिद बिक्रीका लागि प्रकाशन गरिने विज्ञापन सत्य तथ्य युक्त हुनुपर्नेछ र त्यस्तो बिज्ञापनमा कुनै कुरा बढाई चढाई गरिएको कुरा वा भुक्याउने विवरण राख्नु हुँदैन ।

(३) विज्ञापन सम्बन्धी अन्य व्यवस्था बोर्डले तोकिदिए बमोजिम हुनेछ ।

**२९. बीज पूँजी राख्नुपर्ने :** (१) योजना व्यवस्थापकले संचालन गर्ने पहिलो योजनाका लागि त्यस्तो योजनाको कूल रकमको कम्तीमा [३४]पन्ध्र प्रतिशत रकम बीज पूँजीका रुपमा लगानी गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा उल्लेख भएको बाहेक अन्य योजनाका सम्बन्धमा पहिलो योजनाको कार्य सम्पादनका आधारमा बोर्डले समय समयमा तोकिदिए बमोजिमको प्रतिशतको बीज पूँजी राख्नु पर्नेछ ।

[३५](३) योजना व्यवस्थापकले बीज पूँजी राख्न नसक्ने अवस्था आएमा वा कोष प्रवर्द्धकले लगानी गर्न इच्छा देखाएमा बोर्डको पूर्व स्वीकृति लिई योजना व्यवस्थापकको सट्टा कोष प्रवर्द्धकले बीज पूँजी लगानी गर्न सक्नेछ ।

**३०. हिस्सा तथा दायित्वः** (१) यस नियमावली बमोजिम संचालित योजनामा सहभागीले आफूले खरिद गरेको इकाइको रकम बराबरको हिस्सा र दायित्व रहनेछ ।

(२) योजनाको नाफा नोक्सानीमा सहभागिको हिस्सा अनुसारको अधिकार तथा दायित्व हुनेछ ।

## परिच्छेद - ७
## योजना खारेजी सम्बन्धी व्यवस्था

**३१. योजना खारेज हुने :** (१) देहायको अवस्थामा योजना खारेज हुनेछ :-

(क) योजनाको निर्धारित समयावधि समाप्त भएमा,

(ख) योजना संचालन गर्न दिएको स्वीकृति बोर्डले ऐनको दफा ७४ बमोजिम रद्द गरेमा,

(ग) कुनै असामान्य परिस्थिति उत्पन्न भई योजना संचालन गर्न नसकिने प्रमाणित भएमा,

---

३२ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा हटाइएको

३३ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप

३४ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा संशोधित

३५ सामूहिक लगानी कोष (पहिलो संशोधन) नियमावली, २०६९ द्वारा थप

(घ) योजनाको कुल रकमको कम्तिमा पचहत्तर प्रतिशत रकमको प्रतिनिधित्व हुने गरी कम्तीमा पचास प्रतिशत सहभागीले योजना खारेजीका लागि योजना व्यवस्थापक समक्ष माग गरेमा ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम योजना खारेजी गर्नु अघि योजना खारेजी सम्बन्धी प्रस्ताव योजनाका सहभागीको सभामा उपस्थित सहभागीको बहुमतबाट पारित भएको हुनु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ग) वा खण्ड (घ) बमोजिम योजना खारेज गर्नका लागि योजना व्यवस्थापकले कोष सुपरिवेक्षकको सहमति लिई बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ ।

(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा योजना सञ्चालन गर्न उपयुक्त नदेखिएमा योजना खारेज गर्न योजना व्यवस्थापकलाई स्वीकृति दिनेछ ।

(६) यस नियम बमोजिम कुनै योजना खारेज गर्नु परेमा योजना व्यवस्थापकले त्यसरी योजना खारेज गर्नु परेको कारण बारे बोर्डलाई जानकारी दिनुका साथै राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा दुई पटक सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम सूचना प्रकाशन गरेपछि कोष सुपरिवेक्षक वा योजना व्यवस्थापकले त्यस्तो खारेज गर्न लागिएको योजनाको कारोबार गर्न गराउन हुँदैन ।

[३६](८) योजनाको निर्धारित अवधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगाडि सूचीकरण खारेजीका लागि धितोपत्र बजारमा निवेदन दिनु पर्नेछ ।

**३२. <u>योजना खारेज गर्ने कार्यविधि</u>** : (१) नियम ३१ बमोजिम योजना खारेज गर्दा त्यस्तो योजनाको विवरण पत्रमा सो सम्बन्धमा कुनै कार्यविधि उल्लेख भएको रहेछ भने त्यस्तो कार्यविधि बमोजिम गर्नु पर्नेछ ।

(२) नियम ३१ को उपनियम (१) खण्ड (ग) वा (घ) बमोजिम योजना खारेज गर्नु अघि योजना व्यवस्थापकले सहभागीहरुको सभा बोलाई सो सभामा उपस्थित सहभागीको बहुमतबाट योजना खारेजीको प्रस्ताव पारित गराउनु पर्नेछ ।

(३) नियम ३१ को उपनियम (६) बमोजिम योजना खारेज गर्ने स्वीकृति प्राप्त भएपछि त्यस्तो स्वीकृति प्राप्त भएको तीन महिनाभित्र कोष व्यवस्थापकले त्यस्तो योजना अर्न्तगतको सम्पत्तिलाई नगदमा परिणत गरी सहभागीहरुलाई ईकाइको स्वामित्वको अनुपातमा भुक्तानी दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको कार्य तीन महिनाभित्र पूरा गर्न नसकिएमा सो को कारण खुलाई थप समयका लागि योजना व्यवस्थापकले बोर्डमा निवेदन दिन सक्नेछ ।

---

३६ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएमा बोर्डले बढीमा अर्को तीन महिना म्याद थप गरि दिन सक्नेछ ।

(६) खारेज गर्न स्वीकृति प्राप्त योजना उपनियम (३) बमोजिम नगदमा परिणत हुन नसक्ने भएमा योजना व्यवस्थापकले बोर्डको स्वीकृति लिई त्यस्तो योजनालाई नयाँ योजनामा परिणत गरी सहभागीहरुलाई नयाँ योजनाको ईकाइ वितरण गर्नु पर्नेछ ।

(७) खारेज भएको योजनाको सहभागीले उप नियम (६) बमोजिम नयाँ योजनाको ईकाइ लिन नचाहेमा योजना व्यवस्थापकले त्यस्तो सहभागीलाई निजको ईकाइको स्वामित्वको अनुपातमा नगद भुक्तानी गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(९) यस नियम बमोजिम योजना खारेज गर्दा योजनाको सम्पत्तिबाट पहिले योजनाले तिर्न बाँकी रकम तिर्न र योजना खारेजीका लागि लागेको खर्च कटाई बाँकी रकम सहभागिलाई वितरण गर्नुपर्नेछ ।

[३७]तर, योजनाको खारेजी मिति पश्चात वास्तविक खर्च बाहेक नियम २३ अनुरुपको कुनै पनि शुल्कको रुपमा खर्च गर्न सकिने छैन ।

**३३. <u>योजना खारेजीको प्रतिवेदन दिनु पर्ने</u>** : (१) नियम ३२ बमोजिम योजना खारेज भएपछि योजना व्यवस्थापकले देहायका कुराहरु खुलाई सोको प्रतिवेदन योजना खारेज भएको छ महिना भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) योजना खारेज गर्नु परेको कारण,
(ख) सम्पत्ति बिक्री गर्दा अपनाईएको प्रकृया,
(ग) योजना खारेज गर्दा लागेको खर्च,
(घ) सहभागीलाई वितरण गर्न बाँकी रहेको रकम,
(ङ) लेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित कुरा,
(च) बोर्डले तोकिदिएका अन्य कुरा ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन योजना व्यवस्थापकले सहभागीको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद - ८

## <u>लगानी सम्बन्धी व्यवस्था</u>

**३४. <u>लगानी गर्न सक्ने क्षेत्र</u>**: (१) योजना व्यवस्थापकले ईकाइ विक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सवै क्षेत्रमा लगानी गर्न सक्नेछ :-

(क) बोर्डमा दर्ता भएको धितोपत्र,
(ख) सार्वजनिक निष्काशन भएको धितोपत्र,
(ग) धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्र,

---

३७ सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप

(घ) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बील तथा मुद्रा बजारका अन्य साधनहरु,

(ङ) बैंक निक्षेप,

(च) मुद्रा बजार उपकरण,

(छ) बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

(२) उपनियम (१) को खण्ड (छ) बमोजिमको क्षेत्र तोक्दा त्यस्तो क्षेत्रमा लगानी गर्दा पालना गर्नु पर्ने शर्त समेत बोर्डले तोकिदिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै निश्चित क्षेत्रमा मात्र लगानी गर्ने गरी बोर्डबाट स्वीकृति प्राप्त योजनाले सोही क्षेत्रमा मात्र लगानी गर्नु पर्नेछ ।

**३५.** **<u>ऋण दिन वा नोक्सानी व्यहोर्न नहुने :</u>** (१) योजना व्यवस्थापकले योजनाबाट उठेको वा योजना अन्तर्गतको रकम आफ्नो संस्था संचालनको लागि खर्च गर्न वा त्यस्तो संस्थाको नोक्सानी वा अन्य कुनै प्रकारको हानी व्यहोर्नको लागि वा कसैलाई ऋण दिनको लागि प्रयोग गर्न सक्ने छैन ।

(२) योजना व्यवस्थापकले सम्बन्धित योजनाको ईकाइको पुनर्खरिद भुक्तानी, ब्याज भुक्तानी वा लाभाँश भुक्तानी जस्ता कार्यको लागि योजनाको खुद सम्पत्तिको बीस प्रतिशत सम्म बढीमा छ महिनाका लागि बाणिज्य बैंकबाट कर्जा लिन सक्नेछ ।

(३) उपनियम (१) र (२) विपरित काम गरेमा त्यस्तो योजना व्यवस्थापकको संचालक र कार्यकारी प्रमुखले व्यक्तिगत रुपमा त्यस्तो रकम योजनालाई तिर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम रकम तिरेको कारणबाट मात्र त्यस्तो संचालक वा कार्यकारी प्रमुख ऐन र यस नियमावली बमोजिमको अन्य दायित्व वा कारवाहीबाट मुक्त भएको मानिने छैन ।

(५) उपनियम (३) बमोजिमको रकम नतिरेमा त्यस्तो संचालक वा कार्यकारी प्रमुखको घरघरानाबाट असुल उपर गरिनेछ र निज कुनै पनि संगठित संस्थाको पदाधिकारीमा निर्वाचित वा मनोनयन हुन अयोग्य भएको मानिनेछ ।

**३६.** **<u>लगानीको सीमाः</u>** (१) योजना व्यवस्थापकले प्रत्येक योजनाको रकम लगानी गर्दा देहाय बमोजिमको सीमाभित्र रहि गर्नु पर्नेछ :-

[३८](क) कुनै एक संगठित संस्थाको साधारण शेयरमा त्यस्तो संस्थाको कुल चुक्ता पूँजीको दश प्रतिशत भन्दा वढि नहुने गरी,

तर संगठित संस्थाको कूल साधारण शेयरमा योजनाको आकारको कम्तीमा वीस प्रतिशत लगानी योजना अवधिभर कायम राख्नु पर्नेछ ।

---

३८ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

(ख) कुनै एक संगठित संस्थाले निष्काशन गरेको अग्राधिकार शेयर वा डिबेञ्चरको बीस प्रतिशत भन्दा बढी नहुने गरी,

[३९](ग) कुनै एक संगठित संस्थाको धितोपत्रमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी ।

[४०]घ) अन्य सामुहिक लगानी कोष अन्तर्गतको योजनामा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी ।

[४१](ङ) बैंकको मुद्दती निक्षेपमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १५ प्रतिशत भन्दा बढी नहुने गरी ।
तर, योजनाको निर्धारित अवधि समाप्त हुनुभन्दा बढीमा ६ महिना अगाडि देखि बैंकको मुद्दती निक्षेप राख्न यो व्यवस्थाले बाधा पर्नेछैन ।

[४२](च) मुद्रा बजार उपकरणमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी ।

(२) एउटा सामूहिक लगानी कोष अन्तर्गत संचालित अन्य योजनाको धितोपत्र वा सो कोषको कोष प्रबर्द्धक वा डिपोजिटरीले जारी गरेको धितोपत्रमा लगानी गर्न हुँदैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि योजनाले लगानी गर्न सक्ने क्षेत्र र सीमा बोर्डले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

**३७. __विदेशमा लगानी गर्न सकिने:__** (१) प्रचलित कानूनको अधिनमा रही कुनै योजनाको कुल रकमको बढीमा पच्चीस प्रतिशत रकम सम्म विदेशी धितोपत्र बजारमा लगानी गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम लगानी गर्दा बोर्डले नेपाल सरकारको स्वीकृति लिई लगानीको लागि समझदारी (एमओयु) गरेको मुलुकहरुको धितोपत्र बजारमा मात्र लगानी गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिम लगानी गर्दा त्यस्तो मुलुकको कानून बमोजिम दर्ता भएका संगठित संस्थाहरुले जारी गरेको धितोपत्र वा त्यस्तो मुलुकको सामूहिक लगानी कोष र सरकारी ऋणपत्रमा मात्र लगानी गर्न सकिनेछ ।

---

३९ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन
४० सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन
४१ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन
४२ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

## परिच्छेद - ९

## वित्तीय विवरण, लेखा परीक्षण तथा जानकारी प्रवाह सम्बन्धी व्यवस्था

**३८.** **लेखा राख्नु पर्ने** : योजना व्यवस्थापकले आफ्नो कारोबारको लेखा प्रचलित कानून बमोजिम लेखामान तोक्ने निकायले तोके बमोजिमको ढाँचा र प्रकृया बमोजिम राख्नु पर्नेछ ।

[४३]**३८क.** **जगेडा कोष :-**(१) योजना व्यवस्थापक संस्थाले संस्थागत जोखिम व्यवस्थापन गर्न तथा वित्तीय सवलता कायम राख्न एक जगेडा कोष खडा गरी बार्षिक रुपमा संस्थाको मुनाफाबाट दश प्रतिशत रकम छट्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जगेडा कोषमा जम्मा भएको रकम नगद लाभांशको रुपमा बितरण गर्न पाईने छैन ।

**३९.** **वित्तीय विवरण तयार गर्नु पर्ने:** योजना व्यवस्थापकले प्रत्येक योजनाको छुट्टाछुट्टै वित्तीय विवरण तयार गरी राख्नु पर्नेछ ।

**४०.** **लेखा परीक्षक तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था:** (१) चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट प्रमाणपत्र प्राप्त गरेको लेखा परीक्षक मात्र योजना व्यवस्थापक वा योजनाको लेखापरिक्षकको रुपमा नियुक्त हुन सक्नेछ ।

(२) योजना व्यवस्थापकले आफ्नो र योजनाको लेखा परीक्षण छुट्टाछुट्टै लेखा परीक्षकबाट गराउनु पर्नेछ ।

[४४](३) उपनियम (१) वा (२) बमोजिम नियुक्त गरिएको लेखापरीक्षकको नाम तथा लेखापरीक्षण गरिने अवधिको सम्बन्धमा लेखापरीक्षक नियुक्त भएको पन्ध्र दिनभित्र बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

[४५](४) ......................................

(५) लेखा परीक्षकले योजना व्यवस्थापक तथा योजनाको लेखापरीक्षण गर्दा लेखा परीक्षण सम्बन्धी प्रचलित सिद्धान्त, कानून र मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(६) लेखापरीक्षकले लेखापरीक्षण गरी सकेपछि योजना व्यवस्थापक तथा योजनाको काम कारवाई, लेखा विवरण तथा आर्थिक अवस्था प्रतिविम्बित हुने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमको लेखा परीक्षण प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने कुराहरुको अतिरिक्त देहायका कुराहरु समेत खुलाइएको हुनुपर्नेछ :–

(क) लेखा सम्बन्धी प्रचलित ऐन, नियम तथा मापदण्ड अनुसार लेखा राखे नराखेको,

---

४३ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा थप

४४ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

४५ सामूहिक लगानी कोष (चौथो सशोधन) नियमावली, २०७७ द्वारा हटाइएको

(ख) योजना व्यवस्थापकको कुनै पदाधिकारी वा कर्मचारीले प्रचलित कानून विपरीत कुनै काम कारवाही वा अनियमित कार्य गरेको कारणबाट योजनालाई कुनै हानी नोक्सानी भए नभएको,

(ग) योजना व्यवस्थापकको आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको,

(घ) सहभागी तथा धितोपत्र बजारको हित प्रतिकूल कुनै कार्य गरेको देखिएमा तत्सम्बन्धी विवरण,

(ङ) आन्तरिक लेखापरीक्षणको प्रभावकारिता सम्बन्धी विवरण,

(च) सुझावहरु ।

(८) योजनाको लेखा परीक्षण प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने कुराहरुको अतिरिक्त देहायका कुराहरु समेत खुलाइएको हुनुपर्नेछ :–

(क) लेखा सम्बन्धी प्रचलित ऐन नियम तथा मापदण्ड अनुसार लेखा राखे नराखेको,

(ख) योजना अन्तर्गतको रकम यस नियमावली अनूरुप लगानी भए नभएको,

(ग) सहभागीहरुको हित विपरित हुने कार्य गरेको भए सो सम्बन्धी विवरण,

(घ) योजनाको संचालन सन्तोषप्रद रुपमा भए नभएको,

(ङ) सहभागीहरुलाई थाहा दिनु पर्ने भनि लेखा परीक्षकलाई लागेका अन्य कुराहरु,

(च) सुझावहरु ।

(९) उपनियम (७) र (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि योजना व्यवस्थापक तथा योजनाको लेखा परिक्षण प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु बोर्डले तोकिदिन सक्नेछ ।

(१०) लेखापरिक्षकले उपनियम (७) तथा (८) बमोजिम गरेको लेखापरीक्षणको प्रतिवेदन लेखा परीक्षण समाप्त भएको मितिले तीस दिनभित्र बोर्ड समक्ष समेत पेश गर्नु पर्नेछ ।

४१. **लेखा परीक्षकलाई कारबाही गर्न सक्ने :** कुनै लेखा परीक्षकले योजना व्यवस्थापक वा योजनाको लेखापरीक्षण गर्दा यस नियमावली र प्रचलित कानून विपरित लेखा परीक्षण गरेमा त्यस्तो लेखापरीक्षकको सम्बन्धमा आवश्यक कारबाही गर्नको लागि बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था समक्ष लेखी पठाउन सक्नेछ ।

४२. **प्रतिवेदन पेश गर्नु पर्नेः** (१) योजना व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफ्नो तथा योजनाको सो आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र सो आर्थिक वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन तथा प्रत्येक योजनाको छुट्टाछुट्टै वार्षिक वित्तीय विवरण कोष सुपरिवेक्षक तथा बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको बार्षिक वित्तीय विवरण ईकाइधनीहरुको जानकारीको लागि संक्षिप्त रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(३) योजना व्यवस्थापकले आफूले संचालन गरेको योजनाको त्रैमासिक प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र कोष सुपरिवेक्षक तथा बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(४) बोर्डले अनुमतिपत्र प्राप्त संगठित संस्थाको काम कारवाही सम्बन्धी कुनै पनि सूचना, जानकारी वा विवरण माग गर्न वा सार्वजनिक रुपमा प्रकाशन गर्न लगाउन सक्नेछ ।

(५) योजना व्यवस्थापकले योजना व्यवस्थापन सम्बन्धमा राख्नुपर्ने अभिलेख र बिवरण तथा योजना सम्बन्धी यस नियमावली बमोजिम बोर्ड समक्ष पेश गर्नु पर्ने विवरणहरुको ढाँचा बोर्डले तोकिदिन सक्नेछ ।

(६) कोष सुपरिवेक्षकले प्रत्येक अर्ध वार्षिक अवधि समाप्त भएको पैतालीस दिन भित्र कोष सुपरिवेक्षण सम्बन्धी कामको अर्ध वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

[४६](७) खुलामुखी योजनाको हकमा प्रत्येक दिनको खुद सम्पत्ति मूल्य तथा प्रति इकाई खुद सम्पत्ति मूल्य, प्रत्येक दिन भएको इकाईको कारोवार (बिक्री तथा पुनर्खरिद मूल्य) परिमाण, मूल्य तथा कुल कारोवार रकम लगायतका विवरणहरु इच्छुक लगानीकर्ताले हेर्न सक्ने गरी आफ्नो वेभसाइट मार्फत दैनिक सार्वजनिक गर्नु पर्नेछ ।

४३. **सार्वजनिक रुपमा जानकारी गराउनुपर्नेः** (१) योजना व्यवस्थापकले आफूले संचालन गरेको प्रत्येक योजनाको खुद सम्पत्ति मूल्य, ईकाइ बिक्री र पुनर्खरीद मूल्य प्रत्येक हप्ता कम्तीमा एकपटक सार्वजनिक गर्नु पर्नेछ ।

(२) योजना व्यवस्थापकले प्रत्येक महिनामा योजना सम्बन्धी आफूले गरेका कामको देहायका विवरणहरु सो महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरिवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गर्नु पर्नेछः-

(क) धितोपत्रमा गरिएको लगानी रकम,

(ख) लगानी गरिएको धितोपत्रहरुको बजार मूल्य,

(ग) योजनाको आम्दानी तथा खर्चहरु,

(घ) योजना अन्तर्गत जारी गरिएको धितोपत्रको प्रति इकाई खुद सम्पत्ति मूल्य र त्यस्तो मूल्य गणनाको आधार,

(ङ) बोर्डले तोकिदिएका अन्य विवरण ।

४४. **निरीक्षण गर्न सक्नेः** (१) योजना व्यवस्थापकले योजनाका सम्बन्धमा राखेको हिसाव किताव तथा अभिलेख बोर्डले वा बोर्डले तोकेको व्यक्तिले जुनसुकै समयमा निरीक्षण गर्न सक्नेछ ।

---

४६ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा थप

(२) कोष सुपरिवेक्षकले बोर्डलाई पूर्व जानकारी दिई योजना व्यवस्थापक तथा डिपोजिटरीको हिसाब किताव तथा अभिलेख निरीक्षण गर्न सक्नेछ ।

(३) कोष सुपरिवेक्षकले उपनियम (२) बमोजिम निरीक्षण गरेकोमा निरीक्षण सम्पन्न भएको एक महिना भित्र बोर्ड समक्ष निरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**४५. जानकारी तथा विवरण दिनु पर्ने :** (१) योजना व्यवस्थापक र डिपोजिटरीले देहायका जानकारी तथा विवरण देहायको अवधिभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन गर्ने भए त्यस्तो संशोधनको व्यहोरा, संशोधन गर्नु अघि,

(ख) नयाँ संचालक वा कार्यकारी प्रमुख नियुक्त भएमा त्यस्तो संचालक वा कार्यकारी प्रमुखको अनुसूची - २ बमोजिमको विवरण सहितको जानकारी, नियुक्त भएको सात दिन भित्र,

(ग) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना, जानकारी तथा विवरण बोर्डले तोकिदिएको अवधिभित्र ।

(२) योजना व्यवस्थापक तथा डिपोजिटरीले देहायका कुराको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछः-

(क) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन भएमा,

(ख) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख विरुद्ध प्रचलित कानून बमोजिम कुनै कारवाही भएमा वा कारवाही अगाडी बढाइएमा,

(ग) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा ।

(३) डिपोजिटरीले देहायका कुराको जानकारी योजना व्यवस्थापकलाई तुरुन्त दिनु पर्नेछ,

(क) योजनाको तर्फबाट रकम प्राप्त गर्ने वा भुक्तानी गर्ने कार्यमा कुनै समस्या उत्पन्न भएमा,

(ख) योजनाका सहभागीलाई योजनाको प्रतिफल वितरण वा योजनाको फिर्ता भुक्तानी सम्बन्धमा कुनै समस्या उत्पन्न भएमा,

(४) कोष सुपरिवेक्षकले योजना संग सम्बन्धित कुनै सूचना जानकारी वा विवरण माग गरेमा योजना व्यवस्थापक तथा डिपोजिटरीले त्यस्तो सूचना जानकारी वा विवरण तुरुन्त उपलव्ध गराउनु पर्नेछ ।

(५) डिपोजिटरीले प्रत्येक महिनाको अन्त्यमा योजनाको सम्पत्तिको विवरण योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ ।

# परिच्छेद - १०

## विविध

**४६. <u>सामूहिक लगानी कोषको लागि धितोपत्र छुट्टयाउनुपर्नेः</u>** (१) सार्वजनिक रुपमा धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले धितोपत्र सार्वजनिक निष्काशन गर्नु अगावै सार्वजनिक निष्काशन गरिने धितोपत्रको कम्तिमा पाँच प्रतिशत धितोपत्र सामूहिक लगानी कोषको लागि छुट्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम छुट्याइएको धितोपत्र खरिदको लागि सम्बन्धित संगठित संस्था वा त्यस्तो संस्थाको तर्फबाट निष्काशन बिक्री प्रबन्धकले अवधि तोकी सबै सामूहिक लगानी कोषलाई सूचना दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम छुट्टयाइएको धितोपत्र खरिद गर्न एक भन्दा बढी कोषहरुबाट आवेदन प्राप्त भएमा त्यस्तो धितोपत्र मागको आधारमा समानुपातिक हिसावले सबै कोषहरुलाई बाँडफाँड गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम छुट्टयाइएको धितोपत्र खरिदको लागि उपनियम (२) बमोजिमको अवधि भित्र कुनै पनि कोषबाट आवेदन प्राप्त नभएमा त्यसरी छुट्याइएको सम्पूर्ण धितोपत्र र आंशिक रुपमा मात्र आवेदन प्राप्त भएमा खरिद नभएको जति धितोपत्र सम्बन्धित संगठित संस्थाले सर्वसाधारणका लागि निष्काशन गर्न छुट्याएको धितोपत्रहरुमा समावेश गरी सार्वजनिक रुपमा निष्काशन गर्नु पर्नेछ ।

[४७]**४६क. <u>संगठित संस्थाको संचालक निर्वाचनमा मतदान गर्न नपाउने :</u>** सामूहिक लगानी कोष वा योजनाले कुनै पनि सूचिकृत संगठित संस्थाको संचालकको निर्वाचनमा उम्मेदवारी दिने, समर्थन जनाउने, प्रोक्सी दिने र मतदान गर्न सक्ने छैन । तर, उल्लेखित व्यवस्थाले संगठित संस्थाको साधारण सभामा उपस्थिति जनाउन बाधा पर्ने छैन ।

**४७. <u>निर्देशिका जारी गर्न सक्नेः</u>** (१) बोर्डले ऐन तथा यस नियमावली विपरित नहुने गरी योजनाको सार्वजनिक निष्काशन स्वीकृति प्रकृया, विवरणपत्रमा उल्लेख हुनु पर्ने कुराहरु, बिक्री प्रकृया, योजनाका सम्बन्धित पक्ष बीच हुने सम्झौता, आचार संहिता, लगानीको मूल्याँकन प्रकृया, खुद सम्पत्तिको मूल्याँकन लगायतका अन्य आवश्यक कुराका सम्बन्धमा निर्देशिका जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको निर्देशिका पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**४८. <u>अनूसुचीमा हेरफेर वा थपघटः</u>** बोर्डले आवश्यकता अनुसार अनूसुचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

---

४७ सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा थप

## अनुसूची–१

(नियम ४ को उपनियम (१) संग सम्बन्धीत)

**<u>कोष दर्ताका लागि दिने निवेदनको ढाँचा</u>**

मितिः ......................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

बिषयः कोष दर्ता गरी पाउँ ।

धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही .......................... नामको सामूहिक लगानी कोष स्थापना गर्ने इच्छा भएकोले आवश्यक विवरण र कागजात तथा निवेदन दस्तुर सम्लग्न गरी यो निवेदन पेश गरेका छौं ।

सम्लग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक संगठित संस्थाको:</u>

नाम : ...........................

ठेगानाः ..........................अंचल.............................जिल्ला ............................... गा.वि.स. ⁄ न.पा.

टोल......................वडा नं.......ब्लक नं....... फोन नंः............... फ्याक्सः...............इमेल ................

<u>संगठित संस्थाको छापः</u>

<u>कार्यकारी प्रमुखको :</u>

नाम :

दस्तखतः

## अनुसूची– २

(नियम ४ को उपनियम (१) को खण्ड (च), नियम १३ को उपनियम (२) को खण्ड (ग) र
नियम ४५ को उपनियम (१) को खण्ड (ख) संग सम्बन्धित)

**संचालक/कार्यकारी प्रमुख तथा प्रतिनिधिको विवरण**

| फोटो |
|---|

१. नामः

२. स्थायी ठेगानाः ....................अंचल....................जिल्ला ......................... गा. वि.स./न.पा./म. न. पा. टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल ...........

३. हालको ठेगानाः ...........................अंचल.......................जिल्ला .............................. गा. वि.स./न.पा. टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल ..........

४. बाबु/आमाको नामः

५. बाजे/बजैको नामः

६. पति / पत्निको नाम :

७. शैक्षिक योग्यताः

८. व्यवसायिक अनुभवः

९. तालिमः

१०. कुनै पेशा वा संस्थामा कार्यरत भएमा, सो सम्बन्धी विवरणः

११. अन्य कम्पनी वा संगठित संस्थामा एक प्रतिशत वा सो भन्दा बढी स्वामित्व वा कुनै संलग्नता भए तत्सम्बन्धी विवरणः

११. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः

१२. संचालक/कार्यकारी प्रमुख हुन निर्धारित योग्यता पूरा भएको र अयोग्यता नरहेको उद्घोषणः

दस्तखतः ..........................

संलग्न गर्नु पर्ने कागजातः

१. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

[४८]३. गैरआवासीय नेपाली संचालक भएमा संचालकको गैरआवासीय नेपालीको परिचयपत्र ।

---

४८ बोर्डको मिती २०६८।१२।२३ को निर्णयानुसार थप गरिएको

## अनुसूची–३

(नियम ४ को उपनियम (२) र (५) सँग सम्बन्धित)

**सामूहिक लगानी कोष दर्ता दस्तुर**

| | |
|---|---|
| १. निवेदन दस्तुर | पचास हजार रुपैया |
| २. कोष दर्ता दस्तुरः | दश लाख रुपैया |

३. गैरआवासीय नेपाली संचालक भएमा संचालकको गैरआवासीय नेपालीकोपरिचयपत्र ।

## अनुसूची– ४

(नियम ४ को उपनियम (४) संग सम्बन्धित)

**कोष दर्ता प्रमाणपत्र**

......................................मा मुख्य कार्यालय रहेको संगठित संस्था श्री ............................ .......... ले स्थापना गरेको ..................................... नामको सामूहिक लगानी कोष धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली,२०६७ बमोजिम यस बोर्डमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

बोर्डको छापः प्रमाणपत्र दिने आधिकारीको दस्तखतः

नामः

पदः

मितिः

## अनुसूची– ५

(नियम ६ को उपनियम (३) संग सम्बन्धित)

**कोष सुपरिवेक्षकको विवरण**

फोटो

१. नामः

२. स्थायी ठेगानाः अंचल......................जिल्ला ......................... गा. वि.स./न.पा. ......................... टोल....................वडा नं.........घर/ब्लक नं......... फोन नंः................ फ्याक्सः........................ इमेल .................

३. हालको ठेगानाः अंचल .....................जिल्ला ......................... गा.वि.स./न.पा............................ टोल....................वडा नं.........घर/ब्लक नं......... फोन नंः................ फ्याक्सः......................... इमेल .................

४. बाबुको नामः

५. बाजेको नामः

६. पति वा पत्निको नामः

७. शैक्षिक योग्यताः

८. कार्य अनुभवः
९. तालिम
१०. कुनै पेशा वा संस्थामा कार्यरत भएमा, सो सम्बन्धी विवरणः
११. कोष सुपरिवेक्षकको रुपमा काम गर्न योग्यता पुरा भएको उद्घोषणः

दस्तखतः ..........................

सम्लग्न गर्नु पर्ने कागजातः
१. योग्यता र अनुभव प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।
२. नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसूची– ६

(नियम १३ को उपनियम (२) संग सम्बन्धित)

**योजना व्यवस्थापक वा डिपोजिटरीको अनुमतिपत्रका लागि दिने निवेदनको ढाँचा**

मितिः ....................

श्री नेपाल धितोपत्र बोर्ड
............................ ।

बिषयः अनुमतिपत्र पाउँ ।

यस संस्थाले धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही योजना व्यवस्थापक वा डिपोजिटरीको रुपमा काम गर्न चाहेकोले लाग्ने दस्तुर, विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौ । सम्लग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक संगठित संस्थाको नाम :..............................

ठेगानाः अंचल...............................जिल्ला .................................... गा. वि.स./न. पा..................................

टोल...................वडानं.........ब्लकनं.........फोननंः.................फ्याक्सः.................इमेल ...................

रजिष्टर्ड कार्यालयः

कार्यकारी प्रमुखकोः
नामः
दस्तखतः

संगठित संस्थाको छापः

## अनुसूची– ७

(नियम १३ को उपनियम (२) को खण्ड (क) संग सम्बन्धित)

**निवेदक संगठित संस्था सम्बन्धी विवरण तथा कागजात**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै ऐनद्वारा स्थापना भएको संगठित संस्थाको हकमा सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(घ) आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक योजना,

(डिपोजिटरीको हकमा व्यवसायिक योजना पेश गर्नु पर्ने छैन)

(ङ) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(च) कम्पनी वा संगठित संस्था वा संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(छ) चुक्ता पूँजी प्रमाणित गर्ने निस्सा,

(ज) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरधनीको नाम, पुरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(झ) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी बार्षिक प्रतिवेदन, (संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ । )

(ञ) संस्थापकले लिएको शेयर स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण,

(ट) संस्थाको संगठन तथा कार्य प्रणाली सम्बन्धी विवरण,

(ठ) कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,

(ड) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण ।

## अनुसूची–८

(नियम १३ को उपनियम (२) खण्ड (ख) संग सम्बन्धित)

**निवेदक संगठित संस्थाको संस्थापक कम्पनी वा संगठित संस्था सम्बन्धी विवरण तथा कागजात**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै ऐनद्वारा संस्था स्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियम को प्रतिलिपी,

(घ) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण गरिएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा उक्त आर्थिक बर्षमा गरेको काम कारवाही समावेश गरिएको बार्षिक प्रतिवेदन,
(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी विवरण पेश गर्न सकिनेछ । )

(ङ) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरधनीको नाम, पूरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(च) कम्पनी वा संगठित संस्था वा संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(छ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(ज) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा देहायको विवरण तथा कागजातः

१. नाम तथा पूरा ठेगाना,

२. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै संलग्नता रहेको भए तत्सम्बन्धी विवरण ।

[४९](झ) गैर आवासीय नेपालीको लगानी रहेको कम्पनी संस्थापक भएमा बोर्डले तोके बमोजिमका अन्य विवरणहरु ।

## अनुसूची– ९

(नियम १६ को उपनियम (४) सँग सम्बन्धित)

### योजना व्यवस्थापक वा डिपोजिटरीको अनुमतिपत्र

श्री ................................

......................................

..............................मा मुख्य कार्यालय रहेको त्यस संगठित संस्थाको निवदेनमा कारवाही हुँदा यस बोर्डको मिति ......................... को निर्णयानुसार त्यस संस्थालाई धितोपत्र सम्बन्धी ऐन तथा सो ऐन अन्तर्गत बनेका नियम तथा अन्य प्रचलित कानूनको अधीनमा रही ..................... .........को काम गर्न दिने निर्णय भएकोले सो का लागि यो अनुमतिपत्र प्रदान गरीएको छ । नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको वहाली...................सम्म हुनेछ ।

बोर्डको छापः

प्रमाणपत्र दिने अधिकारीको दस्तखतः

नामः

पदः

मितिः

---

४९ बोर्डको मिती २०६८।१२।२३ को निर्णयानुसार थप गरिएको

## [५०]अनुसूची– १०

(नियम १६ को उपनियम (५) संग सम्बन्धित)

**अनुमतिपत्र दस्तुर**

१. योजना व्यवस्थापक : पाँच लाख रुपैयाँ

२. डिपोजिटरी : एक लाख रुपैयाँ

## अनुसूची–११

(नियम १७ को उपनियम (१) संग सम्बन्धित)

**अनुमतिपत्रको नवीकरणको लागि दिने निवेदनको ढाँचा**

मितिः ..................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

**बिषयः अनुमतिपत्र नवीकरण गरी पाउँ ।**

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम तहाँबाट ................................को कार्य गर्न प्राप्त अनुमतिपत्रको अवधि मिति .......................... सम्म कायम रहेकोले अनुमतिपत्र नवीकरण गरी पाउनका लागि सो अनुमतिपत्र यसै निवेदन साथ संलग्न गरी अनुरोध गर्दछु/छौं ।

निवेदकको आधिकारिक दस्तखतः कम्पनी वा संगठित संस्थाको छापः

नाम :

पद :

## अनुसूची–१२

(नियम १७ को उपनियम (२) संग सम्बन्धित)

**वार्षिक शुल्क**

| | | |
|---|---|---|
| १. | योजना व्यवस्थापक | एक लाख रुपैया |
| २. | डिपोजिटरी | पच्चीस हजार रुपैया |

---

५० सामूहिक लगानी कोष (तेस्रो सशोधन) नियमावली, २०७६ द्वारा संशोधन

## अनुसूची–१३

(नियम २४ को उपनियम (३) संग सम्बन्धित)

**योजना संचालनको स्वीकृतिको लागि दिने निवेदनको ढाँचा**

मितिः .....................

श्री नेपाल धितोपत्र बोर्ड

............................. ।

**बिषयः योजना संचालन अनुमति पाउँ ।**

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही .......................... नामको कोष अर्न्तगत ........................ ........... नामको योजनाको जम्मा रकम रुपैया.......................सम्मको योजना संचालन गर्ने अनुमतिका लागि आवश्यक विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

सम्लग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

**योजना व्यवस्थापकको**

नाम : ............................

ठेगानाः ........................अंचल............................जिल्ला ...................... गा. वि.स. ⁄ न.पा.

टोल.....................वडा नं.........ब्लक नं......... फोन नंः................. फ्याक्सः..................

इमेल ...................

योजना व्यवस्थापकको कार्यालयको छापः

कार्यकारी प्रमुखको :

नाम :

दस्तखतः

## अनुसूची–१४

(नियम २४ को उपनियम (४)संग सम्बन्धित)

**योजना संचालन गर्ने स्वीकृति**

श्री ................................

.....................................

..............................मा मुख्य कार्यालय रहेको त्यस संस्थाले ...................................नाम को कोष अन्तर्गत संचालन गर्ने जम्मा रकम रुपैया.................... सम्मको ...................... नामको योजना तथा उक्त योजना अन्तर्गत जारी गरीने इकाईहरु यस बोर्डमा दर्ता गरी धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सो ऐन अन्तर्गत बनेका नियम, बिनियम तथा अन्य प्रचलित कानून र देहायका शर्तको अधीनमा रही योजना संचालन गर्न यो अनुमति प्रदान गरीएको छ ।

**आधिकारिक दस्तखतः**
नामः
पदः
मितिः
बोर्डको छापः

शर्तहरुः

१.

२.

३.

## अनुसूची–१५

(नियम २४ को उपनियम (५) संग सम्बन्धित)

[५१]**योजना संचालन स्वीकृति दस्तुर**

(क) योजनाको कुल रकम एक अर्व रुपैया भन्दा कम भएमा ०.१० प्रतिशत वा न्यूनतम पाँच लाख रुपैया

(ख) योजनाको कुल रकम एक अर्व रुपैया देखि दुई अर्व रुपैयासम्म भएमा ०.०७५ प्रतिशत वा न्यूनतम दशलाख रुपैया

(ग) योजनाको कुल रकम दुई अर्व रुपैया भन्दा माथि भएमा ०.०५ प्रतिशत वा न्यूनतम पन्ध्रलाख रुपैया

यस नियमावली बमोजिम बोर्डमा योजना संचालन दस्तुर बुझाएका सामूहिक लगानी योजनाको धितोपत्र दर्ता गर्दा कुनै दस्तुर लाग्ने छैन ।

❖❖❖

५१ बोर्डको मिति २०६८।१२।२३ को निर्णयानुसार संशोधीत

लागू मितिः २०६७।६।२०
अनुसूची संशोधन लागू मिति २०६८।४।३२
पहिलो संशोधन मिति : २०७१।०१।३०

# धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७

केन्द्रीय निक्षेप सम्बन्धी विषयहरु नियमन गर्ने उद्देश्यले धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्रसम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "हितग्राही" भन्नाले निक्षेप सदस्य मार्फत केन्द्रीय निक्षेप कम्पनीमा धितोपत्र वा उपकरण निक्षेप गर्न हितग्राही खाता खोलेका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने धितोपत्र वा उपकरण ग्रहण गरेका व्यक्ति सम्झनुपर्छ ।

(ग) "हितग्राही खाता" भन्नाले हितग्राहीले धितोपत्र निक्षेप गर्न निक्षेप सदस्यमार्फत केन्द्रीय निक्षेप कम्पनीसंग बेग्लै खाता नम्वरबाट खोलेको विद्युतीय खाता (डिम्याट एकाउन्ट) सम्झनुपर्छ ।

(घ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ ।

(ङ) "केन्द्रीय निक्षेप सेवा" भन्नाले धितोपत्र बजारमा सूचिकृत भएका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने, वितरण वा बाँडफाँड भएका, धितोपत्र वा उपकरणहरू सम्बन्धित धितोपत्रधनीबाट आफ्नो जिम्मामा लिई धितोपत्रधनीहरूको धितोपत्रसम्बन्धी हितग्राही खाता राख्ने तथा धितोपत्र वा उपकरणहरूको नामसारी वा खातामा अभिलेख गर्ने कार्य सम्झनुपर्छ ।

(च) "केन्द्रीय निक्षेप कम्पनी" भन्नाले केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न नियम ७ बमोजिम बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनुपर्छ ।

(छ) "संचालक" भन्नाले केन्द्रीय निक्षेप कम्पनीको संचालक समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले संचालक समितिको अध्यक्षसमेतलाई जनाउनेछ ।

(ज) “हस्तान्तरण” भन्नाले धितोपत्र वा उपकरणको स्वामित्व हस्तान्तरणसम्बन्धी कार्य सम्झनुपर्छ र सो शब्दले धितोपत्रधनीको मृत्युपश्चात् हकदारको नाममा नामसारी वा घरायसी नामसारी गरी एक धितोपत्रधनीको स्वामित्वबाट हकदार व्यक्तिमा धितोपत्रको स्वामित्व हस्तान्तरण गर्ने कार्यसमेतलाई जनाउनेछ ।

(झ) “निक्षेप सदस्य” भन्नाले केन्द्रीय निक्षेप कम्पनीसंग सदस्यता लिएका धितोपत्र व्यवसायी वा संगठित संस्था सम्झनुपर्छ ।

(ञ) “निष्काशनकर्ता” भन्नाले धितोपत्र/उपकरण निष्काशन गर्ने संगठित संस्था सम्झनुपर्छ ।

(ट) “रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि” भन्नाले कुनै पनि संगठित संस्थाको तर्फबाट सो संस्थाले निष्काशन गरेका धितोपत्र तथा धितोपत्रधनीहरूको अभिलेख राखी धितोपत्र हस्तान्तरण तथा फिर्ता भुक्तानी लगायतका कार्य गर्ने व्यक्ति वा संगठित संस्था सम्झनुपर्छ ।

(ठ) “दर्ताधनी” भन्नाले निष्काशनकर्ताको दर्ता किताबमा उल्लेख भएको केन्द्रीय निक्षेप कम्पनी सम्झनुपर्छ ।

(ड) “उपकरण” भन्नाले विद्युतीय माध्यमबाट राख्न सकिने गोदाम रसिद, जीवन बीमा लेखा लगायतका उपकरण वा कागजातसमेतलाई जनाउनेछ ।

## परिच्छेद २

## केन्द्रीय निक्षेप सेवा अनुमतिसम्बन्धी व्यवस्था

३. **अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेः**(१) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न चाहने कम्तीमा बीस करोड बराबर खुद सम्पत्ति (नेटवर्थ) रहेको संगठित संस्थाले अनुमतिपत्र प्राप्त गर्नका लागि अनुसुची(१ बमोजिमको ढाँचामा अनुसूची(२ बमोजिमको निवेदन दस्तुर संलग्न गरी बोर्डसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिने निवेदन साथ निवेदक संस्थाको सम्बन्धमा देहायको विवरण तथा कागजात संलग्न भएको हुनु पर्नेछ :-

(क) संचालक र कार्यकारी प्रमुखको सम्बन्धमा अनुसूची(३ बमोजिमको विवरण,

(ख) अनुसूची(४ बमोजिमको विवरण तथा कागजात,

(ग) केन्द्रीय निक्षेप कम्पनीको संस्थापक सम्बन्धमा अनुसूची(५ बमोजिमको विवरण तथा कागजात,

(घ) केन्द्रीय निक्षेप व्यवसाय स्थापना तथा सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ङ) अनुसूची-६ बमोजिम केन्द्रीय निक्षेप कम्पनीको विनियमावलीको मस्यौदा ।

४. **निवेदनउपर जाँचबुझ गर्नेः**(१) बोर्डले नियम ३ बमोजिम प्राप्त निवेदन तथा विवरण सहितका कागजात जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा आवश्यक देखिएका अन्य विवरण तथा कागजात बोर्डले माग गर्न सक्नेछ ।

(३) यस नियमबमोजिम निवेदनउपर जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र प्रदान गर्न मिल्ने देखिएमा केन्द्रीय निक्षेप सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गर्न बोर्डले निवेदकलाई सूचित गर्नेछ ।

**५.** **पूर्वाधार तयार गर्नु पर्नेः** (१) नियम ४ को उपनियम (३) बमोजिम बोर्डले सूचित गरेको १२ महिनाभित्र केन्द्रीय निक्षेप व्यवसाय संचालनका लागि आवश्यक विद्युतीय निक्षेप प्रणाली तयार गरी सोको जानकारी बोर्ड समक्ष दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको समयभित्र पूर्वाधार तयार गर्न नसकी थप समय माग गरेमा औचित्यताको आधारमा बोर्डले थप समय प्रदान गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम व्यवस्था गरिएको निक्षेप प्रणाली सञ्चालन तथा मर्मत सम्भार गर्ने सम्बन्धमा केन्द्रीय निक्षेप कम्पनीको जनशक्तिभन्दा बाहिरका व्यक्ति वा संस्थालाई जिम्मेवारी दिने भएमा त्यस्तो जिम्मेवारी दिन लागेको सम्झौतासम्बन्धी विवरण बोर्डलाई जानकारी गराएरमात्र सम्झौता गर्नु पर्नेछ ।

(४) उपनियम (१) र (३) बमोजिम तयार गरिएको पूर्वाधार तथा निक्षेप प्रणालीको सम्बन्धमा बोर्डले समय समयमा संपरीक्षण (सिस्टम अडिट) गर्न/गराउन सक्नेछ । त्यस्तो संपरीक्षण गर्न आवश्यक पहुँच, सुविधा, तथ्याङ्क आदि उपलब्ध गराउने कर्तव्य केन्द्रीय निक्षेप कम्पनीको हुनेछ ।

**६.** **पूर्वाधारको निरीक्षण गर्नेः** (१) नियम ५ बमोजिम तयार गरेको पूर्वाधारका सम्बन्धमा निवेदकले बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पूर्वाधार तयार गरेको जानकारी प्राप्त भएको तीस दिनभित्र बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा पूर्वाधारका सम्बन्धमा भएको व्यवस्था अपर्याप्त देखिएमा बोर्डले निश्चित समयावधि तोकी निवेदकलाई थप व्यवस्था गर्न लगाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम तोकिएको समायावधिभित्र आवश्यक पूर्वाधारको व्यवस्था गरी बोर्ड समक्ष जानकारी दिनु पर्नेछ ।

**७.** **अनुमतिपत्र प्रदान गर्नेः** (१) नियम ६ बमोजिम तयार गरेको पूर्वाधार उचित देखिएमा केन्द्रीय निक्षेप व्यवसाय संचालन गर्न अनुसूची-२ बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउन सूचित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दस्तुर प्राप्त भएपछि बोर्डले अनुसूची-७ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ ।

८. **अनुमतिपत्र नवीकरणः** केन्द्रीय निक्षेप कम्पनीले प्रत्येक आर्थिक वर्षको लागि अनुमतिपत्रको समयावधि समाप्त भएको तीन महिनाभित्र अनुसुची(२ बमोजिमको बार्षिक शुल्कसहित अनुसूची–८ बमोजिमको ढाँचामा बोर्डसमक्ष निवेदन दिई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

९. **अनुमतिपत्र निलम्बन वा खारेजः** केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र निलम्बन, खारेज वा अन्य कारवाही सम्बन्धी व्यवस्था नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली अनुसार हुनेछ ।

## परिच्छेद ३

## केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्यको काम, कर्तव्य तथा अधिकार

१०. **केन्द्रीय निक्षेप कम्पनीको काम, कर्तव्य तथा अधिकारः** केन्द्रीय निक्षेप कम्पनीको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) धितोपत्र निक्षेप सेवाको स्थापना, संचालन तथा व्यवस्थापन गर्ने,

(ख) केन्द्रीय निक्षेप कम्पनीले स्वीकृत गरेका निकायहरूका साथै निक्षेप सदस्यहरू, निष्काशनकर्ताहरू, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरू तथा स्टक एक्सचेन्ज र त्यसका राफसाफ शाखा वा राफसाफ निकायका साथै अन्य यस्तै निकायहरूसँग विद्युतीय सञ्चार सन्जाल स्थापना गर्ने,

(ग) केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्य/निष्काशनकर्ता/रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिलाई परिचालन गर्न विनियम वा कार्य संचालन निर्देशिका तयार गर्ने,

(घ) परिपत्र/आधिकारिक सूचनाको माध्यमबाट निक्षेप सदस्य/निष्काशनकर्ता/ रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिलाई निजहरूको व्यवसाय परिचालन गर्ने सम्बन्धमा निर्देशन/निर्देशिका जारी गर्ने,

(ङ) निक्षेप सदस्य वा निष्काशनकर्ताको धितोपत्र स्वीकार गरी लिनुअघि निक्षेप सदस्य/स्टक एक्सचेन्ज वा राफसाफ निकाय/निष्काशनकर्ता/रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिसँग सम्झौता गर्ने,

(च) बोर्डमा दर्ता भएका निक्षेप सदस्यहरूको संजालमार्फत कार्य संचालन गर्ने,

(छ) हितग्राहीले निक्षेप सदस्यमार्फत ल्याएको धितोपत्रलाई विद्युतीय रूपमा परिवर्तन गरी निक्षेप राख्ने तथा लगानीकर्ताको मागअनुसार भौतिक रूपमा परिणत गर्ने,

(ज) निक्षेप सदस्यहरू, निष्काशनकर्ता र रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरूले बुझाउनुपर्ने धरौटी, शुल्क तथा दस्तुर तोक्ने,

(झ) निष्काशनकर्ता कम्पनीले कुल निष्काशित धितोपत्रको हिसाब राख्न सहयोग पुऱ्याउनको लागि हितग्राहीको दर्ता किताबमा अभिलेख राखी समय समयमा वा बोर्डले तोकेको समयमा निष्काशनकर्ता कम्पनीलाई उपलब्ध गराउने,

(ञ) निक्षेप सदस्य, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि तथा निष्काशनकर्तालाई प्रभावकारी विद्युतीय निक्षेप सेवा उपलब्ध गराउने,

(ट) निक्षेप सेवामा दर्ता भएका धितोपत्रलाई धितोबन्धकमा वा रोक्कामा राखिएको अभिलेख गर्ने सुविधा उपलव्ध गराउने,

(ठ) धितोपत्रसँग सम्बन्धित अन्य संघ संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउने

(ड) निक्षेप सदस्यहरूको प्रवेश दर्ता गर्ने, निरीक्षण गर्ने, अनुगमन गर्ने, निलम्बन गर्ने तथा सदस्यता खारेजसम्बन्धी कार्य गर्ने,

(ढ) केन्द्रीय निक्षेप कम्पनीको जिम्मामा रहेका सबै धितोपत्रहरूको तथ्याङ्क/सूचना सुरक्षित रूपमा राख्ने प्रबन्ध मिलाउने,

(ण) निक्षेप सदस्यको माध्यमबाट लगानीकर्ताको विद्युतीय खाता खोली दिने र सम्बन्धित पक्षले मागेको बेलामा उक्त खातासम्बन्धी विवरण उपलब्ध गराउने,

(त) केन्द्रीय निक्षेप सेवामा रहेका धितोपत्रको हस्तान्तरण गर्ने सम्बन्धित पद्धति बनाई कार्यान्वयन गर्ने,

(थ) निक्षेप सदस्यले लगानीकर्ताबाट लिन पाउने शुल्क/दस्तुरको उपल्लो सीमा निर्धारण गर्ने,

(द) अधिकार प्राप्त अधिकारीले केन्द्रीय निक्षेप कम्पनीको विनियम/कार्य संचालन निर्देशिकाअनुरुप रहेको हितग्राहीको खाताको विवरण उपलव्ध गराई दिएको आदेश/निर्देशन बमोजिम हितग्राहीको धितोपत्र वा खाता रोक्का राख्ने,

(ध) केन्द्रीय निक्षेप कम्पनीको प्रबन्धपत्रमा उल्लेखित अन्य सेवा उपलब्ध गराउने,

(न) केन्द्रीय निक्षेप कम्पनीको कार्य संचालन गर्ने क्रममा हितग्राहीलाई पर्न सक्ने जोखिम कम गरी हितरक्षा गर्न बीमालगायतका अन्य पर्याप्त सतर्कता अपनाउने,

(प) केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्यको लापरबाहीको कारणबाट लगानीकर्ताले हानी नोक्सानी व्यहोर्नु परेमा निजलाई सो बापत क्षतिपूर्ति दिलाउने र यदि उक्त क्षति निक्षेप सदस्यबाट भएको भए निजबाट उक्त रकम असुल गर्ने,

(फ) केन्द्रीय निक्षेप कम्पनीले नियन्त्रण पद्धति, कार्यविधि तथा सुरक्षा अबस्थाबारे बार्षिक रूपमा निरीक्षण गरी सोको एकप्रति प्रतिबेदन बोर्डसमक्ष पेश गर्ने,

(ब) केन्द्रीय निक्षेप कम्पनीले निक्षेपमा लिएका सम्पूर्ण धितोपत्रहरू विद्युतीय माध्यममा तथा परिवर्तनीय (fungible) स्वरूपमा राख्ने ।

**११. केन्द्रीय निक्षेप कम्पनीले गर्न नहुने कार्य:** केन्द्रीय निक्षेप कम्पनीले देहाय बमोजिमका कार्यहरू गर्न गराउन हुंदैन :-

(क) आफ्नो निक्षेप सेवासम्बन्धी अधिकार बोर्डलाई पूर्वसूचना नगरी कसैलाई पनि प्रदान गर्न वा प्रत्यायोजन गर्न,

(ख) कानुनले निर्धारण गरेको अवस्थामा बाहेक हितग्राही खातासम्बन्धी विवरणका गोप्यता भंग हुने कार्य गर्न,

(ग) आफ्ना ग्राहकलाई कुनै धितोपत्रका सम्बन्धमा लगानीसम्बन्धी परामर्श दिन ।

१२. **<u>निक्षेप सदस्यको काम, कर्तव्य तथा अधिकार:</u>** निक्षेप सदस्यको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हितग्राहीसँग सम्झौता गरेपछि मात्र धितोपत्र खाता खोल्ने,

(ख) हितग्राही खाता खोल्नुभन्दा अगाडि बोर्ड/केन्द्रीय निक्षेप कम्पनीले निर्धारण गरेबमोजिमको लगानीकर्ता पहिचान प्रकृया पूरा गर्ने,

(ग) प्रत्येक हितग्राहीको नाममा अलग अलग खाता संचालन गर्ने र एक हितग्राहीको धितोपत्र अर्को हितग्राहीको धितोपत्रसँग नमिसाई अलग्गै राख्ने,

(घ) हितग्राहीले पेश गरेका धितोपत्रहरू विद्युतीय रूपमा परिबर्तन गर्ने र हितग्राहीले अनुरोध गरेको सात दिनभित्र निष्काशनकर्ता/रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिकहां पठाई विद्युतीय निक्षेप अभिलेखलाई भौतिक प्रमाणपत्रमा परिवर्तन गरिदिने,

(ङ) विद्युतीय रूपमा रहेका धितोपत्रहरूको विवरण राख्ने,

(च) हितग्राहीको खाताबाट धितोपत्रको हस्तान्तरण गर्दा हितग्राहीको लिखित वा विद्युतीय सूचना प्राप्त गरेपछि मात्र कार्यान्वयन गर्ने,

(छ) ग्राहक तथा अन्य मध्यस्थकर्तासँगको व्यावसायिक कारोबार गर्दा उच्चस्तरको नैतिक व्यवहार कायम राख्ने,

(ज) कानुन पालना अधिकारीलाई प्रभावकारी काम गराउनका निम्ति पर्याप्त अधिकार र स्वतन्त्रता दिने,

(झ) केन्द्रीय निक्षेप कम्पनीले तोकेबमोजिमको अवधिमा हितग्राहीलाई विद्युतीय खाताको विवरण उपलब्ध गराउने,

(ञ) बोर्ड तथा केन्द्रीय निक्षेप कम्पनीले दिएका निर्देशन, सुझाव पालना गर्ने ।

१३. **<u>निक्षेप सदस्यले गर्न नहुने कार्य:</u>** निक्षेप सदस्यले देहाय बमोजिमका कार्य गर्न गराउन हुँदैन:-

(क) हितग्राही वा ग्राहकलाई आफू कुनै खास सेवा प्रदान गर्न योग्य वा क्षमतावान रहेको भन्नेबारेमा अनुचित व्यहोरा प्रस्तुत गर्ने,

(ख) बोर्ड वा केन्द्रीय निक्षेप कम्पनीमा पेश गर्नु पर्ने कुनै कागजात, प्रतिबेदन वा सूचना लुकाउने वा गलत कागजात, प्रतिबेदन वा सूचना पेश गर्ने,

(ग) केन्द्रीय निक्षेप कम्पनीको पूर्व स्वीकृति नभई आफ्नो कामकारवाही अन्य कसैलाई तोक्न वा प्रत्यायोजित गर्ने,

(घ) हितग्राही वा अरू निक्षेप सदस्यहरूको अहित हुने गरी कुनै अस्वस्थ प्रतिस्पर्धामा संलग्न हुने,

(ङ) कानुनले तोकिदिएको अवस्थामा बाहेक निक्षेप सदस्यको बही खातासम्बन्धी विवरणको गोप्यता भङ्ग गर्ने,

(च) आफ्ना ग्राहकलाई कुनै धितोपत्रमा लगानी गर्ने सल्लाह दिने ।

## परिच्छेद ४

## पूँजी, स्वामित्व तथा योग्यतासम्बन्धी व्यवस्था

**१४. केन्द्रीय निक्षेप कम्पनीको स्वामित्वः** (१) मान्यताप्राप्त धितोपत्र बजार, नागरिक लगानी कोष, बैंक, बिदेशी संस्थागत लगानीकर्ता, गैरबैकिङ्ग वित्तीय संस्था, निक्षेप सदस्यहरू तथा बोर्डले तोकेको अन्य संस्थाले केन्द्रीय निक्षेप कम्पनीको शेयर ग्रहण गर्न सक्नेछ ।
तर बोर्डलेप्राकृतिक व्यक्ति, प्राइभेट कम्पनी वा सहकारी संस्थालाई केन्द्रीय निक्षेप कम्पनीको शेयर ग्रहण गर्न पाउने गरी तोक्न सक्नेछैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय निक्षेप कम्पनीको स्वामित्व ग्रहण गर्ने संस्थाले देहाय बमोजिम योग्यता पूरा गरेको हुनुपर्ने छः-

(क) स्थापना भएको कम्तीमा पाँच बर्ष पूरा भएको,
(ख) चुक्ता पूँजीभन्दा नेटवर्थ कम नभएको,
(ग) विगत तीन वर्षदेखि नाफामा संचालन भएको ।

**१५. स्वामित्व ग्रहण गर्न नसक्ने अवस्थाः** (१) देहायको अवस्था भएको कम्पनी वा संगठित संस्था केन्द्रीय निक्षेप कम्पनीको शेयर स्वामित्व ग्रहण गर्न योग्य हुनेछैनः-

(क) साहुको ऋण तिर्न नसकी दामासाहीको कारवाहीमा परेको,
(ख) प्रचलित कानुनबमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगरेको,
(ग) वित्तीय विवरण सार्वजनिक गर्नु पर्ने कम्पनी वा संगठित संस्थाको हकमा लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको वित्तीय विवरण सार्वजनिक नगरेको,
(घ) सम्बन्धित ऐनबमोजिम कारवाही भई अनुमतिपत्र खारेज भएको,
(ङ) कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको ।

**१६. स्वामित्व हस्तान्तरणसम्बन्धी व्यवस्थाः** (१) केन्द्रीय निक्षेप कम्पनीको संस्थापक शेयरधनीले आफूले ग्रहण गरेको शेयर अनुमतिपत्र प्राप्त भएको मितिले पाँच वर्ष पूरा नभएसम्म बिक्री गर्न पाउने छैन ।

(२) उपनियम (१) बमोजिमको समय समाप्त भई केन्द्रीय निक्षेप कम्पनीको कुनै शेयर बिक्री भएकोमा त्यस्तो शेयर खरिद गरी लिएको मितिले एकवर्ष पूरा नभएसम्म पुनः बिक्री गर्न सकिनेछैन ।

(३) केन्द्रीय निक्षेप कम्पनीको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री गर्न चाहेमा आफूले बिक्री गर्ने शेयरको बिक्री मूल्यको शून्य दशमलब पाँचप्रतिशत दस्तूरसहित सम्बन्धित केन्द्रीय निक्षेप कम्पनीमार्फत स्वीकृतिका लागि बोर्डसमक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको निवेदनमा शेयर खरिद गर्न चाहने कम्पनी वा संगठित संस्थाको अनुसूची-५ बमोजिमको विवरण तथा कागजातसमेत संलग्न गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिमको निवेदन र संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

(६) उपनियम (३) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गरी बोर्डले ऐन तथा यस नियमावलीको अधिनमा रही शेयर बिक्रीको लागि सहमति प्रदान गर्नेछ ।

**१७. <u>शेयर बिक्री गर्नु पर्ने</u>**: (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रीय निक्षेप कम्पनीको शेयर स्वामित्व ग्रहण गर्न अयोग्य भएको सम्बन्धित संगठित संस्थाले आफूले ग्रहण गरेको शेयर स्वामित्व हस्तान्तरण गर्न त्यस्तो अयोग्य भएको मितिले तीन महिनाभित्र यस नियमावलीमा भएको व्यवस्था बमोजिम बोर्डसमक्ष निवेदन दिइसक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम शेयर स्वामित्व हस्तान्तरण गर्न नसकेमा सम्बन्धित संगठित संस्थाले ग्रहण गरेको शेयर केन्द्रीय निक्षेप कम्पनीले लिई तीन महिनाभित्र यस नियमावली बमोजिम योग्यता पूरा भएको निकायलाई बोलकबोल प्रणालीबाट बिक्री गरिदिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम शेयर बिक्री हुन नसकेमा बोर्डलाई जानकारी दिई केन्द्रीय निक्षेप कम्पनीले अन्य वैकल्पिक व्यवस्था अवलम्बन गर्न सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम केन्द्रीय निक्षेप कम्पनीको शेयर बिक्री गर्दा यस नियमावली बमोजिम योग्यता पूरा भएको संस्थालाई मात्र बिक्री गर्नु पर्ने छ र त्यसरी बिक्री गरेको एक महिनाभित्र बिक्री गरिएको रकमको शून्य दशमलव पाँच प्रतिशत दस्तुरसहित शेयर खरिद गर्ने संस्थाको सम्बन्धमा अनुसूची-५ बमोजिमको विवरण र कागजात तथा बोलकबोल प्रणालीबाट शेयर बिक्री गरिएको भए सो सम्बन्धी सम्पूर्ण विवरणसहित केन्द्रीय निक्षेप कम्पनीले बोर्डलाई जानकारी दिनु पर्नेछ ।

**१८. <u>संचालक तथा कार्यकारी प्रमुखको योग्यता</u>:** केन्द्रीय निक्षेप व्यवसायीको संचालक तथा कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) केन्द्रीय निक्षेप व्यवसायीको कार्यकारी प्रमुख तथा संचालकको लागि अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानुन बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा उद्योग वा वाणिज्य वा वित्त वा लेखा वा कानुन वा व्यवस्थापन क्षेत्रहरूमध्ये कुनै एक वा एकभन्दा बढी क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभव हासिल गरेको,

(ख) नेपाल सरकारले स्वीकृति दिएकोमा बाहेक नेपाली नागरिक भएको ।

**१९. <u>संचालक तथा कार्यकारी प्रमुखको अयोग्यता</u>:** (१) देहायको अयोग्यता भएको व्यक्ति केन्द्रीय निक्षेप व्यवसायीको संचालक वा कार्यकारी प्रमुख हुनसक्ने छैन :-

(क) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरिएको भए सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(ग) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(घ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्थाले साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(ङ) प्रचलित कानुनबमोजिम कर दाखिला नगरेको वा कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने कम्पनी वा संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(च) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको,

(छ) लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको वित्तीय विवरण सार्वजनिक नगर्ने सार्वजनिक निष्काशन गरेका संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(ज) ऐनबमोजिम सजाय भई संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुखको रूपमा कार्य गर्न नपाउने गरी बोर्डले सूचिकृत गरेको ।

(२) कुनै कम्पनी वा संगठित संस्थामा कार्यकारी प्रमुखका रूपमा कार्यरत रहेको व्यक्तिले केन्द्रीय निक्षेप व्यवसायीको कार्यकारी प्रमुखको कार्य गर्न पाउने छैन ।

## परिच्छेद - ५
## निक्षेप सदस्यसम्बन्धी व्यवस्था

२०. **निक्षेप सदस्यको योग्यताः** (१) निक्षेप सदस्य हुनको लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) बैंक वा वित्तीय संस्था, धितोपत्र दलाल, रजिष्ट्रार वा हस्तान्तरण प्रतिनिधि, कस्टोडियन वा अन्य यस्तै बोर्डबाट समय समयमा तोकिएका निकाय रहेको,

(ख) नेटवर्थ कम्तीमा पचास लाख[1] रुपैयाँ रहेको,

(ग) कर्जा सूचना केन्द्रको कालो सूचिमा नरहेको ।

[2](२) निक्षेप सदस्यले उपनियम(१) को खण्ड (ख) मा उल्लेखित नेट वर्थ २०७३ साल आषाढ मसान्तसम्ममा कम्तीमा एक करोड रुपैयाँ पुऱ्याउनुपर्नेछ ।

[3](३) उपनियम(२) बमोजिमको नेट वर्थ सो भन्दा बढी हुने गरी संचालक बोर्डले समय समयमा तोके बमोजिम हुनेछ ।

---

१ धितोपत्रको केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन)नियमावली, २०७१ द्वारा संशोधित

२ धितोपत्रको केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन)नियमावली, २०७१ द्वारा थप गरिएको

३ धितोपत्रको केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन)नियमावली, २०७१ द्वारा थप गरिएको

**२१. बोर्डमा दर्ता हुनुपर्नेः** (१) यस नियमबमोजिम केन्द्रीय निक्षेप कम्पनीको सदस्यता प्राप्त गरी सेवा प्रदान गर्न चाहने योग्यता पूरा गरेका निकायले त्यसरी सदस्यता प्राप्त गर्नुअघि बोर्डबाट दर्ता प्रमाणपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दर्ता प्रमाणपत्र प्राप्त गर्नका लागि अनुसूची-९ बमोजिमको ढाँचामा अनुसूची-१२ बमोजिमको निवेदन दस्तुर तथा देहायका विवरण तथा कागजात संलग्न गरी बोर्डसमक्ष निवेदन दिनु पर्नेछ,

(क) संस्थाको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) कम्पनी दर्ता प्रमाणपत्र,

(ग) प्रचलित कानुनबमोजिम तोकिएको ढाँचा र लेखामानअनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि संस्थापना भई आर्थिक वर्ष पूरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ ।

(घ) निक्षेप सदस्यको रूपमा कार्य गर्न तयार गरिने पूर्वाधार व्यवस्था,

(ङ) निक्षेप सदस्यको रूपमा काम गर्न व्यवस्था गरिने जनशक्ति,

(३) बोर्डले उपनियम (२) को खण्ड (क) देखि (ङ) सम्मको व्यवस्थामध्ये कुनैमा छुट दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम पेश भएको निवेदनको जाँचबुझ गर्दा बोर्ड सन्तुष्ट भएमा निवेदकलाई निक्षेप सदस्यको रूपमा दर्ता गरी अनुसूची-१० बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ ।

(५) उपनियम (४) बमोजिम दर्ता प्रमाणपत्र प्रदान गर्नुअघि बोर्डले निवेदकलाई अनुसूची-१२ बमोजिमको दर्ता प्रमाणपत्र दस्तुर बुझाउन सूचित गर्नेछ ।

[४४](६)यस नियम बमोजिम दर्ता प्रमाणपत्र प्रदान गरिएको तीन महिना भित्र निक्षेप सदस्यको रुपमा कार्य संचालन नगरेमा त्यसरी कार्य संचालन नगर्ने निक्षेप सदस्यको दर्ता प्रमाणपत्र बोर्डले खारेज गर्न सक्नेछ ।

**२२. दर्ता प्रमाणपत्र नवीकरणः** (१) यस नियमबमोजिम प्रदान गरिएको दर्ता प्रमाणपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ र आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गरिसक्नु पर्नेछ ।

(२) निक्षेप सदस्यले तोकिएको समयभित्र दर्ता प्रमाणपत्र नवीकरणको लागि निवेदन दिन असफल भएमा, त्यस्तो निक्षेप सदस्यलाई दर्ता प्रमाणपत्र नवीकरण नगराएको अवधिसम्म नयाँ लगानीकर्ता खाता खोल्न रोक लगाइने छ ।

(३) निक्षेप सदस्यले दर्ता प्रमाणपत्र नविकरण गर्नको लागि अनुसूचि-११ बमोजिमको निवेदन र अनुसूची-१२ बमोजिमको दस्तुरसहित बोर्डसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।

---

४ धितोपत्रको केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन)नियमावली, २०७१ द्वारा थप गरिएको

(४) निक्षेप सदस्यको दर्ता प्रमाणपत्र नवीकरण गर्नको लागि दिएको निवेदनमा उक्त प्रमाणपत्रको म्यादभित्र प्रमाणपत्र नवीकरण हुन नसकेमा बोर्डबाट अन्यथा सूचना नआएसम्म आफ्नो काम गर्न बाधा पर्ने छैन ।

२३. **नगद धरौटी राख्नुपर्नेः** (१) निक्षेप सदस्यले आफनो कारोबार शुरु गर्नुअगाडि केन्द्रीय निक्षेप कम्पनीमा ब्याज नपाउने गरी नगद धरौटी राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निक्षेप सदस्यले केन्द्रीय निक्षेप कम्पनीलाई बुझाउनुपर्ने नगद धरौटी रकम केन्द्रीय निक्षेप कम्पनीको विनियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## धितोपत्रको निक्षेपसम्बन्धी व्यवस्था

२४. **केन्द्रीय निक्षेपमा धितोपत्रको समावेश गराउनुपर्नेः** (१) केन्द्रीय निक्षेप कम्पनीको विनियमावलीमा तोकिएको योग्यता पूरा गरेका तथा धितोपत्र बजारमा सूचिकृत भएका वा नभएका धितोपत्र जारी गर्ने जुनसुकै संगठित संस्था वा निकायले केन्द्रीय निक्षेप कम्पनीमा धितोपत्र वा अन्य उपकरण समावेश गर्न चाहेमा केन्द्रीय निक्षेप कम्पनीले निर्धारण गरेको शुल्क तिरी केन्द्रीय निक्षेप कम्पनीले तोके बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रीय निक्षेपमा सरकारी धितोपत्र, कमर्सियल पेपर, स्टक प्रमाणपत्र तथा वस्तु बजारका भर्पाइ वा प्रमाणपत्रसमेतको निक्षेप राख्न सकिनेछ ।

(३) निष्काशनकर्ता संगठित संस्था वा अन्य निकायले केन्द्रीय निक्षेप प्रणालीमा धितोपत्र निक्षेप गराउनका लागि केन्द्रीय निक्षेप कम्पनीको कार्य संचालन निर्देशिकामा तोकिए बमोजिमको कागजात, शुल्क तथा विवरणसहित केन्द्रीय निक्षेप कम्पनीमा निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रीय निक्षेप कम्पनीले नेपाल सरकारले जारी गरेको धितोपत्र र बोर्डले तोके बमोजिमका अन्य धितोपत्रको निक्षेप गर्न बाधा पर्ने छैन ।

(५) केन्द्रीय निक्षेप कम्पनीले आफूले निक्षेपमा लिएको सम्पूर्ण धितोपत्र भौतिक प्रमाणपत्ररहित (डिम्याटेरलाइज) गरी धितोपत्रहरूको विद्युतीय अभिलेख राख्नु पर्नेछ ।

(६) यस नियमावली लागू हुँदा सुचिकृत रहेका संगठित संस्थाहरूले केन्द्रीय निक्षेप कम्पनीले आफ्नो सेवा संचालनमा ल्याएको एक वर्षभित्र केन्द्रीय निक्षेप प्रणालीमा धितोपत्र निक्षेप गराइ सक्नु पर्नेछ ।

(७) केन्द्रीय निक्षेप कम्पनी संचालनमा आएपश्चात् बोर्डमा धितोपत्र दर्ता गराएका सम्पूर्ण सूचिकृत संगठित संस्थाले आफ्ना धितोपत्रहरू भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा मात्र निष्काशन गर्नु पर्नेछ ।

(८) उप-नियम (६) को सीमाभित्र रही सूचिकृत संगठित संस्थाले आफ्ना धितोपत्रहरूलाई निक्षेप गराउनका निम्ति समयतालिका तयार गरी बोर्डले तोक्न सक्नेछ ।

(९) निष्काशनकर्ता वा निष्काशनकर्ताको प्रतिनिधिले विद्युतीय माध्यममा राखिएका धितोपत्रका प्रमाणपत्रहरूको अभिलेख राख्नुपर्ने छ र निष्काशनकर्ताले निष्काशन गरेका विद्युतीय धितोपत्रहरूको अभिलेखसँग सम्पूर्ण धितोपत्र (विद्युतीय रूपमा राखिएका धितोपत्रहरू र भौतिक रूपमा राखिएका धितोपत्रहरू) दैनिक रूपमा मिलान गरी राख्नु पर्नेछ ।

(१०) सूचिकृत कम्पनीको हकमा निष्काशनकर्ताले केन्द्रीय निक्षेप कम्पनीमा विद्युतीय रूपमा परिबर्तन गरी राखेका धितोपत्रहरू धितोपत्र बजारमा सूचिकृत गरिएका धितोपत्रभन्दा बढी नभएको सुनिश्चित गर्नु पर्ने छ र सोको प्रतिवेदन बोर्डले निर्धारण गरेबमोजिमको समयावधिमा धितोपत्र बजारलाई बुझाउनु पर्नेछ ।

(११) निष्काशनकर्ता/रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले हितग्राहीको धितोपत्र विद्युतीय निक्षेपमा राख्न दिएको आदेशसहितको सूचना (Intimation) निक्षेप सदस्यबाट प्राप्त गरेपछि तोकिएको अवधिभित्र साविकको धितोपत्रको प्रमाणपत्र रद्द गरी धितोपत्रधनीको सट्टा केन्द्रीय निक्षेप कम्पनीको नाम दर्ता भएको धनीको रूपमा कायम गरी सोको जानकारी केन्द्रीय निक्षेप कम्पनीलाई दिनु पर्नेछ ।

(१२) निष्काशनकर्ता/रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले हितग्राहीको विद्युतीय निक्षेपमा राखिएको धितोपत्रलाई पुनः भौतिक प्रमाणपत्रको रूपमा परिवर्तन गर्न दिएको आदेशसहितको सूचना (Intimation) निक्षेप सदस्यमार्फत प्राप्त भएपछि तोकिएको अवधिभित्र निक्षेप अभिलेखमा केन्द्रीय निक्षेप कम्पनीको सट्टा हितग्राहीको नाम राखी प्रमाणपत्र अर्थात् धितोपत्रको विवरण बनाई सोको जानकारी केन्द्रीय निक्षेप कम्पनीलाई दिनु पर्नेछ ।

२५. **स्वामित्व हस्तान्तरणसम्बन्धी व्यवस्थाः** (१) हितग्राहीको रितपूर्वकको अनुरोध प्राप्त भएपछि निक्षेप सदस्यले तोकिएबमोजिमको प्रणालीमा स्वमित्व हस्तान्तरणको प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(२) हितग्राहीको मृत्यु भएमा वा अन्य कुनै अवस्था परेर लगानीकर्ताले खोलेका खातामा रहेको धितोपत्रहरूको स्वामित्व हस्तान्तरण गर्नुपरेमा त्यस्ता धितोपत्रहरूको स्वामित्व हस्तान्तरणसम्बन्धी प्रकृया प्रचलित कानुनबमोजिम हुनेछ ।

## परिच्छेद - ७

## वित्तीय विवरण, लेखापरीक्षण तथा विवरण प्रवाहसम्बन्धी व्यवस्था

२६. **केन्द्रीय निक्षेप कम्पनीको वित्तीय विवरण तथा अभिलेख सम्बन्धी व्यवस्थाः** (१) केन्द्रीय निक्षेप कम्पनीले प्रचलित कानुन बमोजिम राख्नुपर्ने अभिलेख तथा विवरणका अतिरिक्त देहाय बमोजिमको अभिलेखसमेत यथार्थ र दुरुस्त रूपमा राख्नु पर्नेछः-

(क) केन्द्रीय निक्षेप कम्पनीको निक्षेप सदस्य सम्बन्धी विवरण,

(ख) निक्षेप गरिएका धितोपत्र तथा निष्काशनकर्ता सम्बन्धी विवरण,

(ग) बोर्डले समय समयमा तोकिदिएको अन्य विवरण ।

(२) उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेखको ढाँचा बोर्डले तोकिदिन सक्नेछ ।

(३) केन्द्रीय निक्षेप कम्पनीले आफ्नो संचालनको आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने छ र सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(४) केन्द्रीय निक्षेप कम्पनीले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखा परीक्षण गराउनु पर्नेछ र लेखा परीक्षण सम्पन्न भएको तीन महिना भित्र वित्तीय विवरण बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(५) केन्द्रीय निक्षेप कम्पनीले आफ्नो वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको छ महिनाभित्र बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(६) केन्द्रीय निक्षेप कम्पनीले वार्षिक साधारण सभा सकिएको तीस दिनभित्र उक्त साधारण सभामा प्रस्तुत बिषय तथा भएका निर्णयसहितको विवरण बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

२७. **विवरण तथा प्रतिवेदन पेश गर्नुपर्ने:** (१) केन्द्रीय निक्षेप कम्पनीले देहाय बमोजिमको जानकारी, विवरण तथा प्रतिवेदन देहाय बमोजिमको अवधिभित्र बोर्डसमक्ष पेश गर्नु पर्नेछ :-

(क) त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र,

(ख) केन्द्रीय निक्षेप कम्पनीले निक्षेप सदस्यलाई कुनै कारवाही गरेमा त्यस्तो कारवाही गरेको सात दिनभित्र सम्बन्धित निक्षेप सदस्यको नाम, कारवाहीको विवरण तथा कारवाही गर्नुपरेको कारणसहितको विवरण,

(ग) केन्द्रीय निक्षेप कम्पनीले निक्षेप सदस्यको निरीक्षण गरेको अवस्थामा निरीक्षण समाप्त भएको तीस दिनभित्र तत्सम्बन्धी प्रतिवेदन,

(घ) बोर्डले मागेका सूचना, कागजात तथा अन्य विवरण,

(ङ) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना तथा विवरण ।

(२) केन्द्रीय निक्षेप कम्पनीले बोर्डसमक्ष पेश गर्नु पर्ने प्रतिवेदनको ढाँचा बोर्डले तोकिदिन सक्नेछ ।

(३) ऐनको दफा ४६ मा तोकिएको जानकारीका अतिरिक्त केन्द्रीय निक्षेप कम्पनीले देहायका कुराको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछः-

(क) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख प्रचलित कानुनबमोजिम कुनै कारवाहीमा परेमा,

(ख) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा,

(ग) केन्द्रीय निक्षेप कम्पनीले धितोपत्र निक्षेप, केन्द्रीय निक्षेप कम्पनीको सदस्यता, धितोपत्र हस्तान्तरण सम्बन्धमा कुनै समिति गठन गरेमा उक्त समितिको संरचना, काम कर्तव्य तथा अधिकार सम्बन्धी जानकारी,

(घ) खण्ड (ग) बमोजिम गठन गरिएको समितिको संरचना, काम, कर्तव्य तथा अधिकार परिवर्तन गरेमा वा विघटन गरेमा,

(ङ) केन्द्रीय निक्षेप कम्पनीको व्यवस्थापन वा संगठन ढाँचामा कुनै परिवर्तन भएमा,

(च) केन्द्रीय निक्षेप कम्पनीको नियम पालना अधिकृतको नियुक्ति वा परिवर्तन भएमा ।

२८. **निक्षेप सदस्यको वित्तीय विवरण तथा अभिलेख सम्बन्धी व्यवस्था:** (१) निक्षेप सदस्यले प्रचलित कानुन बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार लेखा राखी नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरणलगायतका वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

(२) निक्षेप सदस्यले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखा परीक्षण भएको वित्तीय विवरण सहितको बार्षिक प्रतिवेदन बोर्ड तथा केन्द्रीय निक्षेप कम्पनी समक्ष पेश गर्नु पर्नेछ ।

२९. **लेखापरीक्षक तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था:** (१)चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लेखा परीक्षकको प्रमाणपत्र प्राप्त गरेको लेखापरीक्षक मात्र केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्यको लेखापरीक्षकको रूपमा नियुक्त हुन योग्य हुनेछ ।

(२) केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्यले लेखा परीक्षकको नियुक्ति गरेको पन्ध्र दिनभित्र बोर्डलाई सो सम्बन्धी जानकारी पठाइसक्नु पर्नेछ ।

(३) लेखा परीक्षकले केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्यको लेखापरीक्षण गर्दा लेखा परीक्षण सम्बन्धी प्रचलित मूल्य मान्यता र मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(४) लेखापरीक्षकले लेखापरीक्षण गरिसकेपछि केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्यको कामकारबाही, आर्थिक विवरण तथा अवस्था प्रतिबिम्बित हुने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(५) बोर्डले केन्द्रीय निक्षेप कम्पनी वा निक्षेप सदस्यको लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनमा थप विवरणहरू खुलाउनुपर्ने गरी तोकिदिन सक्नेछ ।

## परिच्छेद - ८
## विविध

३०. **विनियमावली तथा कार्य संचालन निर्देशिका बनाउन सक्ने:** (१) केन्द्रीय निक्षेप कम्पनीले केन्द्रीय निक्षेप सेवा सञ्चालनका लागि आवश्यक विनियमावली तथा कार्य सञ्चालन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाइएको विनियमावली तथा कार्य सञ्चालन निर्देशिका बोर्डबाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ ।

(३) विनियमावली तथा निर्देशिका स्वीकृतिको लागी बोर्डमा पेश गर्नुभन्दा अगाडि संचालक समितिबाट स्वीकृति गराएको हुनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम लागू गरेको विनियमावली तथा निर्देशिकामा आवश्यकता अनुसार संशोधन वा सुधार गर्न वा सो खारेज गरी नयाँ व्यवस्था बनाई लागू गर्न बोर्डले निर्देशन दिन सक्नेछ ।

३१. **गुनासो समाधानको व्यवस्था गर्नु पर्ने:** (१) केन्द्रीय निक्षेप कम्पनीले केन्द्रीय निक्षेप सेवा संचालनमा उत्पन्न हुने सक्ने विवादको समाधानको लागि उपयुक्त र प्रभावकारी व्यवस्था गर्नुपर्नेछ ।

(२) हितग्राहीबाट केन्द्रीय निक्षेप सेवासंग सम्बन्धित कुनै प्रकारको गुनासो प्राप्त भएमा वा कुनै प्रकारको विवाद उत्पन्न भएमा त्यस्तो गुनासो वा विवाद सम्बन्धित पक्ष वा केन्द्रीय निक्षेप कम्पनी आफैले साठी दिनभित्र समाधान गरी सक्नुपर्नेछ ।

(३) केन्द्रीय निक्षेप कम्पनीमा प्राप्त भएका गुनासा सम्बन्धी जानकारी प्रत्येक महिना बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

३२. **हितग्राही संरक्षण कोषसम्बन्धी व्यवस्था:** बोर्डले देहाय बमोजिमको उद्देश्य रहेको हितग्राही संरक्षण कोष खडा गर्न केन्द्रीय निक्षेप कम्पनीलाई निर्देशन दिन सक्नेछः-

(क) केन्द्रीय निक्षेप कम्पनी मार्फत विद्युतीय निक्षेप गरिएका धितोपत्रमा लगानी गर्ने, स्वामित्व ग्रहण गर्ने वा कारोवार गर्ने व्यक्तिका लागि सदैव उपलब्ध हुने गरी सदस्यहरूको हित तथा संरक्षणका लागि कोष खडा गर्ने तथा व्यवस्थापन गर्ने,

(ख) केन्द्रीय निक्षेप कम्पनी वा निक्षेप सदस्य वा तीनका कर्मचारीहरूको तर्फबाट भएको गलत कार्य, लापरवाही, गल्ती वा जालसाजीले हितग्राहीहरूले व्यहोर्नुपरेको हानी नोक्सानीको नगद राहत वा क्षतिपूर्ति प्रदान गर्ने,

(ग) सर्वसाधारण लगानीकर्तालाई विद्युतीय निक्षेप गरिएको धितोपत्रहरू ग्रहण र कारोबार गर्दा हुने फाइदाहरू र विद्युतीय माध्यममा धितोपत्र ग्रहण गर्ने लगानीकर्ताको लागि उपलब्ध सुरक्षण सम्बन्धमा जानकारी तथा शिक्षा प्रदान गर्ने,

(घ) लगानीकर्ता सचेतक कार्यक्रम, अध्यापन, गोष्ठि तथा कार्यशाला र यस्तै अरू निक्षेप प्रणालीमा सर्वसाधारण लगानीकर्ताहरूको विश्वास जगाउने कार्यक्रमहरूको विस्तार तथा प्रवर्द्धन गर्ने,

३३. **शुल्क सम्बन्धी व्यवस्था:** (१) केन्द्रीय निक्षेपले निक्षेप सदस्य वा ग्राहकसंग तथा निक्षेप सदस्यले ग्राहकसंग लिन पाउने शुल्क केन्द्रीय निक्षेप कम्पनीको विनियमावलीमा तोकिएबमोजिम हुनेछ ।

(२) केन्द्रीय निक्षेप र निक्षेप सदस्यले उपनियम (१) बमोजिम प्राप्त गरेको शुल्कको पाँच प्रतिशत बराबरको रकम प्रत्येक महिना समाप्त भएको एक महिनाभित्र बोर्डमा बुझाउनु पर्नेछ ।

३४. **केन्द्रीय निक्षेप कम्पनीको प्रारम्भ पछिको धितोपत्र कारोवार:** केन्द्रीय निक्षेप कम्पनीको प्रारम्भ भएको छ महिनापश्चात् विद्युतीय खाता (डिम्याट एकाउन्ट)मा निक्षेप भएका धितोपत्रमात्र कारोबार हुनेछ । तर बोर्डले आवश्यकता अनुसार यस सम्बन्धमा समय समयमा हेरफेर गरी अन्य समय पनि निर्धारण गर्न सक्नेछ ।

३५. **बोर्डको अधिकार रहने:** यस नियमावलीमा रहेका व्यवस्थाहरू बारे कुनै अस्पष्टता भएमा बोर्डले  ब्याख्या गर्न सक्नेछ ।

३६. **शाखा कार्यालय खोल्न सक्ने:** केन्द्रीय निक्षेप कम्पनीले बोर्डलाई जानकारी गराई आवश्यकता अनुसार नेपालभित्र शाखा कार्यालय खोल्न सक्नेछ ।

३७. **प्रबन्धपत्र नियमावलीमा संशोधन:** केन्द्रीय निक्षेप कम्पनीले बोर्डको पूर्व स्वीकृति लिई आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा रहेका व्यवस्थाहरू संशोधन गर्न सक्नेछ र त्यसरी संशोधन गरेको  जानकारी संशोधन गरिएको तीस दिनभित्र बोर्डमा पेश गर्नु पर्नेछ ।

३८. **लेखापरीक्षकलाई कारबाही गर्न सक्ने:** कुनै लेखापरीक्षकले लेखापरीक्षण गर्दा यस नियमावली बमोजिम लेखापरीक्षण नगरेमा त्यस्तो लेखापरीक्षकको सम्बन्धमा आवश्यक कारबाही गर्नको लागि बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थासमक्ष लेखिपठाउन सक्नेछ ।

३९. **बोर्डलाई जानकारी गराउनु पर्ने:** कुनै निक्षेप सदस्यले ऐन तथा सो अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा केन्द्रीय निक्षेप कम्पनीले जारी गरेका कार्य संचालन निर्देशिकाको उल्लघंन गरेको देखिएमा केन्द्रीय निक्षेप कम्पनीले आवश्यक कारवाही शुरु गरी सो को जानकारी बोर्डमा पठाउनु पर्नेछ ।

४०. **अनुसूचीमा हेरफेर:** यस नियमावलीको अनुसूचीमा बोर्डले आवश्यकताअनुसार हेरफेर गर्न सक्नेछ ।

४१. **प्रमाणस्वरुप रहने:** केन्द्रीय निक्षेप कम्पनीमा विद्युतीय माध्यममा राखिएको धितोपत्र सम्बन्धी विवरण तथा हितग्राही खाताबाट गरेका कारोबारको अभिलेख आधिकारिक प्रमाणको रूपमा प्रयोग गर्न सकिनेछ ।

४२. **यसै नियमावली बमोजिम हुने:** यस नियमावलीमा लेखिएका कुराहरूका हकमा यसै नियमावली बमोजिम हुनेछ ।

४३. **बाधा अडकाउ फुकाउने** : यस नियमावलीमा लेखिएका कुराहरू कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा वा कुनै द्विविधा उत्पन्न भएमा बोर्डले सो सम्बन्धमा बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची–१

(नियम ३ को उपनियम (१) संग सम्बन्धित)

**<u>अनुमतिपत्रका लागि दिने निवेदनको ढाँचा</u>**

मितिः................

श्री नेपाल धितोपत्र बोर्ड

................................।

**विषयः <u>अनुमतिपत्र पाउँ</u> ।**

धितोपत्रसम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेको नियम, विनियम तथा अन्य प्रचलित कानुनको अधीनमा रही धितोपत्रको केन्द्रीय निक्षेप सेवा संचालन गर्ने इच्छा भएकोले देहायको विवरण तथा कागजात संलग्न गरी केन्द्रीय निक्षेप सेवा संचालनको अनुमतिपत्र प्राप्त गर्न यो निवेदन पेश गरेका छौ ।

यस निवेदनसाथ संलग्न विवरण तथा कागजात सत्य तथ्य छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानुनबमोजिम सहुँला बुझाउँला ।

संचालकहरूः

नाम दस्तखतः

१.

२.

३.

४.

निवेदक संगठित संस्थाः

नाम : ..........................

ठेगानाः ....................अंचल................जिल्ला .................... गा. वि.स. / न.पा. / म. न. पा. टोल................वडा नं.........ब्लक नं......... फोन नंः............... फ्याक्सः............

इमेल ................

संलग्न कागजात तथा विवरणः संगठित संस्थाको छापः

## अनुसूची– २

(नियम ३ को उपनियम (१), नियम ७ को उपनियम (१) र नियम ८ संग सम्बन्धित)

**निवेदन दस्तुर, अनुमतिपत्र दस्तुर तथा बार्षिक शुल्क**

| | |
|---|---|
| १. निवेदन दस्तुर | रु.२५,०००।– |
| २. अनुमतिपत्र दस्तुर | रु.५,००,०००।– |
| ३. बार्षिक शुल्क | रु.३,००,०००।– |

## अनुसूची–३

(नियम ३ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**संचालक/कार्यकारी प्रमुखसम्बन्धी विवरण**

हालसालै खिचिएको फोटो

१. नामः

२. स्थायी ठेगानाः ...............अंचल................जिल्ला .................... गा. वि.स./न.पा./म. न. पा.
टोल................वडा नं.........ब्लक नं......... फोन नंः........... फ्याक्सः............
इमेल .............

३. हालको ठेगानाः ..................अंचल..............जिल्ला ..................... गा. वि.स./न.पा./म.पा.
टोल................वडा नं.........ब्लक नं......... फोन नंः.......... फ्याक्सः............
इमेल ..............

४. बाबुको नामः

५. बाजेको नामः

६. पति वा पत्निको नामः

७. शैक्षिक योग्यताः

८. व्यवसायिक अनुभवः

९. स्थायी लेखा नम्बर (PAN):

१०. तालिमः

११. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको भए तत्सम्बन्धी विवरणः

१२. आफूउपर वा आफूसम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धि कानुन तथा अन्य प्रचलित कानुनबमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः

१३. केन्द्रीय निक्षेप कम्पनीको संचालक/कार्यकारी प्रमुख हुन योग्यता पूरा भएको तथा अयोग्यता नरहेको उद्घोषण:

..............................

दस्तखत

**<u>संलग्न गर्नु पर्ने कागजात:</u>**

१. अघिल्लो आर्थिक वर्षसम्मको कर दाखिला गरेको प्रमाण ।

२. कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए त्यस्तो सूचीबाट हटेको प्रमाणित गर्ने कागजात ।

३. योग्यता, अनुभव र अन्य संस्थामा संलग्नता प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

५. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

[५]नोट: नेपाल सरकार वा नेपाल सरकारको अधिकांश स्वमित्व रहेको कम्पनीद्वारा स्थापित कम्पनीको कार्यकारी प्रमुख बाहेक संचालकहरुको हकमा उपरोक्त कागजातहरु संलग्न गर्न अनिवार्य हुने छैन ।

## अनुसूची– ४

(नियम ३ को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धित)

**<u>केन्द्रीय निक्षेप कम्पनीको अनुमति लिन चाहने संगठित संस्था सम्बन्धी विवरण</u>**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र र नियमावली,

(ग) संस्थापकहरूवीच केन्द्रीय निक्षेप कम्पनी संस्थापन गर्ने सम्बन्धमा कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

(घ) केन्द्रीय निक्षेप कम्पनी संचालनका लागि तयार गरिने पूर्वाधार सम्बन्धी देहायको विवरण:-

१. कार्यालय रहने स्थान तथा कार्यालयले ओगटने क्षेत्रफल सम्बन्धी विवरण,

२. संगठन संरचना तथा कार्य बिभाजन सम्बन्धमा गरिने व्यवस्था,

३. केन्द्रीय निक्षेप सेवा संचालनका लागि तयार गरिने निक्षेप प्रणाली, कार्यालय उपकरण तथा प्रविधि सम्बन्धी विवरण,

४. केन्द्रीय निक्षेप प्रणालीको सुरक्षाका लागि गरिने व्यवस्था सम्बन्धी विवरण,

५. निक्षेपमा रहेका धितोपत्रको अभिलेख राख्ने तथा अभिलेखको सुरक्षाका लागि गरिने व्यवस्था,

६. केन्द्रीय निक्षेप सेवा सञ्चालनका लागि व्यवस्था गरिने जनशक्तिसम्बन्धी विवरण ।

---

५ बोर्डको मिति २०६८।४।३२ को वैठक निर्णयानुसार थप गरिएको

## अनुसूची– ५

(नियम ३ को उपनियम (२) को खण्ड (ग), नियम १८ को उपनियम (४) र नियम १९ को उपनियम (४) संग सम्बन्धित)

**केन्द्रीय निक्षेप कम्पनीको शेयर स्वामित्व लिने संस्था सम्बन्धी विवरण**

क. दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख. प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि,

ग. कुनै विशेष ऐनद्वारा संस्था संस्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

घ. केन्द्रीय निक्षेपको शेयर ग्रहण गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

ङ. प्रचलित कानुनबमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको विगत तीन आर्थिक वर्षको वित्तीय विवरण तथा प्रत्येक वर्षमा गरेको काम कारवाही समेत समावेश गरिएको बार्षिक प्रतिवेदन,

(संस्थापना भएको तीन वर्ष पूरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा उपलब्ध बर्षको वित्तीय विवरण तथा प्रतिवेदन पेश गर्न सकिनेछ ।)

च. कम्पनी कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको उद्घोषण,

छ. कम्पनी वा संगठित संस्था वा संस्थाको संचालक उपर धितोपत्र सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुन बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

ज. कर दर्ता प्रमाण,

झ. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

ञ. धितोपत्रको केन्द्रीय निक्षेप सेवासम्बन्धी नियमावली बमोजिम केन्द्रीय निक्षेप कम्पनीको स्वामित्व ग्रहण गर्न अयोग्यता नरहेको उद्घोषण,

ट. संचालकसम्बन्धी देहायका विवरण तथा कागजात,

(अ) तीन पुस्तेसहित पूरा नाम र ठेगाना,

(आ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै संलग्नता रहेको भए तत् सम्बन्धी विवरण ।

## अनुसूची–६

(नियम ३ को उपनियम (२) को खण्ड (ङ) संग सम्बन्धित)

**केन्द्रीय निक्षेप कम्पनीको विनियमावलीमा समावेश हुनुपर्ने न्यूनतम कुराहरू**

(क) केन्द्रीय निक्षेप कम्पनीमा धितोपत्र निक्षेप गर्ने सम्बन्धमा,-

१. केन्द्रीय निक्षेपमा धितोपत्र निक्षेप गर्न चाहने संगठित संस्थाले दिनु पर्ने निवेदन तथा पेश गर्नु पर्ने विवरण तथा कागजात सम्बन्धी,

२. केन्द्रीय निक्षेप कम्पनीको सेवा लिन चाहनेले पालना गर्नु पर्ने शर्त सम्बन्धी,

३. धितोपत्रको प्रमाणपत्र विहिन गर्ने (dematerialize) तथा प्रमाणपत्र विहिन अवस्थाबाट परिवर्तन गरी प्रमाणपत्र प्रदान गर्ने (rematerialize) र विद्युतीय अभिलेख राखी खाता (demat account) सञ्चालन गर्ने सम्बन्धी,

४. केन्द्रीय निक्षेपमा दर्ता भएका धितोपत्र अभिलेख राख्ने व्यवस्था सम्बन्धी,

५. विद्युतीय खातामा रहेको धितोपत्रहरू धितो राख्ने वा फुकुवा गर्ने प्रकृया सम्बन्धी ।

(ख) केन्द्रीय निक्षेप कम्पनीको सदस्यता सम्बन्धमा,-

१. सदस्यता प्रदान तथा नवीकरण सम्बन्धी व्यवस्था,

२. निक्षेप सदस्यले तयार गर्नु पर्ने पूर्वाधार व्यवस्था,

३. निक्षेप सदस्यको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था,

४. निक्षेप सदस्यको प्राविधिक तथा कार्य दक्षता परिक्षण सम्बन्धी व्यवस्था,

५. कुनै अनियमित कार्य गरेमा वा ऐन र सो अन्तर्गतको नियम तथा विनियमले गरेको व्यवस्थाको पालना नगरेमा निक्षेप सदस्यको निलम्बन वा खारेजी वा अन्य कारवाही सम्बन्धी प्रकृया र व्यवस्था,

६. निक्षेप सदस्यको योग्यता तथा अयोग्यता सम्बन्धी व्यवस्था ।

(ग) हितग्राही खाताको सम्बन्धमा,-

१. हितग्राहीले विद्युतीय खाता खोल्न निक्षेप सदस्य समक्ष दिनु पर्ने निवेदन, विवरण तथा कागजात सम्बन्धी व्यवस्था,

२. हितग्राहीको सम्बन्धमा निक्षेप सदस्यले ग्राहकको सम्बन्धमा राख्नुपर्ने विवरण सम्बन्धी व्यवस्था,

३. निक्षेप सदस्यले हितग्राही खाता खोल्ने, रोक्का राख्ने तथा बन्द गर्ने प्रकृया सम्बन्धी व्यवस्था,

४. निक्षेप सदस्यले हितग्राहीसँग खाता खोलिदिनु अघि गर्ने सम्झौतामा खुलाउनुपर्ने विवरणहरू सम्बन्धी व्यवस्था,

५. विद्युतीय रूपमा राखिएका धितोपत्रहरूको कारोवार संचालन सम्बन्धी व्यवस्था,

६. धितोपत्रहरूको धितोवन्धक राख्नेसम्बन्धी व्यवस्था,

७. विद्युतीय रूपमा राखिएका धितोपत्रहरूको स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था,

८. धितोपत्र सूचनामा विद्युतीय पहुच राख्ने सम्बन्धी व्यवस्था,

९. हितग्राहीको खाता सम्बन्धी गुनासा समाधान सम्बन्धी व्यवस्था,

१०. निक्षेप सदस्यले हितग्राहीको सम्बन्धमा राख्नुपर्ने फोटोसहितको परिचयात्मक विवरणको ढाँचा ।

## अनुसूची–७

(नियम ७ को उपनियम (२) संग सम्बन्धित)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

### धितोपत्रको केन्द्रीय निक्षेप सेवा संचालन अनुमतिपत्र

............................मा मुख्य कार्यालय रहेको श्री.....................................लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सोअन्तर्गत बनेका नियम, बिनियम तथा अन्य प्रचलित कानुनको अधिनमा रही केन्द्रीय निक्षेप सेवा संचालन गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

| क्र. सं | नवीकरण मिति | बहाल रहने मिति | नवीकरण गर्ने अधिकारीको सहि |
|---|---|---|---|
| | | | |
| | | | |

यो अनुमतिपत्रको बहाली प्रत्येक आर्थिक वर्षको अन्त सम्म कायम रहनेछ र तत्पश्चात प्रत्येक वर्ष नवीकरण गराउनु पर्ने छ ।

आधिकारिक दस्तखत :

नामः

पदः

मितिः

## अनुसूची– ८

(नियम ८ संग सम्बन्धित)

### अनुमतिपत्र नवीकरणको लागि दिने निवेदनको ढाँचा

मिति : ............................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

बिषयः अनुमतिपत्र नवीकरण गरी पाउँ ।

धितोपत्रको केन्द्रीय निक्षेप सेवा संचालन गर्न तहाँबाट प्राप्त अनुमतिपत्र अवधि मिति . . . . . . . सम्म कायम रहेकोले आर्थिक बर्ष . . . . . . का लागि नवीकरण गरी पाउनका लागि अनुमतिपत्र तथा तोकिएको बार्षिक शुल्क यसै साथ संलग्न गरी पेश गरेको छु ।

आधिकारिक दस्तखत :

नाम :

पद :

संगठित संस्थाको छापः

## अनुसूची– ९

(नियम २१ को उपनियम (२) संग सम्बन्धित)

**निक्षेप सदस्यले दर्ता प्रमाणपत्र प्राप्त गर्न दिने निवेदनको ढाँचा**

मितिः.......................

श्री नेपाल धितोपत्र बोर्ड

. . . . . . . . . . . . . . ।

**विषयः निक्षेप सदस्यको दर्ता प्रमाणपत्र पाउँ ।**

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेको नियम, विनियम, व्यवस्था तथा अन्य प्रचलित कानुनको अधिनमा रही निक्षेप सदस्यको रूपमा कार्य गर्न इच्छा भएकोले तोकिएको विवरण तथा कागजात संलग्न गरी निवेदन शुल्कसहित यो निवेदन पेश गरेका छौ ।

यस निवेदनसाथ संलग्न विवरण तथा कागजात सत्य तथ्य छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाइचढाई प्रस्तुत गरेको छैन । सम्बन्धित तथ्य लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानुनबमोजिम सहुँला बुझाउँला ।

कार्यकारी प्रमुख तथा संचालकहरूः

नाम : दस्तखतः

१.

२.

३.

४.

५.

६.

७.

**निवेदक संगठित संस्थाः**

नाम : ...........................

ठेगानाः ..................अंचल..................जिल्ला ................... गा.वि.स./न.पा./म. न. पा.

टोल......................वडा नं........ब्लक नं.............. फोन नंः................ फ्याक्सः............

इमेल .................

## अनुसूची–१०

(नियम २१ को उपनियम (४) संग सम्बन्धित)

नेपाल धितोपत्र बोर्ड

काठमाडौं ।

**निक्षेप सदस्य दर्ता प्रमाणपत्र**

दर्ता प्रमाणपत्र नं.

............................मा मुख्य कार्यालय रहेको श्री....................................लाई धितोपत्रसम्बन्धी ऐन तथा सोअन्तर्गत बनेका नियम, विनियम तथा अन्य प्रचलित कानुनको अधिनमा रही निक्षेप सदस्यको रूपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

यो प्रमाणपत्रको बहाली ..................सम्म रहनेछ । तर प्रमाणपत्र नवीकरण भएमा नवीकरण गरिएको मितिसम्म कायम रहने छ ।

आधिकारिक दस्तखत :

नामः

पदः

मितिः

## अनुसूची–११

(नियम २२ उपनियम (३) संग सम्बन्धित)

**दर्ता प्रमाणपत्र नवीकरणको लागि दिने निवेदनको ढाँचा**

मिति : .........................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

**बिषयः दर्ता प्रमाणपत्र नवीकरण गरी पाउँ ।**

त्यस बोर्डबाट प्राप्त निक्षेप सदस्य दर्ता प्रमाणपत्र मिति . . . . . . . . सम्म मात्र वहाल रहेको हुँदा सो प्रमाणपत्र आर्थिक बर्ष . . . . . . का लागि नवीकरणका गरिदिनु हुन दर्ता प्रमाणपत्र तथा तोकिए बमोजिमको नवीकरण शुल्क यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

कम्पनीको छापः

आधिकारिक दस्तखत :

नाम :

पद :

# अनुसूची– १२

(नियम २१ को उपनियम (२) र (५) तथा नियम २२ को उपनियम (३) संग सम्बन्धित)

**निक्षेप सदस्य दर्ताका लागि दस्तुर तथा शुल्क**

१. निक्षेप सदस्यको दर्ता प्रमाणपत्रसम्बन्धी दस्तुर

| | | |
|---|---|---|
| क. | निवेदन शुल्क | रु. ५,०००।– |
| ख. | दर्ता प्रमाणपत्र दस्तुर | रु. ५०,०००।– |
| ग. | बार्षिक शुल्क | रु. २५,०००।– |

२. केन्द्रीय निक्षेप कम्पनीबाट निक्षेप सदस्यता लिन बुझाउनुपर्ने दस्तुर

| | | |
|---|---|---|
| क. | सदस्यता दस्तुर | रु. ५०,०००।- |
| ख. | सदस्यता नवीकरण दस्तुर | रु. २५,०००।– |

❖❖❖

लागू मिति २०६८।०३।२२
पहिलो संशोधन लागू मिति २०७४।०१।२२

# क्रेडिट रेटिङ्ग नियमावली, २०६८

क्रेडिट रेटिङ्ग व्यवसायलाई नियमित र व्यवस्थित गर्ने उद्देश्यले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुमतिपत्र" भन्नाले क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवसाय गर्नका लागि नियम १० को उपनियम (२) बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ग) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ मा उल्लेख भए बमोजिमको कम्पनी सम्झनुपर्छ ।

(घ) "क्रेडिट रेटिङ्ग" भन्नाले मुख्यतया निष्काशनकर्ताको धितोपत्र, कुनै व्यक्ति वा संगठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्याङ्कन गर्ने तथा राय प्रकट गर्ने लगायत तत्सम्बन्धी प्रक्रिया समेत सम्झनुपर्छ ।

(ङ) "क्रेडिट रेटिङ्ग संस्था" भन्नाले क्रेडिट रेटिङ्ग व्यवसाय गर्न बोर्डबाट अनुमति प्राप्त संस्था सम्झनु पर्छ ।

(च) "खुद सम्पत्ति (नेटवर्थ)" भन्नाले संगठित संस्थाको सेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुनर्मूल्याङ्कनबाट सिर्जित कोषबाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन तथा विविध खर्चहरु घटाई बाँकी रहन जाने कुल रकम सम्झनुपर्छ ।

(छ) "ग्राहक" भन्नाले क्रेडिट रेटिङ्गसम्बन्धी सेवा प्राप्त गर्ने संस्था वा व्यक्ति सम्झनुपर्छ ।

(ज) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ ।

(झ) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति, संगठित संस्था, कम्पनी वा निकायलाई सम्झनुपर्छ।

(ञ) "रेटिङ्ग संकेत" भन्नाले निष्काशनकर्ताले प्रयोगमा ल्याउने गरी यस नियमावलीको अधिनमा रही धितोपत्र सम्बन्धमा क्रेडिट रेटिङ्ग संस्थाले स्तरमान जनाउने संकेत वा अन्य स्तरमान अपनाएर व्यक्त गरेको धारणालाई सम्झनुपर्छ ।

(ट) "रेटिङ्ग समिति" भन्नाले क्रेडिट रेटिङ्ग संस्थाले रेटिङ्ग गर्ने प्रयोजनका लागि गठन गरेको समितिलाई सम्झनुपर्छ ।

(ठ) "मुख्य शेयरधनी" भन्नाले एक्लै वा आफ्नो एकाघर परिवारको सदस्य वा सहायक कम्पनी वा मुख्य कम्पनी सबैको मिलाएर क्रेडिट रेटिङ्ग संस्थाको कुल चुक्ता पुँजीको कम्तीमा दश प्रतिशत शेयर ग्रहण गरेको वा कुल मतदाता संख्याको कम्तीमा दश प्रतिशत मतदानको अधिकार भएको व्यक्ति वा निकाय सम्झनुपर्छ ।

(ड) "संचालक" भन्नाले क्रेडिट रेटिङ्ग संस्थाको संचालक समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष वा वैकल्पिक सञ्चालक समेतलाई जनाउँदछ ।

(ढ) "सहमतिपत्र" भन्नाले विदेशी क्रेडिट रेटिङ्ग संस्थाले नेपालमा संयुक्त लगानीमा क्रेडिट रेटिङ्ग संस्था स्थापना गरी संचालन गर्न वोर्डबाट प्रदान गरिने सहमतिपत्र सम्झनुपर्दछ ।

(ण) "संगठित संस्था" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ मा परिभाषा भएबमोजिमको संस्था सम्झनुपर्छ ।

## परिच्छेद-२

## क्रेडिट रेटिङ्गको अनिवार्यता तथा सहमतिपत्र सम्बन्धी व्यवस्था

३. **क्रेडिट रेटिङ्ग गराउनु पर्नेः** (१) कुनै पनि संगठित संस्थाले देहाय बमोजिमको कुनै धितोपत्र सार्वजनिक निष्काशन गर्ने भएमा निष्काशन गर्नु पूर्व क्रेडिट रेटिङ्ग संस्थामार्फत रेटिङ्ग गराएर मात्र निष्काशन गर्नुपर्नेछ :–

(क) कम्तीमा तीन करोड रुपैयाँ भन्दा बढी मूल्यको सेयरको सार्वजनिक तथा हकप्रद निष्काशन,

तर, बोर्डले आवश्यक देखेमा तीन करोड रुपैयाँ भन्दा कम मूल्यको सेयरको निष्काशनमा पनि रेटिङ्ग गराउनुपर्ने गरी सार्वजनिक सूचना गरी तोक्न सक्नेछ ।

(ख) डिवेन्चर तथा अन्य ऋणपत्र निष्काशन,

(ग) अग्राधिकार सेयर निष्काशन,

(घ) अंकित मूल्यमा प्रिमियम थप गरी संगठित संस्थाले गर्ने प्राथमिक निष्काशन, फर्दर पब्लिक इस्यु, हकप्रद निष्काशन तथा अन्य निष्काशन,

(ङ) बोर्डले तोकिदिए बमोजिम अन्य धितोपत्र वा उपकरण ।

(२) धितोपत्रको रेटिङ्ग सम्बन्धमा प्राप्त परिणाम उपनियम (१)बमोजिम धितोपत्र निष्काशन गर्नुपूर्व प्रकाशन गरिने बिक्री प्रस्ताव/विवरणपत्र/अन्य सार्वजनिक रुपमा प्रकाशित हुने विवरणमा समावेश गर्नु पर्नेछ ।

(३) निष्काशनकर्ताले सार्वजनिक रुपमा प्रकाशित हुने विवरण प्रकाशन गर्दा अन्य नियमन निकाय (नेपाल राष्ट्र बैंक, बीमा समिति वा अन्य) को व्यवस्था अनुसार रेटिङ्ग गरिएको भए सो समेत उल्लेख गर्नु पर्नेछ ।

(४) बैंक वा वित्तीय संस्थाबाट ऋण सुविधा लिन चाहनेले समेत यस नियमावली बमोजिम क्रेडिट रेटिङ्ग गराउन सक्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बैंक वा वित्तीय संस्थाबाट ऋण सुविधा लिन चाहनेले यस नियमावली बमोजिम क्रेडिट रेटिङ्ग गराउनु पर्ने गरी नेपाल राष्ट्र बैंकले तोकिदिएमा ऋण सुविधा उपभोग गर्न चाहनेले यस नियमावली बमोजिम क्रेडिट रेटिङ्ग गराउनुपर्ने छ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि क्रेडिट रेटिङ्ग व्यवसाय गर्न कुनै कम्पनीले बोर्डबाट अनुमति पत्र प्राप्त नगरेसम्म यस नियमावली बमोजिम रेटिङ्ग गर्न अनिवार्य हुने छैन ।

(७) धितोपत्र बजारको हितलाई ध्यानमा राखेर यस नियममा उल्लेख भएका व्यवस्थामा वा कुनै खास धितोपत्रलाई क्रेडिट रेटिङ्ग गर्नु नपर्ने गरी छुट दिनुपरेमा बोर्डले सार्वजनिक सूचना प्रकाशन गरेर त्यस्तो छुट दिन सक्नेछ ।

४. **सहमतिपत्रसम्बन्धी व्यवस्थाः** [१](१) नियम १५ को उपनियम (२) को खण्ड (ख) बमोजिम योग्यता पुगेका विदेशमा स्थापित क्रेडिट रेटिङ्ग व्यवसाय गरिरहेका संस्था वा सहायक कम्पनी मार्फत क्रेडिट रेटिङ्ग गरिरहेका संस्थाले कम्तीमा एकाउन्न प्रतिशत र बढीमा पचहत्तर प्रतिशत स्वामित्व ग्रहण गरी प्रचलित कानुन बमोजिम नेपालमा संयुक्त लगानीमा कम्पनी स्थापना गरी क्रेडिट रेटिङ्ग व्यवसायीको रुपमा काम गर्न चाहेमा बोर्डबाट क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्ने सहमति पत्र प्राप्त गर्न निवेदन दिन सक्नेछ ।

[२](२) उपनियम (१) बमोजिमको सहमतिपत्र प्राप्त गर्नको लागि सम्बन्धित विदेशी संस्थाले देहायको विवरण तथा कागजात सहित बोर्ड समक्ष निवेदन दिनुपर्नेछः-

(क) निवेदक संस्था विदेशमा दर्ता हुँदाको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) निवेदक संस्थाको प्रबन्धपत्र तथा नियमावली, संस्थापक सम्बन्धी विवरण र तत् सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,

(ग) निवेदक संस्थाले नेपालमा क्रेडिट रेटिङ्ग सम्बन्धी काम गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(घ) निवेदक संस्थाको पछिल्लो तीन बर्षको लेखा परिक्षण प्रतिवेदन,

(ङ) निवेदक विदेशमा क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था भएमा देहाय बमोजिमको विवरणः

१ क्रेडिट रेटिङ्ग (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधन

२ क्रेडिट रेटिङ्ग (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधन

(अ) सम्बन्धित नियमन निकायबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्रको प्रमाणित प्रतिलिपि

(आ) विगत तीन बर्षमा क्रेडिट रेटिङ्ग सम्बन्धी गरेको कार्य सम्बन्धी विवरण,

(च) निवेदक संस्थाले क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त नगरेको तर सहायक कम्पनीले क्रेडिट रेटिङ्ग कार्य गर्न अनुमतिपत्र प्राप्त गरेको भएमा देहाय बमोजिमको विवरणः

(अ) सहायक कम्पनीको प्रबन्धपत्र तथा नियमावली वा तत् सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,

(आ) निवेदक संस्था र सहायक कम्पनीको सम्बन्ध खुल्ने कागजात र सहायक कम्पनी दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(इ) सहायक कम्पनीले सम्बन्धित नियमन निकायबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्रको प्रमाणित प्रतिलिपि

(ई) सहायक कम्पनीले विगत तीन बर्षमा क्रेडिट रेटिङ्ग सम्बन्धी गरेको कार्य सम्बन्धी विवरण,

(उ) सहायक कम्पनीको पछिल्लो लेखापरिक्षणको प्रतिवेदन

(ऊ) क्रेडिट रेटिङ्ग सम्बन्धी नेपालमा स्थापना हुने कम्पनीलाई प्राविधिक सहयोग गर्ने सम्बन्धमा खुलाइएको सम्झौता,

(छ) निवेदक कम्पनी र नेपाली पक्षबीच भएको संयुक्त लगानी सम्झौताको प्रतिलिपि,

(ज) स्थापना गरिने कम्पनीको संस्थापकहरुको शेयर स्वामित्व सम्बन्धी विवरण तथा विदेशी कम्पनीले नियम १५ को उपनियम (२) को खण्ड (ख) बमोजिमको व्यवस्था पूरा गरेको उद्घोषण,

(झ) क्रेडिट रेटिङ्ग संस्था स्थापना गर्न चाहने निवेदक संस्थाको अनुसूची-४ बमोजिमको ढाँचामा विवरण तथा कागजात,

(ञ) विदेशी क्रेडिट रेटिङ्ग कम्पनीको प्रतिनिधि सम्बन्धी जानकारी,

(ट) बोर्डले माग गरेका अन्य आवश्यक विवरण तथा कागजात ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन र संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा सम्बन्धित विदेशी संस्थालाई नेपालमा क्रेडिट रेटिङ्ग संस्था स्थापना गर्न सहमतिपत्र प्रदान गर्न उपयुक्त देखेमा बोर्डले निवेदकलाई अनुसूची-८ बमोजिमको ढाँचामा विदेशी संस्थाको नाममा सहमतिपत्र प्रदान गरी सोको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई दिनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि निवेदन साथ प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न, स्पष्ट गराउन, संशोधन गराउन वा थपघट गराउन सक्नेछ ।

(५) यस नियमबमोजिम सहमतिपत्र प्राप्त गरी स्थापित कम्पनीले बोर्डबाट अनुमतिपत्र प्राप्त नगरी क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवसाय गर्नसक्ने छैन ।

(६) यस नियम बमोजिम सहमतिपत्र प्राप्त गरेको संस्थाले दुई वर्षभित्र क्रेडिट रेटिङ्ग संस्था स्थापना गरी अनुमतिपत्रको लागि निवेदन पेश नगरेमा त्यस्तो सहमतिपत्र स्वतः खारेज भएको मानिनेछ ।

## परिच्छेद-३
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**५.** **क्रेडिट रेटिङ्ग संस्था संचालन गर्न अनुमतिपत्र लिनुपर्नेः** (१) नियम १५ को उपनियम (२) बमोजिम योग्यता पूरा गरेका मूख्य शेयरधनी भएका क्रेडिट रेटिङ्ग संस्थाको रुपमा काम गर्न चाहने संगठित संस्थाले बोर्डबाट अनुमति प्राप्त गरेर मात्र क्रेडिट रेटिङ्ग सम्बन्धी काम गर्नसक्ने छ ।

(२) कसैले पनि यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैको क्रेडिट रेटिङ्ग गर्ने वा सो कार्य सम्बन्धी कुनै राय परामर्श दिने कार्य गर्न पाउने छैन ।

**६.** **अनुमतिपत्रका लागि निवेदन दिनु पर्नेः** क्रेडिट रेटिङ्ग संस्थाको संचालनको लागि अनुमतिपत्र प्राप्त गर्नको लागि अनुसुची-१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको निवेदन दस्तुर र देहायको विवरण तथा कागजातसहित बोर्ड समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संगठित संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

(ग) कार्यकारी प्रमुख तथा संचालक समितिका पदाधिकारीको अनुसुची-३ बमोजिमको विवरण,

(घ) क्रेडिट रेटिङ्ग संस्थाको संस्थापक संगठित संस्था भएमा अनुसूची-४ बमोजिमको विवरण,

तर नियम ४ बमोजिम सहमतिपत्र प्राप्त विदेशी संस्थाको हकमा पहिले पेश गरेको विवरणमा भएका फरकमात्र पेश गरे पनि पुग्नेछ ।

(ङ) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी,

(च) आगामी तीन आर्थिक वर्षको प्रक्षेपित वित्तीय विवरण समावेश भएको व्यवसायिक योजना ।

**७.** **निवेदन उपर जाँचबुझ गर्नेः** (१) बोर्डले नियम ६ बमोजिम प्राप्त निवेदन तथा विवरण र कागजात जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको जाँचबुझ गर्दा आवश्यक देखिएमा बोर्डले थप विवरण वा कागजात माग गर्न सक्ने छ ।

(३) यस नियम बमोजिम निवेदन उपर जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र प्रदान गर्न उपयुक्त देखिएमा क्रेडिट रेटिङ्ग सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गर्न बोर्डले निवेदकलाई सूचीत गर्नेछ ।

**८. पूर्वाधार तयार गर्नु पर्नेः** (१) नियम ७ को उपनियम (३) बमोजिम बोर्डले सूचीत गरेको ६ महिना भित्र निवेदक संस्थाले देहाय बमोजिमको पूर्वाधार व्यवस्था गरी सोको जानकारी बोर्ड समक्ष पेश गर्नु पर्ने छः-

(क) कार्यालय रहेको स्थान र कार्यालयमा रहेका सुविधा र क्षेत्रफल,

(ख) कार्यालय उपकरणहरु र अनुमति प्राप्ति पश्चात् व्यवसाय संचालन गर्न प्रयोग गरिने जानकारी, विष्लेषण गर्ने सामाग्री तथा कम्प्युटर प्रविधि (सफ्टवेर) आफैले व्यवस्था गर्ने वा अन्यबाट प्राप्त गर्ने,

(ग) संगठन संरचना र कार्य विभाजन सम्बन्धी व्यवस्था,

(घ) अनुसूची-५ बमोजिमको ढाँचामा क्रेडिट रेटिङ्ग व्यवसायमा प्रयोग गरिने जनशक्तिको विवरण

[३](२) कम्पनीले नियम १५ को उपनियम (२) को खण्ड (ख) बमोजिम योग्यताको प्रयोजनको लागि आवश्यक जनशक्ति तथा प्रविधिक सहयोग उपलब्ध गराउने सम्झौता गरेको अबस्थामा सो सम्झौता बहाल रहेको भए उपनियम (१) को खण्ड (ख), (ग) र (घ) को व्यवस्था अनिवार्य हुने छैन ।

**९. पूर्वाधारको निरीक्षण गर्नेः** (१) नियम ८ बमोजिम तयार गरेको पूर्वाधार सम्बन्धमा निवेदकले बोर्डलाई जानकारी गराउनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम पूर्वाधार तयार गरेको जानकारी प्राप्त भएको पन्ध्र दिन भित्र बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्नेछ ।

(३) उपनियम (२) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा पूर्वाधार सम्बन्धमा गरेको व्यवस्था अपर्याप्त देखिएमा बोर्डले निश्चित समयावधि तोकी निवेदकलाई थप व्यवस्था गर्न लगाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम थप समयावधि तोकिएकोमा सो समयावधि भित्र आवश्यक पूर्वाधारको व्यवस्था गरी बोर्डलाई जानकारी गराउनुपर्ने छ ।

**१०. अनुमतिपत्र प्रदान गर्नेः** (१) नियम ९ बमोजिम निवेदकले तयार गरेको पूर्वाधार उचित देखिएमा क्रेडिट रेटिङ्ग व्यवसाय संचालन गर्न अनुसूची-२ बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउन बोर्डले सूचीत गर्नेछ ।

(२) निवेदकबाट उपनियम (१) बमोजिमको दस्तुर प्राप्त भएपछि बोर्डले अनुसूची-६ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ ।

**११. अनुमतिपत्र नवीकरणः** (१) क्रेडिट रेटिङ्ग संस्थाले प्रत्येक आर्थिक वर्षको लागि अनुमतिपत्र अवधि समाप्त भएको तीन महिनाभित्र अनुसुची-२ बमोजिमको नवीकरण शुल्कसहित अनुसूची(७ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

---

३ क्रेडिट रेटिङ्ग (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधन

(२) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरणको लागि निवेदन पेश नगर्ने क्रेडिट रेटिङ्ग संस्थाले उक्त म्याद समाप्त भएपछि अनुमतिपत्र नवीकरण नगरेसम्म क्रेडिट रेटिङ्ग गर्न पाउने छैन ।

(३) यस नियमावली बमोजिम बोर्ड समक्ष पेश गर्नु पर्ने शुल्क वा दस्तुर पेश नगर्ने क्रेडिट रेटिङ्ग संस्थाले त्यस्तो शुल्क वा दस्तुर नबुझाएसम्म अनुमतिपत्र नविकरण गरिने छैन ।

(४) परिच्छेद-६ बमोजिम बोर्डमा पेश गर्नु पर्ने विवरण पेश नगर्ने क्रेडिट रेटिङ्ग संस्थाको अनुमतिपत्र नवीकरण कार्य बोर्डले रोक्का राख्न सक्नेछ ।

१२. **अनुमतिपत्र निलम्बन, खारेजी तथा अन्य कारबाहीः** (१) क्रेडिट रेटिङ्ग संस्थाले ऐन तथा ऐन अर्न्तगत बनेका नियमावली वा बोर्डले समय समयमा जारी गरेका निर्देशनहरुको बारम्बार उल्लंघन गरेको भन्ने अनुसन्धानबाट पुष्टि भएमा वा क्रेडिट रेटिङ्ग संस्थाको कार्यबाट लगानीकर्ताको हितविपरीतका कार्य भएको देखिएमा बोर्डले लिखित स्पष्टिकरण माग गरी त्यस्तो संस्थाको अनुमतिपत्र निलम्बन वा खारेज गर्ने कार्य प्रारम्भ गर्नेछ ।

तर, यसरी अनुमतिपत्र निलम्बन वा खारेज गर्नु अघि बोर्डले सम्बन्धित क्रेडिट रेटिङ्ग संस्थालाई सफाई प्रस्तुत गर्ने पूर्ण मौका प्रदान गर्नेछ ।

(२) क्रेडिट रेटिङ्ग संस्था वा सोका पदाधिकारीले गलत मनसाय राखी वा जानीजानी गलत रेटिङ्ग गरेको प्रमाणित भएमा सम्बन्धित कम्पनी वा पदाधिकारीलाई ऐन बमोजिम कारबाही गरिनेछ ।

(३) क्रेडिट रेटिङ्ग संस्थाको अनुमतिपत्र निलम्बन, खारेज वा अन्य कारबाही सम्बन्धी व्यवस्था नेपाल धितोपत्र बोर्डसम्बन्धी नियमावली अनुसार हुनेछ ।

## परिच्छेद-४

## पूँजी, स्वामित्व तथा योग्यतासम्बन्धी व्यवस्था

१३. **न्यूनतम पूँजी तथा आर्थिक स्रोतः** (१) यस नियमावली बमोजिम क्रेडिट रेटिङ्ग व्यवसाय गर्न चाहने कम्पनीको चुक्ता पूँजी कम्तिमा दुई करोड रुपैयाँ तथा नेटवर्थ कम्तीमा चुक्ता पूँजीको पचहत्तर प्रतिशत हुनुपर्ने छ ।

(२) बोर्डले आवश्यकता हेरी चुक्ता पूँजीमा थप गराउन वा नेटवर्थ तथा अन्य आर्थिक स्रोत सम्बन्धी व्यवस्था तोक्न सक्नेछ ।

(३) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त क्रेडिट रेटिङ्ग व्यवसायीको मूख्य शेयरधनी वा संस्थापक शेयरधनीले ग्रहण गरेको शेयर बिक्री वा हस्तान्तरण गर्नुपरेमा बोर्डको स्वीकृति लिएर मात्र बिक्री वा हस्तान्तरण गर्न सकिनेछ ।

(४) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त क्रेडिट रेटिङ्ग संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने छैन ।

**१४. स्वामित्व ग्रहण गर्न नसक्नेः** (१) देहायको कुनै पनि व्यक्ति क्रेडिट रेटिङ्ग संस्थाको संस्थापक हुन वा स्वामित्व ग्रहण गर्न योग्य हुने छैन :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरेको,

(ख) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(घ) कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको भए उक्त सूचीबाट हटेको तीन बर्ष पूरा नभएको,

(ङ) बोर्ड, धितोपत्र बजार, धितोपत्र व्यवसायी वा सूचीकृत संगठित संस्थामा कुनै लाभको पद ग्रहण गरेको,

(२) क्रेडिट रेटिङ्ग संस्थाको स्वामित्व ग्रहण गरेको कुनै व्यक्ति उपनियम (१) बमोजिम अयोग्य हुन गएमा त्यसरी अयोग्य भएको छ महिनाभित्र योग्य व्यक्तिलाई स्वामित्व हस्तान्तरण गर्नु पर्ने छ ।

**१५. क्रेडिट रेटिङ्ग संस्थाको न्यूनतम योग्यताः** (१)क्रेडिट रेटिङ्ग संस्थाको अनुमतिपत्रका लागि आवेदन दिने संगठित संस्थाको देहाय बमोजिमको योग्यता रहेको हुनुपर्ने छः-

(क) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम लिमिटेड कम्पनीको रुपमा दर्ता भएको,

(ख) उपनियम (२) मा उल्लेख भए बमोजिम योग्यता भएका मुख्य शेयरधनीको कम्तीमा एकाउन्न प्रतिशत शेयर स्वामित्व रहेको,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपनियम (२) को खण्ड (ख) मा उल्लेख भए बमोजिम विदेशी क्रेडिट रेटिङ्ग संस्थाको अनिवार्य रुपमा न्यूनतम पच्चीस प्रतिशत शेयर स्वामित्व रहेको,

(घ) कम्पनीका संचालक तथा संस्थापक कुनै प्रकारको ठगी, जालसाजी वा नैतिक पतन देखिने कुनै अपराधमा सजाय नपाएको वा ऐन तथा नियम पालना नगरेकोमा सजाय नपाएको,

(ङ) कर्जा सूचना केन्द्र वा कुनै नियमन निकायको कालो सूचीमा रहेको भए उक्त सूचीबाट हटेको तीन बर्ष पूरा नभएको,

(च) दामासाहीमा नपरेको,

(छ) कम्पनी वा नियम १५ को उपनियम (२) को खण्ड (ख) मा उल्लिखित विदेशी संस्थासँग क्रेडिट रेटिङ्ग सम्बन्धमा अनुभवी तथा दक्ष जनशक्ति रहेको,

तर कम्पनीमा अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, वा वाणिज्य कानुन बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासील गरेको कम्तीमा दुई र चार्टर्ड एकाउन्टेन्सीको उपाधि हासिल गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट मान्यता प्राप्त गरेको कम्तीमा दुई कर्मचारी अनिवार्य हुनुपर्ने छ ,

(ज) संचालक तथा कार्यकारी प्रमुखको नियम १६ बमोजिमको योग्यता र नियम १७ बमोजिम अयोग्यता नरहेको,

(झ) कम्पनीको प्रवन्धपत्रमा मुख्य उद्देश्य क्रेडिट रेटिङ्ग गर्ने उल्लेख भएको,

(ञ) निवेदक कम्पनी वा कम्पनीको संस्थापकहरु वित्तीय दक्षता, वित्तीय पर्याप्तता र व्यवसायिक कारोबारमा स्वस्थता, व्यवसायिकता र इमानदारिताका आधारमा ख्याति कमाएको भन्नेमा बोर्ड विश्वस्त भएको ।

(२) नियम ६ बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदक कम्पनीको मुख्य शेयरधनी देहाय बमोजिमको कुनै एक वा एकभन्दा बढी भएको खण्डमा मात्र क्रेडिट रेटिङ्ग संस्थाको रुपमा कार्य गर्न योग्य भएको मानिने छ :–

(क) निवेदक कम्पनीको संस्थापक प्रचलित कानुन बमोजिम स्थापना भएको तथा खुद सम्पत्ति एक अर्ब रुपैयाँ भएको संगठित संस्था,

[४](ख) विदेशमा स्थापना भएको कम्पनीको हकमा देहाय बमोजिमको अवस्था पूरा भएको:

(अ) निवेदक संस्थाको विदेश स्थित मुख्य कार्यालय रहेको ठाउँमा कम्तीमा पचास करोड रुपैयाँ बराबरको खुद सम्पत्ति भएको देखिने कागजात रहेको,

(आ) निवेदक संस्था वा निवेदक संस्थाको सहायक कम्पनीको कम्तीमा तीन बर्षको क्रेडिट रेटिङ्ग व्यवसाय सम्बन्धी अनुभव रहेको,

(इ) निवेदक संस्था वा निवेदक संस्थाको सहायक कम्पनीलाई उक्त कम्पनी रहेको मुलुकको नियमन निकायबाट क्रेडिट रेटिङ्ग व्यवसाय गर्न अनुमतिपत्र प्रदान गरेको कम्तीमा तीन बर्ष पूरा भएको र त्यस्तो अनुमतिपत्र हालसम्म बहाल रहेको ।"

(ग) कर्जा सूचना केन्द्रको रुपमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त निकाय ।

(३) उपनियम (१) तथा (२) मा उल्लेख भएका व्यवस्थाहरुको अतिरीक्त बोर्डले समय समयमा अन्य शर्तहरु तोकी लागू गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि क्रेडिट रेटिङ्ग संस्थाको संस्थापक, संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा उचित तथा योग्य (फिट् एण्ड प्रपर) मापदण्ड सम्बन्धमा बोर्डले थप व्यवस्था तोकी लागू गर्न सक्नेछ ।

**१६. संचालक तथा कार्यकारी प्रमुखको योग्यता:** क्रेडिट रेटिङ्ग संस्थाको संचालक तथा कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) क्रेडिट रेटिङ्ग संस्थाको कार्यकारी प्रमुख तथा संचालक चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी हासिल गरी वा अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन

---

४ क्रेडिट रेटिङ्ग (पहिलो संशोधन) नियमावली, २०७४ द्वारा संशोधन

वा वाणिज्य कानुन बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरी पूँजी बजार वा उद्योग वा वाणिज्य वा वित्त वा लेखा वा कानुन वा व्यवस्थापन क्षेत्रहरुमध्ये कुनै एक वा एकभन्दा बढी क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभव हासिल गरेको,

(ख) नेपाल सरकारले स्वीकृति दिएकोमा बाहेक नेपाली नागरिक भएको ।

तर, विदेशी क्रेडिट रेटिङ्ग संस्थाको प्रतिनिधिको हकमा प्रचलित कानुनबमोजिम गरिने छ ।

१७. **संचालक तथा कार्यकारी प्रमुखको अयोग्यताः** (१) देहायको अयोग्यता भएको व्यक्ति क्रेडिट रेटिङ्ग संस्थाको संचालक वा कार्यकारी प्रमुख हुन सक्ने छैन :-

(क) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरिएको भए सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(ग) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(घ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(ङ) प्रचलित कानुनबमोजिम कर दाखिला नगरेको वा प्रचलित कानुनबमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने कम्पनी वा संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(च) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको,

(छ) लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको वित्तीय विवरण सार्वजनिक नगर्ने सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरेका संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(ज) ऐन बमोजिम सजाय भई संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुखको रुपमा कार्य गर्न नपाउने गरी बोर्डले सूचीकृत गरेको,

(झ) बोर्ड , धितोपत्र बजार वा धितोपत्र व्यवसायी कम्पनीको लाभको पदमा रहेको,

(ञ) नैतिक पतन देखिने फौजदारी अभियोगमा थुनामा रहेको,

(२) कुनै कम्पनी वा संगठित संस्थामा कार्यकारी प्रमुखका रुपमा कार्यरत रहेको व्यक्तिले क्रेडिट रेटिङ्ग संस्थाको कार्यकारी प्रमुखको रुपमा कार्य गर्न पाउने छैन ।

**१८. नियम पालना अधिकृत नियुक्त गर्नु पर्नेः** (१) यस नियमावली बमोजिम क्रेडिट रेटिङ्ग संस्था संचालन गर्न चाहने कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य संचालन गर्नु अघि मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य कानुन वा व्यवस्थापन विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण गरेको एक जनालाई कम्पनीको नियम पालना अधिकृतको रुपमा तोकी बोर्डलाई जानकारी दिनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम तोकिएको नियम पालना अधिकृतले धितोपत्र सम्बन्धी ऐन तथा ऐन अर्न्तगत बनेका नियम तथा क्रेडिट रेटिङ्ग संस्थाको लागि बनेका निर्देशिकाको पालनाको अनुगमन गर्नु पर्ने छ ।

(३) उपनियम (२) बमोजिम अनुगमन गर्दा ऐन, नियम तथा निर्देशनको पालना नभएको पाइएमा बोर्ड तथा आफ्नो कार्यकारी प्रमुख वा संचालक समितिलाई अविलम्ब जानकारी गराउनु पर्ने छ ।

## परिच्छेद-५

## क्रेडिट रेटिङ्ग कार्य तथा आचार संहिता

**१९. ग्राहकसँग सम्झौता गर्नु पर्नेः** (१) क्रेडिट रेटिङ्ग संस्थाले रेटिङ्ग गर्न/गराउन चाहने ग्राहकसँग लिखित सम्झौता गर्नु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम गरिने सम्झौतामा रेटिङ्ग सम्बन्धमा लागू हुने हदसम्म देहायका व्यवस्थाहरु खुलाइएको हुनुपर्ने छः-

(क) रेटिङ्गको सम्बन्धमा प्रत्येक पक्षहरु बीचका अधिकार र दायित्वहरु सम्बन्धमा,

(ख) रेटिङ्ग संस्थाले लिने शुल्क सम्बन्धमा,

(ग) रेटिङ्ग गरिने धितोपत्र वा अन्य उपकरणको अवधिभरि क्रेडिट रेटिङ्ग संस्थाले गरेको रेटिङ्गको आवधिक अनुगमन तथा पुनरावलोकन गराउन ग्राहक मन्जुर रहेको सम्बन्धमा,

(घ) यथार्थ र उपयुक्त रेटिङ्ग तय गरी रेटिङ्ग कायम राख्न क्रेडिट रेटिङ्ग संस्थालाई सहयोग गर्न ग्राहकको मञ्जुरी सम्बन्धमा खास गरी ग्राहकले क्रेडिट रेटिङ्ग संस्थालाई समयमै सत्य र पर्याप्त जानकारी तथा विवरण उपलव्ध गराउने सम्बन्धमा,

(ङ) क्रेडिट रेटिङ्ग संस्थाले ग्राहकलाई प्रदान गरेको रेटिङ्गको स्तरको जानकारी ग्राहकले स्वीकार गरेको अवस्थामा नियमित तबरबाट प्रवाहित गर्ने वा स्वीकार नगरेको अवस्थामा बोर्डलाई जानकारी गराउने सम्बन्धमा,

(च) क्रेडिट रेटिङ्ग संस्थाले ग्राहकको धितोपत्रको अन्तिम रेटिङ्ग सम्बन्धी स्वीकार गरेका वा नगरेका जानकारी तथा रेटिङ्गको परिणाम प्रदान गरिएको मिति विवरणपत्र वा अन्य सार्वजनिक विवरण प्रवाहमा समावेश गर्न ग्राहक मन्जुर भएको सम्बन्धमा ।

२०. **रेटिङ्ग गर्नु पर्नेः** (१) क्रेडिट रेटिङ्ग संस्थाले ग्राहकको रेटिङ्ग गर्दा संगठित संस्था भए उसको आर्थिक(वित्तीय), व्यवस्थापन र जोखिम पक्षको मूल्याङ्कन वा विश्लेषणको आधारमा रेटिङ्गको परिणाम दिनु पर्ने छ ।

(२) क्रेडिट रेटिङ्ग संस्थाले निर्धारण गरेको प्रत्येक रेटिङ्गको सम्बन्धमा बोर्डलाई जानकारी गराउनु पर्ने छ ।

२१. **रेटिङ्ग अनुगमन सम्बन्धमाः** (१)प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले ग्राहकले स्वीकार गरेको रेटिङ्ग कम्तीमा तीन बर्षसम्म निरन्तर अनुगमन गर्नु पर्ने छ ।

(२) क्रेडिट रेटिङ्ग कम्पनीले रेटिङ्गको अनुगमन गर्दा पहिला गरेको रेटिङ्गमा भएको परिवर्तन यथाशिघ्र प्रेश विज्ञप्ती तथा वेब साईट मार्फत सार्वजनिक गर्नु पर्ने छ र सो सम्बन्धमा बोर्डलाई समेत जानकारी गराउनु पर्ने छ ।

२२. **सहयोग गर्नु पर्नेः** (१) प्रत्येक संगठित संस्था वा व्यक्तिले निष्काशन हुने धितोपत्र वा सुरक्षणको सम्बन्धमा मूल्याङ्कन गर्न आवश्यक पर्ने सम्पूर्ण विवरण तथा सूचना क्रेडिट रेटिङ्ग संस्थालाई उपलब्ध गराई सहयोग गर्नु कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम सहयोग नगरेको कारणबाट रेटिङ्ग वा स्तर निर्धारणमा फरक परेमा सोको जवाफदेहिता सूचना तथा विवरण उपलब्ध गराउनु पर्ने पक्षको हुनेछ ।

२३. **रेटिङ्ग पुनरावलोकन तथा फिर्ता लिने प्रक्रियाः** (१)ग्राहकले नियम २१ बमोजिम क्रेडिट रेटिङ्ग संस्थालाई अनुगमन गर्ने दायित्व पूरा गर्न सहयोग नगरेमा क्रेडिट रेटिङ्ग संस्थाले प्राप्त गर्न सकेको अधिकतम जानकारीको आधारमा रेटिङ्ग पुनरावलोकन गर्नु पर्ने छ । त्यसरी सहयोग प्राप्त गर्न नसकेकोले प्राप्त हुन सकेका अधिकतम जानकारीको आधारमा रेटिङ्ग अनुगमन गरिएको जानकारी सार्वजनिक रुपमा प्रवाहित गराउनुपर्ने छ ।

(२) रेटिङ्ग गरिएको धितोपत्रको निष्काशनकर्ता कम्पनी खारेज भएकोमा बाहेक अन्य अवस्थामा क्रेडिट रेटिङ्ग संस्थाले रेटिङ्ग कायम रहने गरी निश्चित गरिएको अवधि बाँकी रहेसम्म रेटिङ्ग फिर्ता लिन पाउने छैन ।

(३) निष्काशनकर्ता कम्पनी अर्को कम्पनीमा गाभिएकोमा रेटिङ्ग गरिएको धितोपत्रसम्बन्धी दायित्व फरफारक नहुँदासम्म नयाँ कम्पनीको धितोपत्रको रुपमा अनुगमन चालु राख्नुपर्ने छ ।

(४) ग्राहकले सहयोग नगरेमा र त्यस्तो सहयोग बिना रेटिङ्ग अर्थहीन हुने कुरामा रेटिङ्ग संस्था विश्वस्त भएमा रेटिङ्ग फिर्ता लिन सक्ने छ । त्यस्तो अवस्था परेर रेटिङ्ग फिर्ता लिने भएमा प्राप्त अधिकतम सूचनाको आधारमा एक पटक अनुगमन गरी रेटिङ्ग फिर्ता लिने सम्बन्धमा बोर्ड तथा सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गरी कम्तीमा ६ महिना सम्म रेटिङ्ग निगरानीमा राख्नुपर्नेछ र सो पश्चात् अर्को एक पटक अनुगमन गर्दा सुधार नभएमा क्रेडिट रेटिङ्ग संस्थाले रेटिङ्ग फिर्ता लिन सक्ने छ ।

२४. **आन्तरिक आचारसंहिता बनाई लागू गर्नेः** (१) धितोपत्रको भित्री कारोबार, जालसाजी, भ्रामक विवरण दिने लगायतका ऐन नियमको व्यवस्था उल्लंघन हुने गरी अस्वस्थ कारोबारमा संलग्न हुन नदिन क्रेडिट रेटिङ्ग संस्थाले आफ्नो कर्मचारीहरुको धितोपत्र कारोबार अनुगमन लगायतका लागि आन्तरिक आचार संहिता बनाई लागू गर्नु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम लागू गरिएको आचारसंहिताको बोर्डलाई जानकारी गराउनुपर्ने छ ।

२५. **रेटिङ्गको व्याख्या तथा जवाफदेहिता सार्वजनिक गर्नेः** प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले कुनैपनि संगठित संस्थाको रेटिङ्गको परिणाम सार्वजनिक गर्दा देहाय बमोजिम गर्नु पर्ने छः–

(क) रेटिङ्गको संकेतको परिभाषा, वर्गीकरण तथा प्रयोग गरिने संकेत बोर्डलाई जानकारी गराएर मात्र सार्वजनिक गर्ने,

(ख) रेटिङ्गको अर्थ कुनै धितोपत्र खरिद गर्ने, स्वामित्वमा राख्ने वा बिक्री गर्ने सिफारीश होइन भन्ने कुरा सम्बन्धित सबैलाई जानकारी गराउने,

(ग) रेटिङ्ग निर्धारण गर्दा सबल र जोखिम पक्षहरुको विश्लेषणसमेत उल्लेख गरिएको रेटिङ्गको औचित्य रेटिङ्ग संस्थाको वेबसाइट मार्फत सार्वजनिक रुपमा उपलब्ध गराउने ।

२६. **रेटिङ्ग समिति गठन गर्नु पर्नेः** (१) प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले रेटिङ्ग गर्ने प्रयोजनका लागि एक रेटिङ्ग समिति गठन गर्नु पर्ने छ ।

(२) रेटिङ्ग समितिमा रहने सदस्यहरुको योग्यता तथा अयोग्यता क्रेडिट रेटिङ्ग संस्थाका कार्यकारी प्रमुख तथा संचालकभन्दा कम नहुने गरी आवश्यक व्यवस्था गर्नु पर्ने छ ।

(३) रेटिङ्ग समितिमा रहने सदस्य सम्बन्धमा आवश्यक गोप्यता कायम राख्नुपर्ने छ ।

(४) रेटिङ्ग समिति सम्बन्धमा बोर्डलाई आवश्यक जानकारी दिनु पर्ने छ । बोर्डले कुनै निर्देशन दिएमा सोही बमोजिम समितिमा आवश्यक हेरफेर गर्नु पर्ने छ ।

२७. **रेटिङ्गको प्रक्रिया तथा कार्यविधि सम्बन्धमाः** (१) प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले अबलम्बन गर्ने रेटिङ्ग प्रक्रिया तथा कार्यविधि बोर्डलाई जानकारी गराउनु पर्ने छ ।

(२) रेटिङ्ग निर्धारण सम्बन्धी आधारभूत नीति तथा कार्यविधि तयार गरी सार्वजनिक गर्नु पर्ने छ ।

(३) रेटिङ्ग सम्बन्धमा प्रयोग गरिने चिन्ह, संकेत वा कार्यविधिसम्बन्धमा बोर्डलाई पूर्व जानकारी गराउनुपर्ने छ र सो मा कुनै परिवर्तन गर्नु परेमा बोर्डलाई पूर्व जानकारी गराएर मात्र परिवर्त गर्नु पर्ने छ ।

(४) रेटिङ्गमा परिवर्तन गर्ने लगायतका सबै रेटिङ्ग निर्णयहरु रेटिङ्ग समितिले लिने छ । तर, अकस्मात सृजना भएको परिस्थितिमा रेटिङ्गलाई निगरानीमा राख्नुपर्दा रेटिङ्ग संस्थाको प्रमुख कार्यकारी अधिकृतले निगरानीमा राखी रेटिङ्ग समितिलाई जानकारी गराउन सक्नेछ ।

(५) धितोपत्र रेटिङ्ग गर्दा क्रेडिट रेटिङ्ग संस्थाले रेटिङ्ग यथार्थ तथा उपयुक्त होस् भन्ने सुनिश्चित गर्न परिपालना अभ्यास अपनाउनुपर्ने छ ।

(६) ग्राहकको धितोपत्रको निर्धारित रेटिङ्ग तथा रेटिङ्गमा परिवर्तन भएमा सो को जानकारी बोर्ड तथा स्टक एक्सचेन्जलाई र सार्वजनिक जानकारीका लागि प्रेश विज्ञप्ति र वेबसाइट मार्फत सूचना प्रवाहित गर्नु पर्ने छ ।

२८. **गोप्यतासम्बन्धमा:**प्रचलित कानुनबमोजिम बोर्ड, अदालत वा अन्य निकायमा पेश गर्नु पर्ने अवस्थामा बाहेक क्रेडिट रेटिङ्ग संस्थाले आफ्नो ग्राहकले दिएको जानकारीको गोप्यता कायम राख्नुपर्ने छ ।

२९. **क्रेडिट रेटिङ्ग संस्थाले आचारसंहिता पालना गर्नु पर्ने:** क्रेडिट रेटिङ्ग संस्थाले अनुसूची-१० बमोजिमको आचारसंहिताको पूर्ण पालना गर्नु पर्ने छ ।

३०. **सेवाशुल्क:** (१) क्रेडिट रेटिङ्ग संस्थाले क्रेडिट रेटिङ्ग सम्बन्धी सेवा प्रदान गरे वापत अनुसूची-९ बमोजिम सेवा शुल्क लिन सक्नेछ ।

(२) क्रेडिट रेटिङ्ग संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र उक्त आर्थिक वर्षमा उपनियम (१) बमोजिम क्रेडिट रेटिङ्ग व्यवसायबाट प्राप्त गरेको कुल सेवा शुल्कको तीन प्रतिशत रकम बोर्डमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-६
## वित्तीय विवरण, लेखा परीक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

३१. **हिसाव किताव र अभिलेख दुरुस्त राख्नुपर्ने:** प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले प्रचलित कानुन बमोजिम राख्नुपर्ने हिसाबको अतिरिक्त देहाय बमोजिमको विवरणहरु दुरुस्त अभिलेख गरी कम्तीमा पाँच बर्षको समयावधिसम्म सुरक्षित रुपमा राख्नुपर्ने छ :-

(क) प्रत्येक ग्राहकसँग गरिएको सम्झौताको प्रति,

(ख) प्रत्येक ग्राहकले प्रदान गरेका जानकारी तथा विवरणहरु,

(ग) प्रत्येक ग्राहकसँग गरेको क्रेडिट रेटिङ्गसँग सम्बन्धित पत्राचारहरु,

(घ) विभिन्न धितोपत्रहरुको लागि निर्धारण गरिएको रेटिङ्ग र त्यसमा भएको हेरफेर वा परिवर्तन

(ङ) रेटिङ्ग समितिको ठहर वा निर्णय ,

(च) रेटिङ्ग समितिको निर्णयहरु तथा त्यसपछि निष्काशनकर्तासँग गरिएका पत्राचार,

(छ) बोर्डले तोकिदिएका अन्य कुराहरु ।

३२. **लेखापरीक्षक तथा लेखापरीक्षणसम्बन्धी व्यवस्था:** (१) चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त गरेको लेखापरीक्षक मात्र क्रेडिट रेटिङ्ग संस्थाको लेखापरीक्षकको रुपमा नियुक्त हुन योग्य हुनेछ ।

(२) क्रेडिट रेटिङ्ग संस्थाले लेखा परीक्षकको नियुक्ति गरेको पन्ध्र दिनभित्र बोर्डलाई सो सम्बन्धी जानकारी पठाइसक्नु पर्ने छ ।

(३) लेखा परीक्षकले क्रेडिट रेटिङ्ग संस्थाको लेखापरीक्षण गर्दा लेखापरीक्षणसम्बन्धी प्रचलित मुल्य मान्यता र मापदण्ड अनुसार गर्नु पर्ने छ ।

(४) बोर्डले क्रेडिट रेटिङ्ग संस्थाको लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनमा थप विवरणहरु खुलाउनु पर्ने गरी तोकिदिन सक्नेछ ।

**३३ विवरण तथा प्रतिवेदन पेश गर्नु पर्नेः** (१) प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र क्रेडिट रेटिङ्ग सम्बन्धी विवरणहरु समावेश भएको लिखित त्रैमासिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(२) क्रेडिट रेटिङ्ग संस्थाले उपनियम (१) बमोजिमको प्रतिवेदनको अतिरिक्त बोर्डले समय समयमा मागेका अन्य जानकारी, विवरण तथा संस्थासँग सम्बन्धी कुराहरुमा माग गरिएको स्पष्टीकरणहरु बोर्डलाई लिखित रुपमा उपलव्ध गराउनुपर्ने छ ।

(३) क्रेडिट रेटिङ्ग संस्थाले देहायका कुराको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्ने छः-

(क) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख प्रचलित कानुन बमोजिम कुनै कारबाहीमा परेमा,

(ख) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा,

(ग) क्रेडिट रेटिङ्ग संस्थाको व्यवस्थापन वा संगठन ढाँचामा कुनै परिवर्तन भएमा,

(घ) क्रेडिट रेटिङ्ग संस्थामा नियम पालना अधिकृतको नियुक्ति वा परिवर्तन भएमा ।

(४) यस नियम बमोजिम क्रेडिट रेटिङ्ग संस्थाले पेश गर्नु पर्ने विवरण सम्बन्धमा बोर्डले समय समयमा ढाँचा तोकिदिन सक्नेछ ।

**३४. क्रेडिट रेटिङ्ग संस्थाले गर्न नहुने तथा जानकारी प्रवाह गर्नु पर्नेः** (१) क्रेडिट रेटिङ्ग संस्थाले आफ्नो वा आफ्नो संस्थापक सेयरधनी, मूख्य सेयरधनी वा आफ्नो मुख्य संस्था वा सहायक संस्थाहरुको क्रेडिट रेटिङ्ग गर्नु हुदैन ।

(२) क्रेडिट रेटिङ्ग संस्थाले आफ्नो मुख्य शेयरधनी वा मुख्य शेयरधनी कुनै कम्पनीमा आधारभूत शेयरधनी भएमा त्यस्तो कम्पनीको क्रेडिट रेटिङ्ग गर्न पाउने छैन ।

**स्पष्टिकरण :** आधारभूत शेयरधनी भन्नाले प्रचलित कम्पनी ऐनमा भएको व्यवस्था बमोजिमको आधारभूत शेयरधनीलाई जनाउने छ ।

(३) क्रेडिट रेटिङ्ग गराउने ग्राहक देहाय अनुसारका भएमा क्रेडिट रेटिङ्ग संस्थासँग कुन किसिमको सम्बन्ध रहेको छ सो सम्बन्धी व्यहोरा रेटिङ्ग उद्घोषणमा खुलाउनुपर्ने छः–

(क) क्रेडिट रेटिङ्ग संस्था वा संस्थाका संचालक वा कार्यकारी प्रमुखको व्यक्तिगत रुपमा कुनै वित्तीय स्वार्थ भएमा,

(ख) क्रेडिट रेटिङ्ग संस्था वा यसका मूख्य शेयरधनी, ग्राहक कम्पनीको एसोसिएट कम्पनी रहेको भएमा,

**स्पष्टिकरणः** यस उपनियमको प्रयोजनका लागि “एसोसियट” भन्नाले क्रेडिट रेटिङ्ग संस्थासँग सम्बन्धित देहायको व्यक्तिलाई जनाउने छः-

१. प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफैले वा आफूसहित आफ्नो एकाघरको परिवारको सदस्यसमेत मिली क्रेडिट रेटिङ्ग संस्थाको कम्तीमा दश प्रतिशत शेयर स्वामित्व ग्रहण गरेको वा मताधिकार प्राप्त गरेको, वा

२. क्रेडिट रेटिङ्ग संस्था आफै वा मूख्य कम्पनी वा सहायक कम्पनीसँग मिलेर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दश प्रतिशतभन्दा कम नहुने गरी शेयर स्वामित्व ग्रहण गरेको वा मताधिकार प्राप्त गरेको कम्पनी ।

## परिच्छेद-७

## विविध

**३५. लेखापरीक्षकलाई कारबाही गर्न सक्ने:** कुनै लेखापरीक्षकले लेखापरीक्षण गर्दा यस नियमावली बमोजिम लेखापरीक्षण नगरेमा त्यस्तो लेखापरीक्षकको सम्बन्धमा आवश्यक कारबाही गर्न बोर्डलाई मनासिब लागेमा कारबाहीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था समक्ष लेखी पठाउनेछ ।

**३६. स्वामित्व परिवर्तन सम्बन्धी व्यवस्था:** क्रेडिट रेटिङ्ग संस्थाको शेयरधनीको स्वामित्व हस्तान्तरण तथा नामसारी सम्बन्धी व्यवस्था बोर्डका अन्य नियमावलीले तोके बमोजिम र सो नभएको अवस्थामा बोर्डको निर्देशानुसार हुनेछ ।

**३७. नियमन गर्ने अधिकार:** बोर्डलाई क्रेडिट रेटिङ्ग सम्बन्धमा नियमन गर्ने पूर्ण अधिकार हुनेछ ।

**३८. प्रवन्धपत्र नियमावलीमा संशोधन:** क्रेडिट रेटिङ्ग संस्थाले बोर्डको पूर्व स्वीकृति लिई आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा रहेका व्यवस्थाहरु संशोधन गर्न सक्नेछ र त्यसरी संशोधन कम्पनी रजिष्ट्ररको कार्यालयमा अभिलेख गरेको जानकारी तीस दिनभित्र बोर्डमा पेश गर्नु पर्ने छ ।

**३९. अनूसुचीमा हेरफेर वा थपघट:** बोर्डले आवश्यकता अनुसार यस नियमावलीका अनुसूचीहरुमा हेरफेर वा थपघट गर्नसक्ने छ ।

**४०. बाधा अड्काउ फुकाउने**: यस नियमावली अनुसार काम गर्दा गराउँदा कुनै कठिनाई वा अवरोध आएमा बोर्डले बाधा अड्काउ फुकाउन आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ ।

## अनुसूची–१

(नियम ६ संग सम्बन्धित)

**क्रेडिट रेटिङ्ग संस्था संचालन गर्ने अनुमति लिनको लागि दिने निवेदनको ढाँचा**

मितिः.....................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

**बिषयः अनुमतिपत्र पाउँ ।**

यस संस्थाले धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही क्रेडिट रेटिङ्ग संस्थाको रुपमा काम गर्न चाहेकोले लाग्ने दस्तुर, विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानी जानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानुनबमोजिम सहुँला बुझाउँला ।

कार्यकारी प्रमुखः

नामः दस्तखतः

निवेदक संगठित संस्थाको नाम :..............................

ठेगानाः अंचल................................जिल्ला .....................................

गा.वि.स./न.पा..................................

टोल.......................वडा नं.........ब्लक नं......... फोन नंः................. फ्याक्सः.................इमेल ...................

रजिष्टर्ड कार्यालयः

संगठित संस्थाको छापः

## अनुसूची– २

(नियम ६, नियम १० को उपनियम (१) र नियम ११ संग सम्बन्धित)

**अनुमतिपत्र तथा नवीकरण दस्तुर**

| | | |
|---|---|---|
| १. निवेदन दस्तुर | १०,०००/- | (दश हजार रुपैयाँ ) |
| २. अनुमतिपत्र दस्तुर | १,५०,०००/- | (एक लाख पचास हजार रुपैयाँ ) |
| ३. नवीकरण शुल्क | १,००,०००/- | (एक लाख रुपैयाँ ) |

## अनुसूची– ३

(नियम ६ को खण्ड (ग) संग सम्बन्धित)

**कार्यकारी प्रमुख, संस्थापक तथा संचालक समितिका पदाधिकारीहरुको विवरण**

१. नामः

२. स्थायी ठेगानाः अंचल....................जिल्ला ........................
गा. वि.स. ⁄ न.पा. ........................ ट ो ल . . . . . . . . . . . . . . . . . . . .
वडा नं.........घर ⁄ ब्लक नं......... फोन नंः................
फ्याक्सः........................
इमेल .................

३. हालको ठेगानाः अंचल....................जिल्ला ........................
गा.वि.स. ⁄ न.पा............................
टोल....................वडा नं.........घर ⁄ ब्लक नं......... फोन नंः................
फ्याक्सः.........................
इमेल .................

४. बाबु तथा आमाको नामः

५. बाजेको नामः

६. पति वा पत्निको नामः

७. शैक्षिक योग्यताः

८. कार्यअनुभवः

९. तालिम

१०. अन्य कम्पनी वा संगठित संस्थामा संस्थामा १ प्रतिशत वा सो भन्दा बढी स्वामित्व वा कुनै लाभको पदमा रहेको भए तत्सम्बन्धी विवरणः

११. निवेदक संस्था वा संगठित संस्थाको अन्य संस्थापक, संचालक वा कार्यकारी प्रमुखसंग कुनै नाता सम्बन्ध भए सो सम्बन्धी विवरणः

१२. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धी कानुन तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारबाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः

१३. क्रेडिट रेटिङ्ग संस्थाको कार्यकारी प्रमुख तथा संचालक समितिका पदाधिकारीको रुपमा काम गर्न योग्यता पुरा भएको उद्घोषणः

दस्तखतः ..........................

संलग्न गर्नु पर्ने कागजातः

१. योग्यता र अनुभव प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसूची– ४

(नियम ६ को खण्ड (घ) संग सम्बन्धित)

**संस्थापक कम्पनी वा संगठित संस्थाको सम्बन्धमा पेश गर्नु पर्ने विवरण तथा कागजात**

फोटो

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) प्रबन्धपत्र र नियमावली,

(ग) संस्थापकहरुवीच क्रेडिट रेटिङ्ग संस्था संस्थापन गर्ने सम्बन्धमा कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

(घ) क्रेडिट रेटिङ्ग संस्था संचालनका लागि तयार गरिने पूर्वाधार सम्बन्धी देहायको विवरणः-

१. कार्यालय रहने स्थान तथा कार्यालयले ओगटने क्षेत्रफल सम्बन्धी विवरण,

२. संगठन संरचना तथा कार्य बिभाजन सम्बन्धमा गरिने व्यवस्था,

३. क्रेडिट रेटिङ्ग सम्बन्धी सेवा संचालनका लागि तयार गरीने कार्यालय उपकरण तथा प्रविधि सम्बन्धी विवरण,

४. क्रेडिट रेटिङ्ग गरिएका धितोपत्र वा अन्य उपकरणहरुको अभिलेख राख्ने तथा अभिलेखको सुरक्षाका लागि गरिने व्यवस्था,

५. क्रेडिट रेटिङ्ग सम्बन्धी सेवा सञ्चालनका लागि व्यवस्था गरिने जनशक्ति सम्बन्धी विवरण ।

## अनुसूची–५

(नियम ८ को उपनियम (१) को खण्ड (घ) संग सम्बन्धित)

**जनशक्ति सम्बन्धी विवरण**

| क्र.सं. | पुरा नाम | ठेगाना | पद | कार्य जिम्मेवारी | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची– ६

(नियम १० को उपनियम (२) संग सम्बन्धित)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

**क्रेडिट रेटिङ्ग संस्थाको अनुमतिपत्र**

अनुमतिपत्र नं. …………

…………………………मा मुख्य कार्यालय रहेको श्री………………………………लाई धितोपत्र सम्बन्धी ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका तथा अन्य प्रचलित कानुनको अधीनमा रही क्रेडिट रेटिङ्ग संस्थाको रुपमा कार्य गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ । नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको वहाली………………सम्म हुनेछ ।

आधिकारिक दस्तखतः

नामः

पदः

मितिः

बोर्डको छापः

## अनुसूची–७

(नियम ११ को उपनियम (१) संग सम्बन्धित)

**अनुमतिपत्रको नवीकरणको लागि दिने निवेदनको ढाँचा**

मितिः ………………….

श्री नेपाल धितोपत्र बोर्ड

……………………….. ।

**बिषयः अनुमतिपत्र नवीकरण गरी पाउँ ।**

क्रेडिट रेटिङ्ग संस्था नियमावली, २०६८ बमोजिम क्रेडिट रेटिङ्ग संस्थाको रुपमा कार्य गर्न तहाँबाट प्राप्त अनुमतिपत्र मिति . . . . . . . . सम्म कायम रहेकोले नवीकरण गरी पाउनका लागि अनुमतिपत्र तथा बार्षिक शुल्क यसै साथ संलग्न गरी पेश गरेको छु ।

आधिकारिक दस्तखत :

नाम :

पद :

संगठित संस्थाको छापः

## अनुसूची– ८

(नियम ४ को उपनियम (३) संग सम्बन्धित्)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

**विदेशमा स्थापित क्रेडिट रेटिङ्ग संस्थालाई प्रदान गरिने सहमतिपत्र**

सहमतिपत्र नं. …………

…………………………मा मुख्य कार्यालय रहेको श्री………………………………लाई धितोपत्र सम्बन्धी ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका तथा अन्य प्रचलित कानुनको अधीनमा रही क्रेडिट रेटिङ्गको कार्य गर्न संयुक्त लगानीमा कम्पनी स्थापना गर्न यो सहमतिपत्र प्रदान गरिएको छ ।

आधिकारिक दस्तखत:

नाम:

पद:

मिति:

बोर्डको छाप:

बोधार्थ तथा कायार्थ :

श्री नेपाल सरकार

कम्पनी रजिष्ट्रारको कार्यालय : यस बोर्डमा नियमानुसार अनुमति पत्र प्राप्त गरेपछि क्रेडिट रेटिङ्ग व्यवसाय संचालन गर्न पाउने गरी संयुक्त लगानी कम्पनी स्थापना कार्य अगाडी बढाईदिनु हुन ।

## अनुसूची– ९

(नियम ३० को उपनियम (१) संग सम्बन्धीत)

**क्रेडिट रेटिङ्ग संस्थाले लिन सक्ने शुल्क**

**क. शेयर, अग्राधिकार (प्रिफरेन्स) शेयर, डिवेन्चर, ऋणपत्र वा अन्य धितोपत्र**

रेटिङ्ग शुल्क (पहिलो वर्षको लागि) -निष्काशन रकमको अधिकतम ०.१० प्रतिशत वा न्यूनतम एक लाख पचास हजार रुपैयाँ ।

रेटिङ्ग अनुगमन शुल्क (वार्षिक)-निष्काशन रकमको अधिकतम ०.०१ प्रतिशत वा न्यूनतम पचास हजार रुपैयाँ ।

**ख. ऋणको लागि कुल ऋण रकमको**- अधिकतम ०.१० प्रतिशत वा न्यूनतम एक लाख पचास हजार रुपैयाँ ।

**ग. अन्य धितोपत्र वा उपकरण**

उपरोक्त सीमाभित्र रही क्रेडिट रेटिङ्ग संस्थाले बोर्डको पूर्व स्वीकृती लिएर अन्य धितोपत्र वा उपकरणको लागि आवश्यक रेटिङ्ग शुल्क तोक्न सक्नेछ ।

नोट:

विविध खर्च र रेटिङ्गको क्रममा परियोजना मूल्यांकन गर्नु परेमा लिने शुल्क तथा कर सम्बन्धमा सम्झौतामा स्पष्ट उल्लेख गरी क्रेडिट रेटिङ्ग संस्थाले शुल्क लिनसक्ने छ ।

# अनुसूची– १०

(नियम २९ संग सम्बन्धित)

**क्रेडिट रेटिङ्ग संस्थाले पालना गर्नु पर्ने आचार संहिता**

(१) क्रेडिट रेटिङ्ग संस्थाले लगानीकर्ताको हित संरक्षण गर्न पूर्ण प्रयास गर्नु पर्ने छ।

(२) व्यवसाय संचालनमा उच्चस्तरको व्यवसायिक Intrigity, dignity, मर्यादा अपनाउनुपर्ने।

(३) नैतिक तथा व्यवसायिक रुपमा आफ्नो अभिभारा निभाउनुपर्ने।

(४) बस्तुपरक तथा निष्पक्ष रेटिङ्ग प्रक्रियाको लागि प्रत्येक समय उपयुक्त होसियारी र निष्पक्ष व्यवसायिक निर्णय गर्नु पर्ने,

(५) तर्क संगत र पर्याप्त आधारमा रेटिङ्ग मुल्याङ्कन गर्ने र आफ्नो निर्णयमा पुग्न सहयोगी भएका अभिलेख सुरक्षित राख्ने,

(६) एकरुपता तथा उपयुक्त रेटिङ्गस्तर प्रतिविम्बित गर्ने रेटिङ्ग प्रक्रिया स्थापित गर्ने,

(७) अस्वस्थ्य प्रतिस्पर्धा नगर्ने तथा अन्य रेटिङ्ग संस्थाको ग्राहकलाई उसले मागेको रेटिङ्ग दिने निश्चित गरी आफूतिर नतान्ने,

(८) ग्राहकको महत्वपूर्ण परिवर्तनको आंकलन राख्ने र समयमै यथार्थ र उपयुक्त रेटिङ्ग गर्ने, दक्ष र उत्तरदायी हुने व्यवस्था विकास गर्नुका साथै ग्रहकको शाखस्तर (क्रेडिट वर्थीनेस) मा असर पार्ने खालको सम्बन्धित तत्वहरुको सुक्ष्म अनुगमन गर्ने,

(९) पत्रिका तथा वेबसाइटमार्फत् रेटिङ्ग तरिकाको जानकारी प्रवाहित गर्ने,

(१०) रेटिङ्गलाई यथार्थ वस्तुगत तथा निष्पक्ष बनाउने तथा कर्तव्य तथा स्वार्थ बाझिने सम्बन्धमा ग्राहकलाई आवश्यक जानकारी गराउने,

(११) मौखिक वा लिखित रुपमा आफ्नो योग्यता वा कुनै सेवा प्रदान गर्ने क्षमताबारे तथा अन्य ग्राहकलाई पुऱ्याएको सेवा बारे बढाइचढाई प्रस्तुत नगर्ने,

(१२) बोर्ड, स्टक एक्सचेन्ज तथा सर्वसाधारणलाई कुनै असत्य विवरण नदिने, तात्विक विवरण नलुकाउने तथा गलत अर्थ लाग्ने विवरण, प्रतिवेदन, कागजात वा सूचना प्रवाहित नगर्ने,

(१३) नियमकानुन तथा बोर्ड वा अन्य नियमन निकायको निर्देशन उलंघन भएको वा पालना नभएको कारणबाट भएको सजाय वा कानूनी कारबाही अबिलम्ब बोर्डलाई जानकारी गराउने व्यवस्था सुनिश्चित गर्ने,

(१४) आफूले गरेका कामकारबाहीसंग सम्बन्धित ऐन, नियम, परिपत्रको सम्बन्धमा उपयुक्त स्तरको बुझाई तथा सक्षमता राख्ने तथा पालना गर्ने,

(१५) रेटिङ्ग निर्धारण तथा परिवर्तनसहित विशेष जानकारी दुरुपयोग हुन नपाउने व्यवस्था सुनिश्चित गर्ने,

(१६) क्रेडिट रेटिङ्ग संस्था स्वयं वा यसका कुनै पनि कर्मचारीले प्रत्यक्ष वा अप्रत्यक्ष कुनै खास

धितोपत्रको सम्बन्धमा सार्वजनिक पहुँचको माध्यमले लगानी परामर्श दिन नहुने,

(१७) बोर्डले क्रेडिट रेटिङ्ग संस्थाको अनुमति खारेज गरेमा वा सजाय गरेकोमा ग्राहक लगानीकर्ताको हितमा गम्भिर प्रभाव पार्ने गरी वित्तीय स्थितिमा परिवर्तन भएमा अबिलम्ब ग्राहकलाई जानकारी दिने र प्रभावित ग्राहक/लगानीकर्ताले चाहे बमोजिम बाँकी रहेको कार्यहरु सम्बन्धमा अन्य व्यवसायीलाई हस्तान्तरण हुन सक्ने व्यवस्था सुनिश्चित गर्ने,

(१८) क्रेडिट रेटिङ्ग संस्थाले आफूले गर्ने रेटिङ्ग कार्य र अन्य कार्यहरु बीचमा खिचोला नहुने गरी स्पष्ट, स्वतन्त्र तथा उचित दुरी कायम राख्नुपर्ने,

(१९) बोर्डले क्रेडिट रेटिङ्ग संस्थाले आफ्नो आन्तरिक कारोबार संचालनका लागि तथा अधिकृत तहका कर्मचारीको संस्थाको आन्तरिक तथा रेटिङ्ग उद्योगको हिस्साको रुपमा उपयुक्त आचारसंहिता विकास गर्ने । यस्तो आचारसंहिता व्यवसायिक उच्चता तथा गुणस्तर, गोप्यता, बस्तुपरक, हित बाझ्ने स्थिति रहन नदिने, शेयर स्वामित्व र निहित स्वार्थको जानकारी प्रवाहित गर्ने सम्बन्धी व्यवस्थाहरु समेट्ने,

(२०) क्रेडिट रेटिङ्ग संस्थाले यसको नियमपालना अधिकृतलाई निजको कर्तव्य पूरा गर्न पर्याप्त स्वतन्त्रता र अधिकार प्रदान गर्ने,

(२१) आफूले संचालन गरेको व्यवसाय सम्बन्धमा उच्च व्यवस्थापन, खास गरी निर्णयकर्तालाई आवधिक रुपमा सम्पूर्ण सान्दर्भिक जानकारी दिने र सुनिश्चित गर्ने,

(२२) क्रेडिट रेटिङ्ग संस्थाले सुशासन तथा असल कर्पोरेट नीति अपनाउने पद्धति सुनिश्चित गर्ने,

(२३) निष्काशनकर्ताले निजी तबरबाट रेटिङ्ग गराएको खण्डमा त्यस्तो रेटिङ्गको गोप्यता निर्वाह गर्ने तथा त्यस्को प्रचार प्रसार नगर्ने,

(२४) निष्काशनकर्ताको सहमति वा सहभागिता बिना गरिने रेटिङ्गको लागि छुट्टै संकेत प्रयोग गर्ने र त्यस्तो रेटिङ्गको प्रकृतिबारे विवरण प्रवाहित गर्ने,

(२५) निष्काशनकर्तालाई रेटिङ्ग स्वीकार गर्ने वा नगर्ने अवसर प्रदान गरी अन्तरक्रियात्मक रेटिङ्ग गरिएको अवस्थामा अस्वीकार गरिएको रेटिङ्ग पूर्णतः गोप्य राख्ने तथा बोर्ड वा अदालतले निर्देशन गरेकोमा बाहेक विवरण प्रवाहित नगर्ने,

(२६) क्रेडिट रेटिङ्ग संस्थाले धितोपत्र बजार र खास गरी आफूले रेटिङ्ग गरेका धितोपत्र सम्बन्धमा देहाय बमोजिमका प्रभावित पार्ने कार्य नगर्नेः-

(क) झुठा बजार सृजना गर्ने,

(ख) मुल्यमा उतारचढाव गर्ने,

(ग) निर्धारण गरिएको रेटिङ्ग प्रयोजनका लागि बाहेक स्टक एक्सचेन्जमा सूचीकृत भएका वा सूचीकृत हुने धितोपत्रको सम्बन्धमा सार्वजनिक नभएका मुल्य सम्वेदनशील सूचना प्रवाहित गर्ने ।

❖❖❖

लागू मिति: २०७३।०८।०१
पहिलो संशोधन मिति २०७४।०१।२२
दोस्रो संशोधन मिति २०७५।११।०१
तेस्रो संशोधन लागु मिति २०७६।११।०१
चौथो संशोधन लागु मिति २०७७।०८।२५
पाँचौ संशोधन लागु मिति २०७९।०१।११
छैठौं संशोधन लागु मिति : २०७९।०५।२६

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अन्तर्राष्ट्रिय वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम नेपालमा ऋणपत्र जारी गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त गरेको अन्तर्राष्ट्रिय वित्तीय संस्था सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "प्रत्याभूति" भन्नाले संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको धितोपत्र बिक्री नभएको अवस्थामा त्यस्तो धितोपत्र खरिद गर्ने गरी धितोपत्र व्यवसायीले गरेको करार सम्झनु पर्छ ।

(घ) "निर्देशिका" भन्नाले धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी निर्देशिका सम्झनु पर्छ ।

(ङ) "विनियम" भन्नाले ऐन बमोजिम जारी भएको विनियम सम्झनु पर्छ ।

(च) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, नाफा नोक्सान हिसाब, बाँडफाँड तथा नगद प्रवाह विवरण सम्झनु पर्छ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण, लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणी समेतलाई जनाउँछ ।

[१](छ) "बुक बिल्डिङ्ग बिधि" भन्नाले संगठित संस्थाले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा धितोपत्रको निष्काशन मूल्य निर्धारण गरिने बिधि वा प्रक्रियालाई जनाउँछ ।

---

१ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

## परिच्छेद-२
## धितोपत्र दर्ता सम्बन्धी व्यवस्था

३. **<u>धितोपत्र दर्ता गराउन निवेदन दिनु पर्ने</u> :** (१) ऐनको दफा २७ को प्रयोजनको लागि धितोपत्र दर्ता गराउने संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ अनुसूची-२ मा उल्लिखित निवेदन दस्तुर बापतको रकम बोर्डको खातामा जम्मा गरेको बैंक भौचर तथा त्यस्तो संगठित संस्थाको अख्तियार प्राप्त अधिकारीले प्रमाणित गरेको देहायका विवरण तथा कागजात समेत संलग्न गर्नु पर्नेछ :-

(क) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम संस्थापित संगठित संस्था भए सो संगठित संस्थाको अद्यावधिक प्रबन्धपत्र र नियमावली,

(ख) विशेष ऐनद्वारा संस्थापित संगठित संस्था भए सो संगठित संस्था सञ्चालन सम्बन्धी नियम वा विनियम,

(ग) संगठित संस्थाको सञ्चालक समितिबाट धितोपत्र दर्ता गराउने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि,

(घ) संगठित संस्थाको सञ्चालक समितिले धितोपत्र दर्ता गराउने सम्बन्धमा दिएको अख्तियारी,

(ङ) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,

४. **<u>धितोपत्र दर्ता गर्ने</u> :** (१) नियम ३ बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न विवरण तथा कागजातका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा संगठित संस्थासँग थप विवरण वा कागजात माग गर्नु पर्ने वा कुनै कुरा स्पष्ट हुनु पर्ने देखिएमा बोर्डले त्यस्तो संगठित संस्थासँग थप विवरण वा कागजात माग गर्न वा कुनै कुरा स्पष्ट गराउन आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त विवरण वा कागजातको जाँचबुझ गर्दा त्यस्तो संगठित संस्थाको धितोपत्र दर्ता गर्न उपयुक्त हुने देखिएमा बोर्डले अनुसूची-२ मा उल्लिखित धितोपत्रको प्रकार अनुसारको धितोपत्र दर्ता दस्तुर बुझाउन त्यस्तो संगठित संस्थालाई सूचित गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचना प्राप्त भएपछि संगठित संस्थाले अनुसूची-२ मा उल्लिखित धितोपत्र दर्ता दस्तुर एक्काइस दिन भित्र बोर्डको खातामा जम्मा गरेको बैंक भौचर बोर्डमा बुझाउनु पर्नेछ ।

(५) संगठित संस्थाले उपनियम (४) बमोजिम धितोपत्र दर्ता दस्तुर बुझाएमा बोर्डले अनुसूची-३ बमोजिमको दर्ता किताबमा त्यस्तो संगठित संस्थाको धितोपत्र दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा सात कार्य दिन भित्र धितोपत्र दर्ता प्रमाणपत्र संगठित संस्थालाई दिनेछ ।

५. **<u>धितोपत्र दर्ता नहुने भएमा सो को जानकारी दिनु पर्ने</u> :** (१) नियम ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित संस्थाको धितोपत्र दर्ताको लागि निवेदन साथ प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्दा त्यस्तो संगठित संस्थाको धितोपत्र दर्ता गर्न मनासिब नदेखिएमा बोर्डले त्यस्तो संगठित संस्थाको धितोपत्र दर्ता गर्ने छैन ।

(२) उपनियम (१) बमोजिम धितोपत्र दर्ता नगरेमा बोर्डले सोको कारण सहितको जानकारी धितोपत्र दर्ता नगर्ने निर्णय गरेको मितिले सात दिन भित्र सम्बन्धित संगठित संस्थालाई दिनु पर्नेछ ।

६. **<u>धितोपत्र पुनः दर्ता गर्नु पर्ने</u> :** (१) नियम ४ बमोजिम धितोपत्र दर्ताको प्रमाणपत्र प्राप्त गरेका संगठित संस्थाहरु गाभिएमा त्यसरी गाभिँदा कुनै एक संगठित संस्थाको नाम कायम भएमा वा नयाँ नाम कायम हुन आएमा त्यस्तो संगठित संस्थाले कायम भएको नाम वा परिवर्तित नयाँ नामबाट धितोपत्र दर्ता गर्नको लागि अनुसूची-२ मा उल्लिखित निवेदन दस्तुर तथा बोर्डले तोकेको विवरण वा कागजात सहित बोर्ड समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न विवरण वा कागजातहरु उपर बोर्डले आवश्यक जाँचबुझ गर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा संगठित संस्थासँग थप विवरण वा कागजात माग गर्न वा कुनै कुरा स्पष्ट गर्न आवश्यक देखिएमा बोर्डले त्यस्तो संगठित संस्थालाई थप विवरण वा कागजात पेश गर्न वा कुनै कुरा स्पष्ट गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम माग गरेको विवरण वा कागजात वा कुनै कुरा स्पष्ट गर्न दिएको निर्देशन बमोजिम सम्बन्धित संगठित संस्थाले विवरण वा कागजात वा जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(५) बोर्डले उपनियम (२) वा (३) बमोजिम जाँचबुझ गरी अनुसूची-३ बमोजिमको दर्ता किताबमा कायम हुन आएको नाम वा परिवर्तित नाममा संगठित संस्थाको धितोपत्र दर्ता गरी नियम ७ बमोजिम थप दस्तुर लिनु पर्ने भए सो समेत लिई त्यस्तो संगठित संस्थालाई अनुसूची-४ बमोजिमको ढाँचामा धितोपत्र दर्ता प्रमाणपत्र दिनेछ ।

(६) उपनियम (५) बमोजिम धितोपत्र दर्ता भए पछि सो नयाँ धितोपत्र दर्ता हुनु अघि कायम रहेका संगठित संस्थाहरुको नाम र सो सँग सम्बन्धित विवरण अनुसूची–३ बमोजिमको धितोपत्र दर्ता किताबबाट हटाइनेछ ।

(७) बोर्डका धितोपत्र दर्ता गराएका संगठित संस्था गाभिने र गाभ्ने सम्बन्धमा सो को प्रकृया तथा धितोपत्रको दर्ता लगायतका व्यवस्था निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

७. **थप दस्तुर बुझाउनु पर्ने** : संगठित संस्थाले नियम ६ बमोजिम धितोपत्र दर्ताको नयाँ प्रमाणपत्र प्राप्त गर्दा त्यस्ता संगठित संस्थाहरु गाभिनु अघि संगठित संस्थाहरुले बोर्डमा दर्ता गरेको धितोपत्रको अंकित मूल्य भन्दा बढी मूल्य कायम हुन आएमा सो बढी हुन आएको हदसम्म अनुसूची-२ मा उल्लिखित धितोपत्र दर्ता दस्तुर बुझाउनु पर्नेछ ।

८. **धितोपत्रको बिक्री वा बाँडफाँड सम्बन्धी जानकारी दिनु पर्ने:** (१) ऐनको दफा २८ को उपदफा (१) मा उल्लिखित अवधि भित्र संगठित संस्थाले यस नियमावली बमोजिम दर्ता भएको धितोपत्रको बिक्री वितरण वा बाँडफाँड गरेको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्डलाई जानकारी गराउँदा देहायको विवरण खुलाउनु पर्नेछ :-

(क) धितोपत्र बिक्री वितरण वा बाँडफाँड भएको मिति,

(ख) बिक्री वितरण वा बाँडफाँड गरिएको धितोपत्रको किसिम र संख्या,

(ग) धितोपत्र बिक्री वितरण वा बाँडफाँड गरिएको तरिका,

(घ) धितोपत्र खरीद गर्ने वा प्राप्त गर्ने शेयरधनीको नाम र ठेगाना,

(ङ) धितोपत्र बिक्री वितरण वा बाँडफाँड गर्दा प्राप्त भएको रकम ।

## परिच्छेद-३
## धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धी व्यवस्था

९. **धितोपत्रको सार्वजनिक निष्काशन गर्नु पर्ने :** (१) सम्बन्धित नियामक निकायले अन्यथा तोकेकोमा बाहेक संगठित संस्थाको जारी पूँजीको दश प्रतिशत भन्दा घटी र उनन्चास प्रतिशत भन्दा बढी नहुने गरी शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ) गर्नु पर्नेछ ।

[२](२) बैंकिङ, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्थाले ऐन तथा यस नियमावली बमोजिम धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने भएमा त्यस्तो संगठित संस्थाले आफ्नो उद्देश्य अनुरुप कारोबार सञ्चालन गरेको पूरा एक आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण सार्वजनिक रुपमा प्रकाशन गर्नुका साथै साधारणसभा समेत सम्पन्न गरिसकेको हुनु पर्नेछ ।

तर पूरा आर्थिक वर्षको लेखा परीक्षण गराउँदा नियामक निकायले तोकेको अवधिभित्र सार्वजनिक निष्काशन गर्न नसकिने देखिएमा त्यस्तो संगठित संस्थाको व्यवस्थापनबाट वित्तीय विवरण प्रमाणित गरी सार्वजनिक निष्काशन गर्न बोर्डले स्वीकृति दिन सक्नेछ ।

[३](२क) प्रारम्भिक सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्थाको सञ्चालक तथा एक प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेका शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको हुनु पर्नेछ ।

---

२ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

३ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

(३) बैंकिङ, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्थाले उपनियम (१) बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्दा देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछः-

[४](क) पब्लिक कम्पनीको रुपमा आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई पूरा एक आर्थिक वर्षको अवधि पूरा गरेको,

(ख) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको,

(ग) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको,

(घ) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको,

(ङ) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको,

(च) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको,

(छ) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको,

(ज) संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको,

(झ) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (financial closure) भैसकेको,

(ञ) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्झौता गरिसकेको,

(ट) सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको ।

(४) संगठित संस्थाले आफ्नो जारी पूँजीको दश प्रतिशतसम्मको शेयर उद्योग वा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई बिक्री वितरण गर्नको लागि छुट्याउन सक्नेछ ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि “प्रभावित क्षेत्र” भन्नाले प्रचलित कानून बमोजिम स्थापना गरिएको उद्योग वा सञ्चालन गरिएको आयोजनाको प्रचलित कानून बमोजिम तयार गरिएको वातावरणीय प्रभावमूल्यांकन प्रतिवेदनमा उल्लिखित प्रभावित क्षेत्र सम्झनु पर्छ ।

---

४ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

(५) संगठित संस्थाले उपनियम (४) बमोजिम प्रभावित क्षेत्रका वासिन्दालाई धितोपत्र निष्काशन गर्दा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा प्रभावित क्षेत्रको वर्गिकरण गरिएको भए सो वर्गीकरण बमोजिम प्राथमिकता कायम गरि धितोपत्र निष्काशन गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्रभावित क्षेत्रका वासिन्दालाई बिक्री वितरण गरेको शेयर सार्वजनिक निष्काशन भएको शेयरको बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाईने छैन ।

तर शेयरधनीको मृत्यु भएको कारणबाट एकाघर परिवारको सदस्यमा हस्तान्तरण गर्न वा अंशवण्डा भएको कारणबाट शेयर स्वमित्व परिवर्तन गर्नु पर्ने अवस्था भएमा त्यस्तो धितोपत्रको हस्तान्तरण गर्न सकिनेछ ।

[५](६क) संगठित संस्थाले शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा निष्काशित शेयरको दश प्रतिशत शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि छुट्याई बाँडफाँड गर्नु पर्नेछ ।

[६](६ख) उपनियम (६क) बमोजिम निष्काशित शेयरमा सम्बन्धित व्यक्तिले आवेदन दिँदा बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेभिट्यान्स) बचत खातामार्फत मात्र भुक्तानी गर्नु पर्नेछ ।

[७](६ग) उपनियम (६क) बमोजिम छुट्याएको शेयर बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी जारी गर्नु पर्नेछ ।

(७) संगठित संस्थाले निष्काशन गर्नु पर्ने न्यूनतम धितोपत्र र धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

[८]**९क. शेयर निष्काशन, ऋणपत्र तथा डिबेञ्चर सम्बन्धी विशेष व्यवस्था:** (१) नियम ९ को उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत शेयर स्वामित्व भएको जलविद्युत कम्पनीले देहायको शर्तमा नेपाल सरकारबाट स्वीकृत कार्यक्रम बमोजिम सर्वसाधारणबाट पूँजी संकलन गरी जलविद्युत आयोजना निर्माण गर्न शेयर निष्काशन गर्न सक्नेछः-

(क) नियम ९ को उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ), (च) र (ञ) बमोजिमको शर्त पूरा गरेको,

---

५ धितोपत्र दर्ता तथा निष्काशन (छैठौ संशोधन) नियमावली, २०७९ द्वारा थप गरिएको ।

६ धितोपत्र दर्ता तथा निष्काशन (छैठौ संशोधन) नियमावली, २०७९ द्वारा थप गरिएको ।

७ धितोपत्र दर्ता तथा निष्काशन (छैठौ संशोधन) नियमावली, २०७९ द्वारा थप गरिएको ।

८ धितोपत्र दर्ता तथा निष्काशन (दोस्रो संशोधन) नियमावली, २०७५ द्वारा थप गरिएको ।

(ख) आयोजनाको विस्तृत डिजायन प्रतिवेदन तयार भएको वा आयोजनाको कुल लागत अनुमान र निर्माण अवधि खुलाई तयार गरिएको आधिकारिक विवरण तयार भएको,

(ग) संस्थापकहरुले लिन कबूल गरेको शेयर रकमको कम्तीमा दश प्रतिशत चुक्ता भैसकेको,

(ङ) आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको वा सोको लागि आशयपत्र प्राप्त भएको ।

(२) उपनियम (१) बमोजिमको कम्पनीले प्रचलित कानूनको अधीनमा रही ऋणपत्र तथा डिबेञ्चर उठाउन सक्नेछ ।

[९]९ख. **रेटिङ्ग गराउनु पर्ने :** (१) संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु पूर्व क्रेडिट रेटिङ्ग संस्थामार्फत सो संगठित संस्थाको रेटिङ्ग गराउनु पर्नेछ ।

(२) धितोपत्र बजारको अवस्था तथा लगानीकर्ताको हकहितलाई दृष्टिगत गरी बोर्डले संगठित संस्थाको धितोपत्र वा अन्य उपकरणको समेत रेटिङ्ग गराउन निर्देशन दिन सक्नेछ ।

(३) संगठित संस्थाले उपनियम (१) वा उपनियम (२) बमोजिम प्राप्त रेटिङ्गको परिणाम धितोपत्र निष्काशन गर्नु पूर्व सार्वजनिक रुपमा प्रकाशित हुने विवरणपत्र वा बिक्री प्रस्ताव वा अन्य विवरणमा समावेश गर्नु पर्नेछ ।

१०. **सार्वजनिक निष्काशन खुला रहने अवधिः** (१) ऐन तथा यस नियमावली बमोजिम सार्वजनिक निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि कम्तीमा चार कार्य दिन हुनेछ ।

[१०](२) उपनियम (१) बमोजिमको अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले त्यस्तो दरखास्त खुल्ला भएको मितिले बढीमा पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रभावित क्षेत्रका बासिन्दालाई निष्काशन गरेको शेयर कम्तीमा पन्ध्र दिन र बढीमा तीस दिन खुला राख्नु पर्नेछ ।

११. **विवरणपत्र स्वीकृतिको लागि निवेदन दिनु पर्ने :**(१) संगठित संस्थाले ऐनको दफा ३१ तथा यस नियमावली बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्नका लागि अनुसूची-५ बमोजिमको ढाँचामा विवरणपत्र तयार गर्नु पर्नेछ ।

(२) संगठित संस्थाले उपनियम (१) बमोजिम तयार भएको विवरणपत्र स्वीकृतिको लागि नियम ४३ बमोजिमको प्रशोधन शुल्क बोर्डलाई बुझाएको भौचर संलग्न गरी अनुसूची-६ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

---

९ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

१० धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

(३) उपनियम (२) बमोजिमको निवेदन र विवरणपत्रका साथ देहायको विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः-

(क) संगठित संस्थाको पूँजी संरचना (अधिकृत, जारी र चुक्ता पूँजी) प्रमाणित गर्ने विवरण,

(ख) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम संस्थापित संगठित संस्था भए सो संगठित संस्थाको अद्यावधिक प्रबन्धपत्र र नियमावली,

(ग) विशेष ऐन बमोजिम संस्थापित संगठित संस्था भए सो संगठित संस्था सञ्चालन सम्बन्धी नियम वा विनियम,

(घ) संगठित संस्थाका सम्पूर्ण सञ्चालकले सहीछाप गरेको एक प्रति विवरणपत्र र सोको विद्युतीय प्रति,

(ङ) लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण,

(च) विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण गरी निष्काशन तथा बिक्री प्रबन्धकले दिएको प्रतिवद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट),

(छ) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग भएको सम्झौताको प्रतिलिपि,

(ज) धितोपत्र प्रत्याभूति गरिएको भए सो सम्बन्धी सम्झौतापत्रको प्रतिलिपि ।

(४) उपनियम (२) वा (३) बमोजिम पेश गर्नु पर्ने सम्पूर्ण विवरण तथा कागजात पेश नभएसम्म बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गर्ने सम्बन्धी कारबाही शुरु गर्ने छैन ।

१२. **विवरणपत्रको जाँचबुझः** (१) नियम ११ बमोजिम स्वीकृतिको लागि बोर्ड समक्ष पेश हुन आएको विवरणपत्र सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा विवरणपत्रमा समावेश गर्नुपर्ने कुनै कुरा छुट भएको वा विवरणपत्रमा संशोधन वा थपघट गर्नु पर्ने देखिएमा बोर्डले त्यस्तो कुरा समावेश गर्न वा विवरणपत्रमा आवश्यक संशोधन वा थपघट गर्न संगठित संस्थालाई निर्देशन दिनेछ ।

(३) उपनियम (२) बमोजिम बोर्डले दिएको निर्देशन बमोजिम विवरणपत्रमा संशोधन वा थपघट गरी संगठित संस्थाले परिमार्जित विवरणपत्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

**१३. विवरणपत्रको स्वीकृति र प्रकाशन :** (१) नियम ११ बमोजिम प्राप्त निवेदनसाथ संलग्न विवरणपत्र सम्बन्धमा नियम १२ बमोजिम जाँचबुझ गर्दा विवरणपत्रमा उल्लिखित विषय वा तथ्यहरुको प्रस्तुतिबाट बोर्ड सन्तुष्ट भएमा सात कार्य दिन भित्र त्यस्तो विवरणपत्र प्रकाशन गर्न अनुसूची-७ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ ।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ११ बमोजिमको विवरणपत्रमा उल्लिखित विवरण तथा जानकारीमा लगानीकर्ताको निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन नभएसम्मका लागि मात्र उपनियम (१) बमोजिम स्वीकृत विवरणपत्रमान्य हुनेछ ।

(३) धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको विवरणपत्रमा उल्लिखित विवरणमा सम्बन्धित नियामक निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताको निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी विवरणपत्रमा आवश्यक सुधार एवं संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित विवरणपत्र बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निष्काशनको लागि बिक्री खुल्ला भएको अवधिमा भवितव्य वा अन्य कुनै कारणबाट संगठित संस्थाको स्वीकृत विवरणपत्रमा उल्लिखित विवरणमा तात्विक असर पर्ने गरी परिवर्तन भएमा सम्बन्धित धितोपत्रको लागि आवेदन लिने कार्य स्थगन गरी त्यस्तो घटना र सोबाट परेको प्रभाव एवं परिवर्तन सम्बन्धी विवरण सम्बन्धित लगानीकर्ताको जानकारीको लागि निष्काशन तथा बिक्री प्रबन्धक मार्फत राष्ट्रियस्तरको दैनिक पत्रिकामा अविलम्ब प्रकाशन गर्नु पर्नेछ र सो कुराको जानकारी बोर्डलाई समेत गराउनु पर्नेछ ।

१४. **धितोपत्रको थप सार्वजनिक निष्काशन सम्बन्धी व्यवस्था:** (१) धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गरी सूचीकरण भैसकेको संगठित संस्थाले आफ्नो पूँजी बृद्धि गर्नु परेमा धितोपत्रको थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम धितोपत्रको थप सार्वजनिक निष्काशन गर्न देहायको शर्त पुरा गर्नु पर्नेछ :–

(क) विगत पाँच बर्षमा कम्तीमा पछिल्लो तीनबर्ष खुद मुनाफामा सञ्चालन भई प्रतिशेयर नेटवर्थ प्रतिशेयर चुक्ता पूँजी भन्दा बढी भएको,

(ख) संगठित संस्थाको धितोपत्रको सार्वजनिक निष्काशन भएको तीन वर्ष पूरा भएको,

(ग) धितोपत्रको थप सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा वार्षिक साधारण सभाबाट प्रस्ताव पारित भएको,

(घ) अंकित मूल्य भन्दा बढी मूल्य तोकी निष्काशन गर्ने भएमा मूल्य निर्धारण गरिएको विधि र सोको औचित्य पुष्टि गर्ने आधार उल्लेख भएको ।

(३) संगठित संस्थाले यस नियम बमोजिम धितोपत्रको थप सार्वजनिक निष्काशन गर्दा नियम१३ बमोजिम स्वीकृती लिई विवरणपत्र प्रकाशन गर्नु पर्नेछ ।

[११](४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित नियमनकारी निकायले तोकेको व्यवस्था पूरा गर्नु पर्ने प्रयोजनको लीग अंकित मूल्यमा थप सार्वजनिक निष्काशन गर्ने संगठित संस्थाको हकमा उपनियम (२) को व्यवस्था लागू हुने छैन ।

---

११ धितोपत्र दर्ता तथा निष्काशन (छैठौं संशोधन) नियमावली, २०७९ द्वारा थप गरिएको ।

१५. **आव्हानपत्र प्रकाशन गर्नु पर्ने:** (१) विवरणपत्र वा बिक्री प्रस्ताव प्रकाशन गरी धितोपत्र बिक्री वितरण गर्न चाहने संगठित संस्थाले बोर्डलाई जानकारी दिई निष्काशन तथा बिक्री प्रबन्धक मार्फत कम्तीमा एउटा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा धितोपत्र बिक्री खुल्ला गरिने दिन भन्दा कम्तीमा सात कार्यदिन अगाडि अनुसूची-८ बमोजिमको विवरण खुलाई सार्वजनिक जानकारीको लागि आव्हानपत्र प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आव्हानपत्र वा निष्काशन सम्बन्धी कुनै सूचना प्रकाशन गर्दा संगठित संस्थाले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत निष्काशनसँग सम्बन्धित व्यवस्थापकीय, प्राविधिक र आर्थिक विवरणहरु समेत समावेश गरी वास्तविक तथा यथार्थतामा आधारित सूचना तथा विवरण मात्र प्रकाशन तथा प्रचार प्रसार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रकाशन गरिने आव्हानपत्र वा निष्काशन सम्बन्धी कुनै सूचनाको बारेमा सो सूचना प्रकाशन गरिने मिति भन्दा कम्तीमा एक कार्यदिन अगाडि बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

१६. **प्रचार प्रसार गर्न नपाइने:**यस नियमावली बमोजिम प्रकाशन गरिने विवरणपत्र, आव्हानपत्र, हकप्रद शेयर सम्बन्धी विवरण, बिक्री प्रस्ताव तथा बोर्डले विवरण तयार गरी पेश गर्नु पर्ने भनी तोकेको अन्य विवरणहरुमा निष्काशन सम्बन्धी सूचना वा जानकारी बाहेक संगठित संस्थाको अन्य वस्तु वा सेवाको प्रचार प्रसार सम्बन्धी कार्य गर्न पाइने छैन ।

## परिच्छेद-४
## धितोपत्रको हकप्रद निष्काशन सम्बन्धी व्यवस्था

१७. **धितोपत्रको हकप्रद निष्काशन**: (१) संगठित संस्थाले तोकेको मितिमा कायम रहेका शेयरधनीलाई धितोपत्र जारी गरी पूँजी बढाउने भएमा धितोपत्रको हकप्रद निष्काशन गर्न सक्नेछ ।

[१२](१क) संगठित संस्थाको संचालक समितिबाट हकप्रद शेयर निष्काशनसम्बन्धी निर्णय भएको बढीमा दुई महिनाभित्र उक्त प्रस्ताव साधारण सभामा पेश गर्नुपर्नेछ ।

[१३](१ख) संगठित संस्थाले साधारण सभाबाट हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरेको दुई महिना भित्र आवश्यक कागजात तथा विवरण सहित बोर्डमा निवेदन दिनु पर्नेछ ।

(२) संगठित संस्थाले यस नियमावली बमोजिम धितोपत्रको हकप्रद निष्काशन गर्नु अगावै अनुसूची–९ बमोजिमको विवरण तयार गरी त्यस्तो संगठित संस्थाको सञ्चालक समितिको निर्णय सहित स्वीकृतिको लागि नियम ४३ बमोजिमको प्रशोधन शुल्क बुझाएको भौचर संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको निवेदन तथा सो साथ संलग्न विवरण जाँचबुझ गर्दा विवरण स्वीकृत गर्न उपयुक्त देखिएमा सात कार्य दिन भित्र बोर्डले त्यस्तो विवरण स्वीकृत गरी अनुसूची–१० बमोजिमको ढाँचामा स्वीकृतिपत्र प्रदान गर्नेछ ।

---

१२ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

१३ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

(४) उपनियम (३) बमोजिम बोर्डबाट स्वीकृत विवरण धितोपत्रको हकप्रद निष्काशनको प्रयोजनको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

१८. **हकप्रद निष्काशन खुला रहने अवधि:** [१४](१) नियम १७ बमोजिम हकप्रद निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि कम्तिमा एक्काइस दिन हुनेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

१९. **हकप्रद शेयर खरिद गर्न मनोनयन गर्न सकिने:** (१) साविकको शेयरवालाले नियम १७ बमोजिम गरिने हकप्रद निष्काशन देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र अनुसूची-११ को ढाँचामा सम्बन्धित संगठित संस्थामा निवेदन दिई मनोनयन गर्न सक्नेछः-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

(२) उपनियम (१) बमोजिम मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

---

१४ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

(५) यस नियम बमोजिम हकप्रद धितोपत्र हस्तान्तरण भएका धितोपत्रको संख्या र हस्तान्तरण गरी लिने दिने शेयरधनीको संख्या सम्बन्धी जानकारी सहित उपनियम (३) बमोजिम जम्मा हुन आएको शुल्क निष्काशन तथा बिक्री प्रबन्धक मार्फत हकप्रद निष्काशनको धितोपत्र बाँडफाँड भएको पन्ध्र दिन भित्र बोर्डमा बुझाउनु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ।

[१५]२०. **हकप्रद शेयरको बाँडफाँड गर्नु पर्ने समयावधिः** यस नियमावली बमोजिम बिक्री गरिने हकप्रद शेयर त्यस्तो शेयरको बिक्री बन्द भएको मितिले बढीमा पन्ध्र कार्य दिनभित्र बाँडफाँड गरी सम्बन्धित लगानीकर्तालाई बाँडफाँड पत्र र फिर्ता भुक्तानी दिई सक्नु पर्नेछ ।

[१६]**२१. लिलाम बढाबढ गर्नु पर्ने**: (१) हकप्रद शेयर बिक्रीको लागि खुला गरिएको अवधिभित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित संगठित संस्थाले बाँडफाँड भएको सात दिन भित्र लिलाम बढाबढका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बढाबढको सूचना दिँदा बोलकबोलका लागि बढीमा पन्ध्र दिनको सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम बोलकबोलको अबधि समाप्त भएको सात कार्य दिनभित्र लिलाम बढाबढ गरी बाँडफाँड गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम बाँडफाँड भएको सात कार्य दिन भित्र सम्बन्धित लगानीकर्तालाई बाँडफाँटपत्र सहित रकम फिर्ता भूक्तानी गरिसक्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम लिलाम बढाबढमा सबै शेयर बिक्री नभएमा बोर्डलाई जानकारी गराई उपनियम (४) बमोजिम फिर्ता भूक्तानी सम्पन्न भएको सात दिन भित्र पुनः लिलाम बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-५

## परिपत्र विधिबाट धितोपत्रको निष्काशन सम्बन्धी व्यवस्था

२२. **परिपत्र विधिबाट धितोपत्रको निष्काशन गर्न सकिनेः** (१) कुनै संगठित संस्थाले बढीमा पचास जना लगानीकर्ताहरुलाई लक्षित गरी चिठ्ठीपत्र वा कुनै विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी परिपत्र विधिबाट धितोपत्रको बिक्री गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम परिपत्र विधिबाट धितोपत्र बिक्री गर्नको लागि त्यस्तो संगठित संस्थाको साधारण सभाबाट सो सम्बन्धी निर्णय भएको हुनु पर्नेछ ।

---

१५ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

१६ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

[17](३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले तोकेको प्रातमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने उद्देश्यले निष्काशन गरिने वा त्यस्तै विशेष प्रकृतिका ऋणपत्रको बिक्री गर्नको लागि संचालक समितिको स्वीकृतिमा संगठित संस्थाको आगामी साधारण सभाबाट अनुमोदन गर्ने गरी निष्काशन गर्न सकिनेछ ।

[18](४) नेपाल सरकारले तोकेको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने उद्देश्यले निष्काशन गरिने वा त्यस्तै बिशेष प्रकृतिका ऋणपत्र परिपत्र विधिबाट बिक्री गर्दा बोर्डबाट स्वीकृत भएको विवरणको अधिनमा रही संगठित संस्थाले एक पटक भन्दा बढी पटक जारी गर्न सक्नेछ ।

[19](५) उपनियम (४) बमोजिम ऋणपत्र जारी गर्दा प्रत्येक पटकका लागि ऋणपत्र जारी गर्नुपूर्व देहायको विवरण तथा कागजात संलग्न राखी कम्पनीमा १५ कार्य दिन अघि बोर्डमा जानकारी दिनुपर्नेछ :-

(क) अघिल्लो पटक जारी गरेको ऋणपत्रबाट उठेको रकमको उपयोगको विवरण,

(ख) बोर्डबाट स्वीकृत भएको निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणमा उल्लेखित विवरणहरुमा कुनै परिवर्तन भएमा सो सम्बन्धी विवरण ।

२३. **परिपत्र विधिबाट निष्काशन गर्न स्वीकृति लिनु पर्ने:** (१) संगठित संस्थाले परिपत्र विधिबाट धितोपत्र निष्काशन गर्ने स्वीकृतिका लागि अनुसूची-९ बमोजिमको ढाँचामा विवरण तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको विवरणमा स्वीकृति प्राप्त गर्न नियम ४३ बमोजिमको प्रशोधन शुल्क बुझाएको भौचर संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन साथ देहायको विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः-

(क) संगठित संस्थाको पूँजी संरचना (अधिकृत, जारी र चुक्ता पूँजी) प्रमाणित गर्ने विवरण,

(ख) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम संस्थापित संगठित संस्था भए सो को अद्यावधिक प्रबन्धपत्र र नियमावली,

(ग) विशेष ऐन बमोजिम संस्थापित संगठित संस्था भए सो को सञ्चालन सम्बन्धी नियम वा विनियम,

(घ) संगठित संस्थाका सम्पूर्ण सञ्चालकले सही गरेको विवरणको प्रति र सोको विद्युतीय प्रति,

(ङ) लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण,

---

१७ धितोपत्र दर्ता तथा निष्काशन (चौथो संशोधन) नियमावली, २०७७ द्वारा संशोधन गरिएको ।

१८ धितोपत्र दर्ता तथा निष्काशन (चौथो संशोधन) नियमावली, २०७७ द्वारा संशोधन गरिएको ।

१९ धितोपत्र दर्ता तथा निष्काशन (चौथो संशोधन) नियमावली, २०७७ द्वारा संशोधन गरिएको ।

(च) प्रस्तावित विवरण व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा निर्देशिका समेतको पालना गरिएको उद्घोषण गरी निष्काशन तथा बिक्री प्रबन्धकले दिएको प्रतिवद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट),

(छ) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसंग भएको सम्झौताको प्रतिलिपि ।

(४) उपनियम (३) बमोजिम पेश गर्नुपर्ने सम्पूर्ण विवरण तथा कागजात पेश नभएसम्म बोर्डले उपनियम (१) बमोजिमको विवरणमा स्वीकृति प्रदान गर्ने सम्बन्धी कारबाही शुरु गर्ने छैन ।

(५) बोर्डले उपनियम (३) बमोजिमको निवेदन र सो साथ संलग्न विवरण तथा कागजातहरुको जाँचबुझ गर्दा पेश गरिएको विवरणमा कुनै महत्वपूर्ण कुरा उल्लेख गर्न छुट भएको वा विवरणमा संशोधन वा थपघट गर्नु पर्ने देखिएमा बोर्डले छुट भएको विषय विवरणमा समावेश गर्न वा विवरणमा आवश्यकता अनुसार संशोधन वा थपघट गर्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिनेछ ।

(६) उपनियम (५) बमोजिम दिएको निर्देशन बमोजिम संगठित संस्थाले छुट विवरण समावेश वा विवरणमा संशोधन वा थपघट गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (३) वा (६) बमोजिम निवेदनसाथ संलग्न विवरण तथा कागजातहरुको जाँचबुझ गर्दा संलग्न विवरण उपयुक्त देखिएमा बोर्डले त्यस्तो विवरण प्रकाशन गर्न अनुसूची-१० बमोजिमको ढाँचामा स्वीकृति दिनेछ ।

## परिच्छेद-६

## धितोपत्रको निष्काशन सम्बन्धी अन्य व्यवस्था

२४. **बिक्री प्रस्ताव (अफर डकुमेन्ट) मार्फत धितोपत्र बिक्री गर्न सकिने**: (१) धितोपत्र बजारमा सूचीकृत संगठित संस्थाको चुक्ता पूँजीको कम्तीमा एक प्रतिशत साधारण शेयर ग्रहण गरेका शेयरधनीले बिक्री प्रस्ताव प्रकाशन गरी सार्वजनिक रुपमा शेयर बिक्री गर्न चाहेमा बोर्डको स्वीकृति लिई शेयर बिक्री गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम शेयर बिक्री गर्ने भएमा सम्बन्धित शेयरधनीले अनुसूची-१२ बमोजिमको बिक्री प्रस्ताव तयार गरी नियम ४३ बमोजिमको प्रशोधन शुल्क सहित स्वीकृति लागि निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डमा पेश गर्नु पर्नेछ ।

[२०](३) बोर्डमा धितोपत्र दर्ता गराएका तर धितोपत्र बजारमा सूचीकृत नभएका संगठित संस्थाका शेयरधनीले आफूले ग्रहण गरेको शेयर संगठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशत भन्दा कम नहुने गरी बोर्डको स्वीकृतिमा सार्वजनिक रुपमा बिक्री प्रस्ताव प्रकाशन गरी बिक्री गर्न सक्नेछ ।

---

२० धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

तर, संगठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशत भन्दा कम शेयर धारण गरेका शेयरधनीले यस नियमको व्यवस्था बमोजिम बिक्री प्रस्ताव मार्फत शेयर बिक्री गर्न सक्ने छैन ।

(४) उपनियम (३) बमोजिमका शेयरधनीले धितोपत्र निष्काशन गर्ने भएमा अनुसूची-१३ बमोजिमको विवरण समावेश भएको बिक्री प्रस्ताव निष्काशन तथा बिक्री प्रबन्धक मार्फत तयार गरी नियम ४३ बमोजिमको प्रशोधन शुल्क सहित स्वीकृति लागि बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

[२१](५) उपनियम (२) वा (४) बमोजिम स्वीकृतिका लागि पेश भएको बिक्री प्रस्ताव जाँचबुझ गर्दा स्वीकृत गर्न उपयुक्त देखिएमा सात कार्य दिन भित्र बोर्डले त्यस्तो बिक्री प्रस्ताव प्रकाशन गरी शेयर बिक्री गर्न स्वीकृति दिनेछ र सो स्वीकृति धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन सरह हुनेछ ।

(६) यस नियम बमोजिम बिक्री भएका धितोपत्रहरु सर्वसाधारण समूहमा रहने व्यवस्था गरी सोही बमोजिम सम्बन्धित संगठित संस्थाको संचालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था परिवर्तन गर्न आवश्यक देखिए सो समेत व्यवस्था भएको हुनु पर्नेछ ।

(७) बिक्री प्रस्ताव मार्फत शेयर बिक्री गर्ने सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

२५. **प्रिमियममा धितोपत्र निष्काशन गर्न सक्ने**ः संगठित संस्थाले देहायको शर्तको अधीनमा रही प्रिमियममा धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्नेछः–

[२२](क) संगठित संस्था लगातार पछिल्लो तीन वर्षसम्म खुद मुनाफामा सञ्चालनमा रहेको,

[२३](क१) संगठित संस्थाको प्रति शेयर चुक्ता पूँजी भन्दा प्रति शेयर नेटवर्थ बढी भएको,

[२४](क२) संगठित संस्थाको साधारण सभाले प्रिमियम मूल्यमा धितोपत्र जारी गर्ने निर्णय गरेको,

[२५](ख) संगठित संस्थाले प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको बिधि, औचित्य र औचित्यलाई पुष्टि गर्ने गरी संगठित संस्था भन्दा बाहिरका विज्ञ वा विज्ञ संस्थाबाट प्रमाणित धितोपत्र मूल्यांकन प्रतिवेदन,

(ग) निर्देशिकामा उल्लिखित प्रिमियम निर्धारण सम्बन्धी व्यवस्था पालना गरेको ।

[२६](घ) संगठित संस्थाले कम्तिमा औसत वा सो भन्दा माथिल्लो क्रेडिट रेटिङ्गको ग्रेड प्राप्त गरेको हुनु पर्ने ।

---

२१ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

२२ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

२३ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

२४ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

२५ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा संशोधन गरिएको ।

२६ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

[२७]**२५क. प्रारम्भिक सार्वजनिक निष्काशन वा बिक्री प्रस्तावमा प्रिमियम निर्धारण :** (१) धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन वा बिक्री प्रस्ताव मार्फत निष्काशन गर्न चाहने सङ्गठित संस्थाको धितोपत्रको प्रिमियम गणना गर्दा पछिल्लो तीन वर्षको पूँजीकृत भएको आम्दानी (क्यापिटलाइज्ड अर्निङ्ग), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्याँस फ्लो) र अन्तर्राष्ट्रिय प्रचलनको आधारमा मूल्याङ्कनकर्ताले अपनाएको अन्य कुनै एक विधि अवलम्बन गरी प्राप्त हुने कुल मूल्यको औषत मूल्य गणना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कायम भएको औषत मूल्य र सङ्गठित संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको दुई गुणाले हुन आउने मूल्यमा जुन कम हुन्छ सो रकमलाई प्रिमियम कायम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका विधि अवलम्बन गर्दा लिइएका मान्यता तथा आधारहरू खुलाई सो को औचित्य समेत स्पष्ट गर्नु पर्नेछ।

[२८]**२५ख. धितोपत्रको थप सार्वजनिक निष्काशनमा प्रिमियम निर्धारण :** सूचीकृत सङ्गठित संस्थाले प्रिमियममा धितोपत्रको थप सार्वजनिक निष्काशन गर्न आवश्यक परेमा त्यस्तो संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थ भन्दा बढी नहुने गरी प्रिमियम सहितको निष्काशन मूल्य निर्धारण गर्नु पर्नेछ।

[२९]**२५ग. बुक बिल्डिङ्ग विधिबाट सार्वजनिक निष्काशन गर्न सक्नेः** (१) देहायका योग्यता पुगेका संगठित संस्थाले बुक विल्डिङ्ग विधि मार्फत धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्न सक्नेछः

(क) संगठित संस्था विगत तीन आर्थिक बर्ष देखि लगातार खुद मुनाफामा संचालनमा रहेको,

(ख) संगठित संस्थाको साधारण सभाले बुक विल्डिङ्ग विधि मार्फत धितोपत्र जारी गर्ने निर्णय गरेको,

(ग) संगठित संस्थाको प्रति शेयर नेटवर्थ प्रति शेयर चुक्ता पूँजीको कम्तिमा १५० प्रतिशत रहेको,

(घ) संगठित संस्थाले कम्तिमा औसत वा सो भन्दा माथिल्लो क्रेडिट रेटिङ्गको ग्रेड प्राप्त गरेको,

(२) उपनियम (१) बमोजिमको योग्यता पुगेका संगठित संस्थाले बुक विल्डिङ्ग विधि मार्फत धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा योग्य संस्थागत लगानीकर्ताबाट खरिद आशय मूल्य प्राप्त गर्नु पर्नेछ ।

(३) संगठित संस्थाले उपनियम (२) बमोजिम प्राप्त भएको खरिद आशय मूल्यको आधारमा धितोपत्रको बिक्री मूल्य सीमा निर्धारण गरी योग्य संस्थागत लगानीकर्तालाई

---

२७ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

२८ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

२९ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

निष्काशित धितोपत्रको ४० प्रतिशत र सर्वसाधारण लगानीकर्ताको लागि ६० प्रतिशत धितोपत्र निष्काशन गर्नु पर्नेछ ।

(४) संगठित संस्थाले उपनियम (३) बमोजिम योग्य संस्थागत लगानीकर्तालाई निष्काशन गरेको धितोपत्र धितोपत्र बजारमा सूचिकरण भएको मितिले छ महिना सम्म बिक्री वा हस्तान्तरण गर्न सक्ने छैन ।

(५) यस नियम बमोजिम बुक विल्डिङ्ग विधि मार्फत निष्काशित धितोपत्र खरिद गर्ने योग्य संस्थागत लगानीकर्ताको रुपमा बोर्डबाट स्वीकृति प्राप्त गरेका देहायका संस्थागत लगानीकर्ता सहभागि हुन सक्नेछन्:

(क) सूचिकृत संगठित संस्था,

(ख) विशेष ऐन द्वारा स्थापित वित्तीय संस्था,

(ग) सामूहिक लगानी कोष व्यवस्थापक,

(घ) सामूहिक लगानी कोषका योजना,

(ङ) मर्चेन्ट बैंकर,

(च) मान्यता प्राप्त अवकाश कोष,

(छ) बोर्डले समय समयमा तोकेका अन्य कोष वा कम्पनी वा संस्था ।

(६) बुक विल्डिङ्ग विधि मार्फत धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन सम्बन्धी अन्य व्यवस्था बोर्डले निर्देशिकामा तोके बमोजिम हुनेछ ।

## परिच्छेद-७
## सूचना, जानकारी तथा विवरण सम्बन्धी व्यवस्था

२६. **वित्तीय विवरण तथा सूचना उपलब्ध गराउनु पर्ने :** (१) ऐन तथा यस नियमावली बमोजिम धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक तीन महिनाको अनुसूची–१४ मा उल्लिखित विवरण सो त्रैमासिक अवधि समाप्त भएको तीसदिन भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

(२) ऐन तथा यस नियमावली बमोजिम धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महिनाभित्र अनुसूची-१५ बमोजिमको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम उपलब्ध गराउनु पर्ने वित्तीय विवरण नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले लागू गरेको लेखामान, नियमनकारी निकायले निर्धारण गरेको मापदण्ड, धितोपत्र बजार तथा धितोपत्र व्यवसायीको लागि बोर्डले तोकेको मापदण्ड अनुरुप तयार गर्नु पर्नेछ ।

(४) धितोपत्र दर्ता गरेको संगठित संस्थाले आफ्नो साधारण सभा गर्नु पूर्व त्यस्तो साधारण सभामा छलफल हुने विषयको जानकारी बोर्डलाई दिनु पर्नेछ र साधारण सभा सम्पन्न भएको मितिले तीस दिनभित्र साधारण सभामा पेश भएका प्रस्ताव, छलफल भएका विषय तथा निर्णय सम्बन्धी विवरण बोर्डमा पेश गर्नु पर्नेछ ।

(५) धितोपत्र सूचीकरण गराएको संगठित संस्थाले सूचीकृत धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने अनुसूची-१६ मा उल्लिखित कुनै घटना वा कारोबार भएमा त्यस्तो विषयको सूचना तीन दिनभित्र बोर्डमा पेश गर्नु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डले धितोपत्र दर्ता गर्ने संगठित संस्थासंग वा धितोपत्र विनिमय बजारले सूचीकृत गरेको संगठित संस्थासंग जहिलेसुकै पनि आवश्यक विवरण, सूचना, तथ्यांक वा जानकारी माग गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम बोर्ड वा सम्बन्धित धितोपत्र बजारले माग गरेको विवरण, सूचना, तथ्यांक वा जानकारी बोर्ड वा सम्बन्धित धितोपत्र बजारलाई उपलब्ध गराउनु सम्बन्धित संगठित संस्थाको कर्तव्य हुनेछ ।

२७. **समयावधि थप गर्न सक्ने:** (१) संगठित संस्थाले बोर्डमा पठाउनु पर्ने विवरण पठाउन वा दिनुपर्ने जानकारी यस नियमावलीमा उल्लिखित समयावधि भित्र पठाउन वा दिन नसकेमा तोकिएको समयावधि समाप्त हुनु अगावै सो को मनासिव र तथ्ययुक्त कारण उल्लेख गरी बोर्डमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा आवश्यक जाँचबुझ गर्दा त्यस्तो विवरण वा जानकारी सम्बन्धी सूचना प्रवाह नभएको कारणबाट धितोपत्र बजार र लगानीकर्तालाई प्रतिकूल असर नपर्ने कुरामा बोर्ड सन्तुष्ट भएमा बोर्डले त्यस्तो विवरण पठाउन वा जानकारी उपलब्ध गराउन आवश्यक पर्ने मनासिव अवधि थप गरिदिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम बोर्डबाट समयावधि थप भएमा संगठित संस्थाले सो अवधिभित्र त्यस्तो विवरण वा जानकारी बोर्डलाई दिनु पर्नेछ ।

## परिच्छेद-८

## अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था

२८. **अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र जारी गर्ने:** अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र जारी गर्न चाहेमा यस परिच्छेद बमोजिमको प्रकृया पुरा गरी ऋणपत्र जारी गर्न सक्नेछ ।

२९. **अन्तर्राष्ट्रिय वित्तीय संस्थाको ऋणपत्र दर्ता सम्बन्धी व्यवस्था :** (१) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र जारी गर्नु पूर्व त्यस्तो ऋणपत्र बोर्डमा दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणपत्र दर्ता गर्नका लागि देहायका विवरण तथा कागजात सहित बोर्डमा निवेदन दिनु पर्नेछः–

(क) नेपाल सरकारले ऋणपत्र निष्काशन गर्न प्रदान गरेको स्वीकृति पत्रको प्रतिलिपि,

(ख) निवेदक अन्तर्राष्ट्रिय वित्तीय संस्थाको पछिल्लो तीन वर्षको वित्तीय विवरण तथा बार्षिक प्रतिवेदन,

(ग) निष्काशन गर्न चाहेको ऋणपत्र सम्बन्धी विवरण ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन, सो साथ संलग्न विवरण तथा कागजातका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ ।

(४) बोर्डले उपनियम (३) बमोजिम जाँचबुझ गर्दा आवश्यक देखेमा निवेदक अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग थप विवरण वा कागजात माग गर्न वा कुनै कुरा स्पष्ट गराउन सक्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिम जाँचबुझ गर्दा निवेदक अन्तर्राष्ट्रिय वित्तीय संस्थाको धितोपत्र दर्ता गर्न उपयुक्त देखिएमा सात कार्य दिन भित्र बोर्डले अनुसूची-२ बमोजिमको दर्ता दस्तुर बुझाउन निवेदकलाई सूचित गर्नेछ ।

(६) उपनियम (५) बमोजिमको सूचना प्राप्त भएपछि निवेदक अन्तर्राष्ट्रिय वित्तीय संस्थाले अनुसूची-२ बमोजिमको दर्ता दस्तुर बोर्डको खातामा जम्मा गरेको बैंक भौचर बोर्डमा बुझाउनु पर्नेछ ।

(७) निवेदकले उपनियम (६) बमोजिम दर्ता दस्तुर बुझाएमा सात कार्य दिन भित्र बोर्डले ऋणपत्र दर्ता गरी सो को जानकारी निवेदक अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई दिनेछ ।

३०. **अनुमतिपत्र प्राप्त निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्नु पर्ने :**यस परिच्छेद बमोजिम धितोपत्र जारी गर्ने भएमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले त्यस्तो धितोपत्र जारी गर्ने प्रयोजनका लागि ऐन बमोजिम अनुमतिपत्र प्राप्त निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्नु पर्नेछ ।

३१. **विवरण पुस्तिका स्वीकृतिका लागि निवेदन दिनु पर्ने:** (१) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले जारी गर्ने ऋणपत्रका सम्बन्धमा विवरण पुस्तिका तयार गरी सो को स्वीकृतिका लागि सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकले निवेदन दस्तुर वापत पच्चीस हजार रुपैयाँ सहित बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

**स्पष्टीकरण** :यस नियमको प्रयोजनको लागि “विवरण पुस्तिका” भन्नाले अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्रको सार्वजनिक निष्काशन गर्नको लागि तयार गरेको सो संस्था सम्बन्धी विवरण समावेश गरिएको पुस्तिका सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिमको निवेदन साथ देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ :–

(क) ऋणपत्र जारी गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय वित्तीय संस्था र निष्काशन तथा बिक्री प्रबन्धक बीच भएको सम्झौताको प्रतिलिपि,

(ख) प्रस्तावित विवरण पुस्तिका,

(ग) प्रस्तावित विवरण पुस्तिका व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा ऐन, यो नियमावली तथा ऐन अन्तर्गत बनेको अन्य नियमावली, विनियमावली निर्देशिका समेतको पालना गरिएको उदघोषण गरी निष्काशन तथा बिक्री प्रबन्धकले दिएको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट),

(घ) ऋणपत्र प्रत्याभूति गरिएको भए सो सम्बन्धी सम्झौतापत्रको प्रतिलिपि ।

(३) उपनियम (१) बमोजिम तयार गरिएको विवरण पुस्तिकामा मुख्य रुपमा देहायको विवरण समावेश भएको हुनु पर्नेछः–

(क) अन्तर्राष्ट्रिय वित्तीय संस्था सम्बन्धी विवरण,

(ख) जारी गरिने ऋणपत्र सम्बन्धी जानकारी,

(ग) ऋणपत्र निष्काशन गर्नाको उद्देश्य, ऋणपत्र जारी प्रकृया तथा संकलित पूँजीको उपयोग,

(घ) ऋणपत्रको अवधि, व्याजदर, व्याज भुक्तानी गर्ने समय, अवधि, स्थान र तरिका,

(ङ) ऋणपत्र बाँडफाट, सूचिकरण तथा कारोबार सम्बन्धी व्यवस्था,

(च) ट्रष्टि नियुक्त भएको भए सो सम्बन्धी विवरण

(छ) अन्य देशमा ऋणपत्र जारी गरेको भए सो सम्बन्धी जानकारी,

(ज) क्रेडिट रेटिङ्ग सम्बन्धी जानकारी,

(झ) प्रत्याभूति गरिएको भए सो सम्बन्धी जानकारी,

(ञ) आवेदकले निवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु,

(ट) गुनासो सुन्ने व्यवस्था,

(ठ) अन्तर्राष्ट्रिय संस्थाको विगत तीन बर्षको वास्तविक तथा आगामि तीन वर्षको प्रक्षेपित वित्तीय विवरण,

(ड) दरखास्त दिन सकिने न्यूनतम शेयर संख्या र मूल्य

(ढ) ऋणपत्रमा हुने जोखिम र सो को न्यूनिकरणका लागि गरिएको व्यवस्था,

(ण) बिक्रीका लागि लक्षित समूह,

(त) पटक पटक गरी ऋणपत्र जारी गर्ने भएमा जारी गरिने समय, संख्या र मूल्य सम्बन्धी विवरण,

(थ) यस नियमावली बमोजिम पहिला जारी गरिसकेको भए त्यस्तो ऋणपत्र सम्बन्धी जानकारी,

(द) ऋणपत्र बिक्री खुल्ला र बन्द हुने समय,

(ध) अन्य आवश्यक कुराहरु ।

(४) यस नियम बमोजिम तयार गरिने विवरण पुस्तिका अंग्रेजी भाषामा तयार गर्न सकिनेछ ।

(५) उपनियम (४) बमोजिम विवरण पुस्तिका अँग्रेजी भाषामा तयार गरिएको भएमा त्यस्तो विवरण पुस्तिकामा उल्लिखित मुख्य मुख्य कुराहरुको संक्षिप्त विवरण नेपाली भाषामा तयार गरी प्रकाशन गर्नुपर्नेछ ।

(६) यस नियम बमोजिम ऋणपत्र जारी गर्दा जारी रकमको कम्तीमा बीस प्रतिशत ऋणपत्र प्राकृतिक व्यक्तिलाई बिक्री वितरण गर्नको लागि छुट्टयाउनु पर्नेछ ।

तर यसरी छुट्याइएको ऋणपत्र प्राकृतिक व्यक्तिले खरिद नगरेमा अन्य खरिदकर्तालाई बिक्री गर्न सकिनेछ ।

(७) उपनियम (१) बमोजिम स्वीकृतिका लागि बोर्ड समक्ष पेश गरिने विवरण पुस्तिकासँग सो विवरण पुस्तिकामा उल्लिखित विवरणको सत्यता पुष्टि गरेको अन्तर्राष्ट्रिय वित्तीय संस्थाको अधिकार प्राप्त अधिकारीको पत्र समेत संलग्न गरेको हुनु पर्नेछ ।

३२. **विवरणपुस्तिकाको जाँचबुझ तथा स्वीकृति :** (१) नियम ३१ बमोजिम स्वीकृतिको लागि बोर्ड समक्ष पेश हुन आएको विवरण पुस्तिका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा विवरण पुस्तिकामा समावेश गर्नुपर्ने कुनै कुरा छुट भएको देखिएमा बोर्डले त्यस्तो कुरा समावेश गर्न वा विवरण पुस्तिकामा थपघट गर्न आवश्यक देखेमा निवेदक अन्तरराष्ट्रिय वित्तीय संस्थालाई निर्देशन दिनेछ ।

(३) उपनियम (२) बमोजिम बोर्डले दिएको निर्देशन बमोजिम विवरण पुस्तिकामा संशोधन वा थपघट गरी निवेदक अन्तर्राष्ट्रिय वित्तीय संस्थाले बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा विवरण पुस्तिका स्वीकृत गर्न उपयुक्त देखिएमा वा उपनियम (३) बमोजिम संशोधन वा थपघट गरिएको विवरण पुस्तिका प्राप्त भएको सात दिन भित्र बोर्डले त्यस्तो विवरण पुस्तिका प्रकाशन गर्न स्वीकृति प्रदान गर्नेछ ।

३३. **एक पटक भन्दा बढी ऋणपत्र जारी गर्न सक्ने:** (१) बोर्डबाट स्वीकृत भएको विवरण पुस्तिकाको अधीनमा रही अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र एक पटक भन्दा बढी जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणपत्र जारी गर्दा प्रत्येक पटकका लागि ऋणपत्र जारी गर्नु पूर्व देहायको विवरण तथा कागजात संलग्न राखी कम्तीमा १५ कार्य दिन अघि बोर्डमा जानकारी दिनुपर्नेछः–

(क) अघिल्लो पटक जारी गरेको ऋणपत्रबाट उठेको रकमको उपयोगको विवरण,

(ख) बोर्डबाट स्वीकृत भएको विवरण पुस्तिकामा उल्लेखित विवरणहरुमा कुनै परिवर्तन भएमा सो सम्बन्धी विवरण ।

(३) उपनियम (२) बमोजिम विवरण तथा जानकारीहरु ऋणपत्र जारी गर्नु पूर्व सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

३४. **संक्षिप्त विवरण प्रकाशित गर्नुपर्ने:** अन्तर्राष्ट्रिय वित्तीय संस्थाले नियम ३१ को उपनियम (५) बमोजिम विवरण पुस्तिका प्रकाशन गरी ऋणपत्र जारी गर्न चाहेमा सो विवरण पुस्तिकाको मुख्य मुख्य कुराहरु समावेश भएको संक्षिप्त विवरण ऋणपत्र बिक्री खुल्ला गरिने दिन भन्दा कम्तीमा सात कार्य दिन अगाडि बोर्डलाई जानकारी दिई उक्त विवरण राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

३५. **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः** क्रेडिट रेटिङ्ग सम्बन्धी नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि अन्तर्राष्ट्रिय वित्तीय संस्था वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले निष्काशन गर्ने ऋणपत्रलाई कुनै अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ्ग संस्थाले रेटिङ्ग गरेको भएमा सो रेटिङ्ग उल्लेख गरी ऋणपत्र निष्काशन गर्न सकिनेछ ।

३६. **वार्षिक प्रतिवेदन तथा सूचना सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेद बमोजिम ऋणपत्र जारी गरेका अन्तर्राष्ट्रिय वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण भएको हिसाब विवरण सहितको वार्षिक प्रतिवेदन उक्त प्रतिवेदन तयार भएको सात दिन भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(२) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले निष्काशन गरेको ऋणपत्रको बजार मूल्यमा असर पार्न सक्ने कुनै घटना वा कारोबार भएमा त्यस्तो विषयको सूचना तुरुन्तै वा भोलिपल्ट धितोपत्र बजारको कारोबार खुल्नपूर्व बोर्डमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको विवरण लगानीकर्ताहरुको जानकारीको लागि सम्बन्धित संस्थाको वेवसाइटमा राखेको हुनुपर्नेछ ।

३७. **ऋणपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्थाः** अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-९
## विविध

३८. **धितोपत्रको बिक्री गर्न नपाइनेः** [३०](१) विवरणपत्र प्रकाशन गरी निष्काशन गरिएको धितोपत्र बाहेक अन्य समूहको धितोपत्र संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

तर प्राइभेट इक्वीटि, भेन्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारको कोषको रुपमा बोर्डमा वा विदेशमा दर्ता भएको कोषको स्वामित्वमा रहेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले एक वर्षको अवधि पूरा भएपश्चात बिक्री गर्न सक्नेछ ।

**स्पष्टीकरणः** यस उपनियमको प्रयोजनको लागि "अन्य समूहको धितोपत्र" भन्नाले संगठित संस्थाले विवरण पत्र प्रकाशन गरी सार्वजनिक निष्काशन गरेको तथा सर्वसाधारण समूहमा रहेको धितोपत्र बाहेक संस्थापक वा अन्य समूहले लिएको धितोपत्र र सो धितोपत्रमा प्रदान गरिएको बोनस वा हकप्रद धितोपत्र समेत सम्झनु पर्छ ।

[३१](१क) संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक बर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको

३० धितोपत्र दर्ता तथा निष्काशन (छैठौं संशोधन) नियमावली, २०७९ द्वारा संशोधित ।

३१ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्नेछैन ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र बिक्री वा हस्तान्तरण गर्न नपाईने गरी तोकिएको समयावधि (लकइन पिरियड) भित्र त्यस्तो संगठित संस्थाको धितोपत्र बिक्री वा हस्तान्तरण नभएको कारणले संगठित संस्था सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न  हुन गएमा त्यस्तो शेयरवालाको वीच धितोपत्र बिक्री वा हस्तान्तरण गर्न बोर्डले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि धितोपत्र धारकको मृत्यु भएको अवस्थामा सम्बन्धित हकवालाको नाममा हस्तान्तरण गर्न सकिनेछ ।

[३२]३८क. **वातावरणीय प्रभाव सम्बन्धमाः** (१) यस नियमावली बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्ने कुनै पनि संगठित संस्थाले आफ्नो व्यवसायबाट बातावरणमा प्रभाव पर्ने भएमा सो प्रभावका सम्बन्धमा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्नेछ । यसरी अध्ययन गर्दा तयार भएको वातावरणीय अध्ययन प्रतिवेदनलाई धितोपत्र निष्काशन गर्ने सम्बन्धमा प्रकाशन गरिने विवरणपत्रका साथ संलग्न गर्नु पर्नेछ । (२) यस नियमावली बमोजिम धितोपत्र दर्ता भएका कुनै पनि संगठित संस्थाले आफ्नो व्यवसायको कारणले बातावरणमा परेको प्रभाव सम्बन्धी विवरण त्यस्तो संगठित संस्थाको वार्षिक प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्नु पर्नेछ । (३) उपनियम (१) र (२) उल्लेख भएको व्यवस्थाका सम्बन्धमा पालना गर्नुपर्ने अन्य कुरा धितोपत्र निष्काशन तथा बाँडफाँड सम्बन्धी निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

३९. **खरीद बिक्री बन्देज सम्बन्धी व्यवस्था**ः (१) यस नियमावली बमोजिम निश्चित अवधिका लागि बिक्री गर्न नपाइने शेयर प्रमाणपत्रहरुमा कुन मिति देखि कुन मिति सम्म शेयर हस्तान्तरण गर्न बन्देज रहने हो, सो व्यहोराको छाप लगाएको हुनु पर्नेछ ।

(२) अभौतिकीकरण रुपमा जारी गरेको धितोपत्र भएमा शेयर हस्तान्तरण गर्न बन्देज रहने मिति सम्म कारोबार नहुने गरी केन्द्रीय निक्षेप संस्थामा आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

४०. **स्वार्थ बाझिएको मानिने**ः (१) कुनै संगठित संस्थाको धितोपत्र सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा देहायको अवस्थामा यस नियमावलीको प्रयोजनका लागि स्वार्थ बाझिएको (कन्फ्लिक्ट अफ इन्ट्रेष्ट) मानिने छः–

(क) कुनै संगठित संस्थाको धितोपत्र सोही संगठित संस्थाको स्वामित्व ग्रहण गर्ने संस्थाको कर्मचारीलाई निष्काशन गर्ने कार्य,

(ख) कुनै संगठित संस्थाको धितोपत्र सोही संगठित संस्थालाई ऋण प्रदान गर्ने संस्थाको कर्मचारीलाई निष्काशन गर्ने कार्य,

---

३२ धितोपत्र दर्ता तथा निष्काशन (पाचौं संशोधन) नियमावली, २०७९ द्वारा थप गरिएको ।

(ग) कुनै संगठित संस्थाको धितोपत्र सोही संगठित संस्थाको स्वामित्व ग्रहण गर्ने संस्थाको मुख्य कम्पनी वा सहायक कम्पनीलाई निष्काशन गर्ने कार्य,

(घ) कुनै संगठित संस्थाको धितोपत्र सोही संगठित संस्थालाई ऋण प्रदान गर्ने संस्थाको मुख्य कम्पनी वा सहायक कम्पनीलाई निष्काशन गर्ने कार्य,

(ङ) कुनै संगठित संस्थाको धितोपत्र सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशनका क्रममा सो संस्थाका बहालवाला शेयरधनी, बहालवाला शेयरधनीका एकाघरका परिवार वा बहालवाला शेयरधनी संलग्न भएको संस्थाले खरिद गर्ने कार्य,

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ भए पछि उपनियम (१) बमोजिम स्वार्थ बाझिने गरी धितोपत्रको निष्काशन गर्न पाईने छैन ।

[३३](३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली लागू भएको मिति २०७३।०८।०१ भन्दा अघि आफ्नो उद्देश्य अनुरुप निर्माण कार्य शुरु गरि सकेका पूर्वाधार, जलविद्युत तथा उत्पादनशील क्षेत्रका संगठित संस्थाले निर्माण कार्य शुरु गर्नु अघि कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेखित स्वामित्व संरचना बमोजिम धितोपत्र निष्काशन गर्न सक्नेछ ।

४१. **बहालवाला शेयरधनीले धितोपत्र खरिद गर्न सक्ने अवस्थाः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभइ बाँकी रहन गएमा त्यस्तो धितोपत्र सोही संगठित संस्थाका बहालवाला शेयरधनी वा बहालवाला शेयरधनीको एकाघरका परिवारले खरिद गर्न सक्नेछ ।

[३४]४१क. **विदेशी मुलुकको पूँजीबजारमा ऋणपत्र, डिबेन्चर वा अन्य धितोपत्र जारी गर्न सक्ने : (१)** संगठित संस्थाले बोर्ड तथा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विदेशी मुलुकको पूँजीबजारमा ऋणपत्र, डिबेन्चर वा अन्य धितोपत्र विदेशी मुद्रामा निष्काशन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम धितोपत्र निष्काशन गरी प्राप्त हुने विदेशी मुद्रा नेपालमा लगानी गर्नु पर्नेछ ।

४२. **धितोपत्रको मूल्यः** (१) साधारणतया धितोपत्रको अंकित मूल्य शेयरको हकमा प्रति इकाई एकसय रुपैयाँ, डिवेञ्चरको हकमा प्रति इकाई एकहजार रुपैयाँ र सामूहिक लगानी योजना वा एकाङ्क अन्तर्गतको धितोपत्रको हकमा प्रति इकाई दश रुपैयाँ हुनेछ ।

(२) उपनियम (१) मा उल्लेख भएदेखि बाहेक अन्य धितोपत्रको अंकित मूल्य धितोपत्रको प्रकृति र संख्याको आधारमा बोर्डले समय समयमा तोके बमोजिम हुनेछ ।

४३. **प्रशोधन शुल्क सम्बन्धी व्यवस्थाः** (१) यस नियमावली बमोजिम धितोपत्र निष्काशन गर्ने प्रयोजनको लागि पेश गर्नु पर्ने विवरणपत्र, बिक्री प्रस्ताव, हकप्रद शेयर निष्काशन सम्बन्धी

---

३३ धितोपत्र दर्ता तथा निष्काशन (पहिलो संशोधन) नियमावली, २०७३ द्वारा थप गरिएको ।

३४ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

विवरण तथा बोर्डले तोकेको अन्य विवरण स्वीकृतिका लागि बोर्डमा पेश गर्दा प्रशोधन शुल्क वापत पच्चीसहजार रुपैयाँ दस्तुर लाग्नेछ ।

(२) उपनियम (१) बमोजिम बुझाएको प्रशोधन शुल्क एकपटक निष्काशनको लागि मात्र मान्य हुनेछ। बोर्डबाट स्वीकृत भैसकेको विवरण अनुसार नियम ४४ मा उल्लिखित अवधि भित्र कुनै कारणबस धितोपत्र निष्काशन नभई बोर्डमा पुनः स्वीकृति लागि पेश गर्दा समेत उपनियम (१) बमोजिमको प्रशोधन शुल्क बुझाउनु पर्नेछ ।

[३५]४३क. **एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ती सम्वन्धी व्यवस्था :** (१) वोर्डमा धितोपत्र दर्ता गरएका संगठित संस्था एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने भएमा वोर्डवाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) संगठित संस्था एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने सम्वन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुने छ ।

४४. **निष्काशन खुल्ला गरिसक्नु पर्ने अवधि :** (१) बोर्डबाट विवरणपत्र, बिक्री प्रस्ताव वा सम्बन्धित विवरण स्वीकृत भएको मितिबाट दुई महिनाभित्र संगठित संस्थाले धितोपत्रको बिक्री खुल्ला गरि सक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धितोपत्रको बिक्री खुल्ला गर्दा लामो सार्वजनिक बिदा पर्ने वा एकै समयमा धेरै धितोपत्र निष्काशन भएको अवस्था आउन नदिन सतर्कता अपनाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको अवधिभित्र धितोपत्र निष्काशन गर्न नसकिएमा उक्त अवधिमा संगठित संस्थाको प्राविधिक, वित्तीय र व्यवस्थापन पक्षमा कुनै परिवर्तन भएको भए त्यस्तो परिवर्तन भएको विषय उल्लेख गरी विवरणमा संशोधन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम संशोधित विवरण बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन खुल्ला गर्नुपर्नेछ ।

४५. **मान्यता प्राप्त धितोपत्र व्यवसायी मार्फत निष्काशन तथा बिक्री प्रबन्ध गर्नुपर्ने :** (१) संगठित संस्थाले यस नियमावली बमोजिम धितोपत्र निष्काशन गर्दा बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य गर्ने गरी अनुमति प्राप्त धितोपत्र व्यवसायी मार्फत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धको व्यवस्था गर्दा धितोपत्र व्यवसायीसँग सम्झौता गर्नु पर्नेछ ।

(३) संगठित संस्थाले उपनियम (२) बमोजिम धितोपत्र व्यवसायीसँग गरेको सम्झौताको एकप्रति त्यस्तो सम्झौता भएको मितिले पन्ध्रदिन भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

[३६](४) उपनियम (१) बमोजिम निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा कार्य गर्ने मर्चेन्ट बैंकरले देहायका संस्थाको निष्काशन तथा बिक्री प्रबन्धकको कार्य गर्न सक्ने छैन :

क. सम्बन्धित मर्चेन्ट बैंकरमा दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेका शेयरधनी,

---

३५ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

३६ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

ख. सम्बन्धित मर्चेन्ट बैंकरको दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेको संगठित संस्था,

ग. सम्बन्धित मर्चेन्ट बैंकरको मुख्य वा सोको सहायक कम्पनीको १० प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेको अन्य संगठित संस्था,

४६. **धितोपत्र सार्वजनिक निष्काशन प्रकृया** :(१) यस नियमावली बमोजिम सार्वजनिक निष्काशन गरिने धितोपत्र खरीद गर्न पेश गरेको दरखास्त फाराम साथ दरखास्तवाला स्वयंले प्रमाणित गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा दरखास्तवाला स्वयंको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत दरखास्त फाराममा खुलाउनु पर्नेछ र दरखास्तवालालाई निजले दरखास्त फाराममा उल्लेख गरेको खातामा रकम जम्मा हुने गरी निष्काशन तथा बिक्री प्रबन्धकले फिर्ता भुक्तानीको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(२) धितोपत्र खरिद गर्न चाहने आवेदकले उल्लेख गरिने खाता क्लियरिङ हाउस (clearing house) को सदस्यता लिएको बैंक वा वित्तीय संस्थाको हुनुपर्नेछ ।

(३) पचास हजार रुपैयाँ भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवाला प्रत्येकले अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नुपर्नेछ ।

(४) दशलाख रुपैयाँ सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र दशलाख रुपैयाँ भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

(५) धितोपत्र खरीदका लागि आव्हान गर्दा प्राप्त हुने रकमलाई निष्काशन बैंक (Banker to Issue) मा व्याज प्राप्त हुने गरी जम्मा गरेको अवस्थामा कुल प्राप्त हुने व्याज रकमको ८०% प्रतिशत रकम प्रत्येक आवेदकलाई आवेदन साथ जम्मा गरेको रकमको समानुपातिक हिसावले दिने व्यवस्था गर्नुपर्नेछ र सो को जानकारी बोर्डलाई समेत गराउनु पर्नेछ ।

(६) निष्काशनकर्ता संगठित संस्थाले सर्वसाधारणलाई छुट्टयाएको शेयर मध्ये पाँच प्रतिशतसम्म शेयर धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम संस्थामा कार्यरत कर्मचारीको लागि छुट्टयाई बाँडफाँड गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम बाँडफाँड गरिएको अवस्थामा त्यस्तो धितोपत्र तथा सो धितोपत्रमा प्राप्त हुने बोनस तथा हकप्रद शेयर प्राथमिक सार्वजनिक निष्काशनको बाँडफाँड भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएसम्म बिक्री गर्न पाइने छैन ।

(८) धितोपत्र खरीदका लागि कसैले अनाधिकृत तवरबाट आवेदन गरेको पाईएमा वा झुठा विवरण पेश गरेको पाइएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन रद्द गरी सो आवेदन वापतको रकम जफत गरी बोर्डले तोकेको खातामा जम्मा गर्नुपर्नेछ । यसरी जम्मा भएको रकम बोर्डले पूँजी बजारको विकास एवं प्रबर्द्धन गर्ने कार्यमा मात्र प्रयोग गर्नुपर्नेछ ।

(९) धितोपत्रको निष्काशन प्रकृया सम्बन्धी थप व्यवस्था धितोपत्र निष्काशन निर्देशिकामा गरिएको व्यवस्था बमोजिम हुनेछ ।

[३७](१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सार्वजनिक निष्काशनमा धितोपत्र खरिदका लागि दरखास्त संकलन गर्न बोर्डबाट अनुमति प्राप्त बैंक तथा वित्तीय संस्था मार्फत विद्युतीय माध्यमबाट समेत धितोपत्र खरिदका लागि आवेदन दिन सकिनेछ ।

[३८](११) उपनियम (१०) बमोजिम सार्वजनिक निष्काशनमा धितोपत्र खरिद सम्बन्धी व्यवस्था साथै सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा सम्बन्धमा निर्देशिकामा उल्लेख भएको व्यवस्था बमोजिम हुनेछ ।

[३९]४६क. **<u>शेयर निष्काशन प्रक्रिया सम्बन्धी विशेष व्यवस्था</u>**: (१) नियम ९क. बमोजिमको जलविद्युत कम्पनीले शेयरको सार्वजनिक निष्काशन गर्दा त्यस्तो शेयर खरिद गर्न चाहने आवेदकले आवेदनसाथ शेयरको चुक्ता मूल्यको दश प्रतिशत रकम दाखिल गर्नुपर्ने गरी आवेदन माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आवेदन गर्ने आवेदकलाई शेयर बाँडफाँट हुने भएमा कम्पनीको दश प्रतिशत चुक्ता भएको शेयर प्रदान गरिनेछ ।

(३) उपनियम (२) बमोजिम शेयर बाँडफाँट भई प्राप्त हुन आएको रकम सम्बन्धित कम्पनीको नाममा रहने गरी नेपाल सरकारले आवश्यक व्यवस्थापन गर्नेछ ।

(४) उपनियम (२) बमोजिमको शेयरधनीलाई कम्पनीले नेपाल सरकारले निर्धारित गरेको बार्षिक प्रतिफल प्रदान गर्न सक्नेछ । यस्तो प्रतिफल शेयरको चुक्ता हुन बाँकी रकममा मिलान गर्न सकिनेछ ।

(५) संस्थापकहरुले लिन कबूल गरेको शेयरको शत प्रतिशत रकम भुक्तानी भई आयोजनाको निर्माणको न्यूनतम पचास प्रतिशत भौतिक प्रगति भएपछि कम्पनीले उपनियम (२) बमोजिमको शेयरधनीसँग चुक्ता हुन बाँकी रकम माग गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिमको रकम प्राप्त भएपछि निष्काशित धितोपत्रको चुक्ता रकम शत प्रतिशत गरी सम्बन्धित शेयर धनीलाई शेयर जारी गरिनेछ ।

(७) उपनियम (६) बमोजिमको शेयर जारी भए पश्चातमात्र त्यस्तो धितोपत्र कारोबार योग्य हुनेछ ।

(८) उपनियम (५) बमोजिम शेयरको चुक्ता हुन बाँकी सम्पूर्ण रकम प्राप्त नभएमा कम्पनीले त्यसरी चुक्ता हुन बाँकी रकम बराबरको शेयर अन्य इच्छुक खरिदकर्तालाई एक महिनाको समय अवधिदिई सार्वजनिक सूचना जारी गरी बिक्री गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम बिक्री गर्दा समेत सम्पूर्ण शेयर बिक्री हुन नसकेमा बिक्री हुन बाँकी रहेको शेयर संस्थापक शेयरधनी वा नेपाल सरकारको नाममा रहने गरी आवश्यक व्यवस्था गरिनेछ ।

---

३७ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

३८ धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६ द्वारा थप गरिएको ।

३९ धितोपत्र दर्ता तथा निष्काशन (दोस्रो संशोधन) नियमावली, २०७५ द्वारा थप गरिएको ।

४७. **धितोपत्र बजारलाई जानकारी दिनुपर्ने :**(१) यस नियमावली बमोजिम तयार गर्नुपर्ने विवरणपत्र, बिक्री प्रस्ताव तथा विवरण पुस्तिकाको एक प्रति संगठित संस्थाले स्वीकृतिको लागि बोर्डमा पेश गर्दा सोको एकप्रति सम्बन्धित धितोपत्र बजारमा समेत पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरणलाई धितोपत्र बजारको सम्बन्धित विनियमावली अनुरुप सूचीकरण गर्न योग्य नहुने देखिएमा त्यस्तो विवरण पेश भएको मितिले सात कार्यदिन भित्र सम्बन्धित धितोपत्र बजारले बोर्डलाई जानकारी दिनुपर्नेछ।

४८. **बोर्डले निर्देशन दिन सक्ने :** (१) बोर्डले यस नियमावली बमोजिम धितोपत्र दर्ता, धितोपत्रको बिक्री वा बाँडफाँड, धितोपत्रको निष्काशन सम्बन्धमा संगठित संस्थाहरुलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोर्डले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संगठित संस्थाको कर्तव्य हुनेछ।

४९. **बाधा अड्काउ फुकाउने** : यस नियमावलीको कार्यान्वयन गर्दा कुनै कठिनाई वा अवरोध आएमा बोर्डले बाधा अड्काउ फुकाउन सक्नेछ।

५०. **अनूसुचीमा हेरफेर वा थपघट :** बोर्डले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

५१. **खारेजी र बचाउ** : (१) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची–१
## (नियम ३ को उपनियम (१) संग सम्बन्धित)

श्री नेपाल धितोपत्र बोर्ड

..............................।

विषयः धितोपत्र दर्ता गरी प्रमाणपत्र पाउँ ।

महोदय,

.......................................................ऐन बमोजिम स्थापित ........................ .................... को देहाय बमोजिमको धितोपत्र दर्ता गरी सोको प्रमाणपत्र पाउनको लागि रु........................दस्तुर बुझाएको रसिद वा बैंक भौचर संलग्न गरी यो निवेदन पेश गरेको छु / गरेका छौ ।

**१. संगठित संस्था सम्बन्धी संक्षिप्त विवरणः**

(क) संगठित संस्थाको नामः

(ख) ठेगानाः(मुख्य कार्यालय तथा रजिर्ष्टड कार्यालय, शाखा र सम्पर्क कार्यालय)
टेलिफोन नं................................................
फ्याक्स.......................................
इमेल......................................................वेभ साईट..............................

(ग) विदेशी संस्था संस्थापक भएमा त्यस्तो संगठित संस्थाको नाम र ठेगानाः

(घ) संगठित संस्था दर्ता मितिः

(ङ) कारोबार संचालन अनुमति प्राप्त मितिः

(च) कारोबार संचालन मितिः

**२. संस्थापक र निजहरुको पृष्ठभूमि सम्बन्धी विवरणः**

(क) संस्थापकहरुको नाम, ठेगाना र उनीहरुले लिएको शेयर संख्या (क्रम संख्या .......देखि ...... सम्म)

(ख) संस्था संस्थापक भएकोमा उक्त संस्थाको तर्फबाट मनोनीत संचालकको नाम, ठेगानाः

(ग) संस्थापकहरुको उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव, पेशा आदि खुलेको विवरण :

(घ) संस्था संस्थापक भएको खण्डमा उक्त संस्थाको संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन आर्थिक वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा संचालन अवधि भरको प्रमुख वित्तीय परिसूचक सहितको विवरण र त्यसको संस्थापक तथा संचालकको नाम, ठेगाना र उनीहरुले ग्रहण गरेको शेयर सम्बन्धी विवरण ।

**३. संगठित संस्थाको धितोपत्र सम्बन्धी विवरण**

(क) अधिकृत पूँजी : ................ शेयर प्रति एकाई मूल्य ............दरले जम्मा रु..........

(ख) जारी पूँजी : ................. शेयर प्रति एकाई मूल्य .............दरले जम्मा रु..........
(ग) चुक्ता पूँजी : ................. शेयर प्रति एकाई मूल्य .............दरले जम्मा रु..........
(घ) संस्थापकहरुले चुक्ता गरेको पूँजी
(ङ) निष्काशन गर्न बाँकी रहेको शेयर पूँजी
(च) हाल कायम रहेका शेयरधनीको संख्या (स्वामित्व समूहकृत गरेको भएमा समूह अनुसारको उल्लेख गर्नुपर्ने)

**४. दर्ता गर्ने धितोपत्र सम्बन्धी विवरण**

(क) दर्ता गर्ने धितोपत्रको किसिम र मूल्य
(ख) धितोपत्रको क्रम संख्या.............. देखि ......... सम्म (स्वामित्व समूहकृत गरेको भएमा समूह सहित उल्लेख गर्नुपर्ने)

**५. पहिले दर्ता भएको धितोपत्र सम्बन्धी विवरण**

(क) दर्ता भएको धितोपत्रको किसिम
(ख) धितोपत्र संख्या (क्रम संख्या ......... देखि ........... सम्म) (स्वामित्व समूहकृत गरेको भएमा समूह सहित उल्लेख गर्नुपर्ने)
(ग) दर्ता भएको मितिः

**६. व्यवस्थापन सम्बन्धी विवरण**

(क) संचालकहरुको विवरण (नाम, ठेगाना र ग्रहण गरेको शेयर स्वामित्व)
(ख) संचालक समितिको संरचना
(ग) व्यवस्थापनको मुख्य जिम्मेवारी लिने कार्यकारी प्रमुख तथा मुख्य विभागिय प्रमुखहरुको नाम, ठेगाना, योग्यता तथा अनुभव

**७. धितोपत्र निष्काशन सम्बन्धी विवरण**

(क) निष्काशन गरिने धितोपत्रको निष्काशन तथा बिक्रीको प्रकृया
(ख) सार्वजनिक निष्काशन वा बिक्री गरिने सम्भावित मिति
(ग) अन्य

**८. स्वघोषणा**

आजका मितिसम्म माथि उल्लिखित जानकारी तथा विवरणहरुको सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की यस निवेदनमा उल्लिखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र कुनै विवरण, सूचना तथा जानकारी जानी जानी लुकाइएको छैन ।

संगठित संस्थाको अख्तियार प्राप्त व्यक्तिको,
नामः
दस्तखतः
पदः
मितिः
संस्थाको छापः

## अनुसूची–२
**(नियम ३ को उपनियम (२), नियम ४ को उपनियम (३), (४) र (६), नियम ६ को उपनियम (१), नियम ७ तथा नियम २९ को उपनियम (५) र (६) संग सम्बन्धित)**

### निवेदन तथा दर्ता दस्तुर

| | | |
|---|---|---|
| १. | निवेदन दस्तुर : | रु. २०,०००।- |
| २. | धितोपत्र दर्ता दस्तुर | |

| **धितोपत्रको किसिम** | **धितोपत्र निष्काशन मूल्यको** |
|---|---|
| (क) शेयर : | ०.२० प्रतिशत |
| [४०](ख) डिवेन्चर वा वण्ड दर्ता दस्तुर : | १० अर्वसम्म ०.१५ प्रतिशत<br>१० अर्वदेखि माथि २० अर्वसम्म ०.१२ प्रतिशत<br>२० अर्वदेखि माथि ०.१० प्रतिशत |
| (ग) सामुहिक वचत योजना अन्तर्गतको एकाई : | ०.१० प्रतिशत |
| (घ) अन्य धितोपत्र : | ०.१० प्रतिशत |

नोटः धितोपत्र दर्ता गर्दाको कुल धितोपत्रको रकम र निष्काशन गर्दा कूल निष्काशित धितोपत्रको रकम फरक पर्ने अवस्था भएमा यसरी फरक पर्न गएको रकममा उपरोक्तानुसारको प्रतिशतका दरले हुन आउने रकम बोर्डमा थप शुल्कको रुपमा बुझाउनु  पर्नेछ ।

## अनुसूची–३
**(नियम ४ को उपनियम (५) तथा नियम ६ को उपनियम (५) संग सम्बन्धित)**

### धितोपत्र दर्ता किताव

(क) संगठित संस्थाको नाम :

(ख) ठेगाना (रजिष्टर्ड तथा मुख्य कार्यालय, सम्पर्क कार्यालय) :

(ग) संगठित संस्थाको दर्ता र कारोबार संचालन मिति :

(घ) संगठित संस्थाको उद्देश्य :

(ङ) व्यवसायको किसिम :
(बैंक, वित्त, बीमा, पर्यटन, निर्माण, उर्जा तथा अन्य)

(च) अधिकृत पूँजी : ................ शेयर प्रति एकाई मूल्य .............दरले जम्मा रु..................

(छ) जारी : ................. शेयर प्रति एकाई मूल्य .............दरले जम्मा रु..................

(ज) चुक्ता पूँजी : ................. शेयर प्रति एकाई मूल्य .............दरले जम्मा रु..................

---

४० बोर्ड संचालक समितिको मिति २०७७०७२५ को निर्णय बमोजिम संशोधन गरिएको ।

(झ) अग्राधिकार शेयर संरचना ............ शेयर प्रति एकाई मूल्य ...........दरले जम्मा रु.........

(ञ) डिवेन्चर। बोण्ड ................. प्रति एकाई मूल्य .............दरले जम्मा रु..................

(ट) अन्य

(ठ) संस्थापक र संचालक सम्बन्धी विवरण :

नाम :

ठेगाना :

लिएको शेयर संख्या :

(ड) धितोपत्र निष्काशन सम्बन्धी विवरण :

(अ) धितोपत्रको किसिम

(आ) निष्काशन गरिने धितोपत्र

(१) संख्या :

(२) रकम :

(इ) निष्काशनको किसिम .......

(ई) लक्षित समूह :

(उ) निष्काशन गरिने मिति .......

(ऊ) निष्काशन गर्ने धितोपत्रको निष्काशन बिक्री र बाँडफाँडको लागि बोर्डले कुनै निर्देशन दिएकोमा सो सम्बन्धी विवरण

(ढ) पहिले निष्काशन गरेको धितोपत्र सम्बन्धी विवरणः

(अ) प्रबन्धपत्र। नियमावलीबाट क्रम संख्या ...... देखि ..... सम्मको रु...... का दरले जम्मा संख्या .............बराबरको रु...................... मिति........................

(आ) सार्वजनिक निष्काशनबाट क्रम संख्या ...... देखि ..... सम्मको रु...... का दरले जम्मा संख्या .............बराबरको रु...................... मिति........................

(इ) स्थानीय बासिन्दालाई निष्काशन गरेको

(इ) परिपत्रविधिबाट क्रम संख्या ...... देखि ..... सम्मको रु...... का दरले जम्मा संख्या .............बराबरको रु...................... मिति........................

(ई) बोनस शेयरबाट क्रम संख्या ...... देखि ..... सम्मको रु...... का दरले जम्मा संख्या .............बराबरको रु...................... मिति........................

(उ) कामदार वा कर्मचारीमा सिमित हुने क्रम संख्या ...... देखि ..... सम्मको रु...... का दरले जम्मा संख्या .............बराबरको रु...................... मिति........................

(ऊ) अन्य

## अनुसूची–४
## (नियम ४ को उपनियम (५) तथा नियम ६ को उपनियम (५) संग सम्बन्धित)
## नेपाल धितोपत्र बोर्ड
## धितोपत्र दर्ता प्रमाणपत्र

................................मुख्य कार्यालय रहेको ..........................ले निष्काशन गरेको वा गर्न लागेको धितोपत्रको क्रम संख्या ............ देखि .................... सम्मको रु. ........ (प्रति एकाई मूल्य) का दरले कुल ..................... (धितोपत्र संख्या) ............. (धितोपत्रको किसिम) बोर्डमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र प्रदान गर्ने पदाधिकारीको

नाम:

दस्तखत:

पद:

मिति:

## अनुसूची–५
## (नियम ११ को उपनियम (१)संग सम्बन्धित)
## विवरणपत्रको ढाँचा

(क) विवरणपत्रको मुखपृष्ठमा उल्लेख हुनुपर्ने कुराहरु :

१. "विवरणपत्र" भन्ने शव्द,
२. संगठित संस्थाको नाम, लोगो तथा रजिष्ट्रर्ड कार्यालयको ठेगाना,
३. कुन ऐनको कुन दफा अन्तर्गत विवरणपत्र जारी भएको,
४. नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति,
५. कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति,
६. जारी गरिने धितोपत्रको किसिम, निष्काशन गरिने धितोपत्रको संख्या, संरक्षित धितोपत्रको संख्या
   (कर्मचारी, सामूहिक वचत योजना आदी) सर्वसाधारणको लागि छुट्टयाइएको खुद शेयर संख्या
७. धितोपत्रको अंकित मूल्य र दरखास्त साथ भुक्तानी गर्नुपर्ने रकम,
८. लगानीमा हुने जोखीम सम्बन्धी उद्घोषण
९. नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण
१०. निष्काशन खुल्ला हुने मिति
११. निष्काशन बन्द हुने मिति (छिटो र ढिलोमा)
१२. निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना, लोगो

१३. नेटवर्थ सम्बन्धी विवरण

(ख) विवरणपत्रको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :

१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा,

२. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान,

(ग) विवरणपत्रको दोश्रो पृष्ठबाट क्रमश उल्लेख हुनुपर्ने कुराहरु :

१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

२. संगठित संस्थाको उद्घोषण

(क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी,

(ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी,

(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी,

(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण

३. संगठित संस्था सम्बन्धी जानकारी

(क) संगठित संस्थाको पृष्ठभूमि,

(ख) सम्पत्तिको विवरण,

(ग) भावी योजना तथा रणनीति

(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था,

४. पूँजी संरचना सम्बन्धी जानकारी,

५. संस्थापक/संचालक सम्बन्धी जानकारी,

(क) संस्थापक/संचालकको पृष्ठभूमि

(ख) संस्थापक/संचालकसँगको कारोबार

६. सीमित दायित्व सम्बन्धी विवरण

७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी,

(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण

(ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण

८. अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

९. वित्तीय विवरण

(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण

(ख) वित्तीय अनुपात सम्बन्धी विवरण

१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण

(क) धितोपत्र जारी गर्नुको उद्देश्य,

(ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग,

(ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण,

(घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा,

(ङ) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था

(च) प्रत्याभूति सम्बन्धी विवरण,

(छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु ।

११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण

१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण

१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण

१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण

१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण

१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण

१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण

१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण,

२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण,

२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण,

२२. अन्य सामान्य जानकारी

२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत

२४. निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र ।

द्रष्टव्यः विवरणपत्र तयार गर्दा यस अनुसूचीमा उल्लिखित देहायका विषयहरुमा कम्तीमा देहाय बमोजिमका कुराहरु खुलाउनु पर्नेछः–

१. **लगानीमा हुने जोखीम सम्बन्धी उद्घोषण** (खण्ड (क) को उपखण्ड (८) सँग सम्बन्धित)

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखीमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ .....(सम्बन्धित पृष्ठ उल्लेख गर्ने) मा उल्लेखित जोखीमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

२. **नियामक निकायको जवाफदेहिता नरहने उद्घोषण** ( खण्ड (क) को उपखण्ड (९) सँग सम्बन्धित).

यस विवरणपत्रमा उल्लिखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको वारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानीने छैन।

३. **नेटवर्थ सम्बन्धी विवरण** (खण्ड (क) को उपखण्ड (१३) सँग सम्बन्धित)

संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरणमा नेटवर्थ ऋणात्मक भएको अवस्थामा तत्सम्बन्धी विवरण विवरणपत्रको मुख पृष्ठमा समावेश गर्नुपर्नेछ।

४. **धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण** (खण्ड (ग) को उपखण्ड (१) सँग सम्बन्धित)

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं।

५. **संगठित संस्थाको संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषण** (खण्ड (ग) को उपखण्ड (२) (क) सँग सम्बन्धित)

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं।

६. **संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण** (खण्ड (ग) को उपखण्ड (२)(ख) सँग सम्बन्धित)

यस ........ ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

७. **नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण** (खण्ड (ग) को उपखण्ड (२)(ग) सँग सम्बन्धित)

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, बीमा समिति आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु ............................................. नियमन निकायमा पेश गरेका छौं ।

८. **संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण** (खण्ड (ग) को उपखण्ड (२)(घ) सँग सम्बन्धित)

(१) यस संगठित संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी अयोग्य रहेका छैनन् ।

९. **संगठित संस्थाको पृष्ठभूमि** (खण्ड ग को उपखण्ड (३)(क) सँग सम्बन्धित)

(क) संस्थाको नाम,

(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा,

(ग) संस्थाको रजिष्टर्ड ठेगाना,

(घ) कारोबार गर्ने मुख्य स्थान,

(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मूख्य उद्देश्यहरु,

(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा),

(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म) :

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु

(२) प्रयोग भएको वा गरिने प्रविधि,

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार,

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र,

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना,

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका,

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता,

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था,

(१०) अनुसन्धान तथा विकास,

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान,

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण,

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति,

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण ।)

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तैः संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण ।)

१०. **सम्पत्तिको विवरण** (खण्ड (ग) को उपखण्ड (३)(ख) सँग सम्बन्धित)

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था,

(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने),

(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण,

(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण,

(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण,

११. **भावी योजना तथा रणनीति** (खण्ड (ग) को उपखण्ड (३)(ग) सँग सम्बन्धित)

(क) व्यवसाय/ सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति,

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य,

१२. **संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**(खण्ड (ग) को उपखण्ड (३)(घ) सँग सम्बन्धित)

संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था उल्लेख हुनुपर्ने ।

१३. **पूंजी संरचना सम्बन्धी जानकारी** (खण्ड (ग) को उपखण्ड (४) सँग सम्बन्धित)

(क) अधिकृत, जारी तथा चूक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण,

(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) ।

१४. **संस्थापक/संचालकको पृष्ठभूमि** (खण्ड (ग) को उपखण्ड (५)(क) सँग सम्बन्धित)

(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)

(ग) संगठित संस्थाको संचालक अन्य कुनै कम्पनी संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना,

(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण

१५. **संस्थापक/संचालकसंगको कारोबार** (खण्ड (ग) को उपखण्ड (५)(ख) सँग सम्बन्धित)

(क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण,

(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका,

१६. **सीमित दायित्व सम्बन्धी विवरण** (खण्ड (ग) को उपखण्ड (६) सँग सम्बनिधत)

शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको धितोपत्रको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ भन्ने व्यहोरा खुलाइएको हुनुपर्ने ।

१७. **संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण** (खण्ड (ग) को उपखण्ड (७)(क) सँग सम्बन्धित)

(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ती भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए सेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत सेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।

(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने ।

(ग) कर्मचारीको संख्याः स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।

१८. **संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण** (खण्ड (ग) को उपखण्ड (७)(ख) सँग सम्बन्धित)

(क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा,

(ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम,

(ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण,

१९. **अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा** (खण्ड (ग) को उपखण्ड (८) सँग सम्बन्धित)

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नुपर्ने ।

(क) वित्तीय साधानको अभावबाट हुने जोखिम,

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम,

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम,

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम,

(ङ) विदेशी विनिमयको जोखिम,

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु,

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम,

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम,

(झ) सञ्चालन इतिहासको अभाव,

(ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम,

(ट) अन्य ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना समेत उल्लेख गर्नुपर्ने ।

२०. **वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण** (खण्ड (ग) को उपखण्ड (९)(क) सँग सम्बन्धित)

(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण विवरणपत्रमा समावेश हुनुपर्ने ।

(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) ।

(ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्विकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण ।

(घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण ।

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा ।

(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने ।

(च) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए

(अ) सम्पत्तिको विवरण,

(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य,

(ई) पूनर्मूल्यांकनको औचित्य,

(छ) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु,

२१. **वित्तीय अनुपात सम्बन्धी विवरण** (खण्ड (ग) को उपखण्ड (९)(ख) सँग सम्बन्धित)

(क) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ,

(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल,

२२. **धितोपत्र जारी गर्नुको उद्देश्य** ( खण्ड (ग) को उपखण्ड (१०)(क) सँग सम्बन्धित)

धितोपत्र जारी गर्नुको उद्देश्य स्पष्ट रुपमा उल्लेख गरिनुपर्ने ।

२३. **धितोपत्र निष्काशनबाट प्राप्त पूंजीको उपयोग**(खण्ड (ग) को उपखण्ड (१०)(ख) सँग सम्बन्धित)

(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण उल्लेख गरिनुपर्ने ।

(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था

(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने ।

(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नुपर्ने ।

(ङ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु,

(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण,

(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण,

(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत,

(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत,

(झ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने,

(अ) निष्काशन तथा बिक्री प्रबन्धक,

(आ) ट्रष्टि (डिवेन्चर निष्काशनको हकमा)

(इ) प्रत्याभूतिकर्ता

(ई) विज्ञहरु

(उ) लेखापरिक्षक

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदी)

२४. **धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः** (खण्ड (ग) को उपखण्ड (१०) (ङ) सँग सम्बन्धित)

(क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया,

(ख) अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था,

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर,

(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी,

(ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण,

(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण ।

२५. **प्रत्याभूती सम्बन्धी विवरणः**(खण्ड (ग) को उपखण्ड (१०)(च) सँग सम्बन्धित)

(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम,

(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु ।

२६. **आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः**(खण्ड (ग) को उपखण्ड (१०)(छ) सँग सम्बन्धित)

(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदी सम्बन्धी विवरण,

(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण,

(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु,

२७. **सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण** (खण्ड (ग) को उपखण्ड (११) सँग सम्बन्धित)

निष्काशनकर्ता संगठित संस्था र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासंगको सम्बन्ध, कारोबारको प्रकृति र रकम

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति,

(ख) आधारभूत सेयरधनी

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य,

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था,

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा,

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनुपर्ने ।

२८. **विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण** (खण्ड (ग) को उपखण्ड (१२) सँग सम्बन्धित)

विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मूख्य तथा तात्विक बूँदाहरु ।

२९. **सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नुपर्ने** : (खण्ड (ग) को उपखण्ड (१३) सँग सम्बन्धित)

(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या ।

३०. **पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण** (खण्ड (ग) को उपखण्ड (१४) सँग सम्बन्धित)

संगठित संस्थाले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण ।

३१. **परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण**(खण्ड (ग) को उपखण्ड (१५) सँग सम्बन्धित)

(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना

(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मूख्य मूख्य बूँदा तथा शर्तहरु ।

३२. **मुद्दा तथा विवाद सम्बन्धी विवरण** (खण्ड (ग) को उपखण्ड (१७) सँग सम्बन्धित)

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा,

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण,

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु ।

३३. **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** (खण्ड (ग) को उपखण्ड (१८) सँग सम्बन्धित)

सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासा सुन्न र समाधानका लागि व्यवस्था गरी सो बारे विवरणपत्रमा उल्लेख गर्नुपर्ने ।

३४. **ऋणपत्र निष्काशन सम्बन्धी विवरण**(खण्ड (ग) को उपखण्ड (२०) सँग सम्बन्धित)

(क) कुनै संगठित संस्थाले ऋणपत्र जारी गर्ने भएमा त्यस्तो ऋणपत्र निष्काशनको शर्त बन्देजहरु, ऋणपत्रको अवधि, निष्काशन गरिने ऋणपत्रको रकम, ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने, व्याजदर, ऋणपत्र भुक्तानी जगेडा कोष सम्बन्धी व्यवस्था, ऋणपत्रवालाहरुको अधिकार,

(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण,

(ग) ट्रष्टिको नाम, ठेगाना तथा ट्रष्टि र कम्पनी बीच भएको सम्झौता (Trust Deeds ) को प्रमुख बूँदाहरु,

(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था उल्लेख गर्नुपर्ने,

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य र सम्पन्न हुने कार्य योजना,

(च) जारी पूँजी पूरा चुक्ता भए/नभएको ।

३५. **अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था** (खण्ड (ग) को उपखण्ड (२१) सँग सम्बन्धित)

संगठित संस्थाले अग्राधिकार शेयर जारी गर्ने भएमा तत्सम्बन्धमा संगठित संस्थाको नियमावलीमा व्यवस्था रही देहाय अनुसारको विस्तृत विवरण विवरणपत्रमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ :

अग्राधिकार शेयरको रकम फिर्ता हूने वा नहूने (Redeemable/Ir-redeemable), फिर्ता हूने भएमा भूक्तानी अवधि र प्रिमियम सहित फिर्ता हुने वा प्रिमियम विना, अग्राधिकार शेयरमा दिइने लाभांश दर र संचयशील हुने/नहुने (Cumulative/Non Cumulative), साधारण शेयरमा परिवर्तन हुने/नहुने, यदि परिवर्तन हुने भएमा परिवर्तनको अनुपात, मूल्य, अवधिका साथै परिवर्तन सम्बन्धी अन्य व्यवस्था र त्यस्तो अग्राधिकार शेयरवालाहरुले मताधिकार प्रयोग गर्न पाउने अवस्था र पुर्वनिर्धारित शर्तमा परिवर्तन नहुने कुरा, पूँजी फिर्ता जगेडा कोष गठन सम्बन्धी व्यवस्था, कम्पनी खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार दिने वा नदिने कुरा ।

३६. **अन्य सामान्य जानकारी**(खण्ड (ग) को उपखण्ड (२२) सँग सम्बन्धित)

(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण,

(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण,

(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता,

(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण,

(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण,

(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय ।

## अनुसूची– ६
## (नियम ११को उपनियम (२) संग सम्बन्धित)

श्री नेपाल धितोपत्र बोर्ड

..............................

.............................

बिषयः विवरणपत्र स्वीकृत गरी पाउँ ।

यस ..............................ले अंकित मुल्य ...........को ....(धितोपत्रको नाम).....................कित्ता सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको विवरणपत्र तथा अन्य कागजातहरुका साथै विवरणपत्र प्रशोधन वापतको रु. २५,०००।- (पच्चीस हजार) बोर्डको खातामा जम्मा गरेको भौचर समेत संलग्न गरी विवरणपत्र स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु ।

कार्यकारी प्रमुख

........................................ लि.

## अनुसूची–७
## (नियम १३ को उपनियम (१) संग सम्बन्धित)
## विवरणपत्रको स्वीकृति

..........................मुख्य कार्यालय भएको ................................ ले रु. ...... (अंकित मूल्य) दरको .............. कित्ता ................ (धितोपत्रको किसिम) सार्वजनिक निष्काशन गर्नका लागि तयार गरेको विवरणपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

उपरोक्त विवरणपत्रमा उल्लिखित .................. (धितोपत्रको किसिम) देहायका शर्तहरु पालना गर्नुपर्ने गरी निष्काशन गर्नुपर्ने छ ।

शर्तहरु :

१.

२.

३.

४.

५.

सम्बन्धित पदाधिकारीको

नामः

पदः

दस्तखतः

मितिः

## अनुसूची-८
## (नियम १५ को उपनियम (१) संग सम्बन्धित)
## आव्हानपत्रमा उल्लेख गर्नुपर्ने न्यूनतम विवरण

(क) बोर्डबाट विवरणपत्र वा बिक्री प्रस्ताव स्वीकृत भएको मिति र स्वीकृत विवरणपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति,

(ख) धितोपत्र बिक्री खुल्ला हुने मिति,

(ग) धितोपत्रको प्रति एकाई मुल्य र तत्काल बुझाउनु पर्ने पेश्कि रकम,

(घ) धितोपत्र बिक्री बन्द हुने मिति र सबै धितोपत्र छिट्टै बिक्री भएमा छिटोमा बिक्री बन्द हुने मिति,

(ङ) दरखास्त फाराम भर्ने तरीका, दरखास्त बुझाउने बैंक, वित्तीय संस्था र संकलन केन्द्रको नाम ठेगाना, टेलिफोन नम्बर र सम्पर्क व्यक्तिको नाम तथा निष्काशन बैंकको बैंक खाता नम्बरहरु,

(च) विवरणपत्र वा बिक्री प्रस्ताव र दरखास्त फाराम प्राप्त गर्ने ठाउँ, संगठित संस्थाको वित्तीय विवरण र अन्य आवश्यक कागजात हेर्न सकिने ठाउँ ।

(छ) धितोपत्रको लागि दरखास्त फाराम प्राप्त गर्न नसक्ने इच्छुक लगानीकर्ताहरुको लागि दरखास्त फारामको नमूना,

(ज) बोर्डबाट स्वीकृत विवरणपत्र वा बिक्री प्रस्तावको संक्षिप्त जानकारी हुने गरी त्यसमा उल्लेख भएका प्रमुख कुराहरु,

**(स्पष्टीकरण** : यस अन्तर्गत संगठित संस्था सम्बन्धी विवरण; पूँजी; संचालक समिति; अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापन; वासलात, नाफा नेक्सान, नेटवर्थ तथा वित्तीय प्रक्षेपणका आधारहरु; आवेदन दिंदा आवेदकले पालन गर्नु पर्ने शर्तहरु; बाँडफाँड तथा सूचिकरण; दरखास्त फारामको नमुना आदि सम्बन्धी सम्पूर्ण विवरणहरु समावेश गर्नुपर्नेछ ।)

(झ) निष्काशनको क्रममा लगानीकर्ताहरुको गुनासा सुन्न तथा त्यसको समाधानका लागि गरिएको व्यवस्था ।

## अनुसूची ९
## (नियम १७ को उपनियम (२) तथा नियम २३ को उपनियम (१) संग सम्बन्धित)

हकप्रद शेयर / परिपत्र विधिबाट निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु

(क) संगठित संस्थाको नाम,

(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय,

(ग) कारोबार स्थान,

(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य,

(ङ) शेयर पूँजीको संरचना,

(च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात संगठित संस्थाको चुक्ता पूँजीको स्थिती,

(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या,

(ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात,

(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति,

(ञ) संचालकहरुको परिचय,

(ट) संचालक समितिको बनौट,

(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनुपर्ने पेश्की रकम,

(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था,

(ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था,

(ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ,

(त) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसावको विवरण,

(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु,

(द) धितोपत्र बाँडफाँड सम्बन्धी व्यवस्था,

(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान,

(न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण,

(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था,

(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण,

(ब) धितोपत्र खरीद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मूख्य कुराहरु,

(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु,

(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलाकेन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना उल्लेख गर्नुपर्ने,

(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य,

(र) हकप्रद शेयर बिक्री खुल्ला अवधी,

(ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु,

(व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण,

(श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण,

(ष) यस "हकप्रद शेयर/ परिपत्र विधिबाट निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।

(स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नोट** : परिपत्र विधिबाट धितोपत्र निष्काशनका सम्बन्धमा उपरोक्त बमोजिम तयार गर्नुपर्ने विवरणहरु हकप्रद शेयर बाहेकका मात्र लागू हुने बाहेक अन्य सबै विवरण समावेश गर्नु पर्नेछ ।

## अनुसूची– १०
## (नियम १७ को उपनियम (३)तथा नियम २३ को उपनियम (७)संग सम्बन्धित)
## हकप्रद/परिपत्र विधिबाट निष्काशनको स्वीकृति

........................मुख्य कार्यालय भएको ................................ ले रु. ...... (अंकित मूल्य) दरको ............... कित्ता ................ (धितोपत्रको किसिम) हकप्रद निष्काशन गर्नका लागि तयार गरेको हकप्रद शेयर निष्काशन सम्बन्धी विवरणलाई स्वीकृति प्रदान गरिएको छ।

उपरोक्त विवरणमा उल्लिखित ................. (धितोपत्रको किसिम) देहायका शर्तहरु पालना गर्नुपर्ने गरी निष्काशन गर्नुपर्ने छ।

शर्तहरु :

१.

२.

३.

४.

५.

सम्बन्धित पदाधिकारीको

नामः

पदः

दस्तखतः

मितिः

## अनुसूची -११
## (नियम १९ को उपनियम (१) संग सम्बन्धित)
## शेयरधनीहरुले आफूले पाएको हक अरु कसैलाई मनोनयन गर्दा सम्बन्धित संगठित संस्था समक्ष दिनुपर्ने निवेदनको ढाँचा

श्री संचालक समिति

..........................

...........................

त्यस संगठित संस्थाको प्रति शेयर ............ अंकित मूल्यको शेयर संख्या नम्बर ............... देखि ................. सम्मको मेरो/हाम्रो नाममा कायम रहेको ................ कित्ता शेयर वापत प्राप्त हुने ......... कित्ता हकप्रद शेयर खरीद गर्ने हक मध्ये ............ कित्ता हकप्रद शेयर खरीद गर्न ............................. बस्ने .................................. ले खरीद गर्न पाउने गरी मनोनयन गरी पठाएको छु/छौं। निजले मैले/हामीले मनोनयन गरेको संख्यामा हकप्रद शेयर खरिद गर्न संगठित संस्थाले तोकिदिएको प्रकृया पूरा गरी हकप्रद शेयर खरीद गरेमा मेरो/हाम्रो

मंजुरी छ पछि मेरो/हाम्रो हकको शेयर अरुले खरीद गर्न पाउने होइन वा मेरो हक मनोनयन गरेको होइन/छैन भनी कही कतै उजुर गर्ने छैन/छैंनौं गरे यसै कागजले बदर होस् भनी माथि उल्लिखित शेयर निजले आफ्नो नाममा खरीद गर्न पाउने गरी व्यवस्था गरिदिन अनुरोध गरेको छु/छौं । व्यहोरा सत्य छ झुट्ठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| हक मनोनयन गरिदिने शेयरधनीको विवरण | मनोनीत व्यक्तिको विवरण |
| --- | --- |
| नाम, थरः | नाम, थरः |
| ठेगानाः | ठेगानाः |
| वावुको नामः | वावुको नामः |
| बाजेको नामः | बाजेको नामः |
| दस्तखतः | दस्तखतः |

---

कार्यालय प्रयोजनको लागि

माथि उल्लिखित हक मनोनयन गरिदिने शेयरधनीको दस्तखत प्रमाणित गर्ने ...................... लिमिटेडको अधिकारीकोः

नामः

पदः

दस्तखतः ................. लिमिटेडको छाप

## अनुसूची– १२
## (नियम २४ को उपनियम (२) संग सम्बन्धित)
## (सूचिकृत धितोपत्र बिक्री प्रयोजनको लागि)

बिक्री प्रस्ताव (अफर डकुमेन्ट) तयार गर्दा खुलाउनुपर्ने कुराहरु :

(क) संगठित संस्थाको नाम,

(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय,

(ग) कारोबार स्थान,

(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य,

(ङ) शेयर पूँजीको संरचना (अधिकृत, जारी तथा चुक्ता पूँजी)

(च) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनुपर्ने पेश्की रकम,

(छ) संचालक समितिको बनौट

(ज) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था,

(झ) शेयर सूचीकरण सम्बन्धी जानकारी ,

(ञ) शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मूख्य कुराहरु,

(ट) सम्बन्धित नियमन व्यवस्था तथा नियामक निकायले दिएको निर्देशनहरुको पालना गरेको सम्बन्धी उद्घोषणा,

(ठ) धितोपत्रमा लगानी सम्बन्धी जोखिम

(ड) बिक्री बन्द हुने मिति (छिटो र ढिलोमा)

(ढ) निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना

(ण) शेयर बिक्री पश्चात संचालक समितिमा प्रतिनिधीत्व परिवर्तन हुने भए सो व्यहोरा,

(त) बोर्डले तोकिदिएका अन्य कुराहरु ।

द्रष्टव्यः अफर डकुमेन्ट बोर्डमा दर्ता गराउँदा सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकले बोर्ड समक्ष Due Diligence Certificate पेश गर्नुपर्नेछ ।

## अनुसूची– १३
### (नियम २४ को उपनियम (४) संग सम्बन्धित)
### (सूचिकृत नभएको धितोपत्र बिक्री प्रयोजनको लागि)

यस नियमावली बमोजिम धितोपत्रको निष्काशन गर्दा बिक्री प्रस्ताव (अफर डकुमेन्ट) तयार गर्दा देहायको कुराहरु समावेश भएको हुनुपर्नेः

१. संस्थाको नाम,

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा,

३. संस्थाको रजिष्टर्ड कार्यालय,

४. कारोबार स्थान,

५. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य,

६. शेयर पूँजीको संरचना, (अधिकृत, जारी तथा चुक्ता पूँजी)

७. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ बुझाउनुपर्ने रकम,

८. निष्काशन बन्द हुने मिति (छिटो र ढिलोमा)

९. निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना,

१०. बिक्री प्रस्ताव (अफर डकुमेन्ट) तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान,

११. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै बिक्री प्रस्ताव (अफर डकुमेन्ट) मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही

देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो बिक्री प्रस्ताव (अफर डकुमेन्ट) स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

१२. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था उल्लेख हुनुपर्ने ।

१३. धितोपत्रबिक्री गर्नुको उद्देश्य

१४. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः

(क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया,

(ख) अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था,

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर,

(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी,

(ङ) संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण ।

१५. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः

(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदी सम्बन्धी विवरण,

(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, बिक्री प्रस्ताव (अफर डकुमेन्ट) प्राप्त गर्ने वा हेर्ने सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण,

(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु,

१६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासा सुन्न र समाधानका लागि व्यवस्था गरी सो बारे बिक्री प्रस्ताव (अफर डकुमेन्ट) मा उल्लेख गर्नुपर्ने ।

१७. बोर्डले समय समयमा तोकेको अन्य जानकारी

## अनुसूची– १४
## (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
## त्रैमासिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

१. **वित्तीय विवरण**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण ।
(उक्त विवरणमा गत वर्ष र यस वर्षको सोही अवधिको तुलनात्मक विवरण, सम्बन्धित पक्ष (related party) बीच भएको कारोबार सम्बन्धी विवरण समेत खुलाउनुपर्ने)
**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "सम्बन्धित पक्ष" भन्नाले कुनै संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति वा आधारभूत शेयरधनी, निजको एकाघर परिवारको सदस्य सम्झनुपर्छ र सो शव्दले संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्थालाई समेत जनाउँछ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी, P/E ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण ।

२. **व्यवस्थापकीय विश्लेषण**

(देहायको कुराहरु समेत खुलेको संगठित संस्थाको व्यवसायको विकास सम्बन्धमा व्यवस्थापनको धारणा उल्लेख गर्नुपर्ने)

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण,

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण,

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण ।)

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा संचालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण समावेश गरिनुपर्नेः

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए,

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या ।

५. **समस्या तथा चुनौती**

संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौति स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र वाह्य भनी बर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीती सम्बन्धी विवरण ।

६ **संस्थागत सुशासन**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

## अनुसूची–१५
### (नियम २६ को उपनियम (२) संग सम्बन्धित)
### वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

१. **संचालक समितिको प्रतिवेदन**

संचालक समितिको प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने विवरणहरु समावेश गरिएको हुनुपर्ने ।

२. **लेखापरीक्षकको प्रतिवेदन**

३. **लेखापरीक्षण भएको वित्तीय विवरण**

वासलात, नाफा नोक्सान, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु

४. **कानुनी कारबाही सम्बन्धी विवरण**

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा संचालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण समावेश गरिनुपर्नेः

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए,

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,

**५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन ।

**६. समस्या तथा चुनौती**

संगठित संस्थाले बहन गर्नुपरेको  समस्या तथा चुनौति स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र वाह्य भनी बर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीती सम्बन्धी विवरण ।

**७. संस्थागत सुशासन**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण ।

## अनुसूची– १६

**(नियम २६ को उपनियम (५) संग सम्बन्धित)**

**विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण**

| क्र.सं | **तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरु** |
|---|---|
| १ | संगठित संस्थाको विनियममा संशोधन भएमा |
| २ | तात्विक असर पर्ने व्यवसायिक सम्झौता (Material Business Agreement) |
| ३ | तात्विक असर पर्ने व्यवसायीक सम्झौता (Material Business Agreement) को समाप्ती |
| ४ | तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/विक्री सम्बन्धी विवरण |
| ५ | कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण |
| ६ | व्यवसाय/सेवाबाट वर्हिगमन सम्बन्धी विवरण |
| ७ | सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण |
| ८ | लेखापरिक्षक परिवर्तन भएमा |
| ९ | संगठित संस्थाको संचालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा |
| १० | संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा |
| ११ | शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा |

| | |
|---|---|
| १२ | व्यवसायको प्रकृति परिवर्तन भएमा |
| १३ | लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा |
| १४ | शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा |
| १५ | प्रतिफलको लागि शेयर निष्काशन गरेमा |
| १६ | संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा |
| १७ | संगठित संस्थाबाट जारी गरिएको सूचना |
| १८ | पूर्व घोषित वित्तीय विवरणहरु त्रुटी भएमा |
| १९ | ठेगाना परिवर्तन भएमा |
| २० | व्यवसाय संचालन हुन नसक्ने वा खारेजी |
| २१ | नामसारी दाखिल खारेज बन्द |
| २२ | कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर |
| २३ | आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा |
| २४ | सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा |
| २५ | संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना |

**द्रष्टव्यः संगठित संस्थाको विशेष घटना वा परिस्थिति सम्बन्धी विवरणमा उल्लिखित बुँदाहरु बारे जानकारी गराउँदा देहायका विवरणहरु समेत समावेश गरिएको हुनुपर्नेछः**

१. **संगठित संस्थाको विनियममा संशोधन भएमा**

संगठित संस्थाले आफ्नो प्रबन्धपत्र, नियमावली वा अन्य विनियमहरुमा संशोधन गरेमा देहाय सहितको जानकारी दिनुपर्नेः

(क) संशोधन लागू हुने मिति

(ख) संशोधनको प्रति,

(ग) अन्य तात्विक सूचना वा जानकारी भए सो ।

२. **तात्विक असर पर्ने व्यवसायिक सम्झौता** (Material Business Agreement)

संगठित संस्थाले तात्विक असर पर्ने सम्झौता गरेमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) सम्झौता भएको मिति,

(ख) सम्झौताका पक्षहरुको परिचय,

(ग) सम्झौताका महत्वपूर्ण शर्तहरु,

(घ) सम्झौतको प्रति पेश गर्नुपर्ने र

(ङ) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**३. तात्विक असर पर्ने व्यवसायीक सम्झौता** (Material Business Agreement) **को समाप्ती**

संगठित संस्थाको तात्विक असर पर्ने सम्झौता समाप्त गरिएमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) सम्झौता समाप्त गरिने मिति,

(ख) सम्झौताका पक्षहरुको परिचय,

(ग) सम्झौताका महत्वपूर्ण शर्तहरुको संक्षिप्त विवरण,
(घ) सम्झौता समाप्त गरिनुको कारण,
(ङ) अवधि भन्दा अगाडि नै सम्झौता समाप्ति गरिने कारणबाट संगठित संस्थाले कुनै जरीवाना व्यहोर्नु पर्ने भएमा सो सम्बन्धी विवरण,
(च) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

४. **तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/बिक्री सम्बन्धी विवरण**

संगठित संस्था वा यस्को सहायक कम्पनीले सामान्य व्यवसायको सिलसिलामा बाहेक तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/बिक्री गरेमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) सम्पत्ति खरीद/बिक्री गर्ने प्रस्तावको प्रति,
(ख) कारोबार सम्पन्न हुने मिति,
(ग) खरीद/बिक्री गरिने सम्पत्तिको संक्षिप्त विवरण,
(घ) संगठित संस्थाले सम्पत्ति खरीद/बिक्री गरेको व्यक्ति/संस्थाको परिचय, त्यस्तो व्यक्ति/संस्थासँग संगठित संस्था वा त्यसको संचालक वा उच्च स्तरिय अधिकृतको कुनै सम्बन्ध भए तत्सम्बन्धी विवरण,
(ङ) सम्पत्ति खरीद/बिक्री गर्दा कुनै सहुलियत दिएको/लिएको भए तत्सम्बन्धी विवरण,
(च) कुनै सम्झौता गरिएको भए सो को प्रति,
(छ) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

५. **कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण**

संगठित संस्थाले कुनै तात्विक वित्तीय दायित्व बहन गर्नुपरेमा, जमानत बसेमा वा त्यस्तो रुपको अन्य कुनै सम्भावित दायित्व लिनुपरेको भएमा देहाय अनुसार जानकारी दिनुपर्नेः

(क) संगठित संस्थाले तात्विक वित्तीय बहन गर्नुपरेको भए सो को मिति,
(ख) खण्ड (क) मा उल्लेखित दायित्व सृजना भएको व्यहोराको संक्षिप्त विवरण, त्यसमा गरिएको सम्झौता, दायित्वको रकम र भुक्तानीका शर्तहरु सम्बन्धी जानकारी,
(ग) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

६. **व्यवसाय/सेवाबाट वहिर्गमन सम्बन्धी विवरण**

(क) व्यवसाय/सेवाबाट वहिर्गमन गर्न लाग्ने अनुमानित कुल रकम,
(ख) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

७. **सम्पत्तिको पूर्नमूल्यांकन सम्बन्धी विवरण**

संगठित संस्थाले सम्पत्तिको कूल किताबी मूल्यको १० प्रतिशत भन्दा बढी हुने गरी सम्पत्तिको पुर्नमूल्यांकन गर्ने भएमा देहाय सहितको जानकारी गराउनुपर्ने :

(क) पुर्नमूल्यांकन हुने सम्पत्तिको विवरण,
(ख) पुर्नमूल्यांकन गरिने प्रस्तावको प्रति र सो पारित भएको मिति,
(ग) पुर्नमूल्यांकन गरिनुको कारण र नयाँ मूल्य निर्धारण सम्बन्धी प्रकृया,
(घ) सम्पत्तिको पुर्नमूल्यांकन अगाडी र पछाडिको किताबी मूल्य
(ङ) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

८. **लेखापरीक्षकको परिवर्तन भएमा**

संगठित संस्थाको लेखापरिक्षकको परिवर्तन भएमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) अघिल्लो लेखापरिक्षकको नाम, ठेगाना,
(ख) नयाँ लेखापरिक्षकको नाम, ठेगाना र नियुक्ति मिति,
(ग) लेखापरीक्षक परिवर्तन गर्नु परेको कारण,
(घ) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**९. संगठित संस्थाको संचालक वा उच्च व्यवस्थापकीय तहका अधिकृत परिवर्तन भएमा**

संगठित संस्थाको संचालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतहरुको नियुक्ति वा अलग भएमा देहाय सहितको जानकारी गराउनुपर्ने :

(क) संचालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको नाम, ठेगाना,
(ख) संचालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतहरुको नियुक्ती वा तिनीहरु अलग भएको मिति,
(ग) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**१०. संगठित संस्थाको नियन्त्रणमा भएको परिवर्तनहरु :**

यदि संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा देहाय सहितको जानकारी गराउनु पर्नेः

(क) त्यस्तो नियन्त्रणमा लिने व्यक्ति वा संस्थाको परिचय
(ख) नियन्त्रणमा परिवर्तन गराउने कारोबारको विवरण र मिति
(ग) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**११. शेयर पूँजी स्वामित्व वा संरचना परिवर्तन भएमा :**

संगठित संस्थाले जारी गरेको कुल साधारण शेयरको ५ प्रतिशत वा सो भन्दा बढी शेयर एकै शेयरवालाले खरीद गरेमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) खरीद गर्ने शेयरवालाको नाम, ठेगाना,
(ख) खरीद गरिएको शेयर संख्या र रकम,
(ग) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**१२. व्यवसायको प्रकृति परिवर्तन भएमा :**

संगठित संस्था वा त्यस संस्थाको सहायक कम्पनीको व्यवसायको प्रकृतिमा परिवर्तन गर्ने प्रस्ताव गरिएमा वा सहायक कम्पनीमा रहेको स्वामित्व पूर्ण वा आंशिक रुपमा हस्तान्तरण गर्ने प्रस्ताव गरिएमा वा अन्य कुनै संगठित संस्थाको बहुमत स्वामित्व खरीद गर्ने भएमा देहाय सहितको जानकारी गराउनु पर्नेः

(क) परिवर्तनको प्रकृति
(ख) स्वामित्व प्राप्त गर्ने वा हस्तान्तरण गर्ने प्रस्तावको प्रति,
(ग) संलग्न पक्षको परिचय
(घ) खरीद/बिक्रीको लागि कुनै सहुलियत दिएको वा लिएको भए सो सम्बन्धी विवरण,
(ङ) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**१३. लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा :**

संगठित संस्थाले अन्तिम लाभांश, अन्तरीम लाभांश वा हकप्रद शेयर बाँडफाँड, बोनस शेयर घोषणा गर्ने भएमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) संचालक समितिको निर्णय र मिति,
(ख) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**१४ शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा :**

संगठित संस्थाले जारी गरेको शेयरको प्रकृति अनुसार कुनै शेयर वर्गको अधिकारमा कुनै तात्विक असर पर्ने गरी हेरफेर भएमा देहाय सहितको जानकारी गराउनु पर्नेः

(क) हेरफेर भएको मिति,

(ख) हेरफेर गरिएको वर्ग,

(ग) त्यस्तो हेरफेर गरिएको कारणले उक्त शेयरधनीको अधिकारमा हुने प्रभाव,

(घ) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**१५. प्रतिफलको लागि शेयर निष्काशन गरेमाः**

नगदको सट्टा कसैलाई प्रतिफल स्वरुप शेयर जारी गरिएको भएमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) प्रतिफल स्वरुप शेयर प्राप्त गर्ने पक्षको परिचय,

(ख) निष्काशित शेयर वापत प्राप्त सम्पत्ति/सेवाको विवरण,

(ग) शेयर निष्काशन सम्बन्धमा सम्झौता भएको भए सो को मिति र प्रमुख शर्तहरु,

(घ) त्यस्तो सम्पत्ति/सेवाको मूल्य,

(ङ) अन्य कुनै तात्विक सूचना वा जानकारी भए सो ।

**१६. संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्द दायर भएको मुद्दा :**

संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए वा संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए सो वा कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए सो सम्बन्धी विवरण । उल्लिखित विवरणहरु दिंदा मुद्दा दायर भएको मिति, के का लागि मुद्दा दायर भएको, मुद्दा दायर भएको संस्थापक वा संचालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण समावेश गरिनुपर्ने ।

**१७. संगठित संस्थाबाट जारी गरिएको सूचनाः**

संगठित संस्थाले संस्थाको धितोपत्रको मूल्यमा प्रभाव पार्ने कुनै आर्थिक, वित्तीय, व्यवस्थापन र प्राविधिक तथ्यांक, सूचना वा विवरण जारी गरिएमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) सूचना जारी गरिएको मिति

(ख) जारी गरिएको सूचनाको विवरण,

**१८. पूर्व घोषित वित्तीय विवरणहरु त्रुटी भएमा :**

संगठित संस्थाले पहिले जारी गरेको कुनै वित्तीय विवरण भन्दा फरक ठानेमा, एक वा एकभन्दा बढि वर्ष वा अन्तरीम अवधिको वित्तीय विवरणमा त्रुटि भएको महशुश गरेमा संगठित संस्थाको वित्तीय विवरण वास्तविक नभएको निष्कर्षमा पुगेको मिति र सो निष्कर्ष पुग्नुको संक्षिप्त विवरण ।

**१९. ठेगाना परिवर्तन :**

संगठित संस्थाले आफ्नो रजिष्टर्ड कार्यालय रहेको ठेगाना, टेलिफोन नम्बर, फ्याक्सा नम्बर, मुख्य कार्यालय वा जहाँ धितोपत्र अभिलेख राखिएको छ परिवर्तन भएमा नयाँ ठेगाना जानकारी गराउनु पर्नेछ ।

**२०.** **<u>व्यवसाय संचालन हुन नसक्ने वा खारेजी:</u>**

संगठित संस्थाको व्यवस्थापनले संगठित संस्थाको सुचारु संचालन हुन नसक्ने अवस्थामा पुगेको वा संगठित संस्था खारेज गर्नुपर्ने निष्कर्षमा पुगेको अवस्थामा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) उक्त प्रकारको निष्कर्षमा पुगेको मिति,
(ख) त्यस्तो निष्कर्ष लिनुको कारण,
(ग) यदि कुनै कारबाही शुरु गरिने भएमा तत्सम्बन्धी विवरण ।

**२१.** **<u>नामसारी दाखिल खारेज बन्द:</u>**

संगठित संस्थाले धितोपत्रको दाखिल खारेज बन्द गर्ने वा हस्तान्तरण वा नविकरण वा एकीकरण वा विभाजन गर्ने भएमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) नामसारी दाखिल खारेज बन्द हुने सम्बन्धमा गरिएको निर्णय र लागू हुने मिति,
(ख) त्यस्तो निर्णय गर्नुको कारण,
(ग) यसरी बन्द गरिने अवधि ।

**२२.** **<u>कुनै असामान्य घटना र उक्त घटनाबाट संगठित संस्थामा परेको प्रभाव :</u>**

संगठित संस्थाले आफ्नो व्यवसाय प्राकृतिक प्रकोप, दुर्घटना, तालाबन्दि तथा अन्य कुनै असामान्य कारणबाट बन्द गर्ने भएमा देहाय सहितको जानकारी गराउनुपर्नेः

(क) त्यस्तो घटनाको कारणले व्यवसाय बन्द गर्ने मिति
(ख) व्यवसाय बन्द गर्नुपर्ने मुख्य घटना
(ग) व्यवस्थापनको धारणा ।

**२३.** **<u>आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र साधारण सभा हुन नसकेमा :</u>**

यदि आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र संगठित संस्थाले साधारण सभा गर्न नसकेमा साधारण सभा गर्न नसकेको परिस्थितिको बारेमा जानकारी गराउनु पर्नेछ ।

**२४.** **<u>सूचिकरण खारेजी वा सूचीकरणका लागि योग्यता नपुगेमा सूचना गर्नेपर्नेः</u>**

धितोपत्र विनिमय बजारले संगठित संस्थाको सूचिकरण खारेज गरेमा वा संगठित संस्थाले लगातार रुपमा सूचिकरणका लागि तोकिएका शर्तहरुको पालना गर्न नसकेमा संगठित संस्थाले देहाय सहितको जानकारी गराउनुपर्ने :

(क) सूचिकरण खारेज हुने मिति र धितोपत्र बजारको नाम,
(ख) सूचिकरण खारेजी हुने कारण वा कुन शर्त पूरा गर्न नसकेको हो सो सम्बन्धी विवरण,
(ग) व्यवस्थापनको धारणा ।

**२५.** **<u>संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटनाः</u>**

माथि उल्लिखित घटना बाहेक अन्य त्यस्तो घटना जसले संगठित संस्थाको धितोपत्रको मूल्यलाई तात्विक असर पार्छ सो सम्बन्धी विवरण ।

❖❖❖

लागु मिति २०७४।०८।०९

# वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४

वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले नियम ७ बमोजिम अनुमति प्राप्त संस्था सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले वस्तु विनिमय बजारको सदस्यता सम्बन्धी विनियमावली बमोजिम सदस्यता लिएको व्यक्ति वा संस्था सम्झनु पर्छ ।

## परिच्छेद–२
## पूर्व स्वीकृति सम्बन्धी व्यवस्था

३. **पूर्व स्वीकृतिको लागि निवेदन दिनु पर्ने** : (१) कसैले वस्तु विनिमय बजार सञ्चालन गर्न चाहेमा कम्पनी संस्थापना गर्नु अघि अनुसूची-१ बमोजिमको ढाँचामा पच्चीस हजार रुपैयाँ समेत संलग्न गरी बोर्ड समक्ष पूर्व स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनको साथमा अनुसूची-२ बमोजिमको विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश गरेको विवरणमा बोर्डले पूर्व स्वीकृति दिनु पूर्व कुनै परिवर्तन भएमा परिवर्तन भएको विवरणको जानकारी निवेदकले बोर्डलाई तुरुन्त गराउनु पर्नेछ ।

४. **जाँचबुझ गर्ने** : नियम ३ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा बोर्डले आवश्यक ठानेमा निवेदकसँग थप कागजात तथा विवरण माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

५. **पूर्व स्वीकृति दिने** : (१) नियम ४ बमोजिम जाँचबुझ गर्दा निवेदकलाई वस्तु विनिमय बजार सञ्चालन गर्न प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गर्न पूर्व स्वीकृति दिन बोर्डले उपयुक्त देखेमा आवश्यक विवरण तथा कागजात प्राप्त भएको मितिले तीस दिनभित्र पचास हजार रुपैयाँ शुल्क लिई पूर्व स्वीकृति प्रदान गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले देहायको अवस्थामा पूर्व स्वीकृति प्रदान गर्न इन्कार गर्न सक्नेछ :-

(क) मुलुकको आर्थिक अवस्था तथा कृयाकलापको आधारमा थप वस्तु विनिमय बजार सञ्चालन गर्न उपयुक्त नहुने भएमा,

(ख) लगानीकर्ताको हित संरक्षणको लागि थप वस्तु विनिमय बजार सञ्चालन गर्न दिनु उचित र उपयुक्त नहुने भएमा ।

(३) उपनियम (२) बमोजिम बोर्डले पूर्व स्वीकृति प्रदान नगर्ने भएमा सोको कारण सहितको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

## परिच्छेद -३
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

६. **अनुमतिपत्रका लागि निवेदन दिनु पर्ने** : (१) कुनै सङ्गठित संस्थाले ऐनको दफा ३ बमोजिमको व्यवसाय सञ्चालन गर्न अनुमति लिन चाहेमा अनुसूची-३ बमोजिमको ढाँचामा अनुसूची-४ बमोजिमको दस्तुर सहित बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

तर वस्तु विनिमय बजार सञ्चालन गर्न नियम ५ बमोजिम पूर्व स्वीकृति प्राप्त गरेको संगठीत संस्थाले मात्र निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ अनुसूची-५ बमोजिमको विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ ।

७. **अनुमतिपत्र प्रदान गर्ने** : (१) नियम ६ बमोजिम प्राप्त निवेदन उपर बोर्डले जाँचबुझ गर्दा निवेदक संस्थालाई वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फछ्यौंट वा वेयर हाउस सञ्चालनका लागि अनुमति प्रदान गर्न उपयुक्त देखेमा अनुसूची-६ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फछ्र्यौट व्यवसाय, वेयर हाउस सञ्चालन गर्न निवेदकलाई अनुमतिपत्र प्रदान गर्नु अघि बोर्डले वस्तु विनिमय बजारको राय लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम अनुमतिपत्र प्रदान गर्दा वस्तु बजारको अवस्था, व्यवसायको स्वस्थ सञ्चालन तथा लगानीकर्ताहरूको हितको संरक्षणलाई ध्यानमा राखी बोर्डले आवश्यक देखेमा अन्य आवश्यक शर्तहरू समेत तोक्न सक्नेछ ।

८. **अनुमतिपत्रको नवीकरण** : (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्र नवीकरण गर्न ऐनको दफा ८ को उपदफा (२) बमोजिमको अवधि भित्र अनुसूची-७ को ढाँचामा अनुसुची-४ बमोजिमको दस्तुर सहित बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र कुनै अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्र नवीकरणका लागि निवेदन दिन नसकेमा सोको कारण सहित ऐनको दफा ८ को उपदफा (३) बमोजिमको अवधिभित्र दोब्बर दस्तुर तिरी नवीकरणको लागि बोर्ड समक्ष अनुसुची-८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

९. **पूर्वाधार तयार गर्नु पर्ने** : अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्र प्राप्त गरेको एकसय असी दिनभित्र देहाय बमोजिमको न्यूनतम पूर्वाधार तयार गरी बोर्डलाई जानकारी दिनु पर्नेछ :-

(क) वस्तु कारोबार सञ्चालनका लागि प्रयोग गर्ने विद्युतीय कारोबार प्रणाली,

(ख) अनुसूची-९ बमोजिमको पूर्वाधार,

(ग) अनुसूची-१० बमोजिमको ढाँचामा तयार गरिएको जनशक्तिको विवरण,

(घ) बोर्डले समय समयमा निर्धारण गरेको अन्य पूर्वाधार ।

१०. **कारोबार सञ्चालनको स्वीकृति** : (१) अनुमतिपत्र प्राप्त संस्थाबाट नियम ९ बमोजिम पूर्वाधार तयार गरेको जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र बोर्डले आवश्यक निरीक्षण तथा जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्डले निरीक्षण तथा जाँचबुझ गर्दा वस्तु बजार सम्बन्धी व्यवसाय सञ्चालन गर्न उपयुक्त देखेमा कारोबार सञ्चालनको स्वीकृति दिनेछ ।

(३) उपनियम (२) बमोजिम कारोबार सञ्चालनको स्वीकृति प्राप्त गरेको तीस दिनभित्र अनुमतिपत्र प्राप्त संस्थाले नियम पालना अधिकृत (कम्प्लायन्स अफिसर) तोकी सोको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछ ।

११. **न्यूनतम चुक्ता पूँजी**: वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फछ्र्यौट व्यवसाय र वेयर हाउसको न्यूनतम चुक्ता पूँजी अनुसूची–११ बमोजिमको हुनु पर्नेछ ।

## परिच्छेद - ४

## शेयर स्वामित्व सम्बन्धी व्यवस्था

१२. **शेयर लिन नसक्ने :** (१) ऐनको दफा १४ को उपदफा (१) को अतिरिक्त देहायको व्यक्ति वा संस्थाले वस्तु विनिमय बजारको शेयर लिन सक्ने छैन :-

(क) प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगरेको,

(ख) वित्तीय विवरण सार्वजनिक गर्नु पर्ने कम्पनी वा सङ्गठित संस्थाको हकमा लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको वित्तीय विवरण सार्वजनिक नगरेको,

(ग) कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको भए सो अवधिभर,

(घ) अन्य वस्तु कारोबार व्यवसायी कम्पनीमा कुनै लाभको पद ग्रहण गरेको,

(ङ) यस नियम बमोजिम शेयर लिन अयोग्य रहेको कम्पनी वा सङ्गठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत रहेको ।

(२) वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फछ्र्यौट र वेयर हाउसको शेयर उपनियम (१) बमोजिमका व्यक्ति वा संस्थाले लिन पाउने छैन ।

(३) उपनियम (१) वा (२) विपरित कुनै व्यक्ति वा संस्थाले कुनै पनि तरीकाबाट शेयर लिएको जानकारी हुन आएमा बोर्डले त्यस्तो शेयर पैंतीस दिनभित्र अरु कसैलाई बिक्री वा हस्तान्तरण गरिसक्न निर्देशन दिनेछ ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र शेयर बिक्री वा हस्तान्तरण नगरेमा बोर्डले त्यस्तो शेयर जफत गरी नियम १३ बमोजिम बिक्री गर्नेछ ।

१३. **जफत शेयर बिक्री वा हस्तान्तरण सम्बन्धी व्यवस्था** : (१) बोर्डले जफत गरेको शेयर बिक्रीको लागि बढीमा तीस दिनको समय तोकी सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र ईच्छुक व्यक्ति वा संस्थाले त्यस्तो शेयर खरिद गर्न चाहेमा खरिद गर्न चाहेको मूल्य सहितको प्रस्ताव बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रस्तावहरुमध्ये सबैभन्दा बढी मूल्य कबोल गर्ने प्रस्तावकलाई त्यस्तो शेयर बिक्री गरिनेछ ।

(४) यस नियम बमोजिम बिक्री भएका शेयरहरूको स्वामित्व हस्तान्तरण वा नामसारीको सम्बन्धमा बोर्डले आवश्यक निर्देशन दिनेछ ।

१४. **वस्तु विनिमय बजारको शेयर स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था :** (१) वस्तु विनिमय बजारको संस्थापक शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अनुमतिपत्र प्राप्त गरेको मितिले तीन वर्षसम्म बिक्री गर्न सक्ने छैन ।

(२) वस्तु विनिमय बजारको संस्थापक शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर बिक्री गर्न चाहेमा सम्बन्धित वस्तु विनिमय बजार मार्फत बिक्री वा हस्तान्तरण गरिने शेयरको अङ्कित मूल्यको एक प्रतिशतका दरले हुने रकम सहित सहमतिको लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर बोर्डले जाँचबुझ गरी ऐन तथा यस नियमावली बमोजिम शेयर बिक्री वा हस्तान्तरणको लागि सहमति प्रदान गर्नेछ ।

१५. **वस्तु विनिमय बजारको रणनीतिक साझेदार सम्बन्धी व्यवस्था** : (१) ऐनको दफा १३ को उपदफा (२) बमोजिम वस्तु विनिमय बजार सञ्चालन गर्ने कम्पनीको रणनीतिक साझेदारको रूपमा लगानी गर्न चाहने विदेशी लगानीकर्ताले त्यस्तो वस्तु विनिमय बजारको बढीमा एकाउन्न प्रतिशत शेयर स्वामित्व लिन सक्नेछ ।

(२) देहाय बमोजिमको योग्यता पुगेको विदेशी लगानीकर्ताले रणनीतिक साझेदारको रूपमा उपनियम (१) बमोजिम लगानी गर्न सक्नेछ :-

(क) वस्तु विनिमय बजार सम्बन्धी व्यवसाय सञ्चालन गरेको न्यूनतम तीन वर्षको अनुभव हासिल गरेको,

(ख) त्यस्तो संस्था रहेको मुलुकको सम्बन्धित नियमन निकायले वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमति प्रदान गरेको पाँच वर्ष पूरा भइसकेको र त्यस्तो अनुमति हालसम्म कायम रहेको,

(ग) त्यस्तो संस्थाको कम्तीमा एक अर्ब रूपैयाँ बराबरको खुद सम्पत्ति भएको,

(घ) त्यस्तो संस्थालाई सम्बन्धित मुलुकको नियमन निकायले नेपालमा वस्तु विनिमय बजारमा लगानी गर्न स्वीकृति दिएको ।

१६. **वस्तु विनिमय बजारको शेयर सम्बन्धी व्यवस्था** : (१) कुनै व्यक्तिले कुनै पनि रूपमा आफू वा एकाघरको सदस्य शेयरधनी रहेको कम्पनी मार्फत वस्तु विनिमय बजारमा पाँच प्रतिशतभन्दा बढी शेयर लिन पाउने छैन ।

(२) उपनियम (१) विपरीत कुनै व्यक्तिले कुनै पनि तरीकाबाट शेयर लिएको जानकारी हुन आएमा बोर्डले त्यस्तो शेयर पैंतीस दिनभित्र अरु कसैलाई बिक्री वा हस्तान्तरण गरिसक्न निर्देशन दिनेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र शेयर बिक्री वा हस्तान्तरण नगरेमा बोर्डले त्यस्तो शेयर जफत गरी नियम १३ बमोजिम बिक्री गर्नेछ ।

१७. **व्यवसायीको शेयर स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्थाः** (१) वस्तु कारोबार व्यवसायी, राफसाफ तथा फछ्र्यौट वा वेयर हाउसको शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर बिक्री वा नामसारी गर्न चाहेमा यस नियमावली बमोजिम योग्यता रहेको तथा अयोग्यता नरहेको व्यक्ति वा संस्थालाई बिक्री वा नामसारी गर्नु पर्नेछ ।

(२) वस्तु कारोबार व्यवसायी, राफसाफ तथा फछ्र्यौट वा वेयर हाउसको शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अनुमतिपत्र प्राप्त भएको मितिले तीन बर्ष पूरा नभएसम्म बिक्री वा नामसारी गर्न पाउने छैन ।

(३) वस्तु कारोबार व्यवसायी, राफसाफ तथा फछ्र्यौट वा वेयर हाउसको शेयरधनीले आफूले लिएको शेयर बिक्री वा हस्तान्तरण गर्न चाहेमा शेयर खरिद गर्न वा हस्तान्तरण गरी लिन चाहने व्यक्ति वा संस्थाको यस नियमावली बमोजिम योग्यता रहेको तथा अयोग्यता नरहेको व्यहोरा सहित सम्बन्धित कम्पनी वा सङ्गठित संस्था मार्फत बिक्री वा हस्तान्तरण गरिने शेयरको अङ्कित मूल्यको शून्य दशमलव पाँच प्रतिशतका दरले हुने दस्तुर रकम सहित बोर्डमा अभिलेखका लागि निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिइने निवेदनसाथ शेयर खरिद वा हस्तान्तरण गरी लिन चाहने व्यक्ति वा संस्था भएमा सम्पूर्ण सञ्चालकको अनुसूची-१२ बमोजिमको विवरण तथा कागजात पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त निवेदन तथा संलग्न कागजातको बोर्डले जाँचबुझ गर्दा आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिमको जाँचबुझ तथा प्राप्त भएको विवरण वा कागजातका आधारमा बोर्ड सन्तुष्ट भएमा शेयर बिक्री वा हस्तान्तरणको अभिलेख गरी सम्बन्धित निवेदकलाई जानकारी दिनेछ ।

(७) उपनियम (६) बमोजिमको जानकारी प्राप्त भएको मितिले तीस दिनभित्र शेयर बिक्री वा हस्तान्तरण गरिसक्नु पर्नेछ ।

# परिच्छेद - ५
# सञ्चालक समिति सम्बन्धी व्यवस्था

१८. **सञ्चालक समिति सम्बन्धी व्यवस्था :** (१) राफसाफ तथा फछ्र्यौट र वेयर हाउसमा बढीमा सात जनासम्म भएको सञ्चालक समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको सञ्चालक समितिमा उपनियम (४) बमोजिमको योग्यता पुगेका कम्तीमा दुई जनासम्म स्वतन्त्र सञ्चालक हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको सञ्चालक समितिमा रहने सञ्चालक वस्तु विनिमय बजार वा वस्तु कारोबार व्यवसायी वा त्यस्तो संस्थाको शेयर खरिद गर्ने संस्थाको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा अन्य कुनै लाभको पदमा नरहेको हुनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको स्वतन्त्र सञ्चालक नियुक्ति गर्दा अर्थशास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच बर्षको कार्य अनुभव भएको तथा नियम २० बमोजिम अयोग्यता नरहेको हुनु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालक नियुक्त भएको सात दिनभित्र अनुसूची-१२ बमोजिमको विवरण सहितको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

१९. **प्रमुख कार्यकारी अधिकृतको नियुक्ति** : (१) अनुमति प्राप्त संस्थाको सञ्चालक समितिले प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्दा अर्थशास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच बर्षको कार्यानुभव भएको तथा नियम २० बमोजिम अयोग्यता नरहेको व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले प्रमुख कार्यकारी अधिकृत नियुक्त भएको सात दिनभित्र अनुसूची-१२ बमोजिमको विवरण सहितको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

२०. **सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतको अयोग्यता** : देहायको कुनै अवस्था विद्यमान रहेको कुनै व्यक्ति अनुमति प्राप्त संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुनेछ :-

(क) मानसिक सन्तुलन ठीक नभएको,

(ख) प्रचलित कानून बमोजिम दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी, ठगी वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको,

(घ) बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालो सूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन बर्ष पूरा नभएको,

(ङ) प्रचलित कानून बमोजिम कर दाखिला नगरेको वा प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत रहेको,

(च) स्वार्थ बाझिने कुनै अर्को सङ्गठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत रहेको,

(छ) अर्को कुनै वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस व्यवसायीको बहालवाला पदाधिकारी भएको,

(ज) धितोपत्र सम्बन्धी कसूरमा सजाय पाएको मितिले दश वर्ष पूरा नभएको ।

२१. **<u>सञ्चालक समितिको बैठक तथा अन्य व्यवस्था</u>** : (१) अनुमति प्राप्त संस्थाको सञ्चालक समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक र एक वर्षमा कम्तीमा छ पटक बस्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिका कम्तीमा एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) अनुमति प्राप्त संस्थाको सञ्चालकले आफू मध्येबाट सञ्चालक समितिको अध्यक्षको चयन गर्नु पर्नेछ ।

(४) वस्तु विनिमय बजारको हकमा एकै कम्पनी वा सङ्गठित संस्थाबाट एक जनाभन्दा बढी वस्तु विनिमय बजारको सञ्चालक हुन सक्ने छैन ।

(५) कुनै सञ्चालकको निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बैठकमा छलफल हुने भएमा सो बैठकमा त्यस्तो सञ्चालकले भाग लिन पाउने छैन ।

२२. **<u>योग्यता सम्बन्धी व्यवस्थाको निरन्तरता</u>** : (१) अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको योग्यता अनुमतिपत्रको अवधिभर निरन्तर रूपमा कायम हुनु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाको सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको योग्यता जुनसुकै समयमा कायम नरहेमा बोर्डले त्यस्तो सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतलाई हटाउन निर्देशन दिनेछ ।

(३) उपनियम (२) बमोजिमको निर्देशन प्राप्त भएको तीस दिनभित्र त्यस्तो सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतलाई हटाई यस नियमावली बमोजिम योग्यता पुगेको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नु पर्नेछ ।

## परिच्छेद-६

## कारोबार सम्बन्धी व्यवस्था

२३. **<u>कारोबार हुने वस्तु</u>** : यस नियमावली बमोजिम कारोबार गर्न सकिने वस्तु अनुसूची-१३ मा उल्लेख भए बमोजिम हुनेछ ।

२४.	**करार तथा दर्ता भएको वस्तुको मात्र कारोबार गर्नु पर्ने :** (१) नियम २३ बमोजिमका वस्तुको कारोबार गर्नु अघि वस्तु विनिमय बजारले त्यस्तो वस्तुको कारोबार सम्बन्धी करार तयार गरी बोर्डमा दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको करारमा न्यूनतम रुपमा वस्तुको नाम, परिमाण, स्तर, करारको अवधि, मूल्यको आधार लगायतका कुराहरु समावेश गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको करार दर्ता गर्न अनुसूची-१४ बमोजिमको ढाँचामा आधार मूल्यको शून्य दशमलब पाँच प्रतिशत शुल्क सहित बोर्डमा निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिने निवेदन साथ देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ :

(क) वस्तुको नाम, परिमाण, स्तर सम्बन्धमा वेयर हाउस वा सम्बन्धित आधिकारीक निकायबाट जारी गरिएको निस्सा,

(ख) वस्तु करार दर्ता गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(ग) वस्तुको करार तयार गर्दा लिइएको आधार मूल्यको स्रोत सम्बन्धी विवरण,

(घ) बोर्डले समय समयमा निर्धारण गरेको अन्य विवरण तथा कागजात ।

(५) उपनियम (४) बमोजिम दर्ताका लागि प्राप्त भएको करार तथा सलंग्न विवरणको आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखेमा बोर्डले दर्ता गरी सो को निस्सा वस्तु विनिमय बजारलाई दिनेछ ।

२५.	**वस्तु करारको सूची तयार गर्नु पर्ने :** वस्तु विनियम बजारले नियम २४ बमोजिम दर्ता भएका करारको कारोबारको लागि सूची तयार गरी करारको प्रारम्भ र अन्तिम मिति सहितको सूचना सार्वजनिक गरी सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

२६.	**वस्तु कारोबार व्यवसायीले गर्न सक्ने काम :** (१) वस्तु कारोबार दलालले ग्राहकको आदेश अनुसार ग्राहकको नामबाट मात्र वस्तु खरिद वा बिक्री गरी वस्तु कारोबार दलाली सेवा प्रदान गर्न सक्नेछ ।

(२) वस्तु कारोबार दलालले लगानीकर्ताको नामबाट वस्तु खरिद वा बिक्री गर्ने सम्बन्धी व्यवसाय बाहेक यस नियमावली बमोजिम अन्य कार्य गर्न बोर्डको स्वीकृति लिनु पर्नेछ ।

(३) वस्तु कारोबार व्यापारी तथा बजार निर्माताले देहाय बमोजिमको कार्य गर्न सक्नेछ :-

(क) आफ्नो नामबाट वस्तु खरिद वा बिक्री गर्न,

(ख) वस्तुको खरिद तथा बिक्री दुवै मूल्य अङ्कित गरी बजार निर्माताको रूपमा कार्य गर्न,

(ग) बोर्डले समय समयमा निर्धारण गरे बमोजिमका अन्य कार्य गर्न ।

(४) वस्तु कारोबार दलाल कम्पनी तथा उक्त कम्पनीको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी तथा निजहरूको सगोलमा रहेका एकाघरका परिवारको सदस्यका लागि कम्पनी स्वयंले वस्तु खरिद वा बिक्री गर्न पाउने छैन ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले आवश्यक व्यवस्था तथा शर्त तोकी वस्तु कारोबार व्यापारी तथा बजार निर्मातालाई वस्तु कारोबार दलाली व्यवसाय वा वस्तु सम्बन्धी अन्य व्यवसाय गर्न वा वस्तु कारोबार दलाललाई वस्तु कारोबार व्यापारी तथा बजार निर्माताको काम गर्न पाउने गरी अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

(६) ऐनको दफा १९ को उपदफा (२) बमोजिमका वस्तु कारोबार व्यवसायीले ऐन तथा यस नियममा उल्लिखित कार्यका अतिरिक्त ऐनको दफा ६३ बमोजिमको निर्देशिकामा उल्लेख भएको कार्य गर्न पाउनेछ ।

२७. **वेयर हाउस सञ्चालन सम्बन्धी व्यवस्था** : (१) वेयर हाउसले वेयर हाउस सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी त्यस्तो कार्यविधि तयार भएको तीन दिन भित्र बोर्डमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यविधिमा देहायको विषय खुलाईएको हुनु पर्नेछ :-

(क) वस्तुको भण्डारण गर्दा वस्तुको इकाई, परिमाण, स्तर, राख्ने समय, भण्डारण शुल्क, भुक्तानी दिने समय उल्लेख गर्नु,

(ख) वस्तु भण्डारण भएपछि त्यस्को हस्तान्तरणको समयमा वस्तुको स्तरमा परिवर्तन आउन नदिन अपनाउनु पर्ने उपाय,

(ग) बोर्डले समय समयमा निर्धारण गरेको अन्य विषय ।

२८. **वस्तु कारोबार प्रक्रिया** : (१) वस्तु विनिमय कारोबार गर्न चाहने लगानीकर्ताले वस्तु कारोबार दलाललाई खरिद वा बिक्री आदेश दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खरिद वा बिक्री आदेशलाई वस्तु कारोबार दलालले विद्युतीय कारोबार प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वस्तु कारोबार दलाल मार्फत लगानीकर्ता आफैले खरिद वा बिक्री आदेश विद्युतीय कारोबार प्रणालीमा प्रविष्ट गर्न सक्ने व्यवस्था भएमा त्यस्तो लगानीकर्ता आफैले आदेश प्रविष्ट गरी खरिद वा बिक्री गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम लगानीकर्ता आफैले खरिद वा बिक्री आदेश दिएको भए तापनि सो सम्बन्धी राफसाफ तथा फछ्र्यौट लगायतका जिम्मेवारी सम्बन्धित वस्तु कारोबार दलालको हुनेछ ।

(५) वस्तु विनिमय बजारमा भएका कारोबारको राफसाफ तथा फछ्र्यौट र भुक्तानी सम्बन्धी व्यवस्था सम्बन्धित वस्तु विनिमय बजारको विनियमावली बमोजिम हुनेछ ।

२९. **वस्तु कारोबारको प्राथमिकताः** वस्तु विनिमय बजारले वस्तु कारोबार गर्दा मूल्य तथा समय प्राथमिकताको आधारमा कारोबार गर्नु पर्नेछ ।

३०. **लगानीकर्ताको पहिचान अभिलेख राख्नु पर्ने** : वस्तु कारोबार दलालले लगानीकर्ताको लागि कारोबार गर्नु अघि व्यक्ति वा संस्थागत ग्राहकको क्रमशः अनुसूची-१५ वा अनुसूची-१६ बमोजिमको न्यूनतम विवरण सहितको ग्राहक पहिचानको पूर्ण अभिलेख राख्नु पर्नेछ ।

३१. **लगानीकर्तासँग सम्झौता गर्नु पर्ने** : (१) ऐनको दफा २२ को प्रयोजनको लागि वस्तु कारोबार दलालले वस्तु कारोबार गर्नु पूर्व लगानीकर्तासँग देहाय बमोजिमको विवरण उल्लेख भएको सम्झौता गर्नु पर्नेछः–

(क) कारोबारसँग सम्बन्धित मार्जिन,

(ख) राफसाफ तथा फछ्र्यौट,

(ग) कारोबार गर्दा लिईने सेवा शुल्क,

(घ) विवाद समाधान,

(ङ) बोर्डले समय समयमा निर्धारण गरेका विषय ।

(२) उपनियम (१) बमोजिम सम्झौता गर्नु पूर्व वस्तु कारोबार दलालले वस्तुको कारोबार गर्दा मूल्यमा हुन सक्ने उतार चढाव तथा सम्भावित जोखिमका सम्बन्धमा लगानीकर्तालाई जानकारी गराउनु पर्नेछ ।

३२. **बैङ्क मार्फत रकम लेनदेन गर्नु पर्ने :** अनुमतिपत्र प्राप्त संस्थाले वस्तु विनिमय कारोबार तथा करार बमोजिमको रकम लेनदेन गर्दा बैङ्किङ्ग प्रणाली मार्फत गर्नु पर्नेछ ।

३३. **लगानीकर्ताको रकम तथा कागजातको प्रयोग :** (१) वस्तु कारोबार दलालले कुनै एक लगानीकर्ताको रकम, वस्तु तथा कागजात आफ्नो वा अन्य लगानीकर्ताको प्रयोजनको लागि कुनै पनि प्रकारले प्रयोग गर्नु गराउनु हुँदैन ।

(२) वस्तु कारोबार दलालले वस्तु कारोबारको क्रममा प्राप्त गरेको रकम, वस्तु वा कागजात त्यसरी प्राप्त गरेकै दिन वा भोलिपल्टसम्म सम्बन्धित पक्षलाई बुझाउनु पर्नेछ ।

(३) वस्तु कारोबार दलालले प्रत्येक लगानीकर्ताको वस्तु कारोबारसँग सम्बन्धित विवरण तथा रकमको हिसाब स्पष्ट देखिने गरी छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ ।

३४. **कारोबार सम्बन्धी थप व्यवस्था तोक्न सक्ने :** ऐन तथा यस नियमावलीमा उल्लिखित वस्तु कारोबार सम्बन्धी शर्त तथा प्रक्रियाहरुका अतिरिक्त अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नु पर्ने गरी बोर्डले आवश्यक शर्त तथा प्रक्रियाहरु तोक्न सक्नेछ ।

## परिच्छेद - ७

## सेवा शुल्क तथा नियमन शुल्क सम्बन्धी व्यवस्था

३५. **सेवा शुल्क लिने :** (१) वस्तु विनिमय बजारले आफ्ना सदस्यहरुबाट कारोबार भएको वस्तुको मूल्यको शून्य दशमलब शून्य एक प्रतिशतमा नबढ्ने गरी विनियमावलीमा तोके बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

(२) वस्तु कारोबार व्यवसायी, राफसाफ तथा फछ्र्यौट व्यवसायी र वेयर हाउसले सम्बन्धित व्यवसाय बमोजिमको विनियमावलीमा उल्लेख भए बमोजिम ग्राहकसंग सेवा शुल्क लिन सक्नेछ ।

३६. **बोर्डलाई नियमन शुल्क बुझाउनु पर्ने :** (१) अनुमतिपत्र प्राप्त संस्थाले प्राप्त गरेको कुल सेवा शुल्कको दुई प्रतिशतले हुने रकम त्रैमासिक रूपमा बोर्डलाई बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रकम बोर्डमा बुझाउँदा त्रैमासिक अवधि समाप्त भएको सात दिनभित्र बुझाउनु पर्नेछ ।

(३) वस्तु विनिमय बजारले लगानीकर्ताबाट प्रत्येक खरिद तथा बिक्री कारोबार रकमको शुन्य दशमलव शुन्य एक प्रतिशतका दरले हुने रकम उठाई प्रत्येक महिना समाप्त भएको सात दिनभित्र बोर्डमा बुझाउनु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिमको समयावधिभित्र रकम नबुझाउने अनुमतिपत्र प्राप्त संस्थाले त्यसरी बुझाउनु पर्ने रकममा वार्षिक दश प्रतिशतका दरले व्याज समेत जोडी बोर्डमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-८
## अभिलेख तथा जानकारी सम्बन्धी व्यवस्था

३७. **अभिलेख राख्नु पर्ने** : (१) अनुमतिपत्र प्राप्त संस्थाले आफूले गरेको कारोबार तथा ग्राहक सम्बन्धी अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानूनमा तोकिएको ढाँचा र लेखामान अनुसार आफ्नो कारोबारको लेखा राख्नु पर्नेछ ।

(३) वस्तु विनिमय बजारले प्रचलित कानून बमोजिम राख्नु पर्ने अभिलेखका अतिरिक्त देहायका अभिलेख यथार्थ र दुरुस्त राख्नु पर्नेछ :-

(क) साधारण सभा, सञ्चालक समिति तथा कुनै समिति गठन गरिएको भए त्यस्तो समितिको निर्णय पुस्तिका,

(ख) सदस्य सम्बन्धी विवरण,

(ग) वस्तु कारोबार सम्बन्धी करारको विवरण,

(घ) दैनिक रूपमा कारोबार भएको वस्तुको नाम, वस्तु सम्बन्धी करारको मूल्य, परिमाण, स्तर तथा हस्तान्तरण मिति,

(ङ) कारोबारमा संलग्न वस्तु कारोबार व्यवसायी, राफसाफ कारोबार व्यवसायी र कारोबार क्रम संख्या लगायतका विवरण ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले यस नियम बमोजिम राख्नुपर्ने अभिलेखका अतिरिक्त बोर्डले समय समयमा निर्धारण गरे बमोजिमको अभिलेख राख्नु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त संस्थाले यस नियम बमोजिम राख्नु पर्ने अभिलेख तथा लेखा राखे नराखेको सम्बन्धमा बोर्डले समय समयमा निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम निरीक्षण तथा जाँचबुझको लागि बोर्डले मागेको विवरण तथा कागजात उपलब्ध गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

३८. **विवरण तथा प्रतिवेदन पेश गर्नु पर्ने** : (१) अनुमतिपत्र प्राप्त संस्थाले देहायका जानकारी, विवरण तथा प्रतिवेदन देहायको समयभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) प्रत्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण तथा उक्त आर्थिक वर्षमा गरेको काम कारबाही तथा कारोबार विवरण सहितको वार्षिक प्रतिवेदन,

(ख) प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र सञ्चालक समितिबाट पारित त्रैमासिक प्रतिवेदन,

(ग) साधारण सभा समाप्त भएको मितिले तीस दिनभित्र साधारण सभामा पेश गरिएको प्रस्ताव तथा निर्णय सम्बन्धी विवरण,

(घ) वस्तु विनिमय बजारले कुनै वस्तु कारोबार व्यवसायीलाई सदस्यता प्रदान, निलम्बन, निलम्बन फुकुवा वा सदस्यता खारेजी सम्बन्धी निर्णय गरेमा त्यस्तो निर्णय गरेको तीन दिनभित्र सो सम्बन्धी विवरण,

(ङ) कारोबार सञ्चालन तथा कारोबार राफसाफ तथा फछ्र्यौट, सुपरिवेक्षण तथा अनुशासन सम्बन्धी निर्णय गरेमा सोको भोलिपल्ट,

(च) बोर्डले समय समयमा निर्धारण गरेका अन्य सूचना, जानकारी तथा विवरण बोर्डले निर्धारण गरिदिएको समयभित्र ।

(२) वस्तु विनिमय बजारले ऐन, यस नियमावली, निर्देशिका, बोर्डले दिएका निर्देशन तथा आफ्नो विनियमावली पालना सम्बन्धी प्रतिवेदन (कम्प्लाएन्स रिपोर्ट) लेखा परीक्षकबाट प्रमाणित गराई अर्ध वार्षिक रुपमा बोर्डमा पेश गर्नु पर्नेछ ।

(३) वस्तु विनिमय बजारले देहायका कुराको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछ :-

(क) आफ्नो सदस्यले यस नियमावली, निर्देशिका तथा आफ्नो विनियमावलीमा भएका व्यवस्थाको उल्लङ्घन हुने कुनै काम कारबाही गरेको थाहा हुन आएमा,

(ख) कारोबार स्थगन, कारोबार स्थगन फुकुवा तथा सूचीकरण खारेज गरेमा,

(ग) संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत प्रचलित कानून बमोजिम कुनै कारबाही वा कालो सूचीमा परेमा,

(घ) वस्तु विनिमय बजारको सदस्यता प्रदान गरेमा वा खारेज गरेमा,

(ङ) वस्तु विनिमय बजारको व्यवस्थापन वा सङ्गठन ढाँचामा कुनै परिवर्तन भएमा ।

(४) वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस व्यवसायीले देहायका जानकारी तथा विवरण देहायको समयभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) शाखा कार्यालय वा सम्पर्क कार्यालय बन्द गरेमा तीन दिनभित्र,

(ख) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु परेमा त्यसरी संशोधन गर्नु अघि संशोधनको व्यहोरा सहितको जानकारी,

(ग) बोर्डले समय समयमा निर्धारण गरेका अन्य सूचना, जानकारी तथा विवरण ।

(५) अनुमतिपत्र प्राप्त संस्थाले देहायका विषयको सम्बन्धमा बोर्डलाई तुरुन्त जानकारी दिनु पर्नेछ :-

(क) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन नम्बर, फ्याक्स नम्बर, वेब साईट, इमेल आदि परिवर्तन भएमा,

(ख) संस्थापक, सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत उपर प्रचलित कानून बमोजिम कुनै कारबाही भएमा वा कारबाही अगाडि बढाइएको भएमा,

(ग) संस्थापक वा सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा कारोबार व्यवसायी संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचिकृत भएमा ।

(घ) वस्तु व्यवसाय सञ्चालन बन्द गर्ने निर्णय गरेमा ।

(६) यस नियम बमोजिम बोर्डमा पेश गरिएको वार्षिक प्रतिवेदन तथा प्रचलित कानून बमोजिम सार्वजनिक गर्नु पर्ने विवरण सम्बन्धित संस्थाको वेब साइटमा प्रकाशन गर्नु पर्नेछ ।

३९. **लगानीकर्तालाई जानकारी गराउनु पर्ने** : (१) वस्तु विनिमय बजारले देहायका सूचना, जानकारी तथा विवरणहरू देहाय बमोजिमको अवधिभित्र सार्वजनिक गर्नु पर्नेछ :-

(क) कारोबार स्थगन गरेमा वा स्थगन गरेको कारोबार पुनः सञ्चालन गरेमा सोही दिन वा सोको भोलिपल्टको कारोबार शुरु हुनु अगावै आफ्नो वेब साइटमा प्रकाशन गर्नु पर्ने,

(ख) सदस्यता प्रदान वा सदस्यता निलम्बन वा निलम्बन फुकुवा वा सदस्यता खारेज गरेमा त्यस्तो कार्य गरेको दिन वा सोको भोलिपल्ट कारोबार शुरु हुनु अगावै सो सम्बन्धी जानकारी सार्वजनिक गरी सदस्यता प्रदान वा खारेजी गरेको अवस्थामा त्यस्तो कार्य गरेको सात दिनभित्र राष्ट्रियस्तरको पत्रिकामा समेत प्रकाशन गर्नु पर्ने,

(ग) प्रत्येक दिन कारोबार भएको वस्तुको नाम, प्रत्येक वस्तु सम्बन्धी करारको मूल्य र परिमाण, कारोबारमा संलग्न वस्तु कारोबार व्यवसायी, कारोबार क्रम सङ्ख्या लगायतका विवरण खुलाई सोही दिन वा सोको भोलिपल्ट कारोबार शुरु हुनु अगावै वेब साइटमा सार्वजनिक गर्नु पर्ने,

(घ) बोर्डले समय समयमा तोकिदिए बमोजिम सार्वजनिक गर्नु पर्ने अन्य सूचना, जानकारी तथा विवरण ।

(२) वस्तु विनिमय बजारले यस नियम बमोजिम सार्वजनिक गर्नु पर्ने सूचना, जानकारी तथा विवरणहरूको अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

४०. **बोर्डले ढाँचा निर्धारण सक्ने** : प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक ऐन तथा यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले राख्नु पर्ने अभिलेख तथा बुझाउनुपर्ने प्रतिवेदनको ढाँचा बोर्डले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

४१. **लेखा परीक्षण गराउनु पर्ने** : (१) अनुमतिपत्र प्राप्त संस्थाले बोर्डले सूचीकृत गरेको लेखापरीक्षकबाट आफ्नो आय व्यय तथा आर्थिक कारोबारको लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको लेखापरीक्षण सम्बन्धी विवरण अनुमतिपत्र प्राप्त संस्थाले सुरक्षित गरी राख्नु पर्नेछ ।

## परिच्छेद-९

## कारबाही तथा सजाय सम्बन्धी प्रक्रिया

४२. **कारोबार गर्न रोक लगाउने :** (१) बोर्डले देहायको अवस्थामा अनुमतिपत्र प्राप्त संस्थाले गर्ने कुनै वा सबै वस्तुको कारोबार गर्न रोक लगाउन सक्नेछ :-

(क) ऐन, नियमावली, निर्देशिका तथा बोर्डले दिएको निर्देशन उल्लङ्घन गरेमा,

(ख) लगानीकर्ताको हित संरक्षणका लागि आवश्यक भएमा वा

(ग) व्यवसायको स्वच्छता कायम राख्नका लागि आवश्यक भएमा ।

(२) उपनियम (१) बमोजिम कारोबार रोक लगाउँदा बोर्डले उपयुक्त ठानेको अवधिसम्म रोक लगाउन सक्नेछ ।

४३. **अनुमतिपत्र निलम्बन सम्बन्धी प्रक्रिया** : (१) ऐनको दफा ३४ बमोजिम कुनै अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र निलम्बन गर्नु परेमा बोर्डले अनुमतिपत्र निलम्बन गर्नु नपर्ने कुनै कारण भए त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई बढीमा पन्ध्र दिनको समय दिई स्पष्टीकरण पेश गर्न लेखी पठाउनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्था विद्यमान भएको कुरामा बोर्ड विश्वस्त भएमा एक पटकमा बढीमा छ महिनासम्मको लागि अनुमतिपत्र निलम्बन गर्न सक्नेछ :-

(क) तत्काल निलम्बन नगरी कारोबार चालु राख्न दिँदा वस्तु बजारमा गम्भीर असर पर्न सक्ने देखिएमा,

(ख) तत्काल निलम्बन नगरी काम गरिरहन दिँदा लगानीकर्ताको अहित हुन सक्ने वा हानी नोक्सानी हुने देखिएमा ।

(३) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरणको जवाफ अनुमतिपत्र प्राप्त संस्थाले समय भित्र पेश नगरेमा वा पेश गरेको जवाफ सन्तोषजनक नदेखिएमा एक पटकमा बढीमा एक बर्ष सम्मको लागी त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र निलम्बन गर्न सकिनेछ ।

(४) उपनियम (२) बमोजिम बोर्डले अनुमतिपत्र निलम्बन गर्दा अनुमतिपत्र प्राप्त संस्थाले निलम्बन अवधिभित्र पूरा गर्नु पर्ने आवश्यक शर्त तोक्न सक्नेछ ।

(५) उपनियम (३) बमोजिम शर्त तोकी निलम्बन गरिएकोमा अनुमतिपत्र प्राप्त संस्थाले तोकेको शर्त पूरा गरेको जानकारी बोर्डलाई दिएमा बोर्डले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ ।

(६) उपनियम (५) बमोजिम जाँचबुझ गर्दा अनुमतिपत्र प्राप्त संस्थाले आवश्यक शर्त पूरा गरेको देखिएमा बोर्डले जुनसुकै बखत त्यस्तो निलम्बन फुकुवा गर्न सक्नेछ ।

(७) उपनियम (३) बमोजिम तोकिदिएको शर्त पूरा गर्न नसकी अनुमतिपत्र प्राप्त संस्थाले थप समय मागेमा बोर्डले तीन महिनाको थप समय दिन सक्नेछ ।

(८) यस नियम बमोजिम बोर्डले कुनै अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र निलम्बन गरेमा वा निलम्बन फुकुवा गरेमा त्यसको जानकारी सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई तुरुन्त दिई तत् सम्बन्धी सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

४४. **अनुमतिपत्र खारेज गर्ने प्रक्रिया** : (१) ऐनको दफा ३५ को उपदफा (२) बमोजिम कुनै अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्नु परेमा बोर्डले अनुमतिपत्र खारेज गर्नु नपर्ने कुनै कारण भए त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई बढीमा पन्ध्र दिनको समय दिई स्पष्टीकरण पेश गर्न लेखी पठाउनेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरणको जवाफ अनुमतिपत्र प्राप्त संस्थाले समय भित्र पेश नगरेमा वा पेश गरेको जवाफ सन्तोषजनक नदेखिएमा बोर्डले त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जुन कारणबाट अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्नु परेको हो सो सम्बन्धमा सुधार गर्ने प्रतिबद्धता सहित अनुमतिपत्र प्राप्त संस्थाले समय माग गरेमा बोर्डले उपयुक्त ठानेको निश्चित समय दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम बोर्डले निश्चित गरेको समयभित्र अनुमतिपत्र प्राप्त संस्थाले गर्नुपर्ने सुधार पूरा नगरेमा वा पूरा गर्न नसकेमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्नेछ ।

(५) यस नियम बमोजिम बोर्डले कुनै अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गरेमा त्यसको जानकारी सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई तुरुन्त दिई तत् सम्बन्धी सूचना राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

४५. **निलम्वन तथा खारेजीको असर** : (१) कुनै अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र निलम्वन भएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले निलम्वनको अवधिभर वस्तु विनिमय सम्बन्धी कारोबार गर्न पाउने छैन ।

तर अनुमतिपत्र प्राप्त संस्थाले कुनै खास वस्तुको कारोबार गर्न नपाउने गरी कारोबार निलम्वन गरिएका अवस्थामा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले कारोबार निलम्वन गरिए भन्दा बाहेकका वस्तुको कारोबार गर्न बाधा पर्ने छैन ।

(२) निलम्वनको अवधिभर अनुमतिपत्र प्राप्त संस्थाको हैसियत यथा स्थिति (स्ट्याटस को) मा रहेको मानिनेछ ।

(३) कुनै अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले कुनै कारोबार गर्न पाउने छैन ।

तर त्यस्तो संस्थाको अनुमतिपत्र निलम्वन वा खारेज हुनु अगावै सिर्जना भएको दायित्वबाट त्यस्तो संस्थाले उन्मुक्ति पाउने छैन ।

४६. **जरिवाना सम्बन्धी प्रक्रिया** : (१) ऐनको दफा ३७ बमोजिम कुनै अनुमतिपत्र प्राप्त संस्थालाई जरिवाना गर्नु परेमा बोर्डले जरिवाना गर्नु नपर्ने कुनै कारण भए त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई बढीमा पन्ध्र दिनको समय दिई स्पष्टीकरण पेश गर्न लेखी पठाउनेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरणको जवाफ अनुमतिपत्र प्राप्त संस्थाले समय भित्र पेश नगरेमा वा पेश गरेको जवाफ सन्तोषजनक नदेखिएमा बोर्डले त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई ऐन बमोजिम जरिवाना गर्नेछ ।

(३) उपनियम (२) बमोजिम बोर्डले जरिवाना गर्ने निर्णय गरेमा सोको जानकारी तुरुन्त त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई दिनेछ ।

(५) यस नियम बमोजिम बोर्डलाई प्राप्त हुने जरिवाना बापतको रकम बोर्डको कोषमा जम्मा गरिनेछ ।

४७. **कारबाहीको अभिलेख राख्नु पर्ने** : बोर्डले अनुमतिपत्र प्राप्त संस्थालाई कुनै कारबाही गरेमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्था तथा त्यस्तो संस्थाको सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

## परिच्छेद - १०
## विविध

४८. **स्वचालीत विद्युतिय कारोबार प्रणाली सम्बन्धी** : (१) वस्तु विनिमय बजारले कारोबार सञ्चालनको लागि स्थापना गरेको कारोबार प्रणालीमा कुनै अवरोध नआउने वा आए तापनि कारोबार सुचारु (बिजिनेश कन्टीन्यूटी) हुने गरी स्वचालीत विद्युतीय कारोबार प्रणालीको व्यवस्था गर्नु पर्नेछ ।

(२) वस्तु विनिमय बजारले लगानीकर्ता तथा कारोबारसँग सम्बन्धित सबै प्रकारका सूचना तथा तथ्याङ्कको दुरुपयोग तथा अनधिकृत पहुँच नहुने गरी आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(३) वस्तु विनिमय बजारले स्थापना गर्ने स्वचालीत विद्युतीय कारोबार प्रणालीको सुरक्षण व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको हुनु पर्नेछ ।

(४) वस्तु विनिमय बजारले आफ्नो स्वचालीत विद्युतीय कारोबार प्रणालीको डिजाष्टर्ड रीकभरी सिष्टमको व्यवस्था गर्नु पर्नेछ ।

४९. **लगानीकर्ता संरक्षण कोषः** (१) ऐनको दफा १७ बमोजिमको लगानीकर्ता संरक्षण कोषमा देहाय बमोजिम रकम जम्मा हुनेछ ।

(क) वस्तु विनिमय बजारले प्रत्येक वर्ष आर्जन गरेको नाफाको तीन प्रतिशतले हुने रकम,

(ख) नेपाल सरकार तथा बोर्डले समय समयमा उपलब्ध गराएको रकम,

(ग) वस्तु विनिमय बजारका सदस्यले प्रत्येक वर्ष आर्जन गरेको नाफाको एक प्रतिशतले हुने रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) जम्मा भएको रकम प्रमुख रुपमा देहाय बमोजिमको प्रणालीगत जोखिम (सिस्टमिक रिस्क) बाट लगानीकर्तालाई परेको क्षतिबाट सुरक्षित गर्न प्रयोग गर्न सकिनेछः–

(क) अनुमतिपत्र प्राप्त संस्थाको कारोबार प्रणाली क्षति भएमा,

(ख) अनुमतिपत्र प्राप्त संस्था दामासाहीमा परेमा,

(ग) अनुमतिपत्र प्राप्त संस्था खारेजीमा परेमा,

(घ) बोर्डले समय समयमा प्रणालीगत जोखिम भनी निर्धारण गरेको अन्य अवस्था आईपरेमा ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम प्राप्त रकमबाट आर्जित प्रतिफल लगानीकर्ता सचेतना कार्यक्रम, बजार विकास तथा विस्तार तथा बोर्डले समय समयमा तोके बमोजिमको क्षेत्रमा उपयोग गर्न सकिनेछ ।

(४) लगानीकर्ता संरक्षण कोष संचालन सम्बन्धी अन्य व्यवस्था वस्तु विनिमय बजारको विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

५०. **राफसाफ प्रत्याभूति कोष (सेटलमेन्ट ग्यारेन्टी फण्ड)** (१) वस्तु विनियम बजारमा हुने कारोबारको राफसाफको प्रत्याभूति गर्न वस्तु विनिमय बजारले राफसाफ प्रत्याभूति कोष स्थापना गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषको संचालन, व्यवस्थापन र सोमा जम्मा हुने रकम वस्तु विनिमय बजारको विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

५१. **सम्झौतामा खुलाउनु पर्ने :** (१) ऐनको दफा २५ बमोजिम राफसाफ तथा फछ्र्यौट व्यवसायी नियुक्त गर्दा वस्तु विनिमय बजार र राफसाफ तथा फछ्र्यौट व्यवसायीबीच हुने सम्झौतामा अन्य कुराका अतिरिक्त कम्तीमा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) विनियमावलीमा उल्लेख भए बमोजिम राफसाफ तथा फछ्र्यौट सम्बन्धी,

(ख) लगानीकर्ताको हित संरक्षणका लागि गरिने कार्य सम्बन्धी,

(ग) राफसाफ तथा फछ्र्यौट शुल्क सम्बन्धी,

(घ) बोर्डको पूर्व स्वीकृति नलिई सम्झौतामा परिवर्तन नगर्ने सम्बन्धी,

(ङ) सम्झौतामा खुलाउनु पर्ने भनी बोर्डले समय समयमा निर्धारण गरेको अन्य विवरण ।

(२) ऐनको दफा २७ बमोजिम वस्तु विनिमय बजारले वेयर हाउससँग गरिने सम्झौतामा अन्य कुराका अतिरिक्त कम्तीमा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) वेयर हाउसको भण्डारण क्षमता सम्बन्धी,

(ख) वस्तुको गुणस्तर कायम गर्ने सम्बन्धी,

(ग) वेयर हाउस शुल्क सम्बन्धी ,

(घ) बोर्डको पूर्व स्वीकृति नलिई सम्झौतामा परिवर्तन नगर्ने सम्बन्धी,

(ङ) सम्झौतामा खुलाउनु पर्ने भनी बोर्डले समय समयमा निर्धारण गरेको अन्य विवरण ।

५२. **शाखा कार्यालय खोल्न सक्ने** : अनुमति प्राप्त संस्थाले बोर्डको स्वीकृति लिई नेपालको कुनै स्थानमा शाखा कार्यालय खोल्न सक्नेछ ।

५३. **प्रबन्धपत्र तथा नियमावलीको संशोधन** : (१) अनुमति प्राप्त संस्थाले आफ्नो विनियमावली र प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु परेमा बोर्डको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पूर्व स्वीकृति लिँदा अनुमति प्राप्त संस्थाले संशोधनको व्यहोरा खुलाई बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा बोर्डले आवश्यकता र औचित्य हेरी मनासिव देखेमा विनियमावली, प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न स्वीकृति दिनेछ ।

५४. **विवाद समाधान सम्बन्धमाः** वस्तु कारोबार सम्बन्धमा कारोबार तथा करारका पक्षहरु बीच कुनै विवाद उत्पन्न भएमा आपसी छलफल वा मध्यस्थद्वारा समाधान गर्ने सम्बन्धी व्यवस्था वस्तु विनिमय बजारको विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

५५. **विनियमावलीमा समावेश गर्नु पर्ने**: ऐनको दफा ६२ को उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले बनाउने विनियमावलीमा अनुसूची-१७ मा उल्लेख भए बमोजिमका विषयहरू समेत समावेश गर्नु पर्नेछ ।

५६. **निर्देशन दिन सक्ने** : (१) बोर्डले वस्तु बजारको नियमन तथा लगानीकर्ताको हित संरक्षण गर्न ऐन, यस नियमावली तथा निर्देशिकाको अधिनमा रही वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसायी तथा राफसाफ कारोबार व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) वस्तु विनिमय बजारले आफ्ना सदस्य वस्तु कारोबार व्यवसायी तथा राफसाफ कारोबार व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपनिमय (१) तथा (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसायी तथा राफसाफ कारोबार व्यवसायीको कर्तव्य हुनेछ ।

५७. **अनुसूचीमा हेरफेर वा थपघट** : बोर्डले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

## अनुसूची–१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

### पूर्व स्वीकृतिका लागि दिने निवेदनको ढाँचा

मिति :....................

श्री नेपाल धितोपत्र बोर्ड

. . . . . . . . . . . . . . ।

विषय : पूर्व स्वीकृति सम्बन्धमा ।

वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को अधीनमा रही वस्तु विनिमय बजार सञ्चालन गर्न देहाय बमोजिम नाम रहेको कम्पनी दर्ता गर्न पूर्व स्वीकृतिका लागि लाग्ने निवेदन दस्तुर, आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरिएको छ ।

हामीले वस्तु व्यवसाय सञ्चालन गर्न तोकिएको योग्यता तथा व्यवस्थाहरू पूरा गरेको उद्घोषण गर्दछौं । यस निवेदन साथ संलग्न विवरण तथा कागजात सत्य छन् र कुनै पनि विवरण जानी जानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

**प्रस्तावित संस्थाको,-**

नामः

ठेगानाः

**सञ्चालकको,-**

| नामथरः | दस्तखतः |
|---|---|
| १. | |
| २. | |
| ३. | |

## अनुसूची-२

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

### पूर्व स्वीकृतिको लागि निवेदन दिँदा संलग्न गर्नु पर्ने कागजात तथा विवरण

(क) प्रस्तावित संस्थाको प्रबन्धपत्र र नियमावली,

(ख) सम्भाव्यता अध्ययन प्रतिवेदन तथा आगामी तीन आर्थिक वर्षको प्रक्षेपित वित्तीय विवरण सहितको व्यावसायिक योजना,

(ग) संस्थापकहरू बीच वस्तु बजार सम्बन्धी संस्था संस्थापना गर्ने सम्बन्धमा कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

(घ) संस्थापकले लिने शेयर स्वामित्व सम्बन्धी विवरण, लगानीको स्रोतको स्वघोषणा,

(ङ) प्रस्तावित संस्थाको संस्थापकको अन्य संस्थामा शेयर स्वामित्व वा कुनै संलग्नता रहेको भए सो को विवरण,

(च) वस्तु विद्युतीय कारोबार प्रणालीको सुरक्षाका लागि गरिने व्यवस्था सम्बन्धी विवरण,

(छ) कुनै विशेष ऐनद्वारा संस्था संस्थापना भएको भए सो ऐन र तत् सम्बन्धी नियम तथा विनियमको प्रति,

(ज) कुनै सङ्गठित संस्थाले वस्तु विनिमय बजार सञ्चालन गर्न चाहने सङ्गठित संस्थाको शेयर लिने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(झ) प्रस्तावित शेयरधनीको नाम, पूरा ठेगाना, सम्पर्क टेलिफोन नम्बर तथा लिएको शेयर स्वामित्वको विवरण, शेयरधनी प्राकृतिक व्यक्ति भएमा निजको तीन पुस्ते विवरण,

(ट) संस्थापकले ऐन तथा यस नियमावली बमोजिम वस्तु विनिमय बजारको स्वामित्व लिने अयोग्यता नरहेको उद्घोषण ।

## अनुसूची-३

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

## अनुमतिपत्रका लागि दिने निवेदनको ढाँचा

मिति:......................

श्री नेपाल धितोपत्र बोर्ड

............................... ।

**विषय : अनुमतिपत्र सम्बन्धमा ।**

वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ तथा अन्य प्रचलित कानूनको अधीनमा रही व्यवसाय सञ्चालन गर्न वस्तु विनिमय बजार । वस्तु कारोबार व्यवसाय । राफसाफ तथा फछ्र्यौट । वेयर हाउस व्यवसाय संचालन गर्न आवश्यक निवेदन दस्तुर, विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरिएको छ ।

हामीले ..............................................................व्यवसाय सम्बन्धी तोकिएको योग्यता तथा व्यवस्थाहरू पूरा गरेको उद्घोषण गर्दछौं । यस निवेदन साथ संलग्न विवरण तथा कागजात सत्य तथ्य छन् र कुनै पनि विवरण जानी नजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक संस्थाको छाप :-

निवेदक संस्थाको,-

नाम : ...........................

ठेगाना : ...........................

संस्थाको प्रमुखको,-

नामथर:

दस्तखत:

मिति:

संस्थाको छाप:

## अनुसूची–४

(नियम ६ को उपनियम (१) र नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

**दस्तुर**

| क्र.सं. | व्यवसायको नाम | निवेदन दस्तुर | अनुमतिपत्र दस्तुर | नवीकरण दस्तुर (प्रत्येक ३ वर्ष) |
|---|---|---|---|---|
| १ | वस्तु विनिमय बजार | रु. २५,०००।- | रु. २५,००,०००।– | रु. ७,५०,०००।– |
| २ | राफसाफ तथा फछ्र्यौट | रु. २०,०००।- | रु. ४,००,०००।– | रु. १,२०,०००।– |
| ३ | वेयर हाउस | रु. २०,०००।- | रु. ५,००,०००।– | रु. १,५०,०००।– |
| ४ | बजार निर्माता | रु. २०,०००।- | रु. ४,००,०००।– | रु. १,२०,०००।– |
| ५ | लगानी व्यवस्थापक | रु. १५,०००।- | रु. ३,००,०००।– | रु.९०,०००।– |
| ६ | लगानी परामर्शदाता | रु. १५,०००।- | रु. ३,००,०००।– | रु.९०,०००।– |
| ७ | संरक्षक (कस्टोडियन) | रु. १५,०००।- | रु. ३,००,०००।– | रु.९०,०००।– |
| ८ | वस्तु कारोबार दलाल | रु. १५,०००।- | रु. ३,००,०००।– | रु.९०,०००।– |
| ९ | वस्तु कारोबार व्यापारी | रु. १५,०००।- | रु. ३,००,०००।– | रु.९०,०००।– |

## अनुसूची-५

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

**कम्पनी सम्बन्धी विवरण**

१. **वस्तु विनिमय बजार सम्बन्धी**

(क) पूर्व स्वीकृतीपत्र

(ख) संगठित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि,

(घ) कुनै विशेष ऐनद्वारा स्थापना भएको सङ्गठित संस्थाको हकमा सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(ङ) कम्पनी वा सङ्गठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको स्वघोषणा,

(च) कम्पनी वा सङ्गठित संस्था वा कम्पनी वा सङ्गठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत उपर प्रचलित कानून बमोजिम कुनै कारबाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(छ) कर दर्ता प्रमाण,

(ज) सञ्चालकको योग्यता तथा अनुभव सम्बन्धी विवरण तथा ऐन तथा यस नियम बमोजिमको योग्यता रहेको तथा अग्योगता नरहेको स्वघोषणा,

(झ) सदस्यता प्रदान, वस्तु कारोबार सञ्चालन तथा कारोबार राफसाफ सम्बन्धमा अवलम्बन गरिने व्यवस्थाको संक्षिप्त विवरण,

(ञ) वस्तु कारोबारका अभिलेख राख्न तथा अभिलेखको सुरक्षा गर्न गरिने व्यवस्था ।

(ट) वस्तु कारोबार सञ्चालनका लागि तयार गरिने स्वचालित कारोबार तथा राफसाफ प्रणाली, कार्यालय उपकरण तथा प्रविधि सम्बन्धी विवरण,

(ठ) सदस्यता प्रदान गर्न सक्ने वस्तु दलाल व्यवसायी तथा वस्तु व्यापारीको अधिकतम सङ्ख्या सम्बन्धी विवरण ।

२. **वस्तु कारोबार व्यवसायी, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस सम्बन्धी**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै विशेष ऐनद्वारा स्थापना भएको सङ्गठित संस्थाको हकमा सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(घ) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ङ) आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक योजना,

(च) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(छ) शेयर स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाम, पूरा ठेगाना, टेलिफोन नम्बर तथा खरिद गरेको शेयर स्वामित्वको विवरण,

(ज) संस्थापकले ग्रहण गर्ने वा गरेको शेयर स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण तथा लगानीको स्रोतको स्वघोषणा,

(झ) वस्तु व्यवसाय सञ्चालनका लागि तयार गरिने सङ्गठन तथा कार्य प्रणाली सम्बन्धी विवरण,

(ञ) वस्तु व्यवसाय सञ्चालनका लागि व्यवस्था गरिने कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा सञ्चार साधन, जनशक्ति, वस्तु कारोबारको अभिलेख तथा अभिलेखको सुरक्षा व्यवस्था सम्बन्धी विवरण,

(ट) वस्तु व्यवसाय सञ्चालनका लागि कुनै पूर्वाधार तयार गरिसकेको भए तत् सम्बन्धी विवरण,

(ठ) अन्य कम्पनी वा सङ्गठित संस्थामा शेयर स्वामित्व रहेको भए तत् सम्बन्धी विवरण,

(ड) शेयरधनीहरू बीच कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

(ढ) प्रचलित कानून बमोजिम कर दर्ता भएको प्रमाण,

(ण) चुक्ता पूँजी प्रमाणित गर्ने निस्सा,

(त) सञ्चालकको योग्यता तथा अनुभव सम्बन्धी विवरण तथा ऐन तथा यस नियम बमोजिमको योग्यता रहेको तथा अयोगता नरहेको स्वघोषणा,

(थ) कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको स्वघोषणा ।

## अनुसूची–६

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल धितोपत्र बोर्ड

..............., नेपाल ।

**अनुमतिपत्र**

.............................मा मुख्य कार्यालय रहेको श्री...........( ..........................................................लाई वस्तु विनिमय बजार सम्बन( धी ऐन, २०७४ र वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को अधीनमा रही ............................................................................व्यवसाय सञ्चालन गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको बहाली ..................सम्म रहनेछ ।

अधिकृत कर्मचारीको,-

दस्तखत :

नामः

पदः

मितिः

## अनुसूची–७

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

**अनुमतिपत्र नवीकरण सम्बन्धी निवेदन**

मिति :.............

श्री नेपाल धितोपत्र बोर्ड

. . . . . . . . . . . . . . ।

**विषय : अनुमतिपत्र नवीकरण गरी पाउँ ।**

वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ बमोजिम वस्तु विनिमय बजार । वस्तु कारोबार व्यवसाय ....................... । राफसाफ तथा फछ्र्यौट। वेयर हाउस व्यवसाय सञ्चालनको अनुमतिपत्र नवीकरणका लागि लाग्ने दस्तुर सहित आवश्यक विवरण तथा कागजात संलग्न गरी यो निवेदन पेश गरिएको छ ।

निवेदक संस्थाको छाप :-

निवेदक संस्थाको,-

नाम : ..........................

ठेगाना : ..........................

निवेदक संस्थाको प्रमुखको,-

नाम : ..........................

दस्तखत : ..........................

पद :..............................

## अनुसूची–८

(नियम ८ को उपनियम (२) सँग सम्बन्धित)

**अनुमतिपत्र नवीकरण सम्बन्धी निवेदन**

मिति :..............

श्री नेपाल धितोपत्र बोर्ड

. . . . . . . . . . . . . . ।

**विषय : अनुमतिपत्र नवीकरण गरी पाउँ ।**

वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ बमोजिम वस्तु विनिमय बजार । वस्तु कारोबार व्यवसाय ....................। राप( ५साफ तथा फछ्र्यौट। वेयर हाउस व्यवसाय सञ्चालनको अनुमतिपत्र नवीकरण गर्नु पर्नेमा .......................................कारण परी नवीकरण गर्न विलम्ब भएकोले दोव्वर दस्तुर सहित आवश्यक विवरण तथा कागजात संलग्न गरी अनुमतिपत्र नवीकरण गर्नको लागि यो निवेदन पेश गरिएको छ ।

निवेदक संस्थाको छाप :-

निवेदक संस्थाको,-

नाम : ...........................

ठेगाना : ...........................

निवेदक संस्थाको प्रमुखको,-

नाम : ...........................

दस्तखत : ...........................

पद :...............................

## अनुसूची–९

(नियम ९ को खण्ड (ख) सँग सम्बन्धित)

१. **वस्तु विनिमय बजार सञ्चालनका लागि आवश्यक पूर्वाधार सम्बन्धी विवरण**

(क) कार्यालयको क्षेत्रफल कम्तीमा दुई हजार वर्गफिट भएको,

(ख) आवश्यक संख्या र योग्यता पुगेका कर्मचारी रहेको,

(ग) वस्तु विनिमय कारोबार सञ्चालनका लागि तयार गरिएको कारोबार स्थल, स्वचालित कारोबार तथा राफसाफ प्रणाली, कार्यालय उपकरण तथा प्रविधि जडान गरिएको,

(घ) वस्तु विनिमय बजार कारोबार प्रणाली तथा सम्बन्धित प्रविधि र तथ्याङ्कको आवश्यक सुरक्षाका लागि पर्याप्त व्यवस्था गरिएको,

(ङ) वस्तु विनिमय कारोबारको अभिलेख राख्ने तथा अभिलेखको सुरक्षा गर्ने व्यवस्था गरेको,

(च) टेलिफोन, कम्प्यूटर, प्रिण्टर, फ्याक्स, कुर्सी टेबल, लगायत आवश्यक भौतिक सामानको व्यवस्था गरिएको,

(छ) सर्वसाधारणको लागि सरल पहुँच हुने स्थानमा कार्यालय स्थापना गरेको ।

२. **वस्तु कारोबार व्यवसायीले तयार गर्नु पर्ने पूर्वाधार सम्बन्धी विवरण**

(क) कार्यालयको क्षेत्रफल कम्तीमा छ सय वर्गफिट भएको,

(ख) टेलिफोन, कम्प्यूटर, प्रिण्टर, फ्याक्स, कुर्सी टेबल, लगायत आवश्यक भौतिक सामानको व्यवस्था गरिएको,

(ग) आवश्यक संख्या र योग्यता पुगेका कर्मचारी रहेको,

(घ) सङ्गठन संरचना तथा कार्य विभाजन सम्बन्धी व्यवस्था गरिएको,

(ङ) सर्वसाधारणको लागि सरल पहुँच हुने स्थानमा कार्यालय स्थापना गरेको ।

३. **राफसाफ तथा फछ्र्यौट कारोबार व्यवसायीले तयार गर्नु पर्ने पूर्वाधार सम्बन्धी विवरण**

(क) कार्यालयको क्षेत्रफल कम्तीमा एक हजार वर्गफिट भएको,

(ख) टेलिफोन, कम्प्यूटर, प्रिण्टर, फ्याक्स, कुर्सी टेबल, लगायत आवश्यक भौतिक सामानको व्यवस्था गरिएको,

(ग) आवश्यक संख्या र योग्यता पुगेका कर्मचारी रहेको,

(घ) सङ्गठन संरचना तथा कार्य विभाजन सम्बन्धी व्यवस्था भएको,

(ङ) सर्वसाधारणको लागि सरल पहुँच हुने स्थानमा कार्यालय स्थापना गरेको ।

४. **वेयर हाउसले तयार गर्नु पर्ने पूर्वाधार सम्बन्धी विवरण**

(क) व्यवसाय संचालनको लागि पर्याप्त क्षेत्रफलको व्यवस्था गरेको,

(ख) टेलिफोन, कम्प्यूटर, प्रिण्टर, फ्याक्स, कुर्सी टेबल, लगायत आवश्यक भौतिक सामानको व्यवस्था गरिएको,

(ग) आवश्यक संख्या र योग्यता पुगेका कर्मचारी रहेको,

(घ) सङ्गठन संरचना तथा कार्य विभाजन सम्बन्धी व्यवस्था भएको,

(ङ) सर्वसाधारणको लागि सरल पहुँच हुने स्थानमा कार्यालय स्थापना गरेको,

(च) वस्तु भण्डारणका लागि गोदामको पर्याप्त व्यवस्था भएको,

(छ) वातावरणीय हिसाबले वस्तु भण्डारण गर्न सकिने उपयुक्त गोदाम भएको ।

## अनुसूची–१०

(नियम ९ को खण्ड (ग) सँग सम्बन्धित)

### जनशक्ति सम्बन्धी विवरण

| क्र. सं. | पूरा नाम | ठेगाना | नियुक्ति मिति | पद | कार्य जिम्मेवारी | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची–११

(नियम ११ सँग सम्बन्धित)

### न्यूनतम चुक्ता पूँजी

| | | |
|---|---|---|
| १ | वेयर हाउस | रु. १५,००,००,०००।– |
| २ | राफसाफ तथा फछ्र्यौट व्यवसाय | रु. ७,००,००,०००।– |
| ३ | बजार निर्माता, | रु. २,००,००,०००।– |
| ४ | लगानी व्यवस्थापक | रु. ५,००,००,०००।– |
| ५ | लगानी परामर्शदाता | रु. १,००,००,०००।– |
| ६ | संरक्षक (कस्टोडियन) | रु. ५,००,००,०००।– |
| ७ | वस्तु कारोबार व्यापारी | रु. १,००,००,०००।– |
| ८ | वस्तु कारोबार दलाल | रु. ५०,००,०००।– |

## अनुसूची–१२

(नियम १७ को उपनियम (४), नियम १८ को उपनियम (५) र नियम १९ को उपनियम (३) सँग सम्बन्धित)

**व्यक्ति / सञ्चालक/ प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण**

फोटो

१. नामः

२. स्थायी ठेगानाः ...............प्रदेश..............जिल्ला .................... गा. पा. ⁄ न.पा..
टोल................वडा नं.........ब्लक नं......... फोन नं:...........
फ्याक्सः............
इमेल .............

३. हालको ठेगानाः ..................प्रदेश...............जिल्ला ...................... गा. पा. ⁄ न.पा.
टोल................वडा नं.........ब्लक नं......... फोन नं :.......... फ्याक्स :............
इमेल ..............

४. बाबु ⁄ आमाको नामः

५. बाजे ⁄ बज्यैको नामः

६. पति वा पत्नीको नामः

७. शैक्षिक योग्यताः

८. व्यावसायिक अनुभवः

९. तालिमः

१०. अन्य कम्पनी वा सङ्गठित संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको भए तत्सम्बन्धी विवरण :

११. वस्तु विनिमय बजारको अन्य सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतसँग नाता सम्बन्ध भए सो सम्बन्धी विवरणः

१२. वस्तु कारोबार व्यवसायको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतसँग नाता सम्बन्ध भए सो सम्बन्धी विवरणः

१३. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा सङ्गठित संस्था उपर प्रचलित कानून बमोजिम कुनै कारबाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः

१४. वस्तु विनिमय बजारको सञ्चालक ⁄ प्रमुख कार्यकारी अधिकृत हुन योग्यता पूरा भएको तथा अयोग्यता नरहेको स्वघोषणाः

दस्तखत : ..............................

संलग्न गर्नु पर्ने कागजात :

१. अघिल्लो आर्थिक वर्षसम्मको कर दाखिला गरेको प्रमाण ।

२. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो समेत प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसूची–१३

(नियम २३ सँग सम्बन्धित)

**कारोबार गर्न सकिने वस्तुहरू**

(क) कृषिजन्य उत्पादन : कपास, अलैंची, जीरा, खुर्सानी, मरीच, काजू, सुपारी, मुसुरो, दलहन, मकै, गहुँ, धान, आलु, मेथी, तोरी, भटमास, आलस, फापर, उखु, सूर्ति, जूट, अदुवा, बेसार, फलफुल तथा सोबाट निर्मित जुस ।

(ख) धातुजन्य वस्तु : आल्मुनियम, तामा, शिशा, निकल, टिन, पित्तल, फलाम, स्टिल, जिङ्क ।

(ग) बहुमूल्य धातु : सुन, चाँदी, प्लाटिनम ।

(घ) खनिज तैलजन्य वस्तु : कच्चा तेल, पेट्रोलियन पदार्थ, प्राकृतिक ग्याँस, हिटि· आयल ।

(ङ) तेल : नरिवलको तेल, पाम तेल, तोरीको तेल, भटमासको तेल, सूर्य मुखी तेल, आलसको तेल ।

(च) अन्य : चिनी, सख्खर, चिया, कफी, अण्डा, जडिबुटी ।

## अनुसूची–१४

(नियम २४ को उपनियम (३) सँग सम्बन्धित)

**वस्तु करार दर्ता गर्न दिइने निवेदनको ढाँचा**

श्री नेपाल धितोपत्र बोर्ड, मिति :

.....................

.............., काठमाडौं ।

वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ बमोजिम .......(वस्तु विनिमय बजारको नाम)....... ले .........(वस्तुको नाम)...... को कारोबार प्रयोजनको लागि करार तयार गरिएको हुँदा सो को दर्ताको लागि लाग्ने शुल्क सहित देहायको विवरण संलग्न गरी यो निवेदन पेश गरिएको छ ।

निवेदक संस्थाको छाप :-

निवेदक संस्थाको,-

नाम : ..........................

ठेगाना : ..........................

निवेदक संस्थाको प्रमुखको,-

नाम : ..........................

दस्तखत : ..........................

पद :..............................

संलग्न गर्नु पर्ने कागजात :

१. करार दर्ता गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय,

२. करारमा उल्लिखित वस्तुको मूल्य तथा परिमाण,

३. करारमा उल्लिखित वस्तुको पहिले दर्ता गरिएको करार भए सो सम्बन्धी विवरण,

४. करारको प्रमाणित प्रति ।

## अनुसूची–१५

(नियम ३० सँग सम्बन्धित)

**लगानीकर्ता (व्यक्ति) को परिचय विवरण**

१. पूरा नाम, थर

२. पति वा पत्नीको नाम सहित तीन पुस्ते विवरण

३. स्थायी ठेगाना (ठेगाना प्रमाणित गर्ने आवश्यक कागजात हुनु पर्ने, त्यस्ता कागजातहरूमा नागरिकताको प्रमाणपत्र, राहदानी, पानी तथा बिजुलीको बिल, आवश्यक परेमा सम्बन्धित कर्मचारीले स्थलगत भ्रमण गरी तयार गरेको नक्सा, मतदाता परिचयपत्र, लालपूर्जा आदि )

४. अस्थायी ठेगाना

५. जन्म मिति

६. टेलिफोन नम्बर (भएमा उल्लेख गर्ने)

७. नागरिकता/पासपोर्ट वा अन्य (नम्बर र विवरण समेत)
(नेपाली नागरिकको हकमा अनिवार्य रुपमा नागरिकता नम्बर उल्लेख हुनुपर्ने)

८. नेपाल सरकार वा कुनै संस्थामा काम गर्ने कर्मचारी भए परिचयपत्रको प्रतिलिपि

९. हालसालै खिचेको पासपोर्ट साईजको फोटो

१०. स्थायी लेखा नम्बर लिएको भए सो नम्बर

११. कारोबार गर्ने बैंक तथा खाता नम्बर

१२. अन्य आवश्यक कागजातहरू (संस्था स्वयंले तोक्न सक्ने)

## अनुसूची–१६

(नियम ३० सँग सम्बन्धित)

**लगानीकर्ता (संस्था) को परिचय विवरण**

१. कम्पनीको नाम

२. केन्द्रीय कार्यालय रहेको स्थान

३. पूरा ठेगाना (टेलिफोन, फ्याक्स समेत)

४. संस्थापना र गठन सम्बन्धी प्रमाणपत्र तथा कम्पनीको उद्देश्य खुल्ने प्रबन्धपत्र र नियमावलीको पृष्ठहरूको प्रतिलिपि

५. सञ्चालक समितिका सदस्यहरूको नाम र ठेगाना, टेलिफोन नम्बर तथा तीन पुस्ते विवरण

६. सूचीकृत सङ्गठित संस्था बाहेकको अन्य कम्पनीका सञ्चालक समितिका सदस्यहरूको फोटो

७. सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृत र अन्य अधिकृत कर्मचारीलाई कारोबारको सम्बन्धमा प्रदान गरेको अख्तियारी

८. स्थायी लेखा नम्वर

९. अन्य आवश्यक कागजातहरू (संस्था स्वयंले तोक्न सक्ने)

## अनुसूची–१७

(नियम ५५ सँग सम्बन्धित)

**विनियमावलीमा समावेश हुनु पर्ने विषयहरू**

१. वस्तु विनिमय बजारले वस्तु सम्बन्धी करार, वस्तु कारोबार र सूचीकरण सम्बन्धी विनियमावलीमा देहायका विषयहरू समावेश गर्नु पर्नेछ :-

(क) वस्तु सम्बन्धी करारको सुचीकरण प्रक्रिया, सूचीकरण स्थगन, खारेजी तथा पुनः सूचीकरण सम्बन्धी व्यवस्था,

(ख) वस्तुको वर्गीकरण गर्ने भएमा सो सम्बन्धी आधार,

(ग) वस्तु सम्बन्धी करारको अभिलेख राख्ने सम्बन्धी व्यवस्था,

(घ) लगानीकर्ता संरक्षण कोष स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था,

(ङ) कारोबारका पक्षहरु बीच विवाद समाधान सम्बन्धी व्यवस्था,

(च) बोर्डले समय समयमा निर्धारण गरेका अन्य कुराहरू ।

२. वस्तु विनिमय बजारले सदस्यता सम्बन्धी विनियमावलीमा देहायका विषयहरू समावेश गर्नु पर्नेछ :-

(क) सदस्यको प्रकार तथा सदस्यको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(ख) सदस्यता प्रदान गर्ने, निलम्बन तथा खारेजी सम्बन्धी व्यवस्था,

(ग) सदस्यता तथा सदस्यता नवीकरण सम्बन्धी शुल्क,

(घ) सदस्यको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था,

(ङ) वस्तु विनिमय बजार सम्बन्धी ऐन, नियमावली, निर्देशिका तथा आफ्नो विनियमावली उल्लङ्घन गरेमा वा प्रचलित कानून उल्लङ्घन गरेमा सदस्यता प्राप्त वस्तु कारोबार व्यवसायीलाई गरिने कारबाही सम्बन्धी व्यवस्था तथा प्रक्रिया,

(च) सदस्यले खरिदकर्ता तथा बिक्रेताका सम्बन्धमा राख्नु पर्ने विवरण सम्बन्धी व्यवस्था,

(छ) वस्तु विनियम सम्बन्धमा उत्पन्न हुन सक्ने विवाद समाधान तथा गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था,

(ज) बोर्डले समय समयमा निर्धारण गरेका अन्य कुराहरू ।

३. वस्तु विनिमय बजारले कारोबार सम्बन्धी विनियमावलीमा देहायका विषयहरू समावेश गर्नु पर्नेछ :-

(क) वस्तु विनिमय बजार सम्बन्धी कारोबारका सम्बन्धमा खरिदकर्ता, बिक्रेताको पहिचान, कारोबारका लागि दिनु पर्ने आदेश लगायत कारोबार सञ्चालन प्रक्रिया सम्बन्धी व्यवस्था,

(ख) खरिदकर्ता, बिक्रेता तथा वस्तु विनिमय बजार सम्बन्धी कारोबारको अभिलेख तथा त्यस्तो अभिलेख व्यवस्थित तथा सुरक्षित राख्ने सम्बन्धी व्यवस्था,

(ग) खरिदकर्ता, बिक्रेताको आदेश तथा वस्तु सम्बन्धी करारको सिर्जना, निरन्तरता, हस्तान्तरण तथा अन्य व्यवस्था,

(घ) कुनै दिन वा अवधिमा कुनै वस्तु को कारोबारका सम्बन्धमा न्यूनतम तथा अधिकतम मूल्य तथा कारोबारको सीमा निर्धारण गर्ने आधार तथा अन्य व्यवस्था,

(ङ) कारोबारसँग सम्बन्धित व्यवासायीले लिन सक्ने सेवा शुल्क तथा कारोबारका सम्बन्धमा राख्नुपर्ने मार्जिन सम्बन्धी व्यवस्था,

(च) वस्तु सम्बन्धी करारमा हुन सक्ने सट्टेबाजी (स्पेकुलेशन) न्यूनीकरण गर्न अपनाईने उपाय सम्बन्धी व्यवस्था,

(छ) वस्तु विनिमय बजार सम्बन्धी कारोबारको अनुगमन सम्बन्धी व्यवस्था,

(ज) वस्तु विनिमय बजारको कारोबारमा सर्किट ब्रेकर लगाउने सम्बन्धी व्यवस्था,

(झ) वस्तु विनिमय बजार तथा यसले गर्ने कारोबारका सम्बन्धमा नियमित रूपमा सूचना प्रवाह गराउने व्यवस्था तथा प्रक्रिया,

(ञ) वस्तु सम्बन्धी करारको परिपालना

(ट) बिभिन्न किसिमका वस्तु सम्बन्धी करारको फरक फरक कारोबार गर्ने भए तत्सम्बन्धी व्यवस्था,

(ठ) वस्तु सम्बन्धी कारोबारका सम्बन्धमा आफ्ना सदस्यले ग्राहक तथा बिक्रेतालाई दिनु पर्ने निस्सा, सूचना तथा जानकारी सम्बन्धी व्यवस्था,

(ड) सदस्यले वस्तु सम्बन्धी करारको कारोबार सुरु गर्नु अघि राख्नु पर्ने धरौटी सम्बन्धी व्यवस्था,

(ढ) वस्तु सम्बन्धी करारको मूल्य निर्धारण गर्ने प्रयोजनका लागि लिइने सन्दर्भ मूल्य (रिफरेन्स प्राइस) सम्बन्धी व्यवस्था,

(ण) बोर्डले समय समयमा निर्धारण गरेका अन्य कुराहरू ।

४. वस्तु राफसाफ तथा फछ्र्यौट व्यवसायीले वस्तु सम्बन्धी करारको कारोवार सञ्चालन र कारोबारको राफसाफ तथा फछ्र्यौट सम्बन्धी विनियमावलीमा देहायका विषयहरू समावेश गर्नु पर्नेछ :-

(क) वस्तु सम्बन्धी करार कारोबारको राफसाफ तथा फछ्र्यौट सम्बन्धी व्यवस्था,

(ख) कुनै दिन वा अवधिमा कुनै वस्तुको कारोबारका सम्बन्धमा न्यूनतम तथा अधिकतम मूल्य तथा कारोबारको सीमा निर्धारण गर्ने आधार तथा अन्य व्यवस्था,

(ग) वस्तु सम्बन्धी करारको सम्बन्धमा उत्पन्न हुन सक्ने विवाद समाधान तथा गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था,

(घ) कारोबारका सम्बन्धमा नियमित रूपमा सूचना प्रवाह गराउने व्यवस्था तथा प्रक्रिया,

(ङ) वस्तु सम्बन्धी करारको परिपालना वा राफसाफ तथा फछ्र्यौट सम्बन्धित सदस्य वस्तु कारोबार व्यवसायी उपर गरिने कारबाही सम्बन्धी व्यवस्था,

(च) राफसाफ  कारोबार व्यवसायीसँग गर्ने सम्झौता तथा सेवा शुल्क,

(छ) वस्तु सम्बन्धी करारको कारोबारको राफसाफका लागि व्यवस्था गरिने फछ्र्यौट प्रत्याभूति कोष (सेटलमेन्ट ग्यारेन्टी फण्ड) सम्बन्धी व्यवस्था,

(ज) बोर्डले समय समयमा निर्धारण गरेका अन्य कुराहरू ।

५. वस्तु कारोबार व्यवसायी तथा वेयर हाउसले आफ्नो विनियमावलीमा बोर्डले समय समयमा निर्धारण गरेका विषयहरु समावेश गर्नु पर्नेछ ।

❖❖❖

लागू मिति: २०७५।०४।०१

# धितोपत्र सूचीकरण तथा कारोबार नियमावली,२०७५

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कारोबार प्रणाली" भन्नाले नियम १२ बमोजिम धितोपत्र बजारले धितोपत्रको खरिद तथा बिक्री कारोबार सञ्चालन गर्नका लागि स्थापना गरेको स्वचालित विद्युतीय कारोबार प्रणाली (अटोमेटेड इलेक्ट्रोनिक ट्रेडिङ्ग सिस्टम) सम्झनु पर्छ ।

(ग) "ग्राहक" भन्नाले धितोपत्र खरिद वा बिक्रीको आदेश दिने वा धितोपत्र खरीद बिक्रीसँग सम्बन्धित कुनै पनि सेवा प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ ।

(घ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ङ) "धितोपत्र दलाल" भन्नाले धितोपत्र दलालको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त संगठित संस्था वा कम्पनी सम्झनु पर्छ ।

(च) "धितोपत्र व्यापारी" भन्नाले धितोपत्र व्यापारी वा बजार निर्माताको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त संगठित संस्था वा कम्पनी सम्झनु पर्छ ।

(छ) "धितोपत्र बजार" भन्नाले धितोपत्र बजार सञ्चालन गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(ज) "राफसाफ" भन्नाले कारोबारमा संलग्न खरिदकर्ताले रकम बुझाइ धितोपत्र प्राप्त गर्ने तथा बिक्रीकर्ताले धितोपत्र बुझाइ रकम प्राप्त गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "विनियम" भन्नाले धितोपत्र बजारको धितोपत्रको सूचीकरण तथा कारोबार सम्बन्धी विनियम सम्झनु पर्छ ।

(ञ) "सूचिकृत सङ्गठित संस्था" भन्नाले धितोपत्र बजारमा धितोपत्र सूचीकरण गराएका सङ्गठित संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२
## धितोपत्रको सूचीकरण, स्थगन र खारेजी

३. **धितोपत्रको सूचीकरण गराउनु पर्ने :** (१) धितोपत्र बजार मार्फत धितोपत्रको कारोबार गराउन चाहने सङ्गठित संस्थाले त्यस्तो धितोपत्र सम्बन्धित धितोपत्र बजारमा सूचीकरण गराउनु पर्नेछ ।

(२) सङ्गठित संस्थाले उपनियम (१) बमोजिम धितोपत्र सूचीकरण गर्न धितोपत्रको सार्वजनिक निष्काशनका लागि विवरणपत्र स्वीकृत भएको बढीमा सात दिनभित्र सम्बन्धित धितोपत्र बजारमा निवेदन दिनु पर्नेछ र सो को जानकारी बोर्डलाई गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन साथ विनियममा उल्लेख भए बमोजिमका कागजात तथा विवरण संलग्न गर्नु पर्नेछ ।

४. **धितोपत्रको सूचीकरणका लागि योग्यता**: (१) नियम ३ बमोजिम धितोपत्रको सूचीकरण गराउने सङ्गठित संस्थाको योग्यता देहाय बमोजिम हुनेछः-

(क) सङ्गठित संस्था बोर्डमा दर्ता भएको,

(ख) सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरेको,

(ग) विनियममा तोकिएका अन्य योग्यता पूरा गरेको ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र बजारले सरकारी ऋणपत्रको सूचीकरण सम्बन्धमा बोर्डको स्वीकृति लिई छुट्टै व्यवस्था गर्न सक्नेछ ।

५. **सूचीकरण सम्झौता गर्नुपर्नेः** (१) सङ्गठित संस्थाले यस नियमावली बमोजिम धितोपत्रको सूचीकरण गराउँदा धितोपत्र बजारसँग सूचीकरण सम्झौता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचीकरण सम्झौतामा देहायका विवरणहरु उल्लेख गर्नु पर्नेछ :-

(क) सूचीकरण गराउने सङ्गठित संस्था र धितोपत्रको विस्तृत विवरण,

(ख) धितोपत्र कारोबार तथा मूल्यसंग सम्बन्धित संवेदनशिल सूचना तथा जानकारी धितोपत्र बजारमा पेश गर्ने सम्बन्धी व्यवस्था,

(ग) सङ्गठित संस्थाको वित्तीय तथा अन्य सूचना, जानकारी र विवरण प्रवाह गर्ने सम्बन्धी व्यवस्था,

(घ) बोर्डले जारी गरेको संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको पालना गर्ने गराउने प्रतिवद्धता,

(ङ) बोर्डले समय समयमा तोकिदिएका अन्य विवरण ।

६. **सूचीकृत सङ्गठित संस्थाको वर्गीकरणः** धितोपत्र बजारले सूचीकृत सङ्गठित संस्थालाई देहाय बमोजिको आधारमा 'ए', 'बि', 'जि' र 'जेड' वर्गमा वर्गीकरण गर्नु पर्नेछ :

(क) चुक्ता पूँजी,

(ख) धितोपत्र सूचीकरणको अवधि,

(ग) लाभांश वितरण,

(घ) क्रेडिट रेटिङ्ग संस्थाबाट प्रापत रेटिङ्ग,

(ङ) नियमनकारी निकायले तोकेको ढाँचामा वित्तिय विवरण राखे नराखेको,

(च) वार्षिक साधारण सभा समयमा सम्पन्न गरे नगरेको ।

७. **सूचीकरण स्थगन गर्न सकिनेः** (१) धितोपत्र बजारले देहायको कुनै अवस्थामा सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण स्थगन गर्न सक्नेछ :-

(क) नियम ५ बमोजिमको सूचीकरणको वार्षिक शुल्क नबुझाएमा,

(ख) धितोपत्र कारोबार तथा मूल्यसँग सम्बन्धित संवेदनशील सूचना तथा जानकारी सम्झौतामा उल्लिखित समयमा धितोपत्र बजारमा पेश नगरेमा,

(ग) धितोपत्र बजारलाई गलत सूचना दिएमा वा पटक पटक सूचना परिवर्तन गरेमा,

(घ) वार्षिक तथा अर्धवार्षिक प्रतिवेदन समयमा पेश नगरेमा ।

(२) बोर्डले लगानीकर्ताको हित र बजारको स्वच्छता कायम राख्न आवश्यक देखेमा कुनै सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण स्थगन गर्न धितोपत्र बजारलाई निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कुनै कारणबाट सूचीकरण स्थगन गर्दा धितोपत्र बजारले सो को कारण सहितको जानकारी सम्बन्धित सूचीकृत सङ्गठित संस्थालाई दिनु पर्नेछ ।

(४) यस नियम बमोजिम धितोपत्र बजारले सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण स्थगन गरेमा सो को जानकारी तुरुन्तै वा भोलिपल्टको कारोबार शुरु हुनु अघि बोर्डलाई दिई सो सम्बन्धी सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

८. **सूचीकरणको स्वेच्छिक खारेजीः** (१) कुनै सूचिकृत सङ्गठित संस्थाले धितोपत्रको सूचीकरणको स्वेच्छिक खारेजी गर्न चाहेमा सम्बन्धित धितोपत्र बजारमा निवेदन दिनु पर्नेछ र सो को जानकारी बोर्डलाई समेत दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिनु अघि त्यस्तो सूचीकृत संगठित संस्थाले देहाय अवस्था पूरा गरेको हुनु पर्नेछ :-

(क) विशेष साधारण सभा सम्पन्न गरेको,

(ख) खण्ड (क) बमोजिमको सभामा उपस्थित भएका शेयरधनीहरुमध्ये कम्तीमा नब्बे प्रतिशत शेयरधनीको प्रतिनिधित्व हुने गरी सूचीकरणको स्वेच्छिक खारेजी गर्ने निर्णयमा सहमति भएको,

(ग) खण्ड (क) बमोजिमको सभामा उपस्थित भई सूचीकरणको स्वेच्छिक खारेजीमा असहमति जनाएका शेयरधनीको शेयर सङ्गठित संस्थाका सञ्चालकले खरिद गरी लिने सम्बन्धमा खरिद मूल्य तथा खरिद गर्ने प्रकृया सम्बन्धी निर्णय भएको,

(घ) खण्ड (क) बमोजिमको सभामा उपस्थित नभएका शेयरधनीका धितोपत्र मध्ये कम्तीमा एकाउन्न प्रतिशत धितोपत्र सञ्चालकले खरिद गरेको,

(ङ) सम्पत्ति तथा दायित्वको ड्यू डिलिजेन्स अडिट भएको ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा धितोपत्र बजारले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा धितोपत्रको सूचीकरण खारेजी गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचीकरण खारेजी गरिएको जानकारी बोर्ड र लगानीकर्तालाई तुरुन्त दिनु पर्नेछ ।

९. **सूचीकरण खारेज (डिलिष्टिङ्ग) गर्न सक्नेः** (१) धितोपत्र बजारले देहायको कुनै अवस्थामा सूचिकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्न सक्नेछ :-

(क) प्रचलित कानून बमोजिम सूचीकृत सङ्गठित संस्था एक आपसमा गाभिएमा गाभिएको सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्नु परेमा,

(ख) सूचीकृत संगठित संस्थाहरु गाभिई नयां संगठित संस्था कायम भएमा त्यसरी कायम भएको नयां संगठित संस्थाको धितोपत्र सूचीकरण हुने गरी साविकका सूचीकृत संगठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्नु परेमा,,

(ग) नेपाल सरकारको स्वामित्व रहेको कुनै सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्नका लागि सम्बन्धित निकायबाट लेखी आएमा,

(घ) कुनै सङ्गठित संस्था खारेजी (लिक्वीडेशन) मा गएमा वा खारेजीमा गएको जानकारी प्राप्त भएमा,

(ङ) सूचीकरणको वार्षिक शुल्क नबुझाएको कारणले धितोपत्र बजारले धितोपत्रको सूचीकरण स्थगन गरेकोमा सोही कारणबाट त्यस्तो सङ्गठित संस्थाको धितोपत्र लगातार दुई बर्षसम्म स्थगन भएमा,

(च) कुनै सूचीकृत सङ्गठित संस्थाले बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगरेको कारण धितोपत्रको सूचीकरण खारेजी गर्न धितोपत्र बजारलाई निर्देशन दिएमा ।

(२) उपनियम (१) बमोजिम धितोपत्र बजारले धितोपत्रको सूचीकरण खारेजी गरेमा सो को जानकारी तुरुन्त सार्वजनिक गरी त्यस्तो सूचना कम्तीमा दुईवटा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ङ) र (च) बमोजिम धितोपत्रको सूचीकरण खारेजी हुँदाका वखत कायम रहेका सङ्गठित संस्थाका सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल रहेको व्यक्ति सूचीकरण खारेजी भएको मितिले तीन वर्ष पूरा नभएसम्म बोर्डबाट अनुमतिपत्र प्राप्त संस्था वा बोर्डमा धितोपत्र दर्ता गराएको कुनै सूचीकृत सङ्गठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन ।

१०. **पुनः सूचीकरण गर्न सकिने:** नियम ९ को उपनियम (१) को खण्ड (क), (ख) र (घ) बमोजिम धितोपत्रको सूचीकरण खारेजी भएका बाहेक अन्य खारेज भएका सङ्गठित संस्थाको धितोपत्र पुनः सूचीकरण गर्न सकिनेछ ।

तर कुनै सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेजी भएको एक वर्ष पूरा नभएसम्म त्यस्तो संस्थाको धितोपत्र पुनः सूचीकरण गरिने छैन ।

११. **बोर्डमा निवेदन दिन सक्ने:** (१) धितोपत्र बजारले धितोपत्रको सूचीकरण गर्न इन्कार गरेकोमा वा धितोपत्रको सूचीकरण खारेजी वा स्थगन गरेकोमा चित्त नबुझ्ने सूचीकृत सङ्गठित संस्थाले त्यस्तो सूचना वा जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र बोर्डमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनमा बोर्डले आवश्यक जाँचबुझ गरी साठी दिनभित्र निर्णय गरी सक्नु पर्नेछ ।

## परिच्छेद-३
## धितोपत्रको कारोबार

१२. **कारोबार प्रणाली:** (१) धितोपत्र बजारले धितोपत्रको कारोबार सञ्चालनका लागि स्वचालित विद्युतीय कारोबार प्रणाली (अटोमेटेड इलेक्ट्रोनिक ट्रेडिङ्ग सिस्टम) को स्थापना गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कारोबार प्रणालीमा मूल्य समय प्राथमिकता (प्राईस टाइम प्रायोरिटी) को आधारमा कारोबार हुने व्यवस्था गरिएको हुनु पर्नेछ ।

**स्पष्टिकरण**: यस नियमको प्रयोजनका लागि “मूल्य समय प्राथमिकता” भन्नाले कारोबार प्रणालीले धितोपत्रको खरिद बिक्री आदेशको प्रशोधन गर्दा खरिदका लागि बढी मूल्य र बिक्रीका लागि कम मूल्य कबोल गर्ने आदेशलाई प्राथमिकता दिने तर आदेश दिइएको मूल्य समान भएमा समयानुसार पहिलो आदेशलाई पहिलो प्राथमिकता दिने व्यवस्था सम्झनु पर्छ ।

(३) धितोपत्र बजारले प्रत्येक दुई वर्षमा कारोबार प्रणालीको सम्परीक्षण (सिष्टम अडिट) गराउनु पर्नेछ र सोको प्रतिवेदन बोर्डमा पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनमा चित्त नबुझेमा बोर्डले विज्ञबाट कारोबार प्रणालीको सम्परीक्षण गराउन सक्नेछ । यसरी संपरीक्षण गराउँदा लाग्ने खर्च सम्बन्धित धितोपत्र बजारले व्यहोर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम कारोबार प्रणालीको सम्परीक्षणबाट कारोबार प्रणालीमा सुधार गर्नुपर्ने देखिएमा सो सम्बन्धमा बोर्डले सम्बन्धित धितोपत्र बजारलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) धितोपत्र दलाल तथा धितोपत्र ग्राहकले कारोबार प्रणाली मार्फत धितोपत्रको कारोबार गर्नु पर्नेछ ।

(७) धितोपत्र बजारले कारोबार प्रणालीको सुरक्षण व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउनु पर्नेछ ।

(८) धितोपत्र बजारले कारोबार प्रणालीको डिजाष्टर्ड रीकभरी सिष्टमको सम्बन्धमा आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१३. **खरिद तथा बिक्री आदेशः** (१) कसैले धितोपत्र खरिद वा बिक्री गर्न चाहेमा सो को लागि धितोपत्र दलाललाई आदेश दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने आदेशमा कम्तीमा निम्न बमोजिमको जानकारी उल्लेख भएको हुनु पर्नेछ :

(क) आदेश दिनेको पहिचान स्पष्ट खुल्ने व्यवस्था,

(ख) धितोपत्रको कारोबार गर्न चाहेको सङ्गठित संस्था, धितोपत्रको किसिम, परिमाण, मूल्य र समय,

(ग) धितोपत्र खरिद वा बिक्री के को लागि आदेश दिइएको हो सो कुरा,

(घ) बोर्डले तोकिदिए बमोजिमका अन्य कुरा ।

१४. **आदेश प्राप्त गर्नु पर्नेः** (१) नियम १३ बमोजिम धतोपत्र दलालले ग्राहकको आदेश प्राप्त गरेर मात्र धितोपत्रको कारोबार गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले विद्युतीय माध्यमबाट समेत आदेश प्राप्त गर्ने व्यवस्था गर्न सक्नेछ ।

(३) धितोपत्र दलालले उपनियम (१) वा (२) बमोजिम आदेश दिने ग्राहक पहिचान विवरण (केवाइसी), धितोपत्रको मूल्य र संख्या लगायत आदेशसंग सम्बन्धित अन्य आवश्यक विवरणको अभिलेख राख्नु पर्नेछ ।

(४) धितोपत्र दलालले उपनियम (१) वा (२) बमोजिम आदेश प्राप्त गरे पश्चात सोही बमोजिम धितोपत्रको कारोबारका लागि कारोबार प्रणालीमा आदेश प्रविष्ट गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम राखिएको अभिलेख सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित धितोपत्र दलालको हुनेछ ।

१५. **मूल्य परिवर्तन सीमाः** (१) धितोपत्र बजारले देहायका आधारमा प्रत्येक दिनको मूल्य परिवर्तनको सीमा कायम गर्नु पर्नेछः-

(क) धितोपत्रको सूचीकरण पश्चात पहिलो कारोबारको मूल्य र त्यसपछि हुने कारोबार मूल्य बीचको अन्तर,

(ख) अघिल्लो दिनको बजार बन्द हुँदा कायम रहेको मूल्य र अर्को दिन शुरु कारोबार मूल्य बीचको अन्तर,

(ग) लगातार साठी दिनसम्म कारोबार नभएका धितोपत्रको पुनः कारोबार हुँदा कायम हुने शुरु मूल्य,

(घ) कारोबार समय र कारोबार मूल्यका आधारमा कायम हुने मूल्य ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत सङ्गठित संस्थाले धितोपत्रको दाखिल खारेज बन्द गरेको अवस्थामा त्यस्तो दाखिल खारेज बन्द भएपछि हुने शुरु कारोबार र साठी दिनभन्दा बढी अवधिदेखि कुनै कारोबार नभएको सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको कारोबारको हकमा धितोपत्र बजारले मूल्य परिवर्तन सीमा सम्बन्धमा फरक व्यवस्था गर्न सकिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मूल्य परिवर्तन सीमा सम्बन्धमा धितोपत्र बजारले कारोबार प्रणालीमा आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१६. **धितोपत्र कारोबारको संख्या तोक्न सक्ने**: (१) धितोपत्र बजारले अग्रिम सूचना प्रकाशन गरी धितोपत्रको लागि कारोबार हुने न्यूनतम तथा अधिकतम संख्या तोक्न सक्नेछ ।

(२) कारोबार प्रणालीमा कारोबार सम्पन्न भईसकेको कारोबार सामान्यतयाः रद्द गर्न पाइने छैन ।

१७. **धितोपत्र दलाल मार्फत हुने कारोबारः** (१) धितोपत्र दलालले कारोबार गर्नका लागि धितोपत्र बजारको कारोबार प्रणालीमा आवश्यक विवरणहरु प्रविष्टी गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले ग्राहकको आदेश बमोजिम धितोपत्रको मूल्य र परिमाणमा परिवर्तन गर्न सक्नेछ । यसरी परिवर्तन गरेमा सो आदेशलाई नयाँ आदेश मानी मूल्य तथा समय प्राथमिकताका आधारमा कारोबार प्रणालीमा कारोबार सम्पन्न गर्नु पर्नेछ ।

(३) धितोपत्र दलालले ग्राहकको लागि धितोपत्र खरिद र बिक्री गर्नु पर्नेछ ।

(४) धितोपत्र दलाल मार्फत लगानीकर्ताले विद्युतीय माध्यमबाट आदेश प्रविष्ट गर्न सक्ने गरी धितोपत्र बजारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१८. **धितोपत्र व्यापारी मार्फत हुने कारोबारः** (१) धितोपत्र व्यापारीले आफ्नो लागि खरिद वा बिक्री मूल्य प्रविष्टि गरी कारोबार गर्न सक्नेछ ।

(२) धितोपत्र व्यापारीले खरिद गर्न सक्ने अधिकतम धितोपत्र तथा लगानी गर्न सक्ने रकम बोर्डले समय समयमा तोके बमोजिम हुनेछ ।

(३) धितोपत्र बजारको अवस्थालाई हेरी बोर्डले धितोपत्र ग्राहकले धितोपत्र दलाल वा धितोपत्र दलालले धितोपत्र व्यापारीको कार्य गर्न सक्ने गरी स्वीकृति दिन सक्नेछ ।

१९. **सर्क्रिट ब्रेकर सम्बन्धी व्यवस्थाः** (१) धितोपत्र बजारले आवश्यकता अनुसार कारोबारमा सर्क्रिट ब्रेकर लाग्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सर्क्रिट ब्रेकर सम्बन्धी व्यवस्थामा परिवर्तन गर्न बोर्डले धितोपत्र बजारलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२०. **बैंक मार्फत कारोबार गर्नुपर्नेः** (१) धितोपत्रको कारोबार गर्दा वा गराउँदा कारोबारमा संलग्न सबैले बैंक मार्फत मात्र रकम लिने दिने गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले धितोपत्र कारोबारका लागि सम्बन्धित धितोपत्र बजार वा राफसाफ गर्ने संस्थाले तोकिदिएको बैंकमा खाता खोल्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लिंदा वा दिंदा एकाउण्टपेयी चेक मार्फत वा खाताबाट खातामा भुक्तानी हुने गरी गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र दलालले कारोबारका लागि प्रयोग गर्ने खाता कारोबारसँग सम्बन्धित प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

२१. **धितोपत्र कारोबार स्थगन गर्न सक्नेः** (१) प्राकृतिक प्रकोप, राष्ट्रिय संकट वा काबुबाहिरको परिस्थिति आइपरेमा धितोपत्र बजारले बोर्डलाई जानकारी दिई कारोबार प्रणालीको संचालन निश्चित समयका लागि स्थगन गर्न सक्नेछ ।

(२) धितोपत्र बजारलाई लगानीकर्ताको हितको संरक्षण गर्न आवश्यक र उचित छ भन्ने लागेमा वा आफ्नो कारोबार प्रणाली प्रति जनविश्वास कायम राख्न कुनै धितोपत्रको कारोबार रोक्न आवश्यक छ भन्ने लागेमा बोर्डको पूर्व स्वीकृति लिई धितोपत्र बजारले त्यस्तो धितोपत्रको कारोबार अस्थायी रुपमा स्थगन गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि सूचीकृत सङ्गठित संस्थाले पेश गर्नु पर्ने सूचना, जानकारी, विवरण वा प्रतिबेदन पेश नगरेमा धितोपत्र बजारले त्यस्तो सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको कारोबार अस्थायी रुपमा स्थगन गर्न सक्नेछ र सो को कारण सहितको सूचना सम्बन्धित सूचीकृत सङ्गठित संस्थालाई दिनु पर्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिमको सूचना तथा जानकारी बोर्डलाई तुरुन्त गराउनु पर्नेछ ।

२२. **कारोबार स्थगनको परिणामः** धितोपत्र दलालले कुनै धितोपत्रको कारोबार स्थगन हुनु अघि भए गरेको कारोबारको हिसाब राफसाफ गर्ने बाहेक त्यस्तो स्थगन भएको धितोपत्रको स्थगन फुकवा नभएसम्म कारोबार गर्न पाइने छैन ।

२३. **धितोपत्रको बाह्य कारोबार गर्न सकिने**: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको एक पटकमा बल्क वा ब्लक कारोबार हुने भएमा कारोबार प्रणाली बाहिर बाह्य कारोबार गर्न सकिनेछ ।

२४. **बाह्य कारोबार शुल्क**: बाह्य कारोबार सुविधा प्रदान गरे वापत धितोपत्र बजारले धितोपत्रको कारोबार मूल्यको शून्य दशमलब दुई प्रतिशतभन्दा बढी नहुने गरी विनियममा व्यवस्था गरे बमोजिमको कारोबार शुल्क लिन सक्नेछ ।

## परिच्छेद-४

## कारोबारको राफसाफ

२५. **कारोबारको राफसाफः** (१) धितोपत्र बजारमा कारोबार गर्ने ग्राहकले आफूले गरेको कारोबारको राफसाफ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राफसाफको लागि सम्बन्धित ग्राहकसँग लिनु वा दिनु पर्ने धितोपत्र वा रकमको सम्बन्धमा धितोपत्र दलालले आवश्यक व्यवस्था गरी निर्धारित समय भित्र राफसाफ हुने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्धारित समय धितोपत्र वा रकम बुझाई कारोबार राफसाफ गर्न नसकेको अवस्थामा धितोपत्र बजारले त्यस्तो व्यवसायीलाई तत्काल कारोबार गर्न रोक लगाउनु पर्नेछ ।

२६. **राफसाफ गर्ने जिम्मेवारी :** (१) धितोपत्र बजारमा सम्पन्न भएका कारोबारको राफसाफ सेवा प्रदान गर्ने जिम्मेवारी सम्बन्धित धितोपत्र बजारले धितोपत्र कारोबार राफसाफको उद्देश्यले स्थापना गरेको संस्थाको हुनेछ ।

(२) राफसाफ सम्बन्धी तोकिएको व्यवस्था बमोजिम राफसाफ सम्पन्न नगरेमा बोर्डले कारोबारसँग सम्बन्धित व्यवसायी वा राफसाफ सेवा प्रदान गर्ने संस्थालाई आवश्यक निर्देशन दिई राफसाफ गराउन सक्नेछ ।

२७. **राफसाफ कोष खडा गर्नुपर्नेः** (१) धितोपत्र बजारले कारोबारको राफसाफ सम्बन्धमा अनिवार्य रुपमा राफसाफ कोष खडा गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले कारोबारको राफसाफ गर्न नसकेमा धितोपत्र बजारले उपनियम (१) बमोजिमको राफसाफ कोषबाट राफसाफ कार्य सम्पन्न गराई सम्बन्धित व्यवसायीबाट राफसाफ बापतको रकममा ब्याज सहित भराई कोषमा दाखिला गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको राफसाफ कोषमा धितोपत्र बजार, धितोपत्रको राफसाफ सेवा प्रदान गर्ने संस्था र धितोपत्र दलालले प्रत्येक वर्ष खुद मुनाफाको पहिलो पाँच वर्षसम्म शुन्य दशमलव पाँच प्रतिशत र त्यस पछि प्रत्येक वर्ष शुन्य दशमलव दुई पाँच प्रतिशत रकम जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम जम्मा गर्नुपर्ने रकम सम्बन्धमा कोषमा जम्मा भएको रकम तथा धितोपत्र कारोबारको अवस्थालाई हेरी बोर्डले समय समयमा हेरफेर गर्न सक्नेछ ।

(५) यस नियम बमोजिमको कोषमा रहेको रकमबाट हुने आय कोषमा नै राख्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिमको कोषको संचालन तथा उपयोग सम्बन्धमा धितोपत्र बजारले बोर्डको स्वीकृतिमा विनियम बनाई लागू गर्नु पर्नेछ ।

२८. **नेटिङ प्रणाली मार्फत राफसाफ गर्न सकिनेः** (१) धितोपत्र कारोबारको राफसाफ गर्दा नेटिङ्ग प्रणाली मार्फत गर्न सकिनेछ ।

(२) नेटिङ्ग प्रणाली सम्बन्धी व्यवस्था राफसाफ गर्ने संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

**स्पष्टीकरण**: यस नियमको प्रयोजनको लागि "नेटिङ्ग प्रणाली" भन्नाले धितोपत्र व्यवसायीले कारोबार गरेको प्रत्येक दिनको धितोपत्रको खरिद र बिक्रीको कूल मूल्य बीचको फरक रकम राफसाफ गर्ने प्रणाली सम्झनु पर्छ ।

## परिच्छेद-५
## सूचिकृत धितोपत्रको हस्तान्तरण

२९. **हस्तान्तरण गरि दिनु पर्ने**: (१) सूचीकृत सङ्गठित संस्थाले धितोपत्र बजारबाट कारोबार सम्पन्न भई राफसाफ भएका धितोपत्रलाई सम्बन्धित खरिदकर्ताको नाममा हस्तान्तरण हुने व्यवस्था गर्नु पर्नेछ ।

(२) अभौतिक रुपमा रहेका धितोपत्रको उपनियम (१) बमोजिम हुने हस्तान्तरण सम्बन्धमा केन्द्रीय निक्षेप सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त संस्थाले आवश्यक कार्य गर्नु पर्नेछ ।

३०. **कारोबार बाहेक अन्य हस्तान्तरणः** (१) नियम २९ मा उल्लिखित अवस्थाका अतिरिक्त देहायको अवस्थामा सूचीकृत धितोपत्रको हस्तान्तरण गर्न सकिनेछः

(क) धितोपत्र धनीको मृत्यु भई सम्बन्धित हकवालाको नाममा हस्तान्तरण गर्नु परेमा,

(ख) अंशबण्डा भई अंशियारको नाममा हस्तान्तरण गर्नु परेमा,

(ग) एकाघरका सदस्य बीच हस्तान्तरण हुने भएमा ।

(२) उपनियम (१) बमोजिम हुने हस्तान्तरणका सम्बन्धमा केन्द्रीय निक्षेप सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

३१. **अभौतिक धितोपत्र हस्तान्तरणः** अभौतिक रुपमा रहेको धितोपत्रको हस्तान्तरण सम्बन्धमा अन्य व्यवस्था केन्द्रीय निक्षेप सेवा सम्बन्धी प्रचलित नियमावली तथा विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## सरकारी ऋणपत्र सम्बन्धी व्यवस्था

३२. **सरकारी ऋणपत्रको सूचीकरणः** धितोपत्र बजारले सरकारी ऋणपत्र कारोबार योग्य गराउन सूचीकरण गरी बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

३३. **कारोबारको राफसाफ तथा प्रमाणपत्र सम्बन्धी व्यवस्थाः** (१) धितोपत्र व्यवसाय गर्नेले आफूले गरेको कारोबारको रकम, सरकारी ऋणपत्रको प्रमाणपत्र, दाखिल खारेजी पत्र, बिक्रेताको लिखत तथा अन्य आवश्यक विवरण र कागजातहरु कारोबार भएकै दिन धितोपत्र बजारले तोकेको समयभित्र धितोपत्र बजारमा पेश गरी कारोबार राफसाफ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण तथा कागजात प्राप्त भएपछि धितोपत्र बजारले सो को अभिलेख गरी कारोबार राफसाफ गर्नु पर्नेछ र सरकारी ऋणपत्रको प्रमाणपत्रको नामसारीका लागि आवश्यक भएमा त्यस्तो ऋणपत्रको कारोबार भएको समेत प्रमाणित गर्नु पर्नेछ ।

(३) सरकारी ऋणपत्रको राफसाफ सम्बन्धी अन्य व्यवस्था सरकारी ऋणपत्र सम्बन्धी विनियममा तोकिए बमोजिम हुनेछ ।

३४. **कारोबार सम्बन्धी अभिलेख राख्नु पर्नेः** (१) धितोपत्र दलालले सरकारी ऋणपत्रको कारोबारका लागि ग्राहकबाट प्राप्त खरिद वा बिक्री आदेशमा दर्ता नम्बर, प्राप्त भएको मिति र समय समेत जनाई क्रमानुसार दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले आफूले गरेको सरकारी ऋणपत्रको कारोबारको विवरण तथा ग्राहक र आफ्नो स्वामित्वको विवरण छुट्टा छुट्टै अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद-७
## विविध

३५. **कारोबारको निरीक्षण तथा सुपरीवेक्षण :** (१) धितोपत्र बजारले कारोबारको सुपरीवेक्षणका लागि आवश्यक विद्युतीय सुपरीवेक्षण प्रणाली (सर्भेलेन्स सिस्टम) स्थापना गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले धितोपत्रको कारोबार गर्दा धितोपत्र सम्बन्धी प्रचलित कानूनको पालना गरे वा नगरेको सम्बन्धमा धितोपत्र बजारले त्रैमासिक रुपमा सुपरीवेक्षण गरी सो सम्बन्धी प्रतिवेदन सुपरीवेक्षण सम्पन्न भएको पन्ध्र दिन भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

३६. **कारोबारमा रोक लगाउन सक्ने :** (१) देहायको कुनै अवस्थामा धितोपत्र बजारले धितोपत्र दलाललाई कारोबार गर्न रोक लगाउन सक्नेछः-

(क) धितोपत्र दलालले ग्राहकबाट आदेश प्राप्त नगरी धितोपत्रको कारोबार गरेमा,

(ख) धितोपत्र दलाललले कारोबार गर्दा धितोपत्र बजारलाई दिइएको धरौटी जमानतको आधारमा धितोपत्र बजारले तोकेको कारोबार सीमाभन्दा बढी हुने गरी कारोबार गरेमा,

(ग) धितोपत्र दलालले आफ्नो संचालक, कार्यकारी प्रमुख, कर्मचारी तथा निजको एकाघर परिवारको नाममा वा नामबाट कारोबार गरेमा,

(घ) धितोपत्र सम्बन्धी प्रचलित कानूनको पालना नगरेमा ।

(२) उपनियम (१) बमोजिम कारोबार रोक लगाएको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछ ।

३७. **नियमन शुल्क बुझाउनु पर्नेः** (१) धितोपत्र बजारले धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम प्रत्येक महिना प्राप्त गरेको कूल शुल्कको एक प्रतिशत बराबरको रकम सो महिना समाप्त भएको मितिले दश दिन भित्र बोर्डलाई बुझाउनु पर्नेछ ।

(२) धितोपत्र बजारले उपनियम (१) बमोजिमको शुल्क बुझाउन विलम्ब गरेमा वुझाउनु पर्ने शुल्कमा दश प्रतिशत बार्षिक दरमा गणना गरी विलम्ब भएको दिन गन्तीका हिसाबले थप शुल्क सहित बोर्डमा बुझाउनु पर्नेछ ।

**३८.** **विनियम बमोजिम हुनेः** (१) धितोपत्रको सूचीकरण शुल्क, सम्झौताको ढाँचा तथा विवरण, सूचीकृत संगठित संस्थाको वर्गीकरण, सूचीकरण, खारेजी र पुनः सूचीकरण, कारोबार एकाई तथा बोर्ड एकाई, मूल्य निर्धारण प्रकृया, कारोबार गर्ने स्थान र समय, खरिद तथा बिक्री आदेश, कारोबार सञ्चालन प्रकृया तथा मूल्य परिवर्तन सीमा सम्बन्धी अन्य व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ ।

(२) ऋणपत्रको दोस्रो बजार कारोबार, ऋणपत्रको सूचीकरण, कारोबार समय र स्थान, खरिद बिक्री आदेश, कारोबार एकाई, मूल्य परिवर्तन सीमा, कारोबार राफसाफ र फछ्र्यौट, ग्राहकलाई दिनुपर्ने जानकारी तथा खरिद सम्बन्धी निस्सा लगायत अन्य व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिमका व्यवस्थाहरु सम्बन्धमा ऋणपत्र बजारको अवस्था हेरी बोर्डले समय समयमा निर्देशन दिए बमोजिम धितोपत्र बजारले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(४) यस नियमावली बमोजिम धितोपत्र बजार वा केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने संस्थाले लागू गर्ने विनियम बोर्डको स्वीकृती लिएर मात्र लागू गर्नु पर्नेछ ।

३९. **कारवाहीको अभिलेख राख्ने**: (१) धितोपत्र सम्बन्धी कानून तथा बोर्डद्वारा जारी गरिएको आदेश वा निर्देशनको पालना नगरेको कारण ऐन बमोजिम कारवाहीमा परेको धितोपत्र दलाल, धितोपत्र ग्राहकको अभिलेख बोर्डले राख्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा पालना नगरेको कानून, निर्देशन वा आदेश सम्बन्धी विवरण समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको विवरण बोर्डले अन्य नियमन निकायलाई जानकारी गराउन तथा समय समयमा सार्वजनिक गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको अभिलेखमा समावेश भएको कम्पनी, सङ्गठित संस्था, व्यक्ति वा सो संलग्न कुनै पनि कम्पनी वा सङ्गठित संस्थालाई धितोपत्र व्यवसाय गर्न बोर्डले रोक लगाउन सक्नेछ ।

४०. **धितोपत्र बजारले जानकारी दिनुपर्नेः** धितोपत्र बजारले धितोपत्रको सूचीकरण, सूचीकरण स्थगन, सूचीकरण खारेजी वा पुनः सूचीकरण गरेमा तत्काल वा ढिलोमा सो कार्य गरेको भोलिपल्ट सम्ममा लगानीकर्ताको जानकारीको लागि सो सम्बन्धी सूचना सार्वजनिक गर्नु पर्नेछ र सो को जानकारी बोर्डलाई समेत दिनु पर्नेछ ।

४१. **यसै नियमावली बमोजिम हुने**: यस नियमावलीमा लेखिएको जतिमा यसै नियमावली बमोजिम हुनेछ ।

४२. **खारेजी र वचाउः** (१) धितोपत्र कारोबार नियमावली, २०५० खारेज गरिएको छ ।

२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

❖❖❖

लागू मितिः २०७५।११।२२
प्रथम संशोधन: २०७७।०४।०१

# विशिष्टीकृत लगानी कोष नियमावली, २०७५

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृतिमा नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "विशिष्टीकृत लगानी कोष नियमावली, २०७५" रहेको छ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इकाई" भन्नाले कोष अन्तर्गत निष्काशन गरिने धितोपत्रको इकाई सम्झनु पर्छ ।

(ख) "ईकाइधनी" भन्नाले कोषको एक वा एक भन्दा बढी ईकाइमा स्वामित्व भई दर्ता किताबमा नाम उल्लेख भएको योग्य लगानीकर्ताहरु सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(घ) "कर्जा सूचना केन्द्र" भन्नाले प्रचलित कानून बमोजिम स्थापित कर्जा सूचना केन्द्र सम्झनु पर्छ।

(ङ) "कोष व्यवस्थापक" भन्नाले विशिष्टीकृत लगानी कोष व्यवस्थापन गर्ने उद्देश्य भएका नियम ३ बमोजिमको कोष व्यवस्थापक सम्झनु पर्छ ।

(च) "दर्ता किताब" भन्नाले कोषको ईकाइहरु वा ईकाइधनीहरुको विस्तृत विवरण सहितको अभिलेख रहेको दर्ता किताब सम्झनु पर्छ ।

(छ) "दर्ता प्रमाणपत्र" भन्नाले कोष व्यवस्थापक वा विशिष्टीकृत लगानी कोषको स्थापना र संचालन गर्न यस नियमावली बमोजिम बोर्डबाट प्रदान गरिएको अनुमति सम्झनु पर्छ ।

(ज) "दर" भन्नाले कोषबाट लगानी भई प्राप्त वार्षिक प्रतिफल सहित कायम भएको दर सम्झनु पर्छ ।

(झ) "पूँजी आव्हान" भन्नाले कोष व्यवस्थापकद्धारा कोषका लगानीकर्ताहरुले खरिदका लागि प्रतिवद्धता जनाएको रकम सम्पूर्ण रकम वा सो को केही अंश भुक्तानीका लागि गरिने आव्हान भन्ने सम्झनु पर्छ ।

(ञ) "प्रतिवद्धता रकम" भन्नाले कोषले पूँजी आव्हान गरिएको समयमा योग्य लगानीकर्ताबाट कोष वा योजनामा लगानी गर्न प्राप्त प्रतिवद्धताको कुल रकम सम्झनु पर्छ ।

(ट) "बिक्री प्रस्ताव" भन्नाले कोषको इकाई बिक्रीका लागि नियम २४ बमोजिम तयार गरिएको बिक्री प्रस्ताव सम्झनु पर्छ ।

(ठ) "कोष" भन्नाले नियम १४ बमोजिम बोर्डमा दर्ता भएको प्राइभेट इक्वीटी, भेन्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारका अन्य विशिष्टीकृत लगानी कोष सम्झनु पर्छ ।

(ड) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ढ) "लगानी योग्य रकम" भन्नाले कोषको प्रशासनिक र व्यवस्थापन खर्च घटाएर बाँकी भएको रकम सम्झनु पर्छ ।

(ण) "लगानी सम्झौता" भन्नाले कोषको व्यवस्थापनको विस्तृत प्रक्रिया खुलाउदै कोष व्यवस्थापक र लगानीकर्ता बीच भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले खरिद सम्झौता (सब्सक्रिप्सन एग्रिमेन्ट), लगानी व्यवस्थापन सम्झौता तथा अन्य सम्बन्धित कोषको गठन बारेको प्रमुख कागजात वा सम्झौता समेतलाई जनाउँछ ।

(त) "लगानी समिति" भन्नाले लगानी नीति अनुसार कोषको रकम लगानी गर्न विधानमा व्यवस्था भए बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(थ) "विधान" भन्नाले कोष स्थापना र संचालन सम्बन्धमा गरिएको व्यवस्थाको दस्तावेजलाई सम्झनुपर्छ ।

(द) "स्वामित्व पूँजी सम्बन्धी उपकरणहरु" भन्नाले पूर्ण रुपमा वा आंशिक रुपमा परिवर्त्य वा विमोच्य अग्राधिकर शेयर (प्रिफरेन्स शेयर) अथवा परिवर्त्य प्रकृतिका धितोपत्र (सुरक्षणहरु) सम्झनु पर्छ ।

(ध) "हर्डल रेट" भन्नाले विधानमा उल्लेख भए बमोजिम कोषमा गरिने लगानीमा प्राप्त हुने अपेक्षित न्यूनतम प्रतिफलको वार्षिक दर सम्झनु पर्छ ।

## परिच्छेद - २

## कोष व्यवस्थापकको अनुमति

३. **कोष व्यवस्थापकको अनुमति लिनु पर्ने:** (१) कोषको स्थापना तथा संचालन गर्न चाहने कोष व्यवस्थापकले बोर्डबाट कोष व्यवस्थापकको अनुमति लिनु पर्नेछ ।

तर यो नियमावली प्रारम्भ हुनु अघि नेपाल सरकारको स्वीकृति लिई वा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई संचालनमा रहेको कोष व्यवस्थापकको हकमा यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र कोष व्यवस्थापकको अनुमति लिन निवेदन दिई सक्नु पर्नेछ ।

[१](१क) विदेशमा दर्ता भएको कोष वा कोष व्यवस्थापकले प्रचलित नेपाल कानूनको अधिनमा रही त्यस्तो कोष वा कोष व्यवस्थापकको पूर्ण वा आधिकाशं स्वामित्वमा नेपालमा कोष स्थापना वा कोष व्यवस्थापनको कार्य गर्न सक्नेछ ।

---

१ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा थपिएको

[२](१ख) उपनियम (१क) बमोजिमको कोष व्यवस्थापकले कोष व्यवस्थापनको कार्य गर्न नेपालमा सहायक कम्पनी स्थापना गरी यस नियमावली बमोजिम बोर्डबाट अनुमति लिनु पर्नेछ ।

[३](१ग) उपनियम (१क) बमोजिमको कोष वा कोष व्यवस्थापकले बोर्डबाट अनुमति प्राप्त स्थानीय कोष व्यवस्थापक मार्फत आफ्नो कोष परिचालन गर्न यस नियमावली बमोजिम बोर्डबाट अनुमति लिनु पर्नेछ ।

[४](२) उपनियम (१) वा (१ख) वा (१ग) बमोजिम अनुमति लिनु पर्ने संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको शुल्क सहित बोर्डमा निवेदन दिनुपर्नेछ।

[५](३) उपनियम (२) बमोजिमको निवेदन साथ देहायको कागजात तथा विवरण संलग्न गर्नु पर्नेछ :

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी बार्षिक प्रतिवेदन,

तर, संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ ।

(घ) अनुमति प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ङ) प्रस्तावित कोष व्यवस्थापकको संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको भए सो सम्बन्धी विवरण,

(च) संस्थापकले लिएको शेयर स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण,

(छ) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरधनीको नाम, पुरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(ज) संस्थाको संगठन तथा कार्य प्रणाली सम्बन्धी विवरण,

(झ) कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,

(ञ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(ट) संस्थापक शेयरधनीहरु कालो सूचीमा नपरेको पत्र,

---

२ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा थपिएको

३ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा थपिएको

४ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा संशोधन गरिएको

५ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा संशोधन गरिएको

(ठ) संस्थाको शेयरधनी विदेशी कोष वा कोष व्यवस्थापक वा अन्य संस्था भएमा यस उपनियममा उल्लिखित कागजातका अतिरिक्त सम्बन्धित देशको कानून बमोजिम कोष वा कोष व्यवस्थापक वा संस्था दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र प्रबन्धपत्र तथा नियमावली वा संस्था स्थापना सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि समेत,

(ड) संस्थाको शेयरधनी विदेशी कोष वा कोष व्यवस्थापक वा अन्य संस्था भएमा माथि उल्लेखित कागजातका अतिरिक्त उक्त संस्थाले विदेशमा व्यवस्थापन गरिरहेको कोषको आकार खुलेको कागजातको प्रमाणित प्रतिलिपी,

(ढ) बोर्डले आवश्यक देखेको अन्य कागजात तथा विवरणहरु ।

४. **अनुमति प्रदान गर्ने :** (१) नियम (३) बमोजिम प्राप्त निवेदन उपर पैंतीस दिन भित्र आवश्यक जाँचबुझ गरी अनुमति प्रदान गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई कोष व्यवस्थापकको दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्रदान गर्दा बोर्डले आवश्यक देखेमा अन्य शर्तहरु तोक्न सक्नेछ ।

(३) कोष व्यवस्थापकको अनुमति दिन अनुपयुक्त देखिएमा सो को जानकारी दिनु पर्नेछ ।

५. **बार्षिक शुल्क सम्बन्धी व्यवस्था:** (१) कोष व्यवस्थापकले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र अनुसूची-२ बमोजिमको बार्षिक शुल्क बोर्डमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बार्षिक शूल्क नबुझाएका कोष व्यवस्थापकको अनुमति बोर्डले निलम्वन गर्न सक्नेछ ।

६. **कोष व्यवस्थापकको काम, कर्तव्य र अधिकार**: (१) कोष व्यवस्थापकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) कोष व्यवस्थापकले आफू वा आफूसँग सम्बद्ध व्यक्तिले कुनै अनुचित लाभ नपाउने गरी सूचना, परिपत्र, निर्देशिका तथा निर्देशन लगायतका प्रचलित कानून अन्तर्गत रहेर इकाईधनीहरुको हितमा काम गर्ने,

(ख) कोषसँग सम्बन्धित सबै कारोबार स्वतन्त्र तरिकाले गर्ने,

(ग) लगानी गरिने संस्थामा कोष व्यवस्थापक, संचालक, कार्यकारी प्रमुख, कर्मचारी र लगानी समितिका सदस्यको कुनै किसिमको वित्तिय स्वार्थ नरहेको सुनिश्चित गर्नु पर्ने,

तर कुनै किसिमको वित्तिय स्वार्थ भएमा सो को सम्पूर्ण जानकारी सहित इकाईधनीहरुको बार्षिक सभामा विशेष प्रस्तावद्वारा लगानी गर्ने प्रस्ताव पारित गरेको हुनु पर्नेछ । सो लगानी गर्ने निर्णय भएको सात दिनभित्र बोर्डलाई सोको जानकारी दिई सक्नु पर्नेछ,

(घ) इकाईधनीको ग्राहक परिचय विवरण तथा अन्य आवश्यक कागजातको सुनिश्चित गर्ने,

(ङ) इकाईधनीलाई लगानीमा सम्भावित जोखिम र प्रतिफलबारे जानकारी दिने,

(च) लगानी तथा कोष व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र सोको पूर्ण कार्यान्वयन गर्ने गराउने,

(छ) आफ्ना संचालक तथा कर्मचारीहरुको लागि आचार संहिता बनाई लागू गर्ने,

(ज) इकाईधनीको हितमा लगानी भएको सुनिश्चित गर्ने,

(झ) लगानीसंग सम्बन्धित लेखा, प्रतिवेदन, कागजात तथा विवरणको अभिलेख राख्ने,

(ञ) योग्य लगानीकर्तासंग पूँजी आव्हान गर्दा कम्तीमा पनि दुई हप्ता अगावै लिखित रुपमा जानकारी गराई योग्य लगानीकर्तालाई रकम तिर्न उचित समयको व्यवस्था गर्नु पर्ने ।

(ट) कोष व्यवस्थापक तथा कोषको आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र प्रचलित लेखामान अनुसार कोषको वित्तीय विवरण तयार गर्नु पर्नेछ

(ठ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र ईकाइधनीहरुको बार्षिक सभा सम्पन्न गर्नु पर्नेछ ।

[६](ड) कोष व्यवस्थापकले विदेशी कोषको व्यवस्थापनको कार्य गर्न सक्ने,

## परिच्छेद ३

## कोष व्यवस्थापक, संचालक समिति तथा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

**७. कोष व्यवस्थापकको योग्यता:** (१) कोष व्यवस्थापकको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था,

(ख) प्रबन्धपत्र तथा नियमावलीमा कोष व्यवस्थापकको कार्य गर्ने उद्देश्य रहेको,

(ग) चुक्ता पूँजी कम्तीमा दुई करोड रुपैयाँ भएको,

(घ) कोष व्यवस्थापक तथा सोका संचालक वा कार्यकारी प्रमुखले कुनै प्रकारको ठगी वा जालसाजी अपराधमा सजाय नपाएको,

(ङ) कोष व्यवस्थापकका संचालक वा कार्यकारी प्रमुखले नैतिक पतन देखिने फौज्दारी कसूरमा सजाय नपाएको,

(च) धितोपत्रको सार्वजनिक निष्काशन गरी सर्वसाधारणबाट पूँजी आव्हान गरी पूँजी सङ्कलन गरेका कोष व्यवस्थापकहरु मध्ये धितोपत्रको कारोवारका लागि आवश्यक व्यवस्था नगरेका, बोर्डको सम्पर्कमा नआएका कोष व्यवस्थापक (भ्यानिसिङ्ग कम्पनी), सूचीकरण खारेजीको कारवाहीमा परेका वा बोर्डलाई कोष व्यवस्थापकको संचालन सम्बन्धमा प्रचलित कानून बमोजिम दिनुपर्ने सूचना, जानकारी वा विवरण नदिई बसेका भनी बोर्डको अभिलेखमा रहेका कोष व्यवस्थापक वा त्यस्तो कोष व्यवस्थापकको कार्यकारी प्रमुख वा संचालकको संलग्नता नरहेको,

(छ) संचालक वा कार्यकारी प्रमुख, कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको तथा कुनै नियामक निकायको कानून उल्लंघनमा कारवाही नपरेको वा कारबाहीमा परेको भए दुईवर्ष पुरा भएको हुनु पर्ने,

---

६ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा थपिएको

**८.** **संचालक तथा कार्यकारी प्रमुखको नियुक्तिः** कोष व्यवस्थापकले यस नियमावली बमोजिम योग्यता पूरा भएको व्यक्तिलाई संचालक तथा कार्यकारी प्रमुख नियुक्त गर्नु पर्नेछ ।

**९.** **संचालक समितिः** (१) कोष व्यवस्थापकमा कम्तीमा पाँच र बढीमा सातजना संचालकहरु रहेको एक संचालक समिति रहनेछ ।

(२) संचालक समितिले नियम (११) बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट कम्तीमा एक जना स्वतन्त्र संचालक नियुक्ति गर्नुपर्ने छ ।

**१०.** **संचालकको योग्यता :** (१) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा सो सरहको उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्ष कार्य अनुभव भएको ।

**११.** **स्वतन्त्र संचालकको योग्यता :** स्वतन्त्र संचालकको योग्यता देहाय बमोजिम हुनेछः–

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी पाँच वर्षको कार्य अनुभव भएको , वा

(ख) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा सो सरहको उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको,

(ग) कोष व्यवस्थापक कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व नरहेको ।

**१२.** **कार्यकारी प्रमुखको योग्यता :** कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनेछः–

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा दश वर्षको कार्य अनुभव भएको, वा

(ख) चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको ।

**१३.** **संचालक वा कार्यकारी प्रमुखको अयोग्यता :** देहाय बमोजिमको अवस्था कुनै पनि व्यक्ति संचालक वा कार्यकारी प्रमुख हुन सक्ने छैनः-

(क) नेपालभित्र वा विदेशमा कर्जा तिर्न नसकी साहुको दामासाहीमा परेको,

(ख) नेपालभित्र वा विदेशमा बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूची वा डिफल्टरमा परी सो कालोसूची वा डिफल्टरबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ग) चोरी, ठगी, किर्ते, जालसाजी, भष्ट्राचार, नैतिक पतन देखिने कुनै पनि फौजदारी कसूर वा बैंकिङ्ग कसुर गरेको अभियोगमा नेपाल वा विदेशी मुलुकका अदालतबाट कसूरदार ठहर भई सजाय भुक्तान भएको दश वर्ष अवधि व्यतित नभएको ।

## परिच्छेद ४
## कोष दर्ता तथा संचालन

१४. **<u>कोषको दर्ता तथा निष्काशनः</u>** (१) यस नियम बमोजिम कोष संचालन गर्न चाहनेले त्यस्तो कोष बोर्डमा दर्ता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष दर्ता गर्दा देहाय बमोजिमको कुनै कोष दर्ता गर्न सकिनेछः

(क) प्राइभेट इक्वीटी फण्ड,

(ख) भेन्चर क्यापिटल फण्ड,

(ग) हेज फण्ड,

(घ) बोर्डले समय समयमा तोकिदिएको अन्य कोष ।

**स्पष्टिकरण :** यस नियमावलीको प्रयोजनको लागि,-

[७](१) प्राइभेट इक्वीटी फण्ड- भन्नाले कोषको उद्देश्य प्राप्तिका लागि सर्वप्रथम स्वःपूँजी वा साधारण शेयरमा परिवर्तनीय धितोपत्र वा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्ट्रुमेन्ट) वा ऋण वा स्वःपूँजीसंग सम्बन्धित अन्य उपकरणमा लगानी गर्ने कोष वा लगानी गर्ने कम्पनीका साझेदारहरुको इच्छा बमोजिम लगानी गर्ने कोष सम्झनु पर्छ । तर, ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्ट्रुमेन्ट) वा ऋणमा गरिने लगानी रकमको प्रतिशत बोर्डले तोके वमोजिम हुनेछ ।

[८](२) भेन्चर क्यापिटल फण्ड- भन्नाले धितोपत्र सूचीकरण नभएका, संचालनको शुरुवातीक्रममा रहेका वा संचालनको प्रक्रिया अगाडि बढिसकेका वा संचालनमा रहेका नवीनतम ज्ञान, सीप र क्षमता भएका वा नयाँ बस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसंग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायलाई संचालन गर्न शेयर स्वामित्व पूँजी वा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्ट्रुमेन्ट) वा ऋण लगानी गर्ने कोषलाई सम्झनु पर्छ । तर, ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्ट्रुमेन्ट) वा ऋणमा गरिने लगानी रकमको प्रतिशत बोर्डले बोर्डले तोके वमोजिम हुनेछ ।

---

७ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा संशोधन गरिएको

८ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा संशोधन गरिएको

(३) हेज फण्ड- भन्नाले लगानीको उच्च जोखिम रहेको जुनसुकै क्षेत्रमा लगानी गर्न सक्ने गरी स्थापना भएको कोषलाई सम्झनु पर्छ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो नियमावली प्रारम्भ हुनु अघि नेपाल सरकारको स्वीकृति लिई वा प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेको र यस नियमावली बमोजिम विशिष्टीकृत लगानी कोष अन्तर्गत पर्ने कोषको हकमा यो नियमावली प्रारम्भ भएको छ महिनाभित्र कोष दर्ता गर्न सकिनेछ ।

(४) उपनियम (१) बमोजिम कोष दर्ता तथा निष्काशनको लागि कोष व्यवस्थापकले अनुसूची-५ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको दस्तुर सहित बोर्डमा निवेदन दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन साथ अनुसूची-६ बमोजिमको विवरण तथा कागजात संलग्न गर्नुपर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी कोष दर्ता तथा निष्काशन गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई कोषदर्ता तथा निष्काशन प्रमाणपत्र प्रदान गर्नेछ ।

(७) उपनियम (६) बमोजिम दर्ता तथा निष्काशनका लागि अनुमति प्राप्त भए पश्चात कोषले रकम संकलनका लागि लक्षित लगानीकर्ता पहिचान गरी परिपत्र विधि वा व्यक्तिगत सम्पर्कको माध्यमबाट इकाईको निष्काशन गर्नु पर्नेछ ।

(८) कोषले बोर्डबाट इकाई निष्काशनको स्वीकृति पाएको मितिले तीन महिनाभित्र इकाई निष्काशन शुरु गरी दुई वर्षभित्र इकाई निष्काशन गरी सक्नु पर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कोषले अन्तर्राष्ट्रिय संघ, संस्था वा बहुपक्षीय संस्थागत लगानीकर्तालाई इकाई निष्कासन गर्दा ऋणको रुपमा समेत इकाई निष्काशन गर्न सक्नेछ । साथै, अन्तर्राष्ट्रिय संघ, संस्था वा बहुपक्षीय संस्थागत लगानीकर्तालाई निष्काशन गरिएको इकाईको रकम संकलन गर्दा विधानमा समय र किस्ताको व्यवस्था गरी सोही बमोजिमको समयमा किस्ता संकलन गर्न सक्नेछ ।

[९]**१४क. विदेशमा दर्ता भएका कोषको दर्ता सम्बन्धि व्यवस्थाः** (१) विदेशमा दर्ता भएका नियम १४ को उपनियम (२) मा तोकिए बमोजिमका कोषले नेपालमा कोष दर्ता गर्न अनुसूची-५ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको शुल्क सहित बोर्डमा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनका साथ निवेदकले देहाय बमोजिमको विवरण तथा कागजात सलग्न गर्नु पर्नेछ :

(क) सम्बन्धित देशको कानून बमोजिम कोष दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

---

९ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा थप गरिएको

(ख) सम्बन्धित देशको कानून बमोजिमको कोषको विधानको प्रमाणित प्रतिलिपी र सोको प्रमाणित नेपाली अनुवाद,

(ग) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) कोष दर्ता तथा निष्काशन सम्बन्धमा विदेशी कम्पनीको सञ्चालक समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपी र सोको प्रमाणित नेपाली अनुवाद,

(ङ) बोर्डबाट नियम ४ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेको कोष व्यवस्थापकसँग गरिएको सम्झौतापत्रको प्रमाणित प्रतिलिपी,

(च) बिदेशवाट भित्र्याइने रकम,

(छ) बोर्डले समय समयमा तोकेका अन्य विवरणहरु ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी कोष दर्ता तथा निष्काशन गर्न उपयुक्त देखिएमा बोर्डले नियम १४ बमोजिमको कोष दर्ता गरी अनुसूची-७ बमोजिमको ढाँचामा कोष दर्ता तथा निष्काशन प्रमाणपत्र प्रदान गर्नेछ ।

**१५. कोष विधानमा उल्लेख हुनुपर्ने न्यूनतम व्यवस्था :** कोषको विधानमा देहाय बमोजिमको न्यूनतम व्यवस्था उल्लेख गरेको हुनु पर्नेछ :–

(क) कोषको नाम,

(ख) कोषको प्रकार (प्राइभेट इक्वीटी, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड वा अन्य) ,

(ग) कोषको आकार र समायावधि,

(घ) कोषको प्रवद्धन गर्न कम्तीमा दश प्रतिशत रकम लगानी गर्न प्रतिवद्धता गरेका लगानीकर्ताको विवरण,

(ङ) कोष सञ्चालन, अभिलेख तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था,

(च) कोषको लगानीको लक्षित क्षेत्र तथा लगानी प्रकृया सम्बन्धी विवरण,

(छ) लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल सम्बन्धी व्यवस्था,

(ज) लगानी फिर्ता हुने प्रकृया सम्बन्धी व्यवस्था,

(झ) विवाद समाधान कार्यविधि सम्बन्धी व्यवस्था,

(ञ) हर्डल रेट सम्बन्धी व्यवस्था,

(ट) कोष व्यवस्थापन शुल्क सम्बन्धी व्यवस्था,

(ठ) कोष खारेजी सम्बन्धी व्यवस्था ।

(ड) बोर्डले समय समयमा तोकेका अन्य विवरण ।

**१६. कोष दर्ताको न्यूनतम मापदण्ड :** कोष दर्ताका लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ :–

(क) कोषको रकम कम्तीमा पन्ध्र करोड रुपैयाँ भएको,

(ख) कोष व्यवस्थापकले कोषमा न्यूनतम दुई प्रतिशत हिस्सा लिएको र सो न्यूनतम हिस्सा निरन्तर कायम राख्ने व्यवस्था भएको,

तर द्विपक्षीय वा बहुपक्षीय अन्तराष्ट्रिय संस्थाले लगानी गरेको कोषको हकमा यो व्यवस्था लागु हुने छैन,

(ग) इकाईधनीको संख्या दुईसमय भन्दा बढी नहुने व्यवस्था भएको,

(घ) कोष बन्दमुखि (क्लोज्ड इन्डेड) प्रकृतिको भएको,

(ङ) इकाईधनीहरुलाई प्रतिफल स्वरुप नगद लाभांश मात्र दिने व्यवस्था भएको,

(च) इकाईधनीले कम्तीमा पचास लाख रुपैयाँको इकाई खरिद गर्ने व्यवस्था भएको,

**१७.** **कोष दर्ता अस्वीकार गर्न सकिने :**(१) देहायको अवस्थामा बोर्डले कोष दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(क) नियम (१४) बमोजिम दर्ता प्रक्रिया पूरा नभएमा,

(ख) नियम (१५) बमोजिम विधानमा उल्लेख हुनुपर्ने न्यूनतम कुरा नभएमा,

(ग) नियम (१६) बमोजिम न्यूनतम मापदण्ड पूरा नभएको,

(घ) धितोपत्र बजारको अवस्था, सम्भाव्यता र लगानीकर्ताको हित संरक्षणको दृष्टिकोणले कोष संचालन हुन सक्ने अवस्था नभएमा ।

(२) उपनियम (१) बमोजिम दर्ता अस्वीकार गर्दा सो को कारण र आधार स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

**१८.** **दायित्व तथा अधिकार :**(१) कोषले निष्काशन गरेको इकाई खरिद गर्ने इकाईधनीको दायित्व निजले खरिद गरेको इकाई सम्म मात्र सीमित हुनेछ ।

(२) इकाईधनीले कोषमा लगानी गरेको इकाईको अनुपातको आधारमा इकाईधनीको सभामा मतदान गर्ने, लगानीबाट आर्जित नाफा तथा लगानी फिर्ता पाउने अधिकार हुनेछ ।

**१९.** **कोषको समयावधीः** कोषको समयावधी पाँचदेखि पन्ध्रवर्षसम्म हुनेछ र सो कोषको समयावधीको सम्बन्धमा लगानी सम्झौतामा समेत उल्लेख भएको हुनु पर्नेछ ।

**२०.** **कोषको समाप्ति :** (१) देहायको अवस्थामा कोषको समाप्ति हुनेछ :

(क) बोर्डले कोष संचालनका लागि दिएको समयावधि समाप्त भएमा,

(ख) बोर्डले कोष संचालन गर्न दिएको स्वीकृति रद्द गरेमा,

(ग) कुनै असामान्य परिस्थिति वा आर्थिक संकट उत्पन्न भई कोष संचालन गर्न नसकिने कुरामा बोर्ड विश्वस्त भई कोष समाप्त गर्न निर्देशन दिएमा,

(२) कोष व्यवस्थापकले अवधि समाप्त हुनु भन्दा कम्तीमा तीन महिना अगावै इकाईधनीलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(३) कोषको कुल पूँजीको कम्तीमा पचहत्तर प्रतिशत रकम र पचास प्रतिशत इकाईधनीको प्रतिनिधत्व भएको इकाईधनीहरुको वार्षिक सभाबाट विशेष प्रस्तावद्वारा कोष समाप्ति गर्ने प्रस्ताव पारित गरेमा कोष व्यवस्थापकले कोषको समाप्ति गर्न सक्नेछ ।

(४) कोषको समाप्ति पछि कोष व्यवस्थापकले कोषको सबै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाईधनीको हितलाई ध्यानमा राखी फिर्ता गर्नुपर्ने व्यवस्था लगानी सम्झौतामा उल्लेख भए बमोजिम गर्नु पर्नेछ । सो कोषको दायित्व फरफारक गरी इकाईधनीलाई रकम फिर्ता गरेको जानकारी सो कार्य भएको मितिले तीन दिनभित्र बोर्डलाई दिई सक्नु पर्नेछ ।

२१. **शुल्क सम्बन्धी व्यवस्था:** (१) कोष व्यवस्थापकले कोषको व्यवस्थापनको लागि लगानी सम्झौतामा उल्लेख भएबमोजिम कोष व्यवस्थापन शुल्क लिन सक्नेछ ।

(२) कोष व्यवस्थापकले विधानमा उल्लेख भए बमोजिमको हर्डल रेट सीमा भन्दा बढी नाफा आर्जन गर्न सफल भएमा वार्षिक खुद नाफाबाट लगानी सम्झौतामा उल्लेख भएबमोजिम उपनियम (१) का अतिरिक्त थप शुल्क लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको शुल्क लिंदा विधानमा व्यवस्था भएबमोजिम त्रैमासिक अवधिमा वा आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र लिनु पर्नेछ ।

(४) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्षमा आफूले प्राप्त गरेको सेवा शुल्कको दुई प्रतिशतले हुने रकम त्यस्तो शुल्क लिएको दुई महिनाभित्र बोर्डमा बुझाउनु पर्नेछ ।

तर समयमा शुल्क नबुझाएमा सो शुल्कमा बार्षिक रुपमा दश प्रतिशतले हुने रकम दैनिक रुपमा गणना गरी थप रकम समेत बुझाउनु पर्नेछ ।

## परिच्छेद– ५
## लगानी सम्बन्धी व्यवस्था

२२. **योग्य लगानीकर्ता:** लगानीको जोखिम तथा प्रतिफलको विश्लेषण गरी कोषको स्वपूँजीमा देहाय बमोजिमका संस्था वा व्यक्तिले लगानी गर्न सक्नेछन् ।

(क) बैंक तथा वित्तीय संस्था,

(ख) बीमा कम्पनी,

(ग) अवकाश कोष, कल्याणकारी कोष, संचय कोष, नागरिक लगानी कोष जस्ता प्रचलित कानून बमोजिम मान्यता प्राप्त कोष,

[१०](घ) द्विपक्षीय वा बहुपक्षीय अन्तराष्ट्रिय संस्थागत लगानीकर्ता वा विदेशी व्यक्ति वा विदेशी फर्म, कम्पनी वा विदेशी संस्थागत लगानीकर्ता वा विदेशमा दर्ता भएको कोष वा विदेशी कोष व्यवस्थापक वा अन्य यस्तै प्रकारको संगठित संस्था,

(ङ) लगानी गर्न सक्ने उद्देश्य भएका प्रचलित कानून बमोजिम नेपालमा स्थापना भएका संस्था,

(छ) नेपाली नागरिक तथा गैर आवासीय नेपाली,

(ज) बोर्डले समय समयमा तोकिदिएका अन्य निकाय वा व्यक्ति ।

२३. **सम्झौता गर्नुपर्ने:** (१) कोष व्यवस्थापकले योग्य लगानीकर्तासंग लगानी गर्ने सम्बन्धमा लगानी सम्झौता गर्नु पर्नेछ ।

---

१० विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा संशोधन गरिएको

(२) उपनियम (१) बमोजिम गरिने कोष व्यवस्थापक तथा योग्य लगानीकर्ताबीच हुने सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) लगानी गरिने रकम र समयावधि,

(ख) लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल,

(ग) लगानी फिर्ता हुने प्रकृया,

(घ) विवाद समाधान प्रकृया,

(ङ) हर्डल रेटको व्यवस्था,

(च) कोष व्यवस्थापन शुल्क सम्बन्धी विवरण,

(छ) कोषको हुने खर्चहरुको शीर्षक

(ज) कोष निष्काशनको चरणबद्ध संङ्कलन गर्ने प्रावधान सम्बन्धी व्यवस्था

(झ) कोषको समाप्ति पछि सबै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाईधनीलाई फिर्ता गर्नुपर्ने व्यवस्था ।

२४. **लगानी सम्बन्धी व्यवस्था :**(१) कोष व्यवस्थापकले कोषको रकम नेपाल सरकारको प्रचलित कानून बमोजिम लगानी गर्न निषेध गरिएको क्षेत्रहरुमा बाहेक लगानी सम्झौतामा उल्लेख भए बमोजिमको कम्पनी वा व्यवसायमा लगानी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम लगानी गरिने क्षेत्रका सम्बन्धमा बिक्री प्रस्तावमा उल्लेख गरेको हुनु पर्नेछ ।

(३) कोष व्यवस्थापकले योग्य लगानीकर्ताका लागि इकाई बिक्री गर्नका लागि अनुसूची-८ बमोजिमको ढाँचामा बिक्री प्रस्ताव तयार गर्नु पर्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै निश्चित क्षेत्रमा मात्र लगानी गर्ने गरी स्थापना भएको कोषले सोही क्षेत्रमा मात्र लगानी गर्नु पर्नेछ ।

२५. **लगानीको सीमा :** कोषको रकम लगानी गर्ने सीमा विधान तथा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-६
## लेखा,अभिलेख तथा विवरण सम्बन्धी

२६. **लेखा राख्नु पर्ने** : कोष व्यवस्थापकले आफ्नो कारोबारको लेखा प्रचलित कानून बमोजिमको ढाँचा र प्रकृया राख्नु पर्नेछ ।

२७. **वित्तीय विवरण तयार गर्नु पर्ने :** कोष व्यवस्थापकले आफ्नो र कोषको छुट्टाछुट्टै वित्तीय विवरण तयार गर्नु गराउनु पर्नेछ ।

२८. **लेखापरीक्षक तथा लेखापरीक्षण :** (१) कोष व्यवस्थापकले चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट प्रमाणपत्र प्राप्त गरेको लेखापरीक्षक मात्र कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षकको रुपमा नियुक्त हुन सक्नेछ ।

(२) कोष व्यवस्थापकले आफ्नो र कोषको लेखा परिक्षण छुट्टाछुट्टै लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(३) लेखापरीक्षकले कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षण गर्दा लेखापरीक्षण सम्बन्धी प्रचलित सिद्धान्त, कानून र मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(४) लेखापरीक्षकले लेखापरीक्षण गरी सकेपछि कोष व्यवस्थापक तथा कोषको काम कारवाही, लेखा विवरण तथा आर्थिक अवस्था प्रतिविम्बित हुने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने कुराहरुको अतिरिक्त देहायका कुराहरु समेत खुलाइएको हुनुपर्नेछ :–

(क) लेखा सम्बन्धी प्रचलित ऐन, नियम तथा मापदण्ड अनुसार लेखा राखे नराखेको,

(ख) इकाईधनीको हित प्रतिकुल कुनै कार्य गरेको देखिएमा तत्सम्बन्धी विवरण,

(ग) कोष व्यवस्थापकले विधान तथा लगानी सम्झौता बमोजिम काम गरे नगरेको,

(घ) कोष अन्तर्गतको रकम यस नियमावली तथा कोषको लगानी कार्यविधि अनुरुप लगानी भए नभएको,

(ङ) इकाईधनीलाई जानकारी गराउनु पर्ने भनी लेखापरीक्षकलाई लागेका अन्य कुरा तथा सुझाव ।

२९. **लेखापरीक्षकलाई कारबाहीका लागि लेखी पठाउन सक्ने :** कुनै लेखापरीक्षकले कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षण गर्दा यस नियमावली र प्रचलित कानून विपरित लेखा परीक्षण गरेमा त्यस्तो लेखापरीक्षकको सम्बन्धमा आवश्यक कारबाही गर्नको लागि बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था समक्ष लेखी पठाउन सक्नेछ ।

३०. **निरीक्षण गर्न सक्ने**: कोष व्यवस्थापकले कोषका सम्बन्धमा राखेको हिसाव किताब तथा अभिलेख बोर्डले वा बोर्डले तोकेको व्यक्तिले जुनसुकै समयमा निरीक्षण गर्न सक्नेछ ।

३१. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:** (१) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो तथा कोषको सो आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र सो आर्थिक वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको बार्षिक वित्तीय विवरण इकाईधनीको जानकारीको लागि संक्षिप्त वित्तीय विवरण विद्युतीय माध्यममार्फत जानकारी गराउनु पर्नेछ ।

(३) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र इकाईधनीहरुको बार्षिक सभा सम्पन्न गर्नु पर्नेछ । यस्तो बार्षिक सभा सम्पन्न भएको तीस दिनभित्र सो को प्रतिवेदन बोर्डमा पेश गर्नु पर्नेछ ।

३२. **जानकारी तथा विवरण दिनु पर्ने :** (१) कोष व्यवस्थापकले देहायका जानकारी तथा विवरण बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन गर्ने पर्ने भए त्यस्तो संशोधनको व्यहोरा, संशोधन भएको पन्ध्र दिनभित्र

(ख) नयाँ संचालक वा कार्यकारी प्रमुख नियुक्त भएमा त्यस्तो संचालक वा कार्यकारी प्रमुखको अनुसूची-९ बमोजिमको विवरण सहितको जानकारी, नियुक्त भएको पन्ध्र दिन भित्र,

(ग) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन सम्बन्धमा तत्काल,

(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा तत्काल

(ङ) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना, जानकारी तथा विवरण बोर्डले तोकिदिएको अवधिभित्र ।

(२) कोषसंग सम्बन्धित कुनै सूचना जानकारी वा विवरण माग गरेमा कोष व्यवस्थापकले त्यस्तो सूचना जानकारी वा विवरण सात दिनभित्र उपलब्ध गराउनु पर्नेछ ।

३३. **अभिलेख सुरक्षित राख्नु पर्ने :** (१) कोष व्यवस्थापकले कोष स्थापना तथा संचालन सम्बन्धी कागजात,कोष अर्न्तगतका सम्पत्ती तथा दायित्वको विवरण, मुल्यांकन नीति तथा अभ्यास, लगानी समितिका निर्णय तथा रणनीतिहरु,इकाई निष्काशनबाट प्राप्त रकम तथा इकाईधनीको जानकारी,कोषको लेखा, बार्षिक प्रतिवेदन र वित्तीय विवरण,कोषबाट गरिएको लगानी र कोष व्यवस्थापकले आवश्यक देखेका अन्य कागजातहरुको अभिलेख कोषको खारेजी रक्षित राख्नु पर्नेछ ।

## परिच्छेद-७
## विविध

३४. **लकइन अवधी सम्बन्धी व्यवस्थाः** (१) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा अन्य समूहको धितोपत्रको लकइन सम्बन्धमा जुन सुकै कुरा लेखिएको भएता पनि कोषको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सावर्जनिक निष्काशन गरी बाँडफाँट भएको मितिले एक बर्षको हुनेछ ।

३५. **हेज फण्ड सञ्चालन सम्बन्धी व्यवस्था :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हेज फण्ड सञ्चालन सम्बन्धमा बोर्डले निर्देशिका बनाई थप व्यवस्था गरी लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्देशिका लागू नभएसम्म हेज फण्ड दर्ता तथा सञ्चालन गर्न सकिने छैन ।

३६. **निर्देशिका जारी गर्न सक्ने :**(१) बोर्डले यस नियमावलीको कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको निर्देशिका पालना गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

३७. **अनुसूचीमा हेरफेर वा थपघटः** बोर्डले आवश्यकता अनुसार अनूसुचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

## अनुसूची–१

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

**<u>कोष व्यवस्थापक दर्ताको लागि दिने निवेदनको ढाँचा</u>**

मितिः .........................

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

**बिषयः <u>कोष व्यवस्थापक दर्ता गरी पाउँ ।</u>**

महोदय,

धितोपत्र सम्बन्धी ऐन, २०६३ र विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम कोष व्यवस्थापकको कार्य गर्न अनुमति प्राप्त गर्नका लागि देहायका कागजात तथा विवरणका साथै शुल्क वापत रु........................... संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक कोष व्यवस्थापकको:</u>

नाम : ...........................

ठेगानाः ........................प्रदेश........................जिल्ला ............................... गा.पा. ⁄ न.पा.

टोल......................वडा नं...... . ब्लक नं.......    फोन नंः.............. फ्याक्सः...............
इमेल ................

<u>निवेदकको आधिकारिक दस्तखतः</u>

कम्पनी वा कोष व्यवस्थापकको छापः

नाम :

पद :

## अनुसूची–२

(नियम ३ को उपनियम (२), नियम ५ र नियम १४ को उपनियम (४) संग सम्बन्धित)

**<u>कोष व्यवस्थापक सम्बन्धी शुल्क</u>**

१. कोष व्यवस्थापक दर्ता शुल्क — ३ लाख रुपैयाँ
२. कोष व्यवस्थापक वार्षिक शुल्क — १ लाख ५० हजार रुपैयाँ

**<u>विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन शुल्क</u>**

**१. निवेदन शुल्क** — ५० हजार रुपैयाँ

**२. <u>कोष दर्ता शुल्क</u>**

(क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म — ५ लाख रुपैयाँ
(ख) ५० करोड रुपैयाँ देखि १ अर्व रुपैयाँसम्म — ७ लाख रुपैयाँ
(ग) १ अर्व रुपैयाँ देखि माथि जतिसुकै भएपनि — १० लाख रुपैयाँ

## [११]अनुसूची–३

..........................................................

## अनुसूची–४

(नियम ४ को उपनियम (४) संग सम्बन्धित)

**कोष व्यवस्थापकको दर्ता प्रमाणपत्र**

श्री ...............................

....................................

..............................मा मुख्य कार्यालय रहेको त्यस संगठित संस्थाको निवदेनमा कारवाही हुँदा यस बोर्डको मिति ......................... को निर्णयानुसार त्यस संस्थालाई विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम कोष व्यवस्थापकको काम गर्न दिने निर्णय भएकोले सो का लागि यो अनुमति दर्ता प्रमाण पत्र प्रदान गरीएको छ ।

**शर्तहरुः**

बोर्डको छापः प्रमाणपत्र दिने अधिकारीको दस्तखतः

नामः

पदः

मितिः

## अनुसूची–५

(नियम १४ को उपनियम (४)संग सम्बन्धित)

**विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन लागि दिने निवेदनको ढाँचा**

मितिः........................

श्री नेपाल धितोपत्र बोर्ड

............................. ।

**बिषयः कोष तथा निष्काशनको अनुमति/स्वीकृती पाउँ ।**

महोदय,

विशिष्टीकृत लगानी कोष नियमावली,२०७५ अन्तर्गत दर्ता भएको कोष व्यवस्थापक ............ ..................... को ................................... नाउँको जम्मा रकम रुपैयाँ .................. ..........सम्मको कोष दर्ता तथा निष्काशन गर्ने अनुमति/स्वीकृतिका लागि आवश्यक विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

---

११ विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ द्वारा हटाइएको

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

कोष व्यवस्थापकको

नाम : ..........................

ठेगानाः ..........................प्रदेश...............................जिल्ला ...................................गा.पा./न.पा. टोल....................वडा नं........ब्लक नं........

फोन नंः................. फ्याक्सः.................................इमेल...........................

कोष व्यवस्थापकको कार्यालयको छापः

कार्यकारी प्रमुखको :

नाम :

दस्तखतः

## अनुसूची–६

( नियम १४ को उपनियम (५)संग सम्बन्धित)

**कोष दर्ता तथा निष्काशन गर्दा बुझाउनु पर्ने विवरण तथा कागजात**

(क) कोषको विधान

(ख) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी बार्षिक प्रतिवेदन,

(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ । )

(ग) आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक लगानी,

(घ) कोष दर्ता तथा निष्काशन गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ङ) प्रस्तावित कोष व्यवस्थापकको संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(च) प्रस्तावित कोषमा १० प्रतिशत लगानी गर्ने इकाईधनीहरुको कोष अवधीभर लगानी गर्ने प्रतिबद्धता पत्र,

(छ) कोषको प्रस्तावित लगानी गर्ने कार्य प्रणाली सम्बन्धी विवरण,

(ज) कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,

(झ) कोष निष्काशनका लागि इकाईधनीसंग गरिने लगानी सम्झौताको विवरण पत्र,

(ञ) कोष निष्काशन चरणबद्ध रुपमा गर्ने भए सोको विवरण,

(ट) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा देहायको विवरण तथा कागजातः

१. नाम तथा पूरा ठेगाना,

२. अन्य कम्पनी वा कोष व्यवस्थापकमा स्वामित्व वा कुनै संलग्नता रहेको भए तत्सम्बन्धी विवरण ।

(ठ) गैर आवासीय नेपालीको लगानी रहेको कम्पनी संस्थापक भएमा बोर्डले तोके बमोजिमका अन्य विवरणहरु ।

**अनुसूची–७**

(नियम १४ को उपनियम (६) संग सम्बन्धित)

**कोष दर्ता तथा निष्काशनको दर्ता प्रमाणपत्र**

......................................मा मुख्य कार्यालय रहेको कोष व्यवस्थापक श्री ...................... .............. ले स्थापना गरेको .................................... नाउँको विशिष्टीकृत लगानी कोष बैकल्पिक लगानी कोष नियमावली, २०७५ को नियम ७ बमोजिम यस बोर्डमा दर्ता गरी यो दर्ता प्रमाणपत्र दिइएको छ ।

बोर्डको छापः

प्रमाणपत्र दिने आधिकारीको
दस्तखतः
नामः
पदः
मिति

## अनुसूची–८

(नियम २४ को उपनियम (३) संग सम्बन्धित)

**कोषको विक्री प्रस्तावको ढाँचा**

(क) विक्री प्रस्तावको मुखपृष्ठमा उल्लेख हुनुपर्ने कुराहरु :

१. "विक्री प्रस्ताव" भन्ने शब्द,

२. कोष व्यवस्थापकको नाम, लोगो तथा रजिष्ट्रर्ड कार्यालयको ठेगाना,

३. नेपाल धितोपत्र बोर्डबाट विक्री प्रस्ताव स्वीकृत भएको मिति,

४. जारी गरिने कोष इकाईको किसिम र संख्या

५. कोषको अवधिभर कोषमा न्यूनतम दस प्रतिशत लगानी गर्ने प्रतिवद्धता गरेका लगानीकर्ताको विवरण

६. इकाईको अंकित मूल्य र दरखास्त साथ भुक्तानी गर्नुपर्ने रकम,

७. लगानीमा हुने जोखीम सम्बन्धी उद्घोषण

८ नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण

९. निष्काशन शुरु हुने मिति

१०. निष्काशन बन्द हुने मिति (छिटो र ढिलोमा)

११. नेटवर्थ सम्बन्धी विवरण

(ख) विक्री प्रस्तावको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :

१. विक्री प्रस्तावमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा,

२. विक्री प्रस्ताव तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान,

(ग) विक्री प्रस्तावको दोश्रो पृष्ठबाट क्रमश उल्लेख हुनुपर्ने कुराहरु :

१. कोष व्यवस्थापकको उद्घोषण

(क) कोष व्यवस्थापकको जवाफदेहीता सम्बन्धी,

(ख) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी,

२. कोष व्यवस्थापक सम्बन्धी जानकारी

(क) कोष व्यवस्थापकको पृष्ठभूमि,

(ख) सम्पत्तिको विवरण,

(ग) भावी योजना तथा रणनीति

(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था,

४. पूँजी संरचना सम्बन्धी जानकारी,

५. संस्थापक/संचालक सम्बन्धी जानकारी,

(क) संस्थापक/संचालकको पृष्ठभूमि

(ख) संस्थापक/संचालकसँगको कारोबार

६. सीमित दायित्व सम्बन्धी विवरण

७. कोष व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी,

(क) कोष व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण

(ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण

८. कोषमा अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

९. कोष व्यवस्थापकको वित्तीय विवरण

(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण

(ख) वित्तीय अनुपात सम्बन्धी विवरण

१०. कोष इकाई निष्काशन सम्बन्धी विवरण

(क) इकाई जारी गर्नुको उद्देश्य,

(ख) इकाई निष्काशनबाट प्राप्त पूँजीको उपयोग,

(ग) ईकाई निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण,

(घ) कोषको अवधि,

(ङ) कोषको बिशेषता भए सो सम्बन्धी विवरण,

११. लगानीकर्ता र कोष व्यवस्थापक बीच हुने लगानी सम्झौता सम्बन्धी विवरण

१२. कोषका लागि उपलब्ध लगानी अवसर तथा चुनौती तथा सम्भाव्य लगानी क्षेत्र सम्बन्धी विवरण

१३. लगानी समितिको गठन तथा कार्यविधि सम्बन्धी विवरण

१४. परामर्शदाता/विशेषज्ञ भए सो सम्बन्धी विवरण

१५. लाभाँश वितरण वा हर्डल रेट सम्बन्धी व्यवस्था

१६. अन्य सामान्य जानकारी

१७. कोषले व्यहोर्नुपर्ने शुल्क तथा खर्चहरु

१८. कोष व्यवस्थापकको संचालक वा लगानी समितिमा हुन सक्ने परिवर्तनका अवस्था तथा परिवतर्नका प्रकृया सम्बन्धी जानकारी

१९. इकाईधनीले इकाई बिक्री गर्न सकिने व्यवस्था वा कोषबाट बहिर्गमनका शर्त तथा प्रकृया सम्बन्धी व्यवस्था

२०. इकाईधनीको भेला सम्बन्धमा गरिएको व्यवस्था,

२१. इकाईधनीको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरिएको व्यवस्था,

२२. कोष व्यवस्थापकका संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत

२३. विक्री प्रस्ताव, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र ।

२४. कोष व्यवस्थापकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति

## अनुसूची–९

(नियम ३२ को उपनियम (१) को खण्ड (ख) संग सम्बन्धित)

फोटो

**कोष व्यवस्थापकको संचालक/कार्यकारी प्रमुखको विवरण**

१. नामः

२. स्थायी ठेगानाः ....................प्रदेश....................जिल्ला ....................... गा. वि.स./न.पा./म.न.पा. टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल ...........

३. हालको ठेगानाः ...........................प्रदेश.......................जिल्ला ............................. गा.पा/न.पा. टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............ इमेल ..........

४. बाबु/आमाको नामः

५. बाजे/बजैको नामः

६. पति / पत्निको नाम :

७. शैक्षिक योग्यताः

८. व्यवसायिक अनुभवः

९. तालिमः

१०. कुनै पेशा वा संस्थामा कार्यरत भएमा, सो सम्बन्धी विवरणः

११. अन्य कम्पनी वा कोष व्यवस्थापकमा एक प्रतिशत वा सो भन्दा बढी स्वामित्व वा कुनै संलग्नता भए तत्सम्बन्धी विवरणः

११. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा कोष व्यवस्थापक उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः

१२. संचालक/कार्यकारी प्रमुख हुन निर्धारित योग्यता पूरा भएको र अयोग्यता नरहेको उद्घोषणः

दस्तखतः

...........................

संलग्न गर्नु पर्ने कागजातः

१. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. गैरआवासीय नेपाली संचालक भएमा संचालकको गैरआवासीय नेपालीको परिचयपत्र ।

❖❖❖

**प्रकाशक**

## नेपाल धितोपत्र बोर्ड

**व्यवस्थापन तथा कानून विभाग**

**कानून महाशाखा**

पो ब. नं. ९०३१, खुमलटार, ललितपुर

टेलिफोन नं.: ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६, ५५५५११६२

फ्याक्स नं.: ०९७७-१-५५४१०५८

ई-मेल ठेगाना: support@sebon.gov.np

वेबसाइट: www.sebon.gov.np

टोल फ्री नं: १६६०-०१-४४४३३